वन, वन्यजन्तु र
वातावरण संरक्षण सम्बन्धी
केही महत्वपूर्ण मुद्दाका नजीरहरूको सँगालो-२०७८

वन, वन्यजन्तु र वातावरण संरक्षण सम्बन्धी केही महत्त्वपूर्ण मुद्दाका नजीरहरुको सँगालो - २०७८

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय
बबरमहल, काठमाडौं

प्रकाशकः

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय, बबरमहल, काठमाडौं

© सर्वाधिकारः

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय, बबरमहल, काठमाडौं

उद्धरण (Citation):

वन, वन्यजन्तु र वातावरण संरक्षण सम्बन्धी केही महत्वपूर्ण मुद्दाका नजीरहरुको सँगालो - २०७८, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय, बबरमहल, काठमाडौं।

यस पुस्तकमा उल्लिखित कुराहरु व्यापारिक प्रयोजनको निमित्त प्रकाशकको पूर्व स्वीकृति लिएर मात्र प्रयोग गर्न पाइनेछ। बौद्धिक तथा शैक्षिक प्रयोगको लागि साभार गरी प्रयोग गर्न सकिनेछ।

संस्करण : २०७८ (प्रथम)

प्रकाशन प्रति : ५००

प्रकाशन सहयोग : नेपाल सरकार र डब्लु डब्लु एफ नेपाल (आंशिक सहयोग)

सम्पर्क ठेगानाः

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग/केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय, बबरमहल, काठमाडौं

सम्पर्क नं. : ९७७-१-५३२२१५१

इमेल : info@dnpwc.gov.np

वेबसाइट : www.dnpwc.gov.np

पो.ब.नं. : ८६०, काठमाडौं

मुद्रण : क्रिएटिभ लिङ्क प्रा.लि., बागबजार, काठमाडौं

फोन नं. ९७७-१-४२१६९१३

इमेलः creativelink@gmail.com

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय

फोन नं. : ४२२०८५० ४२२०९१२ ४२२७९२६
फ्याक्स नं. ४२२७६७५

पो. ब. नं. - ८६०
बबरमहल, काठमाडौं
Email: info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

पत्र संख्या :-
चलानी नं :-

दुई शब्द

वन, वन्यजन्तु र वातावरण संरक्षणको मुद्दा जनसरोकार र वहुआयामिक विषयको रुपमा रहेको पाइन्छ । प्रचलित कानून बमोजिम अर्धन्यायिक निकायबाट भएका मुद्दाको फैसला उपर कानून बमोजिम सम्मानीत सर्वोच्च अदालतमा परेको रिटको अन्तिम फैसलाले प्रतिपादन गरेका सिद्धान्त र वन, वन्यजन्तु र वातावरण संरक्षण सम्बन्धी केही महत्वपूर्ण मुद्दाका नजीरहरुलाई एकत्रित गरी नजीरको सँगालो प्रकाशन गर्ने प्रयास गरिएको छ ।

यस नजीरको सँगालोले वन, संरक्षित क्षेत्र, वातावरणको क्षेत्रमा काम गर्ने व्यक्ति, संघ संस्था, सरोकारवालाको लागि उपयोगी हुने आशा लिएको छु । यस सँगालोमा जम्मा २३ वटा नजीरहरु (६ वटा वन संरक्षण, ८ वटा वन्यजन्तु संरक्षण, ७ वटा वातावरण संरक्षण र २ वटा अन्य) समावेश गरिएको छ । यस्ता नजीरले प्रतिपादन गरेका सिद्धान्त समग्र वातावरण तथा जैविक विविधता संरक्षण अभियानमा कोशेढुङ्गा सावित हुन जान्छ र दीर्घकालिन रुपमा प्राकृतिक स्रोत साधनको संरक्षण तथा संरक्षण र विकास वीचको अन्तर सम्बन्धलाई सन्तुलन राख्ने कार्यमा टेवा पुऱ्याउँछ भन्ने विश्वास लिएको छु । यस सँगालोमा वन संरक्षणतर्फ अतिक्रमण, काठ चोरी निकासी लगायतका मुद्दाहरु रहेका छन् भने वन्यजन्तु संरक्षणतर्फ गैंडाको चोरी शिकार तथा खागको अवैध व्यापार सम्बन्धी मुद्दा विशेषत समावेश भएका छन् । त्यसैगरी वातावरण संरक्षणसँग सम्बन्धित जनसरोकारका सवालहरुलाई मुद्दाको रुपमा ल्याई जैविक विविधता संरक्षण र मानवीय आवश्यकताको पूर्वाधार विकास वीचमा सन्तुलित रुपमा सामान्जस्यता कायम हुनुपर्ने विषय पेचिलो रुपमा प्रस्तुत भएको छ । यस्ता कार्यलाई एकत्रित गरी प्रकाशन र वितरण गर्दा कानून कार्यान्वयन गर्ने निकाय तथा व्यक्ति लगायत आम नागरिकलाई एउटा सन्दर्भ सामाग्रीको रुपमा सहयोग पुग्दछ भन्ने विश्वास गरिएको छ । त्यसैगरी यस्ता कार्यले नीति निर्माण तह देखि कार्यान्वयन तहसम्म वातावरणीय मुद्दाहरुलाई सु-सूचित गर्दै सचेतना फैलाउन सहयोग गरेको पाइन्छ ।

सम्मानीत सर्वोच्च अदालतबाट प्रतिपादन भएका सिद्धान्तलाई कार्यान्वयनमा ल्याउन आवश्यक भएको सन्दर्भलाई मध्यनजर गरी यो सँगालो प्रकाशन गरिएको हो । यस प्रकाशन कार्यमा आफ्नो अमूल्य राय सुझाव दिई सहयोग पुऱ्याउनु हुने उच्च अदालतका पूर्व मुख्य न्यायाधीश माननीय श्री केशरी राज पण्डित, सँगालोको सङ्कलन तथा प्रकाशनमा खटिनु हुने विभागका सहायक अनुसन्धान अधिकृत श्री विष्णु प्रसाद थपलिया, सहायक न्यायाधिवक्ता श्री श्रृजना घिमिरे र भानुभक्त प्राणी उद्यान कार्यालयका संरक्षण अधिकृत श्री रुपक महर्जन तथा यस सँगालो प्रकाशनमा आंशिक रुपमा सहयोग पुऱ्याउने डव्लु डव्लु एफ नेपाललाई धन्यवाद दिन चाहन्छु ।

मितिः २०७८/२/३१

(डा. दीपक कुमार खराल)
महानिर्देशक एवं संयोजक

विषयसूची

खण्ड १ - वन संरक्षणसँग सम्बन्धित मुद्दाहरु		
क्र.सं.	मुद्दाको विवरण	पेज नं.
१	**उत्प्रेषण** **निवेदकः** श्री पशुपतिनाथ मृगस्थली गोरक्षनाथ आध्यात्मिक संस्थाका अध्यक्ष का.जि.का.न.पा. वडा नं. ८ जय वागेश्वरी बस्ने वर्ष ८२ को योगी नरहरिनाथसमेत। विपक्षीः सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला, प्रधानमन्त्रीको कार्यालय, सिंहदरबार माननीय मन्त्री गोविन्दराज जोशी, शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय, केशरमहल। अन्तर्राष्ट्रिय चिकित्सा शास्त्र अध्ययन केन्द्र (प्राइभेट कलेज) नारायणघाट भरतपुर, चितवन। श्री ५ को सरकार, शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय, केशरमहल। जिल्ला विकास समिति, चितवन। **संयुक्त इजलास** सम्माननीय प्रधान न्यायाधीश श्री सुरेन्द्र प्रसाद सिंह माननीय न्यायाधीश श्री नरेन्द्र बहादुर न्यौपाने फैसला मितिः २०५३।१।१७ निर्णय नं. ६१२७, ने.का.प. २०५३, अङ्क १	१-१५
२	**वन पैदावार हटाई पाऊँ** **वादीः** नि.सु. मोहनबहादुर गुरुङ्ग समेतको जाहेरीले नेपाल सरकार **प्रतिवादीः** जि.कञ्चनपुर श्रीपुर गा.वि.स. वडा नं. २ बस्ने बाजे रानासमेत **सर्वोच्च अदालत, संयुक्त इजलास** माननीय न्यायाधीश श्री दामोदर प्रसाद शर्मा माननीय न्यायाधीश श्री रामकुमार प्रसाद शाह फैसला मितिः २०६४।१०।४।६ निर्णय नं. ८०२८, ने.का.प. २०६५, अङ्क १०	१६-२४

३	**सालको अवैध चिरान काठ ओसारपसार**	२५-४०
	वादीः चन्देश्वर सदा समेतको प्रतिवेदनले नेपाल सरकार **प्रतिवादीः** जिल्ला सुर्खेत गुटु ८ हाल उत्तरगंगा गा.वि.स. स.वडा नं.८ बस्ने ताराप्रसाद देवकोटासमेत **सर्वोच्च अदालत, संयुक्त इजलास** माननीय न्यायाधीश श्री रणबहादुर बम माननीय न्यायाधीश श्री अवधेशकुमार यादव फैसला मितिः २०६६।६।२६।२ निर्णय नं. ८२५४, ने.का.प. २०६६, अङ्क १०	
४	**वन अतिक्रमण**	४१-४८
	वादीः रेञ्जर राजेन्द्र सिंहको जाहेरी प्रतिवेदनले नेपाल सरकार **प्रतिवादीः** अर्घाखांची जिल्ला, सिमलपानी गा.वि.स.वडा नं.१ बस्ने जंगबहादुर ठेडी मगर **सर्वोच्च अदालत, संयुक्त इजलास** माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ माननीय न्यायाधीश श्री सुशीला कार्की फैसला मितिः २०६७।७।७।१ निर्णय नं. ८५२४, ने.का.प. २०६७, अङ्क १२	
५	**काठ चोरी निकासी**	४९-६४
	वादीः रेञ्जर विजयकुमार गुप्ता समेतको प्रतिवेदनले नेपाल सरकार **प्रतिवादीः** जिल्ला रुपन्देही केरवानी गा.वि.स. वडा नं. ६ बस्ने वेलबहादुर थापा मगरसमेत **सर्वोच्च अदालत, पूर्ण इजलास** माननीय न्यायाधीश श्री सुशीला कार्की माननीय न्यायाधीश श्री तर्कराज भट्ट माननीय न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्की फैसला मितिः २०६८।३।३०।५ निर्णय नं. ८६२९, ने.का.प. २०६८, अङ्क ६	

६	**अवैध रक्तचन्दन ओसारपसार** **वादीः** प्रेमप्रसाद सापकोटाको जाहेरीले नेपाल सरकार **प्रतिवादीः** रसुवा जिल्ला गोल्जुङ गा.वि.स. वडा नं.७ बस्ने मिलन तामाङ **सर्वोच्च अदालत, संयुक्त इजलास** माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल फैसला मितिः २०७१।९।१६।४ निर्णय नं. ९४५५, ने.का.प. २०७२, अङ्क ८	६५-८८
खण्ड २-वन्यजन्तु संरक्षणसँग सम्बन्धित मुद्दाहरु		
क्र.सं.	**मुद्दाको विवरण**	**पेज नं.**
७	**गैडा मारी खाग बिक्री** **वादीः** सहायक संरक्षण अधिकृत कमलजङ्ग कुँवरको जाहेरीले नेपाल सरकार **प्रतिवादीः** जिल्ला नवलपरासी, गा.वि.स. प्रतापनगर वडा नं. १ घर भई हाल कारागार कार्यालय रुपन्देही, भैरहवामा थुनामा रहेको बेदबहादुर बोटे जिल्ला चितवन, गा.वि.स. सिद्धि वडा नं. ३ घर भई हाल कारागार शाखा भरतपुर चितवनमा थुनामा रहेको बमबहादुर प्रजा **सर्वोच्च अदालत, संयुक्त इजलास** माननीय न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री रणबहादुर बम फैसला मितिः २०६७।८।८।४ निर्णय नं. ८५०३, ने.का.प. २०६७, अङ्क ११	९०-१००

८	**गैंडा मारी खाग बिक्री** **वादीः** नेपाल सरकार **प्रतिवादीः** जि.चितवन, वीरेन्द्रनगर गा.वि.स.वडा नं. ८ घर भई कारागार कार्यालय, चितवनमा थुनामा रहेको सूर्यबहादुर पुन जि.चितवन, वीरेन्द्रनगर गा.वि.स.वडा नं. ८ घर भई कारागार कार्यालय, पाल्पामा थुनामा रहेको कुमार भन्ने यमकुमार पुन जि.चितवन, सिद्धि गा.वि.स.वडा नं. ३ घर भई हाल कारागार कार्यालय, भरतपुरमा थुनामा रहेको बमबहादुर प्रजा **सर्वोच्च अदालत, संयुक्त इजलास** सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री तर्कराज भट्ट फैसला मितिः २०६८।११।३।४ निर्णय नं. ८७८४, ने.का.प. २०६९, अङ्क ३	१०१-११५
९	**गैंडा मारी खाग बिक्री व्यवसाय** **वादीः** रेञ्जर माधव खड्काको जाहेरीले नेपाल सरकार **प्रतिवादीः** नवलपरासी जिल्ला देउराली गा.वि.स.वडा नं. ६ बस्ने ओमबहादुर राना समेत **सर्वोच्च अदालत, पूर्ण इजलास** माननीय न्यायाधीश श्री ताहिर अली अन्सारी माननीय न्यायाधीश श्री सुशीला कार्की माननीय न्यायाधीश श्री तर्कराज भट्ट फैसला मितिः २०६९।५।२८।५ निर्णय नं. ८९११, ने.का.प. २०६९, अङ्क ११	११६-१३६

१०	**गैंडाको खाग ओसारपसार** वादीः ऐ. श्यामदेव यादवसमेतको जाहेरीले नेपाल सरकार प्रतिवादीः प्रकाश बुढासमेत **सर्वोच्च अदालत, संयुक्त इजलास** माननीय न्यायाधीश श्री दीपकराज जोशी माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय फैसला मितिः २०७१।४।१८।१ निर्णय नं. ९२११, ने.का.प. २०७१, अङ्क ७	१३७-१५२
११	**संरक्षित क्षेत्रभित्र संरक्षित हिउँ चितुवा मारी छाला निकासी ओसारपसार गरी घरमा राखेको** **वादीः** जिल्ला प्रहरी कार्यालय, मुस्ताङको जाहेरीले नेपाल सरकार **प्रतिवादीः** गोरखा जिल्ला करौजा गा.वि.स. वडा नं.४ घर भई हाल कारागार कार्यालय, कास्कीमा थुनामा रहेका कुलमान घले गुरूङसमेत मुस्ताङ जिल्ला मार्फा गाउँ विकास समिति वडा नं.१ घर भई हाल कारागार कार्यालय, कास्कीमा थुनामा रहेका श्यामप्रसाद लालचन **सर्वोच्च अदालत, संयुक्त इजलास** माननीय न्यायाधीश श्री गोपाल पराजुली माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र फैसला मितिः २०७२।६।७।५ निर्णय नं. ९६०२, ने.का.प. २०७३, अङ्क ५	१५३-१६९

१२	**गैंडा मारी खाग बिक्री व्यवसाय गरेको** **वादीः** स.सं.अ. अणनाथ बरालसमेतको जाहेरीले नेपाल सरकार **प्रतिवादीः** जिल्ला चितवन पदमपुर १ को हाल मकवानपुर जिल्ला हाडखोला गाउँ विकास समिति वडा नं. ७ घर भई हाल क्षेत्रीय कारागार भिमफेदी मकवानपुरमा थुनामा रहेको मुन्ना प्रजा जिल्ला चितवन पदमपुर गाउँ विकास समिति वडा नं. १ बस्ने कविराज मगरसमेत **सर्वोच्च अदालत, संयुक्त इजलास** माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा फैसला मितिः २०७३।०१।१६ निर्णय नं. ९७१४, ने.का.प. २०७३, अङ्क ११	१७०-१९०
१३	**गैंडालाई गोली हानी घाइते बनाएको** **वादीः** स.सं.अ. अणनाथ बरालसमेतको जाहेरीले नेपाल सरकार **प्रतिवादीः** जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं. ३ घर भई हाल कारागार कार्यालय, भरतपुरमा थुनामा रहेका सुकबहादुर कुमालको छोरा रणबहादुर कुमाल जिल्ला नवलपरासी, नयाँ बेलहानी गाउँ विकास समिति वडा नं. २ घर भई हाल कारागार कार्यालय, भरतपुरमा थुनामा रहेका बाबुलाल लामाको छोरा होमबहादुर लामा जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं.३ घर भई हाल कारागार कार्यालय, भरतपुरमा थुनामा रहेका सन्तबहादुर भन्ने पंकज कुमाल **सर्वोच्च अदालत, संयुक्त इजलास** माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ फैसला मितिः २०७३।१२।१३ निर्णय नं. ९८६२, ने.का.प. २०७४, अङ्क ८	१९१-२१०

१४	**गैंडा मारी खाग बिक्री व्यवसाय** **वादीः** चितवन राष्ट्रिय निकुञ्जका स.सं.अ. लालबहादुर भण्डारीको जाहेरीले नेपाल सरकार **प्रतिवादीः** चितवन जिल्ला कोराक गा.वि.स. वडा नं. ९ बस्ने दलबहादुर प्रजासमेत कास्की जिल्ला दाङसीङ गा.वि.स. वडा नं. ९ उल्लेरी घर भई हाल ऐ. पोखरा उपमहानगरपालिका वडा नं. ३ नदिपुर बसोबास भई हाल कारागार कार्यालय भरतपुर चितवनमा कैदमा रहेको जितबहादुर पुन **सर्वोच्च अदालत, संयुक्त इजलास** माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र माननीय न्यायाधीश श्री चोलेन्द्र शमशेर ज.ब.रा. फैसला मितिः २०७३।१२।२० निर्णय नं. ९९४९, ने.का.प. २०७५, अङ्क २	२११-२२८

खण्ड ३-वातावरण संरक्षणसँग सम्बन्धित मुद्दाहरु		
क्र.सं.	मुद्दाको विवरण	पेज नं.
१५	**परमादेश मिश्रित उत्प्रेषण**	२३०-२५२
	रिट निवेदकः का.जि.का.न.पा. हाल रामशाहपथ स्थित लिडर्स ईक (प्रा.) लि. का तर्फबाट अधिकार प्राप्त हाल का.जि.का.न.पा. वडा नं. ३२ डिल्ली बजार डेरा गरी बस्ने लिडर्सईक (प्रा). लि.का संचालक समितिका अध्यक्ष सूर्यप्रसाद शर्मा ढुंगेल विपक्षीः ललितपुर जिल्ला गोदावरी आदर्श गा.पं. स्थित गोदावरी मार्वल ईण्डष्ट्रिज प्रा.लि.। वन तथा भू-संरक्षण मन्त्रालय। उद्योग मन्त्रालय। आवास तथा भौतिक योजना मन्त्रालय। गृह मन्त्रालय। निर्माण तथा यातायात मन्त्रालय। मन्त्रिपरिषद् सचिवलाय। भू तथा जलाधार संरक्षण विभाग। वन विभाग बबरमहल। खानी तथा भू-गर्भ विभाग। ललितपुर जिल्ला पंचायत ललितपुर। गोदावरी आदर्श गाउँ पंचायत गोदावरी। सेन्ट जेवियर्स स्कूल, शाही वनस्पति उद्यान गोदावरी, गोदावरीको प्रधानाध्यापक। **सर्वोच्च अदालत, पूर्ण इजलास** माननीय न्यायाधीश श्री त्रिलोक प्रताप राणा माननीय न्यायाधीश श्री लक्ष्मण प्रसाद अर्याल माननीय न्यायाधीश श्री गोविन्द बहादुर श्रेष्ठ फैसला मितिः २०५२।७।१४।३ निर्णय नं. ०४, ने.का.प. अङ्क १	

१६	**उत्प्रेषण समेत** **निवेदकः** अधिवक्ता धनञ्जय खनाल **विपक्षीः** सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत **सर्वोच्च अदालत, संयुक्त इजलास** माननीय प्रधान न्यायाधीश श्री दिलीपकुमार पौडेल माननीय न्यायाधीश श्री खिलराज रेग्मी फैसला मितिः २०६३।५।११।१ निर्णय नं. ७६९५, ने.का.प. २०६३, अङ्क ५	२५३-२६३
१७	**उत्प्रेषणयुक्त परमादेश** **निवेदकः** जिल्ला वारा सपही गा.वि.स वार्ड नं.९ घर भई हाल जिल्ला काठमाडौं का.म.न.पा. वडा नं ३२ अनामनगर वस्ने अधिवक्ता नारायणप्रसाद देवकोटा **विपक्षीः** सम्मानीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत सर्वोच्च अदालत, संयुक्त इजलास माननीय न्यायाधीश श्री बलराम के.सी. माननीय न्यायाधीश श्री भरतराज उप्रेती फैसला मितिः २०६७।४।२१।६ निर्णय नं. ८५२१, ने.का.प. २०६७ अङ्क १२	२६४-३१०
१८	**उत्प्रेषण परमादेश समेत** **निवेदकः** काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० स्थित कार्यालय रहेको वातावरणीय विकास तथा संरक्षण कानूनी मञ्चकातर्फबाट अख्तियार प्राप्त कार्यसमिति सदस्य अधिवक्ता, रामकुमार आचार्य **विपक्षीः** नेपाल सरकार, प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत सर्वोच्च अदालत, संयुक्त इजलास माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्मा माननीय न्यायाधीश श्री प्रकाश वस्ती फैसला मितिः २०६९।५।२६।३ निर्णय नं. ८९४२, ने.का.प. २०७०, अङ्क १	३११-३३८

१९	**उत्प्रेषण/परमादेश** **निवेदकः** तेह्रथुम जिल्ला सावाला गा.वि.स. वडा नं. ४ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २९ बस्ने अधिवक्ता खगेन्द्र सुवेदीसमेत **विपक्षीः** नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत **सर्वोच्च अदालत, संयुक्त इजलास** माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल फैसला मितिः २०७५।१।१६ निर्णय नं. १००८६, ने.का.प. २०७५, अङ्क ९	३३९-३६५
२०	**परमादेश** **निवेदकः** काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने अधिवक्ता पदमबहादुर श्रेष्ठ **विपक्षीः** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत **सर्वोच्च अदालत, संयुक्त इजलास** सम्माननीय प्रधान न्यायाधीश श्री ओमप्रकाश मिश्र माननीय न्यायाधीश श्री तेजबहादुर के.सी. फैसला मितिः २०७५।९।१० निर्णय नं. १०२१०, ने.का.प. २०७६, अङ्क ३	३६६-३७९
२१	**उत्प्रेषण** **निवेदकः** काठमाडौं जिल्ला, काठमाडौं म.न.पा.वडा नं. ३१ बागबजारमा केन्द्रीय कार्यालय रहेको उपभोक्ता हित संरक्षण मञ्च-नेपालको तर्फबाट अख्तियार प्राप्त केन्द्रीय सचिव वर्ष ४० को अधिवक्ता रामचन्द्र सिम्खडासमेत **विपक्षीः** नेपाल सरकार, प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत **सर्वोच्च अदालत, संयुक्त इजलास** माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई माननीय न्यायाधीश श्री तेजबहादुर के.सी. फैसला मितिः २०७५।११।१ निर्णय नं. १०२०४, ने.का.प. २०७६, अङ्क २	३८०-४१२

खण्ड ४ - अन्य सम्बन्धित मुद्दाहरु		
२२	**उत्प्रेषणयुक्त परमादेश समेत** **निवेदकः** कास्की जिल्ला, हेम्जा गा.वि.स. वडा नं. ९ घर भई हाल वन तथा भू-संरक्षण मन्त्रालयमा सहायक वातावरण अधिकृत पदमा कार्यरत कमलजङ्ग कुँवर **विपक्षीः** वन तथा भू-संरक्षण मन्त्रालय, समेत **सर्वोच्च अदालत, संयुक्त इजलास** माननीय न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री कृष्णप्रसाद उपाध्याय फैसला मितिः२०६७।१२।२३।४ निर्णय नं. ८५९२, ने.का.प. २०६८, अङ्क ४	४१४-४२६
२३	**परमादेश** **निवेदकः** ललितपुर जिल्ला कार्यविनायक न.पा. वडा नं.६ स्थित स्नेहाज केयरकी अध्यक्ष ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं.३० बस्ने यमुनाकुमारी श्रेष्ठ **विपक्षीः** नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत **सर्वोच्च अदालत, संयुक्त इजलास** माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल फैसला मितिः २०७४।९।१२ निर्णय नं. १०२२४, ने.का.प. २०७६, अङ्क ३	४२७-४४६

खण्ड १
वनसँग सम्बन्धित मुद्दाहरु

१. विषयः उत्प्रेषण।

भाग ३८	निर्णय नं. ६१२७	ने.का.प. २०५३	अङ्क १
सर्वोच्च अदालत, संयुक्त इजलास			
सम्माननीय प्रधान न्यायाधीश श्री सुरेन्द्र प्रसाद सिंह माननीय न्यायाधीश श्री नरेन्द्र बहादुर न्यौपाने			
रि.नं. २३४६			
फैसला मितिः २०५३/०१/१७			

निवेदकः

श्री पशुपतिनाथ मृगस्थली गोरक्षनाथ आध्यात्मिक संस्थाका अध्यक्ष का.जि.का.न.पा. वडा नं. ८ जयवागेश्वरी बस्ने वर्ष ८२ को योगी नरहरिनाथ।

हिन्दु राष्ट्र एकता समाजका अध्यक्ष का.जि.का.न.पा. वडा नं. १६ नयाँ बजार बस्ने वर्ष ७३ को बुद्धि बहादुर रायमाझी।

जिल्ला चितवन भरतपुर नगरपालिका वडा नं. १० बस्ने आयूर्वेद संस्थाका अध्यक्ष वर्ष ६० को कमलराज भण्डारी समेत जवान ३ को वा.का.जि.का.न.पा. वडा नं. ३१ बागबजार बस्ने वर्ष ३० को टीकाराम अधिकारी।

विरुद्ध

विपक्षीः

सम्माननीय प्रधानमन्त्री गिरिजा प्रसाद कोइराला, प्रधानमन्त्रीको कार्यालय, सिंहदरबार।
माननीय मन्त्री गोविन्दराज जोशी, शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्रालय, केशरमहल।
अन्तर्राष्ट्रिय चिकित्सा शास्त्र अध्ययन केन्द्र (प्राइभेट कलेज) नारायणघाट भरतपुर, चितवन।
श्री ५ को सरकार, शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्रालय, केशरमहल।
जिल्ला विकास समिति, चितवन।

निवेदक तर्फबाटः

विद्वान अधिवक्ता श्री बालकृष्ण न्यौपाने

विपक्षी तर्फबाटः

विद्वान वरिष्ठ सरकारी अधिवक्ता श्री बलराम के.सी.।

विद्वान वरिष्ठ अधिवक्ता श्री कृष्ण प्रसाद भण्डारी तथा विद्वान अधिवक्ता श्री देवेन्द्र प्रधान।

अवलम्वीत नजीरः

- *श्री ५ को सरकारले चितवन जिल्लाको नारायणघाट बजार उत्तरतर्फको जंगल भएको ४२ विगाहा जग्गा International Society for Medical College लाई भाडा दिए उपर निवेदकहरुको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) अन्तर्गत रिट निवेदन पर्न आएको देखिन्छ। धारा ८८(२) को व्यवस्था हेर्दा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ। बालकृष्ण विरुद्ध श्री ५ को सरकार भएको रिट नम्बर १८५१ को निवेदनको सन्दर्भमा विशेष इजलासले देशको प्राकृतिक राष्ट्रिय सप्पदा हो त्यै देशको सबै नागरिकहरुको साझा सम्पत्ति हो। देशको आर्थिक विकास, वातावरण संरक्षण इत्यादि विभिन्न दृष्टिकोणबाट देशका नागरिकहरुको श्रोतमा सार्थक सरोकार रहेको हुन्छ। राष्ट्रिय हक वा दायित्व श्रृजना हुने यस्ता कुनै व्यवहारको सम्बन्धमा श्री ५ को सरकारसंग आवश्यक जानकारी माग्ने र संवैधानिक व्यवस्थाको वर्खिलाप कुनै काम कुरा भए गरेको देखिएमा त्यसको विरोध गरी संविधानको धारा ८८ को उपधारा (२) अन्तर्गत निवेदन दिने अधिकार प्रत्येक नागरिकलाई प्राप्त हुनेछ भनी विस्तृत व्याख्या भईसकेको र वातावरण संरक्षण र पुरातात्विक महत्वको स्थानको परिप्रेक्ष्यमा प्रस्तुत निवेदन परेको प्रस्तुत विषय सार्वजनिक सरोकारको विषय देखिन आएको हुँदा निवेदकहरुलाई हकदैया भएको नै देखिन आउने।*

  (प्र.नं.१८)

- *राष्ट्रिय महत्वको विषयहरुमा श्री ५ को सरकारले निर्णय गर्दा राष्ट्रिय हितलाई ध्यानमा राखेर संविधान तथा कानून विपरीत नहुने गरी निर्णय गरिनु पर्ने।*

  (प्र.नं.१९)

- *संविधानले व्यवस्था गरेको राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुलाई अदालतले लागु गर्न नसक्ने भए पनि यदि सरकारले संविधानमा व्यवस्थित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु विपरीत गएर निणय गर्छ भने त्यस्तो अवस्था औंल्याउन नसकिने होइन।*

  (प्र.नं.१९)

- *पुरातात्विक महत्वका वस्तु र सम्पदाको हेरविचार र संरक्षण सरकारको प्रमुख दायित्व हो। पुरातात्विक प्राचिन वस्तुका संरक्षण नगर्ने हो भने हाम्रो देशको प्राचिन सभ्यता र संस्कृति हामी आफैंले बिर्सन सक्दछौं। पुरातात्विक चीज वस्तुहरु रहेको धार्मिक ठाउँमा त्यस ठाउँमा उत्खनन हुन नपाउदैंको अवस्था Medical College बनाइ दिँदा त्यहाँ रहेका प्राचिन मन्दिर तथा पुरातात्विक चीज वस्तुहरु नषट हुँदैनन् भन्न नसकिने।*

  (प्र.नं.१९)

- *प्राकृतिक, धार्मिक एवं पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण भएको वन जंगलले घेरिएको देवघाट क्षेत्रको जग्गालाई श्री ५ को सरकारले अन्तर्राष्ट्रिय चिकित्सा शास्त्र अध्ययन केन्द्र (international society for medical college) लाई दिने गरेको निर्णयमा उक्त क्षेत्रको जग्गा नै दिनु पर्ने विशेष कारण र आधार खुलाउन सकेको नदेखिँदा श्री ५ को सरकारको मिति २०५०।११।१६ को उक्त निर्णय स्वेच्छाचारितापूर्ण मान्नु पर्ने हुँदा श्री ५ सरकारले अन्तर्राष्ट्रिय चिकित्सा शास्त्र अध्ययन केन्द्रलाई चितवन भरतपुर नारायणघाट उत्तरतर्फका ४२ विगाहा जग्गा दिने गरेको उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने।*

  (प्र.नं.२०)

आदेश

प्र.न्या.सुरेन्द्र प्रसाद सिंहः नेपाल अधिराज्यको संविधान २०४७, २३।८८(२) अन्तर्गत पर्न आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त व्यहोरा यस प्रकार छः-

२. हामी निवेदक देशका सार्वभौमिक वस्तु देशको सार्वजनिक वस्तु सार्वजनिक सम्पत्तिहरुमा नागरिकको हक हुन्छ, त्यसको सबै मिलेर संरक्षण सम्बर्द्धन र देशको विकास हुनु पर्दछ भन्ने कुरामा विश्वास राख्ने नेपाली नागरिक हौं। चितवन जिल्लाको नारायणघाट बजार उत्तरतर्फको पूर्वपट्टि राजमार्ग उत्तरतिर धर्मस्थल देवघाट धाम पश्चिम नारायणी माई र दक्षिण राजदरबार राष्ट्रिय निकुञ्ज र घना जंगलले घेरिएको यो जग्गा धार्मिक दृष्टिले अति पवित्र स्थान मानिन्छ। यस क्षेत्रमा उत्खनन हुँदा हजारौं पुराना मूर्तिहरु फेला पर्नुको साथै दुर्लभ जडीबुटीहरु समेत पाइने क्षेत्र हुँदा यस क्षेत्रमा दुर्लभ वन्यजन्तु आहार विहार र पानी खान आउने स्थान पनि हुँदा यो स्थान धार्मिक वन्यजन्तु र जडीबुटी पाउने कारणले समेत यस ठाउँलाई सार्वजनिक सम्पदाको रुपमा यस भेगका जनता र श्री ५ को सरकारले समेत संरक्षण प्रदान गरी सुरक्षीत रहेको स्थानलाई विपक्ष अन्तर्राष्ट्रिय चिकित्सा शास्त्र अध्ययन केन्द्रलाई जुन विदेशी राष्ट्र भारतीय र वेष्ट

भर्जिनिया पुलभसिटी (अमेरिका) ले निर्माण र सञ्चालन गर्न लागेको चिकित्सा केन्द्रलाई श्री ५ को सरकारले उक्त ४ किल्ला भित्रका ४२ विगाहा जग्गा जमीन सित्तैमा दिने निर्णय गरेको भन्ने कुरा साप्ताहिक विमर्श २०५१ को साउन ७ को अंक २०५१ असार २६ को देशान्तरको अंकमा समेत समाचार आएकोले के कसरी सार्वजनिक जग्गा विषयलाई दिने निर्णय गर्यो भनी मन्त्रिपरिषद् सचिवालय तथा शिक्षा मन्त्रालयमा बुझ्न जाँदा निर्णयको प्रतिलिपि दिन मिल्दैन भनी जानकारी दिएकाले घना जंगल भएको प्रसिद्ध धार्मिक स्थल विनाश गर्न मिल्छ मिल्दैन, सार्वजनिक सम्पत्ति श्री ५ को सरकारले दिन मिल्छ, मिल्दैन, वातावरणलाई प्रत्यक्ष प्रभाव पार्ने गरी कुनै वस्तुको निर्णय गर्न मिल्छ, मिल्दैन जस्ता प्रश्नहरु खडा भएकाले यस्तो कानूनी प्रश्नको निरोपण गर्ने अधिकार सम्मानीत अदालतलाई संविधानको धारा ८८(२) ले दिएको अधिकार अन्तर्गत निवेदन गर्न आएका छौं। चितवन जिल्लाको नारायणघाट बजार उत्तर तर्फको ४२ विगाहा जग्गा धार्मिक क्षेत्रले प्रख्यात क्षेत्र हो, सो क्षेत्रमा वागेश्वरी उत्खनन गर्दा हजारौं पुराना मूर्तिहरु समेत फेला परेका थिए सो क्षेत्र धार्मिक दृष्टिकोणले प्रख्यात छ भन्ने कुरा श्री ५ को सरकार पुरातत्व विभागका उत्खनन अधिकृत चन्द्र प्र. त्रिपाठीले बागीश्वरी मन्दिर पुनः निर्माण बारे गरेको भन्ने शिर्षकमा गरेको खोजमा नारायणघाट देवघाटतिर जाने बाटोमा पर्ने जंगलमा पुराना मन्दिरको भग्नावशेष देखेपछि सो वागीश्वरी को हो भन्ने विश्वास गरी नयाँ निर्माण गर्न शिलान्यास समेत भई सकेको भन्ने कुराले प्रष्ट छ। पुरातात्विक स्थानलाई संरक्षण गर्न पर्नेमा निजी क्याम्पसलाई दिने गरेको श्री ५ को सरकारको कार्य संविधान एवं खानी तथा खनिज पदार्थ ऐन, २०४२ को प्रतिकुल छ। धार्मिक स्थानको संरक्षण गर्नु श्री ५ को सरकार र हामी हिन्दु नागरिकको कर्तव्य हो र संविधानको धारा १९(२) ले यस्तो धार्मिक स्थल संरक्षण गर्नु पर्नेछ भन्ने संवैधानिक व्यवस्था समेत छ। संविधानले नै धर्मको संरक्षण गरी रहेको अवस्थामा श्री ५ को सरकारमा रहेका केही तथा कथित व्यक्तिहरुको निजी स्वार्थ पूर्ति गर्न निजी क्याम्पसलाई जग्गा दिने निर्णय गर्नु संविधानको धारा १९(२) को प्रतिकुल कार्य हो।

३. हाल वागेश्वरी मन्दिर वरिपरी जंगल भएको सो क्षेत्र हराभरा र जंगलका अन्य जन्तुहरुको आरक्षण भईरहेको स्थान हो भोलि सो ठाउँमा क्याम्पस निर्माण भएमा मानिसहरुको अनधिकृत प्रवेश र सो जंगलका वन्यजन्तुको विनाश र जंगलको विनाश र वातावरणमा प्रतिकुल असर प्रदुषण वर्षाको कमी र धार्मिक मर्यादा भंग हुन्छ। यस ठाउँको जंगल कटानी गर्नाले नारायणघाट बजार समेत नारायणी नदीले कटान गर्छ। यस्तो प्रतिकुल अवस्था श्रृजना गर्ने गरी ४२ विगाहा जग्गा निजी क्याम्पसलाई दिनु श्री ५ सरकारको प्रवृत्त धारणा हो। संविधानको धारा २६(४) मा वातावरणमा

पर्न जाने प्रतिकुल असरहरु पर्न नदिन एवं वातावरणको संरक्षण गर्न राज्यले प्राथमिकता दिने छ भनी राज्यका निर्देशक सिद्धान्तहरुमा उल्लेख छ यसरी सोही निर्देशन सिद्धान्त बमोजिम श्री ५ को सरकारले नीति तयार गर्नु पर्नेमा उल्टो निजी क्याम्पसलाई जग्गा दिने कार्य गैह्र संवैधानिक छ। निजी रुपमा खुलेका कुनै पनि कलेजलाई विपक्षी श्री ५ को सरकारले जमिन उपलब्ध गराएको छैन। नेपालीले स्थापना गरेका धेरै क्याम्पस नेपालमा छन्। तर सो कुनै पनि लाई जग्गा उपलब्ध गराएको छैन। सम्पत्ति आर्जन गर्ने उद्देश्यले खोलेका कलेजलाई सरकारी जमिन दिनु पर्ने कुनै कारण छैन। राजनैतिक व्यक्ति र कलेजका व्यक्तिको अनुचित मिलोमतोबाट राष्ट्रलाई नोक्सानी हुने काम गरिएको छ। विपक्षी श्री ५ को सरकारले सम्वन्धित जि.वि.स. चितवनलाई उक्त क्षेत्रमा क्याम्पस खोल्न उचित हुन्छ हुँदैन भनी सोधेकोमा विपक्षी जि.वि.स.को बैठक बसि उक्त ४ किल्ला भित्रको जग्गा डिमारकेशन जंगल भित्रको जग्गा हो सो ठाउँ क्याम्पसलाई दिन मिल्दैन सो क्याम्पसलाई चितवन जिल्लाकै जगतपुर भन्ने ठाउँमा सो क्याम्पस राख्न उपयुक्त छ भनी जि.वि.स.ले मिति २०५०।६।७ मा निर्णय गरेको सो जि.वि.स. को निर्णयले समेत सो क्षेत्र सुरक्षित राख्नु पर्ने देखिन्छ भने अर्को तर्फ श्री ५ को सरकारको तर्फबाट स्थानीय विकास मन्त्री रामचन्द्र पौडेलको अध्यक्षतामा बसेको मिति २०५०।१२।७ को निर्णयले उक्त जग्गा देउघाट विकास क्षेत्र भनी निर्णय गरेको छ, यसरी यो क्षेत्रलाई सो ठाउँमा पाइने वस्तुको संरक्षण गर्न देउघाट विकास क्षेत्र भनी निर्णय समेत गरेको अवस्थामा सो निर्णयको कुनै कारवाही नै नगरी विपक्षीहरुको अनुचित मिलोमतोबाट निजी स्वार्थ पूर्ति गर्नु उक्त जग्गा विपक्षी निजी क्याम्पसलाई दिइएको हो सो व्यापारिक उद्देश्यको विदेशीहरुको निजी क्याम्पसलाई जग्गा दिलाउने अधिकार श्री ५ को सरकारलाई कुनै कानूनले पनि अख्तियार प्रदान गरेको छैन।

४. अतः माथि उल्लेखित तथ्य तथा कानूनका आधारमा विपक्षी निकायले माथि उल्लेखित काम कारवाही र निर्णयले हामी निवेदकको संविधानको धारा ११(१), १६, १९(२) ले प्रदत्त गरेको गरेको हक हनन भएकोले श्री ५ को सरकारले विपक्षी अन्तर्राष्ट्रिय चिकित्सा शास्त्र अध्ययन केन्द्रलाई माथि उल्लेखित ४ किल्ला भित्रको ४२ विगाहा जग्गा दिने सम्बन्धको निर्णय आदेश जारी गरी सम्मानीत अदालत मार्फत जानकारी पाउँ र त्यसरी गैह्र कानूनी रुपले निजी क्याम्पसलाई जग्गा जिम्मा लगाउने गरेको कार्य संविधान र कानूनको विपरीत भएकोले धारा २३ र ८८(२) बमोजिम उत्प्रेषणको आदेश जारी गरी बदर गरी अन्य जो चाहिने आज्ञा आदेश वा पूर्जि जारी गरी सार्वजनिक हक वा सरोकारको विषयको निरोपण गरी पाउँ भन्ने व्यहोराको निवेदन।

५. यसमा विपक्षीहरुबाट लिखित जवाफ मगाई आएपछि नियम बमोजिम गरी पेश गर्नु भन्ने व्यहोराको यस अदालत एक न्यायाधीशको इजलासबाट २०५१।४।३२ मा भएको आदेश।

६. भरतपुर स्थित College of Medical Science लाई देवघाट क्षेत्रको जग्गा लीजमा उपलब्ध गराउने श्री ५ को सरकारको निर्णयले नेपालको सार्वभौमसत्तामा कुनै आघात नपुर्याउने हुँदा सो कार्य संविधान विपरीत भयो भन्ने विपक्षीहरुको तर्क विल्कुल निराधार छ।

७. जहाँसम्म खनिज पदार्थका सम्भावनायुक्त जमिन निजी क्याम्पसलाई उपलब्ध गराउनु खानी तथा खनिज पदार्थ ऐन, २०४२ को प्रतिकुल भयो भन्ने तर्क छ, उक्त ऐन, यद्यपि लागु भएको छैन र यसरी लागु नै नभएको ऐन प्रस्तुत सन्दर्भमा क्रियाशिल हुने प्रश्न नै उठ्दैन। College of Medical Science लाई उपलब्ध गराएको जग्गा खनिज सम्भावनायुक्त भएमा हाल कायम नेपाल खानी ऐन, २०३३ अनुसार कारवाही हुन कुनै कानूनले बन्देज समेत लगाएको छैन। यस प्रकार कुनै पनि किसिमबाट प्रासांगिक नै नदेखिएको संविधानको धारा र लागु नै नभएको ऐनलाई आधार मानी दायर गरिएको प्रस्तुत रिट निवेदन पुर्णतः बदर भागी छ। जहाँसम्म रिट निवेदकहरुले देवघाट क्षेत्रको जग्गा बिना मूल्यमा अन्तर्राष्ट्रिय चिकित्सा शास्त्र अध्ययन केन्द्रलाई बिना मूल्यमा उपलब्ध गराएको भनी लिनु भएको जिकिरको विषय छ, उक्त जिकिर नितान्त आधारहीन छ। देवघाटमा College of Medical Science स्थापना गर्ने सम्बन्धमा श्री ५ को सरकार, शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्रालय र International Society for Medical Education U.S.A बीच ८ अगष्ट, १९९३ मा ४९ वर्षको लागि संझौता भएको हो र उक्त संझौतामा श्री ५ को सरकारले सो कलेज र कलेज सञ्चालनको लागि स्थापना हुने अस्पतालको लागि आवश्यक र उपयुक्त जग्गा श्री ५ को सरकारले लिजमा उपलब्ध गराउने र सो जग्गाको स्वामित्व श्री ५ को सरकारमा नै रहने व्यवस्था उल्लेख गरिएको थियो। यही आधारमा भरतपुर नगरपालिका वडा नं. १ स्थित देवघाट जाने सडकले छोएको बागेश्वरी मन्दिर भएको जिल्ला प्रशासन कार्यालय, भरतपुरको पत्रानुसार अन्दाजी २८,००० वर्ग मिटर क्षेत्रफल भएको पूर्व ढ्याग्री खोला पश्चिम पहिले नारायणी नदीमा फेरी बनाएको ठाउँमा मिसिने खोल्सा उत्तर रामनगर जाने बाटोमा पर्ने खोल्सा, दक्षिण देवघाट जाने मोटर बाटो यति चार किल्ला भित्रको जग्गा प्रस्तावित सप्त गण्डकी बहु उद्देश्यीय आयोजना क्षेत्रलाई असर नपर्ने भैरहेका रुखहरु नकाट्ने र जग्गा भोग चलन गरे बापत मन्त्रालयले उचित बार्षिक भाडा तोकी श्री ५ को सरकारको राजश्वमा दाखिल गराउने गरी कलेज अफ मेडिकल साइन्स भरतपुरलाई प्रदान

गर्ने गरी श्री ५ को सरकार (मन्त्रिपरिषद्) सचिवालयबाट मिति २०५०।११।१६ मा निर्णय भएको छ। यस प्रकार सार्वजनिक जग्गा सित्तैमा प्राइभेट कलेजलाई भोग चलन गर्न दिएको भनी लिइएको जिकिर यथार्थ भन्दा धेरै टाढा भएकोले रिट निवेदन खारेज भागी छ। श्री ५ को सरकारले सो क्षेत्रको जग्गा उक्त मेडिकल कलेजलाई उपलब्ध गराउँदा त्यहाँ भैरहेका रुख बिरुवा काट्न नपाउने र प्रस्तावित सप्त गण्डकी बहु उद्देश्यीय आयोजनालाई समेत असर नपुग्ने गरी उपलब्ध गराउने निर्णय गरेको छ। यसरी श्री ५ को सरकारको उक्त निर्णयबाट वातावरण संरक्षण सम्बन्धमा राज्यले अंगिकार गरेको नीति प्रतिकुल कुनै कार्य भएको छैन। अपितु देशको विभिन्न क्षेत्रका जनताको शिक्षा, स्वास्थ्य, आवास, रोजगारी जस्ता आधारभुत कुराको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने राज्यको नीतिलाई नै बढावा मिलेको छ। यस प्रकार आफ्नो स्वामित्वमा भएको जग्गा कसलाई के कस्तो शर्तमा उपलब्ध गराउने भन्ने सम्बन्धमा निर्णय गर्ने पूर्ण अधिकार श्री ५ को सरकारमा नै रहने हुँदा विपक्षी रिट निवेदकहरुले लिनु भएको जिकिर आधारहीन छ। यस मन्त्रालय र International Society for Medical Education U.S.A बीच ८ अगष्ट, १९९३ मा भएको संझौता तथा श्री ५ को सरकार (मन्त्रिपरिषद्) को मिति २०५०।११।१६ को निर्णयमा उल्लेखित कुनै कुराले कुनै सम्प्रदायको धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्न पाउने हकमा कुनै किसिमको बन्देज लगाएको छैन र त्यस्ता सम्प्रदायकहरु संविधानको स्वीकृत सीमा र प्रचलित कानूनको अधिनमा रही धर्म सम्बन्धी हकको उपभोग गर्न स्वतन्त्र र सक्षम छन्। रिट निवेदकहरुले उल्लेख गरे बमोजिम संविधान प्रदत्त समानताको हक (धारा ११) सूचनाको हक (धारा १६) र धर्म सम्बन्धी हकमा आघात पुर्याउने कार्य मेरो तर्फबाट भए गरेको नदेखिँदा नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाउन सम्मानीत अदालत समक्ष सादर अनरोध गर्दछु भन्ने समेत व्यहोराको शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय तथा शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्रीको एउटै व्यहोराको छुट्टाछुट्टै रुपमा पेश भएको लिखित जवाफ।

८. कलेज स्थापना गर्ने संझौता गर्ने ४९ बर्षको लागि मात्र भएको हुँदा र जग्गाको स्वामित्व श्री ५ को सरकारमा नै रहने गरी भाडामा दिने निर्णय भएकोमा पत्रिकामा प्रकाशित समाचारको हवाला दिदै रिट निवेदन दिएको आधारहीन छ।

९. सार्वजनिक सरोकारको विवादमा संवैधानिक वा कानूनी विवादको प्रश्न समावेश छैन भन्ने रिट निवेदनमा उल्लेख गरिए अनुसार केवल विवादको मात्र निरोपणको लागि संविधानको धारा

८८ (२) अन्तर्गत सम्मानीत अदालतको असाधारण अधिकार क्षेत्र गुहार्न आउने हक स्थापित हुन सक्दैन। संवैधानिक वा कानूनी विवादको प्रश्न समावेश भएको विवादमा हक पुग्ने व्यक्तिको रित पूर्वकको निवेदन भएमा मात्र संविधानको धारा ८८(२) अन्तर्गत सम्मानित अदालतबाट संवैधानिक वा कानूनी प्रश्नको निरोपण हुन सक्ने हो। रिट निवेदकहरुले उठाउनु भएको विवादको विषयमा २,८०,०००।-(दुई लाख असि हजार) वर्ग मिटरको जग्गा हो त्यस्तो जग्गामा निवेदकहरुको कुनै हक नै नभई श्री ५ को सरकारको देशको वातावरणीय संरक्षण तर्फ तथा कसैको धार्मिक आस्थामा आघात नपरोस् भन्ने तर्फ सदा सजग रहेको छ। नेपालमा चिकित्सा विज्ञानको अध्ययन अध्यापनको विकास गरी दक्ष जनशक्तिको विकास र जन साधारणलाई चिकित्सा सेवामा अपेक्षित मात्रामा पुरा होस् भन्ने दृष्टिकोणले सरकारले यसतर्फ विशेष ध्यान दिई कार्य गरी रहेको सन्दर्भमा उक्त कलेज स्थापना गर्न स्वीकृति दिएकोबाट धार्मिक तथा वातावरणीय दृष्टिले प्रतिकुल असर परेको छैन। उक्त कलेज स्थापना गर्ने स्वीकृति दिने निर्णय भएकोबाट रिट निवेदकहरुको संविधानको धारा १९ अन्तर्गतको धार्मिक स्वतन्त्रतामा कुनै आघात पुग्न गएको छैन।

१०. रिट निवेदकले देवघाट क्षेत्र विकास समितिबारे जिकिर लिनु भएको सम्बन्धमा श्री ५ को सरकारले देवघाट क्षेत्र विकास समिति (गठन) आदेश, २०५० जारी गरी समितिको गठन गरेको मिति २०५०।१२।४ को राजपत्रमा प्रकाशित गरेकै छ। उक्त सिमतिको काम कर्तव्य र अधिकारको सम्बन्धमा उक्त देवघाट क्षेत्र भित्र शैक्षिक संस्था, अस्पताल आदि जस्ता सार्वजनिक उपयोगका साधनहरु सुव्यवस्थित गर्ने व्यवस्था मिलाउने समेत रहेकोबाट प्रस्तावित मेडिकल कलेज स्थापनाबाट उक्त देवघाट क्षेत्रको विकासमा कुनै प्रतिकुल असर पार्नुको सट्टा उक्त समितिलाई सहयोग नै पुग्ने र मेडिकल कलेज स्थापनाबाट उक्त क्षेत्रको विकासमा सहयोग नै पुर्याउने हुँदा निवेदन जिकिर निरर्थक छ।

११. अतः श्री ५ को सरकारको निर्णयबाट निवेदकहरुको कुनै पनि संवैधानिक हकको हनन भएको नहुँदा उक्त रिट निवेदन खारेज गरी पाउन सम्मानीत अदालत समक्ष सादर अनुरोध गर्दछु भन्ने समेत व्यहोराको तत्कालिन प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको लिखित जवाफ।

१२. श्री ५ को सरकारले हामीलाई मेडिकल कलेज स्थापना गर्न जग्गा उपलब्ध गराउन गरेको निर्णयले रिट आवेदकहरु माथि न त असमान व्यवहार गरी कानूनको समान संरक्षणबाट बन्चित गरेको छ, न त निजहरुको धार्मिक स्थल तथा गुठिको सञ्चालन र संरक्षणमा रोक्न लगाएको छ। साथै संविधानको धारा ८८(२) अन्तर्गत कुनै विवादलाई सार्वजनिक विवादको

रुपमा यस अदालतमा ल्याउनको लागि रिट आवेदकहरुको विवादको विषयवस्तुसंग सार्थक सम्बन्ध वा तात्विक सरोकार हुनुका साथै सो विवाद संविधान वा कानूनमा आधारित हुनुपर्छ। साथै विवाद काल्पनिक वा अनुमानित नभएर यथार्थमा आधारित हुनुपर्छ। यसरी यस विवादमा रिट आवेदकहरुले आफ्नो सार्थक तथा तात्विक सम्बन्ध भएको कही कतै उल्लेख गर्न सक्नु भएको छैन। यसरी रिट आवेदकहरुको रिट निवेदनमा उपरोक्त कुराहरुको अभाव भै हकदैया विहिन समेत भै प्रथम दृष्टिमा नै खारेज भागी छ।

१३. रिट आवेदकहरुको माग दाबीलाई दृष्टिगत गर्दा मूलभूत रुपमा धारा १६ अन्तर्गत सूचनाको हक तथा धारा १९ धर्म सम्बन्धी हकमा आघात परेको विषय वस्तुलाई अघि सारी आएको पाइन्छ। रिट निवेदकहरुको माग दावीलाई नै दृष्टिगत गर्ने हो भने दुई भिन्दाभिन्दै विषय वस्तुलाई लिएर एउटै रिट निवेदन दिएको पाइन्छ। धारा १६ अन्तर्गत सूचना पाउने विषय वस्तु र धारा १९ अन्तर्गत धर्म सम्बन्धी हकको विषयवस्तु छुट्टाछुट्टै छ। अतः पृथक पृथक विषयवस्तुलाई लिएर एउटै निवेदनबाट हक प्रचलन गराउन रिट सम्बन्धी सिद्धान्त र व्यवहारसंग नमिल्ने हुँदा रिट खारेज गरी पाउन सविनय निवेदन गर्दछौं। साथै अर्को राज राजेश्वरीको ठूलो मन्दिर बनाउने तथा यस कम्पाउण्ड समेत बाहिरको देवघाट अर्थात यस क्षेत्रको विकासमा सहयोग गर्ने हाम्रो प्रयास छ। हामीलाई श्री ५ को सरकारले कलेज निर्माण गर्न दिएको जग्गामा कलेज निर्माण कार्यले त्यस क्षेत्रका वन्यजन्तुलाई समेत कुनै असर पर्दैन र सो ठाउँमा पुरा आवादी क्षेत्रहरु मानिसको आवात जावत हुने ठाउँ र बाटो आदी भएको हुँदा जनावरहरु कहिले पनि थिएन र छैन। किनकी राष्ट्रिय निकुञ्ज र बागेश्वरी बीचमा दुवै पक्षीय राजमार्ग र नारायणगढ मुग्लिङ रोडसंग वन विभाजन गराएको छ। हामीलाई श्री ५ को सरकारको तर्फबाट उक्त जग्गा उपलब्ध गराउँदा हामीले त्यस क्षेत्रको एकवटा पनि रुख काट्न नपाउने गरी नम्वरीङ गरी भर्पाई गरी हामीले दिई रुख नकाट्ने शर्त मानेका छौं। साथै यस सम्बन्धमा श्री ५ को सरकार वन मन्त्रालय अन्तर्गतबाट रुखहरुको लगत आधिकारीक रुपमा दिइसकेको छ। बरु हामीहरुले खाली जमिनमा वृक्षारोपण गरिदिने भएका हौं। त्यस्तै गरी कलेजसंग सम्बन्धित ढल निकास जमिनमा खाल्डो खनी नियन्त्रण गराइनेछ। तसर्थ रिट आवेदकहरुले उल्लेख गरे अनुसार उक्त कलेज निर्माणले न त वातावरण, न वन्यजन्तु, न त धार्मिक स्थलमा नै कुनै प्रतिकुल प्रभाव पार्दछ।

१४. हामीहरुलाई श्री ५ को सरकारको तर्फबाट उक्त जग्गा उपलब्ध गराउँदा श्री ५ को सरकार (म.प) ले निर्णय गरी दिएको छ। श्री ५ को सरकारको स्वामित्व भएको वन क्षेत्र

प्रयोग गर्न श्री ५ को सरकारले दिन सक्ने स्पष्ट वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ तथा वन ऐन, २०४९ मा पनि छ। तसर्थ सो निर्णय कुनै कानून प्रतिकुल नभै कानून अनुरुप नै छ। हामी मेडिकल कलेज एक नाफा कमाउने उद्देश्यले नभएको सेवामुलक भावना भएको संस्था हो। हामीहरुले नेपालमा (चितवन) उक्त जग्गा प्रयोग गरे बापत बार्षिक रुपमा शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्रालयले तोकेको भाडा निश्चित अवधि भित्र दिने शर्त कबुलियत तथा संझौता गरेका छौं। दुई पक्षीय संझौता भई प्राप्त गरिएको हो। उक्त जग्गाको स्वामित्व श्री ५ को सरकारमा नै रहने गरी केवल हामीलाई पट्टामा लिएको हो। यसबाट समेत विपक्षी निवेदकहरुले भने झै उक्त जग्गा हामीलाई श्री ५ को सरकारले सित्तैमा तथा सम्पूर्ण रुपले हस्तान्तरण गरी दिएको भन्ने भनाई केवल गणपुरक भै झुठो भएको स्पष्ट हुन्छ। यस प्रकार मेडिकल कलेज मानव जीवनको निमित्त अति आवश्यकीय त हो र विकासको महत्वपुर्ण स्थान राख्दछ। सो ठाउँमा मानिसको आवात जावत र चारै तिर मानिसहरुको बसोबास गरी आएको क्षेत्र हो। सो ठाउँमा ठूलो सखुवाको रुखहरु छन्। झारपात केही पनि छैन भने जडीबुटी आदि केही पनि छैन। वन जंगल सरकारी जग्गा हो सार्वजनिक स्थल र सरोकारको विषयवस्तु होइन। विपक्षीको रिट निवेदन गैरकानूनी सतही भएको तथा रिट निवेदकका कुनै हकमा प्रतिकुल असर नपरेबाट तथा उक्त रिट निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको College of Medical Science चितवन भरतपुरको लिखित जवाफ।

१५. नियम बमोजिम दैनिक कजलिष्टमा चढी पेश हुन आएको प्रस्तुत निवेदनमा निवेदक तर्फबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ता श्री गणेशराज शर्मा, विद्वान अधिवक्ता श्री प्रकाश मणी शर्मा तथा विद्वान अधिवक्ता श्री बालकृष्ण न्यौपानेले श्री ५ को सरकारले मेडिकल कलेज स्थापनाका लागी ठाउँको सम्बन्धमा चितवन जिल्ला विकास समितिलाई सोधिएकोमा चितवन जिल्ला विकास समितिबाट जगतपुरमा ठीक छ भनी जवाफ दिएको पाइन्छ। कलेज स्थापना गर्न हुन्न भन्ने मेरो पक्षको भनाई होइन। वातावरणलाई असर पर्ने गरी र धार्मिक एवं पुरातात्विक वस्तुहरु नास हुने गरी त्यस क्षेत्रमा मेडिकल कलेज स्थापना गर्नु हुन्न भन्ने हाम्रो पक्षको भनाई हो। वन ऐन, २०४९ को दफा ६८ ले राष्ट्रिय प्राथमिक प्राप्त योजना सञ्चालनको लागि अन्य विकल्प नभएमा वन जंगल भएको जग्गा प्रयोग गर्न सक्ने व्यवस्था गरेको छ। कलेज स्थापना सम्बन्धी कार्य राष्ट्रिय प्राथमिकता प्राप्त योजना भित्र पर्दैन र धार्मिक स्थलको संरक्षण गर्ने हक संविधानले दिएको हक हो। यसको हनन् भएको हुँदा हाम्रो पक्ष निवेदन लिएर आएको छ। सरकारी जग्गा भाडामा दिने ऐनको अभाव छ ऐनको अभावमा सरकारले भाडामा दिन सक्दैन। अन्य प्राइभेट

कलेजलाई जग्गा उपलब्ध नगराई यस कलेजलाई मात्र Lease मा जमीन उपलब्ध गराउनु पर्ने कारण विपक्षले खुलाउन सकेको देखिदैन। वन क्षत्रेमा अस्पताल खोल्न दिने श्री ५ को सरकारको निर्णयमा Vested Interest रहेको छ। १००० सैया अस्पताल त्यहाँ बन्ना साथ त्यहा शहरीकरण शुरुवात हुन्छ। त्यसबाट देवघाटको धार्मिक एवं पर्यावरणीय महत्वलाई समेत आघात पुग्न जान्छ, साथै नारायणी नदीमा रहेको गोहि तथा डल्फीनलाई समेत असर पर्छ, वन क्षेत्रमा अस्पताल बनाउन निर्णय गर्दा वन मन्त्रालयको स्वीकृति लिनु पर्नेमा स्वीकृति लिएको छैन। तसर्थ रिट निवेदन जारी हुनुपर्छ भन्ने बहस प्रस्तुत गर्नु भयो।

१७. आज निर्णय सुनाउन तोकिएको प्रस्तुत मुद्दामा निवेदकहरुको निवेदन जिकिर विपक्षी तर्फबाट पेश भएको लिखित जवाफ, पक्ष तथा विपक्ष तर्फबाट रहनु भएका विद्वान अधिवक्ताहरुले गर्नु भएको बहस समेतलाई मध्यनजर गरी हेर्दा निम्न दुई प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो।

१. निवेदकहरुलाई निवेदन दिने हकदैया छ, छैन ?

२. निवेदकको माग बमोजिम आदेश जारी हुनु पर्ने हो, होइन ?

१८. पहिलो प्रश्नतर्फ विचार गर्दा श्री ५ को सरकारले चितवन जिल्लाको नारायणघाट बजार उत्तरतर्फको जंगल भएको ४२ विगाहा जग्गा International Society for Medical College लाई भांडा दिए उपर निवेदकहरुको नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) अन्तर्गत रिट निवेदन पर्न आएको देखिन्छ। धारा ८८(२) को व्यवस्था हेर्दा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरुपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुङ्गो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ। बालकृष्ण विरुद्ध श्री ५ को सरकार भएको रिट नं. १८५१ को निवेदनको सन्दर्भमा विशेष इजलासले देशको प्राकृतिक राष्ट्रिय सम्पदा हो त्यै देशको सबै नागरिकहरुको साझा सम्पत्ति हो। देशको आर्थिक विकास, वातावरण संरक्षण इत्यादि विभिन्न दृष्टिकोणबाट देशका नागरिकहरुको श्रोतमा सार्थक सरोकार रहेको हुन्छ। राष्ट्रिय हक वा दायित्व श्रृजना हुने यस्तो कुनै व्यवहारको सम्बन्धमा श्री ५ को सरकारसंग आवश्यक जानकारी माग्ने र संवैधानिक व्यवस्थाको वर्खिलाप कुनै काम कुरा भए गरेको देखिएमा त्यसको विरोध गरी संविधानको धारा ८८ को उपधारा (२) अन्तर्गत निवेदन दिने अधिकार प्रत्येक नागरिकलाई प्राप्त हुनेछ भनी विस्तृत व्याख्या भईसकेको र वातावरण संरक्षण र पुरातात्विक

महत्वको स्थानको परिप्रेक्ष्यमा प्रस्तुत निवेदन परेको प्रस्तुत विषय सार्वजनिक सरोकारको विषय देखिन आएको हुँदा निवेदकहरुलाई हकदैया भएको नै देखिन आएकोले त्यसतर्फ विस्तृत विवेचना गरी रहन परेन।

१९. अब दोश्रो तर्फ विचार गर्दा श्री ५ को सरकारले चितवन जिल्लाको नारायणघाट बजार उत्तर तर्फको पूर्वपट्टिको राजमार्ग उत्तरतिर धर्मस्थल देवघाटधाम, पश्चिम नारायणी नदी दक्षिण राजदरबार राष्ट्रिय निकुञ्ज भित्रको ४२ विगाहा जग्गा श्री ५ को सरकार र अमेरिका स्थित International Society for Medical College बीच संझौता भई ४९ वर्षको लागि भाडामा दिएकोमा कुनै विवाद देखिदैन। साथै उपरोक्त सिमाना भित्रको ४२ विगाहा जग्गा जंगल भएको र वागेश्वरी मन्दिर पनि त्यही रहेको कुरालाई विपक्षीहरुले स्वीकारेको विपक्षीहरुकै लिखित जवाफबाट देखिन्छ। श्री ५ को सरकारले भाडामा दिएको उक्त धार्मिक , प्राकृतिक र जलश्रोतको दृष्टिकोणले राष्ट्रिय महत्वको रहेको देखिन्छ। राष्ट्रिय महत्वको विषयहरुमा श्री ५ को सरकारले निर्णय गर्दा राष्ट्रिय हितलाई ध्यानमा राखेर संविधान तथा कानून विपरीत नहुने गरी निर्णय गरिनु पर्दछ। नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ४ मा व्यवस्थित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत धारा २६ को उपधारा ३ मा राष्ट्रिय हित अनुकुल उपयोगी एवं लाभदायक रुपमा देशको प्राकृतिक श्रोत तथा सम्पदाको परिचालन गर्ने नीति राज्यले अवलम्बन गर्नेछ भन्ने र उपधारा ४ मा जनसाधारणमा वातावरणीय स्वच्छताको चेतना बढाई भौतिक विकास सम्बन्धी क्रियाकलापद्वारा वातावरणमा पर्न जाने प्रतिकुल असर पर्न नदिने एवं वातावरणको संरक्षण गर्न राज्यले प्राथमिकता दिनेछ र दुर्लभ वन्यजन्तु वन र वनस्पतिको विशेष संरक्षण गर्ने छ भन्ने उल्लेख भएको पाइन्छ। संविधानले व्यवस्था गरेको राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुलाई अदालतले लागु गर्न नसक्ने भए पनि यदि सरकारले संविधानमा व्यवस्थित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु विपरीत गएर निर्णय गर्छ भने त्यस्तो अवस्था औंल्याउन भने नसक्ने होइन। श्री ५ को सरकारले वन जंगल भएको जग्गा ४९ वर्षको लगि भाडामा दिएबाट जंगलको नास हुने कुरामा दुईमत हुन सक्तैन। श्री ५ को सरकारले जंगल भएको क्षेत्र भाडामा दिँदाको अवस्थामा संझौतामा नै त्यहाँ भएका रुखहरुलाई वन विभागले नम्वरिङ गरेर संरक्षण गर्ने भनिएमा पनि अस्पताल भवन निर्माण गर्नको लागि झाडी बुट्यान सफा गर्ने पोथ्रा पोथ्री कटान गर्न स्वीकृति दिएकाले जंगलको बिध्वंस हुने स्थिति स्वतः स्पष्ट रुपमा देखिएको छ। श्री ५ को सरकारले International Society for Medical College लाई उपलब्ध गराएको जग्गा वन क्षेत्रको जग्गा हुँदा प्राविधिक दृष्टिकोणले कलेज स्थापना गर्नु हस्तान्तरण गर्न नहुने र वन तथा वातावरणमा समेत प्रत्यक्ष असर पर्न जाने

हुनाले सो नगर्न नेपाल प्राविधिक संघले पत्र लेखेको र वन विभागले उक्त क्षेत्र साल रिजेनेरेशनको लागि उपयुक्त स्थान भएको भनी मिति २०५०।१२।२० मा शिक्षा तथा संस्कृति मन्त्रालयलाई पत्र लेखेको भनी वन तथा भू-संरक्षण मन्त्रालय, वन विभागले जनहित संरक्षण मञ्चलाई दिएको मिसिल संलग्न रहेको पत्रबाट देखिन्छ। त्यस्तै निवेदन पत्र साथ पुरातत्व विभागको उत्खनन अधिकृत चन्द्रप्रसाद त्रिपाठीले वागेश्वरी मन्दिर पुनः निर्माण बारेको प्रतिवेदनको प्रतिलिपि पेश गरेको देखिन्छ। त्यस प्रतिवेदनमा प्राप्त पुरातात्विक अवशेषहरुको अध्ययन गर्दा वागेश्वरी मन्दिर भएको क्षेत्रको पुरातात्विक महत्वको बारेमा विस्तृत विवरण दिएको देखिन्छ। त्यस्तै सप्तगण्डकी आयोजना स्थलमा बन्न लागेको मेडिकल कलेज स्थापना पश्चात पर्न सक्ने सम्भावनाहरुको बारेमा जलश्रोत मन्त्रालयबाट भएको अध्ययन अनुसार निम्न बमोजिम सप्तगण्डकीको आयोजनामा प्रभाव पर्ने देखिन्छ। सप्तगण्डकी आयोजनालाई बहु उद्देश्यीय आयोजनाको रुपमा विकास गर्दा विभिन्न चरणमा विकास हुने प्रणालीको मुख्य नहर उक्त कलेजलाई दिइएको जग्गाबाट जान सक्ने र विद्युत उत्पादन गर्दा बनाउनु पर्ने संरचनाहरु मेडिकल कलेजलाई भनी छुट्टयाएको जमिनमा पर्न सक्ने छ। यो कुरा Detail Engineering design गर्दाको बखतमा मात्र यकिन हुन सक्नेछ। काली गण्डकी २ र बुढी गण्डकी जलाशययुक्त आयोजना कार्यान्वयन भएपछि सप्त गण्डकी आयोजनाको सिंचाई र विद्युत क्षमताको बृद्धि गर्नको लागि पनि पर्याप्त जमिनको आवश्यकता पर्ने भएकोले सो कलेजको निर्माण स्थललाई ठूलो असर पर्न जाने देखिन्छ भनी जलश्रोत मन्त्रालय जल विद्युत तथा नीति शाखाले जनहीत संरक्षण मञ्चलाई दिएको मिसिल संलग्न रहेको पत्रबाट देखिन्छ। त्यस्तै जिल्ला विकास समिति चितवनले पनि श्री ५ को सरकारले मेडिकल कलेज खोल्न उपलब्ध गराएको जग्गा वन डिमार्केसन भित्रको जग्गा हो सो ठाउँ मेडिकल कलेज खोल्न दिन मिल्दैन, मेडिकल कलेजको लागि चितवन जिल्लाकै जगतपुर भन्ने ठाउँ उपयुक्त छ भनी निर्णय गरी श्री ५ को सरकारलाई जानकारी दिएको देखिन्छ। निवेदकहरुले निवेदन दिँदाको अवस्था वन ऐन, २०१८ र वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ जस्ता ऐनहरु बहाल रहेका र ती ऐनहरुले वन जंगललाई हर तरहले संरक्षण गर्नु पर्ने दायित्व र कर्तव्य श्री ५ को सरकारलाई तोकी दिएको देखिन्छ। वन ऐन, २०१८ को दफा ११ मा सरकारी वनमा कुनै व्यक्तिलाई हक प्राप्त नहुने र दफा २१ मा वन क्षेत्रको जग्गालाई दर्ता गराउन नहुने कुरामा श्री ५ को सरकारलाई कर्तव्य र दायित्व तोकी वन क्षेत्रलाई हर तरहले रक्षा गर्नुपर्ने कानूनी व्यवस्था रहेको पाइन्छ। साथै निवेदकहरुले रिट निवेदन दिंदाको अवस्था लालमोहर लागिसके पनि प्रारम्भ हुने मिति नतोकिएको वन ऐन, २०४९ मिति २०५१।१२।२० को राजपत्रको सूचनाद्वारा प्रारम्भ

भई लागु भएको उक्त ऐनको दफा ६८ ले वन र वातावरणको संरक्षणमा विशेष व्यवस्था गरेको छ। जसमा भनिएको छ यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय प्राथमिकता प्राप्त योजना संचालन गर्न वनको प्रयोग गर्नु बाहेक अन्य कुनैपनि विकल्प नभएमा र त्यस्तो योजना संचालन गर्दा वातावरणमा उल्लेखनीय असर पर्ने नभएमा र त्यस्तो आयोजना संचालन गर्नको निमित्त श्री ५ को सरकारले सरकारद्वारा व्यवस्थित वन, सामुदायिक वन, कबुलियत वन वा धार्मिक वनको कुनै भाग प्रयोग गर्न स्वीकृति दिन सक्नेछ। यस व्यवस्थाले वन क्षेत्रमा कुनै राष्ट्रिय प्राथमिकता प्राप्त योजना संचालन गर्नु पर्दा पनि सकभर अन्यत्र नै गर्नुपर्ने र अन्यत्र संचालन गर्न सकिने विकल्प नभएमा र त्यसबाट वातावरणमा प्रतिकुल असर पर्ने नभएमा मात्र वन क्षेत्रमा स्वीकृति दिन सकिने व्यवस्था रहे भएबाट वन जंगलको हरसंभव संरक्षण गर्नुपर्ने जोड वन ऐन, २०४९ ले पनि दिएको देखिन्छ। वातावरण मानव जीवनको अभिन्न अंग हो। वातावरण बिग्रन गयो भने त्यसको प्रत्यक्ष असर मानव जीवन र पशु पंक्षीमा पर्दछ। वातावरण राम्रो हुनको लागि वन जंगलको ठूलो भूमिका रहने हुनाले नै वातावरण संरक्षणमा आज विश्वले जोड दिई राखेको परिप्रेक्ष्यमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २६(४) मा वातावरणको संरक्षण गर्न राज्यले प्राथमिकता दिने र दुर्लभ वन्यजन्तु र वन र वनस्पतिको विशेष संरक्षण गर्ने व्यवस्था गर्नेछ भनी राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु अन्तर्गत समावेश गरी संवैधानिक मान्यता समेत प्रदान गरेको पाइन्छ। श्री ५ को सरकारले International Society for Medical College लाई भाडामा उपलब्ध गराएको जग्गामा सालका रुखहरु समेत भएको जंगल भएको सरकारी जग्गा भएको अन्यत्र पनि जग्गा हुँदा हुँदैको अवस्थामा त्यस क्षेत्रको वातावरणमा असर पर्ने गरी मेडिकल कलेज खोल्नको लागि दिनुपर्ने कारण के पर्यो? त्यसको कुनै आधार कारण पनि खोलेको समेत पाइदैन। साथै उक्त जग्गामा वागेश्वरीको मन्दिर रहेको कुरा निवेदकहरुले आफ्नो निवेदन जिकिरमा उल्लेख गरेको र सो कुरालाई विपक्षीहरुले पनि स्वीकारेको देखिन्छ र बागेश्वरी मन्दिर रहेको एरिया पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण रहेको र त्यस क्षेत्रमा सैयौ करोडौं वर्ष पुराना मन्दिर र मूर्तिहरु भएको देवस्थल र तीर्थस्थल रहेको त्यसको संरक्षण गर्नुपर्ने कुरा समेत उल्लेख पुरातत्व विभागका पुरातत्वविदको प्रतिवेदनमा समेत भएको र त्यस्तो क्षेत्रको संरक्षण गर्नुपर्ने दायित्व प्राचीन स्मारक ऐन, २०१३ को दफा ९ र १० ले श्री ५ को सरकारको रहेको छ। पुरातात्विक महत्वका वस्तु र सम्पदाको हेरविचार र संरक्षण सरकारको प्रमुख दायित्व हो। पुरातात्विक प्राचिन वस्तुका संरक्षण नगर्ने हो भने हाम्रो देशको प्राचिन सभ्यता र संस्कृति हामी आफैले बिर्सन सक्दछौं। पुरातात्विक चीज वस्तुहरु रहेको धार्मिक ठाउँमा त्यस ठाउँमा

उत्खनन हुन नपाउदैको अवस्था Medical College बनाइ दिँदा त्यहाँ रहेका प्राचिन मन्दिर तथा पुरातात्विक चीज वस्तुहरु नष्ट हुँदैनन् भन्न सकिदैन।

२०. प्राकृतिक, धार्मिक एवं पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण भएको वन जंगलले घेरिएको देवघाट क्षेत्रको जग्गालाई श्री ५ को सरकारले अन्तर्राष्ट्रिय चिकित्सा शास्त्र अध्ययन केन्द्र (International Society for Medical College) लाई दिने गरेको निर्णयमा उक्त क्षेत्रको जग्गा नै दिनु पर्ने विशेष कारण र आधार खुलाउन सकेको नदेखिँदा श्री ५ को सरकारको मिति २०५०।११।१६ को उक्त निर्णय स्वेच्छाचारितापूर्ण मान्नु पर्ने हुँदा श्री ५ को सरकारले अन्तर्राष्ट्रिय चिकित्सा शास्त्र अध्ययन केन्द्रलाई चितवन भरतपुर नारायणघाट उत्तरतर्फका ४२ विगाहा जग्गा दिने गरेको उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर हुने ठहर्छ। मिसिल नियम बमोजिम गरी बुझाई दिनु।

उक्त रायमा मेरो सहमति छ।

न्या. नरेन्द्र बहादुर न्यौपाने

इति सम्बत् २०५३ साल वैशाख १७ गते रोज २ शुभम्।

२. मुद्दाः वनपैदावार हटाई पाऊँ।

भाग ५०	निर्णय नं. ८०२८	ने.का.प. २०६५	अङ्क १०
सर्वोच्च अदालत, संयुक्त इजलास			
माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्मा माननीय न्यायाधीश श्री रामकुमारप्रसाद शाह			
सम्वत् २०६० सालको स.फौ.पु.नं. -३३७२			
फैसला मितिः २०६४।१०।४।६			

पुनरावेदक वादीः नि.सु. मोहनबहादुर गुरुङ्ग समेतको जाहेरीले नेपाल सरकार

बिरुद्ध

प्रत्यर्थी प्रतिवादीः जि.कञ्चनपुर श्रीपुर गा.वि.स. वडा नं. २ बस्ने बाजे राना समेत

शुरु फैसला गर्नेः

मा.जि.न्या. श्री मोहनकृष्ण खनाल

पुनरावेदन फैसला गर्नेः

मा.न्या. श्री विश्वनाथ जोशी

मा.न्या. श्री रामचन्द्र गुप्ता

पुनरावेदक वादी तर्फवाटः विद्वान उपन्यायाधिवक्ता श्री विश्वराज कोइराला

प्रत्यर्थी प्रतिवादी तर्फवाटः

अवलम्वित नजीरः

- *कसूर गर्ने एक भन्दा बढी कसूरदार भएको अवस्थामा प्रत्येकलाई सोही बमोजिम दोब्बर सजाय गरिंदा जरीवाना र कैदको कुल मात्रा कानूनमा तोकिए भन्दा बढी हुन जाने।*
- *एक भन्दा बढी प्रतिवादी रहेको र प्रत्येकले वनबाट अवैधरुपमा ल्याएको काठको मात्रा र परिमाणका लागि छुट्टाछुट्टै अभियोग लगाएको नभई सबैले ल्याएको काठको कुल परिमाण र विगो जोड्दा पाँच हजार भन्दा बढी भएको र सोही विगो र मात्राको आधारमा सामूहिक रुपमा दफा वन ऐन, २०४९ को ५०(१)(घ)(४) बमोजिम सजायको दावी लिएको अवस्थामा कसूर ठहरी सजाय गर्दा सोही बमोजिम उक्त सजाय सामूहिक रुपमा नै गरिनु पर्ने।*
- *कुनै कसूर गरेवापत ऐनमा स्पष्टतयाः जनही सजाय हुने भनी उल्लेख भएको अवस्थामा वाहेक एक भन्दा बढी कसूरदार भएमा सो सजाय सामूहिक रुपमा भएको मान्नुपर्ने र उक्त सजाय दामासाहीले असूल गर्नुपर्ने।*

(प्रकरण नं. ५)

- *सामूहिक रुपमा गरेको कसूरका लागि सामूहिक रुपमा नै सजाय हुने हुँदा जनही सजाय नगरी दामासाहीले सजाय हुने।*

(प्रकरण नं. ७)

फैसला

न्या.रामकुमारप्रसाद शाहःपुन रावेदन अदालत, महेन्द्रनगरको मिति २०६०।३।१६ को फैसला उपर वादी नेपाल सरकारको नि वेदन परी यस अदालतबाट मिति २०६१।९।७।४ मा दोहोर्याइ हेर्ने निस्सा प्रदान भै न्याय प्रशासन ऐन २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) अनुसार यस अदालतको अधिकार क्षेत्र भित्रको भै पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः-

कुण्डा इलाका वन कार्यालय र प्रहरी चौकी पचकडियाका कर्मचारीहरुले मिति २०५७।६।१२ गतेको राती अं. २ बजेको समयमा वन जंगल गस्ती गर्दै जांदा लालझाडी वन जंगलबाट निस्कने सुख्खड बाटामा श्रीपुर गा.वि.स. वा.नं. २ बस्ने रामप्रसाद राना, नत्थु राना, बाजे राना, मुल्लु राना,बहादुर राना, सटालु राना, इन्जर राना, वहाली राना समेत ८ जनाले विना इजाजत लालझाडी जंगलबाट ६ टायर गाडामा सालकाठ लोड गरी चोरी निकासी गरी रहेका बखत पक्राउ गरी ६ जना, टायर गाडा थान ६, रांगा जिउ १२ वन ऐन अनुसार कारवाहीको लागि पेश गरेका छौं भन्ने नि.सु. मोहनबहादुर गुरुङ्ग समेतका कर्मचारीहरुले मिति २०५७।६।१३ गते कुण्डा इलाका वन कार्यालयमा पेश गरेको जाहेरी प्रतिवेदन।

वन र प्रहरीको संयुक्त गस्ती टोलीले श्रीपुर वा.नं. २ बस्ने वाजे राना, मुल्लु राना,बहादुर राना, नत्थु राना, रामप्रसाद राना, सटालु राना समेतलाई सुख्खड घाटमा पक्राउ गरी बरामदी मुचुल्कामा उल्लेखित नाप, साइज, जातका काठ थान ६ र टायर गाडा थान ६ रांगा जिउ १२ बरामद गरेको ठीक सांचो हो भन्ने बरामदी मुचुल्का।

लालझाडी जंगलबाट अबैध किसिमका काठ चोरी निकासी गरी रहेका बखत वन तथा प्रहरीको संयुक्त गस्ती टोलीले पक्राउ गरेका हुन्।इन्जर राना र बहाली राना, रातीको मौका छोपी फरार भएका हुन् गस्ती टोलीले हामीले जंगलबाट अवैध रुपमा ल्याएको साल गोलिया थान ६, टायर गाडा थान ६, रांगा जिउ १२ बरामद गरेका हुन्।सो काठ हामी सबैको मिलोमतोबाट काटेका हौं।सरकारी वन क्षेत्रको काठ विना इजाजत चोरी निकासी गर्नु अपराध हो भन्ने कुरा थाहा थियो भन्ने समेत व्यहोराको पक्राउ परेका बहाली राना, मुल्लु राना, सटालु राना,बहादुर राना, नत्थु राना, राम प्रताप रानाको अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान कागज।

बरामद काठ प्रतिवादीहरुले घर काजको लागि ल्याएका हुन्।निजहरु पेशेवर व्यक्ति होइनन् भन्ने समेत ब्यहोराको राजाराम राना समेतले गरी दिएको सर्जमिन मुचुल्का।

यसमा अनुसन्धान तहकिकात गरी संकलित सबुद प्रमाण सहितको मिसिल अध्ययन गर्दा पक्राउ परेका बाजे राना, रामप्रसाद राना, मुल्लु राना, नत्थु राना,बहादुर राना, सटालु राना, फरार रहेका इन्जर राना र वहाली राना समेत मिली सरकारी वन क्षेत्र लालझाडी जंगलबाट काठ अनाधिकार काटी चोरी निकासी गर्न लागेका बखत सुख्खड घाटमा मिति २०५७।६।१२ गते राती २ बजे वन र प्रहरीको संयुक्त गस्ती टोलीद्वारा बाजे राना, मुल्लु राना, नत्थु राना,बहादुर राना, रामप्रसाद राना र सटालु राना पक्राउमा परी कसूरमा सावित भएका, इन्जर र वहाली राना फरार रहेका, बरामद काठको सबुद प्रमाण निजहरुसंग नभएको, बरामदी मुचुल्का, सर्जमिनका व्यक्तिहरुको भनाई समेतका आधार प्रमाणबाट प्रतिवादीहरुले वन ऐन, ०४९ को दफा ४९(घ) को कसूर गरेको प्रति क्यू.फि. रु.२००।- का दरले जनही बिगो रु. २३६५८।- को दोब्बर जरिवाना रु. ४७३१६।- र १ बर्ष कैद गरी पाउन मागदावी लिई फरार रहेका इन्जर राना र बहाली रानालाई सम्मानित अदालतबाटै झिकाई बरामद मालबस्तु सोही ऐनको दफा ६६ अनुरुप भरी पाउन मौकामा पक्राउ परेका अभियुक्तहरुलाई यसै प्रतिवेदन साथ पेश गरिएको छ भन्ने अभियोग पत्र।

मिति २०५७।६।१२ गते दिउंसो म समेतका आरोपित ८ जना व्यक्ति राँगा गाडा लगी दाउरा खोज्न लिन जंगलमा गएका थियौं।अलौटो सालको रुख काटी ६ गिन्डा बनाई राखेको भेटाएकाले हामी ८ जनाले ६ गाडामा १।१ लट्टा लोड गरी आउन लाग्दा लालझाडी जंगल किनारामा वन

रक्षक कर्मचारीहरुले म समेतलाई पक्राउ गरेका हुन्। इन्जर र वहाली राना त्यहीबाट भागी गएका हुन्। मेरो रांगा टायर गाडाबाट बरामद भएको १ थान साल गोलियाको नाप पैमाइस ठीकै छ, काटेको काठ भेट्टाएकोले घरकाममा प्रयोग गर्ने लोभले कसूर गरेको हुँ भन्ने प्र. नत्थु रानाले अदालतमा गरेको बयान।

मिति २०५७।६।१२ गते म समेतका ८ जना वाल्ने दाउरा ल्याउन ६ टायर गाडा लगी लालझाडीको जंगलमा गई दाउरा खोज्ने क्रममा काटी गिण्डा बनाई राखेको साल गोलिया थान २ भेट्टाएकोले घर प्रयोगको लागि १ गिण्डा मैले र १ गिण्डा रामप्रसाद रानाले गाडामा लोड गरी राती घर आउन लाग्दा लालझाडीको जंगल किनारामा वन कर्मचारीले म समेत ६ जनालाई पक्राउ गरेका, इन्जर र वहाली भाग्न सफल भएका हुन्। म पेसेवर व्यक्ति होइन। दाउरा ल्याउन गएको अवस्था काटेको काठ भेट्टाएकोले लडियामा लोड गरी ल्याएको हुँ भन्ने समेत व्यहोराको मिति २०५७।७।३ को प्र. भुल्लु रानाले अदालतमा गरेको बयान।

मिति २०५७।६।१२ गते वाल्ने दाउरा ल्याउन म समेतका ८ जना लालझाडी जंगलमा गै दाउरा खोज्ने क्रममा सालकाटी गिण्डा बनाई छोडेको अवस्थामा भेट्टाएकाले हामीहरुले १।१ थान साल गिण्डा गाडामा लोड गरी पक्राउ पर्ने डरले रातीमा जंगलबाट घर तर्फ आउँदा वन कर्मचारीले हामी ६ जना व्यक्ति पक्राउ गरेका हुन्। वहाली र इन्जर राना भागी गएका हुन् भन्ने समेत व्यहोराको प्र. सटालु रानाले अदालतमा गरेको वयान।

खान पकाउने दाउरा लिन भनी दाजुको छोराबहादुर राना र म दाजुको रांगा टायर गाडा लगी लालझाडी जंगलमा गएका थियौं। त्यहाँ काठ खोज्ने सिलसिलामा सोही जंगलमा ढलेको सडी रहेको अवस्थामा सालको रुख फेला पारी एउटा गिण्डा बनाई उक्त गाडामा लोड गरी ल्याई रहेका अवस्था वन गस्ती टोलीले पक्राउ गरेको हुन्। दाउरा लिन ८ जना गएका थियौं। गिण्डा बनाई तयार गरेको फेला पारी ल्याएका हौं। काठ ल्याउने अनुमति छैन भन्ने समेत व्यहोराको प्र. बाजे रानाले अदालतमा गरेको बयान।

६ वटा टायर गाडामा लगी म समेतका ८ जना लालझाडीको जंगलमा दाउरा लिन गएका थियौं। दाउरा खोज्ने क्रममा जंगलमा गिण्डा बनाई राखेको फेला पारी हामीहरुले ६ टायर गाडामा गिण्डा राखी घर तर्फ आउन लागेका वेला जंगल किनारामा गस्ती टोलीले पक्राउ गरेका हुन्। घरकामको लागि ल्याए पनि सजाय हुन्छ भन्ने कुरा थाहा नपाई ल्याएको हुँ भन्ने प्र. रामप्रसाद रानाले शुरु अदालतमा गरेको बयान।

मिति २०५७।६।१२ गते दाउरा लिन ६ टायर गाडा लगी हामी ८ जना लालझाडीको जंगलमा गएको र दाउरा खोज्ने क्रममा उक्त जंगलमा काटी गिण्डा वनाई राखेको सुकेको सालको काठ फेला पारी ६ गाडामा १।१ गिण्डा लोड गरी ल्याउँदा पक्राउ परेको हो।बहाली र इन्जर भागी गएका हुन्।रुख काटेको होइन गिण्डा वनाएर ल्याएका हौं।दाउराको लागि काठ ल्याउँदा सजाय हुन्छ भन्ने कुरा थाहा थिएन।म पेसेवर व्यक्ति होइन भन्ने प्र.वहादुर रानाले अदालतमा गरेको बयान।

यसमा तत्काल प्राप्त प्रमाणहरुबाट प्रतिवादीहरु कसूरदार देखिन आएकाले आरोपित कसूरमा कारवाही हुने नै हुँदा पछि बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी वन ऐन, २०४९ को दफा ६४ तथा अ.बं. ११८ को देहाय (५)(१०) लाई दृष्टिगत गरी प्रतिवादी बाजे राना, नत्थु राना, मुल्लु राना, रामप्रसाद राना,वहादुर राना र सटालु राना समेत ६ जनालाई जनही रु.६५,०००।- नगद वा सो वरावरको जेथा जमानी दिए लिई तारेखमा राख्नू, दिन नसके थुनामा राख्नु र फरार रहेका प्रतिवादी इन्जर राना र वहाली रानाका नाउंमा समाव्हान जारी गर्नु भन्ने मिति २०५७।७।३ को कंचनपुर जिल्ला अदालतको आदेश।

म सहितका ८ जना लालझाडी जंगलमा गस्ती गर्दै जांदा सुख्खडघाट भन्ने ठाउंमा बाजे राना सहितका ६ जनाले ६ गाडा डन्लपमा १।१ थान गोलिया काठ ल्याईरहेका अवस्थामा पक्राउ गरी कारवाहीका लागि पेश गरेका हौं।२०५७।६।१२ गतेको घटना हो।रातीको समय अध्यांरो भएकोले १।२ जना भागेका थिए।निजहरुको नाम मलाई थाहा भएन भन्ने समेत व्यहोराको जाहेरवाला प्रतिवेदक रामदत्त भट्टको बकपत्र।

यसमा प्रतिवादीहरुले अभियोग दावी बमोजिम कसूर गरेको ठहर्छ।प्रतिवादीलाई वन ऐन २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम विगो रु. २३६५८।- को दोब्बर रु. ४७,३१६।- जरिवाना हुन्छ भन्ने व्यहोराको शुरु कञ्चनपुर जिल्ला अदालतको फैसला।

प्रतिवादीहरुले आरोपित कसूर गरेकै कारण विगोको दोब्बर जरिवाना हुने तथ्यलाई स्वीकार गरी फैसला गर्ने शुरु अदालतले भएको जरिवानालाई सबै प्रतिवादीहरुबाट दामासाहीले असुल गर्नू भनी गरेको फैसला स्वयंममा बाझिनुका साथै कानून संगत नहुँदा शुरु कञ्चनपुर जिल्ला अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा वदर गरी अभियोग दावी बमोजिम जनही असूल गरिपाऊँ भन्ने व्यहोराको वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत महेन्द्रनगरमा पर्न आएको पुनरावेदन पत्र।

यसमा प्रतिवादीहरुले आरोपित कसूर गरेको ठहर्याई शुरु जिल्ला अदालतबाट निर्णय भएपछि अभियोगपत्रमा प्रतिवादीहरु उपर वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम हानी नोक्सानीको विगोको दोब्बर जरिवाना र १ बर्ष कैद समेतको मागदावी तर्फ बिचारै नगरी दामासाहीले असूल गर्ने भनी

सो फैसलामा उल्लेख भएबाट कानूनी त्रुटि गरी भएको फैसला नमिलेको हुँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली २०४८ को नियम ४७ बमोजिम बिपक्षी झिकाई पेश गर्नु भन्ने मिति २०६०।९।६।३ को पुनरावेदन अदालतको आदेश।

प्रतिवादीले घरकाजका लागि २०५७।६।१२ मा ८ जना भै ८ गाडा लगी लालझाडी जंगलबाट ६ थान गिण्डा गाडामा राखी ल्याउँदा पक्राउमा परेका हौं भनी बरामदी काठ आफूले ल्याएकोमा स्वीकार गरी अदालतमा समेत बयान गरेका र बहाली राना र इन्जर राना शुरु कारवाही देखि फरार रहेको देखिन्छ।प्रतिवादीहरुबाट पक्राउ गरेको काठको परिमाण अलग अलग लेखी अभियोग मागदावी नगरी एउटैमा जोडी ११८.२९ क्यू फिट कायम गरी रु.२००।- का दरले जनही विगो. रु.२३६५८।- को दोव्वर जरिवाना रु.४७३१६।- को माग गरेकोमा प्रतिवादीहरु मध्ये कसबाट के कति परिणाममा बरामद भएको हो, सो नखुलाई नम्वरका हिसावमा खुलाएको देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिरसंग सहमत हुन सकिएन।शुरु कञ्चनपुर जिल्ला अदालतले मिति २०५८।६।१० मा प्रतिवादीहरुलाई वन ऐन २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम जरिवाना गर्ने ठहर्याएको फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ।पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६०।३।१६ को फैसला।

वन ऐन, २०४९ को दफा ४९(घ) को कसूर गर्ने प्रतिवादीलाई सोही ऐनको दफा ५०(१)(घ) अनुसार विगोको दोब्बर जरीवाना वा १ बर्ष सम्म कैद वा दुबै सजाय हुने स्पष्ट कानूनी व्यवस्था अनुसार प्रतिवादीहरुलाई जनही विगोको दोब्बर जरीवाना हुने स्पष्टै रहेको अवस्थामा भएको जरीवानालाई दामासाहीले असूल गर्ने भनी शुरु अदालतबाट भएको फैसला सदर हुने ठहर्याएको पुनरावेदन अदालत महेन्द्रनगरको फैसलामा वन ऐन, २०४९ को दफा ४९(घ) र दफा ५०(१)(घ) को प्रयोग र ब्याख्यामा त्रुटि हुनुका साथै उक्त ऐन अनुसार सजाय गर्दा ऐनले जरिवानाको हकमा जरिवाना गर्दा बिगोको दोब्बर जरिवाना गर्ने अधिकार बाहेक दामासाहीले जरिवाना गर्ने ऐनले अधिकार दिएको नहुँदा उक्त फैसला बदर गरी जरिवानालाई दामासाहीले असूल गर्नु भनी भएको शुरु जिल्ला अदालतको फैसला सदर गर्ने ठहराएको पुनरावेदन अदालतको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर गरी दोहोर्याउने निस्सा प्रदान गरी प्रतिवादीलाई शुरु अभियोग माग दावी बमोजिम जनही रुपले जरिवाना गरिपाऊँ भन्ने समेत ब्यहोराको वादी नेपाल सरकारको यस अदालतमा परेको निवेदन।

यसमा वन ऐन २०४९ को दफा ५०(घ) को उप दफा (४) मा ५ हजार भन्दा बढीको विगोको दोब्बर जरिवाना वा एक बर्ष सम्म कैद वा दुबै हुने भनी उल्लेख भएको देखियो।पुनरावेदन अदालत, महेन्द्रनगरले गरेको फैसलामा जरिवाना गर्दा जनही नगरी दामासाहीले वाँडी गरेको

देखियो।लाग्ने जरिवाना दामासाहीले वाँडी भनी उक्त ऐनमा उल्लेख भएको नदेखिंदा पुनरावेदन अदालतको फैसलामा उल्लेखित ऐनमा भएको व्यवस्थाको त्रुटि विद्यमान देखिंदा न्याय प्रशासन ऐन २०४८ को दफा१२(१)(क) अनुसार दोहोर्याउने निस्सा प्रदान गरीदिएको छ।बिपक्षीहरुलाई झिकाई नियमानुसार पेश गर्नू भन्ने यस अदालतको मिति २०६१।९।७।४ को आदेश।

नियम बमोजिम आजको पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन सहितको मिसिल अध्ययन गरी पुनरावेदक नेपाल सरकार तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री विश्वराज कोइरालाले शुरु कञ्चनपुर जिल्ला अदालतको फैसला सदर गर्ने ठहराई भएको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला कानूनी त्रुटिपूर्ण छ।वन ऐन २०४९ को दफा ४९(घ) को कसूर गर्ने प्रतिवादीहरुलाई सोही ऐनको दफा ५०(१)(घ) अनुसार विगोको दोब्बर जरिवाना वा १ बर्ष सम्म कैद वा दुबै सजाय हुने कानूनी व्यवस्था भएकोमा शुरुले सो नगरी जरिवानालाई दामासाहीले असुल गर्ने भनी व्याख्या गरेको शुरु कञ्चनपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला वन ऐन, २०४९ को दफा ४९(घ) र दफा ५०(१)(घ) को प्रयोग र ब्याख्यामा त्रुटि भएको हुँदा उक्त फैसला बदर गरी शुरु अभियोग मागदावी बमोजिम प्रतिवादीहरुलाई सजाय होस् भनी गर्नुभएको बहस समेत सुनियो।

विद्वान उपन्यायाधिवक्ताले गर्नुभएको बहस सुनी पुनरावेदन अदालत, महेन्द्रनगरले मिति २०६०।३।१६।२ मा गरेको फैसला मिलेको छ, छैन र पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन, सोही विषयमा निर्णय दिनुपर्ने हुन आएको छ।

यसमा पक्राउ परेका बाजे राना, रामप्रसाद राना, मुल्लु राना, नत्थु राना, बहादुर राना, सटालु राना, फरार रहेका इन्जर राना र बहाली राना समेत मिली सरकारी वन क्षेत्र लालझाडी जङ्गलबाट अनाधिकार काठ काटी चोरी निकासी गर्न लागेका बखत सुख्खड घाटमा मिति २०५७।६।१२ गते राती १ बजे वन र प्रहरीको संयुक्त गस्ती टोलीद्वारा बाजे राना समेत पक्राउमा परी कसूरमा सामेल भएको र इन्जर राना, बहाली राना फरार रहेका बरामद काठको सवुद प्रमाण निजहरुसंग भएको वरामदी मुचुल्का सर्जमिनका व्यक्तिहरुको भनाई समेतका आधार प्रमाणबाट प्रतिवादीहरुले वन ऐन, २०४९ को दफा ४९ को (घ) को कसूर गरेकोले सोही ऐनको दफा ५०(१)(घ)(४) बमोजिम निजहरुले हानी नोक्सानी गरेको काठ साल ११८.२९ क्यू फि. को प्रतिक्यू फि. रु.२००।- का दरले जनही विगो २३६५८।- को दोब्बर जरिवाना रु.४७३१६।- र १ बर्ष कैद गरिपाऊँ भन्ने प्रस्तुत मुद्दाको अभियोग मागदावी भएकोमा प्रतिवादीहरु कसूरमा स्वीकार रही अदालतमा बयान गरेको देखिन्छ।शुरु कञ्चनपुर जिल्ला अदालतले अभियोग दावी बमोजिम कसूर गरेको ठहराई

प्रतिवादीहरुलाई वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम विगो रु. २३,६५८।- को दोब्बर रु.४७३१६।- जरिवाना हुने ठहराएको फैसला उपर पुनरावेदन अदालत महेन्द्रनगरमा नेपाल सरकारको पुनरावेदन परी उक्त अदालतले शुरु कञ्चनपुर जिल्ला अदालतको फैसला सदर हुने ठहराई गरेको फैसला उपर वादी नेपाल सरकारको यस अदालतमा दोहोर्याउने निवेदन परी यस अदालतबाट दोहोर्याइ हेर्ने निस्सा भै प्रस्तुत मुद्दा यस इजलास समक्ष पेश हुन आएको छ।

२. वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम प्रतिवादीहरुलाई कसूर गरेको भनी विगो रु.२३,६५८।- को दोब्बर ४७,३१६।- जरिवाना गर्ने ठहराएको फैसला उपर निज प्रतिवादीहरुले चित्त बुझाई बसेको हुँदा तत्सम्बन्धमा केही वोलीरहनु परेन। वादी नेपाल सरकारले प्रतिवादीहरुलाई विगोको दोब्बर जनही जरिवाना हुने स्पष्ट कानूनी व्यवस्था भएकोमा पुनरावेदन अदालतले दामासाहीले सजाय गर्ने गरेको शुरु कञ्चनपुर जिल्ला अदालतको फैसला सदर हुने ठहराएको फैसला उपर प्रस्तुत पुनरावेदन दर्ता हुन आएको पाइयो।

३. प्रतिवादीहरु बाजे राना समेतले बयान गर्दा आरोपित कसूर आफूहरुले गरेकोमा स्वीकार गरी बयान गरेको देखिन्छ। अभियोजन कर्ताले उल्लेखित प्रतिवादीहरु उपर निजहरुबाट पक्राउ परेको काठको परिमाण छुट्टाछुट्टै खुलाई अभियोग मागदावी गरेको देखिदैन। सबै प्रतिवादीहरुबाट पक्राउ परेको काठको परिमाण जोडी ११८.२९ क्यू फिट कायम गरी रु.२००।- का दरले जनही विगोको रु.२३६५८।- को दोब्बर रु.४७,३१६।- को सजायको मागदावी गरेको देखिन्छ।

४. वादी नेपाल सरकारले प्रतिवादीहरुलाई दामासाहीले नभई जनही सजाय गरिनुपर्ने भन्ने यस अदालतमा जिकिर लिई वन ऐन, २०४९ को दफा ४९(घ) र दफा ५०(१) को प्रयोग र ब्याख्याको त्रुटि छ भनी उल्लेख गरेको पाइन्छ। वन ऐन, २०४९ को दफा ४९ मा कसैले पनि यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा अन्यथा व्यवस्था भएकोमा बाहेक राष्ट्रिय वनमा देहायका काम कारवाही गर्न वा गराउन र सो गर्ने गराउने उद्योग समेत गर्न हुँदैन। त्यस्तो कुनै काम कारवाही गरेमा कसूर गरेको मानिनेछ भन्ने उल्लेख भई उक्त ऐनको दफा ४९ को देहाय (घ) मा वन क्षेत्रबाट वन पैदावार हटाउन, ओसार पसार गर्न वा बिक्री बितरण गर्न भन्ने उल्लेख भएको छ। त्यस्तै दफा ५०(१)(घ) मा दफा ४९ को खण्ड (घ)(ङ)(च)(छ) वा (ज) अन्तर्गतको कसूर गर्नेलाई कसूरसंग सम्बन्धित वन पैदावार जफत गरी देहाय बमोजिमको सजाय हुनेछ भनी कानूनी व्यवस्था भएको र देहाय (४) मा पाँच हजार रुपैया भन्दा बढीको विगो भए विगोको दोब्बर जरिवाना वा एक बर्ष सम्म कैद वा दुबै भनी सजायको व्यवस्था गरेको पाइन्छ।

५. वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) मा जनही कैद र जरीवाना हुने भन्ने कानूनी व्यवस्था भएको नभई पाँच हजार भन्दा बढी वीगो भएको वन पैदावार हटाउने कसूर गर्नेलाई विगोको दोब्बर जरीवाना हुने भन्ने व्यवस्था भएबाट सो कसूर गर्ने एक भन्दा बढी कसूरदार भएको अवस्थामा प्रत्येकलाई सोही बमोजिम दोब्बर सजाय गरिंदा जरीवाना र कैदको कुल मात्रा कानूनमा तोकिए भन्दा बढी हुन जाने हुन्छ। कसैलाई कानूनले हुने सजाय भन्दा बढी सजाय गर्दा कानून प्रतिकूल हुन्छ र यस्तो सजाय स्वतः बदर योग्य हुन्छ। प्रस्तुत मुद्दामा एक भन्दा बढी प्रतिवादी रहेको र प्रत्येकले वनबाट अवैधरुपमा ल्याएको काठको मात्रा र परिमाणका लागी छुट्टाछुट्टै अभियोग लगाएको नभई सबैले ल्याएको काठको कुल परिमाण र विगो जोड्दा पाँच हजार भन्दा बढी भएको र सोही वीगो र मात्राको आधारमा निजहरु उपर सामूहिक रुपमा दफा ५०(१)(घ)(४) बमोजिम सजायको दावी लिएको पाइन्छ। यस्तो अवस्थामा कसूर ठहरी सजाय गर्दा सोही बमोजिम उक्त सजाय सामूहिक रुपमा नै गरिनु पर्ने हुन्छ। कुनै कसूर गरेवापत ऐनमा स्पष्टतया जनही सजाय हुने भनी उल्लेख भएको अवस्थामा वाहेक एक भन्दा बढी कसूरदार भएमा सो सजाय सामूहिक रुपमा भएको मान्नु पर्ने र उक्त सजाय दामासाहीले असूल नै गरिनु पर्ने हुन्छ। जनही सजाय हुने भनी कानूनमा नै नलेखेको अवस्थामा जनही सजाय गर्न मिल्ने हुँदैन।

६. प्रतिवादीहरु उपर वादी नेपाल सरकारले अभियोग लगाउँदा काठको परिमाण अलग अलग लेखी अभियोग मागदावी नगरेको र एउटैमा जोडी ११८.२९ क्यू फिट कायम गरेकोले प्रतिवादी मध्ये कसबाट के कति परिमाणको अवैध काठ बरामद भएको हो भनी उल्लेख गरी प्रमाणित गर्न समेत मिसिल कागजातबाट देखिन र प्रमाणित समेत भएको देखिन नआउँदा यस अदालतबाट मुद्दा दोहोर्याइ हेर्न निस्सा दिएको आधारसंग सहमत हुन सकिएन।

७. अतः प्रतिवादीहरु एकजना भन्दा बढी रहेको र वन ऐन २०४९ को दफा ५०(१)(घ)(४) मा जनही सजाय हुने भनी उल्लेख भएको नदेखिएकोले सामूहिक रुपमा गरेको कसूरका लागी सामूहिक रुपमा सजाय हुने हुँदा जनही सजाय नगरी दामासाहीले सजाय हुने ठहर्याएको शुरु कञ्चनपुर जिल्ला अदालतको फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६०।३।१६।२ को फैसला मिलेकै देखिंदा सदर हुने ठहर्छ। पुनरावेदक नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। फैसलाको जनाउ महान्यायाधिवक्ताको कार्यालयलाई दिई नेपाल सरकारलाई दिई दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनु।

उक्त रायमा सहमत छु।
न्या.दामोदरप्रसाद शर्मा
इति सम्वत् २०६४ साल माघ महिना ४ गते रोज ६ शुभम्

३. मुद्दाः सालको अवैध चिरान काठ ओसारपसार।

भाग ५१	निर्णय नं. ८२५४	ने.का.प. २०६६	अङ्क १०
सर्वोच्च अदालत, संयुक्त इजलास			
माननीय न्यायाधीश श्री रणबहादुर बम माननीय न्यायाधीश श्री अवधेशकुमार यादव			
संवत् २०६२ सालको स.फौ.पु.नं.- ३२७९			
फैसला मितिः२०६६/०६/२६/२			

पुनरावेदक वादीः चन्देश्वर सदा समेतको प्रतिवेदनले नेपाल सरकार

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः जिल्ला सुर्खेत गुटु ८ हाल उत्तरगंगा गा.बि.स.वडा नं.८ बस्ने ताराप्रसाद देवकोटा समेत

शुरु फैसला गर्नेः

मा. जि.न्या. श्री गणेश पंजियार

पुनरावेदन फैसला गर्नेः

मा.न्या. श्री रामकुमारप्रसाद शाह
मा.न्या. श्री चोलेन्द्र शम्सेर ज.व.रा.

पुनरावेदक वादी तर्फबाटः

प्रत्यर्थी/प्रतिवादी तर्फबाटः

सहन्याधिवक्ता श्री बलराम शर्मा

अवलम्वित नजीरः

सम्बद्ध कानूनः

वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४), ६६

- *वन पैदावार ओसार-पसार गर्ने कसूरजन्य अपराधमा साधन प्रयोग हुनु नै कसूर हो। सवारी साधनको मालिकको मञ्जूरी होस् वा नहोस् त्यस्तो कार्यमा प्रयोग गरिएको कार्य नै कसूर स्थापित हुने तथ्य नै पर्याप्त हुने।*

  (प्रकरण नं.४)

- *कुन कार्य कसूर हो त्यसको परिभाषा र निर्धारण विधायिकाले कानूनद्वारा गर्दछ। कसूर र अपराधका लागि सजाय र अपराधमा प्रयोग भएका बस्तु वा साधन जफत हुने वा नहुने सोको निर्धारण पनि विधायिकाले नै ऐनद्वारा गर्दछ। त्यस्ता कानूनमा जे लेखिएको छ सोहीबमोजिम अदालतले फौजदारी न्याय प्रदान गर्दा प्रचलित कानून लागू गर्दछ। ऐनमा नभएको सजाय गर्न पाइदैन भने ऐनले गर्नुपर्ने सजाय र कसूरमा प्रयोग भएको साधन जफत गर्नुपर्नेमा कानूनको गलत व्याख्या वा कानूनी प्रावधानप्रतिको उपेक्षाभावले जफत नगर्नु भनेको वन ऐन, २०४९ को दफा ६६ मा भएको जफतसम्बन्धी व्यवस्थाको प्रतिकूल हुने।*

  (प्रकरण नं.६)

फैसला

न्या.रणबहादुर बमःन्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) बमोजिम मुद्दा दोहोर्याइ हेर्न निस्सा प्रदान भई पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

मिति २०५६।५।१२ गतेका दिन राति ३ बजे रत्न राजमार्गको हुड्के ढुंगाबाट बीरेन्द्रनगर तर्फ आइरहेको भे.अ.ख ३४६ नं.को ट्रक रोकी चेक जाँच गर्दा अवैध ढाँचा निसानाका काँचो चिरान साल काठ भेटिएकोले ट्रकका चालक घनश्याम कडेल र लोडरहरू कर्णबहादुर पुलामी, बलबहादुर पुलामी, भुवन सिंह पुलामी, मानबहादुर सिजाली, बीरमान पुलामी, टेकबहादुर पुलामी, ओमबहादुर पुलामी समेतका ८ जनालाई पक्राउ गरी वरामद भएको विभिन्न नाप साइजका चिरान काठ थान १२२ र उक्त ट्रक समेत आवश्यक कारवाहीका लागि पेश गरेको छु भन्ने समेत व्यहोराको जिल्ला वन कार्यालय, सुर्खेतका निमित्त जिल्ला वन अधिकृत चन्द्रेश्वर सदा समेतको प्रतिवेदन।

वरामद भै आएको काठहरू तथा ट्रक जिम्मामा बुझी हवल्दार दलबहादुर डाँगीले गरी दिएको भरपाई।

मिति २०५६।५।१२ गते राति ३ बजे गिरीघाटको राजमार्गको बाटो हुँदै बीरेन्द्र नगरपालिकातर्फ आउदै गरेको भे.अ.ख ३४६ नं.को ट्रक सुर्खेतका गस्ती कर्मचारीहरूले चेक जाँचगर्दा विना प्रमाणका कुनै पनि ढाँचा चिन्ह प्रयोग नभएका तपसीलमा उल्लिखित नाप साइजका साल जातको हरियो नयाँ चिरानी काठ थान १२२ लोड गरी ल्याएको हुँदा उक्त ट्रक सहित चालक तथा लोडरहरू जना ७ लाई पक्राउ गरी लगेको ठीक छ भन्ने समेत व्यहोराको बरामदी मुचुल्का।

मिति २०५६।५।१२ को घटनास्थल प्रकृति मुचुल्का।

पक्राउ भै बरामद भएको काठ मसिना सामुदायिक वनको हो। उक्त काठ सामुदायिक वनका मानिससँग मिली मैले किनेर ल्याएको हुँ। तयारी अवस्थामा छ। लोड गरी दिनुहोस् ज्याला दिउँला भनी मनबहादुर बिष्टले भनेका हुँदा मिति २०५६।५।१२ गते साँझ ५ बजे म लगायत बलबहादुर पुलामी, भुवन सिं पुलामी, मानबहादुर सिंजाली, बीरमान पुलामी, टेकबहादुर पुलामी, ओमबहादुर पुलामी समेतका जना ७ ले मसिनामा गई १२२ थान चिरानी सालका काठहरू भे.अ.ख ३४६ नं.को ट्रकमा लोड गरी बीरेन्द्रनगरमा अनलोड समेत गर्नको लागि ट्रकमा आइरहेको बखत पक्राउमा परेको हो। हामीले ज्यालाको लागि काम गरेका हौ। भन्ने समेत व्यहोराको अभियुक्त कर्णबहादुर पुलामीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

मिति २०५६।५।१२ गते बेलुकी मनबहादुर बिष्टले मलाई मसिनाबाट काठ ल्याइदेउ भनेकाले मैले नमान्दा मलाई डरत्रास धम्की दिएकोले मसिना ओदालताल भन्ने ठाउँबाट निज मनबहादुर बिष्टले काठ लोड गर्न लगाएका हुन्। काठ लोड गरी कर्णबहादुर पुलामी समेतका लोडरहरू ट्रकमा आइरहेका बखत पक्राउमा परेको हो। काठ कुन ठाउँको हो को कसले काटेका हुन थाहा छैन काठ र ट्रक वरामद हुँदा मनबहादुर बिष्ट ट्रकको हुड माथि बसेका थिए हामी पक्राउमा पर्दा उनी भागी फरार भएका हुन अरु काठ ल्याइदेउ भन्ने मनबहादुर बिष्टलाई नै थाहा होला भन्ने समेत व्यहोराको अभियुक्त घनश्याम कँडेलले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

म कर्णबहादुर पुलामी समेतका ७ जना आफ्नो खेतमा धान गोडिरहेको बेला २०५६।५।१२ गते साँझ ५ बजे मनबहादुर बिष्ट आई सामुदायिक वनमा काठ चिर्न लगाई तयार छ बीरेन्द्रनगरसम्म लैजान लोड अनलोड गरी दिनुहोस् ज्याला दिउँला भनेकोले पैसाको आसले १२२ थान काठ लोडगरी आउन लाग्दा वन गस्ती टोलीले पक्राउ गरेको हो भन्ने समेत व्यहोराको अभियुक्तहरू ओमबहादुर पुलामी, बीरमान पुलामी, टेकबहादुर पुलामी, भुवन सिं पुलामी समेतले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

यो काठ कुनाथरीको मसिना भन्ने सामुदायिक सरकारी वनमा काटिएको काठ हो। हामी खेतवारीमा काम गरिरहेको बेला मनबहादुर बिष्टले काठ लोड गरीदेउ भनेकोले ज्याला लिने गरी लोड गरिदिएको हो। ज्याला नदिएकोले सोही ट्रकमा बसी आएका हौं भन्ने समेत व्यहोराको अनुसन्धान अधिकारीसमक्ष अभियुक्त मानबहादुर सिंजाली तथा बलबहादुर पुलामीले गरेको पृथक पृथक बयान।

मैले उक्त दिन मसिना सामुदायिक वनको मसिना भन्ने ठाउँबाट लोड गरी ल्याएको हुँ। उक्त समयमा त्यहाँ मानिसहरू थिए, सामुदायिक वनका हुन वा अरु कुनै हुन मलाई थाहा भएन भन्ने समेत व्यहोराको घनश्याम कडेलले गरेको ततिम्बा बयान।

मिति २०५६।५।१२ गते राति ११ बजे राति ९,१० जना लेवर लिएर ट्रकमा मनबहादुर बिष्ट आए। हामीले ट्रक किन ल्याउनु भएको भनी सोध्दासोध्दै पनि बल प्रयोग गरी ट्रकमा आएका लेवरहरूले ट्रकमा काठ लोड गर्न थाले। काठ लोड गर्ने बेलामा मनबहादुर बिष्ट पनि थिए। पक्राउ गरिएको काठमा मसिना सामुदायिक वनले चिरान गरेको २,३ वटा मिसिएको काठ देखिन्छ भन्ने समेत व्यहोराको बलबहादुर बुढाथोकीले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

पक्राउ भै वरामद भएको काठ मसिना सामुदायिक वनको मसिना भन्ने ठाउँ नजिक सानोपोखरी भन्ने ठाउँमा मनबहादुर बिष्टले ट्रकमा लोड गर्न ल्याएको चिरानी काठ हो। उक्त काठ लोड गरी ल्याउँदा हाम्रो सामुदायिक वनको ठेकेदार कृष्णबहादुर थापाले टेण्डरबाट लिई चिरान गरेको काठको रेखदेख गर्न उक्त समूहको सदस्य बलबहादुर बुढाथोकीलाई राखेका थिए। निजलाई डर, धम्की दिई मनबहादुर बिष्टले काठ लोड गराउन लगाएका थिए भन्ने कुरा निजबाट सुनेको हुँ काठ कहाँको कस्तो हो मलाई थाहा छैन भन्ने समेत व्यहोराको सामुदायिक वनको कोषाध्यक्ष समेत रहेको भुवन सिंह सिजाली अनुसन्धान अधिकारीसमक्ष गरेको बयान।

मिति २०५६।५।१२ गते राति ३ बजे जिले ट्रक समातेको हो भन्ने थाहा पाएको हुँ। त्यो मितिमा कुनाथरी ५ स्थित कमेरे भन्ने ठाउँमा कोठ भएकोले म त्यहाँ गएको थिएँ। अरु मलाई थाहा छैन भन्ने समेत व्यहोराको मसिना सामुदायिक वनको सचिव समेत रहेका सोमराज सुवेदीको बयान।

मिति २०५६।५।१२ गते राति ट्रक पक्राउ परेको ०५६।५।१४ गते बिहान मात्र थाहा पाएँ, उक्त दिन मेरो पालो थिएन। बलबहादुर बुढाथोकीको पालो ०५६।४।१८ देखि हालसम्मको

हो भन्ने समेत व्यहोराको समितिका उपाध्यक्ष गंगाबहादुर पौडेलले अनुसन्धान अधिकारी समक्ष गरेको बयान।

त्यो मिति र दिनमा औषधी उपचार गर्न इण्डिया गएको थिएँ। सबै गोलिया चिरानी काठको जिम्मा पालोमा खटिएका समितिका सदस्य बलबहादुर बुढाथोकीको जिम्मामा छ। ट्रक समातेको बारे मलाई केही थाहा छैन भन्ने समेत व्यहोराको सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष भक्तबहादुर सारुले अनुसन्धान अधिकारी समक्ष गरेको बयान।

काठ मसिना सामुदायिक वनबाट ३ थान चिरानी फण्टा साइजको काठ उक्त ट्रकमा लोड गरेर मनबहादुर बिष्टले लगेका हुन् भन्ने कुरा सुनेको हुँ। अन्य लोड भएका काठहरू कहाँबाट ल्याएका हुन् मलाई थाहा छैन। काठ जबरजस्ती गरी लगेको हो भन्ने सुनेको हुँ भन्ने समेत व्यहोराको सुरथबहादुर थापा समेतको मिति २०५६।५।२८ को सर्जमिन मुचुल्का।

वन पैदावर हटाउने मनबहादुर बिष्ट, घनश्याम कडेल, कर्णबहादुर पुलामी, बलबहादुर पुलामी, भुवन सिं पुलामी, मानबहादुर सिंजाली, बीरमान पुलामी, टेकबहादुर पुलामी, ओमबहादुर पुलामीलाई वन ऐन, २०४९ को दफा ४९ (घ) र ताराप्रसाद देवकोटा, बलबहादुर बुढाथोकी, गंगाबहादुर पौडेल, भक्तबहादुर सारु, भुवन सिंह सिंजाली, सोमराज सुवेदीलाई वन ऐन, २०४९ को दफा ५४ को कसूर गरी बिगो रु.६५,६७६।को साल काठ थान १२२ क्यू.फि.३२८.३८ को वन पैदावर हटाई ओसार पसार एवं मिलोमतो गरेको हुँदा प्रतिवादीहरूलाई सोही ऐनको दफा ५०(१) (घ) (४) बमोजिम सजाय गरी दफा ६६ बमोजिम बरामद काठ र भे.अ.ख ३४६ नं.को ट्रक समेत जफत गरी जनही जरीवाना बिगोको दोब्बर रु.१,३१,३५१।र १ बर्ष कैद गरिपाऊँ भन्ने अभियोगपत्र।

मैले भे.अ.ख ३४९ नं.को ट्रक चलाएको हुँ। प्र.मनबहादुर बिष्टले मसिना सामुदायिक वनबाट काठ ढुवानी गर्नु छ आऊँ भनी भन्दा मैले इन्कार गर्दा गर्दै पनि जबरजस्ती करकापमा पारी म समेत भएर गएको हो। अन्य प्रतिवादीहरू पनि उसको खटनमा गएका रहेछन्। सालको काठहरू वैध रुपमा काटिएका हुन् वा अवैध हुन् मलाई थाहा छैन। सबै मिलेर काठ लोड गरिएको हो। उक्त गाडी ताराप्रसाद देवकोटाको हो। उक्त ट्रक मसिनाबाट १.५० बजे रातिको समयमा हिडेको थियो। उक्त काठ ओसार-पसार गर्नमा मेरो कुनै संलग्नता नरहेको र मेरो मञ्जूरी समेत नभएको हुँदा म निर्दोष छु भन्ने समेत व्यहोराको प्रतिवादी घनश्याम कडेलले जिल्ला अदालत समक्ष गरेको बयान।

मसिना सामुदायिक वन उपभोक्ता समितिको मिलोमतोबाट सालको काठ ओसार पसार भएको होइन। सो काठ बाङ्गेसिमल चौकी वन बेरियरमा रातिको ३ बजेको समयमा पक्राउ भएको हो भन्ने बलबहादुर बुढाथोकीबाट वन कार्यालय आएपछि थाहा पाएको हुँ। निजको भनाइअनुसार मनबहादुर बिष्ट थिए भन्ने कुरा सुनाएका थिए। सो समयमा म मातृत्व परियोजनाको तालिममा बीरेन्द्रनगरमा भएकोले मलाई केही थाहा छैन। उपभोक्ता समूहको कोषाध्यक्ष भएको नाताले जाहेरी प्रतिवेदन परेको हो भन्ने समेत व्यहोराको प्र.भुवन सिंह सिंजालीले जिल्ला अदालतमा गरेको बयान।

पक्राउ परेको काठ ओसार पसार गर्न चिरान गर्न र वन पैदावर हानि नोक्सानी पुर्याउनमा मेरो सहमति थिएन। म माथि अन्याय गरी अभियोग लगाएको छ भन्ने समेत व्यहोराको प्र.गंगाबहादुर पौडेलले जिल्ला अदालतमा गरेको बयान।

मिति २०५६।५।१२ गतेमा म लगायत ७ जना बसिरहेको बेला घर कहाँ हो थाहा छैन मनबहादुर बिष्ट नाम गरेको मानिसलाई मसिना सामुदायिक वनमा मेरो काठ छ गाडीमा लोड गरिदिनु पर्यो भनी भनेकोले डर त्रास देखाई जवर्जस्ती हामीलाई ल्याई काठ लोड गराएको हो। उक्त काठ हामी ७ जना लेख गाउँकै मानिसले लोड गरेका हौं। उक्त गाडीमा काठ लोड गरेवापत एक जनालाई रु.१००। दिउँला भनेका थिए। उक्त पैसा पछि दिउँला भनी हामी समेत उक्त पैसा लिन सोही ३४६ नं.को ट्रकमा आइरहेको बेला बाङ्गेसिमल चेकपोष्टमा वनका कर्मचारीहरूले पक्राउ गरेका हुन् भन्ने समेत व्यहोराको प्र. बीरमान पुलामीले सुर्खेत जिल्ला अदालतमा गरेको बयान।

अवैध रुपमा सालको काठ ओसार-पसार गर्ने कार्यमा मेरो कुनै संलग्नता छैन। म बिलकूल अनभिज्ञ छु। समूहको सचिव भएको हुँदा अभियोग लगाइएको होला। सो समयमा वनहेर्ने पालो बलबहादुर बुढाथोकीको थियो। सो सालको काठ अवैध रुपमा चोरी निकासी गर्न मुख्य काम मनबहादुर बिष्टले गरेका हुन् भन्ने समेत व्यहोराको प्र.सोमराज सुवेदीले गरेको बयान।

मिति २०५६।५।१२ गते बेलुका मनबहादुर बिष्ट हामी भएतिर आई मसिना सामुदायिक वनमा मेरो चिरान साल काठ छ ट्रकमा लोड गर्न जाउँ भन्यो। हामीलाई करकापमा पारी जानका लागि बाध्य बनाएका हुँदा सातै जना मसिना पुगेपछि चिरी राखेको काठ रहेछ, लोड गरिदेउ प्रति लोडर रु.१००। दिन्छु भनी लगेका हुन्। उक्त काठ बैध वा अवैध के हो थाहा छैन भन्ने समेत व्यहोराको प्र. टेकबहादुर पुलामीले अदालतमा गरेको बयान।

मिति २०५६।५।१२ गते म प्र. धन सिंह पुलामी समेत ७ जना ओदाल तालमा खेत गोडदै थियौं। वरामद भएको काठ मानबहादुर बिष्टको हो। सो दिन ६.३० बजेतिर काठ लोड गर्न गएको हो। सामुदायिक वनमा काठ बनाएको छु रु.१००। दिन्छु भनेको हुँदा सो लकडी ट्रकमा लोड गरेका हौं। उक्त काठ करिव १२ बजे लोड गरिसकेको हो भन्ने समेत व्यहोराको प्र.कर्णबहादुर पुलामीले अदालतमा गरेको बयान।

मिति २०५६।५।१२ गते राति ३ बजे भे.अ. ख ३४६ नं.को ट्रकमा म समेत जना ७ ले उक्त गाडीमा दार लोड गर भनी मनबहादुर बिष्टले भनेकाले लोड गरेको हुँ। लोड गरेवापत एक जनाको रु.१००। दिने शर्त थियो। गाडीमा लोड गरेको दार १५० थान जति केही १२ फुट, केही ७ फुट, केही ६ फुट चिरान काठ थियो भन्ने समेत व्यहोराको प्र.भुवन सिं पुलामीले अदालतमा गरेको बयान।

अभियोग पत्रमा उल्लिखित मनबहादुर बिष्ट समेतका प्रतिवादीहरू कहाँ थिए थाहा छैन। म मेरो घरमा नै थिए। मैले ट्रकमा काठ लोड गर्न लगाएको वा ओसार-पसार गर्नमा मद्दत वा सहयोग केही पनि गराएको छैन। अन्य को कसले गराए थाहा छैन म मसिना सामुदायिक वन समितिको अध्यक्ष भएको हुँदा म समेतलाई जाहेरी परेको हो भन्ने समेत व्यहोराको भक्तबहादुर सारु मगरले अदालतमा गरेको बयान।

मनबहादुर बिष्टले काठ लोड गरिदिनु पर्योभनी मलाई डर त्रासमा पारे पछि म समेतका मानिस मसिना सामुदायिक वनमा गई त्यहाँ मनबहादुर बिष्ट चिनेका र अन्य नचिनेका ४ जना जति मानिस थिए। काठ लोड गरी ट्रकमा बसी आउँदा रातको ३ बजे सुर्खेत बाङ्गेसिमलमा वनका कर्मचारीहरूले पक्राउ गरेका हुन् भन्ने समेत व्यहोराको प्र.मानबहादुर सिंजालीले अदालतमा गरेको बयान।

मनबहादुर बिष्ट समेत २,३ जना आई जान्न भन्दा पनि पिट्छु भन्ने धम्की दिए पछि डरको कारण रु.१००। लोड गरेको लिने शर्तमा म समेत गई ट्रक काठ लोड गरेको हो भन्ने समेत व्यहोराको प्र.ओमबहादुर पुलामीले अदालतमा गरेको बयान।

मसिना सामुदायिक वनबाट चिरान गरी राखेको काठ हो। काठ मनबहादुर बिष्टका हुन्। मैले काटी तयार गरेको होइन, तयार गरेको काठ मनबहादुर बिष्टले मलाई रु.१००। दिने शर्तमा ट्रकमा लोड गरिदिएको हो भन्ने समेत व्यहोराको प्र.बलबहादुर पुलामीले अदालतमा गरेको बयान।

उक्त ट्रक ०५६।५।१२ गते अं.९,१० बजे वन समिति मसिना गएको हो। ट्रकभन्दा अघि मोटरसाइकलमा १ जना शेरबहादुर देउवा र अर्को नचिनेका आएका थिए। मनबहादुर बिष्ट ट्रकमा आएका हुन्। मनबहादुर बिष्टले जवर्जस्ती ट्रक लगी चिरान भएको दार लोड गरी लगे। उक्त ट्रक र दार वनका कर्मचारीले पक्राउ गरी लगे भन्ने २०५६।५।१५ मा सुनेको हुँ। खुकुरी झिकी डर त्रास देखाई सो काठ वनपाले शेरबहादुर देउबाले देखाई जवर्जस्ती लोड गराइ ल्याएको हो। हाम्रो वन पैदावरबाट उक्त काठ नलगेकोले उजूर गरिन भन्ने समेत व्यहोराको प्र. बलबहादुर बुढाथोकीले अदालतमा गरेको बयान।

भे.अ.ख ३४६ नं.को ट्रक मेरै हो। समितिको मानिसबाट सुनेअनुसार मनबहादुर बिष्टले जवर्जस्ती गाडी लगी काठ लोड गरी आफू फरार भयो रे भन्ने कुरा सुनी थाहा पाएँ। ट्रक समितिले ढुँगा बोक्न पठाएको र मैले काठ लोड गर्नलाई नपठाएको हुँदा ट्रक जफत हुनुपर्ने होइन भन्ने समेत व्यहोराको प्र. ताराप्रसाद देवकोटाले गरेको बयान।

मिति २०५६।५।१२ गते बिहान १० बजे म टाउको दुख्ने विरामी भएकोले नेपालगञ्ज गएको हुँ। उक्त मिति र समयमा म घटनास्थलमा थिइन। उक्त काठ काटी ओसार पसार गर्ने कार्यमा मेरो संलग्नता छैन। ट्रकको ड्राइभर र गाडी मालिकको मिलोमतोमा मलाई फसाउने उद्देश्यले सबै प्रतिवादीलाई यसै मनबहादुर बिष्टको हो भनी सिकाई भनेका हुन्। गाडी मालिक र ड्राइभरसँग मेरो पूर्व झगडा भएकोले सोही रिसइवीले भनेका होलान् तर मेरो संलग्नता छैन। मलाई नेपालगञ्ज उपचार गराउन लग्दा ना.अ.ख २१६ नं.को बस चालक गोपाल गिरी र गेहेन्द्रदेव गिरीले पुर्याई ०५६।५।१२ देखि १९ गतेसम्म भेरी अञ्चल अस्पतालमा उपचार गराई घरमा २० गते मात्र आएको हुँ भन्ने समेत व्यहोराको प्र.मनबहादुर बिष्टले अदालतमा गरेको बयान।

मिति २०५६।५।१२ गते दिनको १० बजे मैले चलाउने गरेको ना.अ.ग २१६ नं.को गाडीमा बिरामी हालतमा निज मनबहादुर बिष्ट बसेको हुँदा मैले उनलाई भेरी अञ्चल अस्पताल नेपालगञ्जमा सम्म पुर्याई छाडेको हुँ। अरु मलाई थाहा छैन। अभियोग पत्र अनुसार काठ ओसार पसार गरे गरेनन् मलाई थाहा छैन भन्ने समेत व्यहोराको प्र.मनबहादुर बिष्टका साक्षी गोपाल गिरीले गरेको बकपत्र।

मनबहादुर बिष्टले उक्त अवैध काठ ओसार-पसार गरेका होइनन्। काठ वरामद १३ गते भएको छ। प्र. मनबहादुर बिष्ट १२ गते नेपालगञ्ज कोहलपुर सम्म सँगै गै म बर्दियातिर गए र मनबहादुर बिष्ट बिरामी अवस्थामा अस्पताल जान्छु भनी गएका हुन्। कहिले आए थाहा भएन भन्ने समेत व्यहोराको प्र.मनबहादुर बिष्टका साक्षी गेहेन्द्रदेव गिरीले गरेको बकपत्र।

बरामदी काठ अवैध हो भनी उल्लिखित प्रतिवादीहरू ७ लाई थाहा थिएन। निजहरू बनिबुतो गरी खाने मानिस हुन्। निजहरूलाई ज्याला दिने कुरामा काठ लोड गरेको कुरा मलाई थाहा छ। ओदालताल भन्ने ठाउँमा मेरो भान्जीको घर गएको थिएँ। प्रतिवादीहरू आफ्नो खेत गोड्ने काममा लागिरहेका थिए। सोही दिनको बेलुका ६,७ बजेतिर ती प्रतिवादीहरूलाई काठ लोड गरिदिनु भनी मैले चिन्हाएको मनबहादुर बिष्ट होइन। अरु नै मनबहादुर बिष्टले प्रतिवादीहरूसँग कुरा गरी राखेको मैले देखे सुनेको हुँ भन्ने समेत व्यहोराको प्रतिवादीहरूका साक्षी उज्जवल सिं लामिछानेले गरेको बकपत्र।

उक्त मितिमा प्र. ताराप्रसाद देवकोटा बेलुका ७ बजेसम्म नेपालगञ्ज सुर्खेत होटलमा म सँगै हुनुहुन्थ्यो। त्यस पछि ऐ.१३ गते नेपालगञ्ज नर्सिङ होममा भेटेको हुँ। तसर्थ वहाँलाई लगाइएको अभियोग दावी झूठा हो भन्ने समेत व्यहोराको प्र.ताराप्रसाद देवकोटाका साक्षी विजयराज देवकोटाले गरेको बकपत्र।

उक्त मितिमा म आफ्नो घरमा नै थिए। भक्तबहादुर सारु उपचार गराउन भारततर्फ जानुभयो। सोमराज सेवेदी कुनाथरी गा.बि.स.को कमेरे भन्ने ठाउँमा गाईबस्तु लिई जानु भएको थियो। भुवन सिं सिजाली सेभ द मदरहुड प्रोजेक्टले बीरेन्द्रनगर सुर्खेतमा दिएको तालिममा आएका थिए। गंगाबहादुर पौडेल लेख गाउँ गा.बि.स.वडा नं.४ मा आफ्नो नातेदारको घरमा गएका थिए। बलबहादुर मसिना सामुदायिक वनमा वन हेर्न बस्नु भएको थियो। यसरी उल्लिखित प्रतिवादीहरू त्यस ठाउँमा नै नभएको हुँदा वनसम्बन्धी अपराध गरेको होइनन्। उक्त सामुदायिक वन क्षेत्रबाट प्रतिवादीहरूले अनियमित निकासी गरेका होइनन् भन्ने समेत व्यहोराको प्रतिवादीहरू ५ जनाका साक्षी तेजबहादुर बस्नेतले गरेको बकपत्र एवं सोही मिलानको चन्द्रबहादुर थापा, डम्बरबहादुर पौडेल समेतको बकपत्र।

मिति २०५६।५।१२ गते राति ३ बजेको समयमा घनश्याम कडेंल समेतका ७ जना भई अवैध काठ निकासी गर्न लागेको फेला पारेको हुँ। साल जातको २३४.५६ क्यू.फिट चिरान काठ वरामद भएको हो। मिति २०५६।५।१३ को जाहेरीमा भएको व्यहोरा साँचो हो। उक्त कागजमा लागेको सहिछाप मेरै हो भन्ने समेत व्यहोराको जाहेरबाला चन्द्रेश्वर सदाले गरेको बकपत्र।

०५६।५।१२ गते राति ३ बजे हामीहरू गस्ती गर्दै जाँदा बाङ्गेसिमलमा पश्चिमतर्फबाट अवैध काठ ट्रकमा हाली ल्याएको अवस्थामा हामीहरूले पक्राउ गरेका हौं। त्यस बखत चालक घनश्याम कडेल र अन्य कर्णबहादुर पुलामी समेत ७ जना थिए। जाहेरी दरखास्तमा भएको

व्यहोरा साँचो हो भन्ने समेत व्यहोराको जाहेरबाला हरिलाल शर्माले गरेको बकपत्र एवं सोही मिलानको भुपालबहादुर मल्ल, भविन्द्रदेव गिरी समेतले गरेको बकपत्र।

मिति २०५६।५।२८ गते भएको सर्जमिन मुचुल्का मेरो रोहबरमा भएको ठीक हो। मसिना सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरू निर्दोष छन् भन्ने समेत व्यहोराको सर्जमिनका मानिस कृष्णबहादुर खड्काले गरेको बकपत्र।

ट्रक गिरीघाट खोलाको बाटोमा थियो। त्यहाँ एउटा मोटरसाइकल आयो अनि होहल्ला भयो। ट्रकमा बसी आएका मानिस समेतले घनश्याम कडेंललाई धडपकड गरी जवबजजस्ती ट्रक लिएर पश्चिम हुडके ढुँगातर्फ गए। मोटरसाइकलमा आएका मध्ये मनबहादुर बिष्टलाई चिन्दछु अरुलाई चिन्दिन भन्ने समेत व्यहोराको प्र.घनश्याम कडेलका साक्षी कृपालाल अधिकारीले गरेको बकपत्र।

मिति २०५६।५।१२ देखि ०५६।५।१४ सम्म प्रतिवादी ताराप्रसाद देवकोटा नेपालगञ्ज स्थिति मेरो सुर्खेत होटलमा खाना खादै र रुद्रबहादुर शाहीको घरमा सुत्ने गर्नुहुन्थ्यो भन्ने समेत व्यहोराको प्र. ताराप्रसाद देवकोटाका साक्षी उदयराम थापाले गरेको बकपत्र।

गिरीघाट खोलाको बाटोमा ट्रक थियो। एउटा मोटरसाइकल गयो। ड्राइभर पनि बाटोमै थिए हो हल्ला भयो म बाटोमा आउँदा ट्रक पश्चिम तर्फबाट गैसकेको थियो भन्ने समेत व्यहोराको प्र. घनश्याम कडेंलको साक्षी नन्दराम कडेलले गरेको बकपत्र।

प्रतिवादी मनबहादुर बिष्ट, घनश्याम कडेंल, कर्णबहादुर पुलामी, बलबहादुर पुलामी, भुवन सिंह पुलामी, मानबहादुर पुलामी, बीरमान पुलामी, टेकबहादुर पुलामी, ओमबहादुर पुलामी, समेत ९ जनाले अभियोग दावीअनुसार वन ऐन, २०४९ को दफा ४९(घ) अनुसार र प्र. बलबहादुर बुढाथोकीले वन ऐन, २०४९ को दफा ५४ अनुसारको कसूर गरेको ठहर्छ। तसर्थ प्र. मनबहादुर बिष्ट मुख्य व्यक्ति हुँदा वन ऐन, २०४९ को दफा ५०(१) (घ) ४ बमोजिम बिगोको दोब्बर रु.१,३१,३५२। जरीवाना र ३ महिना कैदको सजाय हुन्छ। अन्य प्रतिवादीहरूले ज्याला मजदूरी समेतका कारणबाट लोड गरी ओसार-पसार गरेका हुँदा निजहरूलाई जनही ३ महिना कैदको दरले सजाय समेत हुने ठहर्छ। प्रतिवादीमध्येका गंगाबहादुर पौडेल, भक्तबहादुर सारु, भुवन सिं सिजाली, सोमराज सुवेदी तथा ताराप्रसाद देवकोटा समेतका प्रतिवादीहरू निर्दोष हुँदा यी प्रतिवादीहरू उपरको अभियोग माग दावी पुग्न सक्दैन सफाइ पाउने ठहर्छ। बोझ वाहक भे.अ.ख ३४६ नं.को ट्रक जफत गर्नेतर्फ सबूद प्रमाणको अभावमा वादीको माग दावी सो हदसम्म नपुग्ने

ठहर्छ। वरामदी १२२ थान काठ वन ऐन, २०४९ को दफा ६६ बमोजिम जफत हुने ठहर्छ भन्ने समेत व्यहोराको सुर्खेत जिल्ला अदालतबाट मिति २०५७।८।२ मा भएको फैसला।

वन ऐन, २०४९ को दफा ६६ विपरीत ट्रक धनीलाई सफाइ र ट्रकलाई फिर्ता दिने गरी भएको फैसला बदरभागी छ। सफाइ पाएका अन्य प्रतिवादीहरू गंगाबहादुर पौडेल, भक्तबहादुर सारु, भुवन सिं सिंजाली र सोमराज सुवेदी, ताराप्रसाद देवकोटालाई अभियोग दावीबाट सफाइ दिएको बदर योग्य हुँदा सो हदसम्मको शुरु फैसला बदर गरी अभियोग दावीबमोजिम गरिपाऊँ भन्ने नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालतमा परेको पुनरावेदन पत्र।

काठ चिरान गरी राखेको भन्ने कुरा पनि पुष्टि नभएको र वारदात समयमा म अन्यत्र रहेको कुरा साक्षी र अस्पतालको प्रेप्क्रिप्सनबाट पुष्टि भैराखेको अवस्थामा सहअभियुक्तको पोलको आधारमा मलाई सजाय गर्ने गरेको सुर्खेत जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी मनबहादुर बिष्टको पुनरावेदन अदालत सुर्खेतमा परेको पुनरावेदनपत्र।

वन ऐन, २०४९ को दफा ६६ को प्रतिकूल अवैध काठ ओसार-पसार गर्दा पक्राउ परेको भे.अ.ख ३४६ नं.को ट्रक जफत नगर्ने गरी शुरु सुर्खेत जिल्ला अदालतले गरेको फैसला विचारणीय देखिएकाले छलफलको लागि बिपक्षी झिकाउनु भन्ने समेत व्यहोराको पुनरावेदन अदालत, सुर्खेतको मिति २०५९।३।३ को आदेश।

यसै लगाउको फौ.पु.नं.१६।४८ को मुद्दामा बिपक्षी झिकाउने आदेश भएकोले सोही लगाउको यस मुद्दामा पनि पुनरावेदन सरकारी वकील कार्यालय, सुर्खेतलाई पेसीको सूचना दिनु भन्ने समेत व्यहोराको फौ.पु.नं.२७ मा भएको पुनरावेदन अदालत, सुर्खेतको मिति २०५९।३।३ को आदेश।

प्रतिवादीहरू घनश्याम कडेंल, कर्णबहादुर पुलामी, बलबहादुर पुलामी, भुवन सिंह पुलामी, मानबहादुर पुलामी बीरमान पुलामी, टेकबहादुर पुलामी, ओमबहादुर पुलामीले पुनरावेदन नगरी चित्त बुझाई बसेका र मनबहादुर बिष्टको हकमा विचार गर्दा पक्राउ परेका काठ लोडगर्ने लेवरहरू ट्रक चालक तथा वन रेखदेख गर्ने सबै प्रत्यक्षदर्शीको कथनबाट प्रतिवादी मनबहादुर बिष्ट घटनास्थलमा रहेको उपस्थितलाई रअन्यथा भन्न नमिल्ने र अस्पतालको पुर्जीलाई अकाट्य प्रमाणको रुपमा लिन मिल्ने देखिएन। सरकारी कार्यालय वा अड्डा अदालतमा उपस्थित भई सहिछाप

गरेको अवस्था नभएको हुँदा अन्य स्थलमा थिएँ भन्ने निजको भनाई ग्रहणयोग्य देखिएन। निज घटनास्थलमा रही सामुदायिक वनको काठ विना इजाजत ट्रकमा लोड गराई ओसार-पसार गर्ने कसूरजन्य कार्य गरेको देखिंदा निज प्र. मनबहादुर बिष्टलाई कसूरदार ठहराई सजाय गर्ने गरेको सुर्खेत जिल्ला अदालतको फैसला मनासिब छ। अव अपराधमा प्रयोग भएको भे.अ.ख ३४६ नं.को ट्रकका सम्बन्धमा ट्रक धनीको सहमति वा संलग्नतामा सो अपराध भएको नदेखिंदा निजको स्वामित्वमा रहेको ट्रक जफत गर्न न्यायोचित समेत नहुने भई ट्रक चालकलाई सजाय भइसकेको समेत परिप्रेक्ष्यमा ट्रक जफत नगर्ने गरेको फैसलामा कानूनी त्रुटि नदेखिंदा सुर्खेत जिल्ला अदालतको फैसला सदर हुने ठहर्छ भन्ने समेत व्यहोराको पुनरावेदन अदालत, सुर्खेतको मिति २०५९।१२।२५ गतेको फैसला।

बिरुद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूलाई सफाइ दिएको फैसलाउपर गरिएको पुनरावेदनमा निजहरूको हकमा केही नबोली दावीका सबै कुरामा ठहर नगरी आंशिक रुपमा ठहर गरिएको फैसला त्रुटिपूर्ण छ। त्यसै गरी वन ऐन, २०४९ को दफा ६६ ले बिगो रु.१०,०००। भन्दा बढी कसूर ठहर भएका कसूरमा वरामद भएको त्यस्तो बोझ वाहक सवारी साधनहरू समेत जफत हुने भनी स्पष्ट कानूनी व्यवस्था भएकोमा ट्रक जफत नहुने गरी वन ऐन, २०४९ को दफा ६६ को व्याख्यामा त्रुटि गरी पुनरावेदन अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी वरामदी ट्रक समेत जफत गरी पाउन न्याय प्रशासन ऐन, २०४८ को दफा १२ बमोजिम मुद्दा दोहर्याई पाऊँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको निवेदन पत्र।

यसमा वन ऐन, २०४९ को दफा ६६ ले वरामद भएको बोझ वाहक समेत जफत गर्ने कानूनी व्यवस्था भएकोमा ट्रक जफत नगर्ने गरी गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०५९।१२।२५ को फैसला वन ऐन, २०४९ को दफा ६६ को व्यवस्थाविपरीत हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) बमोजिम मुद्दा दोहोर्याइ हेर्न निस्सा प्रदान गरी दिएको छ भन्ने समेत व्यहोराको यस अदालतको मिति २०६२।५।२९ को आदेश।

नियमबमोजिम पेश भएको प्रस्तुत मुद्दामा वादी नेपाल सरकारको तर्फबाट सहन्यायाधिवक्ता श्री बलराम शर्माले अपराधमा प्रयोग भएको ट्रक जफत हुने भन्ने स्पष्ट कानूनी व्यवस्थाको विपरीत जफत नगरेको फैसला त्रुटिपूर्ण छ। ट्रक अन्य व्यक्तिका हकमा गए पनि सो जफत हुने प्रकृतिको हो। सफाइ पाएका व्यक्तिका हकमा केही बोलिएन। ट्रक जफत नहुने भनी व्याख्या गरी गरिएको

निर्णय त्रुटिपूर्ण हुँदा पुनरावेदन अदालतको फैसला उल्टी गरी अपराधमा प्रयोग भएको ट्रक समेत जफत हुनु पर्दछ भन्ने समेत प्रस्तुत गर्नु भएको बहस समेत सुनी मिसिल अध्ययन गरी हेर्दा पुनरावेदन अदालत सुर्खेतको फैसला मिलेको छ छैन ? सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

निर्णयतर्फ विचार गर्दा, प्रतिवादी मनबहादुर बिष्ट, घनश्याम कडेंल, कर्णबहादुर पुलामी, बलबहादुर पुलामी, भुवन सिं पुलामी, मानबहादुर सिजाली, वीरमान पुलामी, टेकबहादुर पुलामी, ओमबहादुर पुलामीलाई वन ऐन, २०४९ को दफा ४९ (घ) र ताराप्रसाद देवकोटा, बलबहादुर बुढाथोकी, गंगाबहादुर पौडेल, भक्तबहादुर सारु भुवन सिंह सिंजाली, सोमराज सुवेदीलाई सोही ऐनको दफा ५०(१)(घ) (४) बमोजिम सजाय र दफा ६६ बमोजिम भे.अ.ख ३४६ नं.को ट्रक जफत गरी बिगोबमोजिम दोब्बर जरीवाना गरी कैद समेत गरिपाऊँ भन्ने अभियोग माग दावी भएकोमा प्रतिवादी मनबहादुर बिष्ट, घनश्याम कडेंल, कर्णबहादुर पुलामी, बलबहादुर पुलामी, भुवन सिं पुलामी, मानबहादुर पुलामी, बीरमान पुलामी, टेकबहादुर पुलामी, ओमबहादुर पुलामीले वन ऐन, २०४९ को दफा ४९ (घ) अनुसार प्र. बलबहादुर बुढाथोकीले ऐ.दफा ५४ अनुसार कसूर गरेको ठहर्याई ऐ. दफा ५०(१)(घ) (४) बमोजिम सजाय तथा प्रतिवादीहरू गंगाबहादुर पौडेल, भक्तबहादुर सारु, भुवन सिं सिजाली, सोमराज सुवेदी, ताराप्रसाद देवकोटाले सफाइ पाउने र बोझ वाहक ३४६ नं.को ट्रक जफत नहुने ठहर गरेको शुरुको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला दोहोर्याइ हेरिपाऊँ भनी वादी नेपाल सरकारको तर्फबाट निवेदन परी मुद्दा दोहोर्याइ हेर्न निस्सा प्रदान भई निर्णयार्थ पेश हुन आएको पाइयो।

२. यसमा निर्णयतर्फ विचार गर्दा कसूर ठहर भएका प्रतिवादीहरू मध्ये मनबहादुर बिष्टले पुनरावेदन अदालतको फैसलाउपर मुद्दा दोहोर्याइ पाऊँ भनी यस अदालतमा दिएको नि.नं.१०४० को निवेदनमा निस्सा प्रदान नहुने ठहरी मिति २०६५।७।११ मा आदेश भइसकेको र पुनरावेदन अदालतबाट कसूरदार ठहर भएका अन्य प्रतिवादीहरू मध्ये घनश्याम कडेंल, कर्णबहादुर पुलामी, बलबहादुर पुलामी, भुवन सिं पुलामी, मानबहादुर पुलामी, बीरमान पुलामी, टेकबहादुर पुलामी, ओमबहादुर पुलामी र बलबहादुर बुढाथोकीले पुनरावेदन अदालतको फैसलामा चित्त बुझाई पुनरावेदन गरेको नदेखिंदा निजहरूको हकमा प्रस्तुत मुद्दाबाट केही बोलिरहन परेन।

३. अव सफाइ पाएका प्रतिवादीहरूको हकमा पुनरावेदन अदालतले निर्णयगर्दा केही नबोलेको र ट्रक जफत नहुने ठहर गरेको निर्णय नमिलेको भनी वादी नेपाल सरकारको तर्फबाट पुनरावेदनमा जिकीर रहेको छ। अभियोग दावीबाट सफाइ पाएका प्रतिवादीहरू मध्ये गंगाबहादुर

पौडेल, भक्तबहादुर सारु, भुवन सिं सिजाली, सोमराज सुवेदी तथा ताराप्रसाद देवकोटाको हकमा विचार गर्दा, प्रतिवादी ताराप्रसाद देवकोटा सवारी धनी र अन्य प्रतिवादीहरू मसिना सामुदायिक वन उपभोक्ता समिति कुनाथरी ५ सुर्खेतको समितिका पदाधिकारी रहेको तथ्यमा बिवाद छैन। निजहरूको मिलोमतोमा उक्त सामुदायिक वनको सालको काठ थान १२२ (फी ३२८.३८) अवैधरुपले ओसार पसार गरेको हुँदा निजहरूलाई वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग माग दावी रहेको छ। सामुदायिक वन भित्रका काठ शंकलन गरी राखेको र सोको रेखदेख तथा जिम्मा समितिकै सदस्य बलबहादुर बुयाथोकीमा रहेको हुँदा के कसरी काठहरू अवैध किसिमले ओसार-पसार गरिएको हो निजैलाई थाहा छ भनी प्र. ताराप्रसाद देवकोटा समेतले कसूरमा इन्कार रही अनुसन्धान अधिकारी र अदालतमा बयान गरेको देखिन्छ। जाहेरबाला प्रतिवादी चन्द्रेश्वर सदा समेतले दिएको प्रतिवेदनमा यी प्रतिवादीहरू उक्त कार्यमा संलग्न रहेको भन्ने उल्लेख गरेको देखिदैन भने अदालतमा बकपत्र गर्दा समेत शंकासम्म गरेको स्थिति छैन। सहअभियुक्त कर्णबहादुर पुलामी समेत चालक प्रतिवादी घनश्याम कडेंलले पनि यी प्रतिवादीहरू सामुदायिक वनको काठ ओसार-पसार गर्ने कार्यमा सलग्न थिए भनी पोलसम्म गर्न सकेका छैनन्। वारदातमा सरिक भई कसूरमा सावित हुने प्रतिवादी कर्णबहादुर पुलामी समेतले यी प्रतिवादीहरू उपर पोल गरेको अवस्था समेत नहुँदा अनुमानका आधारमा कसूरदार कायम गर्न फौजदारी न्यायका मान्य सिद्धान्तका आधारमा मिल्ने देखिएन। काठ ओसार-पसारमा यो यस प्रकारबाट निज प्रतिवादीहरूको संलग्नता छ भन्ने पुष्टि हुने खालको शंकारहित ठोस एवं आधिकारिक प्रमाण वादी पक्षबाट पेश हुन सकेको छैन। उक्त सामुदायिक वनबाट सालको काठ थान १२२ ओसार पसार गरेको तथ्यमा बिवाद नरहे पनि सो कसूरमा अन्य प्रतिवादीले पोल नगरेको र वादी पक्षबाट प्रमाण गुजार्न नसकेबाट यी प्रतिवादी गंगाबहादुर पौडेल, भक्तबहादुर सारु, भुवन सिं सिजाली, सोमराज सुवेदी तथा ताराप्रसाद देवकोटा निर्दोष देखिंदा अभियोग माग दावीबाट सफाइ पाउने ठहर गरेको शुरुको इन्साफ सदर गरेको पुनरावेदन अदालत, सुर्खेतको सो हदसम्मको निर्णय मिलेकै देखियो।

४. अव काठ ओसार-पसारमा प्रयोग भएको बोझ वाहक सवारी साधन वन ऐन, २०४९ को दफा ६६ बमोजिम जफत गर्नुपर्नेमा जफत नहुने ठहर गरेको पुनरावेदन अदालतको फैसला नमिलेकोले बदर गरी प्रयोग भएको सवारी साधन ट्रक वरामद गरिपाऊँ भन्ने नै वादी नेपाल सरकारको पुनरावेदन जिकीर रहेको छ। प्र.ताराप्रसाद देवकोटाको नाउँमा दर्ता रहेको भे.अ.ख ३४६ नं.को ट्रक उक्त काठ ओसार पसार गर्ने कार्यमा प्रयोग भएको तथ्यमा बिवाद छैन। प्रतिवादी ट्रक चालक घनश्याम

कडेंलले बयानगर्दा ढुङ्गा लिने प्रयोजनका लागि इजाजत लिई समितिबाट गएकोमा प्र.मनबहादुर बिष्टले काठ लोड गर्न लगाएको भनी बयानमा उल्लेख गरेको देखिन्छ। ट्रक चालक घनश्याम कडेल काठ ओसार-पसार गर्ने कार्यमा सरिक नभएको भए आफूले चलाएको ट्रक अरुको अनुरोधमा कसूरजन्य अपराधमा प्रयोग गर्न दिने अवस्था रहदैन थियो। वन पैदावार ओसार-पसार गर्ने कसूरजन्य अपराधमा साधन प्रयोग हुनु नै कसूर हो। सवारी साधनको मालिकको मञ्जूरी होस वा नहोस त्यस्तो कार्यमा प्रयोग गरिएको कार्य नै कसूर स्थापित हुने तथ्य नै प्रयाप्त हुन्छ।

५. वन ऐन, २०४९ को दफा ६६ मा भएको व्यवस्था हेर्दा "यो ऐनबमोजिम सजाय हुने कसूर गरेको ठहरिएमा कसूरमा वरामद भएको सबै बोझवाहक, औजार, चौपाया र अन्य साधनहरू जफत हुनेछन् तर बिगो दश हजार रुपैया भन्दा कम्ति मोल पर्ने वन पैदावर लादी ल्याउने ट्रेंक्टर, ट्रक, लहरी, मोटर र अन्य सवारी साधनको हकमा त्यस्तो सवारी साधन जफत नगरी उक्त कार्य गर्नेलाई अन्य दफाले हुने सजायमा दश हजार रुपैयासम्म थप सजाय हुने छ" भन्ने उल्लेख भएको पाइन्छ। प्रस्तुत मुद्दामा बिगो रु.६५,६७६। कायम भएको र उक्त दफामा भएको व्यवस्थाबमोजिम रु.१०,०००। भन्दा माथि बिगो कायम भएपछि काठ ओसार पसार गर्ने कार्यमा प्रयोग भएको सवारी साधन जफत गर्नुपर्ने हुन्छ। ऐनले नै रु.१०,०००। भन्दा माथिको बिगोमा प्रयोग भएको बोझ वाहक साधन जफत गर्नुपर्ने व्यवस्था गरेकोले त्यसमा अदालतले स्वविवेक प्रयोग गरी जफत नहुने गरी ठहर गर्न मिल्दैन।

६. कुन कार्य कसूर हो त्यसको परिभाषा र निर्धारण विधायिकाले कानूनद्वारा गर्दछ। त्यसै गरी कसूर र अपराधका लागि सजाय र अपराधमा प्रयोग भएका बस्तु वा साधन जफत हुने वा नहुने सोको निर्धारण पनि विधायिकाले नै ऐनद्वारा गर्दछ। त्यस्ता कानूनमा जे लेखिएको छ सोहीबमोजिम अदालतले फौजदारी न्याय प्रदान गर्दा प्रचलित कानून लागू गर्दछ। ऐनमा नभएको सजाय गर्न पाइदैन भने ऐनले गर्नुपर्ने सजाय र कसूरमा प्रयोग भएको साधन जफत गर्नुपर्नेमा कानूनको गलत व्याख्या वा कानूनी प्रावधानप्रतिको उपेक्षाभावले जफत नगर्नु भनेको वन ऐन, २०४९ को दफा ६६ मा भएको जफत सम्बन्धी व्यवस्थाको प्रतिकूल हुन जानु हो।

७. तसर्थ काठ ओसार-पसार गर्ने कार्यमा प्रयोग भएको बोझ बाहक सवारी साधन भे.अ.ख ३४६ नं.को ट्रक जफत नहुने ठहर गरेको शुरु सुर्खेत जिल्ला अदालतको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०५९।१२।२५ को फैसला मिलेको नदेखिंदा केही उल्टी भई भे.अ.ख ३४६ नं.को ट्रक वन ऐन, २०४९ को दफा ६६ बमोजिम जफत हुने

ठहर्छ। सफाइ पाएका प्रतिवादीहरूलाई सजाय गरिपाऊँ भन्ने हदसम्म नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न सक्दैन। अरुमा तपसील बमोजिम गर्नु।

तपसील

माथि इन्साफ खण्डमा लेखिएबमोजिम भे.अ.ख ३४६ नं.को ट्रक वन ऐन, २०४९ को दफा ६६ बमोजिम जफत हुने ठहरेकोले ताराप्रसाद देवकोटाबाट मिति २०५८।१०।३ मा बीरेन्द्रनगर ६ सुर्खेत बस्ने दिपककुमार पन्तका नाममा नामसारी भइ गएको भन्ने यातायात व्यवस्था कार्यालय नेपालगञ्जको मिति २०६५।८।६ को पत्रबाट देखिंदा उक्त ट्रक जफत गरी कानूनबमोजिम प्रक्रिया पूरा गरी लिलाम बिक्री गर्नु र लिलामबाट प्राप्त रकम राजस्वमा दाखिला गर्नु भनी सुर्खेत जिल्ला अदालतमा लेखी पठाई दिनु.....१

फैसला भएको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनु २

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु----३

उक्त रायमा म सहमत छु।

न्या.अवधेशकुमार यादव

इति संवत् २०६६ साल असोज २६ गते रोज २ शुभम्।

४. मुद्दाः वन अतिक्रमण।

भाग ५२	निर्णय नं. ८५२४	ने.का.प. २०६७	अङ्क १२
सर्वोच्च अदालत, संयुक्त इजलास			
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ माननीय न्यायाधीश श्री सुशीला कार्की			
संवत् २०६२ सालको फौ.पु.नं.३३२९			
फैसला मितिः २०६७।७।७।			

पुनरावेदक वादीः रेञ्जर राजेन्द्र सिंहको जाहेरी प्रतिवेदनले नेपाल सरकार

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः अर्घाखाँची जिल्ला, सिमलपानी गा.वि.स.वडा नं.१ बस्ने जंगबहादुर ठेडी मगर

शुरु फैसला गर्नेः

का.मु.जि.व. अधिकृत श्री हिरालालप्रसाद कुशवाह

पुनरावेदन अदालत बुटवल फैसला गर्नेः

मा.न्या. श्री प्रेम शर्मा

मा.न्या. श्री रामप्रसाद खनाल

पुनरावेदक वादी तर्फबाटः

प्रत्यर्थी प्रतिवादी तर्फबाटः

अवलम्बित नजीरः

सम्बद्ध कानूनः

न्याय प्रशासन ऐन, २०४८ को दफा १४(१)
अ.वं. २९(१)

- *मन्त्रीस्तरको निर्णयको आदेशबाट अधिकारक्षेत्र सिर्जना हुन नसक्ने।*

(प्रकरण नं.३)

- *मुद्दा चलाउने अधिकारी तथा मुद्दा हेर्ने निकाय समेत विधिसम्मत रुपमा हुनुपर्दछ नत्र जसलाई पनि जसले पनि अधिकारक्षेत्र बाहिर गै मुद्दा चलाए पनि हुने अवस्था रहने हुन्छ। अतः अधिकारक्षेत्र कानूनद्वारा नै स्थापित हुने यस्तो अवस्थामा मन्त्रीबाट भएको भनिएको निर्णयको आधारमा अधिकारक्षेत्र स्थापित हुन नसक्ने भएबाट उक्त मन्त्रीको आदेशबाट स्थापित अधिकारक्षेत्रको आधारमा निर्णय हुने कार्य समेत कानूनसम्मत नदेखिने।*

(प्रकरण नं.४)

फैसला

न्या.कल्याण श्रेष्ठः न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम पुनरावेदन अदालत बुटवलको मिति २०६२।३।२८ को फैसलाउपर वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन परी निर्णयार्थ पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

मिति २०५२।१।१४ गतेका दिन वनका कर्मचारीहरूका पूर्व कोठी नदी, पश्चिम पहाड ढिक, उत्तर कोठी नदी, दक्षिण जंगल यति चार किल्लाभित्रको वठेनी भन्ने ठाउँमा अन्दाजी एक कठ्ठा जति राष्ट्रिय वनजंगलमा अनियमित तरिकाबाट साना-साना झाडीहरू काटिरहेको अवस्थामा जंगबहादुर ठेडी मगरलाई पक्राउ गरिएको भन्ने मिति २०५२।१।१४ को प्रतिवेदन।

राष्ट्रिय वनजंगलमा स-साना पोथ्रा काटेको देखिन्छ तर जग्गा खनजोत गरेको देखिँदैन। जगबहादुरसँग कुनै प्रमाण भए नभएको थाहा छैन भनी वाणगंगा गा.वि.स.वडा नं.६ बस्ने कर्णबहादुर थापा समेतका जना पाँचले मिति २०५२।२।४ मा गरिदिएको एउटै मिलानको सर्जमिन मुचुल्का।

मैले मेरो घर नजीकै वठेनी भन्ने सरकारी वन क्षेत्रमा स-साना वुट्यान फाडेको हो तर उक्त ठाउँमा मैले आगो लगाएको होइन। पहिलेको जग्गा भन्दा एक कठ्ठा जति जग्गा बढाएको छु। मैले सरकारी जग्गा अतिक्रमण गरेकोले मलाई वन कर्मचारीले पक्राउ गरेको हुन् भन्ने इकाई वन कार्यालयमा र शुरु कार्यालयमा वन मुद्दा भएको हुँदा तारेखमा आइरहेको अवस्थामा वन कर्मचारी गस्ती टोलीले पक्राउ गरेको हो। मुद्दा परेको पुरानो जग्गा खनजोत गरेको छु। अरु हानि नोक्सानी गरेको छैन। पुरानो मुद्दा परेको जग्गा खनजोत गरेको छु। सोही बारेमा पक्राउ गरी ल्याएको हुनसक्छ भनी शुरु अदालतमा जगबहादुर ठेडी मगरले गरेको बयान।

पेश भएका सम्पूर्ण कागजात प्रतिवेदन साबित बयान सर्जमिनको बकाई समेतबाट निज जगबहादुर ठेडी मगरले वन ऐन, २०४९ अन्तर्गतको कसूर गरेको देखिँदा सोही ऐनको दफा ५० को उपदफा १ को खण्ड (क) बमोजिम निज जगबहादुर ठेडी मगरलाई रु.१०,०००।- जरीवाना र एक वर्ष कैदको सजाय गरिपाऊँ भनी मिति २०५२।२।७ मा जिल्ला वन कार्यालयमा मुद्दा दायर भएको।

साबिती बयान, सर्जमिनको किटानी लेखाई बकाई समेतबाट प्रतिवादी जंगबहादुर ठेडी मगरले वन ऐन, २०४९ को दफा ४९ को खण्ड (क) बमोजिम कसूर गरेको ठहर्छ। तसर्थ निजलाई सोही ऐनको दफा ५० को खण्ड (क) अनुसार रु.२,००१।- जरीवाना गर्ने र आवाद गरेको जग्गालाई राष्ट्रिय वनमा समावेश गर्ने भन्ने समेत शुरु जिल्ला वन कार्यालय कपिलवस्तुबाट मिति २०५२।२।२४ मा भएको निर्णय।

जिल्ला वन कार्यालय कपिलवस्तुबाट मलाई दण्ड जरीवाना कैद समेत गर्ने गरी जुन निर्णय भएको छ सो प्रत्यक्ष कानूनी त्रुटिपूर्ण छ। मैले कुन जिल्लाको कुन गा.वि.स. को के कति वडाभित्र पर्ने जग्गाको लकडी काटी जग्गा अतिक्रमण गरें भन्ने कुरा वादी पक्षले नै खुलाउन सकेका छैनन्। मलाई जुन जग्गाको वन अतिक्रमण गर्यो भनिएको छ सो जग्गा कपिलवस्तुको वाणगंगा गा.वि.स. मा नभै अर्घाखाँची जिल्ला सिमलपानी गा.वि.स.वडा नं.१ भित्र पर्दछ र उक्त मलाई आरोप लगाईएको जग्गा सरकारी वन क्षेत्रभित्रको जग्गा नभै मेरो आफ्नै जग्गा हो सो कुरा मैले बयान कै क्रममा पनि भनेकै छु र उक्त जग्गा मैले आवाद गुल्जार गरेको पूर्व ढिक पश्चिम वाणगंगाको ढिक उत्तर चिरञ्जिवी शेरचन दक्षिण कृष्णबहादुरकै बाँकी जग्गा यति चार किल्लाभित्रको छ (६) पाथी माटो भएको केवरापानी भन्ने खेत जग्गा मैले कृष्णबहादुर थापाबाट मिति २०४४।५।१६ मा अर्घाखाँची मालपोत कार्यालयबाट राजीनामा गराई लिएको चौकिल्लाभित्रको जग्गा आवाद कमोद गरेको हुँ। सो राजीनामाको जग्गा मलाई जग्गा अतिक्रमण गर्यो भन्ने प्रस्तुत मुद्दामा दायरी नं.११।७६ को मुद्दामा उल्लेख गरिएको जग्गा एउटै हो। सो कुरा मैले बयान गर्दा पनि भनिसकेको छु। उक्त जग्गा अर्घाखाँची जिल्ला सिमलपानी गा.वि.स.वडा नं.१ कि.नं.७९४ मा दर्ता जग्गा हो। सो कुरा मैले उल्लेख गर्दा-गर्दै पनि सरकारी वा व्यक्तिगत जग्गा हो अथवा अर्घाखाँची जिल्ला वा कपिलवस्तु जिल्लाको जग्गा हो भन्ने यकीन नै नगरी मलाई कसूरदार ठहराईएको छ। सरजमिन गर्दा पनि कपिलवस्तु जिल्ला वाणगंगा गा.वि.स.वडा नं.५ का मान्छेहरू राखिएको छ। यसरी म मेरो आफ्नो जग्गा आवाद गुल्जार गरी बसेकोमा सरकारी वन अतिक्रमण गरी बसेको भनी अन्दाजीका भरले दावी गरी दावी ठीक या बेठीक के

रहेछ भन्ने तर्फ ख्याल विचारै नगरी सिधै दावीलाई समर्थन गरी गरिएको निर्णय प्रत्यक्ष त्रुटिपूर्ण हुँदा उक्त कपिलवस्तु जिल्ला वन कार्यालयबाट मिति २०५२।२।२४ मा भएको त्रुटिपूर्ण फैसला बदर गरी मेरो पुनरावेदन जिकीरबमोजिम गरिपाऊँ भन्ने समेत व्यहोराको प्रतिवादी जंगबहादुर ठेडी मगरको तर्फबाट पुनरावेदन अदालत बुटवलमा गरेको पुनरावेदन पत्र।

विवादित जग्गा वन क्षेत्रको हो वा प्रतिवादी जिकीरबमोजिम निजले गराई लिएको राजीनामाभित्रको हो सोतर्फ कुनै सबुद नबुझी गरेको शुरुको फैसला फरक पर्न सक्ने देखिँदा अ.वं.२०२ नं. बमोजिम प्रत्यर्थी झिकाई पेश गर्नु भन्ने पुनरावेदन अदालत बुटवलको आदेश।

गाउको फौ.पु.नं.५३२ नं.को मुद्दामा भएको आदेशानुसारको कार्य सम्पन्न भएपछि प्रस्तुत मुद्दा समेत साथै राखी पेश गर्नु भन्ने पुनरावेदन अदालत बुटवलको आदेश।

यिनै पुनरावेदक प्रतिवादी पुनरावेदक भएको यसै मुद्दाको अन्तरप्रभावी फौ.पु.नं. ५३२ को मुद्दामा शुरु वन कार्यालय कपिलवस्तुको फैसला बदर भै दावीको जग्गामा सम्बन्धित जिल्ला अदालतमा गै आफ्नो हक कायम गराई ल्याउन भनी सुनाई दिने ठहराई आज यसै इजलासबाट फैसला भएकोले प्रस्तुत मुद्दामा शुरु वन कार्यालय कपिलवस्तुको फैसला बदर गरिदिएको छ। उक्त मुद्दामा निर्देश भएबमोजिम गरी प्रतिवादीले आफ्नो हक कायम गराई वा नगराई ल्याएका बखत ठहरेबमोजिम हुनेगरी कारवाही गर्नु भनी मिसिल उक्त कार्यालयमा पठाई दिनु भन्ने समेत व्यहोराको मिति २०५४।२।२१।३ को पुनरावेदन अदालत बुटवलको फैसला।

शुरु वन कार्यालय कपिलवस्तुको फैसला उल्टी गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०५४।२।२१ मा भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त त्रुटिपूर्ण फैसला बदर गरी शुरु फैसला कायम गरिपाऊँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

वन ऐन, २०४९ को दफा ४९ को खण्ड (क) को कसूरमा सोही ऐनको दफा ५० उपदफा १ को खण्ड (क) को सजायको माग दावी भएको प्रस्तुत मुद्दामा शुरु वन संरक्षण विशेष अदालतमा समेत कसूरमा साबित रहेको प्रतिवादीलाई लगाउको वन पैदावार हटाई वन अतिक्रमण गरेको भन्ने मुद्दामा भएको निर्णयाधारको आधारमा शुरुको फैसला बदर गरी हक बेहकमा सुनाउन भनी पुनरावेदन अदालतले निर्णय गरेको देखिँदा आरोपित अभियोग दावी अनुसार प्रतिवादीले कसूर गरेको हो होइन, दावीमा उल्लिखित जग्गा वन क्षेत्रको हो वा नम्वरी जग्गा के हो सबुद प्रमाण बुझि निरोपण गर्नुपर्नेमा शुरुको फैसला बदर गरी दावीको जग्गामा हक कायम गराई ल्याएका

बखत ठहरेबमोजिम हुने गरी कारवाही गर्नु भनी गरेको पुनरावेदन अदालत बुटवलको फैसला नमिली त्रुटिपूर्ण हुँदा अ.वं.२०२ नं. बमोजिम विपक्षीलाई छलफलको लागि झिकाई आएपछि नियमानुसार गरी पेश गर्नु भन्ने यस अदालतको मिति २०५९।१०।२४।६ को आदेश।

प्रतिवादीको जिकीरअनुसार प्रतिवादी जगबहादुर ठेडी मगरको जग्गा देखिएको अवस्थामा वादी दावीबमोजिम कसूर गरेको नठहरिने र प्रतिवादीको जग्गा नदेखिएको अवस्थामा वादी दावीबमोजिम कसूर गरेको ठहरिने गरी नेपाल सरकार वादी भै चलेको मुद्दामा हक बेहकको प्रश्न उपस्थित हुन नसक्नेमा न्याय प्रशासन ऐन, २०४८ को दफा १४(१) ले उक्त अधिकार पुनरावेदन अदालतलाई नै भएकोमा समेत हक बेहकमा जानु भनी मानिस र मिसिल शुरु वन कार्यालयमा पठाउने गरी पुनरावेदन अदालत बुटवलले गरेको ईन्साफ नमिलेको हुँदा उल्टी भै उपरोक्त कानूनी व्यवस्था अनुरूप दावीबमोजिम आफैले जे जो बुझ्नु पर्ने बुझी तहाँबाटै निर्णय गर्नु भन्ने समेत व्यहोराको यस अदालतबाट मिति २०६०।८।१ मा भएको फैसला।

मुद्दा हेर्ने क्षेत्राधिकार अर्घाखांची जिल्ला वन कार्यालयलाई भएको भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भैरहेको र श्री ५ को सरकार (मा.मन्त्रीस्तरबाट) २०४७।१२।७ मा भएको निर्णय अनुसार चुरेफेदीसम्मको मुद्दाको निर्णय दिने कार्य त्यस कार्यालयबाट गर्ने भनी अर्घाखाँचीलाई लेखिपठाएको देखिन्छ। मुद्दा हेर्न क्षेत्राधिकार अर्घाखाँची जिल्ला वन कार्यालयलाई भएको भन्ने कुरा मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भैरहेको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा वन फडानी गरेको भनेको वारदात मिति २०५२।१।१० देखिएको हुँदा र उक्त मन्त्रीस्तरीय निर्णय भन्दा पछिको सो निर्णय अनुसारको परिपत्र एवं निर्देशनले पनि क्षेत्राधिकारको अभावमा उक्त क्षेत्राधिकारबिहीन अधिकारीले गरेको अनुसन्धान तहकीकात अभियोजन तथा निर्णय समेत गैरकानूनी देखिँदा शुरु जिल्ला वन कार्यालय कपिलवस्तुको मिति २०५२।२।२४ को निर्णय बदर भै प्रस्तुत मुद्दा अनाधिकार क्षेत्राधिकार ग्रहण गरी भएको देखिदा खारेज हुने ठहर्छ भन्ने समेत व्यहोराको पुनरावेदन अदालत वुटवलको मिति २०६२।३।२८ को फैसला।

प्रतिवादी जगबहादुर ठेडी मगरले कपिलवस्तु जिल्ला अन्तर्गत पर्ने पूर्व कोठी नदी, पश्चिम पहाडको ढिक, उत्तर कोठी नदी, दक्षिण जंगलभित्र पर्ने वठेनी भन्ने राष्ट्रिय वनजंगलमा फडानी गरी करिव एक विगाह जग्गा अतिक्रमण गरेको कुरा मौकाको प्रतिवेदन, घटनास्थल मुचुल्का, प्रतिवादी जंगबहादुर ठेडी मगरले गरेको बयान लगायत मिसिल संलग्न प्रमाणहरूबाट खुल्न आएको अवस्था छ। प्रतिवादी जंगबहादुर मगरले अतिक्रमण गरी आवादी गरेको भनिएको जग्गा कपिलवस्तु जिल्ला अन्तर्गत नपरी अर्घाखाँची जिल्लाको सिमलपानी गा.वि.स.वडा नं.१

अन्तर्गत पर्ने भनी प्रतिवादीले जिकीर लिई उक्त जग्गा भाईसँगबाट खरीद गरी लिएको भनेपनि सो जग्गाको पूर्जा लगायतका आवश्यक कागजातहरू पेश गर्न सकेको अवस्था छैन। पुनरावेदन अदालत बुटवलको आदेशबमोजिम कपिलवस्तु जिल्ला अदालतबाट डिष्ठा अर्जुनकुमार सिंह समेतको डोर घटनास्थलमा खटी नापनक्सा गरेको देखिन्छ तापनि सो नापनक्सा मुचुल्कामा नापी कार्यालय वा वन कार्यालयका प्रतिनिधिको रोहवरमा नापनक्सा नभएको, प्रतिवादीले देखाएको स्थानलाई आधार मानी नक्सा बनाईएको सो नापनक्साले विवादित अर्घाखाँची जिल्लामा पर्ने भनी उल्लेख गर्न खोजे तापनि रित नपुगेको अधुरो नक्सालाई आधार मानी गरिएको फैसलामा गम्भीर कानूनी त्रुटि भएको हुँदा बदरभागी छ। प्रस्तुत मुद्दामा क्षेत्राधिकारको त्रुटि रहेको भनी वादी दावी नै खारेज गरिएको छ। विवादित जग्गा कपिलवस्तु जिल्ला अन्तर्गत पर्ने नभई अर्घाखाँची जिल्ला अन्तर्गत पर्ने नै देखिएता पनि वादी दावी नै खारेज गर्न मिल्ने अवस्था छैन। मुलुकी ऐन अ.वं.२९ नं.को देहाय ७ मा भएको व्यवस्थालाई हेर्दा अड्डाले बेइलाकाको फिराद पनि दर्ता गरी सम्बन्धित इलाकामा पठाउनु पर्ने, दर्ता गरिएपछि इलाका रहेको अड्डामा झगडियाको तारेख तोकी पठाउनु पर्ने र जुन अड्डाले हेर्नुपर्ने हो सो अड्डाले कानूनबमोजिम हेर्नु भनी लेखोटसाथ पठाउनु पर्ने कानूनी प्रावधान रहेकोमा कानूनको मर्म एवं भावना विपरीत मुद्दा खारेज गरी भएको फैसलामा कानूनी प्रश्नको मूल विषय भएको हुँदा त्रुटिपूर्ण छ। अतः उल्लिखित तथ्यगत जिकीर एवं मिसिल संलग्न प्रमाणहरूको न्यायिक मूल्याङ्कन गरी पुनरावेदन अदालत वुटवलबाट भएको फैसला बदर गरी वादी दावीबमोजिम प्रतिवादीलाई सजाय गरी पाउन सादर अनुरोध गरिएको छ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र।

वारदातसँग सम्बन्धित भूभाग समेतको अदालतबाट भै आएको २०५३।११।७ को नक्सा मुचुल्काबाट वन फडानी गरिएको भनी दावी गरिएको केही जग्गा कपिलवस्तु जिल्लाभित्र र केही जग्गा अर्घाखाँची जिल्लाभित्र पर्ने देखिन्छ। यसरी दुई जिल्लाको सिमानाभित्र पर्ने वन क्षेत्र फडानीको वारदात अर्कै जिल्लाभित्र परेको भन्ने र मन्त्रीस्तरीय निर्णयले कानूनद्वारा तोकिएको अधिकारक्षेत्रमा असर पार्न नसक्ने भएता पनि अधिकारक्षेत्र सम्बन्धमा मन्त्रीस्तरीय निर्णय समेतलाई आधार बनाई मुद्दा नै खारेज गर्ने गरेको पुनरावेदन अदालत बुटवलको फैसला कानूनी त्रुटिपूर्ण भै फरक पर्ने देखिएकोले अ.वं.२०२ नं.अनुसार प्रत्यर्थी झिकाई आए वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०६७।२।३० को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो।

२. अब पुनरावेदन अदालत बुटवलबाट भएको फैसला मिलेको छ छैन निर्णय दिनुपर्ने भै हेर्दा, मिति २०४४।५।१६ को र.नं.२१३ बाट पारित लिखतबमोजिम न.नं.१०, ११, १२, १३, १४ र १५ का जग्गाहरू समेत साबिक कि.नं.७९४ बाट आएका जग्गाहरू कृष्णबहादुर थापाबाट यी प्रतिवादीले प्राप्त गरेको देखिन्छ। मिति २०४४।११।७ को नक्सामा विरोध जनाएको अवस्था छैन। नक्साबाट विवादित जग्गा अर्घाखाँची जिल्लाको सिमलपाली गा.वि.स.वडा नं.१ अन्तर्गतको जग्गा भएको देखियो। २०४४।५।१६ को पारित लिखतबाट प्रतिवादीले हक प्राप्त भएको भनेकोमा सो लिखतउपर वादी पक्षको दावी समेत देखिँदैन। सो लिखत गैरकानूनी भए त्यस्तो लिखत बदर गर्न वा दर्ता भएको जग्गालाई अमान्य गर्न कारवाही गर्नुपर्नेमा सो समेत हुनसकेको देखिँदैन। २०५३।११।७ को नक्सामा विरोध नभएकोबाट नक्सामा सो विरोध भए मौकामा आपत्ति जनाउनु पर्नेमा सो विरोध समेत जनाएको अवस्था देखिँदैन। गैरकानूनी तरिकाले नक्सा गरेको भए कारवाही गर्न सक्नुपर्नेमा सो समेत गरेको देखिँदैन। शुरुमा नै उक्त नक्साका सम्बन्धमा कुरा नउठाई पुनरावेदन तहमा सो नक्साका सम्बन्धमा दावी विरोध गर्नुको औचित्य समेत रहन सक्ने हुँदैन। प्रस्तुत विवादका सम्बन्धमा नक्सा प्रकृतिबाट विवादित जग्गा कपिलवस्तु र अर्घाखाँचीअन्तर्गत परेको भनी विपक्षी झिकाउने आदेशमा उल्लेख भए पनि मिसिलबाट सो तथ्य समर्थित हुन सकेको देखिँदैन।

३. नक्सा प्रकृति एवं मिसिलबाट समेत विवादित जग्गा अर्घाखाँची जिल्ला अन्तर्गतको भएको देखिएपछि वन कार्यालय कपिलवस्तुबाट अर्घाखाँची जिल्लाको सिमलपानीको वन अतिक्रमणको सम्बन्धमा अधिकारक्षेत्र ग्रहण गरेको अवस्था देखिन्छ मिसिल संलग्न जिल्ला वन कार्यालय कपिलस्तुको मिति २०५५।३।१० को च.नं.३८७१ को पत्रबाट श्री ५ को सरकारको (मन्त्रीको) मिति २०४७।१२।७ को निर्णयअनुसार चुरे फेदीसम्मको मुद्दाको निर्णय दिने कार्य गर्न अर्घाखाँची जिल्ला वन कार्यालयलाई लेखी पठाएको देखिन्छ। त्यस्तो मन्त्रीस्तरको निर्णयको आदेशबाट अधिकारक्षेत्र सिर्जना हुन सक्ने हुँदैन। प्रस्तुत विवाद उत्पन्न भैसकेपछि विवादको छिनोफानो जिल्ला वन कार्यालय कपिलवस्तुले अधिकारक्षेत्र ग्रहण गरी मिति २०५२।२।२४ मा निर्णय गरेपश्चात् सोही मुद्दा तह-तह हुँदै यस अदालतसमक्ष आएकोमा यस अदालतबाट समेत न्याय प्रशासन ऐन, २०४८ को दफा १४(१) को अधिकार अन्तर्गत निर्णय गर्नका लागि पुनरावेदन अदालत बुटवलमा पठाएकोमा पुनरावेदन अदालत बुटवलबाट क्षेत्राधिकारको अभावमा उक्त जिल्ला वन कार्यालय कपिलवस्तुबाट मिति २०५२।२।२४ मा भएको निर्णय बदर गरी दिएपश्चात् नेपाल सरकारको उक्त पुनरावेदन अदालत बुटवलको फैसलाउपर पुनरावेदन परेको अवस्था विद्यमान छ। यस अदालतबाट मिति २०६७।२।३० मा भएको आदेशमा दावीको

जग्गा कपिलवस्तु जिल्लाभित्र र केही जग्गा अर्घाखाँची जिल्लाभित्र परेको भन्ने आधारबाट विपक्षी झिकाएको अवस्था देखिन्छ तर मिति २०५३।११।७ को नक्सा मुचुल्काबाट दावीका जग्गाहरू अर्घाखाँची जिल्लाभित्रको देखिएबाट समेत प्रस्तुत विवादमा क्षेत्राधिकारको प्रश्न नै सन्निहित देखिन आयो।

४. मुलुकी ऐन अ.बं.२९(१) नं.अनुसार जग्गा दपोट, तिरो दपोट र कुलो साँध बाटो निकास सन्धिसर्पनको मुद्दा र फिरादपत्रको रुपबाट जग्गा, घर वा ठाउँ जाँच्नुपर्ने देखिएको वा फिराद पत्रमा लेखिएको रुपले जग्गा, घर जाँच्नु नपर्ने देखी मुद्दा दायर भएकोमा प्रतिउत्तरका रुपबाट जग्गा वा घरै जाँची मात्र फैसला हुने देखिएको मुद्दामा सो घर जग्गाहरू रहेको ठाउँको इलाकाको अड्डाबाट हेर्नुपर्दछ भन्ने स्पष्ट कानूनी व्यवस्था भएको र नक्सा प्रकृतिबाट प्रस्तुत दावीको जग्गा अर्घाखाँची जिल्ला क्षेत्रभित्रको भै सो विवादमा अर्घाखाँची जिल्ला वन कार्यालयको क्षेत्राधिकार देखिन्छ। मुद्दा चलाउने अधिकारी तथा मुद्दा हेर्ने निकाय समेत विधिसम्मत रुपमा हुनुपर्दछ नत्र जसलाई पनि जसले पनि अधिकारक्षेत्र बाहिर गै मुद्दा चलाए पनि हुने अवस्था रहने हुन्छ। अतः अधिकारक्षेत्र कानूनद्वारा नै स्थापित हुने यस्तो अवस्थामा मन्त्रीबाट भएको भनिएको निर्णयको आधारमा अधिकारक्षेत्र स्थापित हुन नसक्ने भएबाट उक्त मन्त्रीको आदेशबाट स्थापित अधिकारक्षेत्रको आधारमा निर्णय हुने कार्य समेत कानूनसम्मत देखिन आउँदैन।

५. अतः अर्घाखाँची जिल्लाभित्रको जग्गा भएको भन्ने तथ्य भै आएको नक्सा मुचुल्काबाट समेत देखिएको स्थितिमा आफैले अधिकारक्षेत्र ग्रहण गरी निर्णय गरेको जिल्ला वन कार्यालय कपिलवस्तुको मिति २०५२।२।२४ को निर्णय अधिकारक्षेत्रको अभावमा त्रुटिपूर्ण समेत देखिँदा अधिकारक्षेत्रको अभाव भएको आधार लिई भएको पुनरावेदन अदालत बुटवलको मिति २०६२।३।२८ को फैसला कानूनसम्मत हुँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा म सहमत छु।

न्या.सुशीला कार्की

इति संवत् २०६७ साल कात्तिक ७ गते रोज १ शुभम्

५. मुद्दाः काठ चोरी निकासी।

भाग ५३	निर्णय नं. ८६२९	ने.का.प. २०६८	अङ्क ६
सर्वोच्च अदालत, पूर्ण इजलास			
माननीय न्यायाधीश श्री सुशीला कार्की माननीय न्यायाधीश श्री तर्कराज भट्ट माननीय न्यायाधीश श्री ज्ञानेन्द्रबहादुर कार्की			
फौ.पु.इ.नं. ०६७- CF- ००२४			
फैसला मितिः २०६८।३।३०।५			

पुनरावेदक वादीः रेञ्जर विजयकुमार गुप्ता समेतको प्रतिवेदनले नेपाल सरकार

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः जिल्ला रुपन्देही केरवानी गा.वि.स. वडा नं ६ बस्ने वेलबहादुर थापा मगर समेत

शुरु फैसला गर्नेः

मा.जि.न्या. श्री रामेश्वरनाथ अमात्य

पुनरावेदन फैसला गर्नेः

मा.न्या. श्री हरिबाबु भट्टराई

मा.न्या. श्री बमकुमार श्रेष्ठ

पुनरावेदक वादी तर्फबाटः विद्वान् नायव महान्यायाधिवक्ता श्री राजनारायण पाठक तथा विद्वान् उपन्यायाधिवक्ता श्री शंकरबहादुर राई

प्रत्यर्थी प्रतिवादी तर्फबाटः विद्वान् अधिवक्ता श्री मुकुन्दप्रसाद पौडेल

अवलम्बित नजीरः

अमान्य (Overrule) **भएको नजीरः**

नेकाप २०६६, अङ्क १०, नि.नं. ८२५४, पृष्ठ १७५१

सम्बद्ध कानूनः

अ.बं. १२४ नं.
सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ख)
वन ऐन, २०४९ को दफा ६६
लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १५ र १८

- *अवैध रुपमा वन पैदावर ओसार-पसार गर्ने कार्यमा सवारीधनी आफू संलग्न पनि नभएको वा अवैध वन पैदावर ओसार-पसार गर्ने निजको मनसाय पनि नभएको तथा आफ्नो सवारी साधन अवैध वन पैदावर ओसार-पसार गर्ने कार्यमा प्रयोग हुँदैछ भन्ने थाहा जानकारी पनि नभएको र त्यस्तो कार्यमा निजको अनुमति, मञ्जूरी वा सहमति रहेको पनि नदेखिएको अवस्थामा निजको सवारी साधन जफत हुनु न्याय वा औचित्य कुनै पनि दृष्टिबाट तर्कसंगत नहुने।*

  (प्रकरण नं.८)

- *कानूनको व्याख्या गर्दा सर्वप्रथम कानूनमा प्रयोग भएका शब्द वा शब्दावलीले दिने सामान्य अर्थ सुस्पष्ट, व्यावहारिक, विवेकसम्मत् र न्यायपूर्ण भएसम्म सोही अर्थ ग्रहण गर्नुपर्दछ भन्ने कानून व्याख्याको सामान्य सिद्धान्त रहेको छ। तर कानूनको शाब्दिक व्याख्या गर्दा त्यस्तो तर्कपूर्ण, विवेकसंगत, व्यावहारिक एवं न्यायपूर्ण अर्थ ननिस्कने भएमा शाब्दिक व्याख्याको नियमलाई अनुशरण गर्नु उपयुक्त नहुने।*

- *"कसूर गरेको ठहरिएमा" भन्ने वाक्यांशको आशय वन ऐनअन्तर्गत घटेको कसूर वा वारदातसँग बरामद भएको बोझबाहक साधनको धनीको कुनै तादम्यता नै रहनु नपर्ने भनी व्याख्या गर्न नमिल्ने।*

- *साधनधनी स्वयंको संलग्नतामा वा निजको सहमति, स्वीकृति, मञ्जूरी वा जानकारीमा वन ऐनअन्तर्गतको कसूरमा बोझबाहक साधनको प्रयोग भएको ठहरिएमा त्यस्तो साधन जफत हुनु कानूनसम्मत मात्र नभई न्यायोचित र विवेकसम्मत समेत हुने।*

  (प्रकरण नं.११)

फैसला

न्या. ज्ञानेन्द्रबहादुर कार्कीः यस अदालतको संयुक्त इजलासबाट पूर्व प्रतिपादित सिद्धान्तसँग सहमत हुन नसकेको भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ख) बमोजिम पूर्ण इजलासमा

पेश गर्ने गरी संयुक्त इजलासबाट भएको आदेशानुसार पेश हुनआएको प्रस्तुत मुद्दाको सँक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः-

मिति २०६०।४।२५ गते राति म १.०० बजेको समयमा प्राप्त सुराकअनुसार सुनवल ७ ज्यामिरे राजमार्ग ज्यामिरे गाउँभन्दा उत्तर, ज्यामिरे खोल्सी देखि दक्षिण, लोकेश्वर जाने बाटोभन्दा पूर्व ज्यामिरे आवादीदेखि पश्चिम यति चारकिल्लाभित्रको राष्ट्रिय वनमा सालका रुख ढाली टुक्रा बनाई ट्रेक्टरमा लोड गरी निकासी गर्न लाग्दा मद्दत जुटाई पक्राउ गर्न खोज्दा रातिको समय भएकोले ट्रेक्टरबाट गोलिया झार्दा झार्दै लु.१ त ५०१३ नं. को ट्रेक्टर तथा ट्रेक्टरमा लोड भएको कैंयौ सालको गोलिया बरामद गरियो। उक्त ट्रेक्टरमा लोड भएको कैयौं साल काठ चोरी निकासी गराउने काममा सुराकीको काम गर्ने जिल्ला रुपन्देही केरवानी ६ वस्ने रोकाबहादुर थापा मगर १ र निजले सुराकीको कार्यको लागि प्रयोग गरेको हिरो होन्डा स्प्लेन्डर लु.२ प. २६१ नं. को मोटरसाइकल, समेत घटनास्थलमा बरामद गरियो। हामीसँग हतियार नभएकोले रातिको समयमा अन्य अभियुक्तहरूलाई पक्राउ गर्न नसकिएको, पक्राउ परेका मानिस दशी प्रमाण, घटनास्थलका बरामदी मुचुल्का, दशी प्रमाणको भरपाई समेत यसै प्रतिवेदन साथ संलग्न राखी वन ऐन नियमअनुसार कारवाहीको लागि संयुक्त प्रतिवेदन पेश गरेका छौं भनी सुनवल रे.पो.का रेञ्जर विजयकुमार गुप्ता समेत जना ११ ले वर्दघाट इलाका वन कार्यालयमा मिति २०६०।४।२६ गते पेश गरेको प्रतिवेदन।

मिति २०६०।४।२५ गते राति अं.१.०० बजे घटनास्थलमा ट्रेक्टर, काठ, मोटरसाइकल र मानिस जवान १ पक्राउ भई बरामद भएको बरामदी मुचुल्का।

बरामदी ट्रेक्टर, काठ मोटरसाइकल समेत सशस्त्र वन सुरक्षा क्याम्प वर्डरा नवलपरासीको रे.ह. गणेशबहादुर तामाङ्गले आफ्नो जिम्मा जमानीमा लिएको भरपाई कागज।

तपाई समेतका कर्मचारीले मिति २०६०।४।२५ गते राति टुर गस्ती गर्दै जांदा सुनवलस्थित ज्यामिरे उत्तरतर्फको राष्ट्रिय वनमा साल काठ ट्रेक्टर, टाली र मोटरसाइकल सहित जिल्ला रुपन्देही केरवानी ६ बस्ने वेलबहादुर थापा मगरलाई पक्राउ गरी यस कार्यालयमा पेश गर्नु भएको द.नं. १८० को प्रतिवेदन सहितको कागजातहरू यसैसाथ छ। व्यहोरा सोही कागजातबाट अवगत गरी अनुसन्धान तहकीकात गरी वन ऐन नियमानुसार मुद्दा दायर गर्नु भन्ने वर्दघाट इलाका वन कार्यालय नवलपरासीको मिति २०६०।४।२६ को पत्रानुसार सुनवल रे. पोष्टका रेञ्जर विजयकुमारलाई लेखेको पत्र।

उक्त राति घटनास्थलमा पक्राउ भएका वेलबहादुर थापा मगरसँग मिति २०६०।४।२६ गते

बयान गराउदा तेजु भन्ने बाहुनले मलाई रु.५००।- दिन्छु। नवलपरासी सुनवल ७ ज्यामिरेको वन जंगलमा इन्द्रबहादुर थापा मगरको लु.१.त ५०१३ नं. को ट्रेक्टर टाली काठ लिन गएको छ भन्ने कुरा तेजुले भनेको, उक्त नवलपरासीको जंगलमा सो ट्रेक्टरमा लोड काठ चोरी निकासी कार्यमा मेरो मोटरसाइकलमा तेजु बसी साथमा ज्यामिरे नवलपरासीमा आएको र मोटरसाइकलमा ओहर दोहर गरी आएका थिए। सो स्थानमा अर्को मानिस हरि कुँवर र भीम भन्ने बाहुन समेत जना २ पनि उक्त ट्रेक्टरको काठ चोरी निकासी गर्ने गराउने काममा त्यस ठाउँमा बसेका थिए। म बेलबहादुर थापा मगर र तेजु मोटरसाइकलमा ओहोर दोहोर गरी उक्त ट्रेक्टरको काठ चोरी निकासी गर्ने कार्यमा थियौं। वन कर्मचारीहरूदेखि तेजु हामफाली भागी गएर म बेलबहादुर थापा मगर पक्राउमा परें भन्ने कुरा निजले जि.वन कार्यालय न.प.मा गरेको बयान।

तेजु शर्मा मेरो घरमा आई तेजबहादुर थापाको लु.१त ५०१३ नं. को ट्रेक्टर टालीमा नवलपरासी ज्यामिरेको जंगलबाट साल काठ ट्रेक्टरमा ल्याउनु छ रु.५००।- दिन्छु भनी निजले भनेकोले नवलपरासी ज्यामिरे जंगलमा काठ चोरी निकासी गर्ने काममा उक्त मितिको राति आएको थिएँ। उक्त रातीमा हरि कुँवर पनि सोही ठाउँमा उक्त ट्रेक्टरबाट काठ चोरी निकासी गर्ने कार्यमा बसेको थियो। वन कर्मचारी देखी म भीम पाण्डे र हरि कुँवर समेत भागेका थियौ। काठ काट्ने मानिसको नाम थर भने तेजु शर्मालाई नै थाहा होला र उक्त ट्रेक्टरबाट काठ चोरी निकासी भई रुपन्देही छोडकी रामनगर २ स्थित स-मिल मोति कुँवर कहाँ जानेवाला थियौं भन्ने तेजुले मलाई भनेकोले थाहा पाएको हुँ भन्ने समेत व्यहोराको मिति २०६०।४।२८ मा प्र. भीम पाण्डेले जिल्ला वन कार्यालय, न.प.मा गरेको बयान।

मिति २०६०।४।२५ गते राति नवलपरासी ज्यामिरेको वन जंगलबाट साल काठ चोरी निकासी गर्नुछ ट्रेक्टर टाली दिनुस भनी तेजु शर्माले भनेकोले एक ट्रिप काठ बोक्न रु.२५००।- मा भाडा कबुल गराई मेरो लु.१ त ५०१३ को ट्रेक्टर चालक चित्रबहादुर बि.क. लाई भनी पठाएको थिएँ। अर्को दिन मिति २०६०।४।२६ गते मेरो ट्रेक्टर चालक बिहान घर आई ट्रेक्टर र काठ नवलपरासी ज्यामिरेको जंगलमा पक्राउ भयो। म भागी आएको भनी निज चित्रबहादुर बि.क.ले भनेको , काठ कसले काट्यो मलाई थाहा छैन। काठ कटाउने तेजु शर्माले हो। निजलाई नै काट्ने मानिस थाहा होला। काठ कहाँ जाने कुरा मलाई तेजु शर्माले नभनेकोले थाहा छैन भन्ने समेत व्यहोराको प्र.इन्द्रबहादुर थापाले मिति २०६०।४।२९ मा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिति २०६०।४।२५ गते राति अं. १.०० बजेको समयमा सुनवल ७ ज्यामिरे गाउँ राजमार्गको उत्तर जंगलमा ट्रेक्टर टालीबाट काठ चोरी निकासी गरेको अवस्थामा वन कर्मचारीहरू ट्रेक्टरलाई पिच्छा गर्दै जाँदा ट्रेक्टर चालक र अन्य मानिस भागी गएका लु.१ त ५०१३ नं. को ट्रेक्टर काठ बेलबहादुर थापा मगर १ र लु २ प २६१ नं. को हिरो होण्डा स्पेलेन्डर मोटरसाइकल समेत फेला पारी बरामद भएको अन्य को को थिए सो वारेमा पक्राउ परेका मानिसहरूबाट सोधेमा थाहा हुन्छ। काठ कहाँ जानेवाला थियो सो बारेमा मलाई थाहा छैन। यस बारेमा पक्राउमा परेका व्यक्तिहरूसँग सोधेमा थाहा हुनेछ भन्ने समेत व्यहोराको सुनवल ७ ज्यामिरे गाउँ बस्ने उदय गुरुङ्गले मिति २०६०।५।२९ गते व्यहोरा उल्लेख गरेको तथा अन्य सरजमिनका मानिसहरूले पनि एउटै किसिमको व्यहोरा उल्लेख गरेको सर्जमिन मुचुल्का।

मिति २०६०।४।२५ गतेको राति भीम पाण्डे, इन्द्रबहादुर थापा मगर, तेजु शर्मा, हरि कुँवर, ट्रेक्टर चालक चित्रबहादुर बि.क., तेजबहादुर थापा र मोतिबहादुर समेतको मिलोमतो र सहभागितामा अवैध रुपमा राष्ट्रिय वन जंगलबाट साल काठ ट्रेक्टरमा लोड गरी चोरी निकासी गर्दै गरेको अवस्थामा प्रतिवादीहरू पक्राउ भएका र अन्य जना ५ फरार भएका ट्रेक्टर काठ र मोटरसाइकल समेत बरामद गरिएको देखि रहेको र उक्त कार्यमा प्र.वेलबहादुर थापा मगरले उल्लिखित कसूरदारलाई प्रोत्साहन दिने र मिलोमतो काम गरेको देखिँदा प्रतिवादी भीम पाण्डे, इन्द्रबहादुर थापा, मोतिबहादुर क्षेत्री समेतले गरेको उल्लिखित कार्य वन ऐन २०४९ को दफा ४९ को देहाय (घ) र (ङ) को कसूर गरेको पुष्टि हुँदा निजहरू जना ७ लाई सोही ऐनको दफा ५०(१)(घ) को देहाय (४) बमोजिम बरामद साल काठ थान ६ को ६०.३२ क्यु फीटको विगो रु.१२०६४।- नोक्सानी समेत गरेबापत कारवाही एवं सजाय गरिपाउन, प्रतिवादीमध्येको वेलबहादुर थापा मगरलाई ऐ ऐनको दफा ५४ बमोजिम सजाय हुन, बरामद काठ साल ६०.३२ क्यू फीट ऐ. ऐनको दफा ५०(१)(घ) बमोजिम जफत गरिपाउन तथा बरामद लु.१ त ५०१३ नं. को ट्रेक्टर उक्त काठ ओसार-पसार गरेको ट्रेक्टरको हकमा रु.१०,०००।- भन्दा बढी विगो भएको सोही ऐनको दफा ६६ अनुसार जफत गरी पाउनका लागि प्र.वेलबहादुर, इन्द्रबहादुर र भीम पाण्डे समेतलाई यसै साथ पेश गरेको, फरार तेजु शर्मा, हरि कुँवर, चित्रबहादुर, तेजबहादुर, मोतिबहादुरलाई आदलतबाटै म्याद जारी गरी वन ऐन, २०४९ को दफा ४९ को (घ) र (ङ) को कसूरमा सोही ऐनको दफा ५०(१) (घ) (४) बमोजिम सजाय गरी पाउन अनुरोध छ भन्ने समेत व्यहोराको अभियोगपत्र।

मिति २०६०।४।२५ गते राति ८।९ बजेतिर म खैरेनीमा नास्ता खाएर घर जादै गर्दा बाटोमा वन कर्मचारीले पक्राउ गरी ल्याएका हुन् किन पक्राउ गरे मलाई थाहा भएन। त्यहाँबाट पक्राउ

गरी वनतिर लगि कुटपीट गरेका हुन। पछि बनबाट काठ चोरी ल्याएको भनी भनेका हुन्। सो चोरी कार्य गरेको होइन। मैले दावी अनुसार कुनै कसूर अपराध गरेको नहूँदा झूठा दावीबाट फुर्सद पाऊँ भन्ने प्र.बेलबहादुर थापाले शुरु अदालतमा गरेको बयान।

२०६०।४।२५ गते दिन रात म बुटवल जेठानको घरमा बसेको थिएँ। चित्रबहादुरलाई ट्रेक्टर लिएर ढुङ्गा लिन पठाएको थिएँ। चित्रबहादुर मेरो ड्राइभर हो। उसले के कसो गरेको कुरा मलाई थाहा भएन। मैले वन पैदावार चोरी निकासी गरे गराएको होइन। मेरो उपरको दावी झूठा हो। झूठा दावीबाट फुर्सद पाऊँ भन्ने समेत व्यहोराको प्र.इन्द्रबहादुर थापाले शुरु अदालतमा गरेको बयान।

मिति २०६०।४।२५ गते दिन रात म मेरै घरमा थिएँ। साँझ खैरेनी भन्ने ठाउँमा हरि कुँवर र वेलबहादुरसंग साढे ७ बजेतिर भेट भई मोटरसाइकलबाट त्यहीं साथीहरू छोडेर घर गएको हुँ। मलाई खैरेनी चौराहाबाट चिया दुकान र साहूको पसलबाट पक्राउ गरी ल्याएका हुन्। म सो दिन मेरै घरमा थिएँ। काठ चोरी निकासी गर्ने क्रममा म संलग्न छैन। घटना घटे नघटेको कुरा मलाई थाहा भएन। म निर्दोष हुनाले मेरा उपरको दावी झूठा हो। झूठा दावीबाट अलग फुर्सद पाउँ भन्ने समेत व्यहोराको प्र.भीम पाण्डेले शुरु अदालतमा गरेको बयान।

मिति २०६०।४।२५ गतेका राति अं. १ बजेको समयमा म बृद्ध अवस्थाको मानिस हुँदा उक्त मिति र समयमा म घरमा नै सुतेको थिएँ। मेरा नाउँको लु. १ त ५०१३ नं. को ट्रेक्टरबाट मेरो समेत संलग्नतामा काठ चोरी गरे गराएको समेत होइन। मेरा उपरको दावी झूठा हुनाले झूठा दावीबाट फुर्सद पाउँ भन्ने समेत व्यहोराको प्र.तेजबहादुर थापाले शुरु अदालतमा गरेको बयान।

प्रतिवादी तेजु शर्मा, हरि कुँवर, चित्रबहादुर र मोतिबहादुर म्यादमा हाजिर नभई गुजारी बसेको।

आदेशानुसार बरामदी मुचुल्काको निर्जला अर्याल, गोपाल रायमाझी, प्र. तेजबहादुरको साक्षी शेरबहादुर, बेलबहादुरको साक्षी कृष्णप्रसादशर्माको बकपत्र भई मिसिल संलग्न रहेको।

प्रतिवादीहरूको अदालतमा भएको ईन्कारी बयान, निजहरूको अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयान स्वतन्त्र रुपमा कसूर गरेकोमा पुष्टि हुन नसकेको अवस्था तथा वादीका साक्षीहरूको वकपत्र भनाई समेतबाट प्रतिवादीहरू बेलबहादुर थापा मगर, भीम पाण्डे, तेजु शर्मा, हरि कुँवर, मोतीबहादुर, ट्याक्टर धनी तेजबहादुर तथा इन्द्रबहादुरले अभियोग माग दावीबाट सफाइ पाउने र प्रतिवादी भीम पाण्डेले तारेख गुजारेको देखिदा निजको धरौट जफत हुने तथा काठ र ट्रेक्टरबाट बरामद भएको र सो ट्रेक्टर चालक चित्रबहादुरले हाँकेको मिसिल संलग्न प्रमाणबाट

पुष्टि हुन आएको र निज चालक चित्रबहादुर फरार रहेको र आफ्नो निर्दोषिताको कुनै प्रमाण पनि पेश गर्न नसकेको कारण निज चालक चित्रबहादुरलाई वन ऐन २०४९ को दफा ५०(१) (घ) को देहाय ४ अनुसार विगोको दोब्बर जरीवाना गरी १ महिना कैद समेत हुने ठहर्छ भन्ने समेत व्यहोराको शुरु जिल्ला अदालतको मिति २०६२।२।१२ को फैसला।

प्रतिवादी वेलबहादुर थापा मगर र भीम पाण्डेको अधिकारप्राप्त अधिकारी समक्षको साविती बयान, प्र. बेलबहादुर काठ बरामदी मुचुल्कामा रोहवरमा बसेका, बुझिएका गोपाल रायमाझीले अदालतमा आई गरेको बकपत्रको वास्तै नगरी प्रतिवादी तेजु शर्मा, हरि कुँवर, मोतिबहादुर राना अदालतबाट जारी भएको म्यादमा हाजिरै नभई बसेका र निजहरू उपर प्र. बेलबहादुर समेतले वारदातमा सहभागी भएको भनी उल्लेख गरेको बयान कागज, प्र. इन्द्रबहादुरले प्र. चित्रबहादुरलाई काठ लिन भनी आफ्नो ट्याक्टर सहित पठाएको भनी अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयानको पनि विचारै नगरी फरार चित्रबहादुर बि.क.लाई अभियोग माग दावीबमोजिम सजाय नगरी र वन ऐन २०४९ को दफा ६६ को पनि विचारै नगरी भएको शुरु फैसला त्रुटिपूर्ण हुँदा सच्याई इन्साफ दिलाई पाउँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन पत्र।

यसमा प्रतिवादी इन्द्रबहादुरको बयानको आधारमा फरारी प्रतिवादी चित्रबहादुरलाई सजाय भएको तथा अनुसन्धान अधिकारी समक्ष कसूर स्वीकार गर्नेलाई समेत सफाइ दिएको तथा अवैध काठ ओसार-पसार गर्ने ट्याक्टर जफत नगरेको शुरुको फैसला नमिली फरक पर्न सक्ने देखिदा छलफलको लागि प्रत्यर्थी झिकाई पेश गर्नु भन्ने पुनरावेदन अदालतको मिति २०६२।९।१७ गतेको आदेश।

यसमा प्रतिवादी भीम पाण्डे र इन्द्रबहादुर थापा समेतले कसूर गरेको ठहर गर्नु पर्नेमा सो नगरेको हदसम्म नवलपरासी जिल्ला अदालतबाट मिति २०६२।२।१२ मा भएको फैसला केही उल्टी भई निज प्रतिवादी भीम पाण्डे र इन्द्रबहादुर थापालाई समेत वन ऐन २०४९ को दफा ५०(१) (घ), (४) बमोजिम विगोको दोब्बर जरीवाना हुने ठहर्छ।सो वाहेक अन्य कुरामा शुरुको फैसला मिलेकै देखिदा वादीको पुनरावेदन जिकीर पुग्न सक्दैन भन्ने पुनरावेदन अदालत बुटवलको फैसला।

प्रतिवादी तेजबहादुर थापा आफू उपरको कसूर स्वीकार गरी अदालतको म्यादमा समेत हाजिर नभई बसेको अवस्थामा निजलाई अभियोग दावीबाट सफाइ दिने गरी र वन ऐन २०४९ को दफा ६६ मा विगो रु.१०,०००।- भन्दा बढी मोलपर्ने अवैध वन पैदावार ओसार-पसार गर्न प्रयोग भएको सवारी साधन जफत गर्नुपर्छ भन्ने प्रष्ट कानूनी व्यवस्था भएकोमा अवैध काठ ल्याउन

प्रयोग भएको ट्याक्टर जफत नगरी पुनरावेदन अदालत बुटवलबाट भएको फैसला सो हदसम्म त्रुटिपूर्ण भएको हुँदा बदर गरी प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम सजाय गरी बोझ बाहक ट्याक्टर समेत जफत गरिपाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन पत्र।

यसमा मुलुकी ऐन अ.वं. १२४ नं. ले तारिख गुजारी बसेका प्रतिवादीको धरौटी जफत नगरेको र अवैध काठ ढुवानी गर्ने ट्रक जफत नगर्ने गरेको तथा फरार रहेका प्रतिवादीहरूलाई समेत सफाइ दिने गरी भएको पुनरावेदन अदालत बुटवलको मिति ०६३।८।२३ को फैसला फरक पर्न सक्ने देखिंदा प्रत्यर्थी झिकाउनु भन्ने यस अदालतको आदेश।

यसमा प्रतिवादी भीम पाण्डे र इन्द्रबहादुरलाई फैसलाको ठहर खण्डमा विगोको दोब्बर जरीवाना हुने उल्लेख गरी तपसील खण्डमा विगो रु.१२०६४।मात्र जरीवाना गर्ने उल्लेख भएको नमिलेको भन्ने पुनरावेदन जिकीरतर्फ विचार गर्दा प्रतिवादीहरूले ६०.३२ क्यु. फीटको विगो रु.१२०६४। नोक्सानी गरेको भन्ने अभियोग दावीबाट देखिन्छ। यी प्रतिवादीहरू मध्ये इन्द्रबहादुरले अदालतसमक्ष बयान गर्दा कसूरमा इन्कार रहेको भए पनि निजले काठ ओसार्न प्रयोग गरेको ट्रेक्टर चित्रबहादुरले हाँकी लगेको भन्ने तथ्यलाई स्वीकार गरेको देखिन्छ। अर्का प्रतिवादी भीम पाण्डेले पनि अदालतसमक्षको आफ्नो बयानमा कसूरमा इन्कार रहेको देखिन्छ। तर निजले अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारी समक्ष गरेको बयानमा चोरीको अवैध काठ ट्याक्टरमा लोड गरेको र वन कर्मचारीले देखेपछि भागेको भन्ने तथ्यलाई भने स्वीकार गरेको देखिन्छ। निजले उक्त व्यहोरा आफ्नो इच्छाविपरीत जवरजस्ती भन्न लगाएको भन्ने जिकीर पनि नलिएको र त्यस्तो तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको अवस्था पनि देखिंदैन। यस स्थितिमा यी प्रतिवादीहरूलाई कसूरदार कायम गरी विगोको दोब्बर जरीवाना गरी दुवै प्रतिवादीलाई आधा आधा जरीवाना असूलउपर गर्ने भनी गरेको पुनरावेदन अदालत बुटवलको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन।

प्रतिवादी भीम पाण्डेको हकमा निजले शुरुमा तारिख गुजारेको अवस्थामा पूरै धरौटी जफत गर्नु पर्नेमा धरौटीबाट लागेको जरीवाना कट्टा गरेको पुनरावेदन अदालतको फैसला मिलेको छैन भन्ने पुनरावेदन जिकीर सम्वन्धमा विचार गर्दा यी प्रतिवादीलाई शुरु जिल्ला अदालतवाट १५,०००।- धरौट माग गर्ने गरी मिति ०६०।५।१२ मा आदेश भएबमोजिम निजले धरौटी दाखिला गरी अदालतबाट तोकिएको समय र स्थानमा उपस्थित नभएमा उक्त धरौटी रकम जफत भएमा मञ्जूर छ भनी अ.वं. १२४क नं. बमोजिम कागज गरेको मिसिलबाट देखिन्छ। निजले शुरु नवलपरासी जिल्ला अदालतबाट मिति ०६०।७।२५ मा तोकी पाएको तारिख गुजारी बसेको

मिसिलबाट देखिएको अवस्थामा निजले राखेको धरौटी अ.वं. १२४ नं. बमोजिम पूरै जफत गर्नु पर्नेमा सो नगरी निजलाई लागेको जरीवाना कट्टा गरी रु.३,३८६।- मात्र जफत गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म नमिलेको हुँदा केही उल्टी हुने ठहर्छ।

जहाँसम्म वन ऐन २०४९ को दफा ६६ बमोजिम दश हजारभन्दा बढी मोल पर्ने अवैध वन पैदावार ओसार-पसार गर्न प्रयोग भएको वोझ वाहक सवारी साधन जफत गर्नु पर्नेमा सो नगरेको हदसम्म पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण छ भन्ने पुनरावेदन जिकीर छ सो सम्वन्धमा विचार गर्दा पक्राउ परेको अवैध काठको साथमा लु.१ त ५०१३ नं. को ट्रेक्टर समेत बरामद भएको भन्नेमा विवाद देखिंदैन। उक्त ट्रेक्टर प्रतिवादी तेजबहादुरको नाउँमा दर्ता भएको भन्ने देखिन्छ। सो ट्रेक्टर, ट्रेक्टर धनी प्रतिवादी तेजबहादुरको मञ्जूरी तथा सहमतिले अवैध काठ ओसार-पसार गर्नमा प्रयोग भएको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिंदैन। अर्कोतर्फ यी सवारीधनी तेजबहादुरले आरोपित कसूर गरेको मिसिल संलग्न सबूद प्रमाणबाट पुष्टि नभएको भनी निजले वादी दावीबाट सफाइ पाएको अवस्था समेत रहेको छ। कुनै पनि व्यक्तिको सम्पत्ति निजको मञ्जूरी विना वा निजलाई थाहा जानकारी नदिई वा एउटा प्रयोजनको लागि भनी लगेर अर्कै प्रयोजनको लागि कसैले प्रयोग गर्दछ भने त्यस्तो सम्पत्तिको धनीलाई आफ्नो सम्पत्तिवाट बञ्चित गर्ने गरी निर्णय गर्नु न्यायोचित देखिंदैन। यसरी सवारीधनीको जानकारी र अनुमति बिना नै ट्रेक्टर अवैध काठ ओसार-पसार गर्नमा प्रयोग भएको र यी ट्रेक्टरधनीउपर लागेको अवैध काठ ओसार-पसार गरेको भन्ने अभियोग प्रमाणित नभएको अवस्थामा निजको सवारी साधन जफत हुनुपर्छ भन्ने वादीको पुनरावेदन जिकीर मनासिव देखिएन।

विद्वान् उपन्यायाधिवक्ताले बहसको क्रममा पेश गर्नु भएको पुनरावेदक वादी नेपाल सरकार विरुद्ध ताराप्रसाद देवकोटा समेत प्रत्यर्थी भएको (नेकाप २०६६, नि.नं.८२५४) मुद्दामा वन पैदावार ओसार-पसार गर्ने कसूरजन्य अपराधमा साधन प्रयोग हुनु नै कसूर हो। सवारी साधनको मालिकको मञ्जूरी होस् वा नहोस् त्यस्तो कार्यमा प्रयोग गरिएको कार्य नै कसूर स्थापित हुने तथ्य नै पर्याप्त हुन्छ भनी सवारीधनीको मञ्जूरी र सहमति विना पनि अवैध काठ ओसार-पसारमा सवारी साधन प्रयोग हुनु नै सो सवारी साधन जफत गर्न पर्याप्त आधार हुने भनी सवारी साधन जफत गर्ने यस अदालतको संयुक्त इजलासबाट मिति ०६६।६।२६ मा प्रतिपादित सिद्धान्तसँग यो इजलास सहमत हुन सकेन। तसर्थ, सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३ (१) (ख) अनुसार प्रस्तुत मुद्दा पूर्ण इजलाससमक्ष पेश गर्नु भन्ने यस अदालतको संयुक्त इजलासबाट मिति २०६७।१०।४ मा भएको आदेश।

नियमबमोजिम पेसी सूचीमा चढी पेश हुनआएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको सम्पूर्ण मिसिल अध्ययन गरियो।

पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् नायव महान्यायाधिवक्ता श्री राजनारायण पाठक तथा विद्वान् उपन्यायाधिवक्ता श्री शंकरबहादुर राईले पुनरावेदक वादी नेपाल सरकार विरुद्ध ताराप्रसाद देवकोटा समेत प्रत्यर्थी प्रतिवादी भएको मुद्दा (नेकाप २०६६ नि.नं.८२५४) मा अवैध रुपमा वन पैदावार ओसार-पसार गर्ने कसूरजन्य कार्यमा सवारी साधन प्रयोग हुनु नै कसूर हो। सवारी साधनको मालिकको मञ्जूरी होस् वा नहोस् त्यस्तो कार्यमा सवारी साधन प्रयोग भएको तथ्य स्थापित हुनु नै त्यस्तो सवारी जफत हुने आधार बन्दछ भनी प्रतिपादित सिद्धान्त वन ऐन, २०४९ को दफा ६६ को शब्द र भावनाअनुकूल रहेको हुँदा उक्त सिद्धान्त सदर कायम हुनुपर्दछ भनी बहस गर्नुभयो। प्रत्यर्थी प्रतिवादी बेलबहादुर थापा मगर र तेजबहादुर थापाका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री मुकुन्दप्रसाद पौडेलले सवारीधनीको संलग्नता वा निजको सहमति, जानकारी वा मञ्जूरी समेत केही नभएको अवस्थामा जुनसुकै तबरबाट अवैध वन पैदावर ओसार-पसार गर्ने कार्यमा प्रयोग हुन पुगेको सवारी साधन स्वतः जफत हुने भनी पुनरावेदक वादी नेपाल सरकार विरुद्ध ताराप्रसाद देवकोटा समेत प्रत्यर्थी प्रतिवादी भएको मुद्दामा प्रतिपादित सिद्धान्त न्यायपूर्ण छैन भनी बहस गर्नुभयो।

यसमा प्रतिवादीहरू भीम पाण्डे, इन्द्रबहादुर थापा मगर, तेजु शर्मा, हरि कुँवर, चित्रबहादुर वि.क., तेजबहादुर थापा र मोतिबहादुर क्षेत्रीलाई वन ऐन, २०४९ को दफा ४९ को देहाय (घ) र (ङ) को कसूरमा ऐ.को दफा ५०(१)(घ) को देहाय (४) बमोजिम र प्रतिवादी बेलबहादुर थापा मगरलाई उक्त ऐनको दफा ५४ बमोजिम सजाय गरी बरामद भएको लु.१ त ५०१३ नं. को ट्र्याक्टरसमेत ऐ. ऐनको दफा ६६ बमोजिम जफत गरिपाऊँ भन्ने अभियोग मागदावी रहेकोमा शुरु नवलपरासी जिल्ला अदालतबाट प्रतिवादीहरू बेलबहादुर थापा मगर, भीम पाण्डे, तेजु शर्मा, हरि कुँवर, मोतिबहादुर क्षेत्री, तेजबहादुर थापा र इन्द्रबहादुर थापालाई अभियोग मागदावीबाट सफाइ दिने र प्रतिवादी चित्रबहादुर वि.क. लाई अभियोग मागदावीबमोजिम वन ऐन, २०४९ को दफा ५०(१)(घ) को देहाय (४) बमोजिम सजाय गरी तारेख गुजार्ने प्रतिवादी भीम पाण्डेले राखेको धरौटसमेत जफत गर्ने गरी मिति २०६२।२।१२ मा फैसला भएको देखिन्छ।

शुरु नवलपरासी जिल्ला अदालतको उक्त फैसलाउपर वादी नेपाल सरकारको पुनरावेदन परेकोमा पुनरावेदन अदालत बुटवलबाट प्रतिवादी भीम पाण्डे र इन्द्रबहादुर थापालाई अभियोग माग दावीबमोजिम कसूरदार ठहर गर्नुपर्नेमा नगरेको हदसम्म शुरु फैसला केही उल्टी गरी निज

प्रतिवादीहरू भीम पाण्डे र इन्द्रबहादुर थापालाई वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम विगोको दोब्बर जरीवाना गर्ने र सोबाहेक बरामद ट्र्याक्टर जफत नगर्नेलगायतको शुरु फैसला सदर गर्ने ठहर गरी मिति २०६३।८।३ मा फैसला भएको देखिन्छ।

२. पुनरावेदन अदालत बुटवलको उक्त फैसलामा प्रतिवादी भीम पाण्डे र इन्द्रबहादुर थापालाई विगोको दोब्बर जरीवाना गर्ने भनी ठहर खण्डमा उल्लेख गरे पनि तपसील खण्डमा सो नगरेको र प्रतिवादी भीम पाण्डेले तारेख गुजारेतर्फ धरौट रकम पूरै जफत गर्नुपर्नेमा सो जफत नगरी जरीवाना कट्टा गरेको तथा अवैध काठ ओसार-पसार गर्न प्रयोग गरेको सवारी साधन जफत नगरेको समेत मिलेको छैन भनी वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा प्रस्तुत पुनरावेदन दायर भएको र निर्णयार्थ यस अदालतको संयुक्त इजलासमा पेश भएकोमा संयुक्त इजलासबाट शुरु अदालतमा तारेख गुजार्ने प्रतिवादी भीम पाण्डेको धरौटी रकम रु.१५०००।- अ.बं. १२४ नं. बमोजिम पूरै जफत गर्नुपर्नेमा नगरी निजलाई लागेको जरीवाना कट्टा गरी बाँकी रु.३३८६।- मात्र जफत गर्ने गरेको हदसम्म पुनरावेदन अदालत बुटवलको फैसला नमिलेको हुँदा सो हदसम्म उक्त फैसला केही उल्टी हुने ठहर्छ भन्ने ठहर फैसला भई अवैध वन पैदावर ओसार-पसार गर्ने कार्यमा प्रयोग भएको सवारी साधन जफत गर्ने सम्बन्धमा पुनरावेदक वादी नेपाल सरकार वि. ताराप्रसाद देवकोटासमेत भएको मुद्दामा यस अदालतको संयुक्त इजलासबाट मिति २०६६।६।२६ मा प्रतिपादन भएको सिद्धान्त (नेकाप २०६६, नि.नं. ८२५४) सँग सहमत हुन नसकेको हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(ख) बमोजिम पूर्ण इजलाससमक्ष पेश गर्नु भनी भएको आदेशानुसार यस इजलाससमक्ष पेश हुन आएको देखिन्छ।

३. प्रस्तुत मुद्दामा बरामद भएको लु.१.त ५०१३ नं. को ट्र्याक्टर समेत जफत हुनुपर्दछ भन्ने पुनरावेदन जिकीरको सम्बन्धमा यस अदालतको संयुक्त इजलासबाट मिति २०६७।१०।४ मा फैसला हुँदा उक्त ट्रेक्टर प्रतिवादी तेजबहादुरको नाउँमा दर्ता भएको भन्ने देखिन्छ। सो ट्रेक्टर, ट्रेक्टर धनी प्रतिवादी तेजबहादुरको मञ्जूरी तथा सहमतिले अवैध काठ ओसार-पसार गर्नमा प्रयोग भएको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिंदैन। अर्कोतर्फ यी सवारीधनी तेजबहादुरले आरोपित कसूर गरेको मिसिल संलग्न सबूद प्रमाणबाट पुष्टि नभएको भनी निजले वादी दावीबाट सफाइ पाएको अवस्था समेत रहेको छ। कुनै पनि व्यक्तिको सम्पत्ति निजको मञ्जूरी विना वा निजलाई थाहा जानकारी नदिई वा एउटा प्रयोजनको लागि भनी लगेर अर्कै प्रयोजनको लागि कसैले प्रयोग गर्दछ भने त्यस्तो सम्पत्तिको धनीलाई आफ्नो सम्पत्तिवाट बञ्चित गर्ने गरी निर्णय गर्नु न्यायोचित देखिंदैन। यसरी सवारीधनीको जानकारी र अनुमतिबिना नै ट्रेक्टर अवैध काठ

ओसार-पसार गर्नमा प्रयोग भएको र यी ट्रेक्टर धनीउपर लागेको अवैध काठ ओसार-पसार गरेको भन्ने अभियोग प्रमाणित नभएको अवस्थामा निजको सवारी साधन जफत हुनु पर्छ भन्ने वादीको पुनरावेदन जिकीर मनासिव देखिएन। विद्वान् उपन्यायाधीवक्ताले बहसको क्रममा पेश गर्नु भएको पुनरावेदक वादी नेपाल सरकार विरुद्ध ताराप्रसाद देवकोटा समेत प्रत्यर्थी भएको (नेकाप २०६६, नि.नं.८२५४) मुद्दामा वन पैदावार ओसार-पसार गर्ने कसूरजन्य अपराधमा साधन प्रयोग हुनु नै कसूर हो। सवारी साधनको मालिकको मञ्जूरी होस् वा नहोस् त्यस्तो कार्यमा प्रयोग गरिएको कार्य नै कसूर स्थापित हुने तथ्य नै पर्याप्त हुन्छ भनी सवारीधनीको मञ्जूरी र सहमति विना पनि अवैध काठ ओसार-पसारमा सवारी साधन प्रयोग हुनु नै सो सवारी साधन जफत गर्न पर्याप्त आधार हुने भनी सवारी साधन जफत गर्ने यस अदालतको संयुक्त इजलासबाट मिति ०६६।६।२६ मा प्रतिपादित सिद्धान्तसँग यो इजलास सहमत हुन सकेन। तसर्थ, सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३(१) (ख) अनुसार प्रस्तुत मुद्दा पूर्ण इजलाससमक्ष पेश गर्नु भन्ने आदेश भई यस इजलाससमक्ष पेश हुनआएको अवस्था हुँदा यस अदालतको संयुक्त इजलासबाट नि.नं. ८२५४ को उक्त मुद्दामा प्रतिपादित सिद्धान्तमा केन्द्रीत भई सो सिद्धान्त कायम रहनसक्ने हो वा होइन भन्ने प्रश्न सम्म यस इजलासबाट निरोपण गर्नुपर्ने देखिन आएको छ।

४. सोसम्बन्धमा सर्वप्रथम वन ऐन, २०४९ को दफा ६६ को प्रावधान अध्ययन गर्नु आवश्यक देखिन्छ। वन ऐन, २०४९ को दफा ६६ मा निम्न प्रावधान रहेको छः

बरामद भएको माल वस्तु जफत हुनेः यो ऐनबमोजिम सजाय हुने कसूर गरेको ठहरिएमा कसूरमा बरामद भएका सबै बोझबाहक, औजार, चौपाया र अन्य साधनहरू जफत हुनेछन्।

तर विगो दशहजार रुपैयाँभन्दा कम्ती मोल पर्ने वन पैदावर लादी ल्याउने ट्रेक्टर, ट्रक, लहरी, मोटर र अन्य सवारी साधनको हकमा त्यस्तो सवारी साधन जफत नगरी उक्त कार्य गर्नेलाई अन्य दफाले हुने सजायमा दश हजार रुपैयाँसम्म थप सजाय हुनेछ।

५. वन ऐन, २०४९ को दफा ६६ को उपरोक्त कानूनी प्रावधानको व्याख्या गर्दै पुनरावेदक वादी नेपाल सरकार र प्रत्यर्थी प्रतिवादी ताराप्रसाद देवकोटासमेत भएको सालको अवैध चिरान काठ ओसार-पसार मुद्दा (नेकाप २०६६, माघ, नि.नं. ८२५४, पृष्ठ १७५१) मा यस अदालतको संयुक्त इजलासबाट देहायबमोजिम सिद्धान्त प्रतिपादन भएको देखिन्छः-

वन पैदावर ओसार-पसार गर्ने कसूरजन्य अपराधमा साधन प्रयोग हुनु नै कसूर हो। सवारी साधनको मालिकको मञ्जूरी होस् वा नहोस् त्यस्तो कार्यमा प्रयोग गरिएको कार्य नै कसूर स्थापित हुने तथ्य

नै पर्याप्त हुन्छ। वन ऐन, २०४९ को दफा ६६ मा भएको व्यवस्था हेर्दा यो ऐनबमोजिम सजाय हुने कसूर गरेको ठहरिएमा कसूरमा बरामद भएको सबै बोझबाहक, औजार, चौपाया र अन्य साधनहरू जफत हुनेछन् तर विगो दश हजार रुपैयाँभन्दा कम्ती मोल पर्ने वन पैदावर लादी ल्याउने ट्रेक्टर, ट्रक, लहरी, मोटर र अन्य सवारी साधनको हकमा त्यस्तो सवारी साधन जफत नगरी उक्त कार्य गर्नेलाई अन्य दफाले हुने सजायमा दश हजार रुपैयाँसम्म थप सजाय हुनेछ भन्ने उल्लेख भएको पाइन्छ। प्रस्तुत मुद्दामा विगो रु.६५,६७६।- कायम भएको र उक्त दफामा भएको व्यवस्थाबमोजिम रु.१०,०००।- भन्दा माथि विगो कायम भएपछि काठ ओसार-पसार गर्ने कार्यमा प्रयोग भएको सवारी साधन जफत गर्नुपर्ने हुन्छ। ऐनले नै रु.१०,०००।- भन्दा माथिको विगोमा प्रयोग भएको बोझबाहक साधन जफत गर्नुपर्ने व्यवस्था गरेकोले त्यसमा अदालतले स्वविवेक प्रयोग गरी जफत नहुने गरी ठहर गर्न मिल्दैन।

६. यस अदालतको संयुक्त इजलासबाट प्रतिपादित उपरोक्त सिद्धान्त हेर्दा अवैध तवरबाट वन पैदावार ओसार-पसार गर्ने कार्यमा प्रयोग भएको सवारी साधन सम्बन्धित धनीको थाहा, जानकारी, मञ्जूरी वा सहमति वा संलग्नता विना नै जोसुकैले जुनसुकै तवरबाट प्रयोग गरेको भए पनि त्यस्तो सवारी साधनले ओसार-पसार गरेको वन पैदावर अवैध भएको तथ्य र सो वन पैदावारको विगो रु.१०,०००।- वा सोभन्दा बढी रहेको भन्ने दुईवटा तथ्य स्थापित भएपछि निरपेक्ष रुपमा त्यस्तो सवारी साधन जफत हुन्छ भनी वन ऐन, २०४९ को दफा ६६ को कानूनी व्यवस्थाको व्याख्या गरेको देखिन्छ। उक्त व्याख्या गर्दा संयुक्त इजलासले सवारी साधन प्रयोग गर्ने विषयमा सम्बन्धित सवारीधनीको संलग्नता, वा इच्छा, चाहना, मनसाय, सहमति वा स्वीकृति हुनु वा नहुनुको कुनै अर्थ नै नरहने उल्लेख गर्दै सम्बन्धित सवारीधनीको आपराधिक कार्य (Actus reus) र आपराधिक मष्तिस्क (Mens rea) विना नै निजउपर आपराधिक दायित्व सिर्जना गर्ने गरी फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत वन ऐन, २०४९ को दफा ६६ को उक्त प्रावधानको व्याख्या गरेको देखिन आउँछ।

७. यस परिप्रेक्ष्यमा सम्बन्धित सवारीधनी वा सवारी साधन प्रयोगकर्ताको निर्दोषिता वा तथ्यगत अज्ञानता सन्निहित रहने केही शाश्वत अवस्थाहरूको प्रसंग उल्लेख गर्नु सान्दर्भिक देखिन्छ जसतर्फ संयुक्त इजलासको ध्यान पुग्न सकेको देखिन आउँदैन। त्यस्ता अवस्थाहरूमा सवारी साधन चोरी वा लुटपाट भई तेस्रो पक्षबाट गैरकानूनी कार्यमा प्रयोग हुनसक्ने अवस्था तथा सवारी साधन सार्वजनिक परिवहनको साधनको रुपमा प्रयोगमा रहेको अवस्था भई सवारीधनी एवं सवारी साधन जिम्मा लिने व्यक्तिको आपराधिक मनसाय नहुँदा नहुँदै पनि कुनै रुपमा सवारी साधनमा कानूननिषिद्ध बस्तु रहनसक्ने जस्ता अवस्थाहरू पर्न सक्तछन्।

८. वन पैदावर अवैध रुपमा ओसार-पसार गर्ने कार्यमा सवारीधनी स्वयं संलग्न भएको अवस्थामा वा निज आफू संलग्न नभएको भए पनि आफ्नो सवारी साधनमा अवैध वन पैदावर ओसार-पसार हुँदैछ भन्ने थाहा पाई वा सो कुरा जानीजानी आफ्नो सवारी साधन प्रयोग गर्न दिएको अवस्थामा कानूनबमोजिम त्यस्तो सवारी साधन जफत हुनु तर्कसंगत हुनसक्छ। तर अवैध रुपमा वन पैदावर ओसार-पसार गर्ने कार्यमा सवारीधनी आफू संलग्न पनि नभएको वा अवैध वन पैदावर ओसार-पसार गर्ने निजको मनसाय पनि नभएको तथा आफ्नो सवारी साधन अवैध वन पैदावर ओसार-पसार गर्ने कार्यमा प्रयोग हुँदैछ भन्ने थाहा जानकारी पनि नभएको र त्यस्तो कार्यमा निजको अनुमति, मञ्जूरी वा सहमति रहेको पनि नदेखिएको अवस्थामा निजको सवारी साधन जफत हुनु न्याय वा औचित्य कुनै पनि दृष्टिबाट तर्कसंगत हुने देखिँदैन।

९. वन ऐन, २०४९ ले अवैध रुपमा वन पैदावरको उपभोग, बिक्री वितरण, ओसार-पसार तथा निकासीलाई निषेध गरेजस्तै लागू पदार्थको अवैध उपभोग, बिक्री वितरण, ओसार-पसार तथा निकासीलाई निषेध गर्ने लागू औषध (नियन्त्रण) ऐन, २०३३ ले पनि लागू औषधको ओसार-पसारमा प्रयोग भएको सवारी साधन जफत गर्ने सम्बन्धमा सवारीधनीको संलग्नता वा सहमति वा मञ्जूरी भएको तथ्य स्थापित हुनुपर्दछ भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ। सोसम्बन्धमा उक्त ऐनको दफा १५ र १८ मा निम्न कानूनी व्यवस्था रहेको देखिन्छः

दफा १५ आफ्नो घर, जग्गा वा सवारीमा निषेध गरिएको काम गर्न अनुमति दिनेलाई सजायः कुनै घर, जग्गा वा सवारीको धनीले वा त्यसको भोगचलन गर्ने व्यक्तिले जानीजानी त्यस्तो घर, जग्गा वा सवारीमा दफा ४ अन्तर्गत निषेध गरिएको कुनै कार्य गर्न अनुमति दिएमा निजलाई छ महिनादेखि पाँच वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरीवाना हुनेछ। घर, जग्गा वा सवारीधनीले नै अपराध गरेकोमा वा अपराध गर्न अनुमति दिएकोमा त्यस्तो घर, जग्गा वा सवारीसमेत जफत हुन सक्नेछ।

दफा १८ अपराधसित सम्बन्धित मालसामान जफत हुनेः यस ऐनअन्तर्गत सजाय हुने अपराधसित सम्बन्धित सबै लागू औषध तथा त्यस्तो लागू औषध निर्माण वा उत्पादन गर्न प्रयोग गरिएका सबै मालसामान तथा यन्त्रहरू जफत हुनेछन् र त्यस्तो लागू औषध राखी ओसार-पसार गर्न प्रयोग गरिएका रेल तथा हवाइजहाजबाहेक जुनसुकै सवारीसमेत जफत हुनेछ।

तर सो सवारी त्यस्तो अपराध गर्न प्रयोग गरिने वा गरिएको कुरा सवारीधनीलाई थाहा थिएन भन्ने कुराको प्रमाण निजले पेश गर्न सकेमा भने त्यस्तो सवारी जफत गरिने छैन।

१०. त्यसैगरी प्रस्तुत मुद्दाको जस्तै विषयवस्तु समावेश भएको पुनरावेदक वादी नेपाल सरकार विरुद्ध

प्रत्यर्थी प्रतिवादी निरज सिंहसमेत भएको २०६५ सालको फौ.पु.नं. CR- ०००३ को वन पैदावर ओसार-पसार मुद्दामा यस अदालतको संयुक्त इजलासबाट "ट्रक धनी निरज सिंह पनि ट्रकमा सँग साथ नरहेको र ट्रकमा काठ ल्याउन भनी नअह्राएको अवस्थामा केवल भाडा लिने उद्देश्यले मात्र सवारी चालकले काठ धनीको अनुरोधमा भाडा लिई काठ ओसारी दिएको हुँदा... सवारीधनीलाई सजाय गर्न र निजको सवारी साधन वन ऐन, २०४९ को दफा ६६ अनुसार जफत गर्न मिल्ने देखिँदैन" भनी मिति २०६५।१०।२८ मा फैसला भइरहेको समेत देखिन्छ।

११. कानूनको व्याख्या गर्दा सर्वप्रथम कानूनमा प्रयोग भएका शब्द वा शब्दावलीले दिने सामान्य अर्थ सुस्पष्ट, व्यावहारिक, विवेकसम्मत् र न्यायपूर्ण भएसम्म सोही अर्थ ग्रहण गर्नुपर्दछ भन्ने कानून व्याख्याको सामान्य सिद्धान्त रहेको छ। तर कानूनको शाब्दिक व्याख्या गर्दा त्यस्तो तर्कपूर्ण, विवेकसंगत, व्यावहारिक एवं न्यायपूर्ण अर्थ ननिस्कने भएमा शाब्दिक व्याख्याको नियमलाई अनुशरण गर्नु उपयुक्त हुँदैन। यस्तो अवस्थामा व्याख्याका स्वर्णिम नियम र दुष्कृतिसम्बन्धी नियम जस्ता अन्य नियमहरूको अवलम्बन गरी कानूनमा प्रयुक्त भाषा वा शब्दहरूको सन्दर्भ सुहाउँदो अर्थ निस्कने गरी व्याख्या गर्नुपर्दछ। वन ऐन, २०४९ को दफा ६६ मा भएको व्यवस्थाअनुसार उक्त ऐनबमोजिम सजाय हुने कसूर गरेको ठहरिएमा बोझबाहक साधनहरू जफत हुने भन्ने देखिन्छ। "कसूर गरेको ठहरिएमा" भन्ने वाक्यांशको आशय उक्त ऐनअन्तर्गत घटेको कसूर वा वारदातसँग बरामद भएको बोझबाहक साधनको धनीको कुनै तादम्यता नै रहनु नपर्ने भनी व्याख्या गर्न मिल्दैन। दफा ६६ को संयोजन र शब्दावलीले बोझबाहक साधन जफत हुनका लागि साधनधनीको समेत उक्त ऐनअन्तर्गतको कसूरमा प्रत्यक्ष वा परोक्ष संलग्नताको अपेक्षा गरेकै देखिन्छ। यसकारण साधनधनी स्वयंको संलग्नतामा वा निजको सहमति, स्वीकृति, मञ्जूरी वा जानकारीमा उक्त ऐनअन्तर्गतको कसूरमा बोझबाहक साधनको प्रयोग भएको ठहरिएमा त्यस्तो साधन जफत हुनु कानूनसम्मत मात्र नभई न्यायोचित र विवेकसम्मत समेत हुने देखिन्छ।

१२. अतः वन ऐन, २०४९ को दफा ६६ को कानूनी प्रावधानको व्याख्या गर्ने क्रममा "वन पैदावर ओसार-पसार गर्ने कसूरजन्य अपराधमा साधन प्रयोग हुनु नै कसूर हो। सवारी साधनको मालिकको मञ्जूरी होस् वा नहोस् त्यस्तो कार्यमा प्रयोग गरिएको कार्य नै कसूर स्थापित हुने तथ्य नै पर्याप्त हुन्छ। वन ऐन, २०४९ को दफा ६६ मा भएको व्यवस्थाबमोजिम रु.१०,०००।- भन्दामाथि विगो कायम भएपछि काठ ओसार-पसार गर्ने कार्यमा प्रयोग भएको सवारी साधन जफत गर्नुपर्ने हुन्छ। ऐनले नै रु.१०,०००।- भन्दा माथिको विगोमा प्रयोग भएको बोझबाहक साधन जफत गर्नुपर्ने व्यवस्था गरेकोले त्यसमा अदालतले स्वविवेक प्रयोग गरी जफत नहुने गरी ठहर गर्न मिल्दैन" भनी नेकाप २०६६, माघ, पृष्ठ १७५१, नि.नं. ८२५४ को उपरोक्त

मुद्दामा यस अदालतको संयुक्त इजलासले गरेको शाब्दिक व्याख्या फौजदारी न्यायको मान्य सिद्धान्त, प्रचलित अन्य कानूनमा रहेको समान सन्दर्भ र यस अदालतकै पूर्व निर्णयसमेतको प्रतिकूल भई तर्कपूर्ण, विवेकसम्मत र न्यायपूर्ण समेत देखिन नआएकोले उक्त सिद्धान्त कायम रहन नसक्ने हुँदा अमान्य (Overrule) गरिएको छ। अरु तपसीलबमोजिम गर्नू।

तपसील

प्रस्तुत मुद्दामा यस अदालतको संयुक्त इजलासबाट मिति २०६७।१०।४ मा फैसला हुँदा प्रतिवादी भीम पाण्डेले मुद्दा पुर्पक्षको सिलसिलामा शुरु नवलपरासी जिल्ला अदालतमा राखेको धरौटी पूरै जफत गर्नुपर्नेमा नगरी निजलाई लागेको जरीवाना कट्टा गरी बाँकी रु.३३८६।- मात्र जफत गर्ने गरेको हदसम्म पुनरावेदन अदालत बुटवलको फैसला नमिलेको हुँदा सो हदसम्म केही उल्टी हुने ठहर्छ भनी फैसला भएको देखिँदा पुनरावेदन अदालत बुटवलको मिति २०६३।८।३ को उक्त फैसलाको तपसील खण्डको दफा १ को लगत कायम रहन सक्दैन। तसर्थ धरौटीवापतको रु.१५,०००।- पूरै जफत गरी सदर स्याहा गर्नु र निज प्रतिवादी भीम पाण्डेलाई हुने ठहरेको जरीवाना रु.१२०६४।- को छुट्टै लगत कसी असूलउपर गर्नु भनी शुरु नवलपरासी जिल्ला अदालतमा लेखी पठाउनू १

मिसिल नियमानुसार गरी बुझाइदिनू २

उक्त रायमा हामी सहमत छौं।

न्या. सुशीला कार्की

न्या. तर्कराज भट्ट

इति संवत् २०६८ साल असार ३० गते रोज ५ शुभम्

६. मुद्दाः अवैध रक्तचन्दन ओसारपसार।

भाग ५७	निर्णय नं. ९४५५	ने.का.प. २०७२	अङ्क ८
सर्वोच्च अदालत, संयुक्त इजलास			
माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल			
०६७-CR-०२७१			
फैसला मितिः२०७१/०९/१६/४			

पुनरावेदक/प्रतिवादीः रसुवा जिल्ला डाडागाउँ गा.वि.स. वडा नं.१ बस्ने होमनाथ अधिकारी

विरूद्ध

विपक्षी/वादीः प्रेमप्रसाद सापकोटाको जाहेरीले नेपाल सरकार

०६७-CR-०५४२

पुनरावेदक/प्रतिवादीः रसुवा जिल्ला गोल्जुङ गा.वि.स. वडा नं.७ बस्ने मिलन तामाङ

विरूद्ध

पुनरावेदक/वादी : प्रेमप्रसाद सापकोटाको जाहेरीले नेपाल सरकार

०६८-CR-०१४७

पुनरावेदक/वादी : प्रेमप्रसाद सापकोटासमेतको प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

विपक्षी : रसुवा जिल्ला गोल्जुङ गा.वि.स.वडा नं.७ बस्ने मिलाई तामाङसमेत।

वादीको तर्फबाटः विद्वान् उपन्यायाधिवक्ता कुलप्रसाद पाण्डे

प्रतिवादीको तर्फबाटः विद्वान् अधिवक्ताहरू पूर्णचन्द्र पौडेल, बच्चुसिंह खड्का

अवलम्बित नजिरः

सम्बद्ध कानूनः

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(४)
वन ऐन, २०४९ को दफा ४९(घ), २(ङ), ५०(१), (घ)(४),
Convention on International Trade in Endangered species of wild Fauna and Flora (CITES) को धारा II को उपधारा ४, १ (h)
नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१), २(क)

सुरू तहमा फैसला गर्नेः

मा.जि.न्या. श्री ऋषिराम अधिकारी

पुनरावेदन तहमा फैसला गर्नेः

मा.न्या. श्री केशवप्रसाद मैनाली

मा.न्या.श्री ठाकुरप्रसाद शर्मा

❖ *प्रतिवादीको घर गोठ कम्पाउन्डभित्रबाट रक्तचन्दन बरामद भएको नभई प्रतिवादीको जग्गाबाट बरामद हुँदैमा त्यसैका आधारबाट जग्गाधनीलाई दोषी भन्न न्यायोचित हुँदैन। अपितु, सो जग्गामा राख्ने जग्गाधनीको सहमति छ वा छैन भनी खोजिनु पर्ने।*

(प्रकरण नं. ३)

❖ *कसैबाट कुनै अवैध सामग्री बरामद भएमा थाहा नपाएर राख्ने काम गरेको हो भने पनि कसुरबाट सहजरूपमा छुटकारा मिल्ने हुँदैन। थाहा पाएर गरे पनि थाहा नपाएर गरे पनि कसुर त कसुर नै हुन्छ। अन्यथा जिकिर लिने हो भने सो प्रमाणित गर्ने भार प्रतिवादीमै रहन्छ। थाहा नपाएको तथ्यको जिकिरले मात्र निर्दोषिता साबित गर्न पर्याप्त हुँदैन, तसर्थ कुनै तथ्यको गलत बुझाइबाट आफूसँग अवैध सामग्री रहन गएको हो भन्दैमा निर्दोष भनी मानिँदैन। अपितु निर्दोष भएको प्रमाण प्रतिवादीले दिनुपर्ने हुन्छ। त्यस्तो कुनै प्रमाण प्रतिवादीहरूबाट आउन सकेको देखिँदैन। पुनश्चः रक्तचन्दन स्वाभाविक रूपमा बाहिर देखिने गरी राखेको नभई जमिनमा खनी खाल्टोमा गाडेको तथ्यबाट प्रतिवादीहरूले गरेको कार्य लुकाए छिपाएको देखिई प्रतिवादीहरूको नियत सफा रहेको भन्न सकिने अवस्था नरहने।*

(प्रकरण नं. ४)

- कुनै वस्तु बरामद भएको हो होइन भन्ने कुरा प्रमाणित गर्नु पर्दा बरामदी मुचुल्काको प्रसङ्ग आउँछ। बरामदी मुचुल्का बरामदी भएको तथ्यलाई साबित गर्नको लागि बनेको प्रमाण हो। बरामद भएको तथ्यमा विवाद भएको अवस्थामा बरामदी मुचुल्काको सत्यता जाँचिने हुँदा बरामदी मुचुल्का तयार हुँदा रित बेरीत के भयो भनी हेरिने अवस्था आउन सक्दछ। बरामदी भएको तथ्यमा विवाद नै नरही स्थापित भइसकेको अवस्थामा बरामदी मुचुल्काको रित, बेरीत र मूल्याङ्कन गर्नु पर्ने कुनै आवश्यकता नै पर्दैन। तसर्थ बरामदी मुचुल्काको रित बेरीतको प्रश्न उठाएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

(प्रकरण नं. ५)

- बरामद भएको रक्त चन्दन (*Petrocarpus santilinus*) वन पैदावारबाट हो भन्ने तथ्यमा पनि विवाद हुन सक्ने देखिन आएन। रक्तचन्दन वन पैदावार भएको र पुनरावेदक प्रतिवादीहरूले राखेको राख्न लगाएको तथ्य स्थापित भइसकेको स्थितिमा निजहरूले वन पैदावार ओसारपसार गरेका हुन् भनी मान्नु पर्ने देखिने।

(प्रकरण नं. ६)

- *Convention on International Trade in Endangered species of Wild Funa and Flora (CITES)* को धारा *II* को उपधारा ४ ले *"The parties shall not allow trade in specimens of species including in Appendices I, II and III except in accordance with the provision of the present convention."* भन्ने कुरा उल्लेख गरेको हुँदा पनि नेपाल एक पक्ष भएकाले यसप्रति संवेदनशील हुने कर्तव्य र दायित्व अझ थपिएको छ। यसप्रकार *CITES* महासन्धिको प्रावधानबेगर रक्तचन्दनको खरिद र बिक्री व्यापारलाई प्रतिबन्धित गरेको छ र अन्तर्राष्ट्रिय महासन्धिको पक्ष नेपाल पनि भएको हुँदा यसको परिपालना नेपालमा गरिनु पर्ने र नेपालमा लागू भइसकेको भनी धारा १ *(h)* अनुरूप मान्नु पर्ने देखिनि आउने।

(प्रकरण नं. ९)

- *CITES* मा उल्लेख भएका प्रावधानलाई राष्ट्रिय कानून नबनाएसम्म लागू गर्न मिल्दैन भन्ने जिकिरतर्फ विचार गर्दा नेपाल राष्ट्र पक्ष भएका वा यसले अनुमोदन गरेका महासन्धिहरू अनुरूप राष्ट्रिय कानून बनाई लागू गर्नु सहज सरल र स्वाभाविक तर्क हो। त्यसरी कानून बनिने कार्य राम्रै हुन्छ। तर नेपालले कुनै कानून नै बनाएको छैन त्यसैले नेपाल सम्मिलित भएको वा यसले अनुमोदन गरेको सन्धि लागू गर्न मिल्दैन भन्नु अर्कै कुरा हो। महासन्धिका प्रावधानहरू कानून नबनाई लागू गर्न मिल्दैन भन्ने कुनै कानूनी प्रावधान रहेको नदेखिने।

- नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) अनुसार संविधान सभाबाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुने र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानूनसरह लागू हुने भन्ने व्यवस्था भई सन्धिका व्यवस्था कानूनसरह मात्र होइन अपितु, यो प्रचलित कानूनसँग बाझियो भने भइरहेको प्रचलित कानून अमान्य हुने भनी अन्य कानूनभन्दा माथिको दर्जामा राखेको पाइने।
- नेपाल सन्धि ऐन, २०४७ को दफा २(क) ले सन्धिको परिभाषा गर्दा दुई वा दुईभन्दा बढी राज्यहरू वा कुनै राज्य र अन्तर सरकारी सङ्गठनबिच लिखितरूपमा सम्पन्न भएको सम्झौता सम्झनु पर्छ। CITES अन्तर्राष्ट्रिय महासन्धि दुईभन्दा बढी राष्ट्रहरूको बिच सम्पन्न भएको लिखित सम्झौता हो। दुईभन्दा बढी राष्ट्रहरू सम्मिलित भई सम्पन्न भएको अन्तर्राष्ट्रिय महासन्धिको समर्थन र स्वीकार गर्ने पक्ष वा सदस्य राष्ट्र नेपाल भएकाले यहाँको प्रचलित कानूनमा अन्यथा व्यवस्था भए पनि महासन्धिमा उल्लिखित प्रावधान नै लागू हुने देखिने।

(प्रकरण नं. १०)

- बरामद भएको बिगोलाई दामासाही गरी दोब्बर जरिवाना गर्नु भन्नु र बिगोलाई दोब्बर गरी जरिवाना दामासाही गर्नु वस्तुतः हिसाबबाट उत्तिनै हुने देखिन्छ। जुनसुकै हिसाबबाट अङ्क निर्धारण गरे पनि कानूनले हुने भनेको जरिवाना हुनुपर्ने।

(प्रकरण नं. १२)

- कानूनबमोजिम बाहेक कसैलाई सजाय गर्न मिल्दैन भन्ने कुरामा विवाद हुन सक्दैन। देशमा न्यायिक पद्दति र न्यायिक संयन्त्रहरू न्याय सम्पादन गर्न र न्यायप्रति जनविश्वास दिलाउन समर्थ रहनु पर्दछ। हाकाहाकी कसैले अपराध गरेको स्पष्ट देखिन्छ र सबैले देख्ने गरी गर्दछ भने ऊ दण्डित हुनै पर्दछ। अन्यथा न्यायिक पद्धति कै उपहास हुन पुग्ने।
- पीडितलाई न्याय दिनु र अपराधीलाई दण्डित गर्नु नै सबै न्याय पद्दतिको मुख्य उद्देश्य हो। न्याय गरिँदा वा दण्ड दिइँदा कानून औजारको रूपमा प्रयोग हुनेसम्म हो। न्याय सर्वोपरी हो र यसलाई कसरी सार्थक तुल्याउने भन्ने कुरा कानूनको प्रयोग र यसको व्याख्याबाट गरिने हुन्छ। शङ्काको अवस्थामा नरम दिलबाट हेरिनु एउटा अर्थ हुन सक्छ तर देखादेखी अपराध गर्ने अपराधीलाई कसरी दण्डित गर्ने हो भन्ने सोचबाट न्यायिक निर्णय हुने हो। स्पष्ट अपराधी हो भन्ने कुरा प्रमाणबाट देखिँदा देखिँदै कसरी यसलाई कानूनी दायराबाट राहत दिने वा उम्काउने हो भनी कानूनी दाउ पेच वा शब्द र अक्षरको खेल गरी सोचिनु कदापि हुँदैन। प्रस्तुत मुद्दामा प्रतिवादीहरूले रक्तचन्दन ओसारपसार गरी अपराध गरेका र सो कार्य CITES को बर्खिलाप भएको स्पष्ट देखिँदा निज कसुरदारहरूलाई सजाय हुनुपर्ने नै देखिन आउने।

(प्रकरण नं. १३)

फैसला

न्या. बैद्यनाथ उपाध्यायः पुनरावेदन अदालत, पाटनको मिति २०६६।७।१५ को फैसलाउपर दुवै पक्षबाट न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) बमोजिम यस अदालतमा पुनरावेदन दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर निम्नअनुसार छः

बरामदी मुचुल्काः

रसुवा जिल्लाको वाइ.सि.यल. को सक्रियतामा जिल्ला वन कार्यालय, रसुवा धुन्चेबाट गएको गस्ती टोलीले गोल्जुङ गा.वि.स.वडा नं. ७ स्थित मिलन तामाङको घर कम्पाउन्डबाट रक्तचन्दन जातको काठ थान २८८ अर्थात् १३२।४७ क्यू. फिट र सोही स्थान बस्ने डेरूप घलेको निजी जग्गाबाट खाल्टो खनी राखिएको ९८ अर्थात् ५८.९० क्यू. फिट थान रक्तचन्दन जातको काठहरूसमेत गरी जम्मा थान ३२६ (१९१.३७ क्यू. फिट) बरामद भएको भन्नेसमेत व्यहोराको बरामदी मुचुल्का।

प्रतिवादी मिलन तामाङले अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानः

प्रतिवादीमध्येका होमनाथ अधिकारीले १०-१२ दिनअगाडि बरामद भएका काठ र दाउरा राखिदिनु पर्यो भनी भनेको र निजलाई पहिलेदेखि नै चिनेको मानिस भएकाले राख्न दिएको हुँ। निजसँग कुमार श्रेष्ठ भन्ने मानिस पनि थियो। निज कुमार श्रेष्ठलाई मैले चिन्दिन। सो काठको बारेमा निजहरूलाई नै थाहा होला भनी प्रतिवादी मिलन तामाङको अधिकार प्राप्त अधिकारीसमक्ष भएको बयान।

सर्जमिन मुचुल्काः

रसुवा जिल्ला गोल्जुङ गा.वि.स. वडा नं. ७ बस्ने मिलन तामाङको घर कम्पाउन्डबाट र सोही ठाउँ बस्ने डेरूप घलेको जग्गाबाट खटी आएका गस्ती टोलीले ३२६ थान रक्तचन्दनका काठहरू बरामद गरेको ठिक साँचो हो भन्नेसमेत व्यहोराको प्रेमबहादुर घलेसमेत जना ८ ले गरी दिएको सर्जमिन मुचुल्का।

प्रतिवादी होमनाथ अधिकारीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानः

काठमाडौं बस्ने कुमार श्रेष्ठ भन्ने व्यक्तिले उक्त रक्तचन्दनका काठहरू ल्याएको हो। सो काठहरू राखिदिनुस् भन्दा मैले मिलन तामाङको घरमा लगी राखिदिएको हुँ। उक्त काठहरू कहाँबाट ल्याएको हो थाहा छैन। कुमार श्रेष्ठ भन्ने व्यक्तिलाई बाहुनडाँडामा भेट भएको हो। निजको ठेगाना थाहा छैन भनी प्रतिवादी होमनाथ अधिकारीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

अभियोगपत्रः

प्रचलित वन ऐन, २०४९ को दफा ४९ मा यो कार्यहरू गर्न हुँदैन भनी उल्लेख भएको र सो कार्य गर्ने गरेमा सोही ऐनको दफा ५० ले दण्ड सजायको व्यवस्था गरेको पाइन्छ। तापनि रक्तचन्दन काठहरू नेपाल सरहदको वन क्षेत्रबाट कटानी गरी ल्याएको नभै विदेशबाट आयात गरी आउने गरेको परिप्रेक्ष्यमा यसरी काठहरू आयात गर्न वन नियमावली, २०५१ को नियम १३(३) ले व्यवस्था गरेमुताबिक तथा वन विभागको मिति २०६४।१।१३ को वन पैदावर विदेश निकासी तथा पैठारी सम्बन्धमा गरेको परिपत्र मिति २०६२।६।१० को राजपत्रमा प्रकाशित सूचनाबमोजिम प्रतिवादीहरूले भन्सारको पत्र र अधिकार प्रमाणपत्र लिई विदेशबाट आयात गरी बिक्री वितरण वा पुनः विदेश निकासी गर्नका लागि अनुमति लिएको कुनै प्रमाणहरू पेस गर्न नसकेको हुँदा र प्रतिवादीमध्येको मिलन तामाङको घर कम्पाउन्डमा राख्न दिएको स्वीकार गरेको र अर्का प्रतिवादी होमनाथ अधिकारीले मिलन तामाङको घर कम्पाउन्डमा राख्न लगेकामा स्वीकार गरी अधिकार प्राप्त अधिकारीसमक्ष गरेको बयानसमेतका आधारमा यी प्रतिवादीलगायत फरार रहेका प्रतिवादीहरू कसुरदार होइनन् भन्न सकिने अवस्था छैन। तसर्थ यी प्रतिवादीहरू कै मिलोमतोमा बरामद भएको रक्तचन्दन काठहरू ओसारपसार गरी रसुवा जिल्लामा ल्याएको स्पष्ट हुन आउँदा निजहरूलाई वन ऐन, २०४९ को दफा ४९ को देहायको (घ) तथा वन नियमावली, २०५१ को १३(३) को कसुर अपराधमा सोही ऐनको दफा ५० को देहाय (घ)(४) बमोजिम हदैसम्म सजाय हुन पक्राउ परेका प्रतिवादीहरू मिलन तामाङ र होमनाथ अधिकारीलाई यसै अभियोगपत्र साथ पेस गरिएको छ। फरार रहेका प्रतिवादीमध्ये कुमार श्रेष्ठको यकिन घर ठेगाना खुल्न नआएकाले खुल्न आएका बखत समाह्वान जारी गरी पक्राउ भै आएका बखत र प्रतिवादी ङेरूप घलेको हकमा समेत सम्मानित अदालतबाटै समाह्वान जारी गरी झिकाई माग दाबीबमोजिम हदैसम्म सजाय हुन सादर अनुरोध छ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारले रसुवा जिल्ला अदालतमा दायर गरेको अभियोगपत्र।

प्रतिवादी मिलन तामाङले अदालतमा गरेको बयानः

उक्त रक्तचन्दन मेरो घरमा ६।७ दिनपछि बरामद भएपछि होमनाथले मलाई फसाएको थाहा भयो। के कति थान काठ बरामद भए भन्ने कुरा मलाई थाहा थिएन। घरदेखि चौहत्तर भन्ने ठाउँबाट प्रहरीले मलाई पक्राउ गरी ल्याएका हुन्। अधिकारप्राप्त अधिकारीसमक्ष काठ ६।७ दिन राखेको भनेकामा १०।१२ दिन राखेको भनी लेखेकोबाहेक अरू बयान मैले भनेबमोजिम लेखिएको हो। उक्त काठहरू ल्याएको व्यक्तिमध्ये होमनाथ र कुमार भन्नेलाई चिन्दछु। अरू ८।९ जना व्यक्ति पनि थिए तर सबैलाई चिन्दिन। मैले उक्त काठ राख्दा कुनै प्रलोभनमा परी राखेको होइन। रातीको समय भएकाले

यी रक्तचन्दन काठ हुन् वा अन्य कुनै काठ हुन् थाहा भएन भन्नेसमेत व्यहोराको प्रतिवादी मिलन तामाङले सुरू अदालतमा गरेको बयान।

प्रतिवादी होमनाथ अधिकारीले अदालतमा गरेको बयानः

कुमारले मिलनलाई काठ दाउरा राख्न अनुरोध गर्दा पहिला हुन्न भन्यो पछि दुई दिनको लागि हो भनी अनुरोध गरेकाले मैले पनि मिलन दाइलाई दुई दिनको लागि राखिदिए हुन्छ भनेपछि ५ बजेतिर हरियो रङ्गको काठ लोड भएको नम्बर थाहा नभएको ट्रक आयो। त्यसमा १०।१२ जना मानिसहरू थिए। उनीहरूले नै अनलोड गरे। म हिँडेरै स्याफ्रू भन्ने ठाउँमा आउँदै गर्दा बाहुनडाँडा भन्ने ठाउँमा एउटा मोटरसाइकलमा बस्ने दुई जनाले यो कुरा कहीं कतै नभन्नु भनिस् भने तेरो खैरियत छैन भनेकाले आजसम्म कहीं कतै भनेको छैन। म बिरामी भई औषधी खाई काठमाडौंमा बहिनीको कोठामा बसिरहेको अवस्थामा मेरो नाउँमा वन कार्यालय रसुवाबाट चिठी आएकाले हाजिर हुन आएको हुँ। अवैध काठ भन्ने मलाई थाहा थिएन। मानवीय नाताले काठ दाउरा मात्र भनेकाले राखिदिनका लागि सिफारिस गरी दिएको हुँ। अधिकार प्राप्त अधिकारीसमक्ष भएको बयान मेरो हो। अभियोगका सम्बन्धमा मलाई केही थाहा छैन भन्नेसमेत व्यहोराको प्रतिवादी होमनाथ अधिकारीले सुरू अदालतमा गरेको बयान।

प्रतिवादी डेरूप घलेले अदालतमा गरेको बयानः

जाहेरवाला र प्र.होमनाथलाई चिनेको छैन। मिलनलाई चिनेको छु। म धेरैमाथि जङ्गलको गोठमा भएको कारण कोही कसैसँग भेटघाट कुराकानी तथा कोहीबाट आश्वासन पाएको छैन। मिलन तामाङ सभापति भई सकेका मान्छेले यस्तो अवैध काम गरे होलान् जस्तो लाग्दैन। मेरो स्वीकृतिबेगर मलाई थाहा पत्तै नदिई मेरो बारीमा राखिएको अवस्थामा काठ बरामद भयो भन्दैमा मैले सजाय पाउनु पर्ने होइन, सफाइ पाउनुपर्छ। उक्त काठहरू देखेँ कुन जातको हुन् मलाई थाहा छैन भन्नेसमेत व्यहोराको डेरूप घले सुरू अदालतबाट जारी भएको म्यादभित्र उपस्थित भई गरेको बयान।

प्रतिवादी डेरूप घलेको साक्षी ग्याल्साङ तामाङले गरेको बकपत्रः

बरामद भएको रक्तचन्दन डेरूप घलेले ओसारपसार गरेका होइनन्। प्रतिवादी डेरूप घले गोठमा मात्रै बस्ने मानिस भएकाले निजको जग्गामा के कसले राख्यो थाहा जानकारी हुने कुरै भएन। प्रतिवादीहरू मिलन तामाङ, होमनाथ अधिकारी र डेरूप घलेसमेतले यस्तो अवैध काम गर्ने मानिसहरू नभएको हुँदा निजहरूले सफाइ पाउनुपर्छ। डेरूप घले बिरामी मान्छे भएकाले गाउँतिर बस्ने गरेकाले निजको जग्गामा को कसले के राख्यो उसलाई थाहा हुने कुरै भएन भन्नेसमेत व्यहोराको प्रतिवादी डेरूप घलेको साक्षी ग्याल्साङ तामाङले गरेको बकपत्र।

प्रतिवादी होमनाथ अधिकारीको साक्षी इन्द्रप्रसाद सापकोटा, छिरिङ्ग ग्याल घले र जानुका अगस्थीले गरेको बकपत्रः

प्रतिवादी होमनाथ अधिकारीले रक्तचन्दन ओसारपसार गरेको होइन। होमनाथ अधिकारी र मिलन तामाङ यस्तो अवैध रक्तचन्दन कारोबार गर्ने मान्छे पक्का होइनन्। होमनाथ घरेलु शाखा रसुवाको निम्नस्तरका कर्मचारी हुन् र मिलन तामाङ भन्ने मानिस यस जिल्लाको निर्वाचित सभापति हुनुका साथै एक प्रतिष्ठित व्यक्ति हुन्। यी दुवै व्यक्तिहरू अवैध रक्तचन्दन कारोबारमा संलग्न हुने व्यक्ति होइनन् दुवै प्रतिवादीहरूले सफाइ पाउनुपर्दछ भन्नेसमेत व्यहोराको प्रतिवादी होमनाथ अधिकारीको साक्षी इन्द्रप्रसाद सापकोटा र जानुका अगस्थीले गरेको छुट्टाछुट्टै बकपत्र।

प्रतिवादी मिलन तामाङका साक्षी चेयर सिं तामाङ र टुप्साङ तामाङले गरेको छुट्टाछुट्टै बकपत्रः

बरामद भएको रक्तचन्दन मिलन तामाङले ओसारपसार गरेका होइनन्। उक्त रक्तचन्दन मिलन तामाङको पनि होइन। मिलन तामाङ यस्तो अवैध काम गर्ने खालका मानिस नभई निज गा.वि.स.देखि जिल्ला सभापतिसमेत भै सकेका प्रतिष्ठित व्यक्ति भएकाले निजलाई फसाउन राजनीतिक स्वार्थको कारण यस्तो झुठ्ठा आरोप लगाइएको हो। निज मिलन तामाङले अभियोग माग दाबीबाट सफाइ पाउनुपर्छ भन्नेसमेत व्यहोराको प्रतिवादी मिलन तामाङका साक्षी चेयर सिं तामाङ र टुप्साङ तामाङले गरेको एकै मिलानको पृथक-पृथक बकपत्र।

सर्जमिनका मानिस प्रेम घलेले गरेको बकपत्रः

जाहेरवालालाई चिन्दिन। प्रतिवादीहरूलाई चिन्दछु। प्रतिवादीहरू निर्दोष भएको हुँदा आरोपित अभियोगबाट सफाइ पाउनुपर्छ। सर्जमिन मुचुल्का गोल्जुङ गा.वि.स.मा भएको होइन। मलाई जिल्ला वन कार्यालयमा बोलाई सर्जमिन मुचुल्कामा सही गर भनेकाले सही गरिदिएको हुँ। रक्तचन्दन बरामद भएको मलाई थाहा छैन। डेरूप घलेको जग्गामासमेत रक्तचन्दन राखेको मैले देखेको हैन भन्नेसमेत व्यहोराको सर्जमिनका मानिस प्रेम घलेले गरेको बकपत्र।

सर्जमिनका मानिस ध्यामे तामाङले गरेको बकपत्रः

जाहेरवालालाई चिन्दिन। प्रतिवादीहरूलाई चिन्दछु। काठ बरामद भएको मलाई थाहा छैन। मलाई जिल्ला वन कार्यालय रसुवामा बोलाई सर्जमिन मुचुल्का लेखी कागज पढी बाँची नसुनाई सही गराइएको हो। त्यस कागजमा भएको दस्तखत मेरो भएपनि व्यहोरा मेरो होइन। प्रतिवादी मिलन तामाङसमेत यस्तो अवैध काम गर्ने खालको मानिस होइनन्। रक्तचन्दन ल्याउने मानिसहरूलाई मैले चिन्दिन। राजनीतिक कारणले प्रतिवादीहरूलाई फसाइएको हो। त्यसैले यी प्रतिवादीहरू निर्दोष हुँदा

सफाइ पाउनुपर्छ। सो रक्तचन्दन डेरूप घले र मिलन तामाङको घर जग्गामा राखेको मैले देखेको छैन भन्नेसमेत व्यहोराको सर्जमिनका मानिस ध्यामे तामाङले गरेको बकपत्र।

सर्जमिन मुचुल्काका मानिस लाक्पा गुम्बु तामाङको बकपत्रः

मेरो घर गोल्जुङ भए पनि म स्याफ्रूवेशी बस्ने भएकाले अवैध रक्तचन्दनका बारे मलाई केही थाहा छैन। प्रतिवादीहरू यस्तो अवैध काम गर्ने खालका मानिस होइनन्। रक्तचन्दन ल्याउने मानिसहरूलाई म चिन्दिन। तीनै जना प्रतिवादीहरू निर्दोष भएकाले निजहरूले सफाइ पाउनुपर्छ भन्नेसमेत व्यहोराको सर्जमिन मुचुल्काका मानिस लाक्पा गुम्बु तामाङको बकपत्र।

बरामदी मुचुल्काका मानिस राजन गौतमले गरेको बकपत्रः

जाहेरवाला तथा प्रतिवादीहरूलाई चिन्दिन। बरामदी मुचुल्कामा भएको व्यहोरा र सही मेरै हो। प्रतिवादी मिलन तामाङको घरभन्दा अगाडि र पछाडि दुई ठाउँबाट करिब ९ टन जति ३२६ थान रक्त चन्दन बरामद भएको हो भन्नेसमेत व्यहोराको बरामदी मुचुल्काका मानिस राजन गौतमले गरेको बकपत्र।

रसुवा जिल्ला अदालतको फैसलाः

प्रतिवादी कुमार श्रेष्ठको घर ठेगाना खुल्न नआएकाले निजको हकमा हाल मुद्दा मुल्तबीमा राखिएको र प्रतिवादीहरू मिलन तामाङ र होमनाथ अधिकारीले अभियोग दाबीबमोजिम अवैधरूपमा रक्तचन्दन ओसारपसार गर्ने कार्यमा संलग्न भएको पुष्टि हुन आएकाले निजहरूलाई वन ऐन, २०४९ को दफा ५०(घ) (४) बमोजिम जनही कैद ४ (चार) महिना र कायम हुन आएको बिगो रू. ५,३०,२७६।५८ को दोब्बर रू.१०,६०,५५३।१६ दुवै प्रतिवादीहरूलाई दामासाहीले जरिवाना हुने ठहर्छ साथै प्रतिवादी मिलन तामाङको घर कम्पाउन्डबाट बरामद भएको रक्तचन्दन काठसमेत जफत हुन्छ।

प्रतिवादी डेरूप घलेको हकमा अभियोग दाबीबमोजिमको कार्य गरे गराएको हो भन्ने मिसिल संलग्न प्रमाणबाट खुल्न नआएकाले निजले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ र निजको जग्गाबाट बरामद भै आएको रक्तचन्दनसमेत जफत हुन्छ भन्नेसमेत व्यहोराको सुरू रसुवा जिल्ला अदालतबाट मिति २०६४।६।७ मा भएको फैसला।

प्रतिवादी मिलन तामाङले पुनरावेदन अदालत, पाटनमा दायर गरेको पुनरावेदनपत्रः

मेरो जग्गाबाट बरामद भएको काठ मैले ल्याई राखेको होइन साथै उक्त काठ राख्नका लागि अनुमति पनि नदिएको अवस्थामा मेरो जग्गाबाट बरामद भयो भन्दैमा अभियोग मागदाबीभन्दा बाहिर गई सर्जमिन मुचुल्कालाई आधार मानी गरिएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी न्याय पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी मिलन तामाङले पुनरावेदन अदालत, पाटनमा दायर गरेको पुनरावेदनपत्र।

प्रतिवादी होमनाथ अधिकारीले पुनरावेदन अदालत, पाटनमा दायर गरेको पुनरावेदनपत्रः

बरामद भएको रक्तचन्दन ओसारपसार गर्ने कार्यमा मेरो कुनै संलग्नता नै नभएको अवस्थामा अभियोग मागदाबीभन्दा बाहिर गई कानूनी प्रक्रिया पूरा नगरी भएको बरामदी मुचुल्कालाई आधार मानी मलाई कसुरदार ठहर्याई भएको रसुवा जिल्ला अदालतको फैसलामा गम्भीर कानूनी त्रुटि भएकाले उक्त फैसला बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी होमनाथ अधिकारीले पुनरावेदन अदालत, पाटनमा दायर गरेको पुनरावेदनपत्र।

नेपाल सरकारले पुनरावेदन अदालत, पाटनमा दायर गरेको पुनरावेदनपत्रः

बरामद रक्तचन्दन प्रतिवादी होमनाथ अधिकारीसमेत भएर ल्याएको र त्यसलाई लुकाई छिपाई राख्ने कार्यमा प्रतिवादी मिलन तामाङसमेतको मुख्य भूमिका भएको अवस्थामा केवल बरामद भएको रक्तचन्दन मध्ये पनि डेरूप घलेको जग्गाबाट बरामद भएको रक्तचन्दनबाहेकको रक्तचन्दनलाई मात्र आधार मानी बिगो कायम गरी प्रतिवादीहरूबाट दामासाहीले जरिवाना गर्ने गरी भएको र अर्का प्रतिवादी डेरूप घले रक्तचन्दन ओसारपसार गर्ने कार्यमा संलग्न भएको देखिँदा देखिँदै निजहरूलाई अभियोग मागदाबीबाट पूर्णरूपमा सफाइ दिने गरी भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदातल, पाटनको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी अभियोग दाबीबमोजिम सबै प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारले पुनरावेदन अदालत, पाटनमा दायर गरेको पुनरावेदनपत्र।

पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।७।२८ मा भएको आदेशः

डेरूप घलेको जग्गाबाट रक्तचन्दन बरामद भएको देखिन आएको छ भने विरूद्ध खण्डमा उल्लिखित कुमार श्रेष्ठका हकमा अ.बं.१९० नं. बमोजिम मुल्तबी राखिएको दाबीठहर भएका अन्य प्रतिवादीहरूको हकमा बिगोको आधारबाट भएको जरिवानाको सन्दर्भमासमेत व्याख्यात्मक प्रश्न उपस्थित भई सुरू फैसला फरक पर्न सक्ने हुँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम पुनरावेदन नगर्ने प्रतिवादीलाई झिकाई पुनरावेदन गर्ने वादी प्रतिवादीहरूलाई निजहरूको पुनरावेदन पत्र परस्पर सुनाई नियमानुसार गरी पेस गर्नु भनी पुनरावेदन अदालत, पाटनबाट मिति २०६५।७।२८ मा भएको आदेश।

पुनरावेदन अदालत, पाटनबाट भएको फैसलाः

प्रतिवादीहरू मिलन तामाङ र होमनाथ अधिकारीलाई सजाय गर्ने र प्र डेरूपलाई सफाइ दिने गरी मिति २०६४।६।७ मा भएको रसुवा जिल्ला अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ।दुवै

पक्षको पुनरावदेन जिकिर पुग्न सक्दैन भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनबाट मिति २०६६।७।१५ मा भएको फैसला।

होमनाथ अधिकारीले यस अदालतमा दायर गरेको निवेदनः

मसमेतलाई सजाय गर्ने गरी रसुवा जिल्ला अदालतले गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला त्रुटिपूर्ण हुँदा चित्त बुझेन। वादीले निर्विवादरूपमा कसुर स्थापित नै गर्न नसकेको स्थितिमा म पुनरावेदकलाई सजाय गर्ने गरेको सो फैसला गम्भीर त्रुटि भएको छ। म निवेदकलाई CITES सन्धिको आधारमा सजाय गर्न मिल्दैन। नेपाल कानूनले निषेध गरेको कुनै काम गरेमा मात्र सजायको भागी बनाउन मिल्छ। नेपालको अन्तरिम संविधानको २०६३ को धारा २४(४) मा तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेमा सजायको भागी हुने छैन भन्ने संवैधानिक ग्यारेन्टी प्रतिकूल हुने गरी कुनै नेपाल कानूनले अपराध नमानेको कार्यउपर दोषी ठहर गर्न मिल्दैन।

म निवेदकलाई CITES सन्धिका आधारमा सजाय गरिएको भनिएको छ जुन कारवाही सोही सन्धिकै विपरीत रहेको छ। CITES सन्धि आफैंमा कानून होइन। CITES सन्धि अनुकूल हुने गरी पक्ष राष्ट्रहरूले राष्ट्रिय कानून निर्माण गरी सो सन्धिका प्रावधानहरू कार्यान्वयन गर्नुपर्ने हुन्छ। CITES सन्धिअनुरूप राष्ट्रिय कानून नबनेको अवस्थामा उक्त सन्धिका आधारमा मलाई सजाय गर्न मिल्दैन।

वन नियमावली, २०५१ को नियम १३(३) ले व्यवस्था गरे मुताबिक तथा वन विभागको मिति २०६४।१।१३ को परिपत्र र मिति २०६२।६।१० को राजपत्रमा प्रकाशित सूचनाअनुसार भन्सारको प्रज्ञापनपत्र र सम्बन्धित मुलुकको आधिकारिक प्रमाणपत्रसमेत लिएको नदेखिने भनी अभियोग दाबीमा लेखेको आधारमा कैद र जरिवानाको सजाय गर्न मिल्दैन। वन ऐन, नियमावली तथा राजपत्र प्रकाशित सूचनामा पनि रक्तचन्दनको ओसारपसारमाथि प्रतिबन्धन लगाइएको छैन। यसरी ऐन नियमले प्रतिबन्धित वनस्पति सूचीकृत नै नगरेको रक्तचन्दन असोरपसार गरेको भनी म निवेदक प्रतिवादीलाई कैद तथा जरिवानासमेतको सजाय गरेको फैसलामा गम्भीर त्रुटि रहेको छ।

वादी पक्षले अभियोगपत्र पेस गर्दा बरामद गरिएको भनिएको रक्तचन्दनको मूल्य के कति पर्ने हो खुलाउन सकेको छैन। तर अदालत आफैं वादीसरह बनी बिगोको अङ्क कायम गरी जरिवाना गरेको छ। रसुवा जिल्ला अदालतले जिल्ला वन कार्यालयलाई मिति २०६४।६।३ मा लेखेको पत्रबाट अभियोगपत्र सच्चिएको छ। दाबी नभएको कुरामा निर्णय गर्न हुँदैन भनी सर्वोच्च अदालतबाट धेरै मुद्दाहरूमा बोलिएको छ। अभियोगपत्रमा मागदाबी नै नगरिएको जरिवाना रकमका सम्बन्धमा अदालत आफैंले पत्र लेखी सोधी मूल्य खुलाउन लगाई सोही आधारमा जरिवानाको अङ्क तोकेको कार्य त्रुटिपूर्ण रहेको छ। म निवेदकलाई सुरू रसुवा जिल्ला अदालतले चार महिना कैद र रू. ५,३०,३७६।५८

जरिवाना हुने ठहर्याएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(४), प्रमाण ऐन, २०३१ को दफा २५, ५४ मुलुकी ऐन, अ.बं. १८४(क), १८५ नं. वन ऐन, २०४९ को दफा ४९, ५० वन नियमावली, २०५१ को नियम १२, १३ समेतको गम्भीर त्रुटि भएको र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको पालना नभएकाले न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) को खण्ड (क) र (ख) को आधारमा मुद्दा दोहोर्याइ हेरी सुरू र पुनरावेदन अदालतको फैसलाहरू उल्टी गरी झुठ्ठा अभियोग दाबीबाट सफाइ पाउँ भनी होमनाथ अधिकारीले यस अदालतमा दायर गरेको निवेदन।

यस अदालतबाट मिति २०६७।६।५ दोहोर्याइ हेर्ने निस्सा आदेशः

यसमा वन ऐन, २०४९ को दफा ४९ को खण्ड (घ) को कसुर र दफा ५०(१) (घ) (४) के सजायको माग दाबी गरी पेस भएको अभियोगमा प्रतिबन्धित रक्तचन्दन काठहरू नेपालबाहिरबाट गैरकानूनी पैठारी गरी ल्याएको भन्ने आधार लिइएको र सोहीअनुसार जिल्ला अदालत र पुनरावेदन अदालतले सजाय गरेको देखिन्छ। सम्बन्धित वन ऐन, २०४९ को दफा ४९ को खण्ड (घ) र सोसँग सम्बन्धित वन नियमावली, २०५१ को नियम १३(३) र अनुसूचीहरूमा समेत रक्तचन्दन ओसार-पसार, पैठारीका सम्बन्धमा प्रतिबन्ध लगाएको बारेमा केही उल्लेख भएको देखिँदैन। सोसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि CITES को आधारमा नेपालमा छुट्टै कानून बनी उक्त महासन्धिका प्रावधानहरूलाई नेपालको कानूनमा समावेश गरिसकेको अवस्थासमेत नदेखिएको र मिति २०६२।६।१० मा प्रकाशित नेपाल राजपत्रको सूचनामा पनि रक्तचन्दन नपरेको अवस्थामा मिति २०६४।१।१३, च.नं. ४१७ को वन विभागको परिपत्रबाहेक बरामद रक्तचन्दनको सम्बन्धमा फौजदारी अभियोगमा कारवाही गर्न अन्य कानूनी आधार नदेखिएको र दाबी गर्दा बिगो नखुलाएकामा अदालतले पत्र पठाई बिगो खुलाउन लगाएकोसमेत देखिँदा दाबीबमोजिम सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ को प्रमाण मूल्याङ्कनसम्बन्धी त्रुटि र वन ऐन, २०४९ को दफा ४९ (घ) तथा दफा ५०(१) (घ) (४) को व्याख्यात्मक त्रुटिसमेत विद्यमान रहेकाले न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) (क) बमोजिम मुद्दा दोहोर्याइ हेर्ने निस्सा प्रदान गरिएको छ। विपक्षी झिकाई नियमानुसार पेस गर्नु भनी यस अदालतका संयुक्त इजलासबाट २०६७-CR-०२७१ को मुद्दामा मिति २०६७।६।५ मा भएको आदेश।

प्रतिवादीमध्येका मिलन तामाङले गरेको मुद्दा दोहोर्याइ हेरिपाउँ भनी यस अदालतमा दायर निवेदनः

मसमेतलाई सजाय गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला चित्त बुझेन। काठ ल्याउने होमनाथ अधिकारीलाई मैले पहिलेदेखि नै चिन्दथेँ तर कुमार श्रेष्ठलाई मैले सोही

अवस्थामा मात्र चिनेको हुँ। काठहरूलाई ठूलो ट्रकमा ल्याएका र उक्त काठ फर्निचर बनाउन ल्याएको हो भनी भनेका थिए। उक्त काठ रक्तचन्दन नै हो भन्ने मलाई थाहा थिएन। होमनाथ अधिकारीले दुई दिनको लागि राख्नुपर्छ भनी मेरो घरको आँगनमा राखेका हुन्।

बरामद भएको काठ रक्तचन्दन अवैध वस्तु हो भनी प्रचलित कानूनले घोषित गरेको छैन। म पुनरावेदकका घर कम्पाउन्डबाट बरामद गरिएको भनिएको रक्तचन्दनको बरामदी मुचुल्का खडा गर्दा वन ऐनले निर्धारण गरेको प्रक्रिया पूरा नै नभई बरामदी मुचुल्का खडा भएको हुँदा यस्तो मुचुल्काले कानूनी मान्यता पाउन सक्दैन। बरामदी मुचुल्काका मानिसहरूले पनि उक्त रक्तचन्दन मैले नै राखेको हो भनी किटानीका साथ लेखाउन सकेका छैनन्। बरामद भएको भनिएको कथित रक्तचन्दन वन विभागको परिपत्रका आधारमा कसुर कायम गर्न मिल्दैन। कसुर हुन त ऐनमा नै उल्लेख हुनुपर्ने हुन्छ।

भन्सार प्रज्ञापन पत्रबिना आयात गरिएको वस्तुका सम्बन्धमा कारवाही गर्ने अधिकार भन्सार अधिकारको क्षेत्राधिकारभित्र पर्दछ। यस्तो विषयमा वन कार्यालयलाई अनुसन्धान गरी मुद्दा दायर गर्ने अधिकार हुँदैन। दुर्लभ वन्यजन्तु तथा व्यापार नियन्त्रण महासन्धि (CITES) को अनुसूचीमा सूचीकृत भएको वन पैदावारमध्ये रक्तचन्दन सूचीकृत भएको भएपनि वन विभागको मिति २०६४।१।१३ को परिपत्र मुताबिक रक्तचन्दन (Petrocarpus Santilinus) लगायतका अनुसूचीभित्र सूचीकृत गरिएका प्रजातिका वनस्पतिहरूको ओसार-पसार, पैठारी, बिक्री वितरण पुनः निकासीको लागि सम्बन्धित मुलुकको आधिकारिक प्रमाणपत्रसहित जिल्ला वन कार्यालयको सहमतिपत्र पेस गर्नुपर्ने भनी उल्लेख भएकोसम्म छ। यस परिपत्रले निर्धारण गरेका प्रक्रियाहरू पूरा नभएको अवस्थामा कसुर कायम गर्न मिल्छ मिल्दैन स्पष्ट कानूनी व्यवस्था नभएको अवस्था फौजदारी कसुर कायम गरी सजाय गर्न मिल्दैन।

CITES एक अन्तर्राष्ट्रिय महासन्धि भएकाले यस महासन्धि प्रतिकूलको कार्य भयो भनी सजाय गर्न मिल्दैन। सन्धिका प्रावधानहरूलाई राष्ट्रिय कानूनमा समावेश गरेर मात्र त्यसअनुरूपको कार्यको मूल्याङ्कन गरिनुपर्छ। कानूनमा कसुर हुने भनी स्पष्ट परिभाषा नभएको अवस्थामा गरिएको सजाय नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(४), प्रमाण ऐन, २०३१ को २५, ५४ वन ऐन, २०४९ को दफा ४९, ५७, अ.बं. ३५ नं.समेतको प्रतिकूल हुने गरी भएको सुरू रसुवा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला त्रुटिपूर्ण भएकाले न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा १ को खण्ड (क) र (ख) को आधारमा दोहोर्याइ हेर्ने निस्सा प्रदान गरी उक्त दुवै अदालतका फैसलाहरू उल्टी गरिपाउँ भनी प्रतिवादीमध्येका मिलन तामाङले यस अदालतमा दायर गरेको निवेदन।

यस अदालतबाट मिति २०६७।८।२९ मा भएको आदेशः

सह-अभियुक्त होमनाथ अधिकारीले यस अदालतमा दिएको ०६७-RI-०१४६ को निवेदनमा पुनरावेदन अदालत, पाटनको मिति २०६६।७।१५ को फैसला यस अदालतबाट मुद्दा दोहोर्याइ हेर्ने निस्सा प्रदान गर्ने गरी मिति २०६७।६।०५ मा आदेश भएकाले प्रस्तुत मुद्दासमेत उक्त मुद्दासँग अन्तरप्रभावी देखिँदा यस निवेदनमा समेत न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) (क) बमोजिम मुद्दा दोहोर्याइ हेर्ने निस्सा प्रदान गरिदिएको छ। विपक्षी झिकाई लगाउको ०६७-RI-०१४६ मुद्दासमेत साथै राखि नियमानुसार पेस गर्नु भनी यस अदालतको संयुक्त इजलासबाट मुद्दा नं. ०६७-CR-०५४२ मा मिति २०६७।८।२९ मा भएको आदेश।

वादी नेपाल सरकारले यस अदालतमा दायर गरेको निवेदनः

कसुरदार ठहर भएका प्रतिवादीमध्येका होमनाथ अधिकारीले कुमार श्रेष्ठको मिलेमतोमा रक्तचन्दन त्यस स्थानमा लगी राखेको कुरामा विवाद छैन भने उक्त अवैध रक्त चन्दन लुकाईछिपाई राख्ने कार्यमा प्रतिवादी मिलन तामाङसमेतको मुख्य भूमिका रहेको तथ्यमा कुनै शङ्का छैन। बरामद भएको रक्तचन्दन प्रतिवादी होमनाथ अधिकारीसमेतले ल्याई लुकाईछिपाई राख्ने क्रममा प्रतिवादी मिलन तामाङसमेतको मुख्य भूमिका रहेको र सोही अपराधिक कार्यको परिणामस्वरूप अनुसन्धानबाट एकमुष्टरूपमा बरामद भएको रक्तचन्दनको बिगो केबल लुकाईछिपाई राखिएको स्थानको प्राविधिक पक्षलाई नै लिएर बिगोको बाँडफाँड हुने अवस्था होइन। जसले जुन स्थानसम्म ल्याउने कार्य गरेको छ, जसले उक्त स्थानमा मुख्य भई लुकाईछिपाई राख्ने कार्य गरेको छ त्यस्तो व्यक्तिलाई बरामदित रक्तचन्दनको बिगो बाँडफाँड हुने अवस्था नै नहुँदा त्यसरी बाँडफाँड गरी गरिएको फैसला त्रुटिपूर्ण छ। प्रतिवादीहरूको संयुक्त मिलेमतोमा घटेको एउटै वारदातमा प्रतिवादी डेरूप घलेलाई सफाइ दिई निजको जग्गाबाट बरामद भएको रक्तचन्दन जतिको बिगो घटाई भएको फैसला सो हदसम्म बदरभागी छ।

प्रतिवादी डेरूप घलेलाई सफाइ दिएको फैसला पनि त्रुटिपूर्ण छ। वरामद रक्तचन्दन ९८ थान (५८.९ क्यू. फि.) निजको जग्गामा लुकाई राखेको अवस्थामा बरामद भएको र निजको संलग्न नभएको भए निजको जग्गामा लुकाईछिपाई राख्नुपर्ने अवस्थाको युक्तिसँगत कारण मिसिलबाट देखिएको छैन। कसुरसँग सम्बन्धित चिज वस्तु निजको जग्गामा नै लुकाईछिपाई राखिएको अवस्थामा बरामद हुनु र सो कार्यमा निजको संलग्नता नरहेको भए सो प्रमाणित गराउने भारलाई प्रतिवादीमा नै हुनेमा सो हुन नसकेकेको हुँदा केवल आत्मनिष्ठ तर्कका आधारमा प्र. डेरूप घलेलाई सफाइ दिएको फैसला त्रुटिपूर्ण छ। बरामद रक्तचन्दनको काठ प्रतिवादीहरूको घरजग्गामा छरिएर रहेको अवस्थामा बरामद भएको नभई खाडल खनी व्यवस्थितरूपमा गाडेको अवस्थामा बरामद भएको छ। ठूलो मात्राको उक्त काठ अरू कसैले लुकाई राख्न सम्भव नै नहुँदा सो कार्यमा या त यी प्रतिवादीको संलग्नतामा भएको छ या कोको भई कहिले कुन प्रयोजनका लागि राखिएको हो भन्ने कुरा प्रतिवादीलाई थाहा हुनुपर्ने

देखिन्छ। केवल इन्कारी बयानले मात्र सफाइको भूमिका निर्वाह गर्दैन। तसर्थ, प्र. डेरूप घलेलाईसमेत अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ।

प्रतिबन्धित रक्तचन्दन आफूसमेत भई खाल्डो खनी लुकाई राख्दा प्रतिवादी मिलन तामाङलाई जानकारी गराई लुकाई राखिएको हो भनी प्र. होमनाथ अधिकारीले मौकामा बयान गरेको हुँदा अलग-अलग ठाउँबाट बरामद गरेको रक्तचन्दन प्र.मिलन तामाङ र होमनाथ अधिकारीसमेत भई ओसार-पसार गरेका हुन् भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा बरामद सम्पूर्ण रक्तचन्दनको बिगो कायम गर्नुपर्नेमा प्रतिवादी मिलन गुरूङको घर कम्पाउन्डमा बरामद भएको रक्तचन्दनलाई मात्र बिगो कायम गर्ने र प्रतिवादी डेरूप घलेको घरमा बरामद भएको रक्तचन्दनलाई बिगो कायम नगरी भएको फैसला वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) अनुसार जरिवाना गर्दा कसुर ठहर भएका प्रत्येक व्यक्तिलाई बिगोको दोब्बर जरिवाना हुनुपर्नेमा सो नगरी बिगोको दोब्बर जरिवाना गरी दामासाहीले जरिवाना गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।७।१५ को उल्टी गर्न न्याय प्रशासन ऐन,२०४८ को दफा १(क) बमोजिम प्रस्तुत मुद्दा दोहोर्याइ हेरि पाउन निस्सा प्रदान गरिपाउँ भनी वादी नेपाल सरकारले यस अदालतमा दायर गरेको निवेदन।

यस अदालतबाट मिति २०६७।३।२८ र मिति २०६८।४।१० मा भएको आदेशः

यसमा प्रस्तुत मुद्दासँग सम्बन्धित सुरू, रेकर्ड र भए अन्य प्रमाण मिसिलसमेत झिकाई आएपछि नियमानुसार गरी पेस गर्नु भनी ०६८-CR-०१४७ को मुद्दामा यस अदालतका संयुक्त इजलासबाट मिति २०६७।३।२८ मा भएको आदेश।

यसमा यसै मुद्दाका प्रतिवादी होमनाथ अधिकारीले दिएको दो.नि.नं. ०६७-१४६ को दोहोर्याइ पाउँ भन्ने निवदेनमा यस अदालतबाट मिति २०६७।६।५ मा दोहोर्याइ हेर्ने निस्सा प्रदान गर्ने गरी आदेश भएकाले प्रस्तुत निवेदनमा पनि न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को देहाय (१) को खण्ड (क) बमोजिम दोहोर्याइ हेर्ने निस्सा प्रदान गरिएको छ। उक्त दो. नि.१४६ सँगै राखी नियमानुसार पेस गर्नु भनी यस अदालतका संयुक्त इजलासबाट मिति २०६८।४।१० मुद्दा नं ०६८-CR-०१४७ मा भएको आदेश।

यस अदालतबाट भएको अन्तिम आदेशः

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा मिसिल संलग्न सुरू तथा रेकर्ड मिसिलसमेत अध्ययन गरियो।

नेपाल सरकारको तर्फबाट भएको बहसः

पुनरावेदक नेपाल सरकारको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयका विद्वान् उपन्यायाधिवक्ता श्री कुलप्रसाद पाण्डेले बरामद सबै रक्तचन्दन कसुर ठहर भएका प्रतिवादीमध्येका होमनाथ अधिकारीले कुमार श्रेष्ठको मिलेमतोमा ल्याई लुकाएर राखिएको कुरामा विवाद छैन। बरामद रक्तचन्दनलाई लुकाईछिपाई राख्ने कार्यमा प्रतिवादीहरू होमनाथ अधिकारी र मिलन तामाङसमेतको मुख्य भूमिका रहेको देखिएकाले अनुसन्धानका क्रममा एकमुष्ठरूपमा बरामद भएको रक्तचन्दनको बिगोमा केवल लुकाई छिपाई राखिएको स्थानको प्राविधिक पक्षलाई लिएर बिगोको बाँडफाँड गरी जरिवाना गर्न कानूनतः मिल्दैन। यसर्थ सबै प्रतिवादीहरूलाई वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम सबै प्रतिवादीहरूलाई सजाय गरिपाउँ।

प्रतिवादी डेरूप घलेको जग्गामा लुकाई राखिएको ९८ थान प्रतिबन्धित रक्तचन्दन बरामद भै आएको अवस्थामा निजलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर्याएको सुरू रसुवा जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला त्रुटिपूर्ण छ। प्रतिवादी डेरूप घलेलाई समेत अभियोग मागदाबीबमोजिम सजाय गरिपाऊँ।

बरामद भएको प्रतिबन्धित रक्तचन्दन CITES महासन्धिको अनुसूचीमा सूचीकृत गरिएको छ। CITES महासन्धिको पक्ष राष्ट्र नेपाल भएकाले नेपाल उक्त सन्धिबाट सृजित दायित्व पालना गर्न बाध्य छ। सन्धि ऐन, २०४७ अनुसार नेपाल पक्ष भइसकेको यस सन्धिका प्रावधानहरू राष्ट्रिय कानूनसरह लागू हुन्छन्। राष्ट्रिय कानूनमा व्यवस्था नभएको भन्ने आधारमा नै अन्तर्राष्ट्रिय कानूनले नै निषेध गरेको कार्य गर्ने छुट कोही कसैलाई हुँदैन। राष्ट्रिय कानूनमा प्रस्ट छैन भन्दैमा अदालतले विश्वभरबाट संरक्षित र नष्ट हुन सक्ने भनी CITES को अनुसूचीमा सूचीकृत गरिएको रक्तचन्दनलाई काट्ने, ओसारपसार गर्ने, बिक्री वितरण गर्दै जाने गरेको कार्यलाई कानून छैन भनी छाड्दै जाने हो भने भावी सन्ततीले यस प्रजातिका रूखहरूको अध्ययन अनुसन्धान र उपयोग गर्नबाटसमेत वञ्चित हुन सक्ने अवस्था आउँछ। यसैले अदालतलेसमेत CITES अन्तर्गत रही प्रस्तुत विवादको समाधान खोजिनु आवश्यक देखिन्छ भनी बहस गर्नुभयो।

प्रतिवादी होमनाथ अधिकारीको तर्फबाट भएको बहसः

पुनरावेदन प्रतिवादी होमनाथ अधिकारीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री पूर्णचन्द्र पौडेलले नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(४) ले No Law No Crime को अवधारणालाई आत्मसात् गरेको छ। कानूनले अपराध घोषित नगरेको कार्यबापत कोही पनि दण्डको भागिदार हुन सक्दैन। रक्तचन्दनको ओसारपसारलाई हाम्रो कानूनले अपराध भनेको पनि छैन। वन मन्त्रालयको

परिपत्रका आधारमा मेरो पक्षलाई दोषी ठहर गरी सजाय गर्नु वर्तमान संविधानविपरीत हुन्छ। रक्तचन्दनको कारोबारलाई CITES को अनुसूचीमा राखी नियन्त्रण गरिएको छ। CITES महासन्धि कार्यान्वयन गर्न सदस्य राष्ट्रले राष्ट्रिय कानून बनाई कार्यान्वयनमा ल्याउनुपर्ने हुन्छ। तर व्यवस्थापिकाले हालसम्म पनि CITES को प्रावधानलाई लागू गर्ने गरी कानून बनाएको छैन। CITES मा नेपाल पक्ष राष्ट्र पनि नबनेको हुँदा उक्त सन्धिका प्रावधानहरू नेपालमाथि लागू हुन सक्दैन साथै महासन्धिका प्रावधानहरू सदस्य राष्ट्रमाथि मात्र लागू हुन्छ, नागरिकमाथि सिधै लागू गर्न मिल्दैन। मेरो पक्षको अनुरोधमा केही दिनको लागिमात्र बरामद भएका काठ राखिदिई सहयोग गर्ने गरी निज मिलन तामाङले राखिदिएको हो। मेरो पक्षले अनुरोधसम्म गरेको मात्र हो। यस्तो अवस्थामा मेरो पक्षलाई कैद र जरिवाना हुने ठहर्याएको सुरू फैसला सदर गरेका पुनरावेदन अदालत, पाटनको फैसला उल्टी गरी अभियोग मागदाबीबाट फुर्सद दिलाइपाउँ भनी बहस गर्नुभयो।

प्रतिवादी मिलन तामाङको तर्फबाट भएको बहसः

प्रतिवादी मिलन तामाङको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री बच्चुसिंह खड्काले प्रतिवादीमध्येका होमनाथ अधिकारीको सिफारिसमा केही दिनको लागि आफ्नो जग्गामा फर्निचर बनाउने काठ हो भनेकाले राखिदिएकोसम्म हो। बरामद भएको भनिएको रक्तचन्दन खरिद गरी बिक्री गर्ने उद्देश्यले ल्याई राखिएको होइन। रक्तचन्दन हो भन्ने कुरा थाहा पनि थिएन। वन ऐनले निर्धारण गरेको प्रक्रियासमेत पूरा नगरी बरामदी मुचुल्का खडा भएकाले त्यस्तो बरामदी मुचुल्कालाई मान्यता दिन कानूनतःमिल्दैन। रक्तचन्दनको सञ्चयलाई नेपाल कानूनले अपराध भनी घोषणा पनि नगरेको हुँदा त्यससँग सम्बन्धित कार्य अपराध हुने अवस्था नै आउँदैन। रक्तचन्दनलाई CITES को अनुसूचीमा संरक्षित वनस्पति भनी सूचीकृत गरिएको छ। यसको ओसारपसार गर्दा पुर्याउनुपर्ने प्रक्रिया तोकिएको छ तर अपराध भनिएको छैन। रक्तचन्दनको ओसारपसार तथा सञ्चय गर्न मिल्दैन भनी राष्ट्रिय कानून बनाई त्यस्तो कार्यलाई अपराध भनी घोषणा पनि नगरिएको अवस्थामा मेरो पक्षलाई सजाय हुने ठहर्याएको रसुवा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला उल्टी गरी अभियोग माग दाबीबाट सफाइ दिलाइ पाउँ भनी बहस गर्नुभयो।

विद्वान् अधिवक्ता तथा विद्वान् उप-न्यायाधिवक्ताले गर्नुभएको तर्कपूर्ण बहस तथा पुनरावेदनसहितका मिसिल संलग्न कागजात अध्ययन गरी प्रस्तुत मुद्दामा निम्न विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

(१) पुनरावेदक प्रतिवादीहरू रक्तचन्दनको ओसारपसार तथा सञ्चय गर्ने कार्यमा संलग्न छन् वा छैनन् ?

(२) प्रतिवादीहरूले जानाजान नियतवस रक्तचन्दन ओसारपसार गरेका हुन् वा होइनन्?

(३) बरामदी मुचुल्का रीतपूर्वक खडा भएको हो होइन ?

(४) रक्तचन्दन ओसारपसारको कार्यलाई कानून वा अन्तर्राष्ट्रिय महासन्धिले प्रतिबन्धित गरेको छ वा छैन ?

(५) CITES मा उल्लेख भएका प्रावधानलाई राष्ट्रिय कानून बनाई लागू गर्नुपर्दछ वा कानून नबनाए पनि सिधै महासन्धिका प्रावधानहरूलाई राष्ट्रिय कानूनसरह कार्यान्वयन गर्न सकिन्छ ?

(६) बरामद भएको रक्तचन्दनको मोल बिगो कति हो भनी अदालतले बुझ्न सक्छ सक्दैन ?

(७) प्रतिवादीहरूलाई हुने ठहर्याएको सजाय मिलेको छ छैन ?

प्रतिवादीहरू रक्तचन्दनको ओसारपसार तथा सञ्चय गर्ने कार्यमा संलग्न छन् वा छैनन् ?

२. प्रतिवादी मिलन तामाङले बरामद भएको रक्त चन्दनको सङ्ख्यामा र बरामदी मुचुल्काको रित बेरीतको विषयमा विवाद गरे पनि निजको घर कम्पाउन्डबाट रक्त चन्दन बरामद भएको हो भन्ने तथ्यमा निज अदालतमासमेत साबित रहेको देखिन्छ। तथ्यहरूमा केही फेरबदल गरेपनि मिलन तामाङसँग कुरा गरी उसको घर कम्पाउन्डमा बरामद भएको रक्त चन्दन राख्न लगाएको तथ्यमा प्रतिवादी होमनाथ अधिकारी अदालतमासमेत साबित रहेको देखिन्छ। तसर्थ प्रतिवादी मिलन तामाङको घर कम्पाउन्डमा मिलन तामाङ र होमनाथ अधिकारी दुवैको पूर्ण संलग्नतामा रक्त चन्दन राखिएको हो भन्ने कुरा जानेर राख्यो वा नजानेर राख्यो वा झुक्किएर राख्यो आदि जे भएपनि मुख्य कुरा निजहरूले बरामद भएको रक्तचन्दन राखेको हो भन्ने तथ्यमा विवाद रहेको देखिँदैन। तसर्थ बाहिरबाट आएको रक्तचन्दन राख्ने कार्य निजहरूबाट भएको देखिँदा निजहरूले रक्तचन्दनमा ओसारपसार गरेका हुन् भन्ने तथ्य स्थापित भएको देखिन आयो।

३. प्रतिवादीमध्येका डेरूप घलेले कसुरमा इन्कार रही आफ्नो घर गोल्जुङमा भए पनि गोठ ८-१० कोष टाढा भई सोही गोठमा बसी खेतीपातीसमेत गर्दै आउने गरेको छु भनी आफ्नो बयानमा उल्लेख गरेको देखिन्छ। सह-अभियुक्तहरू होमनाथ अधिकारी र मिलन तामाङले रक्तचन्दन राख्ने कार्यमा यी प्रतिवादीको संलग्नता रहे भएको भनी उल्लेखसम्म गरेका छैनन्। गोठमा बस्दै आएको हुँदा रक्तचन्दनको ओसारपसार तथा सञ्चयमा प्रतिवादी डेरूप घलेको संलग्नता छैन भनी निजको साक्षी ग्याल्साङ तामाङको बकपत्रमा उल्लेख भएको पाइन्छ। मिसिल संलग्न बरामदी मुचुल्का हेर्दा प्रतिवादी डेरूप घलेको घर गोठ कम्पाउन्डभित्रबाट रक्तचन्दन बरामद भएको नभई प्रतिवादीको जग्गाबाट बरामद हुँदैमा त्यसैका आधारबाट जग्गाधनीलाई दोषी भन्न न्यायोचित हुँदैन। अपितु, सो जग्गामा राख्ने जग्गाधनीको सहमति छ वा छैन भनी खोजिनु पर्ने हुन्छ। प्रतिवादी डेरूप घले गोठमा बस्दै आएका र सह-अभियुक्तले आफ्नो बयानमा यी प्रतिवादीको नामसम्म पनि

उल्लेख गर्न नसकेको अवस्थामा प्रतिबन्धित रक्तचन्दन राख्नमा यी प्रतिवादीको सहमति थियो भन्न सकिएन। कसुर ठहर गर्नुलाई प्रतिवादीको कसुरमा संलग्नता थियो भन्नलाई कसुर प्रमाणित हुन ठोस सबुद प्रमाणको आवश्यक हुन्छ। कसैले वास्तविक धनीको सहमति वा मन्जुरीको अभावमा प्रतिबन्धित वस्तु राखिदिँदैमा त्यसको स्वामीलाई दोषी ठहर गर्नु न्यायसङ्गत देखिँदैन। प्रतिवादी डेरूप घले कसुरमा इन्कार रही बयान गरेको र निजको इन्कारी बयान अन्य प्रमाणबाट पुष्टि भएको अवस्था हुँदा रक्तचन्दन ओसारपसारमा निजको संलग्नता देखिन आएन।

प्रतिवादीहरूले जानाजान नियतबस रक्तचन्दन ओसारपसार गरेका हुन् वा होइनन् ?

४. पुनरावेदक प्रतिवादीहरू होमनाथ अधिकारी र मिलन तामाङले रक्तचन्दन हो भन्ने कुरा नजानेर, थाहा नपाएर, साधारण काठ होला भन्ठानी राखेको र राख्न लगाएको हो भन्ने जिकिर लिएको देखिन्छ। कसैबाट कुनै अवैध सामग्री बरामद भएमा थाहा नपाएर राख्ने काम गरेको हो भने पनि कसुरबाट सहजरूपमा छुटकारा मिल्ने हुँदैन। थाहा पाएर गरे पनि थाहा नपाएर गरे पनि कसुर त कसुर नै हुन्छ। अन्यथा जिकिर लिने हो भने सो प्रमाणित गर्ने भार प्रतिवादीमै रहन्छ। थाहा नपाएको तथ्यको जिकिरले मात्र निर्दोषिता साबित गर्न पर्याप्त हुँदैन, तसर्थ कुनै तथ्यको गलत बुझाइबाट आफूसँग अवैध सामग्री रहन गएको हो भन्दैमा निर्दोष भनी मानिँदैन अपितु निर्दोष भएको प्रमाण प्रतिवादीले दिनुपर्ने हुन्छ। त्यस्तो कुनै प्रमाण प्रतिवादीहरूबाट आउन सकेको देखिँदैन। पुनश्चः रक्तचन्दन स्वाभाविकरूपमा बाहिर देखिने गरी राखेको नभई जमिनमा खनी खाल्टोमा गाडेको तथ्यबाट प्रतिवादीहरूले गरेको कार्य लुकाएछिपाएको देखिई प्रतिवादीहरूको नियत सफा रहेको भन्न सकिने अवस्था रहेन। तसर्थ प्रतिवादीहरू होमनाथ अधिकारी र मिलन तामाङले जानाजान नियतसाथ रक्तचन्दनको ओसारपसार गरेका हुन् भन्ने कुरा पनि स्थापित भएको देखियो।

बरामदी मुचुल्का रितपूर्वक खडा भएको हो होइन ?

५. पुनरावेदक प्रतिवादीहरूले बरामदी मुचुल्काको रित बेरीतको कुरा उठाएतर्फ विचार गर्दा कुनै वस्तु बरामद भएको हो होइन भन्ने कुरा प्रमाणित गर्नु पर्दा बरामदी मुचुल्काको प्रसङ्ग आउँछ। बरामदी मुचुल्का बरामदी भएको तथ्यलाई साबित गर्नको लागि बनेको प्रमाण हो। बरामद भएको तथ्यमा विवाद भएको अवस्थामा बरामदी मुचुल्काको सत्यता जाँचिने हुँदा बरामदी मुचुल्का तयार हुँदा रित बेरीत के भयो भनी हेरिने अवस्था आउन सक्दछ। बरामदी भएको तथ्यमा विवाद नै नरही स्थापित भइसकेको अवस्थामा बरामदी मुचुल्काको रित, बेरीत र मूल्याङ्कन गर्नुपर्ने कुनै अवश्यकता नै पर्दैन। तसर्थ बरामदी मुचुल्काको रित बेरीतको प्रश्न उठाएको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

" रक्तचन्दन ओसारपसारको कार्यलाई कानून वा अन्तर्राष्ट्रिय महासन्धिले प्रतिबन्धित गरेको छ वा छैन ?'"

६. रक्तचन्दनको ओसारपसारलाई प्रचलित कानूले अपराध मानेको छैन, कानूनले नै कसुर नमानेको र सजाय नगरेको अवस्थामा अदालतले कसुरदार ठहर्याई सजाय गरेको नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(४) को विपरीत भएको छ भनी पुनरावेदक प्रतिवादीहरूको जिकिर रहेको देखियो। प्रतिवादीहरूलाई वन ऐन, २०४९ को दफा ४९ (घ) को अभियोग लागेको देखिन्छ। उक्त दफा ४९ (घ) मा "वन क्षेत्रबाट वन पैदावार हटाउन, ओसारपसार गर्न वा बिक्री वितरण" गर्न नहुने गरेमा कसुरदार हुने कानूनी व्यवस्था रहेको देखिन्छ। बरामद भएको रक्त चन्दन (Petrocarpus santilinus) वन पैदावारबाट हो भन्ने तथ्यमा पनि विवाद हुन सक्ने देखिन आएन। रक्तचन्दन वन पैदावार भएको र पुनरावेदक प्रतिवादीहरूले राखेको राख्न लगाएको तथ्य स्थापित भइसकेको यस स्थितिमा निजहरूले वन पैदावार ओसारपसार गरेका हुन् भनी मान्नुपर्ने देखियो।

७. वन ऐन, २०४९ को दफा ४९ को सुरू वाक्यांशमा "यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था भएकामा बाहेक राष्ट्रिय वनमा देहायका काम कारवाही गर्न गराउन–.." नहुने भनी देहायमा उक्त (घ) राखिएको देखिन्छ। राष्ट्रिय वनमा देहायको काम कारवाही गर्न गराउन नहुने भनेकाले उक्त दफा आकृष्ट हुन राष्ट्रिय वनमा त्यो कार्य भएको हुनुपर्ने अनिवार्य तत्त्व हो भन्ने तर्क पुनरावेदक प्रतिवादीहरूको रहेको छ। त्यस्तै गरी वन ऐन, २०४९ को दफा २ (ङ) ले राष्ट्रिय वन नेपालभित्रको वन हुनै पर्ने अनिवार्यता र रक्तचन्दन (Petrocarpus santilinus) नेपालको कुनै पनि वनमा नपाइने सत्यताको आधारमा यो राष्ट्रिय वन पैदावार होइन, त्यसैले यो दफा ४९ को कसुर होइन र सजाय पनि गर्न मिल्दैन भन्ने तर्क पुनरावेदक प्रतिवादीहरूको रहेको देखिन्छ।

८. Convention on International Trade in Endangered Species of Wild Funa and Flora (CITES) ले यो संसारबाट लोप हुनै थालिसकेको, रोकथाम नगरे लोप हुन सक्ने स्थितिमा पुगेको र यी दुवै स्थितिभन्दा अलि कम खतरामा परेका भनी Flora र Funa लाई लोप हुन सक्ने जोखिमको आधारमा तीन वर्गमा छुट्याई तीन परिशिष्टहरू बनाएको देखिन्छ। जसमध्ये परिशिष्ट-२ (Appendix II) मा रक्त चन्दन (Petrocarpus Santilinus) मिति ४।११।२०५१ (२।१६।१९९५) देखि परेको देखिन्छ। परिशिष्ट-२ (Appendix II) को विषयमा उक्त Convention को उपधारा २ निम्नानुसार रहेको देखिन्छ।

Article - II २. Appendix II shall include:

All species which although not necessarily now threatened with extinction may become so unless trade in specimens of such species is subject to strict regulation in order to avoid utilization incompatible with their survival; and

Other species which must be subject to regulation in order that trade in specimens of certain species referred to in sub- paragraph (a) of this paragraph may be brought under effective control.

९. तसर्थ परिशिष्ट-२ (Appendix II) मा परेको रक्तचन्दनको हकमा कडा नियन्त्रण नगरिएमा यो लोप हुन सक्ने वैज्ञानिक विचारलाई पनि यस Convention ले आत्मसाथ गरेको देखिन्छ। यस प्रकार अन्तर्राष्ट्रिय महासन्धिले रक्तचन्दनको ओसारपसारलाई नियन्त्रण गरी रोक लगाएको देखियो। CITES को परिशिष्ट-२ (Appendix II) मा रक्तचन्दन पर्नुपूर्व मिति ४।३।२०३२ (June १८, १९७५ बुधबार) देखि नै नेपालको हैसियत उक्त महासन्धिलाई स्वीकृत, समर्थन वा अनुमोदन गरी पक्षसरह भई सोमा सम्मिलित भएको देखिन्छ। नेपाल CITES को सदस्य राष्ट्र वा पक्ष भएपछि नेपालको हकमा CITES को अवस्था के हुन्छ भनी विचार गर्दा उक्त Convention को धारा (h) मा "Party" means a state for which the present convention has entered into force भनी उक्त धाराअनुसार त्यो नेपालमा लागू हुनुपर्ने र मिति ३१।५।२०३२ (Sept. १६, १९७५) देखि लागू (सुरूवात) भएको पनि देखिन्छ। उक्त Convention को धारा II को उपधारा ४ ले "the parties shall not allow trade in specimens of species including in Appendices I, II and III except in accordance with the provision of the present convention." भन्ने कुरा उल्लेख गरेको हुँदा पनि नेपाल एकपक्ष भएकाले यसप्रति संवेदनशील हुने कर्तव्य र दायित्व अझ थपिएको छ। यसप्रकार CITES महासन्धिको प्रावधानबेगर रक्तचन्दनको खरिद र बिक्री व्यापारलाई प्रतिबन्धित गरेको छ र अन्तर्राष्ट्रिय महासन्धिको पक्ष नेपाल पनि भएको हुँदा यसको परिपालना नेपालमा गरिनुपर्ने र नेपालमा लागू भइसकेको भनी धारा १ (h) अनुरूप मान्नुपर्ने देखिन आयो।

CITES मा उल्लेख भएका प्रावधानलाई राष्ट्रिय कानून बनाई लागू गर्नुपर्दछ वा कानून नबनाए पनि सिधै महासन्धिका प्रावधानहरूलाई राष्ट्रिय कानूनसरह कार्यान्वयन गर्न सकिन्छ ?

१०. CITES मा उल्लेख भएका प्रावधानलाई राष्ट्रिय कानून नबनाएसम्म लागू गर्न मिल्दैन भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिरतर्फ विचार गर्दा नेपाल राष्ट्र पक्ष भएका वा यसले अनुमोदन

गरेका महासन्धिहरूअनुरूप राष्ट्रिय कानून बनाई लागू गर्नु सहज सरल र स्वाभाविक तर्क हो। त्यसरी कानून बनिने कार्य राम्रै हुन्छ। तर नेपालले कुनै कानून नै बनाएको छैन त्यसैले नेपाल सम्मिलित भएको वा यसले अनुमोदन गरेको सन्धि लागू गर्न मिल्दैन भन्नु अर्कै कुरा हो। महासन्धिका प्रावधानहरू कानून नबनाई लागू गर्न मिल्दैन भन्ने कुनै कानूनी प्रावधान रहेको देखिँदैन। अपितु, नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) अनुसार संविधान सभाबाट अनुमोदन, सम्मिलित, स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुने र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानूनसरह लागू हुने भन्ने व्यवस्था भई सन्धिका व्यवस्था कानूनसरह मात्र होइन अपितु, यो प्रचलित कानूनसँग बाझियो भने भइरहेको प्रचलित कानून अमान्य हुने भनी अन्य कानूनभन्दा माथिको दर्जामा राखेको पाइयो। नेपाल सन्धि ऐन, २०४७ को दफा २(क) ले सन्धिको परिभाषा गर्दा दुई वा दुईभन्दा बढी राज्यहरू वा कुनै राज्य र अन्तर सरकारी सङ्गठनबिच लिखितरूपमा सम्पन्न भएको सम्झौता सम्झनुपर्छ। CITES अन्तर्राष्ट्रिय महासन्धि दुईभन्दा बढी राष्ट्रहरूको बिच सम्पन्न भएको लिखित सम्झौता हो। दुईभन्दा बढी राष्ट्रहरू सम्मिलित भई सम्पन्न भएको अन्तर्राष्ट्रिय महासन्धिको समर्थन र स्वीकार गर्ने पक्ष वा सदस्य राष्ट्र नेपाल भएकाले यहाँको प्रचलित कानूनमा अन्यथा व्यवस्था भए पनि महासन्धिमा उल्लिखित प्रावधान नै लागू हुने देखियो। यसप्रकार CITES को धारा १ (h) र नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) अनुरूप उक्त CITES महासन्धिलाई कानून नै मान्नु पर्ने भयो। तसर्थ यस अदालतबाट निस्सा दिइँदा महासन्धिअनुरूप छुट्टै कानून नबनेको भनी लिइएको आधारसँग यो इजलास सहमत हुन सकेन।

बरामद भएको रक्तचन्दनको मोल बिगो कति हो भनी अदालतले बुझ्न सक्छ सक्दैन ?

११. प्रतिवादीहरू विरूद्ध वन ऐन, २०४९ को दफा ५० (१) (घ) को दाबी लिएको देखिन्छ। उक्त ऐनले बिगोको आधारमा सजाय हुने व्यवस्था गरेको देखिन्छ। रक्तचन्दनको परिमाण के कति हो खुले पनि सोको के कति मोल बिगो खुलेको अवस्था थिएन। उक्त दफाअनुसार १ वर्षसम्म कैद हुन बिगो अङ्क रू.५,०००।- भन्दा बढीको देखिनुपर्ने हुन्छ र जरिवाना हुँदा पनि बिगोको दोब्बर हुने हुनाले बिगो अङ्क यकिन गर्नु पर्ने अवस्था यस मुद्दामा देखिएको हो। वादी नेपाल सरकारले वन ऐन, २०४९ को दफा ५० (१) (घ) को दाबी लिएपछि अदालतले सो बिगोको यकिन गर्नु पर्ने अवस्था आयो। तसर्थ बिगो अङ्कतर्फ नेपाल सरकारले बरामद भै आएको रक्तचन्दनको बिगोको अङ्क खुलाएको नदेखिँदा सुरू रसुवा जिल्ला अदालतले दुई ठाउँबाट बरामद भई आएको रक्तचन्दन कुन-कुन ठाउँबाट के कति मूल्यको रक्तचन्दन बरामद भै आएको हो खुलाई

पठाई दिन भनी जिल्ला वन कार्यालयलाई पत्राचार गर्दा सो कार्यालयले मिलन तामाङको घर कम्पाउन्डबाट रू.५,३०,२७६।५८ र डेरूप घलेको नम्बरी आवादीबाट रू. २,३५,९२७।६३ बराबरको रक्तचन्दन बरामद भै आएको भनी पत्राचार गरेको मिसिलबाट देखिन आयो। अदालतले निर्णय गर्दा वादीले दाबी लिएको कुरा पुग्ने हो होइन भन्नलाई केही कुरा बुझ्न र खुलाउन पर्ने भए बुझ्न र खोलाउन सक्ने हुन्छ। नेपाल सरकारले ऐनको दाबी नै नलिएको नभई दाबी लिएको देखियो फगत अङ्क नखुलेकोसम्म देखिँदा दाबीअनुरूपको कानून ठहर हुँदा के कस्तो सजाय हुन सक्छ भन्नलाई बिगो खुलाइएकोलाई दाबी नै नभएको वा दाबी फेरिएको भन्ने पुनरावेदकहरूले उठाएको तर्क र यस अदालतबाट निस्सा प्रदान गर्दा लिइएको आधारसँग सहमत हुन सकिएन।

१२. पुनरावेदक वादीले प्रतिवादीहरूलाई बिगोको दोब्बर जरिवाना नगरेको हुँदा सो बदर गरी सबै प्रतिवादीहरूलाई बिगोको दोब्बर जरिवाना गरिपाउँ भन्ने पुनरावेदन जिकिर लिएको पाइन्छ। वन ऐन, २०४९ को दफा ५०(४) मा "पाँच हजारभन्दा बढी बिगो भए बिगोको दोब्बर जरिवाना वा एक वर्ष कैद वा दुवै सजाय गर्नुपर्छ" भन्ने उल्लेख भएको पाइन्छ। सुरू जिल्ला अदालतले बरामद भएको बिगोका आधारमा प्रतिवादीहरू होमनाथ अधिकारी र मिलन तामाङलाई बिगो रू.५,३०,२७६।५८ को दोब्बरले हुन आउने रू.१०,६०,५५३।१६ जरिवाना गरेको देखिन्छ। बरामद भएको बिगोलाई दामासाही गरी दोब्बर जरिवाना गर्नु भन्नु र बिगोलाई दोब्बर गरी जरिवाना दामासाही गर्नु वस्तुतः हिसाबबाट उत्तिनै हुने देखिन्छ। जुनसुकै हिसाबबाट अङ्क निर्धारण गरे पनि कानूनले हुने भनेको जरिवाना हुनुपर्छ। प्रस्तुत मुद्दामा जिल्ला अदालतले पुनरावेदक प्रतिवादीहरूलाई जरिवाना हुने भनी निर्धारण गरेको अङ्क अन्यथा देखिन आएन।

प्रतिवादीहरूलाई हुने ठहर्याएको सजाय मिलेको छ छैन ?

१३. कानूनबमोजिम बाहेक कसैलाई सजाय गर्न मिल्दैन भन्ने कुरामा विवाद हुन सक्दैन। देशमा न्यायिक पद्दति र न्यायिक संयन्त्रहरू न्याय सम्पादन गर्न र न्यायप्रति जनविश्वास दिलाउन समर्थ रहनुपर्दछ। हाकाहाकी कसैले अपराध गरेको स्पष्ट देखिन्छ र सबैले देख्ने गरी गर्दछ भने ऊ दण्डित हुनै पर्दछ। अन्यथा न्यायिक पद्धति कै उपहास हुन पुग्ने छ। पीडितलाई न्याय दिनु र अपराधीलाई दण्डित गर्नु नै सबै न्याय पद्दतिको मुख्य उद्देश्य हो। न्याय गरिँदा वा दण्ड दिइँदा कानून औजारको रूपमा प्रयोग हुनेसम्म हो। न्याय सर्वोपरी हो र यसलाई कसरी सार्थक तुल्याउने भन्ने कुरा कानूनको प्रयोग र यसको व्याख्याबाट गरिने हुन्छ। शङ्काको अवस्थामा नरम दिलबाट हेरिनु एउटा अर्थ हुन सक्छ तर देखादेखी अपराध गर्ने अपराधीलाई कसरी दण्डित गर्ने हो भन्ने सोचबाट न्यायिक निर्णय हुने हो। स्पष्ट अपराधी हो भन्ने कुरा प्रमाणबाट देखिँदा देखिँदै कसरी यसलाई कानूनी दायराबाट राहत दिने वा उम्काउने हो भनी कानूनी दाउपेच वा शब्द र अक्षरको

खेल गरी सोचिनु कदापि हुँदैन। प्रस्तुत मुद्दामा प्रतिवादीहरू मिलन तामाङ र होमनाथ अधिकारीले रक्तचन्दन ओसारपसार गरी अपराध गरेका र सो कार्य CITES को बर्खिलाप भएको स्पष्ट देखिँदा निज कसुरदारहरूलाई सजाय हुनुपर्ने नै देखिन आयो।

१४. प्रतिवादीहरू मिलन तामाङ र होमनाथ अधिकारीले वन पैदावार विदेश निकासी तथा पैठारीका सम्बन्धमा भन्सारपत्र र आधिकारिक प्रमाणपत्र लिई विदेशबाट आयात गरी बिक्री वितरण गर्न कुनै अनुमति लिएको प्रमाणसमेत पेस गर्न सकेको पाइँदैन। पुनरावेदक प्रतिवादीहरूलाई के कति सजाय हुनुपर्ने हो भनी विचार गर्दा वन पैदावर ओसारपसार गर्दा हुने सजायको व्यवस्था वन ऐन, २०४९ को दफा ५० मा गरेको देखिन्छ। प्रतिवादीहरू विरूद्ध रक्तचन्दन ओसारपसार गरेको दाबी रहेको र ओसारपसार गरेमा हुन सक्ने सजाय दफा ५०(१)(घ) मा व्यवस्थित गरेको देखियो। बरामद भएको रक्तचन्दन रू. ५,०००।- भन्दा बढीको भएकाले प्रतिवादीहरूलाई उक्त वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) अनुरूप सजाय गरेको हदमा मिलेकै देखिन आयो।

१५. अतः माथि विश्लेषण गरिएबमोजिम प्रतिवादी डेरूप घलेले अभियोग मागदाबीबाट सफाइ पाउने र अन्य प्रतिवादीहरू मिलन तामाङ र होमनाथ अधिकारीलाई अभियोग माग दाबीबमोजिम जनही चार (४) महिना कैद र बिगो रू ५,३०,२७६।५८ को दोब्बरले हुन आउने रू १०,६०,५५३।१६ दामासाहीले जरिवाना भई बरामद भई आएको रक्तचन्दन जफत हुने ठहर्याएको रसुवा जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।७।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठर्हछ। दुवै पक्षको पुनरावेदन जिकिर पुग्न सक्दैन। दुवै पक्षको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू।

उक्त रायमा सहमत छु।

न्या. जगदीश शर्मा पौडेल

इति संवत् २०७१ साल पुस १६ गते रोज ४ शुभम्।

खण्ड २
वन्यजन्तुसँग सम्बन्धित मुद्दाहरु

७. मुद्दाः गैंडा मारी खाग विक्री

भाग ५२	निर्णय नं. ८५०३	ने.का.प. २०६७	अङ्क ११
सर्वोच्च अदालत, संयुक्त इजलास			
माननीय न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री रणबहादुर बम			
संवत् २०६६ सालको फौ.पु.नं. ००७९, ००२३			
फैसला मितिः २०६७।८।८।४			

पुनरावेदक प्रतिवादीः जिल्ला चितवन, गा.वि.स. सिद्धि वडा नं. ३ घर भई हाल कारागार शाखा भरतपुर चितवनमा थुनामा रहेको बमबहादुर प्रजा

विरुद्ध

सहायक संरक्षण अधिकृत कमलजङ्ग कुँवरको जाहेरीले नेपाल सरकार

पुनरावेदक प्रतिवादीः जिल्ला नवलपरासी, गा.वि.स. प्रतापनगर वडा नं. १ घर भई हाल कारागार कार्यालय रुपन्देही भैरहवामा थुनामा रहेको बेदबहादुर बोटे

विरुद्ध

प्रत्यर्थी वादीः सहायक संरक्षण अधिकृत कमलजङ्ग कुँवरको जाहेरीले नेपाल सरकार

शुरु फैसला गर्नेः

प्रमुख संरक्षण अधिकृत श्री मेघबहादुर पाण्डे

पुनरावेदन फैसला गर्नेः

मा.न्या. श्री राजेन्द्रप्रसाद राजभण्डारी
मा.न्या. श्री गिरीराज पौड्याल

पुनरावेदक प्रतिवादी तर्फबाटः विद्वान अधिवक्ता श्री रामप्रसाद अर्याल र विद्वान अधिवक्ता श्री युवराज ओली

प्रत्यर्थी वादी तर्फबाटः

अवलम्बित नजीरः

सम्बद्ध कानूनः

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५क र १९(१) दफा २६(१) २७

- *अदालतले वयान वकपत्र गराउँदा शक्तिको प्रयोग गर्दैन र त्यहाको काम स्वतन्त्रपूर्वक हुन्छ भन्ने ठानिन्छ। यो सर्वमान्य मान्यता र वास्तविकरता पनि हो। प्रमाण ऐन २०३१ को दफा २(क) ले मुद्दा हेर्ने अधिकारीलाई समेत अदालतको परिभाषाभित्र समेटेको छ। प्रतिवादीले मुद्दा हेर्ने अधिकारीसमक्ष वयान गरेका छन्। प्रमाण ऐन २०३१ को दफा ९ मा अदालत बाहेक अन्यत्र गरेको कागज स्वतन्त्रपूर्वक भएको छैन भनी प्रमाणित भएको स्थितिमा मात्र त्यस्तो वयान वा कागजलाई मान्यता दिन नमिल्ने हो। मौकाको वयान नै स्वेच्छाले भएको होइन भनी प्रतिवादीले पुष्टि गर्न नसकेको स्थितिमा मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको वयानलाई स्वेच्छापूर्वक भएको होइन भनेकै आधारमा प्रतिवादीको वयान स्वच्छापूर्वक भएको छैन र सो वयान निजको विरुद्ध प्रमाणमा लिन मिल्दैन भन्न नमिल्ने।*
- *अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको वयान नै स्वतन्त्र छैन भन्ने कुरा मान्ने हो भने समग्र न्याय प्रणाली र कानूनी पद्धति नै परिवर्तन गर्नुपर्ने स्थिति आउँछ। त्यसैले अदालत र मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको वयान स्वतन्त्रपूर्वक भएको छैन भन्ने जिकीरलाई कानूनी मान्यता र सिद्धान्तको आधारमा नै स्वीकार गर्न नसकिने।*

(प्रकरण नं.४)

फैसला

न्या. खिलराज रेग्मीः न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) अनुसार पुनरावेदन अदालत हेटौंडाको मिति २०६६।२।३ को फैसलाउपर प्रतिवादीहरूको तर्फबाट पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

२०५८ साल फागुन महिनाको अन्तिम हप्तातिर निकुञ्ज क्षेत्रभित्र गैडा मार्न जाने व्यक्ति बमबहादुर प्रजा समेतलाई आफ्नो घरमा बास बस्न दिई मिति २०५८।१२।१४ को मुचुल्कासँग सम्बन्धित गैडा मारेको कार्यमा संलग्न भएको एवं त्यस कार्यमा सहयोग पुर्याएबापत बमबहादुर प्रजाबाट बेदबहादुर बोटेले रु.५०,०००।- (पचास हजार) लिएको भनी सुराकीबाट खुल्न आएकोले जिल्ला नवलपरासी प्रगतिनगर १ दलदले बस्ने वर्ष ३७ का बेदबहादुर बोटेलाई पक्राउ गरी

कानूनी कारवाहीको लागि पेश गरेको छु भन्ने बेहोराको स.सं.अ कमलजङ्ग कुँबरको जाहेरी प्रतिवेदन।

मिति २०५८।१२।१३ गते चि.रा.नि.अन्तर्गत लौखानी प्रवेशद्वारवाट खटी गएको गस्ती टोलीले पूर्वमा मर्दिघोल, पश्चिममाकुमारवर्ती सामुदायिक वन, उत्तरमा सिर्केटापु, दक्षिणमा बादरझुला यी चौहद्धिभित्र रा.नि.को कालिवन क्षेत्रमा १५,२० दिन अगाडि मारेको, खाग धारिलो हतियारले काटी लगेको, अन्दाजी १४।१५ बर्षको मृत गैंडा फेला परेको भन्ने बेहोराको मृत गैंडाको स.सं.अ. टीकाराम अधिकारी समेतले लेखाई दिएको घटनास्थल प्रकृति लास जाँचको मुचुल्का।

गैडा मारेको मुद्दामा हाल कारागार शाखा भरतपुरमा २०५९ माघमा थुनामा रहेको मेरो घर नजिकको छिमेकी जिल्ला नवलपरासी बस्ने सानोकान्छा भन्ने नरबहादुर वि.क.ले., गैंडा मारेको मुद्दामा हाल कारागार शाखा भरतपुरमा थुनामा रहेका जिल्ला चितवन सिद्धि गा.वि.स.वडा नं. ३ बस्ने बमबहादुर प्रजा र निजसँगै आउने जिल्ला चितवन पदमपुर घर बताउने विजय लामालाई चिनाई दिई, घरमा वास वस्न दिनु, उनीहरू गैडा मार्न जान्छन्, पछि पैसा पाउँछस् भनी भनेका थिए।उनीहरू २०५८ साल फागुन महिनाको अन्तिम सातातिर नारायणी नदीपारी निकुञ्ज क्षेत्रभित्र गैडा मार्न गएको हुन् र खाग विक्री भएपछि रु.५०,०००।- (पचास हजार) बमबहादुर प्रजाले मलाई दिएको हो।उक्त रकम मध्ये रु.१५,०००।- भाईलाई आमाको उपचार गराउँदा ऋणस्वरुप दिएको र केही घर खर्च गरेको हुँ।नरबहादुर पक्राउ परेपछि २०५९ माघ महिनामा रु.७,०००।- लिई भारत गै भारतको दिल्लीस्थित नमोडा गार्मेन्टमा काम गरी बसेँ भन्ने बेहोराको बेदबहादुर बोटेको बयान।

बेदबहादुर बोटेको बयानबाट खुल्न आएको, गैडा मार्नलाई वेदबहादुर वोटेको घरमा वास वसेका जिल्ला चितवन पदमपुर गा.वि.स.वडा नं. १ बस्ने विजय लामालाई पक्राउ गरी पेश गर्न लेखिएको पत्र।

बेदबहादुर बोटेको बयानअनुसार खुल्न आएका कारगार शाखा भरतपुर चितवनमा गैंडा मारी खाग विक्री व्यवसाय गरेको मुद्दामा पुर्पक्षको लागि थुनामा रहेका नरबहादुर वि.क. र बमबहादुर प्रजालाई कार्यालयमा झिकाई बयान गर्नुपर्ने भएकोले थुनुवा उपस्थित गराउन लेखिएको पत्र।

दलदले बजारमा फर्निचर पसल राखेका वुद्धिराम महतोले जिल्ला चितवन सिद्धी गा.वि.स. घर भएका बमबहादुर प्रजालाई २०५७ सालमा चिनाई दिएका थिए।निज बमबहादुर प्रजा मेरो घरमा बसेर करिव ३, ४ वडा गैडा मारेको हुन्।त्यसमा बमबहादुरले मलाई रु.५०,०००।- (पचास

हजार) दिएका थिए।पैसा लिएको गाउँमा हल्ला खल्ला भएकोले आफ्नो घर नजिक बस्ने बेदबहादुर बोटेलाई बमबहादुर प्रजासँग चिनजान गराई दिएको हुँ।त्यसपछि आफू पक्राउ परी थुनामा रहेको भन्ने बेहोराको नरबहादु वि.क.को बयान।

गैडा मार्ने क्रममा जिल्ला नवलपरासी, प्रगतिनगर गा.वि.स.दलदले बस्ने नरबहादुर वि.क.ले आफ्नो सम्बन्धमा गाउँघरमा चहलपहल धेरै भएको भनी मलाई निजको घर नजिकका बेदबहादुर बोटेसँग चिनजान गराई दिएका थिए।२०५८ साल फागुन महिनाको अन्तिम साता निज बोटेको घरमा वास वसी नारायणी पारी निकुञ्ज क्षेत्रभित्रको जंगलमा गई गैडा मारी धारिलो हतियारले खाग काटी बिक्री गर्न भनी विजय लामाले लगेको हो।खाग विक्रीबाट आएको मध्ये निज बोटेलाई रु.५०,०००।- (पचास हजार) दिएको हुँ।खाग विजय लामाले कहाँ लगी विक्री गर्यो सो आफूलाई थाहा नभएको, बन्दुक सिर्केटापुमा लुकाई राखेकोमा पछि बनका कर्मचारीबाट बरामद गर्न जाँदा वाढीले बगाई लगी फेला नपरेको भन्ने बेहोराको बमबहादुर प्रजाले गरेको बयान।

बेदबहादुर बोटेको बयानबाट खुल्न आएका, गैडा मार्नलाई निजको घरमा बास बस्ने जिल्ला चितवन पदमपुर बस्ने विजय लामालाई पक्राउ गर्न नसकिएको र खोजतलास भई रहेको भन्ने बेहोराको सि.गे.सुर्यप्रसाद रेग्मीको प्रतिवेदन।

बेदबहादुर बोटेको सम्बन्धमा जिल्ला नवलपरासी प्रगतिनगर १ दलदले बस्ने गोविन्दबहादुर बोटे समेतले लेखाई दिएको सर्जमिन मुचुल्का।

चितवन जिल्ला निकुञ्ज कार्यालय कसराका रेञ्जर राजु घिमिरेले प्रतिवादी बेदबहादुर बोटेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २७ को कसूर अपराधमा सोही ऐनको दफा २७ बमोजिम र प्रतिवादी बमबहादुर प्रजा र विजय लामालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) को कसूरमा सोही ऐनको दफा २६(१) बमोजिम हदैसम्मको सजाय गरी ऐ को दफा २८ बमोजिम वरामद सामान जफत गरी, फरार प्रतिवादी विजय लामालाई म्याद जारी गरी कारवाही गरिपाऊँ भन्ने माग दावी लिई पेश गरेको मिति २०६२।३।१ को अभियोग पत्र।

मेरो घर छेउमा बस्ने नरबहादुर वि.क.ले नै बमबहादुर प्रजा र विजय लामालाई मेरो घरमा बस्ने खाने व्यवस्था गरी दिनु पर्यो, उहाँहरू नजिकको साथी हुनुहुन्छ भनी परिचय गराई दिएकोले

मैले चिनेको हुँ। निजहरू २ पटक वास बस्न आएको हुन्। निजहरूले २०५८ साल फागुन महिनाको अन्तिम सातातिर होला निकुञ्ज क्षेत्रभित्र नारायणी नदी तरेर गई एउटा गैंडा मारेका रहेछन्। निजहरू सो गैंडा मारेपछि र अघि पनि म कहाँ वास वस्न आएका थिए। गैडाको खाग निजहरू मध्ये कसले कहाँ लगेर विक्री गरे सो मलाई थाहा भएन। पछि मलाई तिम्रो भाग भनी रु.५०,०००।- (पचास हजार) दिएका हुन्। सो पैसाले मैले मेरो ऋण तिरे, केही घर खर्च गरेको हुँ भन्ने वमबहादुर बोटेले इजलाससमक्ष गरेको साविती बयान।

मिति २०६२।३।२ गते रा.नि.तथा व.ज.सं.ऐन २०२९ को दफा ५(क) को कसूर अपराध गरेको तत्काल प्राप्त प्रमाणबाट देखिएको हुँदा सोही ऐनको दफा २७ बमोजिम हुने सजायलाई मध्यनजर राखी पछि ठहरेबमोजिम हुने गरी अ.वं. ११८(२) नं. बमोजिम पुर्पक्षको लागि थुनामा राख्न प्रतिवादी वमबहादुर वोटेलाई कारागार शाखा भरतपुरमा पठाउन गरेको आदेश।

म बेदबहादुर बोटेको घरमा गई एक रात बसेको हुँ। सोही रात मैले गैडा मारेको होइन। उसको घरमा बसेको दुई दिनपछि उसको घरमा र नरबहादुर वि.क.सँग सम्पर्क नगरी नारायणी नदीको तिरमा जिल्ला चितवन पदमपुर गा.वि.स. १ बस्ने विजय लामासँग सम्पर्क गरी गैडा मार्न गएको हो। गैडालाई गोली मैले नै हानेको हो। गैंडाको खाग विजय लामाले नम्बर थाहा नभएको वाई. वि.एक्स मोटरसाईकलमा लगी बेच्दथ्यो, कहाँ वेच्थ्यो थाहा भएन। दुई चार दिन देखि १५।२० दिनसम्मको भेट्ने स्थान तोकी दिन्थ्यो। सोही स्थानमा गई कुरेर बस्थे, उसले पैसा दिन्थ्यो। म बन्दुक चलाई निसाना लगाउन सिपालु भएकोले उसले सो कुरा थाहा पाई मलाई गैडा मार्न जान अनुरोध गर्न मेरो घरमा आफैं आएको हो। पदमपुरमा उसलाई पक्रन खोजेकोले उ मेरो घरभन्दा माथि सिद्धि गा.वि.स.मा नै आफन्तको घरमा गई लुक्ने गर्दथ्यो। जि.चि. पदमपुर-१ बस्ने राजनप्रसाद पक्राउ भएदेखि विजय लामासँग सम्पर्क भएन। जिल्ला चितवन शुक्रनगर घर भई जिल्ला नवलपरासी प्रगतिनगर १ दलदलेमा फर्निचर पसल राखी बस्ने कालो वर्णको अग्लो अग्लो मोटो वुद्धिराम महतोले नरबहादुर वि.क.सँग परिचय गराई दियो। नरबहादुर वि.क.ले बेदबहादुर बोटेसँग सम्पर्क गराई दिएको हो। नरबहादुर आफ्नो घरमा नबस्ने हुनाले खान र बस्नको समस्या भएकोले कुनै व्यवस्था गर्नु पर्यो भनी मैले भनेकोले उसले वेदबहादुर बोटेसँग सम्पर्क गराएको हो। नरबहादुर वि.क.लाई ५ वटा गैडाको पैसा दिएको हो, वुद्धिराम महतोलाई १ वटा गैडा मारेको पैसा दिएको हो। गैडा मार्न भनी २ पटक दलदले जाँदा वुद्धिरामसँग भेट भएको थियो। वुद्धिराम महतोले कम पैसा भयो भनेर झगडा गरी बसेको हो। नरबहादुर वि.क.ले

चाहीँ काम गरिरहेको थियो। उसले हल्ला खल्ला गरी हिड्न थालेपछि मैले सम्पर्क गरिन। मैले जम्मा ८,८०,०००। (आठ लाख असि हजार) कमाए। सो मध्येबाट जिल्ला रौतहट चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. १ मा एककट्ठा जग्गामा बनेको एकतले घर किनी ६ लाख पचास हजारमा आफ्नो नाउँमा पास गरेको छु। मैले आफैंले ताला लगाएको छु। ढलान नभएको घर किनेकोले एकलाख ढलान गर्न लाग्यो भन्ने बेहोराको बम बहादुर प्रजाले इजलाससमक्ष गरेको साविती बयान।

घटनास्थल प्रकृति लासजाँचको मुचुल्काका जंगबहादुर श्रेष्ठ, रामसेवक यादव, सर्जमिन मुचुल्काका गणेशबहादुर बोटे, लालबहादुर बोटे समेतको बकपत्र।

प्रतिवादी बेदबहादुर बोटेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) को कसूर अपराधमा सोही ऐनको दफा २७ बमोजिम १५(पन्ध्र) बर्ष कैद र रु.१,००,०००।- (एकलाख) जरीवाना र प्रतिवादी बमबहादुर प्रजा र विजय लामालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) को कसूर अपराधमा सोही ऐनको दफा २६(१) बमोजिम जनही पन्ध्र (१५) वर्ष कैद र रु.१,००,०००।- (एकलाख) जरीवाना हुने ठहर्छ भन्ने चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको मिति २०६५।३।१६को फैसला।

मैले गैडा मारेको छैन, मार्ने काममा कुनै संलग्नता पनि छैन। मेरो इच्छाविपरीत डर, धाक, धम्की दिई बनाइएको बयान कागजलाई मुख्य आधार बनाई राष्ट्रिय निकुञ्ज कार्यालयले सजाय गरेको छ। वादी नेपाल सरकारले मैले नै अपराध गरेको हो भनी ठोस तथ्य एवं प्रमाण पेश गर्न सकेको छैन। वादीले आफ्नो दावी प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम निर्विवाद रुपमा प्रमाणित गरेको अवस्थामा मात्र अभियोग दावीबमोजिम कसूर अपराध गरेको मान्नुपर्ने हो, दशी प्रमाणको अभावमा, सजाय गर्न नमिल्नेमा चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा चितवनले हचुवा र कपोलकल्पित आधारमा मैले कसूर गरेको ठहर गरेको छ। सो फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी अभियोग दावीवाट सफाइ पाऊँ भन्ने समेतको प्रतिवादी बमबहादुर प्रजाको पुनरावेदन अदालत हेटौंडामा परेको पुनरावेदन पत्र।

मैले गैडा मारेको छैन र सो अपराधमा कुनै पनि किसिमबाट संलग्न छैन। गैंडा मार्ने व्यक्तिहरू मेरो घरमा बास बसेको मात्र हो। सो आधारमा मलाई अपराधी ठहर्याउन मिल्दैन। वादीले आफ्नो अभियोग दावी विवादरहित तवरले प्रमाणित गर्नु पर्नेमा सोको पुष्ट्याई गर्न सकेको छैन। सुनेको भन्ने सर्जमिनको आधारमा मलाई सजाय गर्ने गरेको फैसला मिलेको नहुँदा बदर भागी छ। सहअभियुक्तको पोल अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभई प्रमाणमा लिन नमिल्ने हुँदा

वादीबाट पेश भएका साक्षीको भनाई प्रमाणमा लिन मिल्दैन। शुरु फैसला त्रुटिपूर्ण भएको कारण सो फैसला बदर गरी अभियोग दावीबाट सफाइ पाऊँ भन्ने समेतको प्रतिवादी बेदबहादुर बोटेको पुनरावेदन अदालत हेटौंडामा परेको पुनरावेदन पत्र।

कसूरको प्रकृति र घटना विवरणअनुसार प्रमाणको उचित मूल्याङ्कन नगरी अन्तिम हदसम्मको सजाय गरेको शुरुको फैसला फरक पर्न सक्ने हुँदा पुनरावेदन सरकारी वकील कार्यालयलाई पेसीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने पुनरावेदन अदालत हेटौडाको मिति २०६५।८।३ को आदेश।

घटनास्थल लास प्रकृति मुचुल्कामा बस्ने टीकाराम अधिकारी, माझी मुङ्ग्रे बोटे तथा काम तामेल गर्ने रेञ्जरद्वय अशोककुमार राय र रुपक महर्जन समेतका व्यक्तिहरू प्रस्तुत मुद्दाको रोहमा बुझ्नु पर्ने देखिदा निजहरूलाई अ.वं. ११५ नं. बमोजिम समाह्वान जारी गरी झिकाई बुझी नियमानुसार पेश गर्नु भन्ने समेतको मिति २०६५।१०।६ को पुनरावेदन अदालत हेटौडाको आदेश।

गैडा, चोरी सिकारीले मारी खाग चोरी गरी लगेको हो। शिकारी फेला नपरेको हुँदा कसले मारेको हो थाहा छैन भन्ने समेत बेहोराको रेञ्जर रुपक महर्जन र घटनास्थल लास प्रकृति मुचुल्काका मानिस माईली मुङग्रे बोटेले गरेको छुट्टाछुट्टै बकपत्र।

प्रतिवादीहरूको साविती बयान, घटनास्थल लास प्रकृति मुचुल्का र सर्जमिन मुचुल्काका मानिसहरूको बकपत्र समेतका आधार प्रमाणबाट प्रतिवादी बमबहादुर प्रजाले गैरकानूनी तरिकाले गैडा मारी खाग विक्री गर्ने कार्य गरेको तथा अर्का प्रतिवादी बेदबहादुर बोटेले गैडा मार्ने कार्यमा सरिक रहेका प्रतिवादी बमबहादुर प्रजालाई आफ्नो घरमा बास बसाई गैडा मारेबापत निजबाट रु.५०,०००।- समेत लिएको देखिदा रकम समेत लिई मतियार भै आरोपित कसूर गरेको पुष्टि भएको हुँदा चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसरा चितवनबाट प्रतिवादी बेदबहादुर बोटेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) को कसूर अपराधमा सोही ऐनको दफा २७ बमोजिम १५(पन्ध्र वर्ष कैद र रु.१,००,०००।- (एक लाख) जरीवाना हुने ठहराई र प्रतिवादी बमबहादुर प्रजा र विजय लामालाई राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) को कसूर अपराधमा सोही ऐनको दफा २६(१) बमोजिम (१५) पन्ध्र वर्ष कैद र रु.१,००,०००।- (एकलाख) जरीवाना हुने ठहराई मिति २०६५।३।१६ मा गरेको फैसला मिलेकै हुँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत हेटौंडाको मिति २०६६।२।३ को फैसला।

मैले गैडा मार्ने कुरा थाहा पाई बमबहादुरलाई बास दिएको भनी बयान गरेको छैन। सह अभियुक्तको

बयानको आधारमा तयार पारेको बयानमा सैनिक राखी धम्की दिई सही गराएको हो। मैले बमबहादुर प्रजा र विजय लामालाई प्रत्यक्ष रुपमा चिन्दैन। अनुसन्धान र निर्णय गर्ने एउटै व्यक्ति हुँदा फरक बकपत्र हुन सक्ने स्थिति छैन। एक रात वास वस्दैमा रु.५०,०००।- दिने भन्ने कुरा पनि विश्वासलायक छैन र देख्ने पनि कोही छैन। ५० हजार दिएको भनी बमबहादुरले कहिकतै बयानमा भनेका छैनन्। लास प्रकृति मुचुल्काका राम सेवक यादवको बयानको आधारमा मलाई हदैसम्मको सजाय गरिएको छ। बास बस्न दिएको र रकम लिएको कुरा सुनेको भनी लालबहादुर बोटे र गणेशबहादुर बोटेले सर्जमिनलाई समर्थन गरी बपकत्र गरेका छन्। सुनेको आधार प्रमाण हुन सक्दैन। स्वयं रेञ्जर रुपक महर्जनले मैले गैडा मारेको भन्न सक्नु भएको छैन। केवल सुनेको आधारमा गरेको बकपत्र र अनुमानकै आधारमा मैले गैडा मारेको ठहराई, स्थिति र अवस्था नहेरी हदैसम्मको उच्चतम सजाय गरेको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाऊँ वा वैकल्पिक जिकीरको रुपमा न्यूनतम सजाय गरिपाऊँ भन्ने बेदबहादुर बोटेको यस अदालतमा परेको पुनरावेदन पत्र।

मेरो रेञ्जर र प्रमुख वन संरक्षण अधिकृतसमक्ष गरेको बयान स्वेच्छापूर्वक होइन। वेदबहादुर बोटेलाई पनि यातना दिई बयान गराएको हुँदा सो आधारमा मैले गैडा मारेको भन्न मिल्दैन। स्वेच्छा विरुद्ध गराएको बयान प्रमाणमा लिन मिल्दैन। लास जाँच मुचुल्का र सर्जमिनका मानिसले मैले नै गैडा मारेको देखेको भनी किटानी पोल गरेको छैनन्। हाम्रो मुलुक Common Law System बाट सञ्चालित मुलुक हुँदा स्वेच्छा विरुद्धको बयानलाई प्रमाणमा लिन मिल्दैन। बयानलाई पनि स्वतन्त्र प्रमाणले समर्थन गरेपछि मात्र कसूर कायम गर्नुपर्नेमा कुनै प्रमाणबाट समर्थन हुन नसकेको स्थितिमा पनि कसूर ठहर गरेको शुरु फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला समेत गैरकानूनी तथा न्यायिक मन विपरीत हुँदा सो फैसला बदर गरी सफाइ पाऊँ भन्ने बमबहादुर प्रजाको यस अदालतमा परेको पुनरावेदन पत्र।

नियमबमोजिम पेश भएको प्रस्तुत मुद्दाको अध्ययन गरी पुनरावेदक प्रतिवादी वेदप्रसाद बोटेको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रामप्रसाद अर्यालले मेरो पक्षको बमबहादुर प्रजा र विजयलामासँग प्रत्यक्ष चिनजान नै छैन, वास वस्दैमा गैडा मार्नमा सहयोग गरेको भन्न मिल्दैन। रकम दिएको भन्ने कसैले देखेको छैन। केवल अनुमान र सुनेको आधारमा मेरो पक्षलाई कसूर ठहर गरेको शुरुको फैसला सदर गरेको मिलेको छैन, तसर्थ सो फैसला बदर भै सफाइ हुनुपर्छ भन्ने र प्रतिवादी बमबहादुर प्रजाको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री युवराज ओलीले मेरो पक्षलाई रेञ्जर र वन संरक्षण अधिकृतले डर धाक दिई लेखी राखेको बयानमा सही गराएका छन्। सावितीलाई अन्य स्वतन्त्र प्रमाणले समर्थन गरेको देखिदैन। गैडाको लास

प्रकृति मुचुल्कामा जनप्रतिनिधि पनि छैन। कसूर कायम गर्न शंकारहित तवरले कसूर प्रमाणित हुनुपर्छ। यस्तोमा कसूर कायम गरेको फैसला त्रुटिपूर्ण हुँदा बदरभै सफाइ पाउनुपर्छ भनी गर्नुभएको वहस सुनियो।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादी बमबहादुर प्रजा, विजयलामा र वेदबहादुर वोटे आपसमा मिली संरक्षित बन्यजन्तु गैडाको चोरी शिकारी गरी मारी खाग काटी लगी वेच विखन समेत गरेकोले प्रतिवादीमध्येका बमबहादुर प्रजा र विजय लामाले गैडा मारी खाग विक्री गरे उपर रा.नि. तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५क र १९(१)को कसूरमा ऐ. २६(१) नं. बमोजिम र अर्का प्रतिवादी वेदबहादुर बोटेलाई गैडा मार्ने कार्यमा जानीवुझी बास वस्न दिई सहयोग पुर्याएको कसूरमा सोही ऐनको दफा २७ बमोजिम सजाय हुन भनी मागदावी भएकोमा प्रतिवादी विजय लामा फरार रहेको तथा बमबहादुर प्रजा र बेदबहादुर बोटेले कसूर स्वीकार गरी बयान गरेको अवस्थामा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले बम बहादुर प्रजा र विजय लामालाई ऐ. ऐनको दफा ५क र १९(१)को कसूरमा ऐ. दफा २६(१) अनुसार र वेदबहादुर बोटेलाई ऐ. ५क को कसूरमा दफा २७ अनुसार १५ वर्ष कैद र १ लाख रुपैयाँ जरीवाना गरेको देखिन्छ। सो फैसलाउपर प्रतिवादी बेदबहादुर बोटे र बमबहादुर प्रजाको पुनरावेदन पर्दा पुनरावेदनबाट सो फैसला सदर भएउपर ती दुवै प्रतिवादीको यस अदालत समक्ष पुनरावेदन पर्न आएको हुँदा यी प्रतिवादीहरूले कसूर गरेका हुन् वा होइन ? शुरुको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मुनासिब बेमुनासिब के रहेछ ? सो सम्बन्धमा निर्णय दिनुपर्ने हुन आएको छ।

३. पुनरावेदक प्रतिवादीमध्ये बेदबहादुर बोटेको सन्दर्भमा विचार गर्दा, प्रतिवादी बेदबहादुर बोटेले आफूले जानी बुझी गैडा मार्नलाई बास दिएको होइन र रकम लिएको पनि कसैले देखेको छैनन्, एक रात वास वस्दैमा रु.५०,०००।- दिने कुरा पनि पत्यार लायक छैन ,त्यस अवस्थामा कसरी कसूर प्रमाणित हुन्छ भनी जिकीर लिएको देखिन्छ। यी प्रतिवादीलाई बम बहादुर प्रजा र विजय लामासँग परिचय गराई गैडा मार्नका लागि वास वस्न दिनु भनी परिचय गराई दिएको हुँ भनी नरबहादुर वि.क.ले मौकामा बयान गरेको तथा बमबहादुर प्रजाले मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा वोटेसँग गैडा मार्दाको दिन सम्पर्क नगरेको भनी भनेपनि मौकामा वयान गर्दा प्रतिवादी बेदबहादुर बोटेको घरमा वास बसेको तथ्य स्वीकार गर्नुका साथै सो वयान र सहिछापलाई मुद्दा हेर्ने अधिकारीसमक्षको वयानमा ईन्कार गर्न सकेको छैनन्। प्रतिवादी बेदबहादुर बोटेले मौकामा र मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा नरबहादुर वि.क.ले बम बहादुर प्रजा र विजय लामालाई वास वस्न दिनु गैडा मार्न जान्छन् भनी चिनाई दिएका, गैडा मार्नु अघि र पछि पनि आफूकहा वास बसेका र खाग विक्री गरेपछि तिम्रो भाग भनी रु.५०,०००।- दिएका हुन् भनी बयान

गरेको देखिन्छ। स्वयं प्रतिवादीले गैडा मार्न जाने क्रममा वमबहादुर प्रजा र विजय लामा आफनो घरमा वास वसेको, गैडाको खाग विक्रिपछि रु रु.५०,०००।०० लिएको कुरा स्वीकार गरेका छन्। सो स्वीकारोक्ति सह अभियुक्त वमबहादुर प्रजाको बयानबाट समेत पुष्टि भै रहेको स्थितिमा यी प्रतिवादीले गैडा मार्ने प्रयोजनका लागि जानी जानी वास वस्न दिएको होइन भन्न मिल्ने देखिएन। यी प्रतिवादीले मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान स्वतन्त्र र स्वच्छापूर्वक भएको होइन, सैनिक राखी डरधाक दिई लेखिएको कागजमा सही गराएको हुन् भन्ने जिकीर लिएपनि मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको वयान सिद्धान्त र व्यवहारतः पनि स्वतन्त्रपूर्वक भएको छैन भनी स्वीकार गर्न सकिदैन। तसर्थ यी प्रतिवादीले बमबहादुर प्रजा र विजय लामासँग मिली निजहरूलाई गैडा मार्नका लागि वास वस्न दिई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २७ अनुसार गैडा मार्ने कार्यमा सहयोग गरी कसूर गरेको देखिन आयो।

४. अर्का प्रतिवादी बमबहादुर प्रजाको सम्बन्धमा विचार गर्दा यी प्रतिवादीले मेरो अनुसन्धान अधिकारीसमक्ष र मुद्दा हेर्ने अधिकारीसमक्षको बयान पनि स्वच्छापूर्वक भएको होइन। साविती अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको छैन र गैडा मारेको कसैले देखेको छ भनी भन्न सकेको पनि छैनन्। यस्तो अवस्थामा मैले सफाइ पाउनुपर्छ भनी जिकीर लिएको देखिन्छ। सामान्यतयाः अदालतले वयान वकपत्र गराउदा शक्तिको प्रयोग गर्दैन र त्यहाको काम स्वतन्त्रपूर्वक हुन्छ भन्ने ठानिन्छ। यो सर्वमान्य मान्यता र वास्तविकरता पनि हो। प्रमाण ऐन २०३१को दफा २(क) ले मुद्दा हेर्ने अधिकारीलाई समेत अदालतको परिभाषाभित्र समेटेको छ। प्रतिवादीले मुद्दा हेर्ने अधिकारीसमक्ष वयान गरेका छन्। प्रमाण ऐन २०३१को दफा ९मा अदालत बाहेक अन्यत्र गरेको कागज स्वतन्त्रपूर्वक भएको छैन भनी प्रमाणीत भएको स्थितिमा मात्र त्यस्तो वयान वा कागजलाई मान्यता दिन नमिल्ने हो। मौकाको वयाननै स्वच्छाले भएको होइन भनी प्रतिवादीले पुष्टि गर्न नसकेको स्थितिमा मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको वयानलाई स्वच्छापुर्वक भएको होइन भनेकै आधारमा प्रतिवादीको वयान स्वच्छापूर्वक भएको छैन र सो वयान निजको विरुद्ध प्रमाणमा लिन मिल्दैन भन्न मिल्दैन। अदालत वा मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको वयान नै स्वतन्त्र छैन भन्ने कुरा मान्ने हो भने समग्र न्याय प्रणाली र कानूनी पद्धतिनै परिवर्तन गर्नुपर्ने स्थिति आउँछ। त्यसैले अदालत र मुद्दाहेर्ने अधिकारीसमक्ष गरेको वयान स्वतन्त्रपूर्वक भएको छैन भन्ने जिकीरलाई कानूनी मान्यता र सिद्धान्तको आधारमानै स्वीकार गर्न सकिदैन। यी प्रतिवादीले मौका र मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा नरबहादुर वि.क.ले चिनाई दिएको आधारमा वेदबहादुर बोटेको घरमा वसी २०५८ फागुनमा नारायणी जंगल पारी गै मैले नै गोली हानी गैडा मारेको हुँ। खाग विजयले लगि विक्री गरेको हो भनी कसूर स्वीकार गरेको छन। मिति २०५८।१२।१४ मा

चितवन राष्ट्रिय निकुञ्जको कालिवन क्षेत्रमा गैडा हत्या गरेको अवस्थामा भेटिई फेला पारी सोही दिन घटनास्थल तथा लास प्रकृति मुचुल्का भएको देखिन्छ। प्रतिवादीहरू वमबहादुर प्रजा र विजय लामा गैडा मरेको समयमा बेदबहादुर बोटेको घरमा वास वसेको देखिन्छ। बमबहादुर प्रजाले गोली हानी गैडा मारेको, विजय लामाले गैडा मारी खाग विक्री गरेको र वास वस्न दिई सहयोग गरेबापत वमबहादुर प्रजाले केही समयपछि बेदबहादुर बोटेलाई रु.५०,०००।- दिएको समेतका घटनाक्रमको श्रृङ्खला समेतवाट गैडा मार्नमा प्रतिवादीहरू तीनै जना मिली वेदबहादुरको घरमा बास बस्ने वमबहादुर प्रजा र विजय लामा जंगल जाने वमबहादुरले गोलि प्रहार गर्ने र विजय लामाले खाग विक्रि गर्ने योजना वनाई योजना अन्तर्गत बमबहादुरले गोली प्रहार गरी गैडा मारेको देखिन आयो। प्रतिवादीको मौकाको र मुद्दा हेर्ने अधिकारीसमक्षको बयान, सहअभियुक्त वेदबहादुर वोटेको मौकाको र मुद्दा हेर्ने अधिकारीसमक्षको पोलाइबाट समेत यी प्रतिवादीले गैडा मारेको र निज खाग विक्री गर्ने कार्यमा समेत संलग्न भएको देखिन आयो।

५. तसर्थ उपरोक्त उल्लिखित आधार प्रमाण र विवेचना समेतको आधारमा प्रतिवादी बेदबहादुर बोटेलाई गैडा मार्ने कुराको जानकारी हुँदाहुँदै सो कार्यमा संलग्न व्यक्तिहरूलाई आफ्नो घरमा बास बस्न दिई गैडा मार्ने कार्यमा सहयोग गरेको , बमबहादुर प्रजा र विजय लामाले बन जंगलमा गै संरक्षित वन्यजन्तु गैडा मार्ने र खाग विक्री गर्ने कार्य गरेको देखिदा, प्रतिवादी वेदबहादुर बोटेले गैडामार्ने कार्यमा संलग्न भएका व्यक्तिहरूलाई वास वस्न दिई गैडा मार्नलाई सहयोग पुर्याएको हुँदा निजलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २७ बमोजिमको कसूरमा सोही ऐनको सोही दफाबमोजिम १५ वर्ष कैद र १ लाख जरीवाना तथा प्रतिवादी बमबहादुर प्रजाले गैडा मारेको र निज खाग विक्रीमा समेत संलग्न रहेको देखिदा निजलाई सोही ऐनको दफा ५क र १९(१) को कसूरमा सोही ऐनको दफा २६(१) बमोजिम १५ वर्ष कैद र रु.१ लाख रुपैंया जरीवाना हुने ठहर गरेको शुरुको फैसला सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६६।२।३ को फैसला मुनासिब देखिदा सदर हुने ठहर्छ। प्रतिवादीहरूको पुनरावेदन जिकीर पुग्न सक्दैन। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।

न्या.रणबहादुर बम

इति संवत् २०६७ साल मंसिर ८ गते रोज ४ शुभम्

८. मुद्दाः गैंडा मारी खाग बिक्री।

भाग ५४	निर्णय नं. ८७८४	ने.का.प. २०६९	अङ्क ३
सर्वोच्च अदालत, संयुक्त इजलास			
सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री तर्कराज भट्ट			
फौ.पु.नं. २०६५-CR-०७१८			
फौ.पु.नं. ०६६-CR-००११ र ००१२			
फैसला मितिः २०६८।११।३।४			

पुनरावेदक प्रतिवादीः जि.चितवन, वीरेन्द्रनगर गा.वि.स.वडा नं. ८ घर भै कारागार कार्यालय, चितवनमा थुनामा रहेको सूर्यबहादुर पुन

विरुद्ध

प्रत्यर्थी वादीः नेपाल सरकार

पुनरावेदक प्रतिवादीः जि.चितवन, वीरेन्द्रनगर गा.वि.स.वडा नं. ८ घर भै कारागार कार्यालय, पाल्पामा थुनामा रहेको कुमार भन्ने यमकुमार पुन

विरुद्ध

प्रत्यर्थी वादीः नेपाल सरकार

पुनरावेदक प्रतिवादीः जि.चितवन, सिद्धि गा.वि.स.वडा नं. ३ घर भई हाल कारागार कार्यालय, भरतपुरमा थुनामा रहेको बमबहादुर प्रजा

विरुद्ध

प्रत्यर्थी वादीः नेपाल सरकार

शुरु फैसला गर्नेः

प्रमुख संरक्षण अधिकृत श्री मेघबहादुर पाण्डे

पुनरावेदन फैसला गर्नेः

मा.न्या.श्री राजेन्द्रप्रसाद राजभण्डारी

मा.न्या.श्री एकराज आचार्य

पुनरावेदक प्रतिवादी तर्फबाटः विद्वान अधिवक्ताहरू रजितभक्त प्रधानाङ्ग, केदारप्रसाद दाहाल, जीतेन्द्र बज्राचार्य, निर्मला शाक्य र नरेन्द्रप्रसाद पाठक

प्रत्यर्थी वादी तर्फबाटः

अवलम्बित नजीरः

सम्बद्ध कानूनः

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ र १९(१) र २६(१)

- *कुनै परीक्षण नगराएको अवस्थामा मुद्दा हेर्ने अधिकारीसमक्षको साविती बयान समेतका सबूद प्रमाणका आधारमा कसूर कायम भई दोषी करार भइसकेपछि पुनरावेदन तहमा शुरु मुद्दा हेर्ने अधिकारीसमक्षको साविती बयानको सत्यतामा प्रश्न उठाई सो साविती आफूले दिएको होइन भन्ने जिकीर लिएकै आधारमा मात्र अदालतले साविती बयानको सत्यताउपर अनावश्यक शंका गरी अन्यथा निष्कर्ष निकाल्नेतर्फ विचार गरिरहनु नपर्ने।*

  (प्रकरण नं.६)
- *अनुसन्धान अधिकृत र मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको आफ्नो साविती बयानको तथ्यलाई स्वीकारै गरेको र सो साविती बयान लिँदाको अवस्थामा यातना दिएको भन्ने कुरालाई मात्र विशेष रुपमा उठाई सो साविती प्रमाण ग्राह्य छैन भनी जिकीर लिए तापनि त्यस्तो यातना वा कुटपीट प्रमाणबाट पुष्टि नभएसम्म मुद्दा हेर्ने स्वतन्त्र निकायसमक्ष भएको साविती बयान निज विरुद्धको बलियो प्रमाणको रुपमा रहिरहने।*

  (प्रकरण नं.७)
- *संगठित अपराधमा संलग्न प्रतिवादीहरूको कसूरलाई कुनै एउटा एक्लो वारदात वा घटनासँग मात्र जोडी निरपेक्ष ढंगबाट हेर्नु भन्दा सो वारदातबाट प्रतिवादीहरूले हासिल गर्न चाहेको निहीत उद्देश्य वा सो वारदातको दूरगामी असरलाई हेर्नु न्यायिक दृष्टिकोणबाट उपयुक्त वा वाञ्छनीय हुने।*
- *वारदात घटाई खाग काटी त्यसलाई बिक्री गरी प्राप्त गरेको रकम बराबरी रुपमा बाँडी खाएको स्थितिमा प्रतिवादीहरूको समान प्रकृतिको संलग्नता रहेको मान्नुपर्ने।*
- *राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २७ को प्रतिबन्धात्मक वाक्यांशले गैंडा, बाघ, कस्तुरी मृग र हात्तीसित सम्बन्धित कसूर गर्ने व्यक्ति र सोको मतियारलाई समान सजाय हुने व्यवस्था गरेको अवस्थामा मुख्य अभियुक्त र अन्य अभियुक्तको हकमा बेग्लाबेग्लै सजाय हुने अवस्था नदेखिने।*

  (प्रकरण नं.१०)

फैसला

प्र.न्या.खिलराज रेग्मीः पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।१।२७ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१) (ग) बमोजिम प्रतिवादीहरूको तर्फबाट पुनरावेदन परी पेश हुनआएको प्रस्तुत मुद्दाको तथ्य एवं निर्णय यस प्रकार छः

चितवन राष्ट्रिय निकुञ्जको कुजौली पोष्टदेखि पश्चिम दक्षिणपट्टि राष्ट्रिय निकुञ्जभित्र कालीवन (सिक्रे टापु) एरियामा एक पोथी गैंडालाई चोरी शिकारीले गोली हानी मारी खाग बन्चरोले काटी लगेको घाउ देखिएको र मृत शरीरमा गोलीको टुक्रा समेत फेला परेको भन्ने मिति २०५९।१२।१३ को घटनास्थल प्रकृति लासजाँच मुचुल्का।

सहायक संरक्षण अधिकृत कमलजङ्ग कुँवर समेतको मिति २०६०।७।२४ को जाहेरी प्रतिवेदन अनुसार जि. चितवन, वीरेन्द्रनगर-८ बस्ने कुमार पुन, सूर्यबहादुर पुन र छवीर पुनलाई पक्राउ गरी पेश गरिएको प्रतिवेदन।

चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका रेञ्जर बेदबहादुर खड्कासमक्ष २०५९ सालको चैत्र महिनामा चितवन राष्ट्रिय निकुञ्ज कालीवन (सिक्रे टापु) मा प्रतिवादीहरू सूर्यबहादुर पुन र बमबहादुर प्रजा भएर गैंडा मारी खाग काटी बिक्री गरेपछि रु.४०,०००।का दरले रकम बाँडी लिएको भनी कुमार भन्ने यमकुमार पुनले गरेको बयान।

२०५९ साल चैत महिनामा निकुञ्जको आइलैण्ड एरियामा पर्ने कालीवन (सिक्रे टापु) मा प्र. बमबहादुर प्रजाले लुकाई राखेको बन्दुकले गोली हानी गैंडा मारी खाग काटी बिक्री गरेपछि रु.४०,०००।का दरले मैले र प्र. कुमार भन्ने यमकुमार पुनले रकम लिएका हौं भनी प्र. सूर्यबहादुर पुनले गरेको बयान।

गैंडा मारी खाग बिक्री गर्ने कार्यमा हालसम्म कसैसँग पनि कुनै ठाउँमा पनि हिँडडुल गरेको छैन। मेरो साइँली छोरी काली पुनलाई वीरमान प्रजाले भगाई लगेको हुँदा वीरमान प्रजाको कारणले गर्दा मलाई पक्राउ गरेको होला भनी रेञ्जर बेदबहादुर खड्कासमक्ष प्र. छवीर पुनले गरेको बयान।

शंकास्पद व्यक्तिहरू बमबहादुर प्रजा, सूर्यबहादुर पुन र कुमार भन्ने यमकुमार पुन समेतका मानिसहरू खानेकुरा पसलमा किनी झोलामा बोकी मिति २०५९।१२।११ गते बेलुकीपख निकुञ्जतिर गएको देखेको हुँ। त्यसको ३/४ दिनपछि सिक्रे टापुमा गैंडा मारेछन् भन्ने सुनेको हुँ भनी सर्जमीन मुचुल्कामा बस्ने कृष्णप्रसाद आचार्य समेतका मानिसहरूले मिति २०६०।८।११ मा गरेको सर्जमीन मुचुल्का।

प्र. छवीर पुन गैंडा मार्ने कार्यमा संलग्न छैन भनी प्र. सूर्यबहादुर पुनले गरेको बयानको आधारमा स.मु.स. ऐन, २०४९ को दफा २१ बमोजिम मिति २०६०।८।१५ मा प्र. छवीर पुनलाई हाजीर जमानीमा छाडिएको भन्ने कागज।

जिल्ला सरकारी वकील कार्यालय, भरतपुर, चितवनको च.नं. २७३ मिति २०६०।८।१६ को पत्रानुसार प्र. छवीर पुन समेतका मानिसहरू उपर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन, २०२९ को दफा ५(क) र १९(१) को कसूर अपराधमा सोही ऐनको दफा २६(१) बमोजिम सजायको माग दावी लिई मुद्दा चलाउनु भन्ने निर्णयको प्रतिलिपि।

चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसराका अनुसन्धान अधिकारी रेञ्जर बेदबहादुर खड्काले रा.नि.तथा व.ज.सं. ऐन, २०२९ को दफा ५(क) र १९(१) अनुसार प्रतिवादीहरूले कसूर अपराध गरेकोले सोही ऐनको दफा २६(१) बमोजिम हदैसम्मको सजायको माग दावी लिई ऐ.ऐनको दफा ३०(१) बमोजिम मिति २०६०।८।१७ मा दायर गरेको अभियोग पत्र।

२०५९ सालको चैत्र महिनामा प्र. बमबहादुर प्रजा, कुमार भन्ने यामकुमार पुन र म समेत भएर राष्ट्रिय निकुञ्जभित्र पर्ने कालीवन एरियामा प्र. बमबहादुर प्रजाले लुकाएर राखेको बन्दूकले गोली हानी निज बमबहादुरले गैंडा मारेको हो। उक्त गैंडाको खाग बञ्चरोले काटी बिक्री गरी रु.४०,००० (चालीस हजार) दिएको हो भनी इजलाससमक्ष प्र. सूर्यबहादुर पुनले मिति २०६०।८।१८ मा गरेको साविती बयान।

२०५९ सालको चैत्र महिनामा प्र. बमबहादुर प्रजा र म समेत भएर राष्ट्रिय निकुञ्जको आइलैण्डमा पर्ने कालीवन एरियामा प्र. बमबहादुर प्रजाले लुकाइ राखेको बन्दुकले गोली हानी निज बमबहादुर प्रजाले गैडा मारेको हो। उक्त गैडाको खाग बन्चरोले काटी झोलामा राखी लुकाइ छिपाइ मेरो घरमा ल्याएर उसिनेर छाला मासु छुट्टयाई प्र. बमबहादुर प्रजाले लगी बिक्री गरी मलाई रु.४०,०००।दिएको भनी प्र. कुमार भन्ने यमकुमार पुनले मिति २०६०।८।१८ मा गरेको साविती बयान।

प्र. कुमार भन्ने यमकुमार पुन र प्र. सूर्यबहादुर पुनलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) को कसूर गरेकोले सोही ऐनको दफा २६(१) बमोजिम हुने सजायलाई मध्यनजर राखी पुर्पक्षको लागि थुनामा राख्न पठाउनु भन्ने मिति २०६०।८।१८ को आदेश।

गैडा मारी खाग बिक्री व्यवसाय गर्ने कार्य मैले गरेको छैन। मेरी साइली छोरी वीरमान प्रजासँग पोइल

गएको हुँदा त्यही छोरीको कारणले मैले दुख पाइरहेको छु। वीरमान प्रजा कहिले काहीँ आउने गर्दछन् भनी प्र. छवीर पुनले गरेको बयान।

२०५९ साल चैत्र महिनामा राष्ट्रिय निकुञ्जको आइलैण्ड जंगलको कालीवनमा मैले लुकाई राखेको बन्दुकले गोली हानी गैंडा मारी बन्चरोले खाग काटी झोलामा राखी लाहुरे भन्ने गादर वुर्जामगर मार्फत बिक्री गरी मैले, प्र. कुमार भन्ने यमकुमार पुन र प्र. सूर्यबहादुर पुनले रु.४०,०००। का दरले बाँडी लिएका हौं। निकुञ्ज, मध्यवर्ती क्षेत्र र वन क्षेत्रमा गरी १७ वटा गैंडा मारी खाग बिक्री गरी पटक पटक गरी जम्मा रु.८,८५,०००। आर्थिक लाभ लिएको हुँ भनी प्र. बमबहादुर प्रजाले गरेको सावित्री बयान।

सर्जमीन मुचुल्काको रोहबरमा बस्ने सिसवार उपभोक्ता समिति रजहर नवलपरासीको अध्यक्ष बिष्णुबहादुर सेन, प्र. यमकुमार पुनको साक्षी रेशम के.सी., हरि पुन, प्र. छवीर पुनका साक्षी होमबहादुर पुन, घटनास्थल प्रकृति लासजाँच मुचुल्कामा बस्ने रामसेवक यादवले गरेको बकपत्र।

प्रतिवादीहरू यमकुमार पुन, सूर्यबहादुर पुन तथा प्रतिवादी बमबहादुर प्रजाले रा.नि. तथा व.ज.सं. ऐन, २०२९ को दफा ५ (क) र १९(१) को कसूर अपराध गरेको पुष्टि भएको हुँदा ऐ. ऐनको दफा २६(१) बमोजिम प्रत्येकलाई १५ (पन्ध्र) वर्ष कैद र रु.१,००,०००। (एक लाख) जरीवाना हुने र प्रतिवादी छवीर पुनले रा.नि.तथा ब.ज.सं. ऐनको दफा १९(१) को कसूर अपराध गरेको पुष्टि भएकोले सोही ऐनको दफा २६(१) बमोजिम ५ (पाँच) वर्ष कैद हुने ठहर्छ भन्ने शुरु चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको फैसला।

रेञ्जर र प्रमुख संरक्षण अधिकृतसमक्ष गराइएको बयान मेरो स्वेच्छापूर्वक गराइएको होइन। मलाई शारीरिक यातना दिई जवर्जस्ती सही गराइएको हो। सहअभियुक्तलाई पनि यातना दिई मलाई समेत पोल गर्ने गरी सावित्री गराएका हुन्। त्यसमा पनि सहअभियुक्तको पोललाई प्रमाणको रुपमा लिन मिल्ने होइन। सावित्री बयानलाई अन्य प्रमाणले पुष्टि गरेको अवस्था पनि छैन। यदि उक्त बयान मेरो स्वेच्छाले गरेको अवस्थामा पनि प्रमुख अभियुक्त मानिएका बमबहादुर प्रजालाई १७ वटा गैडा मारेकोमा सावित गराई १५ वर्ष कैद र रु.१,००,०००। जरीवाना हुनुले अपराधको प्रकृति र अवस्थालाई ख्यालै नगरिएको भन्ने पुष्टि हुन्छ। अतः म निर्दोष व्यक्तिलाई मेरो ईच्छा विरुद्ध जवर्जस्ती गराएको सावित्री बयानबाट दोषी करार गरेको फैसला गैरकानूनी हुँदा उक्त फैसला उल्टी गरी मैले सफाइ पाउने गरी इन्साफ गरिपाऊँ भन्ने बेहोराको प्रतिवादी मध्येका कुमार भन्ने यमकुमार पुनको पुनरावेदन पत्र।

मैले रेञ्जर र प्रमुख संरक्षण अधिकृतसमक्ष गरेको भनेको साविती बयान मेरो स्वेच्छापूर्वक गरिएको होइन। जवरजस्ती सही गराइएको हो। साविती बयानको कुरालाई अन्य स्वतन्त्र प्रमाणले पुष्टि पनि गर्दैन। सहअभियुक्तको पोलको आधारमा मात्र अपराधी तुल्याई सजाय गर्नु पनि न्यायिक र युक्तिसंगत हुन सक्दैन। मुख्य अभियुक्त र मलाई हाम्रो कसूर भिन्नाभिन्दै हुँदाहुँदै पनि समान सजाय गर्नु पनि कानूनको मकशद विरुद्ध रहेको छ। अतः उक्त फैसला गैरकानूनी हुँदा उल्टी गरी मैले सफाइ पाउने गरी इन्साफ गरिपाऊँ भन्ने प्रतिवादीहरू मध्येका सूर्यबहादुर पुनको पुनरावेदन पत्र।

म प्रतिवादीले मौका तथा इजलासमा बयान गर्दाको अवस्थामा मैले भनेबमोजिम तथा मलाई सोधेर समेत लेखिएको होइन र पढेर सुनाइएको समेत होइन। मलाई पहिले अरु मुद्दा लागेका कारणबाट यो मुद्दामा ठहर हुनुपर्ने पनि होइन। मुद्दामा कैद तथा जरीवाना गर्दा लिइएको आधार पनि मिलेको छैन। वादीले पेश गरेको मुचुल्काका मानिसहरू घटनाका प्रत्यक्षदर्शी समेत होइनन्। मलाई धेरै गैंडा मारेको जस्तो देखाएको छ, तर सो सम्बन्धमा अनुसन्धान नै नगरी ती कुरा मेरा विरुद्ध प्रमाणमा लिन मिल्ने पनि होइन। अतः शुरुको फैसला उल्टी गरी अभियोग दावीबाट सफाइ पाउने गरी अर्को फैसला गरिपाऊँ भन्ने प्रतिवादी बमबहादुर प्रजाको पुनरावेदन पत्र।

शुरुको इन्साफ प्रमाणको मूल्याङ्कन र कानूनको व्याख्याको प्रश्नमा फरक पर्नसक्ने देखिएकोले छलफलको लागि प्रत्यर्थी झिकाई पेश गर्नु भन्ने पुनरावेदन अदालतको मिति २०६५।२।२०।२ को आदेश।

प्रतिवादी छवीर पुनलाई पाँच वर्ष कैद गरी फैसला भएउपर निजले पुनरावेदन नगरी बसेकोले निजले उक्त फैसला स्वीकार गरेको हुनाले निजको हकमा कुनै विचार गर्नुपर्ने अवस्था आएन। प्रतिवादी बमबहादुर प्रजाले योजनाबद्ध ढंगले वारदातस्थल क्षेत्रमा गई दुई रात नदीको किनारामा नै बास बसी अगाडिदेखि नै लुकाई राखेको बन्दुक प्रहार गरेको, पुनरावेदक बमबहादुर प्रजाको साथमा लहैलहैमा लागी गैंडा मार्न गएको नभई योजनाबद्ध रुपमा खाग बेची तस्करी गरी रुपैयाँ कमाउने लालचमा कसूर गरेको तथा गैंडा मार्नको लागि नै सल्लाह गरी नारायणगढदेखि गई मार्नको लागि बन्दूक प्रहार गर्नेलाई मात्र बढी सजाय गर्नु न्यायोचित् नहुने हुँदा सो अपराध गर्न मत सल्लाहमा पसी योजना बनाई वारदातस्थलमा गई मार्ने कार्यमा सहयोग गर्ने, खाग बोकी हिँडी जाने र सो खाग बिक्री गरी रुपैयाँ बाँडी खाने समेतको कार्य संयुक्त रुपमा तीनैजना पुनरावेदक प्रतिवादीहरूले गरेकोले सबै पुनरावेदक प्रतिवादीहरूलाई समान सजाय भई अन्तिम हदको कैद सजाय तोक्दा मात्र कसूरको मात्राको अनुपातमा सजाय हुन सक्ने र गैंडा मारी खाग बेच्ने तस्करी मनोबृत्तिका व्यक्तिहरू हतोत्साहित हुनेसम्म

हुन्छन्। न्यून सजाय गर्दा त्यसको असर नराम्रो पर्ने र गैंडा संरक्षणको कार्यमा चुनौती आउन सक्ने तथा कसूरको मात्राअनुसार शुरुले सजाय गरेको हुँदा न्यून हदको सजाय गरिपाऊँ भन्ने पुनरावेदन जिकीरसँग सहमत हुने अवस्था देखिएन। तसर्थ, पुनरावेदक प्रतिवादी यामबहादुर पुन, सूर्यबहादुर पुन र बमबहादुर प्रजाको कसूर निःशंक पुष्टि हुन आएकोले निजहरूलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) को कसूरमा ऐ. को दफा २६(१) ले जनही कैद पन्ध्र वर्ष र जरीवाना एकलाख रुपैयाँ गर्ने गरी शुरु चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसारा, चितवनका प्रमुख संरक्षण अधिकृतबाट भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।१।२७ को फैसला।

पुनरावेदन अदालतको फैसलामा चित्त बुझेन। मेरो साविती बयानलाई आधार लिई शुरुले कसूरदार ठहर्याएकोलाई पुनरावेदन अदालतले सदर गरेको छ। उक्त साविती बयान मलाई चरम यातना दिई पहिले नै लेखिएको बयानमा जवरजस्र्ती सहिछाप गराएको हो। त्यस्तो बयान प्रमाण ऐन, २०३१ को दफा ९ प्रतिकूल छ। अर्को बुँदामा सहअभियुक्तको पोलबाट अभियोग पुष्टि भएको भनिएको छ। तर सहअभियुक्त समेतको बयान निजको स्वतन्त्रतापूर्वक र स्वेच्छाले भएको होइन। सहअभियुक्तहरू बमबहादुर प्रजा र कुमार पुनको बयानमा भरुवा बन्दूकबाट गोली हानी गैंडा मारेको भन्ने बेहोरा उल्लेख भएको छ। तर गैंडाको लास प्रकृति मुचुल्काबाट कञ्चटभित्र थ्री नट थ्री राइफलको गोलीको टुक्रा भेटिएको देखाइएको छ। यसबाट निज सहअभियुक्तहरूको बयान नै जवर्जस्ती रुपमा गराइएको पुष्टि हुन्छ। मेरो साविती बयान यातना दिई गराइएकोमा हिरासतमा कुटपीट गरिएको भए घाजाँच गराउनु पर्नेमा नगराएको भन्दै पुनरावेदन अदालतले उक्त साविती कुटपीट गरी गराइएको होइन भन्ने निष्कर्ष निकालेको छ। तर राष्ट्रिय निकुञ्जभित्र यातना दिइएकोमा उपचार वा घाजाँच गराउने अवस्था नै नहुने वास्तविकतातर्फ अदालतले न्यायिक मन लगाई मनन गर्न सकेको छैन। वारदात पुष्टि गर्ने आधारको रुपमा सिसवार उपभोक्ता समितिका अध्यक्ष बिष्णुबहादुर सेन र घटनास्थल लास प्रकृति मुचुल्कामा बस्ने गे.रामसेवक यादवको बकपत्रलाई पनि लिइएको छ। तर निजहरूको बकपत्रबाट यो यसले नै वारदात घटाएको भनी किटानी गरिएको छैन। यस्तो अवस्थामा म उपरको अभियोग दावी स्थापित हुनै नसक्नेमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ बमोजिम हदैसम्मको सजाय गरेको शुरुको फैसला सदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दावीबाट सफाइ पाऊँ भन्ने प्रतिवादी सूर्यबहादुर पुनको पुनरावेदन पत्र।

पुनरावेदन अदालतको फैसलामा चित्त बुझेन। मलाई सजाय गर्दा अनुसन्धान अधिकृतसमक्षको साविती बयानलाई मुख्य प्रमाण मानी ठहर गरिएको छ। सो साविती मेरो स्वेच्छाबाट भएको होइन। मलाई

चरम यातना दिई लिएको साविती प्रमाण ऐन, २०३१ को दफा ९ प्रतिकूल छ। जसलाई खाग बिक्री गरेको भनी आरोप लगाईएको छ ती व्यक्तिहरू वीजय लामा र लाहुरे भन्ने गादर बुर्जा मगरलाई विपक्षी बनाई कारवाही गरिएकै छैन। मृतक गैंडाको कञ्चटभित्रबाट थ्री नट थ्री राइफलका गोलीका टुक्रा भेटिएको भन्ने लास प्रकृति मुचुल्कामा उल्लेख छ। तर मेरो साविती बयानमा बमबहादुर प्रजाले भरुवा बन्दूक प्रहार गरी मारेको भन्ने बेहोरा उल्लेख गरी जवरजस्ती यातना दिई सहिछाप गराइएको छ। सहअभियुक्तले पोलेको आधारले मात्रै कसूर स्थापित भई सजाय हुन सक्तैन भन्ने अनेकन सिद्धान्तहरू रहेका छन्। साविती बयान गराउँदा यातना दिएकोमा त्यसको घाखत जाँच नगराएको भन्ने आधारमा मात्र सो साविती सही रुपमा स्वेच्छापूर्वक गराइएको भन्ने अर्थ गर्न मिल्दैन। राष्ट्रिय निकुञ्जभित्रको थुनामा यातना दिइएको यथार्थतालाई अदालतले गम्भीरतापूर्वक हेर्नुपर्दछ। वारदात पुष्टि गर्ने महत्वपूर्ण आधारको रुपमा सिसवार उपभोक्ता समितिका अध्यक्ष बिष्णुबहादुर सेन तथा घटनास्थल, लास प्रकृति मुचुल्कामा बस्ने मे. राम सेवक यादवको बकपत्रबाट वारदात पुष्टि भएको भनिएपनि ती दुबै व्यक्तिको बकपत्रबाट मैले समेत गोली हानेको भन्ने खुलेको छैन। यस्तो अवस्थामा बिना आधार प्रमाण राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ बमोजिम हदैसम्म सजाय गरेको त्रुटिपूर्ण छ। अपराधको प्रकृति र मात्राअनुरूप मात्रै सजाय हुनेमा हदैसम्मको सजाय गर्ने गरेको शुरुको इन्साफ सदर गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाऊँ भन्ने समेत बेहोराको प्रतिवादी कुमार भन्ने यमकुमार पुनको पुनरावेदन पत्र।

पुनरावेदन अदालतको फैसलामा चित्त बुझेन। मेरो साविती बयानलाई आधार लिई शुरुले कसूरदार ठहर्याएकोलाई पुनरावेदन अदालतले सदर गरेको छ। उक्त साविती बयान मलाई चरम यातना दिई पहिले नै लेखिएको बयानमा जवरजस्ती सहिछाप गराएको हो। त्यस्तो बयान प्रमाण ऐन, २०३१ को दफा ९ प्रतिकूल छ। अर्को बुँदामा सहअभियुक्तको पोलबाट अभियोग पुष्टि भएको भनिएको छ। तर सहअभियुक्त समेतको बयान निजको स्वतन्त्रतापूर्वक र स्वेच्छाले भएको होइन। सहअभियुक्तहरू सूर्यबहादुर पुन र कुमार पुनको बयानमा भरुवा बन्दूकबाट गोली हानी गैंडा मारेको भन्ने बेहोरा उल्लेख भएको छ। तर गैंडाको लास प्रकृति मुचुल्काबाट कञ्चटभित्र थ्री नट थ्री राइफलको गोलीका टुक्रा भेटिएको देखाइएको छ। यसबाट निज सहअभियुक्तहरूको बयान नै जवर्जस्ती रुपमा गराइएको पुष्टि हुन्छ। मेरो साविती बयान यातना दिई गराइएकोमा हिरासतमा कुटपीट गरिएको भए घाजाँच गराउनु पर्नेमा नगराएको भन्दै पुनरावेदन अदालतले उक्त साविती कुटपीट गरी गराइएको होइन भन्ने निष्कर्ष निकालेको छ। तर राष्ट्रिय निकुञ्जभित्र यातना दिइएकोमा उपचार वा घाजाँच गराउने अवस्था नै नहुने वास्तविकतातर्फ अदालतले न्यायिक मन लगाई मनन गर्न सकेको छैन। वारदात पुष्टि गर्ने आधारको

रुपमा सिसवार उपभोक्ता समितिका अध्यक्ष बिष्णुबहादुर सेन र घटनास्थल लास प्रकृति मुचुल्कामा बस्ने गे. रामसेवक यादवको बकपत्रलाई पनि लिइएको छ। तर निजहरूको बकपत्रबाट यो यसले नै वारदात घटाएको भनी किटानी गरिएको छैन। यस्तो अवस्थामा म उपरको अभियोग दावी स्थापित हुनै नसक्नेमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ बमोजिम हदैसम्मको सजाय गरेको शुरुको फैसला सदर गर्ने गरी पुनरावेदन अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोग दावीबाट सफाइ पाऊँ भन्ने प्रतिवादी बमबहादुर प्रजाको पुनरावेदन पत्र।

नियमबमोजिम पेशी सूचीमा चढी निर्णयार्थ पेश भएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी सूर्यबहादुर पुन समेतको तर्फबाट विद्वान अधिवक्ताहरू श्री केदारप्रसाद दाहाल र श्री जीतेन्द्र बज्राचार्यले प्रस्तुत मुद्दामा प्रतिवादीहरू उपर अधिकतम सजाय गरिएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) को व्यवस्थाअनुसार पनि प्रस्तुत वारदातमा हदैसम्मको सजाय गर्नु मनासिव हुँदैन। कसूरको गाम्भीर्यता र प्रतिवादीहरूको संलग्नताको अवस्था समेतलाई विचार नगरी हचुवाको आधारमा हदैसम्मको सजाय गर्नुले न्यायिक मनको प्रयोग नभएको पुष्टि गर्दछ। एउटै निकायबाट मुद्दाको अनुसन्धान, अभियोजन र निर्णय गरिएको अवस्था हुँदा निष्पक्ष सनुवाईको सिद्धान्त समेत अनुशरण भएको छैन। तसर्थ कसूरको गम्भीरता र त्यसमा हाम्रो पक्षको संलग्नताको मात्रालाई हेरी न्यायपूर्ण रुपमा इन्साफ गर्नुपर्नेमा हचुवाको आधारमा हदैसम्मको सजाय गर्ने गरी शुरु राष्ट्रिय निकुञ्ज कार्यालयको निर्णय सदर गरेको पुनरावेदन अदालतको फैसला उल्टी हुनुपर्दछ भन्ने समेत बहस गर्नुभयो।

पुनरावेदक प्रतिवादी कुमार भन्ने यमकुमार पुनको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री रजितभक्त प्रधानाङ्ग र विद्वान अधिवक्ताहरू श्री निर्मला शाक्य र श्री नरेन्द्रप्रसाद पाठकले प्रस्तुत मुद्दामा मुख्य अभियुक्त र सहअभियुक्त समेतलाई बराबर सजाय गर्ने गरी शुरु तथा पुनरावेदन अदालत समेतबाट फैसला भएको छ। फौजदारी कसूर वारदातमा संलग्नताको मात्रा हेरी Principle of parity अनुसार अभियुक्तलाई सजाय गर्नु पर्दछ। तर समान हैसियतका अभियुक्त छवीर पुनलाई ५ वर्ष मात्रै कैद सजाय गरिएको र अरुलाई हदैसम्मको सजाय गरिएको शुरु र पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण छ। प्रस्तुत कसूरमा हाम्रो पक्षको आपराधिक मनसाय (Mens Rea) पुष्टि भएको छैन। यसका साथै मुख्य अभियुक्त र मतियारको कसूरमा संलग्नताको गम्भीरता एउटै हुनै सक्तैन। तर मुख्य अभियुक्त र मतियारलाई एउटै स्तरमा सजाय गरिएको हुँदा पुनरावेदन अदालतको फैसला उल्टि हुनुपर्दछ भन्ने समेत बहस गर्नुभयो।

विद्वान कानून व्यवसायीहरूले गर्नु भएको बहस जिकीर सुनी मिसिल संलग्न कागजातहरू अध्ययन गरियो। यसमा पुनरावेदन अदालतले पुनरावेदक प्रतिवादीहरूलाई कसूरदार कायम गरी सजाय गर्ने गरेको फैसला मिले, नमिलेको के रहेछ भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादीहरू कुमार भन्ने यमकुमार पुन, बमबहादुर प्रजा, सूर्यबहादुर पुन र छबीर पुन उपर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ र १९(१) को कसूरमा ऐ दफा २६(१) बमोजिम हदैसम्मको सजायको माग गरी अभियोगपत्र पेश भएकोमा प्रतिवादीहरू यमकुमार पुन, बमबहादुर प्रजा र सूर्यबहादुर पुनलाई सोही दफा २६(१) बमोजिम जनही १५ बर्ष कैद र रु.१,००,०००।का दरले जरीवाना हुने र अर्को प्रतिवादी छवीर पुनलाई कैद बर्ष ५ हुने ठहर्याई शुरु राष्ट्रिय निकुञ्ज कार्यालयबाट भएको निर्णय सदर हुने ठहरी पुनरावेदन अदालतबाट फैसला भएको देखिन्छ। सो फैसलामा चित्त नवुझाई पुनरावेदक प्रतिवादीहरूको तर्फबाट छुट्टाछुट्टै पुनरावेदन परी निर्णयार्थ पेश भएको देखियो।

मिसिल अध्ययन गर्दा प्रतिवादीमध्येका छवीर पुनले शुरुको इन्साफमा चित्त बुझाई पुनरावेदन नगरी बसेबाट निजको हकमा शुरुको इन्साफ अन्तिम भै बसेको देखिँदा सो बारेमा यहाँ बोलिरहन आवश्यक भएन।

३. अब पुनरावेदक प्रतिवादीहरू कुमार भन्ने यमकुमार पुन, बमबहादुर प्रजा र सूर्यबहादुर पुनलाई अभियोग दावीबमोजिम हदैसम्मको सजाय गर्ने गरेको शुरु राष्ट्रिय निकुञ्ज कार्यालयको निर्णय र सोलाई सदर गरेको पुनरावेदन अदालतको फैसला मिले नमिलको सम्बन्धमा विचार गर्दा प्रतिवादीमध्येका बमबहादुर प्रजासँग २०५९ साल चैत्रमा नारायणगढमा फिल्म हेर्न जाँदा भेट भई निजले गैंडा मार्न जाऔं, ३०।४० हजार रुपैयाँ दिन्छु भनी भनेको हुँदा पैसाको लोभमा परी गाडीमा चढी नवलपरासीको रजहरतर्फबाट नारायणी नदी किनारमा उत्रिई त्यहीं सुतेको र भोलिपल्ट नदी तरी राष्ट्रिय निकुञ्ज क्षेत्रको जंगलभित्र प्रवेश गरी गैंडा खोज्दा नभेटिएकोले सो रात पनि जंगलमै सुत्यौं, त्यसको भोलिपल्ट बगरमा हेर्दा गैंडा हिँडेको पाइला देखी सो पाइला पछ्याउँदै जाँदा गैंडा भेटियो। तत्पश्चात् हामीलाई रुखमा चढाएर बमबहादुर बन्दुक लिई गैंडा मार्न गयो, आधाघण्टा पछि बन्दुक पड्कियो, हामी जाँदा गैंडा मरेको थियो, बमबहादुरले बन्चरोले खाग काटी मलाई झोलामा बोक्न दिए। हामी नारायणघाट निस्केपछि बमबहादुरले रु.४०,०००।का दरले मलाई र सूर्यबहादुरलाई पैसा समेत दिएको हो भनी प्रतिवादी कुमार भन्ने यमकुमार पुनले अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्षको बयानमा कसूरमा सावित

भै घटनाको पृष्ठभूमि, घटना वारदातको समयमा आफूले खेलेको भूमिकालगायत वारदातसँग सम्बन्धित सम्पूर्ण घटनाक्रमको वारेमा सबै तथ्यहरू सहज रुपमा र सविस्तार उल्लेख गरेको देखिन्छ।

४. अर्का पुनरावेदक प्रतिवादी सूर्यबहादुर पुन समेतले अनुसन्धान अधिकृत र मुद्दा हेर्ने अधिकारीसमक्षको बयानमा कसूरमा सावित भई यमकुमार पुनको बयानमा उल्लिखित बेहोरालाई नै समर्थन गर्दै आफू समेत संलग्न भई गैंडा मार्न गएको र गैंडा मारी खाग ल्याएपछि प्रतिवादी बमबहादुर प्रजाले दिएको रु.४०,०००।लिई खाएको कुरा स्वीकार गरी घटनाको सविस्तार वर्णन गरेको देखिन्छ।त्यस्तै प्रतिवादी बमबहादुर प्रजा अर्को गैंडा मारेको कसूरमा थुनामा रहेको भै निजको प्रस्तुत मुद्दामा अनुसन्धान अधिकारीसमक्ष बयान नगराइएको भएपनि मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयानमा आफूले पटक पटक गरी १७ वटा गैंडा मारी सकेको र प्रस्तुत वारदातमा समेत आफूले पूर्वयोजना बनाई सहअभियुक्त प्रतिवादीहरू यमकुमार पुन, सूर्यबहादुर पुन समेतलाई साथै लिई गई वारदात घटाई मारी खाग बिक्री गरेको र सो बापत प्राप्त रुपैयाँ रु.४०,०००।का दरले आफू स्वयं तथा प्रतिवादीहरू यमकुमार पुन र सूर्यबहादुर पुन समेतलाई दिई खाएको भन्ने कुरा स्वीकार गरी कसूर वारदात गरेकोमा पूर्ण सावित भएको पाइन्छ।

५. यसरी पुनरावेदक प्रतिवादीहरू कुमार भन्ने यमकुमार पुन, सूर्यबहादुर पुनको अनुसन्धान अधिकृतसमक्ष र मुद्दा हेर्ने अधिकारीसमक्षको बयान तथा बमबहादुर प्रजाको मुद्दा हेर्ने अधिकारी समक्षको बयान समेतबाट गैंडा मार्ने कार्यमा निजहरू सबैजना संलग्न रहेको देखाई एकले अर्कोउपर परस्पर पोलापोल गरी कसूर गरेको भन्नेमा पूर्णतः सावित रहेको स्थिति देखिन आयो।

६. प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरू कुमार भन्ने यमकुमार पुन, सूर्यबहादुर पुन र बमबहादुर प्रजा तीनैजनालाई सोही कानूनी व्यवस्थाअनुरूप जनही रु.१,००,०००।जरीवाना र १५ वर्ष कैद गर्ने गरी शुरु राष्ट्रिय निकुञ्ज कार्यालयबाट भएको निर्णय पुनरावेदन अदालतबाट समेत सदर भएको देखिन्छ।पुनरावेदक प्रतिवादीहरू यमकुमार पुन र सूर्यबहादुर पुनको पुनरावेदनमा मुख्य अभियुक्त बमबहादुर प्रजालाई र आफूहरूलाई एकै प्रकारले हदैसम्मको सजाय गरेको चर्को भएको भन्ने मुख्य जिकीर लिएको र पुनरावेदक प्रतिवादी बमबहादुर प्रजाको पुनरावेदनमा मुद्दा हेर्ने अधिकारीसमक्षको सावित्री बयान नै यातना दिई गराइएको हुँदा सो बयान प्रमाण ग्राह्य नहुने तथा सहअभियुक्तले पोलेको कुरालाई प्रमाणमा लिई कसूरदार कायम गर्न नमिल्ने भन्ने मुख्य जिकीर लिइएको देखिन्छ।समग्रमा तीनै जना पुनरावेदक प्रतिवादीले अनुसन्धान अधिकारीसमक्षको

सावित्री बयानमा एक अर्कालाई पोल गरेको कुरासम्मलाई कसूरदार कायम गर्ने प्रमाणमा लिन नमिल्ने भनी पुनरावेदनमा जिकीर लिएको भएतापनि सो सावित्री बयान निजहरूको स्वेच्छाविपरीत वा कुटपीट गरी वा डर, त्रास वा यातना दिई गराइएको भन्ने कुराको विश्वसनीय आधार देखाउन सकेको पाइदैन। अनुसन्धान अधिकारीसमक्षको र मुद्दा हेर्ने अधिकारीसमक्षको सावित्री बयान यातना दिई गराइएको भन्नु मात्र कसूरबाट उन्मुक्तिको आधार बन्न सक्तैन। यदि अनुसन्धान अधिकारी समक्षको सावित्री बयान कुटपीट गरी वा यातना दिई गराइएको भएमा मुद्दा हेर्ने अधिकारीसमक्ष सोको तत्काल प्रतिवाद गरी प्रतिवादीहरूले शारीरिक परीक्षण गराउन सक्नुपर्ने हुन्छ। प्रतिवादी मध्येका बमबहादुर प्रजा अर्को मुद्दामा कारगारमा रहेको अवस्थामा कारागारबाट झिकाई यस मुद्दामा बयान गराउँदा मुद्दा हेर्ने अधिकारी समक्ष निज सावित रही अन्य प्रतिवादीहरू समेतलाई पोल गरेको देखिन्छ। यदि मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा पनि निजउपर समेत यातना दिइएको भए कारागार कार्यालयमार्फत् शारीरिक परीक्षण गराउन निजलाई कुनै असहज अवस्था रहेको भन्ने पनि देखिँदैन। निज समेतले त्यस्तो कुनै परीक्षण पनि नगराएको अवस्थामा मुद्दा हेर्ने अधिकारीसमक्षको सावित्री बयान समेतका सबूद प्रमाणका आधारमा कसूर कायम भई दोषी करार भइसकेपछि पुनरावेदन तहमा शुरु मुद्दा हेर्ने अधिकारी समक्षको सावित्री बयानको सत्यतामा प्रश्न उठाई सो सावित्री आफूले दिएको होइन भन्ने जिकीर लिएकै आधारमा मात्र अदालतले प्रतिवादीहरूको सावित्री बयानको सत्यताउपर अनावश्यक शंका गरी अन्यथा निष्कर्ष निकाल्ने तर्फ विचार गर्नुपर्ने देखिँदैन।

७. यी पुनरावेदक प्रतिवादीहरूले आफ्नो सावित्री बयान र सोमा एक अर्कालाई पोल गरेको कुरा प्रमाणमा लिन मिल्दैन भन्ने जिकीर लिएको भएता पनि गैंडा मारी खाग बिक्री गर्ने र सोबाट प्राप्त रकम बाँडी खाएको तथ्यलाई खण्डन गर्ने आधार दिन वा आफूहरू वारदातमा संलग्न नरहेको भन्न सकेको अवस्था पनि छैन। प्रतिवादीहरूले अनुसन्धान अधिकृत र मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको आफ्नो सावित्री बयानको तथ्यलाई स्वीकारै गरेको र सो सावित्री बयान लिँदाको अवस्थामा यातना दिएको भन्ने कुरालाई मात्र विशेष रुपमा उठाई सो सावित्री प्रमाण ग्राह्य छैन भनी जिकीर लिएता पनि त्यस्तो यातना वा कुटपीट प्रमाणबाट पुष्टि नभएसम्म मुद्दा हेर्ने स्वतन्त्र निकायसमक्ष भएको सावित्री बयान निज प्रतिवादीहरू विरुद्धको बलियो प्रमाणको रुपमा रहिरहन्छ।

८. जहाँसम्म प्रतिवादीहरूको सावित्री बयान अन्य प्रमाणहरूबाट समर्थित र पुष्टि नभएको भन्ने पुनरावेदन जिकीर छ, सो सम्बन्धमा विचार गर्दा, प्रस्तुत वारदात एकसिंगे दुर्लभ एवं लोपोन्मुख गैंडाको खाग तस्करी गर्ने निहीत उद्देश्यबाट घटाइएको र त्यसमा प्रतिवादीहरू प्रत्यक्षतः संलग्न

भई गैंडा मारी त्यसको खाग बिक्री गरेको र सो बापतको पैसासमेत आपसमा बाँडी खाएको कुरालाई अन्यथा भन्न नसकेको अवस्था एवं मिति २०५९।१२।१३ को घटनास्थल प्रकृति र गैंडाको लास प्रकृति मुचुल्काबाट गोली हानी सो गैडा मारिएको र त्यसको खाग काटी लगेको देखिन्छ। प्रतिवादीहरूले सोही मुचुल्काहरूको बेहोरालाई समर्थन हुने गरी सबै घटनाक्रमलाई सविस्तार उल्लेख गरेको देखिनुका साथै प्रतिवादीहरूले मिति २०५९।१२।११ मा पसलबाट खानेकुरा किनी झोलामा बोकी राष्ट्रिय निकुञ्जतर्फ गएको देखेको र ३।४ दिन पछि गैंडा मारेछन् भन्ने सुनेको हुँ भनी सर्जमीन मुचुल्काका मानिस कृष्णप्रसाद आचार्य समेतले लेखाई दिएको र सोही बेहोरा उल्लेख गर्दै उक्त सर्जमीनमा सहिछाप गर्ने बिष्णुबहादुर सेन र रामसेवक यादव समेतले सर्जमीन बेहोरा समर्थन हुने गरी बकपत्र समेत गरेको देखिन्छ। यी सबै प्रमाणहरूबाट प्रतिवादीहरूले एकापसमा पोल गरी कसूरमा साविती रही गरेको बयान निर्विवाद रुपमा समर्थित र पुष्टि भएको छ। यस्तो अवस्थामा पुनरावेदक प्रतिवादीहरू कुमार भन्ने यमकुमार पुन, सूर्यबहादुर पुन र बमबहादुर प्रजाले अभियोग दावी बमोजिमको कसूर गरेको भन्ने तथ्य स्थापित हुन पुगेको छ।

९. अब प्रतिवादीहरूलाई शुरु मुद्दा हेर्ने राष्ट्रिय निकुञ्ज कार्यालय र पुनरावेदन अदालतले समेत हदैसम्मको सजाय गरेको मिले, नमिलेको तर्फ विचार गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) मा- "गैरकानूनी तरिकाले गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिऊँ चितुवा वा गौरी गाई मार्ने, घाइते बनाउने, खरीद गर्ने बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको बीना, हिऊँ चितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरीद गर्ने वा बिक्री गर्ने व्यक्तिलाई ५०,०००।रुपैयाँदेखि १,००,०००।रुपैयाँसम्म जरीवाना वा ५ वर्षदेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुनेछ" भन्ने व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थामा गैंडालाई संरक्षित वन्यजन्तुको श्रेणीमा राखी गैंडा मार्ने उद्देश्यले घाइते बनाउने वा मार्ने, खरीद बिक्री वा हस्तान्तरण गर्ने एवं गैंडाको खाग समेत राख्ने वा खरीद बिक्री गर्ने व्यक्तिलाई हुने सजाय उल्लेख भएको र त्यस्तो निषेधित कार्य वा अपराध गर्दाको परिस्थिति, अवस्था, वारदातको प्रकृति, अभियुक्तहरूको सामूहिक वा एक्लो संलग्नता, पूर्वयोजना, सहमति र सल्लाह, अपराध गर्दाको मनसाय एवं कसूरको गम्भीरता र मात्रा समेतलाई दृष्टिगत गरी कसूरदार ठहरिएको त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा अदालतले न्यूनतम् रु.५०,०००।देखि अधिकतम् रु.१,००,०००।सम्म जरीवाना वा न्यूनतम् ५ वर्षदेखि अधिकतम १५ वर्षसम्म कैद वा दुवै सजाय गर्न सक्ने गरी न्यायिक तजविजी

अधिकार (Judicial discretion) प्रदान गरेको देखिन्छ।

१०. प्रस्तुत वारदातको प्रकृति र कसूरदारको प्रवृत्ति हेर्दा यो वारदात दुर्लभ एकसिंगे गैंडा मारी त्यसको खाग तस्करी गर्ने उद्देश्यले एकभन्दा बढी प्रतिवादीहरूले आपसमा सल्लाह गरी योजना बनाई नियोजित रुपमा घटाएको देखिन्छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) द्वारा निषेधित अपराध अर्थात् दुर्लभ एवं संरक्षित वन्यजन्तुको रुपमा रहेको एकसिंगे गैंडा मार्ने र त्यसको खाग बिक्री गर्ने समेतको आपराधिक कार्यमा प्रतिवादीहरूको संगठित समूह संलग्न भएको देखिँदा प्रस्तुत वारदात संगठित अपराध Organized Crime को एउटा कडीको रुपमा देखिएको छ। यस्तो संगठित अपराधमा संलग्न प्रतिवादीहरूको कसूरलाई कुनै एउटा एक्लो वारदात वा घटनासँग मात्र जोडी निरपेक्ष ढंगबाट हेर्नु भन्दा सो वारदातबाट प्रतिवादीहरूले हासिल गर्न चाहेको निहीत उद्देश्य वा सो वारदातको दूरगामी असरलाई हेर्नु न्यायिक दृष्टिकोणबाट उपयुक्त वा वाञ्छनीय हुन्छ। पुनरावेदक प्रतिवादीहरूमध्येका बमबहादुर प्रजा स्वयंले मुद्दा हेर्ने अधिकारी समक्षको आफ्नो साविती बयानमा १७ वटा गैंडा मारी सकेको भन्दै प्रस्तुत वारदात समेत आफूले योजना बनार्ई सुझवुझपूर्ण तरीकाबाट अन्य प्रतिवादीलाई साथ लिई गई आफू समेत भै घटाएको भन्ने कुरा उल्लेख गरेकोबाट प्रस्तुत वारदातमा संगठित समूहको रुपमा यी पुनरावेदक प्रतिवादीहरू संलग्न रहेको भन्ने देखिएको छ। यसका अतिरिक्त एकसिंगे गैंडाको खागको तस्करी गर्ने र सोबाट प्राप्त नगदलाई प्रतिवादी बमबहादुर प्रजाले आफ्नो जीविकोपार्जनको माध्यम बनाउने गरेको भन्ने पनि निजको बयानबाट पुष्टि भइरहेको र त्यस प्रकारको गम्भीर कसूर अपराधमा प्रत्यक्ष रुपमा सहभागी बनेका पुनरावेदक प्रतिवादीहरू यमकुमार पुन र सूर्यबहादुर पुनको कसूरलाई समेत गम्भीरतापूर्वक लिनुपर्ने देखिन आउँछ। वारदात घटाई खाग काटी त्यसलाई बिक्री गरी प्राप्त गरेको रकम बराबरी रुपमा बाँडी खाएको भन्ने तथ्यमा पुनरावेदक प्रतिवादीहरूले अन्यथा भन्न नसकेको स्थितिमा निजहरूको प्रस्तुत वारदातमा समान प्रकृतिको संलग्नता रहेको मान्नुपर्ने हुन्छ। यसका अतिरिक्त राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २७ को प्रतिबन्धात्मक वाक्यांशले गैंडा, बाघ, कस्तुरी मृग र हात्तीसित सम्बन्धित कसूर गर्ने व्यक्ति र सोको मतियारलाई समान सजाय हुने व्यवस्था गरेको अवस्था समेत हुँदा प्रस्तुत कसूरमा मुख्य अभियुक्त र अन्य अभियुक्तको हकमा बेग्लाबेग्लै सजाय हुने अवस्था देखिँदैन। त्यसैले गैंडा मार्ने कार्यमा प्रयोग भएको बन्दूक प्रहार गर्ने कसूरदार र सो

वारदातमा संलग्न अन्य कसूरदारलाई हुने सजायमा कसूरको मात्रात्मक भिन्नता वा अनुपातको आधारतर्फ थप विवेचना गरिरहनु पर्ने देखिँदैन। अतः पुनरावेदक प्रतिवादीहरूतर्फबाट बहस गर्नु हुने विद्वान कानून व्यवसायीहरूले सबै प्रतिवादीलाई समान रुपले सजाय गर्न मिल्दैन भनी गर्नु भएको तर्क यस विवादमा प्रासङ्गिक देखिएन।

११. यस प्रकार, प्रस्तुत वारदात दुर्लभ एवं संरक्षित एकसिंगे गैंडा मारी त्यसको अमूल्य खाग तस्करी गर्ने उद्देश्यले घटाइएको देखिएको र सो कार्यमा पुनरावेदक प्रतिवादीहरूले एकापसमा संगठित भई, सल्लाह सहमति गरी, योजना बनाई, राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रको निषेधित क्षेत्रमा प्रवेश गरी संरक्षित एकसिंगे गैंडा मार्ने र त्यसको खाग काटी लगी बिक्री गर्ने र रकम बाँडी खाने जस्तो आपराधिक कार्यमा प्रत्यक्ष संलग्न भई गैंडा चोरी शिकारीलाई आयआर्जनको माध्यमको रुपमा अबलम्बन गर्ने हदसम्मको कसूर अपराध गरेको देखिएको हुँदा निज प्रतिवादीहरू कुमार भन्ने यमकुमार पुन, सूर्यबहादुर पुन र बमबहादुर प्रजालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम हदैसम्मको सजाय गर्दा सो दफाद्वारा प्रदत्त मुद्दा हेर्ने अधिकारी एवं अदालतको न्यायिक तजविजी अधिकारको अन्यथा प्रयोग भएको मान्नुपर्ने अवस्था देखिएन।

१२. अतः पुनरावेदक प्रतिवादीहरूलाई उक्त कानूनी व्यवस्था अनुरूप हदैसम्मको जनही रु.१,००,०००।जरीवाना र १५ वर्ष कैद गर्ने गरेको शुरु राष्ट्रिय निकुञ्ज कार्यालयको निर्णय सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६६।१।२७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ।प्रतिवादीहरूको पुनरावेदन जिकीर पुग्न सक्तैन।मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा म सहमत छु।

न्या.तर्कराज भट्ट

इति संवत् २०६८ साल फागुन ३ गते रोज ४ शुभम्

९. मुद्दाः- गैंडा मारी खाग बिक्री व्यवसाय।

भाग ५४	निर्णय नं. ८९११	ने.का.प. २०६९	अङ्क ११
सर्वोच्च अदालत, पूर्ण इजलास			
माननीय न्यायाधीश श्री ताहिर अली अन्सारी माननीय न्यायाधीश श्री सुशीला कार्की माननीय न्यायाधीश श्री तर्कराज भट्ट			
फौ.पु.नं. २०६८-CF-०००१			
फैसला मितिः२०६९/०५/२८ /५			

पुनरावेदक वादीः रेञ्जर माधव खड्काको जाहेरीले नेपाल सरकार

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः नवलपरासी जिल्ला देउराली गा.वि.स.वडा नं. ६ बस्ने ओमबहादुर राना समेत

शुरु फैसला गर्नेः

प्रमुख संरक्षण अधिकृत श्री शिवराज भट्ट

पुनरावेदन फैसला गर्नेः

मा.न्या.श्री ज्ञानेन्द्रबहादुर कार्की

मा.न्या.श्री पोषनाथ शर्मा

पुनरावेदक वादी तर्फबाटः विद्वान उपन्यायाधिवक्ता रेवतीराज त्रिपाठी

प्रत्यर्थी प्रतिवादी तर्फबाटः विद्वान अधिवक्ताद्वय कृष्ण सापकोटा र सविता बराल

अवलम्बित नजीरः

सम्बद्ध कानूनः

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क), १९(१), २६(१)

- *आरोपित कसूर गरेको तथ्यमा साबित भई एकअर्कालाई पोलसमेत गरी अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरेको र उक्त बयान बेहोरा सर्जमीनका मानिस तथा बरामदी मुचुल्काका मानिसहरूको बकपत्र समेतबाट समर्थित भएको अवस्थामा साबिती वयानलाई प्रमाणमा लिन मिल्ने।*
- *पटक पटक गैंडाको खाग बिक्री गरेको र गैंडाको खाग आफ्नो घरमा नै राखेको देखिएको अवस्थामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) को कसूरमा ऐ. को दफा २६(१) बमोजिम पाँच वर्ष कैद र पचास हजार रूपैयाँ जरीवाना हुने।*

(प्रकरण नं.६)

आदेश

न्या.सुशीला कार्कीः यस अदालतको संयुक्त इजलासमा माननीय न्यायाधीशहरूका वीच राय नमिली सर्वोच्च अदालत नियमावली २०४९ को नियम ३(१)(क) बमोजिम यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको सँक्षिप्त तथ्य एवं ठहर यसप्रकार रहेको छः

जिल्ला चितवन रत्ननगर नगरपालिका वडा नं. २ बस्ने सुन्दरसिंह ठकुरी र स्याङ्गजा घर भई हाल जिल्ला चितवन भरतपुर नगरपालिका वडा नं. ९ सुन्दरपुर बस्ने विजय भन्ने लव मल्लसमेतले गैंडा मारी बिक्री व्यवसाय गर्छन् भन्ने सुराक पाई गस्तीको क्रममा जिल्ला नवलपरासीको कावासोती बजारमा खाग किन्न भनी आएको अवस्थामा पक्राउ गरी सोधपुछ गर्दा दोग्ला भन्ने छिरिङ्ग लामा र तिब्वत ल्हासा घर भई का.न.पा.६ बौद्ध बस्ने तान्जिङ निमा तथा जिल्ला नवलपरासी देउराली गा.वि.स. ४ पुरानो बेलहानी बस्ने गजबहादुर फाल मगर समेतलाई पक्राउ गरी आवश्यक कारवाही गरिपाऊँ भनी रे. माधव खड्काको मिति २०६०।१।९ को जाहेरी प्रतिवेदन।

तिब्बत ल्हासा घर बताउने नेपाली भाषा बोल्न नजान्ने हाल का.म.न.पा.वडा नं. ६ बौद्धमा डेरा गरी बस्ने तान्जिङ निमालाई पक्राउ गरी जीउ खानतलासी गर्दा कालो कपडामा पटुका जस्तो बनाई कम्मरमा बाँधेको अवस्थामा बरामद भएको रु.७,५०,०००।(अक्षेरूपी सात लाख पचास हजार) को बरामदी मुचुल्काको कागज।

२०५९ साल माघ महिनामा जिल्ला नवलपरासी देउराली-६ बस्ने ओमबहादुर राना मगरले गैंडाको खाग बिक्री गराइदिन अनुरोध गरेकोले जिल्ला चितवन, भरतपुर नगरपालिका वडा नं. ८ शरदपुर बस्ने लव मल्लसँग चिनजान भएकोले गैंडाको खाग किन्ने साहू खोज भनी सुन्दरसिंह ठकुरीमार्फत् दोग्ला भन्ने

छिरिङ्ग लामा मेरो घरमा वि.सं. २०५९ फागुन १५, १६ गतेतिर आई माल हेरी पछि आउँछु भनी गएकोमा २०५९ साल चैत्र महिनाको दोस्रो हप्तातिर लव मल्ल, छिरिङ्ग लामा, सुन्दरसिंह ठकुरी, तान्जिङ निमा र मसमेत भई नवलपरासी जिल्लाको चोरमारा बजार नजिक खोलामा रु.२,४०,०००।(अक्षेरूपी दुई लाख चालीस हजार) मा तान्जिङ निमाले गैंडाको खाग किनी मेरो भागमा रु.३०,०००।आयो भनी दिएको रकम मैले बुझेको हो भनी गजबहादुर फाल मगरले दिएको साबिती बयान।

२०५९ साल फाल्गुण महिनाको अन्तमा म र सुन्दरसिंह ठकुरीले जिल्ला नवलपरासी देउराली गा.वि.स.वडा-४ पुरानो बेलानी बस्ने गजबहादुर फाल मगर र ऐ.ऐ. वडा नं. ६ बस्ने ओमबहादुर राना मगरसँग गैंडाको खाग छ भनी थाहा पाई उक्त खाग हेर्न छिरिङ लामाले साहू तान्जिङ निमालाई ल्याई रु.२,४०,०००।(दुई लाख चालीस हजार) मा बिक्री गराइ दिएबापत रु.१७,५००।(सत्र हजार पाँच सय) आफ्नो भागमा पाएको र वि.सं. २०६० वैशाख १९ गते पुनः खाग किन्न नवलपरासी जिल्लाको कावासोती बजारमा बसिरहेको अवस्थामा सुन्दरसिंह ठकुरी र म समेतलाई राष्ट्रिय निकुञ्जको गस्ती टोलीले पक्राउ गरी ल्याएको हो भनी लव मल्लले दिएको साबिती बयान।

२०५९ साल फाल्गुण महिनाको अन्त्यतिर म र लव मल्ल भएर नवलपरासी जिल्ला देउराली गा.वि.स.-४ पुरानो बेलानी बस्ने गजबहादुर फाल मगर र ऐ ऐ वडा नं. ६ झ्यालबास बस्ने ओमबहादुर राना मगरसँग खाग छ भनी थाहा पाई खाग हेर्न म र लव मल्ल, छिरिङ्ग लामासमेत भई गएर हेरी छिरिङ्ग लामाले ल्याएको तिब्बतियनलाई दुई लाख चालीस हजारमा बेची गैडाको खाग खरिद बिक्री गराइ दिएबापत १२,५००।पाएको र मिति २०६०।१।१९ गते पुनः जिल्ला नवलपरासी कावासोती बजारमा खाग किन्न बसिरहेको अवस्थामा रा.नि.को गस्ती टोलीले पक्राउ गरी ल्याएको हो र वि.सं. २०५६ साल कार्तिक मंसिरतिर जिल्ला चितवना.स्, रत्ननगर नगरपालिका चिसारी सुकुम्बासी टोल बस्ने च्याङ्गवा लामासँग एकवटा बाघको छाला रु.२४,०००।(चौबिस हजार) मा किनी काठमाडौं घर बताउने सनम लामालाई रु.३०,०००।(तीस हजार) मा बिक्री गरेको।त्यस्तै गरी २०५८ आषाढ, साउनतिर जिल्ला चितवन पिप्ले गा.वि.स. डडुवा बस्ने गोपाल तामाङ्गसँग एउटा चितुवाको छाला रु.२५००।मा किनेको, त्यसैगरी मकवानपुर जिल्ला मनहरी गा.वि.स.ज्यामिरे बस्ने अक्षयकुमार गिरीसँग चितुवाको छाला रु.१०,०००।मा किनेको, जिल्ला चितवन पर्सा बजारभन्दा भित्र पर्ने धर्मपुर बस्ने चेपाङ्ग माइलासँग चितुवाको छाला १ रु.३५००।मा किनी उक्त ३ वटा चितुवाको छाला काठमाडौं महानगरपालिका वडा नं. ५ बस्ने दोग्ला भनिने छिरिङ्ग लामालाई रु.२६,०००।मा बेचेको हो भनी सुन्दरसिंह ठकुरीले गरेको साबिती बयान।

मलाई सुन्दरसिंह ठकुरीले गैंडाको खाग छ बेचिदिनु पर्यो भनी मेरो घरमा फोन गरी भनेकोले २०५९ साल फाल्गुण महिनाको अन्त्यतिर मैले तान्जिङ निमासँग कुराकानी गर्दा हुन्छ भनेकाले उसैलाई लिई नवलपरासी जिल्लाको कावासोतीमा आई सुन्दरसिंह ठकुरी समेतका मानिसलाई भेटी सुन्दरको मोरसाइकलबाट नवलपरासी जिल्ला देउराली गा.वि.स. झ्यालबासमा गई मालधनी ओमबहादुर राना मगर र गजबहादुर फाल मगर समेतलाई लिई तान्जिङ निमा बसेको होटलमा आई त्यसपछि चोरमारा खोलाको बगरमा खाग हेरी दुई लाख चालीस हजारमा मोलसमेत भई तान्जिङ्ग निमाले गैंडाको खाग किनी लगेको र २०५८ साल असार साउनतिर सुन्दरको घर रत्ननगर नगरपालिका टाँडी चितवनबाट चितुवाको छाला ३ थान २६,०००।मा खरीद गरी कपडाको झोलामा बेरेर बसको छतमा राखेर लगी काठमाडौं महानगपालिका वडा नं. ६ बौद्धमा डेरा बस्ने तान्जिङ निमालाई ३०,०००।मा बेचबिखन गरेको हो भनी दोग्ला भनिने छिरिङ्ग लामाले दिएको साबिती बयान।

२०५९ साल फागुनतिर छिरिङ्ग लामाले खबर गरेअनुसार एउटा गैंडाको खाग जिल्ला नवलपरासी चोरमारा खोलाको बगरमा सुन्दरसिंह ठकुरी समेतबाट रु.२,४०,०००।(दुई लाख चालीस हजार) मा लिएको र २०५८ साल असारतिर छिरिङ लामासँग ३०,०००।मा चितुवाको छाला तीन थान लिएको हो।मिति २०६०।१।१९ गते म र छिरिङ्ग लामा खाग किन्न नारायणगढको होटलमा बसिरहेको समयमा रा.नि.को गस्ती टोलीले पक्राउ गरी मसँग भएको ७,५०,०००।(सात लाख पचास हजार) बरामद भएकोमा ६,००,०००।(छ लाख) ल्हासा बस्ने टासीले गैंडाको खाग किन्न पठाएको र १,५०,०००।(एक लाख पचास हजार) मै आफैंले गैडाको खाग किन्न लगाएको हो भनी तान्जिङ निमाले दोभाषेको रूपमा निजसँगै पक्राउ परेका छिरिङ्ग लामाबाट सहायक संरक्षण अधिकृतको रोहवरमा दिएको साबिती बयान।
नवलपरासी जिल्ला देउराली गा.वि.स.वडा नं. ४ पुरानो बेलानी बस्ने गजबहादुर फाल मगर समेतका व्यक्तिहरू बेलाबेलामा कावासोती बजारमा आवतजावत गरी हिँडिरहेको देखेको हो भनी जिल्ला नवलपरासी पिठौली गा.वि.स.वडा नं. ८ बस्ने भिमनारायण भुसालसमेतले गरेको सर्जमीन मुचुल्का।

प्रतिवादी गजबहादुर फाल मगर, लव मल्ल र सुन्दरसिंह ठकुरीको घर खानतलासी गर्दा वन्यजन्तुको कुनै पनि अखेंटोपहार फेला नपरेको भन्ने मिति २०६०।२।९को छुट्टाछुट्टै खानतलासी मुचुल्का।

जिल्ला नवलपरासी, देउराली गा.वि.स.वडा नं. ४ पुरानो बेलानी गाऊँ बस्ने गजबहादुर फाल मगरसमेत जना १२ का प्रतिवादीहरूले बिना इजाजत संरक्षित वन्यजन्तु गैंडाको खाग समेतका आखेटोपहार बिक्री वितरण गरी रा.नि.तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९ को कसूर अपराध गरेको देखिनआएबाट विरुद्ध खण्डका प्रतिवादीहरूलाई सोही ऐनको दफा २६(१) बमोजिम सजायको

मागदावी लिई मुद्दा चलाउने, अखेटोपहार खरीदको लागि बरामद भएको रकम दशी प्रमाणको रूपमा अभियोगपत्र साथ पेश गर्ने साथै तिब्बत घर बताउने टासी भन्ने व्यक्ति र जडिबुटी बेच्ने सुमन भोटेको हकमा स्पष्ट नाम थर वतन खुलेका बखत कानूनबमोजिम गर्ने गरी मुद्दा चलाउने भनी जिल्ला सरकारी वकीलको कार्यालय चितवनका जिल्ला न्यायाधिवक्ता राजेन्द्रकुमार श्रेष्ठबाट भएको निर्णयको प्रतिलिपिसहितको मिति २०६०।२।१२ को पत्र।

अभियोगपत्रको विरुद्ध खण्डका प्रतिवादीहरूले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) को कसूर अपराध गरेको पुष्टि भएकोले सोही ऐनको दफा २६(१) बमोजिम सजाय गरिपाऊँ भनी पेश गरिएको अभियोग मागदावी।

पछि पक्राउ परी आएका प्र.ओमबहादुर राना मगरले आफूले वि.सं.२०५४ साल, २०५९ साल असोज र २०५९ साल पुससमेत गरी तीन पटक गैंडाको खाग विक्री व्यवसायमा संलग्न भएको हो भनी कार्यालयको इजलाससमक्ष गरेको बयान र पुर्पक्षको निमित्त थुनामा राख्ने गरी मिति २०६०।५।१२ मा शुरु कार्यालयको इजलासबाट भएको आदेश।

पछि पक्राउ परी आएका अर्का प्र. च्याङवा भनिने दिलबहादुर लामाले आफुलाई प्र. सुन्दरसिंह ठकुरीले बाघको छाला त्रिवेणीबाट चिवतनको भरतपुरमा ओसारी दिनुपर्योभनेकोले चितवन भरतपुरको क्याम्पस गेटसम्म ल्याइदिएको र रु.२५००।(दुई हजार पाँच सय) लिएको हुँ भनी बयान गरेकोले निजलाई पूर्पक्षको लागि थुनामा राख्ने गरी शुरु कार्यालयको इजलासबाट भएको मिति २०६१।१।२ को आदेश।

सर्जमीन मुचुल्कामा बस्ने वीरबहादुर थारू, भीमनारायण भुसाल, सीताराम भुसाल र खेमनारायण थारू समेतले शुरु कार्यालयको इजलाससमक्ष गरेको छुट्टाछुट्टै बकपत्र।

जाहेरवाला तथा बरामदी मुचुल्कामा काम तामेल गर्ने रे.माधव खड्काले शुरु कार्यालयको इजलाससमक्ष गरेको बकपत्र।

प्रतिवादीहरू क्रमशः गोपाल तामाङ्ग, अक्षयकुमार गिरी, चेपाङ माहिला र मानबहादुर तामाङ्गसमेतको नाममा जारी भएको समाह्वान म्याद रीतपूर्वक तामेल भई मिसिल संलग्न रहेको।
प्रतिवादीहरू गजबहादुर फाल मगर, सुन्दरसिंह ठकुरी, लव मल्ल र छिरिङ्ग लामा समेतले गरेको साबिती बयान एवं बरामदी मुचुल्कामा काम तामेल गर्ने र जाहेरवाला रेञ्जर माधव खड्का र वेदबहादुर खड्कासमेतले कार्यालयको इजलाससमक्ष आई बकपत्र गरेको, सर्जमीन मुचुल्काका मानिसहरूले समेत शुरुमा गरेको कागजलाई समर्थन गरी कार्यालयसमक्ष बकपत्र गरेको देखिएकोले प्र.ओमबहादुर राना

मगरले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) को कसूर गरेको स्पष्ट हुँदा सोही ऐनको दफा २६(१) बमोजिम १० वर्ष कैद हुने ठहर्छ र प्र. गजबहादुर फाल मगरले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) को कसूर गरेको स्पष्ट भएकोले सोही ऐनको दफा २६(१) बमोजिम १० वर्ष कैद हुने ठहर्छ। प्रतिवादी सुन्दरसिंह ठकुरीले ऐ. ऐनको दफा १९(१) को कसूर गरेको स्पष्ट भएकोले सोही ऐनको दफा २६(१) बमोजिम १२ वर्ष कैद र रु.५०,०००। जरीवाना हुने ठहर्छ। प्र. च्याङबा भन्ने दिलबहादुर रानाले ऐ ऐनको दफा १९(१) को कसूर गरेकोले ऐ. ऐनको दफा २६(१) बमोजिम ५ वर्ष कैद हुने ठहर्छ। प्रतिवादी छिरिङ्ग लामाले ऐ ऐनको दफा १९(१) को कसूर गरेको स्पष्ट हुन आएकोले ऐ ऐनको दफा २६(१) बमोजिम ५ वर्ष कैद र रु.१,००,०००। जरीवाना हुने ठहर्छ। प्र. विजय भनिने लव मल्लले ऐ. ऐनको दफा १९(१) को कसूर गरेको स्पष्ट भएकोले सोही ऐनको दफा २६(१) बमोजिम रु.१,००,०००। जरीवाना हुने ठहर्छ। प्र. गोपाल तामाङ्ग, अक्षयकुमार गिरी, चेपाङ माहिला र मानबहादुर तामाङले ऐ ऐनको दफा १९(१) को कसूर गरेको स्पष्ट भएकोले सोही ऐनको दफा २६(१) बमोजिम जनही रु.१,००,०००। जरीवाना हुने ठहर्छ। स्पष्ट ठेगाना नखुलेको काठमाडौं घर बताउने सनम लामाको हकमा वतन खुलेको बखत पेश गर्नु। प्र.तान्जिङ निमालाई कार्यालयबाट माग भएको नगद धरौट बुझाई तारिखमै रहेको अवस्थामा मृगौला र कलेजोको उपचार गर्दागर्दै सन् २००३ डिसेम्वर ९ तारिखको दिन मृत्यु भएको भनी मृत्यु प्रमाणपत्रको साथै उपचार गराएको अन्य कागजातहरू निज तान्जिङ निमाको श्रीमती डोमाले कार्यालयमा जानकारी गराएकोले अ.वं. १७६ नं. बमोजिम गैह्र मुद्दामा अभियोग लागेको मानिस फैसला नहुँदै मर्योभने सो मर्नेलाई खतबात लाग्दैन भन्ने भएको हुँदा निजबाट बरामदी रु.७,५०,०००। र थप धरौट रु.१,००,०००। मध्ये रु.१,००,०००। धरौट सदर स्याहा गरी बाँकी धरौटी निजको हकदार वा हकदारले मञ्जूरनामा दिई पठाएको व्यक्तिलाई दिनु भन्ने शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसरा, चितवनको मिति २०६१।६।११ को निर्णय।

शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालय सौराहा, चितवनले हामी प्रतिवादीमध्येका ओमबहादुर राना मगरलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९ (१) को कसूरमा ऐ ऐनको दफा २६(१) बमोजिम १० वर्ष कैद हुने ठहराएको, म प्र. गजबहादुर फाल मगरलाई ऐ ऐनको दफा १९(१) को कसूरमा ऐ को दफा २६(१) बमोजिम १० वर्ष कैद हुने र म सुन्दरसिंह ठकुरीलाई ऐ ऐनको दफा १९(१) को कसूरमा ऐ दफा २६(१) बमोजिम १२ वर्ष कैद र रु.५०,०००। जरीवाना हुने ठहर्याएको फैसलाउपर चित्त बुझेन। शुरु निर्णय गर्दा निर्णयकर्ताले बारम्बार उल्लेख गरेको बरामदी मुचुल्का तान्जिङ निमाको शरीरबाट बरामद भएको रूपैया भै शुरुले उक्त रूपैयाँ फिर्ता दिने निर्णय गरेको भए पनि यो ऐ दफा १९ सँग सम्वन्धित वस्तु नभै

२०६०।१।१९ को मितिलाई बरामदी मिति मानेको भए पनि सोही दिन कुनै काम नभएको अवस्था छ। २०६०।२।९ को खानतलासी मुचुल्कामा केही भेटिएको छैन। अस्पष्ट विरोधाभाषयुक्त र अभियोग स्थापित नै गर्न नसकेको वारदात, मिति, समय र स्थानको प्रकृति नखुलेको रेञ्जर माधव खड्काको प्रतिवेदन दावी प्रमाणित गर्ने वादी नेपाल सरकारको स्पष्ट सबूद प्रमाणको अभावमा समेत हामीलाई ऐ दफा १९(१) को कसूरमा ऐ दफा २६(१) बमोजिम कैद तथा जरीवाना गर्ने ठहराएको शुरुको निर्णय सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ३,७,९,१०,३ तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २३, ३० समेतको विपरीत र सम्मानीत सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्त समेतको विपरीत भै त्रुटिपूर्ण हुँदा सफाइ दिलाइपाऊँ भन्नेसमेत बेहोराको ओमबहादुर राना मगर, गजबहादुर फाल मगर र सुन्दरसिंह ठकुरीको संयुक्त पुनरावेदन जिकीर।

मारिएको भनिएको गैंडा कहिले, कुन ठाउँमा के कसरी मारी कहिले के कहाँ त्यसको खाग बिक्री गरिएको हो खुल्न नआई पुनरावेदकको साबिती बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको नदेखिएको, रूपैयाँ बरामदी मुचुल्काका मानिससमेत नबुझिएको अवस्थामा निजलाई कसूरदार भनी सजाय गर्ने गरेको शुरुको फैसला फरक पर्नसक्ने देखिँदा छलफलको निमित्त विपक्षी झिकाई नियमानुसार पेश गर्नु भन्ने पुनरावेदन अदालत, हेटौंडाको मिति २०६२।८।१९ को आदेश।

प्रस्तुत मुद्दाको प्रकृतिअनुसार आफैं अनुसन्धानकर्ता र आफैं वादी अनि आफैं निर्णयकर्ता हुने भएकोले अनुसन्धान र कार्यालयमा भएका प्रतिवादीहरूको कसूरको साबिती र सहअभियुक्तको पोल अन्य स्वतन्त्र, भरपर्दो र प्रत्यक्ष प्रमाणबाट परिपुष्टि भएको अवस्थामा मात्र प्रमाण ग्राह्य हुनसक्छ तर प्रस्तुत मुद्दामा पुनरावेदकको सो साबिती र पोल अन्य कुनै पनि स्वतन्त्र र निश्चयात्मक प्रमाणबाट समर्थित हुनसकेको देखिँदैन। सहअभियुक्तको पोल अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुनपर्ने (नेकाप २०५५, अङ्क ९, नि.नं. ६६०१) फौजदारी मुद्दामा अभियुक्तमाथि लगाइएको आरोप वादी पक्षले पूर्णरूपले प्रमाणित गर्नुपर्छ (नेकाप २०४७, अङ्क ४, नि.नं. ४१३३, पृष्ठ ३७८) र कसूर प्रमाणित गर्ने प्रमाणहरू बिल्कुलै शंकारहित हुनुपर्छ शंकाको भरमा मात्र कसूर कायम गर्न मिल्दैन (नेकाप २०४५, अङ्क, ४ नि.नं. ३४२१, पृ. ३४७) भनी सम्मानीत सर्वोच्च अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको अवस्थालाई दृष्टिगत गर्दा वारदातस्थल, वारदात मिति र समयसमेत प्रष्टरूपमा किटान नगरी रेञ्जरले दिएको प्रतिवेदनको आधारमा अनुसन्धान गरी साबितीलाई समर्थन गर्ने अन्य प्रमाणको अभावमा प्रतिवादीहरू साबिती भएको भन्ने भरमा मात्र कसूरदार कायम गर्नु फौजदारी न्यायको मान्य सिद्धान्तसमेतले मिल्ने देखिँदैन। प्रस्तुत मुद्दामा अपराध कहिले कहाँ भयो भन्ने कुरा पनि वादी पक्षले देखाउन सकेको छैन। कोरा साबितीले मात्र प्रतिवादीलाई कसूरदार ठहर गर्न नमिल्ने भनी सम्मानीत सर्वोच्च अदालतबाट पटकपटक सिद्धान्त प्रतिपादन भएकोसमेत अवस्था छ। फौजदारी

मुद्दामा अभियुक्तको कसूर प्रमाणित गर्ने भार प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादीमा रहने भार हो। प्रस्तुत मुद्दाको पुनरावेदकको सन्दर्भमा कसूरसँग सम्बन्ध नराख्ने खालको बरामदी मुचुल्का, कसूरसँग सम्वन्धित अखेटोपहार फेला नपरेको भन्ने खानतलासी मुचुल्का, वारदात देखो सुनेको सम्म भन्न नसकेको सर्जमीनका व्यक्तिको बकपत्र समेतका मिसिल संलग्न कसूर प्रमाणित हुन नसक्ने तथ्यका आधारमा कोरा साबितीको भरमा पुनरावेदकहरू उपरको दावी वादीले शंकारहित तवरले प्रमाणित गर्न सकेको भन्न मान्न मिल्ने देखिँदैन। तसर्थ माथि उल्लेख गरिएका मिसिल संलग्न तथ्य र प्रमाणको विवेचनाको आधारमा अभियोग दावी प्रमाणित हुन नसकेको अवस्थामा पुनरावेदकहरूलाई सफाइ दिनुपर्नेमा कसूरदार ठहर गरी सजाय गरेको शुरुको मिति २०६१।६।११ को निर्णय मिलेको नदेखिँदा उल्टी भै पुनरावेदकहरू ओमबहादुर राना मगर, गजबहादुर फाल मगर र सुन्दरसिंह ठकुरीले अभियोग दावीबाट सफाइ पाउने ठहर्छ भन्ने बेहोराको पुनरावेदन अदालत हेटौंडाको मिति २०६३।८।४ को फैसला।

प्रतिवादीहरूले एकआपसमा परस्पर पोल गर्दै आफूहरूले आरोपित कसूर गरेको भनी मुद्दा हेर्ने अधिकारीसमक्ष वारदातको साल, महिनासमेत उल्लेख गर्दै घटनाक्रमको चित्रण गरी यथार्थ रूपमा साबित भई बयान गरेका र मिसिलसंलग्न जाहेरी, बुझिएका मानिसहरूको भनाइ बेहोरा समेतबाट सो साबिती एवं सहअभियुक्तको पोल समर्थित भइरहेको अवस्थामा सोको मूल्याङ्कन नगरी प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाइ दिने ठहर्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला त्रुटिपूर्ण भएकोले सो फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग मागदावी बमोजिम सजाय गरिपाऊँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको यस अदालतमा परेको पुनरावेदनपत्र।

प्रतिवादीहरू तीनैजना ओमबहादुर राना, गजबहादुर फाल मगर र सुन्दरसिंह ठकुरीलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको दफा ५क र दफा १९(१) को कसूरमा दफा २६(१) को सजाय गरिपाऊँ भनी अभियोगपत्र दायर भएकोमा शुरु फैसला उल्टी गरी पुनरावेदन अदालतले सफाइ दिएउपर प्रस्तुत पुनरावेदन पर्न आएको देखियो। प्रतिवादीहरू तीनैजनाले मुद्दा हेर्ने अधिकारीसमक्ष आफूले अपराध गरेको भनी साबित हुँदै बयान गरेको देखिन्छ। एक पक्षले लगाएको अभियोग अर्को पक्षले मुद्दा हेर्ने अधिकारीसमक्ष लिखित रूपमा स्वीकारी साबित भएमा प्रमाण बुझिरहन नपर्ने भनी प्रमाण ऐन, २०३१ को दफा ४ र अ.वं. १८४ (क) नं. मा व्यवस्था भएको देखिन्छ। मुद्दा हेर्ने अधिकारीसमक्ष जानीबुझी कसूर सकार गरेकोमा थप प्रमाण बुझिरहन पर्दैन। सो मुद्दा हेर्ने अधिकारी र अड्डा तत्कालीन संविधान २०४७ को धारा ८४ अन्तर्गत खास प्रकृतिको मुद्दा हेर्न कानूनबमोजिम गठित Specialized Court हो। संविधान र कानूनले मुद्दा हेर्ने कुनै खास निकाय तोकेकोमा त्यस्तो निकाय पनि अदालत सरहकै मुद्दा हेर्ने अधिकारी हो। संविधान, कानून स्पष्ट हुँदाहुँदै र प्रतिवादीहरू

मुद्दा हेर्ने अधिकारीसमक्ष आफूलाई लागेको अभियोगमा साबित हुँदाहुँदै पनि कानूनबमोजिम तोकिएको मुद्दा हेर्ने अधिकारीको अधिकारक्षेत्र र कार्यविधिमा नै गलत अर्थ गरी प्रतिवादीहरूलाई सफाइ दिने गरेको पुनरावेदन अदालतको फैसला फरक पर्ने देखिँदा छलफलका लागि प्रत्यर्थी झिकाई पेश गर्नु भन्ने यस अदालतको मिति २०६४।८।१४ को आदेश।

मलाई पक्राउ गरी हिरासतमा राखी डरधाक धम्की दिई बन्दुक उजाई कुटपीट गरी यातना दिई बयान पढी बाँची नसुनाई जवरजस्ती सहिछाप गराइएको हो। सहअभियुक्तहरूलाई पनि यसै गरी साबित गराई उस्तै बेहोरामा सहिछाप गराइएको हो। सो बाहेक आरोपित कसूर स्थापित गर्ने अन्य कुनै स्वतन्त्र प्रमाण वादी पक्षले पेश गर्न नसकेको अवस्थामा शुरु फैसला उल्टी गरी अभियोग मागदावीबाट सफाइ दिने ठहर्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला कानूनसम्मत भएकोले सदर गरिपाऊँ भन्नेसमेत बेहोराको प्रतिवादीहरू ओमबहादुर राना मगर, गजबहादुर फाल मगर र सुन्दरसिंह ठकुरीले यस अदालतमा चढाएको छुट्टाछुट्टै लिखित प्रतिवाद।

प्रतिवादीहरूले आरोपित कसूर गरेको कुरामा साबित भई एकअर्कालाई पोलसमेत गरी अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान निजहरूले परस्पर गरेको बयान र सर्जमीनका मानिस तथा बरामदी मुचुल्काका मानिसहरूको बकपत्र समेतबाट समर्थित भएको देखिएको र प्रमाण ऐन, २०३१ को दफा ४(१)(क) तथा ९(१) बमोजिम मुद्दा हेर्ने अधिकारीसमक्ष निजहरूले गरेको साबिती वयानलाई निजहरूका विरुद्ध प्रमाणमा लिन मिल्ने देखिँदा प्रत्यर्थी प्रतिवादीहरूलाई अभियोग मागदावीबाट सफाइ दिने ठहर्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला उल्टी भई प्रत्यर्थी प्रतिवादीमध्येका ओमबहादुर राना मगरले ३ पटकसम्म गैंडाको खाग बिक्री गरेको भन्ने देखिएको र प्रस्तुत मुद्दामा समेत गैंडाको खाग निजले आफूसँगै आफ्नो घरमा नै राखेको देखिएको हुँदा निजलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) को कसूरमा ऐ को दफा २६(१) बमोजिम पाँच वर्ष कैद र पचास हजार रूपैयाँ जरीवाना हुने ठहर्छ। अन्य प्रत्यर्थी प्रतिवादीहरू गजबहादुर फाल मगर र सुन्दरसिंह ठकुरीले गैंडाको खाग आफ्नो सँगसाथ राखेको भन्ने देखिन नआएको र निजहरू प्रतिवादी ओमबहादुर राना मगरको सँगसाथ रहेको खाग बिक्री गर्नका लागि ग्राहक खोजी गर्ने काममा संलग्न रहेको देखिएको हुँदा निज प्रत्यर्थी प्रतिवादीहरू गजबहादुर फाल मगर र सुन्दरसिंह ठकुरीलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) को कसूरमा सोही ऐनको दफा २६(१) बमोजिम जनही एक लाख रूपैयाँ जरीवाना हुने ठहर्छ। प्रत्यर्थी प्रतिवादीहरूलाई अभियोग मागदावीबाट सफाइ दिने ठहर्याएको पुनरावेदन अदालत हेटौडाको इन्साफ सदर गर्ने गरेको सहकर्मी माननीय न्यायाधीश श्री मोहनप्रकाश सिटौलाको रायसँग सहमत नभएकोले

सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेश गर्नु भन्ने यस अदालतको संयुक्त इजलासमा सम्माननीय प्रधानन्यायाधीश श्री रामप्रसाद श्रेष्ठले व्यक्त गर्नुभएको राय।

प्रस्तुत मुद्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३० र ३१ अनुसार तत्कालीन शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका रेञ्जरबाट अनुसन्धान तहकीकात गरी मुद्दा दायर भई सोही कार्यालयका प्रमुख संरक्षण अधिकृतबाट फैसला भएको देखिन्छ। यसरी मुद्दाको अनुसन्धानकर्ता, अभियोजनकर्ता र निर्णयकर्ता समेत एउटै निकाय रहेको अवस्थामा सो निकायका अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष भएको प्रतिवादीहरूको साबिती बयान र सहअभियुक्तहरूको पोललाई प्रमाणमा ग्रहण गर्दा सावधानीपूर्वक विचार गरिनुपर्दछ। त्यस्तो साबिती र सहअभियुक्तको पोल मिसिलसंलग्न अन्य स्वतन्त्र र वस्तुनिष्ठ प्रमाणबाट समर्थित भएको अवस्थामा प्रमाणमा ग्राह्य हुन्छ तर प्रस्तुत मुद्दामा प्रतिवादीहरूले शुरु कार्यालयमा गरेको साबिती बयान र परस्पर गरेको पोल मिसिल संलग्न अन्य कुनै पनि ठोस सबूद प्रमाणबाट समर्थित भएको अवस्था देखिँदैन। मुख साबित हुनु र अपराध गर्नु फरकफरक कुरा हुन्। अपराधजन्य कार्य भए गरेको प्रमाणबाट पुष्टि र समर्थित भएमा मात्र कसूरदार ठहर्याई अभियुक्तलाई सजाय गरिन्छ। फौजदारी न्याय सिद्धान्तको स्थापित मान्यता पनि यही हो। बिना दशी प्रमाणको साबिती कहिल्यै पनि आपराधिक कार्य हुँदैन र दण्डनीय पनि हुँदैन। यदि त्यस्तो साबिती मात्रलाई आधार मानी अपराध गरेकै हो भनी आत्मगत सोचाई राखी नागरिकलाई दण्ड गर्दै जाने हो भने व्यक्तिका मौलिक हक, कानूनी हक र प्रमाण कानूनका प्रावधानहरू सबै निस्तेज र निष्क्रिय हुन्छन्। अनि त्यस्ता भावावेशपूर्ण निर्णयहरूबाट न्यायका स्थापित मान्य सिद्धान्तहरू धराशायी हुन्छन्, जुन कानूनी राज्यमा घातक सिद्ध हुन्छ। त्यसैले नै प्रमाण ऐन २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुनेछ" भनी प्रमाणको भारको स्पष्ट व्यवस्था गरिएको हो। प्रत्येक अभियुक्तको साबिती वस्तुगत प्रमाण, स्वतन्त्र प्रमाण र परिस्थितिजन्य प्रमाणहरूको श्रृङ्खलासहितको कडीसँग जोडिएको हुनुपर्छ। प्रस्तुत मुद्दामा, त्यस्ता कुनै पनि प्रमाण कथित साबितीसँग जोडिएका छैनन्, पेश भएका छैनन् र परस्परका पोलसँग मेल पनि खाँदैनन्। त्यसो हुँदा राष्ट्रिय निकुञ्ज कार्यालयका अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष प्रतिवादीहरूले गरेको भनिएको साबिती बयान बाहेक निजहरू विरुद्धको आरोपित कसूर पुष्टि हुने अन्य कुनै स्वतन्त्र र वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेश गर्न सकेको नदेखिँदा त्यस्तो साबिती र पोल मात्रको आधारमा प्रतिवादीहरूले आरोपित कसूर गरेको ठहर्याई सजाय गर्न मिल्ने देखिन आएन। अतएव प्रत्यर्थी प्रतिवादीहरूलाई कसूरदार ठहर्याएको शुरु शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको निर्णय उल्टी गरी निजहरूलाई अभियोग मागदावीबाट सफाइ दिने गरेको

पुनरावेदन अदालत हेटौंडाको मिति २०६३।८।४ को फैसला मनासिव देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकीर पुग्न सक्दैन। पुनरावेदन नगर्ने अन्य प्रतिवादीहरू विजय भन्ने लव मल्ल, दोग्ला भन्ने छिरिङ्ग लामा, तान्जिङ्ग निमा, च्याङ्बा लामा, गोपाल तामाङ, अक्षयकुमार गिरी, चेपाङ माइला र मानबहादुर तामाङका हकमा समेत कथित साबिती र परस्परको पोलबाहेक आरोपित कसूर पुष्टि हुने अन्य कुनै स्वतन्त्र एवं ठोस प्रमाण वादी पक्षले पेश दाखिल गर्न सकेको अवस्था नदेखिँदा अ.वं. २०५ नं. बमोजिम निज प्रतिवादीहरूले समेत अभियोग मागदावीबाट सफाइ पाउने ठहर्छ। प्रत्यर्थी प्रतिवादीहरूलाई अभियोग मागदावीबाट सफाइ दिएको पुनरावेदन अदालत हेटौंडाको फैसला उल्टी गर्ने गरेको सम्माननीय प्रधानन्यायाधीशज्यूको रायसँग सहमत नभएकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेश गर्नु भन्ने यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री मोहनप्रकाश सिटौलाले व्यक्त गर्नुभएको राय।

नियमबमोजिम पेशी सूचीमा चढी पेश हुनआएको प्रस्तुत मुद्दाको पुनरावेदनसहितको सम्पूर्ण मिसिल अध्ययन गरियो।

पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री रेवतिराज त्रिपाठीले विधायिकाद्वारा निर्मित कानूनले प्रदान गरेको क्षेत्राधिकार अन्तर्गत अधिकारसम्पन्न निकायले मुद्दा हेरी निर्णय गरेको हो। त्यसैले निर्णय गर्ने निकायको सक्षमता र वैधतामा अदालतले शंका गर्न मिल्दैन। प्रत्यर्थी प्रतिवादीहरू आरोपित कसूर गरेको कुरामा अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष साबित रहेको अवस्थामा निजहरूलाई अभियोग मागदावीबाट सफाइ दिन मिल्दैन। तसर्थ पुनरावेदन अदालत हेटौंडाको फैसला उल्टी गर्ने गरेको सम्माननीय प्रधानन्यायाधीशज्यूको राय सदर हुनुपर्दछ भनी बहस गर्नुभयो। प्रत्यर्थी प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री कृष्ण सापकोटा र श्री सविता बरालले साबिती प्रमाणमा ग्राह्य नै हुँदैन भन्ने होइन तर साबितीको विश्वसनीयताका विषयमा अदालत गम्भीर हुनुपर्दछ। प्रस्तुत मुद्दाको अनुसन्धान गर्ने, अभियोजन गर्ने र फैसला गर्ने निकाय एउटै भएको हुँदा यस्तो प्रकृतिको अधेन्यायायिक निकायमा भएको साबितीलाई प्रमाणमा ग्रहण गर्दा अदालतले सावधानी अपनाउनु पर्दछ। प्रस्तुत मुद्दामा प्रतिवादीहरूको साबितीबाहेक अरु कुनै ठोस सबूत प्रमाण वादी पक्षले पेश गर्न सकेको अवस्था छैन। यसरी अर्दन्यायिक निकायमा भएको भनिएको साबितीलाई समर्थन गर्ने अन्य स्वतन्त्र प्रमाणको अभाव रहेको अवस्थामा सो साबिती मात्रको आधारमा कसूरदार ठहर गर्न नमिल्ने हुँदा प्रत्यर्थी प्रतिवादीलाई आरोपित कसूरबाट सफाइ दिने ठहर्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला सदर गर्ने गरेको माननीय न्यायाधीश श्री मोहनप्रकाश सिटौलाको राय सदर हुनुपर्दछ भनी बहस गर्नुभयो।

उल्लिखित बहससमेत सुनी निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरूले एक सिंगे गैंडा मारी गैंडाको खाग बिक्री व्यवसायमा संलग्न भई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९ को कसूर अपराध गरेकाले निजहरूलाई सोही ऐनको दफा २६(१) बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग मागदावी रहेको देखिन्छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) मा अधिकार प्राप्त अधिकारीबाट लिखित अनुमति नलिई कसैले राष्ट्रिय निकुञ्जभित्र वन्यजन्तुको शिकार गर्न नहुने प्रावधान रहेको देखिन्छ। त्यस्तै उक्त ऐनको दफा १९ को उपदफा (१) मा तोकिएको अधिकारीबाट इजाजतपत्र नलिई कुनै पनि व्यक्तिले अखेटोपहारको बिक्री वितरण गर्न वा कुनै किसिमले हक छाडी दिन वा अखेटोपहारसम्वन्धी कुनै व्यवसाय गर्न पाउने छैन भन्ने प्रावधान रहेको देखिन्छ।

२. प्रस्तुत मुद्दामा अनुसन्धान अधिकारी शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसराका रेञ्जरसमक्ष प्रतिवादीमध्येका विजय मल्ल भनिने लव मल्लले बयान गर्दा म र सुन्दरसिंह ठकुरी भई ओमबहादुर मगरसँग भएको गैंडाको खाग कावासोती जंगलमा हेरी दोग्ला भन्ने छिरिङ्ग लामालाई खाग बिक्री गर्ने योजनाअनुसार निज छिरिङ्गले साथैमा लिएर आएको तिब्बतियनलाई रु.२,४०,०००। मा खाग बेचेको हो, खाग बेचिदिएबापत मैले रु.१७,५००।- पाएको हुँ भनी बयान गरेको देखिन्छ। त्यस्तै प्रतिवादी सुन्दरसिंह ठकुरीले बयान गर्दा २०५९ साल फागुन अन्तिमतिर म र लव मल्ल भई गजबहादुर फाल मगर र ओमबहादुर मगरसँग गैंडाको खाग छ भन्ने थाहा पाई दोग्ला भन्ने छिरिङ्ग लामासमेत भई खाग हेरी सो खाग छिरिङ्ग लामाले ल्याएको तिब्बतियनलाई रु.२,४०,०००। मा बेचेको हो, सो खाग बेचिदिएबापत मैले रु.१२,५००। पाएको हो, २०५६ साल कार्तिक मंसिरतिर मैले च्याङ्वा लामासँग बाघको छाला किनी सनम लामालाई रु.३०,०००।- मा बेचेको थिएँ, २०५८ साउनतिर चितुवाको छाला गोपाल तामाङसँग रु.२,५००।-मा र अक्षयकुमार गिरीसँग रु.१०,०००।-मा किनी उक्त छालाहरू दोगला भन्ने छिरिङ लामालाई रु.२६,०००।- मा बेचेको थिएँ भनी बयान गरेको देखिन्छ। प्रतिवादी गजबहादुर फाल मगरले बयान गर्दा २०५४ साल चैत्र तेस्रो हप्तातिर ओमबहादुर राना मगरले मसँग गैंडाको खाग छ किन्ने मान्छे खोज भनेकोले मैले खोजेको सुमन भोटेलाई रु.२,८०,०००।- मा खाग बेचेको हो, सोबापत ओमबहादुरले मलाई रु.२८०००।- दिएको थियो। २०५९ चैत्र दोस्रो हप्तातिर लव मल्ल, छिरिङ्ग लामा, सुन्दरसिंह ठकुरी र नाम थाहा नभएको तिब्बतियनसमेत खाग किनबेचमा संलग्न भई मैले ओमबहादुर राना मगरलाई सूचना गरी निजले ल्याएको खाग रु.२,४०,०००। मा बिक्री गरेको हो र मैले रु.३०,०००। पाएको हो भनी बयान गरेको पाइन्छ। त्यस्तै प्रतिवादी छिरिङ्ग लामाले बयान गर्दा सुन्दरसिं ठकुरीले गैंडाको खाग बाघको छाला छ भनी फोन

गरेकोले २०५८ सालको साउनतिर मैले रु.२६,०००।- मा खरीद गरी तान्जिङ निमालाई रु.३०,०००।- मा बेचेको हुँ। २०५९ साल फागुन अन्तिमतिर फेरि सुन्दरसिंले फोन गरेकोले मैले तान्जिङ निमासँग कुरा गरी सुन्दरसिंह ठकुरीसमेत भई रु.२,४०,०००। मा गैंडाको खाग खरीद बिक्री गरेको हो, माल मिलाइदिएबापत मलाई तान्जिङ निमाले रु.२५,०००। दिएको हो भनी बयान गरेको देखिन्छ। प्रतिवादीमध्येका तिब्बत घर भएका तान्जिङ निमाले बयान गर्दा २०५९ साल फागुनतिर छिरिङ लामाले खबर गरेअनुसार चोरमारा खोलाको बगरमा सुन्दरसिं ठकुरीबाट रु.२,४०,०००।- मा गैंडाको खाग खरीद गरेको हुँ, २०५८ साल असारतिर छिरिङ लामासँग रु.३०,०००।- मा ३ वटा चितुवाको छाला लिएको हो, मैले टासीलाई ३ वटा चितुवाको छाला रु.६०,०००।- मा र गैंडाको खाग रु.३,००,०००।-मा बेचेको हुँ। मबाट बरामद भएको रु.७,५०,०००। मध्ये १,५०,०००। मैले हालेको र बाँकी रकम गैंडाको खाग किन्न भनी तिब्बत ल्हासा बस्ने टासीले मलाई दिएको हो भनी बयान गरेको देखिन्छ।

३. मुद्दा हेर्ने अधिकारी शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृत समक्ष बयान गर्ने क्रममा प्रतिवादी विजय मल्ल भनिने लव मल्लले २०५९ माघतिर गजबहादुर फाल मगरले गैंडाको खाग बेचिदिनु पर्योभनेको हुँदा मैले सुन्दरसिंह ठकुरीलाई सो कुरा भनेको र सुन्दरसिंहले छिरिङ्ग लामालाई बोलाई हामी गजबहादुरको घरमा खाग हेर्न गयौं। गजबहादुरले ओमबहादुरलाई खबर गरेपछि ओमबहादुरले खाग लिएर आए। रु.३,००,०००। मा किनबेच गर्ने कुरा भयो। २०५९ चैत्र महिनामा छिरिङ्ग र तान्जिङ काठमाडौंबाट आएपछि हामी ६ जना भई चोरमारा खोलाको बगरमा बसी रु.२,४०,०००। मा गैडाको खाग तान्जिङ निमाले किनेको हो। खाग किनबेच गराइदिए बापत ओमबहादुर रानाले सुन्दरसिंह ठकुरी र मलाई रु.३०,०००। दिएकोमा मैले रु.१७,५००। र रु.१२५००। सुन्दरसिंहले लियौं। गजबहादुरले पनि रु.३०,०००। नै पाएको हो भनी बयान गरेको देखिन्छ। प्रतिवादीमध्येका सुन्दरसिंह ठकुरीले बयान गर्दासमेत २०५९ फागुनमा लव मल्लले गैंडाको खाग किन्ने मानिस खोजी दिनु भनेकोले मैले छिरिङ्ग लामालाई फोनबाट कुरा गरेको, २०५९ चैत्रमा छिरिङ्गले तिब्बतियन तान्जिङ निमालाई लिई चोरमारा खोलाको बगरमा आई गजबहादुर फाल मगरले खबर गरेअनुसार ओमबहादुरले निजको घरबाट ल्याएको गैंडाको खाग रु.२,४०,०००। मा किनबेच गरेको हो। खाग बेचाइदिए बापत ओमबहादुरले लव मल्ल र मलाई संयुक्त रूपमा रु.३०,०००। दिएको हो। २०५६ साल मंसिरतिर पनि मैले च्याङ्वा लामाबाट बाघको छाला किनी सनम लामालाई बेचेको थिएँ। २०५८ सालमा पनि गोपाल तामाङ, अक्षयकुमार गिरी र चेपाङ माइलासँग १=१ वटा चितुवाको छाला किनी सो छालाहरू दोगला भन्ने छिरिङ लामालाई रु.२६,०००।- मा बेचेको

थिएँ भनी बयान गरेको पाइन्छ। अर्का प्रतिवादी गजबहादुर फाल मगरले बयान गर्दा २०५९ माघ अन्तिमतिर ओमबहादुर राना मगरले गैंडाको खाग किन्ने मानिस खोजी दिनुपर्योभनेकोले मैले लव मल्ललाई कुरा गरेको थिएँ। निजले सुन्दरसिंह ठकुरीलाई कुरा गरी निजले छिरिङ लामालाई भनेपछि खाग खरीद बिक्री गर्ने योजना तय गरी २०५९ चैतको दोस्रो हप्तातिर छिरिङ्ग लामा र तान्जिङ्ग निमा काठमाडौंबाट पैसा लिई चोरमारा आए। ओमबहादुर राना मगरले घरबाट ल्याएको खाग चोरमारा खोलाको बगरमा रु.२,४०,०००। मा छिरिङ र तान्जिङ्गले खरीद गरेका हुन्। मेरो भागमा परेको रु.३०,०००। मैले बुझिलिएको हो, त्यसबाहेक २०५४ साल चैत्रको तेस्रो हप्तातिर ओमबहादुर राना मगरले खाग किन्ने मान्छे खोज भनेकोले मैले सुमन भोटेसँग कुरा गरी रु.२,८०,०००।- मा खाग खरीद बिक्री गरेको हो। खाग बिक्री गराइदिएबापत ओमबहादुरले मलाई रु.२८०००।- दिएको हो भनी बयान गरेको पाइन्छ। त्यस्तै प्रतिवादी दोगला भनिने छिरिङ लामाले बयान गर्दा २०५८ साल असार श्रावणतिर सुन्दरसिहं ठकुरीबाट ३ वटा चितुवाको छाला किनी तान्जिङ निमालाई रु.३०,०००।- मा बेचेको हुँ, २०५९ फागुन अन्तिमतिर सुन्दरसिंह ठकुरीले फोन गरी गैंडाको खाग छ, बिक्री गरिदिनु पर्योभनी भनेकोले मैले तान्जिङ्ग निमासँग कुरा गरी निजलाई लिई नवलपरासीको कावासोतीमा आई सुन्दरसिंह ठकुरी र लव मल्ललाई भेटी ओमबहादुर राना मगरलाई खबर गरी निजले ल्याएको खाग चोरमारा खोलाको बगरमा रु.२,४०,०००। मा खरीद गरेको हो। खाग किनाई दिएबापत तान्जिङ्ग निमाले मलाई रु.२५,०००। दिएको हो भनी बयान गरेको देखिन्छ। प्रतिवादीमध्येका ओमबहादुर राना मगरले बयान गर्दा पहिलो पटक २०५४ सालको जाडो महिनामा सीताराम चौधरीले मलाई दिएको गैंडाको खाग मैले गजबहादुर फाल मगरमार्फत् सुमन मनाङ्गेलाई रु.३,००,०००। मा बेचेको हुँ। बिक्री गरिदिएबापत रु.५०,०००। गजबहादुर र मैले बाँडी लिएका हौं। दोस्रो पटक २०५९ असोज महिनामा प्रेमबहादुर बि.क.ले ल्याएको खाग मैले चन्द्रकान्त पाण्डेलाई रु.८०,०००। मा बेचेको हो। बिक्री गरिदिए बापत प्रेमबहादुर वि.क.ले मलाई रु.५०००। दिए। तेस्रो पटक २०५९ साल पुस माघतिर सीताराम चौधरीको भाईले ल्याएको गैंडाको खाग बिक्रीका लागि ग्राहक खोज्न मैले गजबहादुर फाल मगरलाई भनेकोमा उसले लव मल्ललाई भनेछ। लव मल्ल, सुन्दरसिंह ठकुरी, छिरिङ्ग लामा, गजबहादुर र मसमेत भै चोरमारा खोलामा सो खाग रु.२,४०,०००। मा तिब्बतियन तान्जिङ निमालाई बेचेको हो। बिकाई दिएबापत लव मल्ल र सुन्दरसिंह ठकुरीलाई संयुक्त रूपमा रु.३०,०००।, माल धनीलाई रु.१,५०,०००। दिई बाँकी रकम गजबहादुर फाल मगर र मैले बाँडी खाएका हौं भनी बयान गरेको पाइन्छ। प्रतिवादीमध्येका तान्जिङ निमाले बयान गर्दा सुन्दरसिंह ठकुरीले खबर गरेअनुसार २०५९ साल फागुन चैततिर चोरमारा खोलाको बगरमा निज समेतबाट रु.२,४०,०००। मा गैडाको खाग मैले खरीद गरी तिब्बत ल्हासा बस्ने

टासीलाई मैले बिक्री गरेको हो। त्यस्तै ३ वटा चितुवाको छाला मैले छिरिङ लामासँग खरीद गरी टासीलाई नै ६०,०००।- मा बेचेको हुँ। मबाट बरामद भएको रु.७,५०,०००। मैले गैंडाको खाग किन्न बोकेको रकम हो। त्यसमध्ये रु.६,००,०००। निज टासीले गैडाको खाग किन्न मलाई पठाएको र बाँकी रु.१,५०,०००। म आफैंले हालेको हो भनी बयान गरेको देखिन्छ। त्यस्तै प्रतिवादीमध्येका च्याङ्वा भन्ने दिलबहादुर लामाले बयान गर्दा सुन्दरसिंह ठकुरीले त्रिवेणीबाट बाघको छाला ल्याउन सघाइदेऊ भनेकोले भरतपुरको क्याम्पस गेटसम्म बाघको छाला ओसारी दिएको हुँ। सो बापत सुन्दरसिंह ठकुरीले मलाई रु.२५००। दिएको हो भनी बयान गरेको पाइन्छ।

४. अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष प्रतिवादीहरूले गरेको उल्लिखित बयान बेहोरा हेर्दा प्रतिवादीहरूले एकै मिलानको बयान गरेको देखिन्छ। प्रतिवादीहरूको उक्त बयान बेहोराबाट निजहरूले गैंडाको शिकार गरेको भन्ने देखिन नआई प्रतिवादी ओमबहादुर राना मगरसँग रहेको गैंडाको खाग बिक्री गर्न ग्राहक खोज्ने समेतको काममा प्रतिवादीहरू गजबहादुर फाल मगर, लव मल्ल, सुन्दरसिंह ठकुरी र छिरिङ्ग लामासमेत योजनाबद्ध रूपमा संलग्न भई प्रतिवादी तान्जिङ्ग निमासमेतले खाग खरीद गरिलिएको र प्रतिवादीहरूले आ-आफ्नो भाग हिस्सामा पर्नआएको रकम आपसमा बाँडी लिएको भन्ने देखिन आउँछ। यसरी प्रतिवादीहरूले परस्पर पोलसमेत गरी आरोपित कसूर गरेमा साबित भई गरेको उपरोक्त बयान बेहोराबाट अखेटोपहार खाग बिक्री गर्ने सिलसिलामा भएको घटनाक्रम क्रमबद्धरूपमा चित्रण हुनआएको र खाग खरीद बिक्री गर्ने कार्यमा आ-आफ्नो संलग्नता देखाई प्रतिवादीहरूले गरेको बयान निजहरूको परस्परको बयान बेहोराबाटै समर्थित हुन आएको देखिन्छ।

५. प्रतिवादीहरूको उपरोक्त बयान बेहोराका अतिरिक्त प्रतिवादीहरू गजबहादुर फाल मगर, सुन्दरसिंह ठकुरी, विजय भन्ने लव मल्ल, दोग्ला भन्ने छिरिङ्ग लामा र तान्जिङ निमाले संयुक्त रूपमा लेखाइदिएको मिति २०६०।१।२० को कागजमा समेत ओमबहादुर राना मगरले गोसाई चौधरी भन्ने व्यक्तिबाट लिएको खाग बिक्री गर्न गजबहादुर फाल मगरलाई भनेको, गजबहादुरले ग्राहक खोज्न लव मल्ललाई भनेको, लव मल्लले सुन्दरसिंह ठकुरीलाई भनेको र सुन्दरसिंह ठकुरीले छिरिङ्ग लामालाई र छिरिङ्ग लामाले तान्जिङ निमालाई खाग बिक्री गर्ने कुरा गरी २०५९ साल चैत्रमा नवलपरासीको चोरमारा खोलाको बगरमा ६ जना भेला भई रु.२,४०,०००। मा गैंडाको खाग किनबेच गरी आआफ्नो भागमा परेको रूपैयाँ बण्डा गरी लिएको हो। त्यसपछि २०६० साल वैशाख १९ गते पुनः हामीहरू गैंडाको खाग बिक्री व्यवसाय गर्न बसिरहेको अवस्थामा पक्राउ परेका हौं भनी बेहोरा लेखाइदिएको पाइन्छ। प्रतिवादीमध्येका तान्जिङ निमाको शरीर तलासी

गर्दा खाग किन्न भनी बोकेको नगद रु.७,५०,०००।बरामद भएको भन्ने मिति २०६०।१।१८ को बरामदी मुचुल्काको तथ्यबाट समेत प्रतिवादीहरूको उपरोक्त बयान बेहोरा समर्थित भएको देखिन्छ।

६. यसरी प्रतिवादीहरूले आरोपित कसूर गरेको तथ्यमा साबित भई एकअर्कालाई पोलसमेत गरी अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरेको र निजहरूको उक्त बयान बेहोरा सर्जमीनका मानिस तथा बरामदी मुचुल्काका मानिसहरूको बकपत्र समेतबाट समर्थित भएको अवस्थामा प्रत्यर्थी प्रतिवादीहरूको साबिती वयानलाई निजहरूका विरुद्ध प्रमाणमा लिन इन्कार गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको देखिन आएन। तसर्थ प्रत्यर्थी प्रतिवादीहरूलाई अभियोग मागदावीबाट सफाइ दिने ठहर्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादीमध्येका ओमबहादुर राना मगरले पटक पटक गैंडाको खाग बिक्री गरेको भन्ने देखिएको र प्रस्तुत मुद्दामा समेत गैंडाको खाग निजले आफ्नो घरमा नै राखेको भन्ने देखिएको हुँदा निजलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) को कसूरमा ऐ को दफा २६(१) बमोजिम पाँच वर्ष कैद र पचास हजार रूपैयाँ जरीवाना गर्ने र अन्य प्रत्यर्थी प्रतिवादीहरू गजबहादुर फाल मगर र सुन्दरसिंह ठकुरीले गैंडाको खाग आफ्नो सँगसाथ राखेको भन्ने देखिन नआएको र निजहरू प्रतिवादी ओमबहादुर राना मगरको सँगसाथ रहेको खाग बिक्री गर्नका लागि ग्राहक खोजी गर्ने काममा संलग्न रहेको देखिएको हुँदा निज प्रत्यर्थी प्रतिवादीहरू गजबहादुर फाल मगर र सुन्दरसिंह ठकुरीलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९ (१) को कसूरमा सोही ऐनको दफा २६(१) बमोजिम जनही एक लाख रूपैयाँ जरीवाना गर्ने गरी संयुक्त इजलासमा सम्माननीय प्रधानन्यायाधीश श्री रामप्रसाद श्रेष्ठले व्यक्त गर्नुभएको राय मनासिब देखिएकोले सो राय सदर हुने ठहर्छ। अरु तपसीलबमोजिम गर्नू।

तपसील

प्रत्यर्थी प्रतिवादीहरूलाई अभियोग मागदावीबाट सफाइ दिने ठहर्याएको पुनरावेदन अदालत हेटौंडाको फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादीमध्येका ओमबहादुर राना मगरलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम पाँच वर्ष कैद र पचास हजार रूपैयाँ जरीवाना गर्ने र अन्य प्रत्यर्थी प्रतिवादीहरू गजबहादुर फाल मगर र सुन्दरसिंह ठकुरीलाई ऐ दफा २६(१) बमोजिम जनही एक लाख रूपैयाँ जरीवाना गर्ने गरी संयुक्त इजलासमा सम्माननीय प्रधानन्यायाधीश श्री रामप्रसाद श्रेष्ठले व्यक्त गर्नुभएको राय सदर हुने ठहरी फैसला भएकोले सोबमोजिम प्रत्यर्थी

प्रतिवादी ओमबहादुर राना मगरका हकमा निज अनुसन्धानको सिलसिलामा पक्राउ परी थुनामा रहेको मितिदेखि पुनरावेदन अदालत हेटौंडाको फैसलाले छुटेको मितिसम्ममा निजले भुक्तान गरेको कैद अवधि कट्टा गरी बाँकी कैद तथा जरीवाना असूल गर्नू र अन्य प्रत्यर्थी प्रतिवादीहरू गजबहादुर फाल मगर र सुन्दरसिंह ठकुरीका हकमा निजहरूलाई लागेको जरीवाना असूल गर्दा निजहरू अनुसन्धानको सिलसिलामा पक्राउ परी थुनामा रहेको मितिदेखि पुनरावेदन अदालत हेटौंडाको फैसलाले छुटेको मितिबीचमा निजहरूले भुक्तान गरेको कैदबापतको कानूनबमोजिम हुने रकम कट्टा गरी मात्र असूल गर्नू भनी शुरु चितवन राष्ट्रिय निकुञ्ज कार्यालयमा लेखी पठाउनू - १

मिसिल नियमानुसार गरी बुझाइदिनू---२

उक्त रायमा म सहमत छु।

न्या.तर्कराज भट्ट

मा.न्या.श्री ताहिर अली अन्सारीको फरक रायः

यसमा प्रतिवादीहरूले गैंडाको खाग बिक्री व्यवसाय गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९ को कसूर अपराध गरेकोले निजहरूलाई सोही ऐनको दफा २६(१) बमोजिम सजाय गरिपाऊँ भन्ने अभियोग मागदावी रहेको देखिन्छ।

प्रस्तुत मुद्दामा शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसराका अनुसन्धान अधिकारी तथा मुद्दा हेर्ने अधिकारीसमक्ष प्रतिवादीमध्येका विजय मल्ल भनिने लव मल्लले गरेको बयानमा म र सुन्दरसिंह ठकुरी भई ओमबहादुर मगरसँग भएको गैंडाको खाग कावासोती जंगलमा हेरी दोग्ला भन्ने छिरिङ्ग लामालाई खाग बिक्री गर्ने योजनाअनुसार निज छिरिङ्गले साथैमा लिएर आएको तिब्बतियनलाई रु.२,४०,०००।मा खाग बेचेको हो, खाग बेचिदिएबापत मैले रु.१७,५००।- पाएको हुँ भन्ने उल्लेख भएको देखिन्छ।त्यस्तै प्रतिवादी सुन्दरसिंह ठकुरीको बयानमा २०५९ साल फागुन अन्तिमतिर म र लव मल्ल भई गजबहादुर फाल मगर र ओमबहादुर मगरसँग गैंडाको खाग छ भन्ने थाहा पाई दोग्ला भन्ने छिरिङ्ग लामासमेत भई खाग हेरी सो खाग छिरिङ्ग लामाले ल्याएको तिब्बतियनलाई रु.२,४०,०००।मा बेचेको हो, सो खाग बेचिदिएबापत मैले रु.१२,५००।पाएको हो, २०५६ साल कार्तिक मंसिरतिर मैले च्याङ्वा लामासँग बाघको छाला किनी सनम लामालाई रु.३०,०००।- मा बेचेको थिएँ, २०५८ साउनतिर चितुवाको छाला गोपाल तामाङसँग रु.२५००।-मा र अक्षयकुमार गिरीसँग रु.१०,०००।-मा किनी उक्त छालाहरू दोगला भन्ने छिरिङ लामालाई रु.२६,०००।- मा

बेचेको थिएँ भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। प्रतिवादी गजबहादुर फाल मगरले गरेको बयानमा २०५४ साल चैत्र तेस्रो हप्तातिर ओमबहादुर राना मगरले मसँग गैंडाको खाग छ किन्ने मान्छे खोज भनेकोले मैले खोजेको सुमन भोटेलाई रु.२,८०,०००।- मा खाग बेचेको हो, सोबापत ओमबहादुरले मलाई रु.२८०००।- दिएको थियो। २०५९ चैत्र दोस्रो हप्तातिर लव मल्ल, छिरिङ्ग लामा, सुन्दरसिंह ठकुरी र नाम थाहा नभएको तिब्बतियनसमेत खाग किनबेचमा संलग्न भई मैले ओमबहादुर राना मगरलाई सूचना गरी निजले ल्याएको खाग रु.२,४०,०००। मा बिक्री गरेको हो र मैले रु.३०,०००। पाएको हो भन्ने उल्लेख भएको पाइन्छ। त्यस्तै प्रतिवादी छिरिङ्ग लामाले गरेको बयानमा सुन्दरसिंह ठकुरीले गैंडाको खाग बाघको छाला छ भनी फोन गरेकोले २०५८ सालको साउनतिर मैले रु.२६,०००।- मा खरीद गरी तान्जिङ निमालाई रु.३०,०००।- मा बेचेको हुँ। २०५९ साल फागुन अन्तिमतिर फेरि सुन्दरसिंले फोन गरेकोले मैले तान्जिङ निमासँग कुरा गरी सुन्दरसिंह ठकुरीसमेत भई रु.२,४०,०००। मा गैंडाको खाग खरीद बिक्री गरेको हो, माल मिलाइदिएबापत मलाई तान्जिङ निमाले रु.२५,०००। दिएको हो भन्ने उल्लेख भएको देखिन्छ। प्रतिवादीमध्येका तिब्बत घर भएका तान्जिङ निमाले गरेको बयानमा २०५९ साल फागुनतिर छिरिङ लामाले खबर गरेअनुसार चोरमारा खोलाको बगरमा सुन्दरसिंह ठकुरीबाट रु.२,४०,०००।- मा गैंडाको खाग खरीद गरेको हुँ, २०५८ साल असारतिर छिरिङ लामासँग रु.३०,०००।- मा ३ वटा चितुवाको छाला लिएको हो, मैले टासीलाई ३ वटा चितुवाको छाला रु.६०,०००।- मा र गैंडाको खाग रु.३,००,०००।- मा बेचेको हुँ। मबाट बरामद भएको रु.७,५०,०००। मध्ये १,५०,०००। मैले हालेको र बाँकी रकम गैडाको खाग किन्न भनी तिब्बत ल्हासा बस्ने टासीले मलाई दिएको हो भन्ने उल्लेख भएको पाइन्छ। प्रतिवादीमध्येका ओमबहादुर राना मगरको बयानमा पहिलो पटक २०५४ सालको जाडो महिनामा सीताराम चौधरीले मलाई दिएको गैंडाको खाग मैले गजबहादुर फाल मगरमार्फत् सुमन मनाङ्गेलाई रु.३,००,०००। मा बेचेको हुँ। बिक्री गरिदिए बापत रु.५०,०००। गजबहादुर र मैले बाँडी लिएका हौं। दोस्रो पटक २०५९ असोज महिनामा प्रेमबहादुर बि.क.ले ल्याएको खाग मैले चन्द्रकान्त पाण्डेलाई रु.८०,०००। मा बेचेको हो। बिक्री गरिदिएबापत प्रेमबहादुर वि.क.ले मलाई रु.५०००। दिए। तेस्रो पटक २०५९ साल पुस माघतिर सीताराम चौधरीको भाइले ल्याएको गैंडाको खाग बिक्रीका लागि ग्राहक खोज्न मैले गजबहादुर फाल मगरलाई भनेकोमा उसले लव मल्ललाई भनेछ। लव मल्ल, सुन्दरसिंह ठकुरी, छिरिङ्ग लामा, गजबहादुर र मसमेत भै चोरमारा खोलामा सो खाग रु.२,४०,०००। मा तिब्बतियन तान्जिङ निमालाई बेचेको हो। बिकाई दिएबापत लव मल्ल र

सुन्दरसिंह ठकुरीलाई संयुक्त रूपमा रु.३०,०००।, माल धनीलाई रु.१,५०,०००।दिई बाँकी रकम गजबहादुर फाल मगर र मैले बाँडी खाएका हौं भन्ने उल्लेख भएको पाइन्छ।त्यस्तै प्रतिवादीमध्येका च्याङ्वा भन्ने दिलबहादुर लामाले गरेको बयानमा सुन्दरसिंह ठकुरीले त्रिवेणीबाट बाघको छाला ल्याउन सघाइदेऊ भनेकोले भरतपुरको क्याम्पस गेटसम्म बाघको छाला ओसारी दिएको हुँ।सोबापत सुन्दरसिंह ठकुरीले मलाई रु.२५००।दिएको हो भन्ने उल्लेख भएको पाइन्छ।

अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष प्रतिवादीहरूले गरेको बयान बेहोरा हेर्दा सबैको बयानमा एकै मिलानको बेहोरा उल्लेख भएको देखिन्छ।प्रतिवादीहरूको उक्त बयानलाई साबिती बयान भनी प्रतिवादीहरूले एकअर्कालाई परस्पर पोलसमेत गरेको भन्ने आधारमा शुरु शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले कसूर ठहर गरी प्रतिवादीहरूलाई सजाय गरेको देखिन्छ।

मिसिल अध्ययन गरी हेर्दा, प्रतिवादीहरूको उपरोक्त बयान कागजबाहेक निजहरूउपरको आरोपित कसूर पुष्टि हुने अन्य कुनै पनि ठोस सबूत प्रमाण वादी पक्षले पेश गर्न सकेको पाइँदैन।वारदातस्थल कहाँ हो र वारदात कुन मितिमा भएको हो भन्ने कुरासमेत निश्चित् रूपले खुलाइएको छैन र कुनै स्वतन्त्र प्रमाणबाट दावीअनुसारको कसूर वारदात स्थापित हुनसकेको देखिँदैन।गैंडाको खाग बिक्री व्यवसाय गरेको भन्ने अभियोगमा प्रतिवादीहरूउपर मुद्दा दायर भएको देखिन्छ।तर मिसिलसंलग्न खानतलासी तथा बरामदी मुचुल्काहरू हेर्दा प्रतिवादीहरूले खरीद बिक्री गरेको भनिएको गैंडाको खागलगायत कुनै पनि आखेटोपहार कोही कसैबाट बरामद हुनसकेको देखिँदैन।प्रतिवादीमध्येका तान्जिङ निमाबाट बरामद भएको भनिएको रु.७,५०,०००।पनि प्रस्तुत मुद्दामा प्रतिवादीहरूले खाग खरीद बिक्री गरी लिएदिएको बिगो अर्थात् दशीको रूपमा बरामद भएको भन्ने देखिँदैन र प्रतिवादी तान्जिङ निमाको मृत्यु भएको भनी उक्त रकम निजको हकदारलाई फिर्ता दिने गरी शुरु शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाटै निर्णय भएकोसमेत देखिन्छ।

सरजमीन मुचुल्काका झिमनारायण भुसालसमेतका मानिसहरूले पनि प्रतिवादीहरू पक्राउ परेको कुरा सम्म सुनेको हो, निजहरूको आचरण र चालचलनको बारेमा केही थाहा छैन भनी बेहोरा लेखाइदिएको पाइन्छ।निजहरूले अदालतमा बकपत्र गर्दासमेत प्रतिवादीहरूले गैंडाको खागको कारोबार गर्दछन् भन्ने हल्ला सुनेको सम्म हो, आफूहरूले देखे जानेको होइन भनी बकपत्र गरेको देखिन्छ।

प्रस्तुत मुद्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३० र ३१ अनुसार तत्कालीन शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका रेञ्जरबाट अनुसन्धान तहकीकात गरी मुद्दा

दायर भई सोही कार्यालयका प्रमुख संरक्षण अधिकृतबाट फैसला भएको देखिन्छ। यसरी मुद्दाको अनुसन्धानकर्ता, अभियोजनकर्ता र निर्णयकर्ता समेत एउटै निकाय रहेकोमा कानूनले न्यायिक अधिकारक्षेत्र तोकेको मुद्दा हेर्ने अधिकारीले प्रतिवादीहरूको साबिती बयान र सहअभियुक्तहरूको पोललाई प्रमाणमा ग्रहण गर्दा अत्यन्त सावधानी अपनाउनु पर्ने हुन्छ। त्यस्तो साबिती र सहअभियुक्तको पोल मिसिलसंलग्न अन्य स्वतन्त्र र वस्तुगत प्रमाणबाट समर्थित भएको अवस्थामा मात्र प्रमाणमा ग्राह्य हुन्छ तर प्रस्तुत मुद्दामा प्रतिवादीहरूले शुरु कार्यालयमा गरेको भनिएको साबिती बयान र परस्पर गरेको पोल मिसिलसंलग्न अन्य कुनै पनि स्वतन्त्र र ठोस सबूत प्रमाणबाट समर्थित भएको अवस्था देखिँदैन। यथार्थमा प्रतिवादीहरूले गरेको भनिएको साबिती बयान पनि सजायभागी गराउने प्रकृतिको स्पष्ट साबिती बयान रहेको देखिँदैन।

प्रमाण ऐन २०३१ को दफा २५ मा "फौजदारी मुद्दामा अभियुक्तको कसूर प्रमाणित गर्ने भार वादीको हुनेछ" भन्ने कानूनी व्यवस्था रहेको छ। सो कानूनी व्यवस्थाको अर्थ वादी अर्थात् सरकारले अभियुक्तबाटै कसूर स्वीकार गरेको कागज गराएर आफ्नो दायित्व पूरा भएको सम्झने भन्ने होइन। त्यसको अर्थ वादीले अभियुक्तको कसूर प्रमाणित गर्ने ठोस र स्वतन्त्र प्रमाणको खोजी गर्नुपर्दछ भन्ने हो। त्यस्तो स्वतन्त्र र वस्तुनिष्ठ प्रमाण पेश भएको अवस्थामा प्रतिवादी इन्कार नै रहेको भए पनि निजको कसूर स्थापित भई निजलाई सजाय हुन्छ। कुनै पनि अभियुक्तलाई आफूउपर लगाइएको अभियोगको सम्बन्धमा कुनै बयान नदिई चूप लागि बस्ने सम्मको संवैधानिक अधिकार प्राप्त रहेको हुन्छ। अभियुक्तलाई यस्तो अधिकार प्राप्त रहेको सन्दर्भमा बिना कुनै स्वतन्त्र प्रमाण निजलाई वादी अर्थात् सरकारी पक्षले आफ्नो हिरासतमा राखेर गराएको कथित साबिती मात्रलाई कसूर प्रमाणित हुने पर्याप्त आधार मान्ने हो भने त्यो फौजदारी न्याय सिद्धान्तविपरीत हुन जान्छ। यसबाट आरोपित व्यक्तिको उक्त संवैधानिक हकको अपहरण त हुन्छ नै साथसाथै वादीलाई वस्तुनिष्ठ प्रमाणको खोजी गर्नेतर्फ भन्दा अभियुक्तलाई साबित गराउनेतर्फ दुरुत्साहन मिल्ने भई राज्यको फौजदारी न्याय प्रशासन विकृत र निरंकुश बन्न जान्छ। यो खतरालाई अदालतले सदा हृदयङ्गम गर्नैपर्दछ। त्यसैले अरु स्वतन्त्र एवं वस्तुनिष्ठ प्रमाणबाट समर्थित (Corroborate) नभएको कथित साबितीलाई अदालतले अभियुक्तका विरुद्ध प्रमाणमा लिन मिल्दैन।

कुनै वा केही व्यक्ति कुनै खास कसूर वारदातका कसूरदार हुन् भन्ने वादीलाई आशंका उत्पन्न हुन सक्दछ वा कुनै वा केही व्यक्तिउपर कुनै खास कसूर गरेको भनी अपराध अनुसन्धान गर्ने निकायका अधिकारीले आशंका गर्न सक्दछ। तर सो शंका, आशंकाको पृष्ठभूमिमा ठोस अनुसन्धानबाट यथेष्ट र

भरपर्दो प्रमाणको खोजी गरी संकलन गर्न सक्नु पर्दछ। आशंकाको परिस्थिति दर्शाई सजायको मागदावी गर्न मिल्दैन। त्यसरी दावी गरिए पनि न्यायिक अधिकारी वा निकायले शंका, उपशंका वा कसैको पूर्व आचरण वा व्यवहारको पृष्ठभूमिलाई आधार बनाई निजलाई कसूरदार ठहर्याउन वा सजाय गर्नु मान्य फौजदारी न्याय सिद्धान्तको प्रतिकूल हुन्छ। फौजदारी कसूर निश्चित् र शंकारहित प्रमाणबाट प्रमाणित र पुष्टि हुनै पर्दछ। प्रस्तुत मुद्दामा आरोपित प्रतिवादीहरू विरुद्ध आरोपित कसूर गरेको शंकारहित प्रमाण प्रस्तुत गरिएको पाइँदैन।

अतः प्रस्तुत मुद्दामा राष्ट्रिय निकुञ्ज कार्यालयका अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारीसमक्ष प्रतिवादीहरूले गरेको भनिएको साबिती बयानबाहेक निजहरू विरुद्धको आरोपित कसूर पुष्टि हुने अन्य कुनै स्वतन्त्र र वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेश गर्न सकेको नदेखिँदा त्यस्तो कथित साबिती र पोल मात्रको आधारमा प्रत्यर्थी प्रतिवादीहरूले आरोपित कसूर गरेको ठहर्याई निजहरूलाई सजाय गर्न नमिल्ने भएकोले शुरु शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको निर्णय उल्टी गरी प्रत्यर्थी प्रतिवादीहरूलाई अभियोग मागदावीबाट सफाइ दिने गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६३।८।४ को फैसला सदर गरेको हदसम्म संयुक्त इजलासमा माननीय न्यायाधीश श्री मोहनप्रकाश सिटौलाले व्यक्त गर्नुभएको राय मनासिब देखिएकोले सो हदसम्म उक्त राय सदर हुने ठहर्छ।

यस इजलासका सहयोगी माननीय न्यायाधीशहरूको बहुमतले पुनरावेदन अदालतको फैसला उल्टी गर्ने संयुक्त इजलासका सम्माननीय प्रधानन्यायाधीश श्री रामप्रसाद श्रेष्ठको राय मनासिव ठहर्याउने निर्णयमा पुगेकोले सो बहुमतको रायसँग सहमत नहुँदा मैले मेरो फरक राय लेखेको छु। कानूनबमोजिम गर्नू।

संवत् २०६९ साल भदौ २८ गते रोज ५ शुभम्

१०. मुद्दाः गैंडाको खाग ओसारपसार।

भाग ५६	निर्णय नं. ९२११	ने.का.प. २०७१	अङ्क ७
सर्वोच्च अदालत, संयुक्त इजलास			
माननीय न्यायाधीश श्री दीपकराज जोशी माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय			
०७०-MS-०००५			
फैसला मितिः २०७१।४।१८।१			

पुनरावेदन/प्रतिवादीः प्रकाश बुढासमेत

विरूद्ध

विपक्षी/वादीः ऐ. श्यामदेव यादवसमेतको जाहेरीले नेपाल सरकार

पुनरावेदक/प्रतिवादीको तर्फबाटः विद्वान् अधिवक्ता टीकाराम भट्टराई

प्रत्यर्थी/वादीको तर्फबाटः विद्वान् उपन्यायाधिवक्ता गंगाप्रसाद पौडेल

अवलम्बित नजिरः

सम्बद्ध कानूनः

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६

सुरू तहमा फैसला गर्नेः

वन अधिकृत श्री देवीप्रसाद कोइराला

पुनरावेदन तहमा फैसला गर्नेः

मा. न्या. श्री देवेन्द्रगोपाल श्रेष्ठ

- *प्रतिवादीहरू हालसम्म पनि पक्राउ परेका अवस्था नहुँदा निज प्रतिवादीहरू कहाँ छन् भन्ने सम्म पनि सुरू अनुसन्धान अधिकारी र मुद्दा हेर्ने निकायले यकिन गर्न नसकी बिना आधार र कारण मुद्दा दायरसम्म गरेको देखिएकाले निजहरूको हकमा कसुर स्थापित हुन सक्ने अवस्था नहुँदा निज प्रतिवादीहरू भूपेन्द्र शाही र पेमा लामाले आरोपित कसुरको दायित्वबाट उन्मुक्ति पाउने नै देखिने।*

(प्रकरण नं. ६)

- *दशीको रूपमा बरामदी गैंडाको खाग गैंडाको सक्कली खाग होइन भनी विशेषज्ञले दिएको राय सम्बन्धमा विचार गर्दा, प्रस्तुत मुद्दामा संलग्न प्रतिवादीहरूमध्ये निजहरूको परस्पर बयान र संलग्नताको आधारमा हेर्दा मुख्य आरोपी देखिएका प्रकाश बुढा र दानसिंह चैसिरले बरामदी खागलाई मौकामा सक्कली होइन भनी जिकिर लिन सकेको नपाइने।*
- *आफूले प्राप्त गरको सो सामानलाई अनुपम वस्तुको रूपमा स्वीकार गरी अन्तिम अवस्थासम्म ओसार पसार र कारोबारको प्रयास गरेको देखिने।*
- *बरामदी खागलाई नक्कली हो भनी सजायबाट उन्मुक्ति पाउँन मौकामा जिकिर लिन सकेको पाइँदैन। पछि खागको परीक्षण हुँदा खाग नक्कली हो भनिए तापनि विशेषज्ञको बन्द सवालबाट भएको बकपत्र हेर्दा निजलाई जिरह हुन सकेको अवस्था नदेखिएको र गैंडाको खाग नक्कली हो कि ? भन्ने बयानको क्रममा प्रश्न उठेपछि मुद्दा हेर्ने अधिकारी वन अधिकृतको इजलासबाट जाँच गर्न पठाउने विधिवत् कुनै आदेश नभई प्रतिवादीहरू स्वयम्ले जाँच गराई पाउँ भन्ने निवेदनको आधारमा बीचैबाट जाँच गर्न पठाएको देखिने।*
- *प्रतिवादीहरूले गैंडाको खाग सक्कली खागको रूपमा अवैध कारोबारको कार्य गरेको परिप्रेक्ष्यमा पछि आएर एउटा निवेदनको भरमा जाँच गराउने माग गरेको देखिँदा त्यसमा विवन्धनको सिद्धान्तसमेत आकर्षित हुन सक्ने अवस्था हुँदा, सो जाँच परीक्षणलाई विवादरहित रूपमा स्वीकार गर्न सकिने अवस्था नदेखिने।*

(प्रकरण नं. ७)

फैसला

न्या. दीपकराज जोशीः न्याय प्रशासन ऐन, २०४८ को दफा ८ को उपदफा ४ बमोजिम दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार छः-

मिति २०६६।५।५ गतेका दिन जिल्ला वन कार्यालय, दार्चुला र जिल्ला प्रहरी कार्यालय, दार्चुलाको संयुक्त गस्ती टोलीले जिल्ला दार्चुला, भगवती गा.वि.स. वडा नं. २ डुङरी बस्ने दानसिंह चैसिरले खलङ्गा बजारमा हिमालय लज सञ्चालन गरी बसी रहेको हिमालय लजको पहिलो तलाको उत्तर पूर्व कुनाको कोठाको दक्षिण पश्चिम कुनामा रहेको स्टिल दराजको तल्लो खानामा खानतलासी गर्ने क्रममा नैनसिंह ठगुन्नाको नीलो झोलाभित्र कालो पोलिथिनमा प्याक गरी राखेको एकसिङे गैंडाको खाग बरामद गरिएको। खागको अवैध कारोबारमा संलग्न देखिएका नैनसिंह ठगुन्ना र निजका नातेदार तथा हिमालय लजका सञ्चालक दानसिंह चैसिर गरी जना २ लाई पक्राउ गरी बरामदी मालवस्तुलाई यसै साथ पेस गरेको छु। निजउपर कानूनबमोजिम कारवाही गरिपाउँ भन्ने श्यामदेव यादवसमेतका कर्मचारीहरूको जाहेरी।

मिति २०६६।५।५ गतेका दिन जिल्ला वन कार्यालय, दार्चुला र जिल्ला प्रहरी कार्यालय दार्चुलाको संयुक्त गस्ती टोलीले जिल्ला दार्चुला, भगवती गा.वि.स. वडा नं. २ डुङरी बस्ने दानसिंह चौसिरले खलङ्गा ५ बजारमा सञ्चालन गरेको हिमालय लजको पहिलो तलाको उत्तर पूर्व पट्टीको कुनाको कोठाको दक्षिण पश्चिम कुनामा रहेको स्टिल दराजको तल्लो खानामा खानतलासी गर्दाका बखत खाटमा बसिरहेका जिल्ला दार्चुला, धाप गा.वि.स. वडा नं. ५ बस्ने नैनसिंह ठगुन्नाले नीलो झोला मेरो हो नचलाउनु होस् भन्दा शङ्का लागी सो झोलासमेत खोली खानतलासी गर्दा झोलाभित्र लुकाई छिपाई राखेको एकसिङे गैंडाको खाग १ को लम्बाई ९.६ इन्च बीचको मोटाई ११ इन्च, तल्लो भागको मोटाई २०.१ इन्च, जरामुनी खाल्टो परेको र किनार फुटेको खाल्टोको लम्बाई ३x३ इन्च र गहिराई १.२५ इन्च तथा खागको तौल ५२५ ग्रामको गैंडाको खाग बरामद गरिएको भन्ने बरामदी मुचुल्का।

म नेपाली सेनामा कार्यरत छु। हाल म भैरहवा नं. २ गण लेस नायक पदमा कार्यरत छु। मेरो धाप गा.वि.स. वडा नं. ५ घर भएकाले म ४० दिन घर विदामा आएको हुँ, खलङ्गा ५ मा हिमालय होटल सञ्चालन गरी बस्ने मेरो साला हो। उक्त हिमालय लजमा म बसेको कोठामा खानतलासी गर्दा मेरो पनि झोला रहेकोले मैले मेरो झोला हो भनेको हुँ। पछि त्यसैमा खाग भेटियो सो बारेमा मलाई थाहा छैन भन्नेसमेत बेहोराको नैनसिंह ठगुन्नाले अनुसन्धानका क्रममा गरेको बयान।

मेरो होटलमा वन कर्मचारी र प्रहरीको संयुक्त गस्ती टोलीले खानतलासी गर्दा मेरो होटलको कोठामा स्टिल दराजमा राखिएको झोलामा कपडाभित्र गैंडाको खाग बरामद भएको हो। मेरो होटलमा बसेका नैनसिंह ठगुन्ना मेरो भिनाजु हो। प्रकाश भन्ने एकजना ठेकेदार ३,४ वर्ष पहिले मेरो होटलमा लगभग १६ दिन बसेर गयो। पछि ऊ आएन। पछि खोलेर हेर्दा केही कपडा र गैंडाको खाग जस्तो वस्तु भेटियो भन्नेसमेत बेहोराको दानसिंह चैसिरले अनुसन्धानका क्रममा गरेको बयान।

मिति २०६६।५।५ गतेका दिन हिमालय लजमा खानतलासी गर्दा सो लजबाट एकसिङे गैंडाको खाग निस्केको हो। निज दानसिंह चैसिर र निजका भिनाजु नैनसिंह ठगुन्नालाई पक्राउ गरी अनुसन्धान तहकिकातको लागि ल्याएको छ। मैले २०५८ सालमा दानसिंह चैसिरलाई वार्षिक रू.६०,०००।- दिने गरी मौखिक सहमति भई भाडामा दिएको हुँ। निजको चाल चलन ठीकै थियो। हाल लोभमा लागेर खागको काम गरेको हुन सक्छ। निज र निजको नातेदार एकसिङे गैंडाको खागमा पक्राउ परेको छ भनी सुनेको हुँ। अरू केही थाहा छैन भन्ने घर धनी किशन सिंह ठगुन्नाले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

हिमालय होटल सञ्चालन गरी बस्ने दानसिंह चैसिरको होटेलको कोठाबाट स्टिल दराजमा छिपाई राखेको एकसिङे गैंडाको खाग बरामद गरी दानसिंह चैसिर र धाप ५ बस्ने नैनसिंह ठगुन्नालाई वन कर्मचारीले पक्राउ गरेको भन्ने सुनेका हौं भन्ने खलङ्गा २ बस्ने कृष्णदेव भट्टसमेतले गरिदिएको सर्जमिन मुचुल्का।

नैनसिंह ठगुन्नाले मेरो झोला हो भनी देखाएको झोलाबाट खाग बरामद भएकोमा निज साबित देखिन्छन् भने होटल सञ्चालक दानसिंह चैसिरले सञ्चालन गरेको हिमालय लजको कोठाको दराजबाट खाग बरामद भएको तथ्यमा निज पनि साबित रहेको पाइएको र दानसिंह चैसिरको बयानमा उक्त बरामद खाग ३।४ वर्ष पहिले प्रकाश भन्ने ठेकेदारले ल्याएको भन्ने भनाइबाट दानसिंह चैसिर, नैनसिंह ठगुन्ना तथा प्रकाशसमेतले बिनाइजाजत एकसिङे गैंडाको खाग ओसार पसार गरेको पुष्टि हुन आएको हुँदा निजहरूलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) अनुसार तीनै जनालाई जनही रू. १,००,००।- जरिवाना र १५ वर्ष कैद सजाय गरी बरामद खाग जफत गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०६६।५।१५ मा दायर हुन आएको अभियोगपत्र।

मिति २०६६।५।४ गते मेरो भिनाजु नैनसिंह ठगुन्ना मकहाँ बस्न आउनुभएको हो। उहाँ ५ गते बिहान भैरहवा जान लाग्दा पत्रिकाको गाडीमा सिट नपाइ सो दिन पनि मकहाँ बसेका हुन्। उहाँ नेपाली सेनाको प्युठ दर्जामा भैरहवामा कार्यरत छन्। प्रकाश नाम गरेको एक जना ठेकेदार तीन चार वर्ष पहिले मेरो होटेलमा १६ दिन बसी गएका हुन्। हाल खाग बरामद भएको झोला उसैको थियो। उनले झोला छाडेर मालिकार्जुन मन्दिरमा पूजा गरेर आउँछु भनी गएका थिए। त्यसपछि उनी फर्केनन्। आठ महिनापछि झोला खोली हेर्दा झोलाभित्र केही कपडा र गैंडाको खाग भेटियो त्यो खाग त्यही प्रकाश भन्ने प्रकाश बुढाले ल्याएको हो। उसको ठेगाना सल्यान जिल्ला, सग्रही गाउँ र माझकाडा गाउँ हो भनी भनेको थियो। निजले मेरो होटलमा खाना खाएको ३५००।- पनि तिरेको छैन। मेरो भिनाजुले किन त्यसो भन्नुभएको हो मलाई थाहा भएन। सोही कोठामा भिनाजुको झोला पनि भएको हुनाले हुन सक्छ

गैंडाको खाग लुकाई छिपाई राखेको मेरो अज्ञानताको कारण यस्तो हुन गएको हो भन्नेसमेत बेहोराको दानसिंह चैसिरले जिल्ला वन अधिकृतसमक्ष गरेको बयान।

म जिल्ला दार्चुला, धाप गा.वि.स. वडा नं. ५ मा बस्छु। म नेपाली सेनाको २ नं. ग्यारेजन गण भैरहवा ब्यारेकको प्युठ लेस नायक पदमा कार्यरत छु। म ४५ दिन घर बिदामा आएको थिएँ। मिति २०६६।५।५ गतेका दिन हिमालय होटेलमा बसेका बखत वन कर्मचारी र प्रहरीसमेतको टोलीले खानतलासी गर्दा म सुत्ने कोठाको स्टिल दराजबाट गैंडाको एक थान खाग बरामद हुँदाको बखत म कोठामा थिएँ। सोही कारण हिमालय होटलका सञ्चालक मेरो नातेदार (साला) दानसिंह चैसिर र मलाई पक्राउ गरी ल्याएका हुन्। झोलाको विषयमा त्यहाँ मेरो पनि एउटा झोला थियो त्यसैले मेरो झोला भनेको थिएँ तर त्यसै झोलाबाट खाग बरामद भयो मेरो झोलामा खाग कसरी आयो मलाई थाहा छैन भन्नेसमेत बेहोराको नैनसिंह ठगुन्नाले जिल्ला वन अधिकृतसमक्ष गरेको बयान।

प्रकाश ठेकेदारले नै झोला मलाई दिएर गएको हो। फर्केर आएपछि तपाईंलाई रूपैयाँ दिन्छु भनेका र पछि झोला खोलेर हेर्दा खाग भेटिएको र मैले कुनै निकायमा जानकारी गराइन भन्नेसमेत बेहोराको जिल्ला वन अधिकृतसमक्ष प्रतिवादी दान सिह चैसिरले गरेको ततिम्बा बयान।

मैले दान सिह चैसिरको होटलमा खाग सहितको झोला छोडेको होइन। उसको लजमा खाग कहाँबाट आयो मलाई थाहा छैन। म २०६० सालतिर कञ्चनपुरमा होटेल सञ्चालन गरी बसेको थिएँ। त्यस क्रममा जयलक्ष्मी होटल सञ्चालक भूपेन्द्र शाही र काठमाडौं बस्ने पेमा लामासँग खागसम्बन्धी कुराकानी भएको थियो। पछि दार्चुलाका प्रेम पालले सो खाग हेरी खाग दार्चुला पुर्याउन पर्यो भनी खाग पुर्याए बापत रू.१५००० - २०००० दिन्छु भनेका हुनाले खाग मैले दार्चुला पुर्याएँ। दार्चुलामा खाग लगी प्रेम पाललाई दिएको थिएँ। दानसिंह चैसिरसित पहिले चिनजान थियो। निजको लजमा बसेको थिएँ भन्नेसमेत बेहोराको प्रकाश बुढाले अनुसन्धानका क्रममा गरेको बयान।

महेन्द्रनगर कञ्चनपुरबाट भूपेन्द्र शाहीबाट ल्याएर दार्चुला खलङ्गा ४ को प्रेमबहादुर पाललाई एकसिङ्गे गैंडाको खाग दिएको भन्ने प्रकाश बुढाको साबिती बयान र दानसिंह चैसिरको ततिम्बा बयानबाट बुझिन आएकाले एकसिङ्गे गैंडाको खाग ओसार पसार गरेको पुष्टि हुन आएको हुँदा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) अनुसार प्रकाश बुढा र फरार रहेका भूपेन्द्र शाही, पेमा लामा र प्रेम पालसमेतलाई जनही रू.१,००,०००।- जरिवाना र १५ वर्ष सम्म कैद सजाय गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०६६।६।१ मा दायर हुन आएको अभियोगपत्र।

निज प्रकाश बुढालाई म चिन्दिन। निजसँग मेरो कहिल्यै भेटघाट पनि भएको छैन। निजलाई न कुनै खाग दिएँ न त कुनै रूपैयाँ दिएको हुँ। निज प्रकाश बुढाले पहिला गोकुलेश्वर खलङ्गा बाटोमा पेटी

ठेकेदारको रूपमा काम गर्दा सायद मलाई चिनेको होला। यस मुद्दामा प्रतिवादीमध्ये दानसिंह चैसिरको खलङ्गा स्थित होटलमा खानपिन गर्न जान्थे। निजलाई राम्ररी चिन्दछु। नैनसिंह ठगुन्ना पनि धापको भएकाले नामसम्म सुनेको हुँ। बाँकी प्रतिवादी भूपेन्द्र शाही र पेमा लामालाई चिन्दिन। खाग बरामद भएको दिन म जडीबुटी व्यापारको सिलसिलामा कञ्चनपुर गएको थिएँ। पछि फर्की आउँदा उक्त घटना सुनेको हुँ भन्नेसमेत बेहोराको प्रेमबहादुर पालले अनुसन्धानका क्रममा गरेको बयान।

आफूले प्रकाश बुढालाई नचिनेको र उक्त खाग ओसार पसारमा आफ्नो संलग्नता मिलोमतो नरहेको भनी इन्कारी बयान गरे तापनि प्रकाश बुढाको किटानी बयानबाट उक्त खाग ओसार पसारमा प्रेमबहादुर पालको पनि संलग्नता रहेको देखिन आएको हुँदा निजसमेतलाई जनही रू.१,००,०००।- जरिवाना र १५ वर्षसम्म कैद सजाय गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०६७।३।३२ मा दायर हुन आएको अभियोगपत्र।

म प्रकाश बुढालाई चिन्दिन। निजले मलाई कुनै खाग दिएको होइन। हिमालय लजबाट बरामद भएको खाग सम्बन्धमा मलाई कुनै थाहा छैन। प्रतिवादी प्रकाश बुढाले मेरो नाम किटानी गरी गरेको बयान झुट्टा हो। उक्त प्रतिवादीहरूमध्ये नैनसिंह ठगुन्ना धापको भएकाले नामसम्म सुनेको हुँ। अन्य भूपेन्द्र शाही र पेमा लामालाई चिन्दिन। उक्त खाग बरामद भएको मुद्दामा मेरो कुनै संलग्नता सहयोग जानकारीसम्म पनि छैन भन्ने प्रतिवादी प्रेम पालले जिल्ला वन कार्यालयमा गरेको बयान।

प्रेम पालसँग महेन्द्रनगरमा भएको सल्लाह अनुसार प्रतिवादी भूपेन्द्र शाहीसँग खाग बुझी दार्चुला खलङ्गा कारागार नजिक रहेको प्रेमबहादुर पालको घरमा निजलाई दिई म हिमालय लजमा बसेको हुँ। ६।७ दिनपछि यो खाग नक्कली हो जहाँबाट ल्याएको हो त्यहीं फाली दे भनेर उक्त खाग मलाई फिर्ता गरी दिए। पछि उक्त खाग बोक्न मलाई डर लाग्यो र मैले बसेको हिमालय लजका सञ्चालक दानसिंह चैसिरलाई यो राखी दे भनी म गइहालें। निजले सो अरू झोलामा राखी मेरो हो भनेको होला। केही दिनपछि मेरो बैतडीबाट काममा लगाएको लेवरहरूले फोन गर्न लागेकाले म बैतडी गइहालें। प्रेमबहादुरले मलाई चिन्दिन भनी गरेको बयान झुट्टा हो। बरामद भएको खाग प्रेमबहादुर पाललाई दिएको र पछि निजबाट फिर्ता भई आफैंले पुर्याएको हो। मैले प्रतिवादी दानसिंह चैसिरले बयान गर्दा मेरो नाम पोलेर मलाई फसाएकाले ऊ पनि फसोस् भनेर भनेको हो भन्ने प्रकाश बुढाले जिल्ला वन कार्यालयमा गरेको बयान।

प्रतिवादी प्रकाश बुढाले गोकुलेश्वर दार्चुला सडक खण्डमा पेटी ठेकदारको रूपमा काम गर्दादिखि चिनेको होला। निजले कसरी किटानी गर्यो मलाई थाहा छैन। निजलाई चिन्दिन कहिले पनि भेटघाट भएको छैन। मैले निजबाट खाग लिएको छैन र रूपैयाँ पनि दिएको छैन। मेरो नाम किटानी गरी

बयान गरेको निजलाई नै थाहा होला। घनिष्ट चिनजान लेनदेन कुनै किसिमको रिसइबि पनि थिएन भन्ने प्रतिवादी प्रेमबहादुर पालले जिल्ला वन कार्यालयमा गरेको ततिम्बा बयान।

जिल्ला वन कार्यालय, दार्चुलाले बरामद गैंडाको खाग परीक्षण गरिदिने भनी विधि विज्ञान प्रयोगशाला, ललितपुरमा पठाएकोमा उक्त प्रयोगशालाबाट शङ्कित गैंडाको खाग भनिएको वस्तु गैंडाको खाग होइन भन्ने परीक्षण प्रतिवेदन प्राप्त भई मिसिल सामेल रहेको।

सुरू जाहेरी प्रतिवेदन, खानतलासी मुचुल्का, सर्जमिन मुचुल्काका मानिसहरूको भनाइ, अनुसन्धान अधिकारी तथा यस कार्यालयमा गरेको साबिती बयानसमेतबाट अभियुक्त दानसिंह चैसिर र नैनसिंह ठगुन्नाले अवैध तवरले एकसिङे गैंडाको खाग ओसार पसार गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९ विपरीत दफा २६ बमोजिमको कसुर अपराध गरेकाले निजहरूलाई सोही ऐनको दफा २६(१) बमोजिम जनही रू. ५०,०००।- जरिवाना र कैद वर्ष १० हुने र प्रतिवादीमध्येका प्रकाश बुढा र प्रेमबहादुर पालको हकमा निजहरूले अनुसन्धान अधिकारी र यस कार्यालयमा गरेको साबिती बयान अनुसार एक अर्कालाई मिलेमतो नभएको भन्ने जिकिर गरे तापनि प्रतिवादी प्रकाश बुढाले प्रतिवादी प्रेमबहादुर पाललाई किटानी बयान गरे अनुसार निजहरूको प्रतिवादी दानसिंह चैसिरसँग मिलमतो नभएको भन्ने कुनै ठोस वस्तुनिष्ठ आधार मिसिल प्रमाणबाट नदेखिएको हुँदा, निजहरूले समेत सोही ऐनको दफा २६(१)बमोजिमको कसुर अपराध गरेको देखिँदा, निजहरूलाई जनही रू ५००००।- जरिवाना र कैद वर्ष १० हुने ठहर्छ र प्रकाश बुढाको किटानी बयान अनुसार भूपेन्द्र शाही र पेमा लामासमेत संलग्न रहेको भन्ने सम्बन्धमा निजहरूको नाममा पठाइएको समाह्वान म्यादसमेत गुजारी बसेकाले निजहरूको हकमा पछि फेला परेका बखत ऐ. ऐनको दफा २६(१) बमोजिम जनही रू. ५००००।- जरिवाना र १० वर्ष कैद हुने ठहर्छ भन्नेसमेत बेहोराको जिल्ला वन कार्यालय, दार्चुलाबाट भएको मिति २०६८।३।३० को फैसला।

बरामद वस्तु एकसिङे गैंडाको खाग नै नभएको भनी स्वयम् वन कार्यालय अर्थात वादी पक्षबाट नै सङ्कलन गरिएको मिति २०६६।११।१७ को विधि विज्ञान प्रयोगशालाको प्रतिवेदनबाट विशेषज्ञको राय शङ्कारहित र निर्विवादरूपमा पुष्टि भै रहेको अवस्थामा आफूखुसी ऐनको दफा लगाई सजाय गरेको सुरू फैसला गैरकानूनी हुँदा बदर गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी प्रकाश बुढाको पुनरावेदन अदालत, महेन्द्रनगरमा परेको पुनरावेदनपत्र।

बरामद वस्तु गैंडाको खाग वा ओखेटोपहार नभएको कुरा वादी पक्ष र फैसला गर्ने निकायबाट संकलित प्रमाणहरूले पुष्टि गरी रहेको छ। जुन वस्तुलाई गैंडाको खाग भनियो त्यसको राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट परीक्षण हुँदा गैंडाको खाग भनिएको वस्तु गैंडाको खाग होइन भन्ने प्रमाण मिसिल

संलग्न रहेको छ। फैसला गर्दा त्यसको उल्लेखसम्म नगरी अधिकतम् कैद जरिवाना गर्ने गरी भएको सुरू फैसला बदर गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादीहरू नैनसिंह ठगुन्ना, दानसिंह चैसिर र प्रेमबहादुर पालको पुनरावेदन अदालत, महेन्द्रनगरमा परेको संयुक्त पुनरावेदनपत्र।

यसमा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको २०६७।११।१७ को पत्रसाथ संलग्न परीक्षण प्रतिवेदनमा गैंडाको खाग नभएको भनी उल्लेख भएको स्थितिमा पुनरावेदकलाई आरोपित कसुरबमोजिम सजाय गर्ने गरी भएको जिल्ला वन कार्यालय, दार्चुलाको २०६८।३।३० को निर्णय विचारणीय हुँदा अ.बं. २०२ नं.तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई आए वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नु भन्ने मिति २०६८।७।२२ मा पुनरावेदन अदालत, महेन्द्रनगरबाट भएको आदेश।

यसमा पुनरावेदकहरूका तर्फबाट कानून व्यवसायीहरू र पुनरावेदन सरकारी वकिल कार्यालय, महेन्द्रनगरबाट लिखित बहसनोट दाखिल गराई पेस गर्नु भनी मिति २०६८।९।५ मा भएका आदेशानुसार लिखित बहसनोटहरू पेस भई मिसिल सामेल रहेका।

यसमा प्रस्तुत मुद्दामा गैंडाको खाग भनिएको वस्तु राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा जिल्ला वन कार्यालय, दार्चुलाबाट परीक्षण गर्न पठाएकोमा सो गैंडाको खाग भनिएको वस्तु परीक्षण गरी राय व्यक्त गर्ने विशेषज्ञलाई प्रमाण ऐन, २०३१ को दफा ५२ को प्रयोजनको लागि बकपत्र गराउनुपर्ने अवस्था देखिँदा, काठमाडौं जिल्ला अदालतमा बन्दसवाल जारी गरी पठाई काठमाडौं जिल्ला अदालतमार्फत बकपत्र गराउनु। साथै विशेषज्ञलाई जिरह गर्न चाहेमा जिरहका लागि काठमाडौं जिल्ला अदालतमा आफ्नो कानून व्यवसायी पठाउनु भनी थुनामा रहेका प्रतिवादीहरूलाई निजहरू थुनामा रहेको जिल्ला कारागार कार्यालय, दार्चुलामा जनाउ दिनु र वादी पक्ष पुनरावेदन सरकारी वकिल कार्यालय, महेन्द्रनगरलाई पनि सोको जानकारी दिई विशेषज्ञको बकपत्र सम्पन्न भई आएपछि निमयानुसार पेस गर्नु भन्ने मिति २०६८।१०।३ को यस अदालतको आदेश।

यसमा विशेषज्ञलाई प्रमाण ऐन, २०३१ को दफा ५२ को प्रयोजनका लागि बकपत्र गराउन लेखी पठाएको मिति २०६८।११।१६ को काठमाडौं जिल्ला अदालतबाट प्राप्त मिसिल संलग्न पत्र हेर्दा विशेषज्ञको नाममा जारी भएको म्यादमा विशेषज्ञ बकपत्रका लागि उपस्थित हुनु नभएको भनी लेखी आएको देखिँदा, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटार ललितपुर जिल्लामा रहेकाले ललितपुर जिल्ला अदालतमार्फत विशेषज्ञलाई बकपत्र गराउँदा सुविधाजनक हुने भएकाले ललितपुर जिल्ला अदालतमा बन्द सवाल जारी गरी पठाउनु। साथै विशेषज्ञलाई जिरह गर्न चाहेमा जिरहका लागि ललितपुर जिल्ला अदालतमा आफ्नो कानून व्यवसायी पठाउनु भनी थुनामा रहेका प्रतिवादीहरूलाई

निजहरू थुनामा रहेको कारागार कार्यालय, दार्चुलामा जनाउ दिनु र वादी पक्ष पुनरावेदन सरकारी वकिल कार्यालय, महेन्द्रनगरलाई पनि सोको जानकारी दिई विशेषज्ञको बकपत्र सम्पन्न भई आएपछि नियमानुसार पेस गर्नु भन्ने मिति २०६८।१२।१५ को पुनरावेदन अदालत, महेन्द्रनगरको आदेश।

प्राप्त नमुनालाई मारफोलोजीको आधार र सूक्ष्मदर्शी यन्त्रको सहायताबाट अधिकारीक ज्ञात नमुनासँग तुलना गरेर राय दिएको हुँ। उक्त राय सत्य तथ्य ठीक छ। गैंडाको खाग असली रहेको अवस्थामा त्यसलाई पहिचान गर्ने हामीसँग प्रविधि छ तर अन्य वस्तुहरूबाट बनेको अवस्थामा के कुन वस्तुबाट बनेको हो भनी पहिचान गर्ने प्रविधि हालसम्म मेरो प्रयोगशालामा उपलब्ध छैन भन्नेसमेत बेहोराको विशेषज्ञको बकपत्र मिसिल सामेल रहेको।

यसमा प्रतिवादी दानसिंह चैसिर आफूले सञ्चालन गरेको हिमालय होटलको कोठामा गैंडाको खाग बरामद भएको तथ्यमा अर्का प्रतिवादी नैनसिंह ठगुन्नाले हिमालय होटलको कोठामा आफू बसेको र सोही कोठामा रहेको आफ्नो झोलामा खाग बरामद भएको तथ्यमा, अर्का प्रतिवादी प्रकाश बुढाले आफूले गैंडाको खाग ओसार पसार गरेको तथ्यलाई स्वीकार गरी अनुसन्धान अधिकृत र मुद्दा हेर्ने वन अधिकृतको इजलासमा समेत स्वीकार गरी बयान गरेको अवस्था देखिँदा यी प्रतिवादीउपर लगाएको आरोपको निर्विवादरूपमा पुष्टि भएको अवस्था देखिन्छ। अर्को सह प्रतिवादी प्रेमबहादुर पालले गरेको बयानमा आफूउपरको आरोपमा इन्कार रही बयान गरेको भए पनि सह प्रतिवादी प्रकाश बुढाले आफू कसुरमा साबित भई यी प्रतिवादी प्रेमबहादुर पाललाई पोल गरी आफूले ओसार पसार गरेको गैंडाको खाग यी प्रतिवादी प्रेमबहादुर पाललाई दिएको हो भनी अनुसन्धान अधिकृतसमक्षको बयानमा र मुद्दा हेर्ने अधिकारी वन अधिकृतको इजलासमा गरेको बयानमा समेत साबित भई तथ्ययुक्तरूपमा बेहोरा खुलाई बयान गरेको देखिन्छ। मिसिल संलग्न प्रतिवादी प्रकाश बुढा र दानसिंह चैसिरको बयान हेर्दा यी प्रतिवादीहरू एक अर्काका बीचमा चिनजान एवम् सम्पर्क भएको र यिनीहरूले एक अर्काको सहयोग र सम्पर्कबाट प्रस्तुत गैंडाको खाग ओसार पसार गरेको अवस्था देखिन्छ। दानसिंह चैसिरले मुद्दा हेर्ने अधिकारी वन अधिकृतको इजलासमा गरेको ततिम्बा बयानमा प्रतिवादी प्रकाश बुढालाई सनाखत गरिदिएको देखिन्छ। प्रतिवादी दानसिंह चैसिरले प्रकाश बुढाको वतन खुलाई दिएको देखिन्छ र सोही नाम वतनको आधारमा प्रहरीले प्रकाश बुढालाई पक्राउ गरी दाखिल गरेको अवस्था देखिन्छ। त्यस्तै प्रकाश बुढाले मुद्दा हेर्ने अधिकारीसमक्षसमेत गरेको बयानको सवाल ४ को जवाफमा मैले ल्याएको गैंडाको खाग दार्चुला खलङ्गा कारागार नजिक रहेको प्रेम पालको घरमा निजलाई नै दिएको थिएँ। म दानसिंह चैसिरको लजमा बस्दा बखत उसलाई पनि जानकारी गराएको थिएँ भन्नेसमेत तथ्यगत कुराहरू उल्लेख गरी बयान गरेको देखिन्छ।

अतः प्रतिवादीहरू दानसिंह चैसिर, नैनसिंह ठगुन्ना, प्रकाश बुढा र प्रेमबहादुर पाललाई बिना इजाजत एकसिङ्गे गैंडाको खाग ओसार पसार गर्यो भन्ने मुद्दामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९ विपरीत दफा २६ बमोजिमको कसुर अपराध गरेकाले निजहरूलाई सोही ऐनको दफा २६(१)बमोजिम जनही ५००००।- जरिवाना र १० वर्ष कैद हुने ठहर्याई वन कार्यालय, दार्चुलाबाट मिति २०६८।३।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत, महेन्द्रनगरको माननीय मुख्य न्यायाधीश दुर्गाप्रसाद उप्रेतीको मिति २०६९।८।२५ को राय।

यसमा बरामद वस्तु खाग जस्तो थियो।नक्कली हो भन्दथे भनी लजको मालिक प्रतिवादी दानसिंह चैसिरको बयान रहेको।मुद्दा हेर्ने निकाय जिल्ला वन कार्यालय, दार्चुलाले सुदूर पश्चिमाञ्चल क्षेत्रिय वन निर्देशनालय धनगढीमार्फत वैज्ञानिक परीक्षणको लागि पठाउँदा राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको मिति २०६७।११।१७ को परीक्षण प्रतिवेदनमा "शङ्कित गैंडाको खाग भनिएको वस्तु गैंडाका खाग होइन" भनी किटानी गरी लेखी आएको पाइन्छ।विशेषज्ञले अदालतमा बकपत्र गर्दा मिति२०६७।११।१७ मा आफूले प्रतिवेदन दिएको कुरा स्वीकार्दै Morphology को आधार र सूक्ष्मदर्शी यन्त्रको सहायताबाट आधिकारिक ज्ञात नमुनासँग तुलना गरी राय दिएको हुँ भनी विशेषज्ञले किटानी बकपत्र गरिदिएको पाइन्छ।वादी नेपाल सरकारले अभियोगपत्रमा बरामद भएको वस्तु गैंडाको खाग हो भन्दै अभियोगपत्र दर्ता गरे तापनि प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम सो कुरा प्रमाणित गर्न कुनै तथ्ययुक्त सबुद प्रमाण प्रस्तुत गर्न सकेको पाइँदैन।साथै मिसिल संलग्न अन्य सबुद प्रमाणबाट पनि प्रतिवादीहरू कसुरदार हुन् भनी वस्तुनिष्ठ शङ्कारहित ठोस प्रमाणको अभावमा प्रतिवादीहरूलाई कसुरदार ठहराउन फौजदारी न्यायको सिद्धान्त अनुसार न्यायोचित नहुँदा प्रतिवादी पुनरावेदक दानसिंह चैसिर-१, नैनसिंह ठगुन्ना-१ , प्रकाश बुढा-१, प्रेमबहादुर पाल-१ ले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ।सुरू जिल्ला वन कार्यालयले प्रतिवादीहरूलाई कसुरदार ठहराई जनही १० वर्ष कैद र रू. ५००००।- जरिवाना गर्ने गरी गरेको फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ।माननीय मुख्य न्यायाधीश श्री दुर्गाप्रसाद उप्रेतीज्यूले प्रतिवादीहरूलाई कसुरदार ठहराई सुरू जिल्ला वन कार्यालय, दार्चुलाबाट भएको फैसला सदर गर्नुभएको रायसँग सहमत हुन नसकिएकाले निर्णयार्थ तेस्रो इजलासमा पेस गर्नु भन्नेसमेत बेहोराको पुनरावेदन अदालत, महेन्द्रनगरका माननीय न्यायाधीश सलाहुद्दीन अख्तर सिद्धिकीको मिति २०६९।८।२५ को राय।

यसमा प्रस्तुत मुद्दामा यस अदालतका माननीय मुख्य न्यायाधीश श्री दुर्गाप्रसाद उप्रेती र माननीय न्यायाधीश श्री सलाहुद्दीन अख्तर सिद्धिकीको संयुक्त राय बाझी फैसला भै न्याय प्रशासन ऐन, २०४८ को दफा ८(४) बमोजिम तेस्रो माननीय न्यायाधीशसमक्ष पेस गर्नु पर्ने प्रस्तुत मुद्दा यस अदालतको

सरकारवादी फौजदारी दायरीमा दर्ता गरी नियमानुसार इजलाससमक्ष पेस गर्नु भनी निमित्त रजिस्ट्रार मिति २०६९।११।४ मा भएको आदेश।

गैंडाको खाग होइन भनी कुनै पनि प्रतिवादीले जिकिर नै नलिएको र खाग परीक्षण गर्न पठाउने भनी अनुसन्धान अधिकारी तथा मुद्दा हेर्ने अधिकारी जिल्ला वन अधिकृतबाट कुनै आदेश नै नभई जिल्ला वन कार्यालय, दार्चुलाबाट बरामद गैंडाको खाग भनिएको वस्तु राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा परीक्षण गर्न पठाई सोको प्रतिवेदन मिसिल सामेल रहेको देखिन्छ। प्रतिवादीहरू ६ जनाउपर विभिन्न मितिमा गरी अभियोगपत्र दायर भएकोमा सुरू जिल्ला वन कार्यालय, दार्चुलाबाट मिति २०६८।३।३० मा फैसला हुँदा फैसलाको प्रतिवादीको महलमा प्रतिवादी भूपेन्द्र शाही र पेमा लामालाई प्रतिवादी नै कायम नगरेको, फैसलाको ठहर खण्डमा अभियोग मागदावीबमोजिमको कसुर ठहर गरी सजाय गरेकोमा तपसिल खण्डमा निजहरूको हकमा मुलतवी मुद्दा दायर गर्नु भन्ने उल्लेखन भई स्पष्टता नभएको, प्रतिवादीद्वय भूपेन्द्र शाही र पेमा लामालाई सुनवाइको मौका नदिएको समेतको आधारमा जिल्ला वन कार्यालय, दार्चुलाको फैसला सदर गर्ने माननीय मुख्य न्यायाधीश श्री दुर्गाप्रसाद उप्रेती र सुरू फैसला उल्टी गरी प्रकाश बुढासमेत ४ जनालाई सफाइ दिने माननीय न्यायाधीश श्री सलाहुद्दीन अख्तर सिद्धिकीको मिति २०६९।८।२५ को रायसित सहमत हुन सकिएन।

यसर्थ सुरू जिल्ला वन कार्यालय, दार्चुलाबाट मिति २०६८।३।३० मा भएको फैसलामा कार्यविधिगतलगायतको त्रुटि देखिँदा उक्त फैसला बदर गरिदिएको छ। अब जो जे कार्यविधिगत प्रक्रियाहरू पूरा गर्नुपर्ने गरी प्रतिवादी भूपेन्द्र शाही र पेमा लामाको हकमा समेत यकिन रूपमा ठहर गरी पुनः कारवाही किनारा गर्नु भनी थुनामा रहेका प्रतिवादीहरूलाई फैसलाको जानकारी दिई प्रस्तुत मुद्दाको सुरू मिसिल जिल्ला वन कार्यालय, दार्चुलामा पठाईदिने ठहर्छ। यसरी कार्यविधिगत प्रक्रियाहरू मौकामा नै सम्पन्न नगरेको कारणले प्रतिवादीहरू अनिर्णयको बन्दी भइ पुनः लामो समयसम्म कारागारमा बस्नुपर्ने बाध्यता भएकाले त्यसरी मुद्दाको कार्यविधि पूरा नगरी कारवाही किनारा गर्ने सम्बन्धित वन अधिकृतलाई सचेत गराउनुपर्नेसमेत देखिँदा सम्बन्धित मन्त्रालयमा लेखी पठाई दिने भनी यो छुट्टै राय पेस गरेको छु। न्याय प्रशासन ऐन, २०४८ को दफा ८ को ४ र पुनरावेदन अदालत निमयावली, २०४८ को नियम ११ बमोजिम प्रस्तुत मुद्दाको मिसिल निर्णयार्थ सर्वोच्च अदालतमा पठाईदिनु भन्ने पुनरावेदन अदालत, महेन्द्रनगरका माननीय मुख्य न्यायाधीश श्री देवन्द्रगोपाल श्रेष्ठको एकल इजलासबाट २०७०।२।६ मा भएको फैसला।

यसमा पुनरावेदक प्रतिवादीतर्फका कानून व्यवसायीलाई र विपक्षी वादी नेपाल सरकारतर्फबाट महान्यायाधिवक्ताको कार्यालयसमेतलाई आजको मितिले १५ दिनभित्र लिखित बहसनोट पेसगर्न लगाई

लिखित बहसनोट पेस हुन आएपछि सोको ७ दिनपछि निर्णय सुनाउनको लागि पेसी तोकी सोको जानकारी पक्षहरूलाई दिई नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतको मिति २०७१।३।१० को आदेश।

यसमा दुबै पक्षतर्फबाट बहसनोट प्रस्तुत भई मिसिल सामेल रहेको।

नियमबमोजिम आजको दैनिक मुद्दा पेसीसूचीमा चढी न्याय प्रशासन ऐन, २०४८ को दफा ४ बमोजिम निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन अदालत, महेन्द्रनगरबाट विभिन्न मितिमा भएको फैसलाहरू सहितका मिसिल कागजातहरू अध्ययन गरी प्रतिवादी तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री टीकाराम भट्टराईले प्रस्तुत मुद्दामा बरामदी दशी तथा मुद्दाको मुख्य जरिया एकसिङे गैंडाको खाग भनिएको वस्तु नै गैंडाको असली खाग हो भन्ने परीक्षणबाट पुष्टि नभइरहेको स्थितिमा प्रतिवादीहरूलाई सजाय गरेको पुनरावेदन अदालतको फैसला अन्याय तथा त्रुटिपूर्ण हुँदा बदर गरी सफाइ पाउँ भनी र विपक्षी वादी नेपाल सरकारतर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री गंगाप्रसाद पौडेलले सुरूमा बरामद हुँदा गैंडाको असली खाग बरामद भएको र प्रतिवादीहरूले मौकामा नक्कली खाग हो भनी जिकिर लिन नसकेको अवस्थामा हाल आएर नक्कली खाग हो भनी सफाइ दिन मिल्ने अवस्था नहुँदा माननीय न्यायाधीश श्री दुर्गाप्रसाद उप्रेतीको राय सदर कायम गरिपाउँ भनी गर्नुभएको बहस जिकिरसमेत सुनी पुनरावेदन अदालत, महेन्द्रनगरका माननीय न्यायाधीशहरूको अलग अलग राय भएउपर सोही अदालतका माननीय मुख्य न्यायाधीश श्री देवेन्द्रगोपाल श्रेष्ठले मिति २०७०।२।६ मा गर्नुभएको फैसला मिलेको छ छैन सोही विषयमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा बरामदी दशी गैंडाको खाग सक्कली हो कि होइन र प्रतिवादीहरूलाई हदैसम्म सजाय हुनुपर्ने हो कि होइन भन्ने नै मुख्य प्रश्न रहेको देखियो।

३. यसमा प्रतिवादीहरूमध्ये दानसिंह चैसिरले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान हेर्दा स.ज. ८ मा "एक ठेकेदार जसको नाम प्रकाश हो ऊ ३।४ वर्ष पहिले मेरो होटलमा लगभग १६ दिन बसेर गयो। पछि ऊ आएन र १।२ वर्षपछि झोला खोलेर हेर्दा केही कपडा र गैंडाको खाग जस्तो थियो" भनेको र सोही बयानको स.ज. १३ मा "वास्तविक तस्कर प्रकाश हो" भनेको देखिन्छ। त्यस्तै गरी निजले वन अधिकृतसमक्ष गरेको बयानको स.ज. ५ होटल कोठाको स्टिलको दराजबाट खाग बरामद भएको थियो भनेका छन् भने सोही बकपत्रको स.ज. ७ मा "खाग बरामद भएको झोला उसैको हो उनको झोला खोली हेर्दा केही कपडा र खाग भेटियो। त्यो खाग प्रकाश भन्ने ठेकेदारले ल्याएको हो" भन्ने उल्लेख गरेको देखिएबाट सो बरामदी गैंडाको खाग आफूले सञ्चालन गरेको होटल कोठाबाट बरामद भएको र सह अभियुक्त प्रकाश बुढासँग

पहिलेदेखिको पुरानो चिनजानको व्यक्तिभएको नाताले निज प्रकाश बुढाले नै सो झोला दानसिंह चैसिरलाई दिएको भन्ने देखिन आउँछ। निज दानसिंह चैसिरले नै बयानको क्रममा खुलाई दिएको प्रतिवादी प्रकाश बुढाको वतनको आधारमा निज प्रतिवादी प्रकाश बुढा गिरफ्तार भएको देखिन्छ भने निज दानसिंहले वन अधिकृतसमक्ष गरेको ततिम्बा बयानको स.ज.३ मा "प्रकाशले नै झोला राख्न दिए, रूपैयाँपछि दिन्छ भन्ने विश्वास गरेर झोला राखेको हुँ" भनेको र सोही बयानको स.ज.४ मा" झोलापछि खोली हेर्दा त्यसमा खाग भेटिएको त्यसपछि कुनै निकायमा जानकारी नगराएर म गल्ती गरेको छु"समेत भनेको देखिएबाट प्रतिवादी दानसिंह चैसिर र प्रकाश बुढाबीच पुरानो चिनजान र सम्बन्ध कायम रहेको तथ्यलाई थप पुष्टि गरिरहेको देखिन्छ।

४. त्यस्तै गरी प्रकाश बुढाले गरेको बयानहरूमध्ये निमित्त जिल्ला वन अधिकृतसमक्ष गरेको बयान हेर्दा "मैले प्रेम पाल भन्ने यही मान्छेसँग महेन्द्रनगरमा भएको सल्लाह अनुसार खाग ल्याएर यसैलाई दिएको हुँ" भनेको छ भने, निजले निमित्त वन अधिकृतसमक्ष पुनः मिति ०६७।३।३१ मा गरेको ततिम्बा बयानको स.ज. १ हेर्दा "दानसिंह चैसिरलाई" यो राखी दे भनी म वैतडी गैहालें" भनी लेखाई दिएको देखिएबाट दानसिंह चैसिर र प्रकाश बुढाले गरेको बयानबीच एक आपसमा तादात्म्यता रहेको देखिँदा पुरानो चिनजान भएको कारणले नै निज दुबैको मिलोमतोबाट गैंडाको खागको अवैध व्यापार गर्ने मनसायले दानसिंह चैसिरको दार्चुला स्थित होटलमा लुकाई राखेको अवस्थामा खाग बरामद भएको अवस्था देखिन्छ। प्रस्तुत मुद्दामा विद्यमान प्रचलित कानून हेर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६को उपदफा (१) मा " गैरकानूनी तरिकाले गैंडा, बाघ, हात्ती, कस्तुरी, मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई मार्ने घाइते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गर्ने गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको विना, हिउँ चितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने खरिद गर्ने वा बिक्री गर्ने व्यक्तिलाई पचास हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुबै सजाय हुनेछ" भन्ने व्यवस्था रहेको पाइन्छ। जुन प्रस्तुत मुद्दाको वारदातसँग सम्बन्ध रहेको देखिन्छ।

५. प्रतिवादीमध्ये नैनसिंह ठगुन्नाले अनुसन्धान अधिकारीसमक्ष गरेको बयान हेर्दा स.ज. ५ मा "खाग वास्तवमा मेरो होइन" भनेको स.ज. ८ मा "मेरो पनि झोला भएकाले मैले मेरो झोला हो भनेको, पछि त्यसैमा खाग भेटियो सो बारे मलाई थाहा छैन" भनेका छन् भने निजले वन अधिकृतसमक्ष गरेको बयानको स.ज. ५ मा. "खाग बरामद हुँदाका बखत म पनि सोही कोठामा थिएँ। सोही कारण पक्राउ परे" भनेको देखिन्छ। त्यस्तै गरी प्रकाश बुढाले वन अधिकृतसमक्ष गरेको बयान हेर्दा स. ज.९ मा. "म नैनसिंह ठगुन्नालाई चिन्दिन तर त्यो लजमा बस्दा एक जना

प्रहरी जस्तो व्यक्तिले मलाई गाली गर्यो कान समातेर उठबस् गरायो" भनेको र नैनसिंह ठगुन्ना सेनामा कार्यरत रहेको व्यक्ति भन्ने देखिएको अवस्थामा निजको भनाइ अनुसार त्यो प्रहरी जस्तो देखिएको व्यक्ति भनी नैनसिंहलाई नै सङ्केत गरेको प्रष्ट हुन्छ। यसप्रकार प्रतिवादीहरूमध्ये प्रकाश बुढाले निज प्रतिवादी नैनसिंह ठगुन्नालाई चिन्दिन भनेको, खाग दानसिंहलाई राख्न दिई आफू बैतडीतर्फ गएको भनेको र निज प्रतिवादी नैनसिंह ठगुन्ना बसेको कोठाबाट खाग बरामदसम्म भएको अवस्थामा निज प्रतिवादी नैनसिंहले तस्करी गर्ने आसयले कोठामा गैंडाको खाग राखेको हो भन्ने तथ्य शङ्कारहित तवरले स्थापित हुन सकेको देखिँदैन। त्यस्तैगरी प्रतिवादीमध्येका प्रेमबहादुर पालको हकमा हेर्दा प्रकाश बुढाले खाग प्रेमबहादुर पाललाई नै दिएको हुँ सम्म भनेको देखिन्छ भने प्रेमबहादुर पालले अनुसन्धान अधिकारी र मुद्दा हेर्ने अधिकारी (वन अधिकारी) समक्षसमेत गरेको बयानमा प्रकाश बुढालाई चिन्दै नचिनेको तथा खागसम्बन्धी कुनै काम कारोबार नगरेको भनी इन्कार रही बयान गरेको र निजबाट कुनै दशी पनि बरामद हुन नसकेको अवस्था हुँदा प्रतिवादी मध्ये सहअभियुक्त प्रकाश बुढाको एकलौटी पोल बाहेक सो पोलालाई पुष्टि गर्ने अन्य दशी तथा सबुद प्रमाणको अभाव हुँदा गैंडाको खाग तस्करीजस्तो सङ्गीन मुद्दामा निज प्रतिवादीहरू नैनसिंह ठगुन्ना र प्रेम बहादुर पाललाई कसुरदार ठहर्याउन न्यायोचित हुने देखिन आएन।

६. अन्य प्रतिवादीहरू भूपेन्द्र शाही र पेमा लामाको हकमा मिसिल संलग्न प्रतिवादीहरूको बयान हेर्दा प्रतिवादीहरूमध्ये प्रकाश बुढाले मात्र अनुसन्धान अधिकारीसमक्ष गरेको बयानबाट भूपेन्द्र शाही र पेमा लामासँग कञ्चनपुरमा खागका सम्बन्धमा कुरा भएको भन्नेसम्म उल्लेख गरेको देखिन्छ भने वन अधिकृतसमक्ष गरेको बयानमा भूपेन्द्र शाहीसँग खाग बुझी दार्चुला ल्याएको भन्ने सम्म उल्लेख गरी पेमा लामाको नाम उल्लेख गरेको देखिँदैन। वादी पक्षको दावीबमोजिम सबै प्रतिवादीहरूको बीच एक आपसमा यदि अन्तर सम्बन्ध र सूत्रबद्ध कार्य (Chain of conduct) रहेको भए फरार भनिएका भूपेन्द्र शाहीलगायत पेमा लामासमेतको नाम अन्य प्रतिवादीहरूबाट पनि उल्लेख हुनुपर्ने थियो। तर प्रकाश बुढाले कञ्चनपुर, महेन्द्रनगरमा निज प्रतिवादीहरूसँग खाग सम्बन्धमा सल्लाह भएको र भूपेन्द्र शाहीसँग खाग बुझेको भन्ने एकलौटी पोल गरेको बाहेक निजहरूको समेत संलग्नता रहेको देखिने अन्य थप कुनै आधार प्रमाण रहेको मिसिलबाट देखिँदैन। साथै निज प्रतिवादीहरू हालसम्म पनि पक्राउ परेका अवस्था नहुँदा निज प्रतिवादीहरू कहाँ छन् भन्नेसम्म पनि सुरू अनुसन्धान अधिकारी र मुद्दा हेर्ने निकायले यकिन गर्न नसकी बिनाआधार र कारण मुद्दा दायरसम्म गरेको देखिएकाले निजहरूको हकमा कसुर स्थापित हुन सक्ने अवस्था नहुँदा निज प्रतिवादीहरू भूपेन्द्र शाही र पेमा लामाले आरोपित कसुरको दायित्वबाट उन्मुक्ति पाउने नै देखिन आयो।

७. दशीको रूपमा बरामदी गैंडाको खाग गैंडाको सक्कली खाग होइन भनी विशेषज्ञले दिएको राय सम्बन्धमा विचार गर्दा, प्रस्तुत मुद्दामा संलग्न प्रतिवादीहरूमध्ये निजहरूको परस्पर बयान र संलग्नताको आधारमा हेर्दा मुख्य आरोपी देखिएका प्रकाश बुढा र दानसिंह चैसिरले बरामदी खागलाई मौकामा सक्कली होइन भनी जिकिर लिन सकेको पाइँदैन। आफूले प्राप्त गरको सो सामानलाई अनुपम वस्तुको रूपमा स्वीकार गरी अन्तिम अवस्थासम्म ओसार पसार र कारोबारको प्रयास गरेको देखिन्छ। नैनसिंह ठगुन्ना बसेको कोठा र निजको झोलाबाट खाग बरामद भएको भन्ने बरामदी मुचुल्का देखिन्छ। तर सो आधारमा निजकै झोलाबाट बरामद भएको मान्ने हो भने पनि प्रकाश बुढा स्वयम्को बयानबाट निज (प्रकाश बुढा) ले नक्कली खाग हो भनी प्रेमबहादुर पालले भनेको हुँदा बोक्न डर लागी दानसिंह चैसिरलाई राख्न दिइ आफू बैतडीतर्फ गएको भनेको र दानसिंह चैसिरले पनि प्रकाश बुढाले राख्न दिई निज बैतडी मालिकार्जुनतर्फ गएकोले धेरै समयपश्चात आफूले खोली हेर्दा त्यसमा गैंडाको खाग भेटिएको भनेबाट नैनसिंह ठगुन्नासँग बाटै खाग बरामद भएको मान्न सकिने अवस्था नदेखिएको र प्रकाश बुढाले वन अधिकृतसमक्ष बयानको क्रममा प्रेमबहादुर पालले नक्कली हो भनेको भन्ने प्रसङ्गसम्म उल्लेख गरे तापनि सो बरामदी खागलाई नक्कली हो भनी सजायबाट उन्मुक्ति पाउँन मौकामा जिकिर लिन सकेको पाइँदैन। पछि खागको परीक्षण हुँदा खाग नक्कली हो भनिए तापनि विशेषज्ञको बन्द सवालबाट भएको बकपत्र हेर्दा निजलाई जिरह हुन सकेको अवस्था नदेखिएको र गैंडाको खाग नक्कली हो कि ? भन्ने बयानको क्रममा प्रश्न उठेपछि मुद्दा हेर्ने अधिकारी वन अधिकृतको इजलासबाट जाँच गर्न पठाउने विधिवत् कुनै आदेश नभई प्रतिवादीहरू स्वयम्ले जाँच गराइ पाउँ भन्ने निवेदनको आधारमा बीचैबाट जाँच गर्न पठाएको देखिन्छ। प्रतिवादीहरूले गैंडाको खाग सक्कली खागको रूपमा अवैध कारोबारको कार्य गरेको परिप्रेक्ष्यमा पछि आएर एउटा निवेदनको भरमा जाँच गराउने माग गरेको देखिँदा त्यसमा विवन्धनको सिद्धान्तसमेत आकर्षित हुन सक्ने अवस्था हुँदा, सो जाँच परीक्षणलाई विवादरहित रूपमा स्वीकार गर्न सकिने अवस्था देखिएन। तथापि प्रतिवादीहरूमध्ये दानसिंह र प्रकाश बुढाको बयान र एक अर्काप्रतिको पोल तथा निज प्रतिवादी प्रकाश बुढाले बरामदी दशी नक्कली भनिएको भन्नेसम्मको उब्जिएको प्रसङ्ग र प्रस्तुत मुद्दाको रोहमा निज प्रतिवादीहरूको संलग्नता तथा आबद्धताको मात्रा र बरामदी दशीको अवस्थासमेतलाई मध्यनजर गर्दा, प्रतिवादीहरूमध्ये दानसिंह चैसिर र प्रकाश बुढालाई अभियोग दावीबमोजिम हदैसम्म सजाय गर्दा चर्को पर्न जाने देखिँदा पुनरावेदन अदालत, महेन्द्रनगरका माननीय न्यायाधीश श्री दुर्गाप्रसाद उप्रेतीले उल्लिखित प्रतिवादीहरूको अतिरिक्त प्रेमबहादुर पाल र नैनसिंह ठगुन्नासमेतका प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम हदैसम्म सजाय गर्ने ठहर्याएको र उल्लिखित सबै प्रतिवादीहरूलाई अभियोग दावीबाट पूर्ण सफाइ दिने ठहर्याएको

सोही अदालतका माननीय न्यायाधीश श्री सलाहुद्दीन अख्तर सिद्दिकीको राय तथा सुरू जिल्ला वन कार्यालयको मिति २०६८।३।३० को निर्णय बदर गरी पुनः निर्णयको लागि पठाउने ठहर्याइ सोही अदालतका मुख्य न्यायाधीश श्री देवेन्द्रगोपाल श्रेष्ठबाट मिति २०७०।२।६ मा भएको फैसलासमेत मिलेको नदेखिँदा पुनरावेदन अदालतका तीनैजना माननीय न्यायाधीशहरूको रायसँग सहमत हुन सकिएन।

८. अतः पुनरावेदन अदालत, महेन्द्रनगरका तीनैजना माननीय न्यायाधीशहरूको राय केही उल्टी हुने ठहर्छ। सो ठहर्नाले प्रतिवादीमध्येका प्रकाश बुढा र दानसिंह चैसिरलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम ५ वर्ष मात्र कैद हुने र अन्य प्रतिवादीहरू नैनसिंह ठगुन्ना, प्रेमबहादुर पाल र पेट बोलीबाट देखिएका भूपेन्द्र शाही र पेमा लामाले समेत अभियोग दावीबाट सफाइ पाउने ठहर्छ। अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि इन्साफ खण्डमा लेखिएबमोजिम प्रतिवादीहरूमध्ये प्रकाश बुढा र दानसिंह चैसिरको हकमा कैद सजाय ५ वर्ष मात्र कायम भएकाले दानसिंह चैसिर मिति ०६६।५।५ देखि र प्रतिवादी प्रकाश बुढा मिति ०६६।५।२८ देखि हिरासत तथा थुनामा रहेको र सो मितिले क्रमशः ०७१।५।४ र ०७१।५।२७ मा ५ वर्ष कैद अवधि पूरा हुने देखिँदा अन्य मुद्दाबाट थुनामा बस्नुपर्ने नभए कैद अवधि भुक्तान भएको मितिबाट कैद लगत कट्टा गरी थुनामुक्त गरिदिनु भनी सम्बन्धित कारागार शाखामा लेखी पठाइदिनू ----------१

सफाइ पाएका अन्य प्रतिवादीहरू नैनसिंह ठगुन्ना ०६६।५।५ र प्रेमबहादुर पाल मिति ०६७।३।३१देखि थुनामा तथा हिरासतमा रहेको देखिँदा थुनामुक्त गरीदिन र प्रतिवादीहरू भूपेन्द्र शाही र पेमा लामाको हकमा निजहरू मुद्दाको पुर्पक्षदेखि नै हिरासतमा रहेको नदेखिए तापनि निजहरूको हकमा फैसलाबमोजिम सम्बन्धित जिल्ला वन कार्यालयबाट कैद लगत कसिएको भए सोसमेत कट्टा गर्न लेखी पठाइदिनू ------२

प्रस्तुत फैसलाको जानकारी प्रतिवादीहरूलाई दिई मिसिल नियमानुसार गरी बुझाइदिनू ----------३

उक्त रायमा सहमत छु।

न्या. गोविन्दकुमार उपाध्याय

इति संवत् २०७१ साल साउन १८ गते रोज १ शुभम्।

११. मुद्दाः संरक्षित क्षेत्रभित्र संरक्षित हिउँ चितुवा मारी छाला निकासी ओसारपसार गरी घरमा राखेको।

भाग ५८	निर्णय नं. ९६०२	ने.का.प. २०७३	अङ्क ५
सर्वोच्च अदालत, संयुक्त इजलास			
माननीय न्यायाधीश श्री गोपाल पराजुली माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र			
०७०-CR-००५६			
फैसला मितिः२०७२/६/७/५			

पुनरावेदक/वादीः जिल्ला प्रहरी कार्यालय, मुस्ताङको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी/प्रतिवादीः गोरखा जिल्ला करौजा गा.वि.स. वडा नं.४ घर भई हाल कारागार कार्यालय, कास्कीमा थुनामा रहेका कुलमान घले गुरूङसमेत

०७०-CR-००५७

पुनरावेदक/प्रतिवादीः मुस्ताङ जिल्ला मार्फा गाउँ विकास समिति वडा नं.१ घर भई हाल कारागार कार्यालय, कास्कीमा थुनामा रहेका श्यामप्रसाद लालचन

विरूद्ध

प्रत्यर्थी/वादीः जिल्ला प्रहरी कार्यालय, मुस्ताङको जाहेरीले नेपाल सरकार

वादीका तर्फबाटः उपन्यायाधिवक्ता पुण्यप्रसाद पाठक

प्रतिवादीका तर्फबाटः विद्वान् अधिवक्ता जयनारायण पौडेल

अवलम्बित नजिरः

सम्बद्ध कानूनः

सुरू फैसला गर्नेः

सम्पर्क अधिकारी श्री कमलजङ्ग कुँवर

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री माधवप्रसाद चालिसे
माननीय न्यायाधीश श्री राजकुमार वन

❖ *राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) मा वन्यजन्तु मार्ने कार्य र वन्यजन्तुको आखेटोपहार राख्नेसम्मको निषिद्ध कार्यलाई पनि एकै दफामा राखे पनि सो कार्यलाई कसुरकोमात्रानुसार विचार गरी सजाय गर्न अधिकतम र न्यूनतम सजायको व्यवस्था गरी न्यायकर्तालाई स्वविवेकीय सजाय निर्धारण गर्न सक्ने गरी कानूनी प्रावधान विधायिकाले निश्चित गरेको देखिन्छ। यसरी विधायिकाले दण्ड निर्धारण गर्न विस्तारित प्रावधान राखे पनि तजबिजी अधिकारको प्रयोग आत्मगत वा स्वेच्छाचारीरूपमा गर्न मिल्दैन। त्यस्तो दण्डको निर्धारण न्यायकर्ताले समन्याय (equity), शुद्ध अन्तःस्करण (good conscience), प्राकृतिक न्याय (natural justice) का आधारमा कसुरको मात्रा वा गाम्भीर्यता, घटनाक्रम र कानूनले तोकेको परिधिसमेतलाई तुलानात्मकरूपमा अनुपातिक र उचित सन्तुलन (proportional & proper balance) भएको छ छैन ख्याल गरी न्यायिकरूपमा सम्पादन हुनुपर्ने।*

(प्रकरण नं.६)

फैसला

न्या.ओमप्रकाश मिश्रः न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्र पर्ने मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

जिल्ला प्रहरी कार्यालय, मुस्ताङको मिति २०६८।२।१५ च.नं.१२६८ को पत्रबाट जिल्ला मुस्ताङ मार्फा गा.वि.स. वडा नं.१ मा रहेको प्याराडाइज गेस्ट हाउसमा मिति २०६०।२।१४ गते खानतलासी गर्दा २ वटा हिउँ चितुवाको छाला बरामद भएकोले उक्त गेस्ट हाउसका मालिक श्यामप्रसाद लालचन, च.नं. १२७७ मिति २०६८।२।१६ को पत्रानुसार मिति २०६८।२।१५ गते जिल्ला गोरखा करौजा गा.वि.स वडा नं.४ घर भई हाल जिल्ला मुस्ताङ मार्फा गा.वि.स. वडा नं.१ बस्ने श्यामप्रसाद लालचनको चौंरी गोठमा काम गर्ने कुलमान घले गुरूङ प्रक्राउ भएको, च.नं. १३१२ मिति २०६८।२।२७ को पत्रानुसार गोरखा करौजा गा.वि.स. वडा नं.१ घुनचुक घर भई हाल जिल्ला मार्फा गा.वि.स. वडा नं.४ बस्ने रिञ्जिन हिराचनको चौरी गोठमा काम गर्ने कान्छावीर गुरूङसमेत बरामदी मुचुल्का हिउँ चितुवाको छाला हिउँ चितुवाको हड्डीसमेतका दशी सबुत प्रमाणसहित आवश्यक कानूनी कारवाहीको लागि पेस भएको जाहेरी प्रतिवेदन।

मिति २०६८।२।१४ गते जिल्ला मुस्ताङ मार्फा गा.वि.स. वडा नं.१ मा पर्ने प्रतिवादी श्यामप्रसाद लालचनको प्याराडाइज गेस्ट हाउसमा प्रहरी टोलीले खानतलासी गर्दा होटलको मूल ढोकाबाट प्रवेश गरी माथिल्लो तलामा जाने पक्की सिंढी रहेको उक्त सिंढी चढी माथिल्लो तलामा गई हेर्दा होटलका विभिन्न कोठाहरू रहेको, उक्त कोठामध्ये बाथरूम लेखिएको ताला लगाई बन्द रहेको कोठाको ढोका खोली हेर्दा विस्तरासहितको २ वटा खाट रहेको, कोठाको कुनामा काठको टंगालोमा सेता, कालो, खैरो रंगको टाटेपाङ्ग्रे टाउको खुट्टा तथा पुच्छरसमेत भएको १ मिटर ७४ से.मि.को थान १ र १ मिटर ७३ से.मि. को थान १ गरी जम्मा थान २ हिउँ चितुवाका छाला झुन्ड्याई राखिएको अवस्थामा बरामद भएको भन्ने प्रहरी निरीक्षक राममणी उप्रेतीसमेतले खडा गरेको बरामदी मुचुल्का।

जिल्ला मुस्ताङ मार्फा गा.वि.स. वडा नं.१ स्थित प्याराडाइज गेस्ट हाउस मेरो आफ्नै हो।मिति २०६८।२।१४ गते प्रहरीहरू आएर मेरो होटल खानतलासी गरे।बाथरूम भनी लेखिएको कोठामा खानतलासी गर्दा करिब १ मि.७४ से.मि. र अर्को १ मि. ७३ से.मि. को दुइवटा हिउँ चितुवाको छाला सुकाएर राखेको अवस्थामा बरामद गरेका हुन्।करिब १ महिना जति अगाडि जिल्ला गोरखा करौजा गा.वि.स. वडा नं.४ स्थायी घर भई हाल मार्फास्थित मेरो चौरी गोठमा काम गर्ने वर्ष ४८ को कुलमान घले गुरूङले ल्याएर मलाई राख्नको लागि भनी दिएको हो।मैले मेरो होटलको माथिको ढलानको छानामा सुकाउनको लागि फिँजाएर राखें।त्यसपछि बाथरूम भनी लेखिएको कोठामा काठको बारमा सुकाएर राखेको थिएँ।प्रहरी आएर खानतलासी गरी बरामद गरेर छालासहित मलाई जिल्ला प्रहरी कार्यालय, जोमसोममा लिएर गए।उसले दिएको छाला आलो थियो।मैले नगन्हाओस् र नकुहियोस् भनी नुन छालामा दलेर सुकाएँ।टुक्चे गा.वि.स. फचे भवाङमा भएको मेरो चौरी गोठमा उसले काम गर्छ।उसले रासन लिन आउँदा छाला लिएर आएको हो।मैले ओछ्याउनको लागि भनी राखेको हो।कहाँ र कसरी मरेको बारेमा मलाई थाहा भएन।तस्वीर नं. १ मा कुलमान घले गुरूङ र मैले हातमा लिएको हिउँ चितुवाको छाला नै कुलमान घले गुरूङले मलाई ल्याएर दिएको र मेरो प्याराडाइज गेस्ट हाउसबाट प्रहरीले बरामद गरेको छाला त्यही नै हो भनी प्रतिवादी श्यामप्रसाद लालचनले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान।

२०६८ साल वैशाख महिनाको १५/१६ गते हुन सक्छ।१ वटा पोथी र १ वटा भाले चितुवा मरेको देखें।मैले २ वटै चितुवालाई धुपीको पातले नदेख्ने गरी छोपें।त्यसपछि भोलिपल्ट बिहान वतासेमा रिञ्जिन हिराचनको चौंरी गोठमा काम गर्ने जिल्ला गोरखा केरौजा गा.वि.स. वडा नं. १ का कान्छावीर गुरूङलाई भेट्न गएँ।उसलाई चौरी गोठमा काम गर्दा देखि नै चिनेको हो।मैले उसलाई भवाङभन्दा मुनि चौरमा २ वटा हिउँ चितुवा मरेको फेला पारें छाला काढ्नको लागि सहयोग गर्नु पर्‍यो भनें।ऊ मलाई सहयोग गर्न तयार भयो।मैले छाला काढेर साहुको घरमा पठाउने हो उसले जेसुकै गरोस्

भनेको हो। हामी दुबै जनाले चक्कुले उक्त दुईवटा हिउँ चितुवाको छाला काढ्यौं र मासु र हड्डी त्यहीं छाड्यौं। भोलिपल्ट नै २ वटा छाला बोकेर ल्याई मार्फास्थित मेरा साहुलाई ल्याएर दिएँ। साहुले झोलाबाट निकालेर हेर्यो र २ वटा हो भनी सोध्यो। साहुले उक्त छालाहरू माथि छतमा राख्नु भन्यो। मैले छतमा फिँजाएर राखें। त्यो रात साहुको होटलमा बसेर भोलिपल्ट नै फर्कें। १५/१५ दिनमा रासन खर्च लिन साहुकहाँ आउँछु। छाला बुझाउनभन्दा ६ दिन अगाडि रासन लिन मार्फा साहुकहाँ आएको थिएँ। २०६८।२।१५ गते प्रहरीहरू आएर मरेको हिउँ चितुवा कहाँ छ देखाउ भने। म र प्रहरीहरू गएर खोज्दा भलिङ भिरमा हिउँ चितुवाको टाउको मेरूदण्डलगायतका हड्डी गन्हाएको अवस्थामा फेला पर्‍यो। उक्त हड्डीहरू प्रहरीले उठाएर ल्याए। चौरीमा विष हालेर हिउँ चितुवाले खाई छट्पटाउँदै आएर भवाङमुनिको भिरमा आएर मरेको हुन सक्छ। किनकि त्यहाँ पासो पनि छैन। बन्दुकले हानेको प्वाल पनि छैन। तस्वीर नं.१ मा देखाएको हड्डीहरू भवाङ भिरमा फेला पारेको हड्डी तथा छालाका टुक्राहरू नै हो। तस्वीर नं. २ मा मेरो साहु श्यामप्रसाद लालचन र मैले हातमा लिएको छाला हिउँ चितुवाको छाला हो। सो तस्वीर २ मा देखाएको २ थान छाला नै मैले मेरो साहु श्यामप्रसाद लालचनलाई उसको होटलमा लगेर दिएको हो भनी जिल्ला गोरखा केरौजा गा.वि.स. वडा नं.४ स्थायी घर भई हाल जिल्ला मुस्ताङ मार्फा गा.वि.स. वडा नं.१ बस्ने श्यामप्रसाद लालचनको चौरी गोठमा काम गर्ने प्रतिवादी कुलमान घले गुरूङले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान।

टुकुचे गा.वि.स. मा पर्ने बतासे भन्ने ठाउँमा रिन्जिन हिराचनको चौंरी गोठमा काम गर्छु। गते मलाई याद भएन तर बिहान करिब १० बजेतिर बतासेमा चौरी चराएर फर्केर आई खाना खाने बेलामा कुलमान घले गुरूङ आयो। उसले अलि तल भिरको चौरमा हिउँ चितुवा मरेको छ, छाला काढ्न सहयोग गरिदेउ भन्यो। मैले त्यो छाला के गर्छौं भनी सोधें। उसले पछि काम लाग्छ भन्यो। कुलमान तथा मैले चक्कु प्रयोग गरी पालैपालो २ वटा मरेको हिउँ चितुवाको छाला काढ्यौं। त्यसपछि उक्त हिउँ चितुवाको छाला लिएर कुलमान आफ्नो गोठतिर गयो। म आफ्नो गोठतिर गएँ। ऊ छाला लिएर भोलिपल्ट मार्फा साहुकहाँ गयो रे भन्ने मैले सुनें। छाला काढेपछि हामीले हड्डी तथा मासु त्यहीं छाडेका हो। पछि गिद्धले सबै लिएर गयो रे भन्ने सुनें। कुलमानलाई प्रहरीले ल्याउँदा हिउँ चितुवाको हड्डीसहित ल्याएको देखेको हो। मलाई थाहा नभएर छाला काढ्न सहयोग गरेको हो भनी जिल्ला गोरखा केरौजा गा.वि.स. वडा नं.१ घर भई हाल जिल्ला मुस्ताङ मार्फा गा.वि.स. वडा नं.१ बस्ने प्रतिवादी कान्छावीर गुरूङले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयान।

प्रतिवादी श्यामप्रसाद लालचन, कुलमान घले गुरङ तथा कान्छावीर गुरूङलाई म चिन्छु। श्यामप्रसाद लालचन मार्फास्थित प्याराडायज गेस्ट हाउसका मालिक हुन्। कुलमान घले गुरूङ श्यामप्रसाद लालचनको चौरीगोठमा काम गर्ने मानिस हुन्। कान्छावीर गुरूङ मार्फा बस्ने रिन्जिन हिराचनको चौंरी

गोठाला हुन्। प्याराडाइज गेस्ट हाउसबाट २ थान हिउँ चितुवाको छालासहित श्यामप्रसाद लालचनलाई प्रहरीले पक्राउ गरेको भन्ने मैले सुनें। पछि प्रहरीले कुलमानलाई पनि चौरी गोठमा नै गएर पक्रेर ल्याएको भन्ने सुनें। हिउँ चितुवको छाला त्यति धेरै महत्त्व हुन्छ जस्तो मलाई लाग्दैन। श्यामप्रसाद लालचनलाई हिउँ चितुवाको छाला राख्न हुँदैन भन्ने थाहा नहोला जस्तो लाग्छ। श्यामप्रसाद लालचन हिउँ चितुवाको छालाको व्यापार गर्ने मान्छे जस्तो लाग्दैन। यो गाउँमा हिउँ चितुवाको छालाको व्यापार हुँदैन जस्तो लाग्छ। श्यामप्रसाद राम्रो आचरणको मान्छे हुन्। कुलमान घले र कान्छावीर पनि खराब आचरणका मानिस होइनन्। तर मार्फामा बाहिरको मानिस आएर कस्तूरीको सिकार गर्छन्। हामीले पक्रेर एक्यापलाई बुझाएका पनि हौं। हिउँचितुवाको छाला जस्तो कुरा उहाँले राख्न नहुने थियो हिउँ चितुवाको छाला ल्याएर दिएकोले उनीहरूको नियत कस्तो थियो भन्न सकिन्न भन्ने जिल्ला मुस्ताङ मार्फा गा.वि.स.वडा नं.४ बस्ने वर्ष ७० का नरबहादुर हिराचन तथा ऐ. वडा नं.३ बस्ने वर्ष ६१ का भक्ति हिराचनसमेतका जना ७ ले गरिदिएको सर्जमिन मुचुल्का।

राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमल्टारको च.नं.१११२ मिति २०६८।३।५ को पत्रानुसार यस कार्यालयबाट परीक्षणको लागि पठाइएको २ थान छाला हिउँ चितुवा (Snow leopard) को हो भनी प्रमाणित भएको तथा हड्डी बिग क्याट फ्यामिलीको हाडखोर भएको भन्ने परीक्षण प्रतिवेदन प्राप्त भएको।

जाहेरी प्रतिवेदन बरामदी मुचुल्का साबिती बयान कागज विभिन्न व्यक्तिहरूले थप प्रमाण बुझ्नको लागि गरिदिएको कागजातहरू, विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदनलगायतका सबै कागजातहरू अनुसन्धान गरी हेर्दा जिल्ला मुस्ताङ मार्फा गा.वि.स. वडा नं.१ बस्ने प्रतिवादी श्यामप्रसाद लालचन जिल्ला गोरखा केरौजा ४ घर भई हाल जिल्ला मुस्ताङ मार्फा गा.वि.स. वडा नं.१ बस्ने श्यामप्रसाद लालचनको चौरी गोठमा काम गर्ने प्रतिवादी कुलमान घले गुरूङले चौंरीमा विष हाली हिउँ चितुवालाई मारी प्रतिवादी कान्छावीर गुरूङको सहयोगमा त्यसको छाला निकालेर व्यापार गर्ने उद्देश्यले कुलमानले श्यामप्रसाद लालचलनलाई ल्याएर दिएको र त्यसको ओसारपसार गर्ने इरादा राखेको ठहर्छ। यसबाट कान्छावीर गुरूङले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(ख) तथा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम १६(क) बमोजिमको कसुर गरेको तथा श्यामप्रसाद लालचन र कुलमान घले गुरूङले सोही ऐनको दफा ५(क) र २६(१) बमोजिमको कसुर तथा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम १६(क) को कसुर अपराध गरेकोले निज प्रतिवादी कान्छावीर गुरूङ, श्यामप्रसाद लालचन तथा कुलमान गुरूङलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ (१) बमोजिम हदैसम्मको सजाय गर्ने साथै बरामद भएको २ थान चितुवाको छाला सोही ऐनको दफा २८ बमोजिम जफत गर्ने मागदाबी लिई अनुसन्धान अधिकृतले

सम्पर्क अधिकारीको कार्यालयमा मिति २०६८।३।९ मा पेस गरेको अभियोगपत्र।

जिल्ला मार्फा गा.वि.स. वडा नं.१ स्थित प्याराडाइज गेस्टहाउस मेरो आफ्नै हो। मिति २०६८ साल जेष्ठ १४ गते प्रहरीहरू आएर मेरो होटल खानतलासी गरे। बाथरूम भनी लेखिएको कोठामा खानतलासी गर्दा करिब १ मि. ७४ से.मि. अर्को १ मि. ७३ से.मि. को दुईवटा हिउँ चितुवाको छाला सुकाएर राखेको अवस्थामा बरामद गरेका छन। करिब १ महिना जति अगाडि जिल्ला गोरखा केरौजा गा.वि.स. वडा नं.४ स्थायी घर भई हाल मार्फास्थित मेरो चौरी गोठमा काम गर्ने कुलमान घले गुरूङले ल्याएर मलाई राख्न भनी दिएको हो। मैले मेरो होटलको माथि ढलानको छानामा सुकाउनको लागि फिँजाएर राखें। त्यसपछि बाथरूम भनी लेखिएको कोठाको काठको बारमा सुकाएर राखेको थिएँ। प्रहरी आएर खानतलासी गरी बरामद गरेर छालासहित मलाई जिल्ला प्रहरी कार्यालय जोमसोममा लिएर गए। उसले दिएको छाला आलो थियो। मैले नगन्हाओस् र नकुहिइयोस् भनी नुन छालामा दलेर सुकाएँ। टुक्चे गा.वि.स. को फचे भवाङमा भएको मेरो चौरी गोठमा उसले काम गर्छ। उसले रासन लिन आउँदा छाला लिएर आएको हो। मैले ओछ्याउनको लागि भनी राखेको हो। कहाँ र कसरी मरेको बारेमा मलाई थाहा भएन। तस्वीर नं.१ मा कुलमान घले गुरूङ र मैले हातमा लिएको हिउँ चितुवाको छाला नै हो कुलमान घले गुरूङले ल्याएर ल्याएर दिएको र मेरो प्याराडाइज गेस्टहाउसबाट प्रहरीले बरामद गरेको छाला त्यहीं नै हो भनी प्रतिवादी श्याम लालचनले सुरू सम्पर्क अधिकारीसमक्ष गरेको बयान।

२०६८ साल वैशाख महिनाको १५/१६ गते हुन सक्छ। १ वटा पोथी र १ वटा भाले चितुवा मरेको देखें। मैले २ वटै चितुवालाई धुपीको पातले नदेख्ने गरी छोपें। त्यसपछि भोलिपल्ट बिहान वतासेस्थित चौरी गोठमा काम गर्ने जिल्ला गोरखा केरौजा गा.वि.स. वडा नं.१ कान्छावीर गुरूङलाई छाला काढ्नको लागि सहयोग मागें। मैले छाला काढेर साहु कहाँ पठाउने हो उसले जे सुकै गरोस भनेको हो। हामी दुवै जनाले चक्कुले उक्त दुईवटा हिउँ चितुवाको छाला काढ्यौं। भोलिपल्ट नै सोही बोरामा भएको छाला बोकेर ल्याई मेरा साहु श्यामप्रसाद लालचनलाई उनको होटलमा ल्याएर दिएँ। साहुले झोलाबाट निकाले र हेर्यो र २ वटा हो भनी सोध्यो। साहुले उक्त छालाहरू माथि छतमा राख्नु भन्यो। मैले छतमा फिजाएर राखें। २०६८।२।१५ गते प्रहरीहरू आएर मरेको हिउँ चितुवा कहाँ छ देखाउ भने। म र प्रहरीहरू गएर खोज्दा भवाङ भिरमा हिउँ चितुवाको खप्पर छाला तथा हड्डी गन्हाएको अवस्थामा फेला पर्यो। उक्त हड्डीहरू प्रहरीले उठाएर ल्याए। चौरीमा विष हालेर हिउँ चितुवाले खाई छट्पटाउँदै आएर भवाङ मुनिको चौरमा आएर मरेको हुन सक्छ। किनकि त्यहाँ पासो पनि छैन। बन्दुकले हानेको प्वाल पनि छैन। तस्वीर नं.१ मा देखाएको हड्डीहरू भलिङ भिरमा फेला पारेको हड्डी तथा छालाका टुक्राहरू नै हो। तस्वीर नं.२ मा मेरो साहु श्यामप्रसाद लालचन र मैले हातमा लिएको छाला हिउँ चितुवाको छाला हो। सो तस्वीर २ मा देखाएको २ थान छाला नै मैले मेरो

साहु श्यामप्रसाद लालचनलाई उसको होटलमा लगेर दिएको हो भनी प्रतिवादी कुलमान घलेले सुरू सम्पर्क अधिकारीसमक्ष गरेको बयान।

टुकुचे गा.वि.स. मा पर्ने बतासे भन्ने ठाउँमा रिन्जिन हिराचनको चौंरी गोठमा काम गर्छु। गते मलाई याद भएन तर बिहान करिब १० बजेतिर बतासेमा चौरी चराएर फर्केर आई खाना खाने बेलामा कुलमान घले गुरूङ आयो। उसले अलि तल भिरको चौरमा हिउँ चितुवा मरेको छ छाला काढ्न सहयोग गरिदेउ भन्यो। मैले त्यो छाला के गर्छौं भनी सोधें। उसले पछि काम लाग्छ भन्यो। चक्कु प्रयोग गरी कुलमान तथा मैले पालै पालो २ वटा मरेको हिउँ चितुवाको छाला काढ्यौं। त्यसपछि उक्त हिउँ चितुवाको छाला लिएर कुलमान आफ्नो गोठतिर गयो। म आफ्नो गोठतिर गएँ। ऊँ छाला लिएर भोलिपल्ट मार्फा साहुकहाँ गयो रे भन्ने मैले सुने। छाला काढेपछि हामीले हड्डी तथा मासु त्यही छाडेका हो। पछि गिद्धले सबै लिएर गयो रे भन्ने सुने। कुलमानलाई प्रहरीले ल्याउँदा हिउँ चितुवाको हड्डीसहित ल्याएको देखेको हो। मलाई थाहा नभएर छाला काढ्न सहयोग गरेको हो भनी जिल्ला गोरखा केरौजा गा.वि.स. वडा नं.१ घर भई हाल जिल्ला मुस्ताङ मार्फा गा.वि.स. वडा नं.१ बस्ने प्रतिवादी कान्छावीर गुरूङले सुरू सम्पर्क अधिकारीसमक्ष गरेको बयान।

अड्डामा बुझिएका धनबहादुर पन्नचन, कानमा लालचन, ठूलाकान्छा लालचन, सुरेन्द्र कुमार हिराचन, मंगला लालचन, मान वहादुर हिराचन, हरिप्रसाद लालचन, सुमन लालचनसमेतका साक्षीहरूको बकपत्रबाट समेत प्रतिवादी श्याम प्रसाद लालचनको गेस्टहाउसबाट बरामद भएको तथ्य स्वीकार गरिएको र दीपक राना, दिपक वगाले, गोविन्द बहादुर राना, दिपकराज बोहरासमेतका साक्षीहरूको बकपत्रबाट उक्त हिउँ चितुवाको छाला प्रतिवादी श्यामप्रसाद लालचनको गेस्ट हाउसको बाथरूमबाट बरामद भएको हो। सो छाला चौरी गोठालाहरू प्रतिवादी कुलमान घले र कान्छावीर गुरूङ भएर चौरी गोठको खर्कमा हिउँ चितुवा मारी छाला काढेर कुलमान घलेले श्यामप्रसाद लालचनलाई दिएको हो। उक्त चौरी खर्कबाट सडिगली अवस्थामा रहेको हिउँ चितुवाको हड्डी र प्रतिवादी कुलमान घले गुरूङलाई समेत पक्राउ गरी कानूनी कारवाहीको लागि पेस गरेको हो भन्ने बकपत्र।

प्रतिवादीहरू श्यामप्रसाद लालचन कुलमान घले गुरूङ र कान्छावीर गुरूङसमेतको संलग्नतामा गैह्रकानूनी तरिकाले हिमालकी रानी Queen of the mountain उपनामले परिचित संरक्षित दुर्लभ लोपोउन्मुख तथा संकटापन (Protected by Act, Rare, Endangered and Threatened) वन्यजन्तु हिउँ चितुवाको छाला काढी ओसार पसार गरी हस्तान्तरण गरेको तथा लुकाईछिपाई आफ्नो घरमा राखेको देखिन आयो। तसर्थ संरक्षित वन्यजन्तु हिउँ चितुवाको छाला काढी ओसारपसार हस्तान्तरण तथा घरमा राखेको अभियोगमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ (१) अनुसार कसुरको मात्रा हेरी प्रतिवादीहरू श्यामप्रसाद लालचन र कुलमान घले गुरूङ दुवै

जनालाई जनही रू.१००००००।- (एकलाख) मात्र जरीवाना र १५ (पन्ध्र वर्ष) कैद सजाय हुने ठहर्छ। प्रतिवादी कान्छावीर गुरूङले प्रतिवादी कुलमान घले गुरूङको अनुरोधमा हिउँ चितुवाको छाला काढ्नमात्र सहयोग गरेको तथा निजको उमेर वृद्ध अवस्था रहेकोसमेत देखिँदा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) अनुसार कसुरको मात्रा हेरी निजलाई जरीवाना रू.८००००।- (असी हजार) मात्र हुने ठहर्छ। बरामद भएको हिउँ चितुवाको छाला थान २ र हड्डीहरू राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २८ बमोजिम जफत हुने ठहर्छ भन्ने सुरू सम्पर्क अधिकारीको २०६९।१।२० को फैसला।

सुरू अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको सम्पर्क अधिकारीले गरेको मिति २०६९।१।२०।४ को फैसलामा चित्त बुझेन। म पुनरावेदकले हिउँ चितुवा मारेको र चौरीमा विष हालेको होइन। म चौरी चराएर साँझ गोठमा फर्किने क्रममा आकाशमा गिद्धहरू घुमिरहेकोले के कुन जनावर हो भन्ने कुरा जानकारी नभई भोलिपल्ट वृद्ध उमेरका कान्छावीर गुरूङको सहयोगमा छालासम्म काढेको हो। मेरा साहु श्यामप्रसाद लालचनले छाला ल्याउन भनेका होइनन्। मिसिल संलग्न प्रमाणहरूबाट हिउँ चितुवा मारेको भन्ने कुरा कही कतैबाट पुष्टि हुन सकेको छैन। सोतर्फ नहेरी केवल मुद्दाको नामलाई मात्र प्रर्याप्त आधार मानी सुरू सम्पर्क अधिकारीले एकपक्षीयरूपमा फैसला गर्दा प्रतिव्यक्ति कसुर के हो ? भन्ने नछुट्याई गोलमोलरूपमा सबैलाई दाबीबमोजिम हुने ठहर गरी हचुवाको भरमा निर्दोष कुनै हिउँ चितुवा नमारेको सिकार नगरेको व्यक्तिलाई कसुरदार ठहर गरी मेरो भएका प्रमाणको मूल्याङकन नगरी अन्यायपूर्ण फैसला भएको हुँदा सो त्रुटिपूर्ण फैसला बदर उल्टी गरी मलाई न्याय इन्साफ दिलाई पाउँ भन्ने कुलमान घले गुरूङको पुनरावेदन अदालत, पोखरामा लिएको पुनरावेदन जिकिर।

सुरू अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाको सम्पर्क अधिकारीले गरेको मिति २०६९।१।२०।४ को फैसलामा चित्त बुझेन। हिउँ चितुवा मारेको मार्न लगाएको तथा छाला काढी ल्याउन भनेको होइन। सो हिउँ चितुवा मार्न मार्न लगाउन र छाला काढ्न लगाउनमा मेरो कुनै संलग्नता छैन। सुरू मुद्दा हेर्ने अधिकारीबाट मौकामा बुझिएका मानिसहरूको भनाइ लेखाई सरकारी साक्षी, सहप्रतिवादीले अनुसन्धान अधिकारी तथा थुनछेक प्रयोजनार्थ गरेको बयान कागजसमेतलाई नहेरी एक पक्षियरूपमा गरिएको फैसला मेरो हकमा कदापी कायम रहन नसक्ने हुँदा बदर भागी छ। जाहेरी दरखास्त बरामदी मुचुल्कासमेतबाट म पुनरावेदकले हिउँ चितुवा मारी ओसार पसार गरेको भन्ने तथ्य मिसिल संलग्न रहेको छैन। मैले कुनै हिउँ चितुवा नमारेको सिकार नगरेको कोही कसैलाई कुनै ढंगबाट हिउँ चितुवा मार्न छाला सञ्चय ओसार पसारलगायतका काम कार्य गर्न नलगाएको विपक्षीका साक्षी सर्जमिनसमेतले मलाई कुनै गलत काम कार्यमा कुनै संलग्नता नभएको राम्रो सामाजिक आचरण भएको सोझो सिधा व्यक्ति हो भनी कागज गरेको अवस्था विद्यमान हुँदा म पुनरावेदक निर्दोष रहेको कुरा प्रमाणित

भइरहेकोमा झुठ्ठा अभियोग लगाई सो झुठ्ठा अभियोग दाबीको आधारमा कसुरदार ठहर गरी अन्यायपूर्ण फैसला गर्नुभएको हुँदा सो अन्यायपूर्ण फैसला बदर उल्टी गरी सफाइ दिलाई पाउँ भन्ने प्रतिवादी श्यामप्रसाद लालचनको पुनरावेदन अदालत, पोखरामा लिएको पुनरावेदन जिकिर।

यसमा बरामद भएको हिउँ चितुवाको छाला मरेको अवस्थामा देखी छाला निकालेको हो।हिउँ चितुवालाई मारेको होइन भनी अधिकारप्राप्त अधिकारी र मुद्दा हेर्ने अधिकारी समक्षसमेत पुनरावेदक प्रतिवादी कुलमान घलेको बयान कागज र चौंरी गोठमा काम गर्ने प्रतिवादी कुलमानले बरामद भएको हिउँ चितुवाको छाला ल्याएको भनी अर्को पुनरावेदक प्रतिवादी श्यामप्रसाद लालचनले गरेको बयान कागजसमेतको परिप्रेक्ष्यमा हदैसम्मको सजाय गर्ने गरी सुरू अन्नपूर्ण सरक्षण क्षेत्र आयोजना सम्पर्क अधिकारीको कार्यालयले गरेको फैसला न्यायको रोहबाट मिलेको नदेखिँदा छलफलको लागि अ.बं. २०२ नं. बमोजिम पुनरावेदन सरकारी वकिल कार्यालय, पोखरालाई सूचना जारी गरी नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, पोखराको मिति २०६९।४।३० को आदेश।

प्रतिवादीहरू दुवैजना एक आपसमा परस्पर पोल गरी बसेको अवस्थासमेत भएबाट कानूनद्वारा संरक्षित दुर्लभ लोपोन्मुख तथा संकटापन वन्यजन्तु (Protected by Act, Rare, Endangered, threatened) पहाडको रानी (Queen of the mountain) उपनामको चिनिने हिउँचितुवाको छाला काढी प्रतिवादी कुलमानले ओसार पसार गरी हस्तान्तरण गरेको र प्रतिवादी श्यामप्रसाद लालचनले उक्त संरक्षित वन्यजन्तु हिउँचितुवाको २ वटा छाला प्रतिवादी कुलमानबाट लिई लुकाई छिपाई गोप्य तरिकाले होटलको प्रयोग नगरेको बाथरूममा राखेको स्पष्टसँग देखिएकोले प्रतिवादीहरूको उक्त कार्य राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) को प्रतिकूल कार्य भएको हुँदा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका सम्पर्क अधिकारीले मिति २०६९।१।२० मा पुनरावेदक प्रतिवादी श्यामप्रसाद लालचन र कुलमान घले गुरूङले संरक्षित वन्यजन्तु हिउँचितुवाको छाला काढी ओसारपसार हस्तान्तरण तथा घरमा राखेको कसुरमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) अनुसार निज प्रतिवादीहरू दुवै जनालाई जनही १ (एक) लाख जरीवाना र १५ (पन्ध्र) वर्ष कैद सजाय हुने ठहरर्याएको फैसलामा सजायको हकमा नमिलेको हुँदा उक्त फैसला केही उल्टी हुने ठहर्छ।बरामद भएको हिउँ चितुवाको छाला थान २ र हड्डीहरू सोही ऐनको दफा २८ बमोजिम जफत हुने ठहर्याएको हदसम्म मिलेकै देखिँदा पुनरावेदक प्रतिवादीहरू श्यामप्रसाद लालचन र कुलमान घलेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम कसुरको मात्राअनुसार जनही रू.७५,०००।- (पचहत्तर)

जरीवाना र जनही ७ (सात) वर्षका दरले कैद हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, पोखराको मिति २०६९/१२/२७ को फैसला।

म पुनरावेदकले कुनै हिउँचितुवा नमारेको, सिकार नगरेको अन्यले राख्न दिएको नासो राखीसम्म दिएको, आफूलाई थाहा नभई हिउँ चितुवाको छाला घरमा राखेकोले अभियोग दाबीबमोजिमको सजाय हुने होइन। सुरूले गरेको फैसला केही उल्टी गरी मलाई ७ वर्ष कैद र रू.७५,०००।- रूपैयाँ जरीवाना गर्ने गरी पुनरावेदन अदालत, पोखराले गरेको फैसला गम्भीर त्रुटिपूर्ण हुँदा बदर उल्टी गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादी श्यामप्रसाद लालचनले यस अदालतमा लिएको पुनरावेदन जिकिर।

यी प्रतिवादीहरूउपर लिइएको दाबी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ (१) अनुसार निजहरूलाई एक लाख जरीवाना र १५ (पन्ध्र) वर्ष कैद हुन सक्ने प्रावधान रहेको र प्रतिवादी कुलमान घले गुरूङ र कान्छावीर गुरूङ भई हिउँ चितुवा मारेको भन्ने तथ्यमा विवाद नभएको र सोको छाला निकाली श्यामप्रसाद लालचनलाई उपलब्ध गराएको र निजले बिक्री गर्ने उद्देश्यले योजनाबद्ध एवं नियोजित तबरबाट आफ्नो होटलको बाथरूममा लुकाई राखेको देखिन आएबाट संरक्षित, दुर्लभ लोपोन्मुख तथा संकटापन्न वन्यजन्तु हिउँचितुवा मारी छाला काढी ओसार पसार गरी हस्तान्तरण गरेको तथा लुकाई छिपाई पर्यटन व्यवसायी जस्तो श्यामप्रसाद लालचनले आफ्नो घरमा राखेकोले हदैसम्मको सजाय हुनुपर्नेमा पुनरावेदन अदालत, पोखराबाट तजबिजी सुरू कार्यालयबाट भएको सजाय घटाई यी प्रतिवादीहरूलाई कम सजाय गर्दा सजायको हकमा नमिलेको भन्नेबाहेक कुनै आधार र कारण खुलाइएको पाइँदैन। न्यायिक निर्णय गर्ने अधिकारीले आफ्नो तजबिजी अधिकार प्रयोग गर्दा न्यायिक तरिकाले गर्नुपर्नेमा सुरूले गरेको सजायलाई घटाई पुनरावेदन अदालत, पोखराबाट भएको फैसला त्रुटिपूर्ण भएकोले बदर गरी प्रतिवादीहरूलाई सुरू कार्यालयबाट भएको सजाय नै कायम गरिपाउँ भन्ने वादी नेपाल सरकारको यस अदालतमा लिएको पुनरावेदन जिकिर।

यसमा पटकपटक गैंडा मारी खाग बिक्री गरेको अवस्थामा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) को कसुरमा ऐ. को २६ (१) बमोजिम पाँच वर्ष कैद र पचास हजार रूपैयाँ जरीवाना गर्ने गरी पूर्ण इजलासबाट फौ.पु.नं. ०६८-CF-०००१ को मुद्दामा नि.नं. ८९११ मिति २०६९/५/२८ मा फैसला भएको परिप्रेक्ष्यमा यस मुद्दामा हिउँचितुवा मारेको नभई मरेको हिउँचितुवाको छाला राखेको कसुरको मात्राको रोहमा कैद वर्ष ७ र जरीवाना रू.७५,०००।- गरेकोबाट पटकपटक अपराध कसुरको मात्रा र सजायबीचको अनुपातिक तथा तुलनात्मक आधार के कस्तो हुनुपर्ने भन्ने विषयमा एक निश्चित सोच आधारको दृष्टि एकिन गरी न्यायको रोहमा एकरूपता गरिनु पर्ने भई पुनरावेदन अदालत, पोखराबाट भएको मिति २०६९।१२।२७ को फैसला फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ को

प्रयोजनार्थ वादी नेपाल सरकार तथा प्रतिवादीमध्येका श्यामप्रसाद लालचनको दोहोरो पुनरावेदन परेको हुँदा उक्त पुनरावेदनपत्रको जानकारी महान्यायाधिवक्ताको कार्यालय तथा प्रतिवादी श्यामप्रसाद लालचन एक अर्कालाई गराई नियमानुसार गरी पेस गर्नु भन्ने यस अदालतको मिति २०७१।३।३० को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदनसहितको मिसिल कागजात अध्ययन भयो।

प्रतिवादी कान्छाविरले प्रतिवादी कुलमानलाई हिउँचितुवाको छाला काढ्न सहयोग गरेकोले कान्छाविरलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ क तथा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम १६(क) बमोजिम कसुरमा र प्रतिवादी श्यामप्रसाद लालचन र कुलमान घले गुरूङले सोही ऐनको ५(क) दफा २६(क) बमोजिम कसुर तथा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम १६(क) बमोजिम कसुर अपराध गरेकोले प्रतिवादीहरूतीनै जनालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम हदैसम्मको सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी भएकोमा प्रतिवादी श्यामप्रसाद लालचन र प्रतिवादी कुलमान घलेलाई जनही रू १,००००००।- (एकलाख रूपैंया) जरीवाना र १५ वर्ष कैद हुने र प्रतिवादी कान्छा वीर गुरूङले हिउँचितुवाको छाला काढ्न मात्र सहयोग गरेको र वृद्ध अवस्थासमेत देखिँदा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ (१) अनुसार कसुरको मात्र हेरी निजलाई जरीवाना रू.८०,०००।- हुने ठहर्छ भन्ने अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका सम्पर्क अधिकारीले मिति २०६९।१।२० गते फैसला गरेकोमा सो फैसलाउपर कान्छाविरको पुनरावेदन तहमा नै पुनरावेदन परेको पाइएन।प्रतिवादीहरू श्यामप्रसाद लालचन र कुलमान घलेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ (१) बमोजिम कसुरको मात्राअनुसार जनही रू.७५,०००।- जरीवाना र जनही ७ वर्षका दरले कैद हुने ठहराई भएको फैसलाउपर वादी र प्रतिवादी श्यामप्रसाद लालचनको पुनरावेदन पर्न आएको पाइयो।

पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित उपन्यायाधिवक्ता श्री पुण्यप्रसाद पाठकले प्रतिवादीहरूको बयान बेहोराबाटै हिउँचितुवा सिनोमा विष हाली मारेको हुन सक्छ भनी बयान गरेको र कुलमान घले तथा कान्छावीर गुरूङले छाला काढेको तथ्य स्वीकार गरेको छ।यी प्रतिवादीहरूले हिउँ चितुवा अभियोग दाबीबमोजिम दुर्लभ जन्तु हिउँचितुवा मारी छाला काढी राखेको कुरा मिसिलबाट पुष्टि भएकै छ।प्रतिवादी श्यामप्रसाद लालचनको घरबाट हिउँचितुवाको छाला बरामद भएकोमा विवाद छैन।प्रतिवादी कुलमान घलेले हिउँचितुवाको छाला ल्याई मलाई दिएको र मैले घरमा राखेको हो भनी प्रतिवादी श्यामप्रसाद लालचनले अधिकारप्राप्त अधिकारी एवं मुद्दा हेर्ने अधिकारीसमक्ष साबिती

बयान गरेको र प्रतिवादी कुलमानले पनि उक्त छाला प्रतिवादी श्यामप्रसादलाई लगेर दिएको भन्ने कुरा मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष एवं मुद्दा हेर्ने सम्पर्क अधिकारीसमक्ष समेत आरोपित कसुरमा साबिती बयान दिएको हुँदा कम सजाय गरेको पुनरावेदन अदालत, पोखराको फैसला सो हदसम्म बदर उल्टी गरी प्रतिवादीहरूलाई सुरूले गरेको सजाय तथा जरीवाना मिलेकै हुँदा सुरू सम्पर्क अधिकारीको फैसला कानूनअनुरूप हुँदा सदर गरिपाउँ भनी बहस गर्नुभयो।

पुनरावेदक श्यामप्रसाद लालचनको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री जय नारायण पौडेलले हिउँ चितुवा मारेको देख्ने घटना प्रत्यक्षदर्शी साक्षी छैन। मरेको वन्यजन्तुको छाला घरमा राख्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ (क) आकर्षित हुने होइन। उक्त कानूनी प्रावधान सिकार गरेमा आकर्षित हुने हो। छालाबाट हिउँ चितुवा हो भनेर Identify भएको छैन। यी प्रतिवादीले हतियार प्रयोग गरेको, गोली हानेको, विष खुवाएर मारेको भनेर वादी पक्षले किटानी दाबी नलिएको र छाला घरमा राखेकै आधारमा मात्र अभियोग दाबीबमोजिमको कसुर ठहर गरी कसुरको मात्रा विचार नगरी अत्याधिक सजाय गरेको सुरू सम्पर्क अधिकारी तथा पुनरावेदन अदालतबाट गरेको फैसला त्रुटिपूर्ण हुँदा बदर उल्टी गरी पुनरावेदकको पुनरावेदन जिकिरबमोजिम कसुर सजायबाट सफाई गरिपाउँ भनी बहस गर्नुभयो।

अब सुरू सम्पर्क अधिकारीले गरेको फैसला केही उल्टी गरी गरेको पुनरावेदन अदालत, पोखराको फैसला मिलेको छ, छैन ? वादी र प्रतिवादी श्यामप्रसाद लालचनको पुनरावेदन जिकिर पुग्ने हो, होइन ? भनी निर्णय दिनुपर्ने देखियो।

२. यसमा निर्णयतर्फ विचार गर्दाअधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादी श्यामप्रसाद लालचनले बयान गर्दा आफ्नो चौरी गोठमा काम गर्ने कुलमान घलेले प्रहरीद्वारा बरामद गरिएको छाला गोठबाट राशन लिन आउँदा ल्याई आफूलाई राख्न दिएको हो। चितुवाको छाला ल्याउन भनेर मैले निजलाई अह्राएको पनि होइन। कहाँ मार्यो कसरी मार्यो मलाई थाहा छैन भनी उल्लेख गरेको पाइन्छ। प्रतिवादी कुलमान घलेले अनुसन्धान अधिकारीसमक्ष चउरमा गिद्ध उडेको देखेर गई हेर्दा मरेको २ वटा हिउँचितुवा देखें भोलिपल्ट कान्छाविर र आफू भई हिउँचितुवाको छाला काढ्यौं मासु र हड्डी त्यहीं छाडी चौरी गोठमा लगेर राखें। भोलिपल्ट मालिक श्यामप्रसाद लालचनलाई प्याराडाइज गेस्ट हाउसमा ल्याएर दिएको हुँ भनी बयान गरेको देखिन्छ। अधिकारप्राप्त अधिकारीसमक्ष प्रतिवादी कान्छाविरले बयान गर्दा भिरको चौरमा हिउँचितुवा मरेको छ छाला काढ्न सहयोग गरिदेउ भनी प्रतिवादी कुलमानले भन्दा मैले त्यो छाला के गर्छौं भनी सोध्दा पछि काम लाग्छ भने, कुलमान र मैले पालैपालो गरी २ वटा मरेको हिउँचितुवाको छाला काढ्यौं,

छाला कुलमानले नै लिएर गए भनी उल्लेख गरेको पाइन्छ। निज प्रतिवादी कान्छावीरले मुद्दा हेर्ने सम्पर्क अधिकारीसमक्ष समेत सोही बेहोरा उल्लेख गरी छाला काढेको तथ्यमा साबित नै रहेको देखिन्छ। त्यसै गरी अन्नपूर्ण संरक्षण क्षेत्र सम्पर्क अधिकारीको कार्यालयमा बयान गर्दा प्रतिवादी कुलमानले मरेको हिउँचितुवाको छाला काढेको, चितुवाको छाला काढ्न हुँदैन भन्ने थाहा थिएन भनी बयान गरेका छन्। प्रतिवादी श्यामप्रसाद लालचनले अन्नपूर्ण संरक्षण क्षेत्र सम्पर्क अधिकारीको कार्यालयमा बयान गर्दा प्रतिवादी कुलमानलाई हिउँचितुवाको छाला ल्याउन भनेर अह्राएको होइन। करिब १ महिना जति अगाडि मेरो चौरी गोठमा काम गर्ने कुलमान घले गुरूङले ल्याएर उक्त छाला मलाई राख्न भनी दिएको हो। मैले मेरो होटलको माथि ढलानको छानामा सुकाउनको लागि फिँजाएर राखेँ। त्यसपछि बाथरूम भनी लेखिएको कोठाको काठको बारमा सुकाएर राखेको थिएँ। प्रहरी आएर खानतलासी गरी बरामद गरेर छालासहित मलाई जिल्ला प्रहरी कार्यालय, जोमसोममा लिएर गए। उसले दिएको छाला आलो थियो। मैले नगन्हाओस् र नकुहियोस् भनी नुन छालामा दलेर सुकाएँ। कुलमान मेरो चौरी गोठमा काम गर्छ। उसले रासन लिन आउँदा छाला लिएर आएको हो। छाला मैले ओछ्याउनको लागि भनी राखेको हो। कहाँ र कसरी मरेको बारेमा मलाई थाहा भएन। हिउँ चितुवाको छाला सनाखत गरे छाला यही नै हो जुन कुलमान घले गुरूङले ल्याएर दिएको र मेरो गेस्टहाउसबाट प्रहरीले बरामद गरेको हो भनी बयान गरेको पाइन्छ। प्रतिवादीहरूको उपर्युक्त मौका तथा इजलाससमक्षको बयानबाट निजहरूले हिउँ चितुवा मारेको भन्ने देखिन आउँदैन।

३. प्रतिवादी श्यामप्रसाद लालचनले सञ्चालन गरेको Paradise guest house को बाथरूम लेखिएको कोठाको भित्री भागमा २ वटा हिउँचितुवाको छाला लुकाइराखेको अवस्थामा बरामद भएको भन्ने उल्लेख भएको र सो मुचुल्कामा प्रतिवादी श्यामप्रसाद लालचन रोहवरमा बसेको देखिन्छ। नरबहादुर हिराचन, मानबहादुर विश्वकर्मा, सुरेन्द्रकुमार हिराचन, धनबहादुर पन्नाचनलगायतका व्यक्तिहरूले सर्जमिन मुचुल्काको कागजमा घटना आफूहरूले नदेखेको, कसरी हिउँचितुवा मरे आफूहरूलाई थाहा नभएको भन्ने बेहोरा उल्लेख गरेका छन्। त्यस्तै वादी पक्षका साक्षी ठूलाकान्छा लालचन, कामना लालचन, धनबहादुर पन्नाचनसमेतले सम्पर्क अधिकारीसमक्ष बकपत्र गर्दा प्रतिवादीहरूले हिउँचितुवा मारेको होइन। श्यामप्रसाद लालचनले यस्तो क्रियाकलप गर्न लगाएको पनि होइन भनी बकपत्रगरे तापनि प्रतिवादी श्यामप्रसाद लालचनको गेस्ट हाउसबाट छाला बरामद भएको तथ्यमा भने निजहरूको अन्यथा कथन देखिँदैन। वादी पक्षका साक्षी प्र.स.नि. दिपक राना, प्र.ह. गोविन्द राना, प्र.ज. दिपकराज बोहरा, प्र.ज. दिपक वगालेले सम्पर्क अधिकारीको कार्यालयमा बकपत्र गर्दा श्यामप्रसाद लालचनले गोठालाहरूलाई आर्थिक प्रलोभन देखाई हिउँचितुवा मार्न

लगाई छाला बिक्री बितरण गरेको हुनुपर्छ भनी शंकासम्म व्यक्त गरे पनि हिउँचितुवा मारेको घटना भने नदेखेको कुरा उल्लेख गरेका छन। मिसिल संलग्न उपर्युक्त तथ्यहरूबाट अभियोग दाबीबमोजिम प्रतिवादीहरूले हिउँचितुवा मारे मराएको देख्ने प्रत्यक्षदर्शी देखिँदैन भने राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट प्राप्त परीक्षण प्रतिवेदनमा २ थान छाला हिउँचितुवा (Snow leopard) को छालासँग समानता पाइएको तथा हड्डी Big Cat Family को हाडखोर भएको भन्ने देखिन्छ तथापि विष हाली वा गोली हानी मारेकोसमेतको तथ्य स्थापित हुने कुनै बेहोरा उक्त परीक्षण प्रतिवेदनबाट खुलेको पाइँदैन। हिउँचितुवा मारेको देख्ने कुनै प्रत्यक्षदर्शी साक्षी र अन्य वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेस गर्न नसकेको अवस्थामा अभियोग दाबीकै भरमा र वादी पक्षका केही साक्षीले शंका व्यक्त गरेकै आधारमा यी प्रतिवादीहरूले हिउँ चितुवा मारे मराएको कसुर ठहराउन मिल्ने देखिएन। वस्तुतः राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९को दफा ५ (क) मा राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र वन्यजन्तुको सिकार गर्न निषेध गरेको र त्यस्तै संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम १६ (क) मा पनि संरक्षणक्षेत्रभित्र वन्यजन्तुकोसिकार गर्न निषेधित गरेको देखिएकोमा यी प्रतिवादीहरू श्यामप्रसाद लालचन, कुलमान घले गुरूङ र कान्छावीर गुरूङले उपर्युक्तबमोजिम वन्यजन्तुको सिकार गरेको मिसिल प्रमाणबाट नदेखिएकोले राष्ट्रिय निकुञ्जभित्र यी प्रतिवादीले सिकार गरेको भन्नेतर्फको अभियोगदाबी प्रमाणको अभावमा पुग्ने देखिएन।

४. प्रतिवादीहरू श्यामप्रसाद लालचनसमेतले हिउँचितुवा राष्ट्रिय निकुञ्जभित्र तथा अन्यत्रसमेत सिकार गरेकोवा मारे मराएको प्रस्तुत मिसिलबाट नदेखिए तापनि प्रतिवादी श्यामप्रसाद लालचनले कुलमान घले गुरूङसमेतबाट छाला प्राप्त गरेपछि सम्बन्धित निकायलाई जानकारी गराएको पाइँदैन। बरू बाथरूम लेखिएको कोठामा निषेधित वन्यजन्तु हिउँचितुवाको छाला सुरक्षित साथ लुकाई राखेको तथ्य प्रतिवादीहरूको साबिती बयान, बरामदीसमेतका कुराबाट प्रमाणित भएको छ। प्रतिवादीहरू कुलमान घले गुरूङ र कान्छावीर गुरूङले मरेको चितुवाको छाला काढेको तथा सो छाला प्रतिवादी श्यामप्रसाद लालचनलाई दिएको तथ्यमा निज प्रतिवादी कुलमान घले र कान्छावीर गुरूङ मौका तथा मुद्दा हेर्ने सम्पर्क अधिकारीसमक्ष समेत साबित रहेको र प्रतिवादी श्यामप्रसाद लालचनसमेत हिउँचितुवाको छाला आफूले कुलमान घलेबाट लिई आफूले सञ्चालन गरेको गेस्ट हाउसको बाथरूम लेखेको कोठामा एक महिनादेखि राखेको तथ्यमा मौका तथा मुद्दा हेर्ने सम्पर्क अधिकारीसमक्ष समेत साबित रहेको रहेको देखिन्छ। हिउँचितुवाको छाला काढ्न, घरमा राख्नु हुँदैन भन्ने आफूहरूलाई थाहा नभएको भनी प्रतिवादीहरूले बयान गरेको देखिए पनि कानूनको अज्ञानता क्षम्य नहुने (ignorance of law is no excuse) भन्ने सर्वमान्य कानूनको सिद्धान्त

रहेको र हिउँचितुवाको छाला उपलब्ध भइसकेपछि नजिकको प्रहरी चौकीमा लगी जिम्मा नलगाई एक महिनादेखि लुकाई राखेको घटनास्थल प्रकृति मुचुल्का, प्रतिवादीहरूको साबिती बयान तथा बरामद गरिएका दशी एवं मिसिल संलग्न हिउँचितुवाको छालाको फोटोसमेतबाट पुष्टि भइ निषेधित छाला हस्तान्तरण गरी लिने दिने कार्य प्रतिवादीहरूबाट भए गरेको पुष्टि भइरहेको स्थिति देखिन्छ।

५. उपर्युक्तबमोजिम मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादीहरू कुलमान घले गुरूङ र कान्छावीर गुरूङले मरेको हिउँचितुवाको छाला काढेको र प्रतिवादी कुलमान घले गुरूङले सो काढेको छाला ल्याई प्रतिवादी श्यामप्रसाद लालचनलाई दिएकोमा निज श्यामप्रसाद लालचनले आफ्नो प्याराडाइज होटलमा राखेकोसम्म स्थिति देखिएको र हिउँचितुवाको छाला तथा अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद बिक्री गर्नेसमेतको कार्यलाई समेत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) ले निषेधित कार्य मानी दण्ड सजायसमेत तोकेको देखिँदा यी पुनरावेदक प्रतिवादी श्यामप्रसाद लालचनले हिउँचितुवाको छाला प्रतिवादी कुलमान घलेबाट लिई राखेको कार्य उपर्युक्त कानूनी व्यवस्थाले निषिद्ध गरेको कार्य गरेको देखिँदा आफू निर्दोष रहेकोले सफाई पाउँ भन्ने निजको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

६. अब प्रतिवादी श्यामप्रसाद लालचनसमेतलाई के कस्तो सजाय हुने हो भन्नेतर्फ हेर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१)मा गैरकानूनी तरीकाले गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिँउ चितुवा वा गौरी गारइ मार्ने, घाइते बनाउने, खरिद गर्ने,बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको बिना, हिँउ चितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने वा बिक्री गर्ने व्यक्तिलाई पचास हजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरीवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुनेछ" भन्ने कानूनी व्यवस्था देखिन्छ। यी प्रतिवादीहरू श्यामप्रसाद लालचनसमेतले संरक्षित वन्यजन्तु हिउँचितुवा मार्ने, छाला आँखेटोपहार खरिद गर्ने वा बिक्री गर्ने कार्य गरेको नदेखिए पनि प्रतिवादी कुलमान र कान्छावीरले हिउँचितुवाको छाला काढी प्रतिवादी कुलमानमार्फत प्रतिवादी श्यामप्रसाद लालचनलाई हस्तान्तरण गरेको र प्रतिवादी श्यामप्रसादले संरक्षित वन्यजन्तु हिउँचितुवाको छाला आफूले सञ्चालन गरेको प्याराडाइज होटलको बाथरूममा लुकाई राखेको कार्य राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) को विपरीत देखिए पनि हिउँचितुवा मारेको तथ्य पुष्टि भएको नदेखिँदा कसुरको मात्रालाई विचार गर्दा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) ले तोकेबमोजिमको अधिकतम सजाय गर्न न्यायोचित देखिएन। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

को दफा २६(१) मा वन्यजन्तु मार्ने कार्य र वन्यजन्तुको आखेटोपहार राख्नेसम्मको निषिद्ध कार्यलाई पनि एकै दफामा राखे पनि सो कार्यलाई कसुरको मात्रानुसार विचार गरी सजाय गर्न अधिकतम र न्यूनतम सजायको व्यवस्था गरी न्यायकर्तालाई स्वविवेकीय सजाय निर्धारण गर्न सक्ने गरी कानूनी प्रावधान विधायिकाले निश्चित गरेको देखिन्छ। यसरी विधायिकाले दण्ड निर्धारण गर्न विस्तारित प्रावधान राखे पनि तजबिजी अधिकारको प्रयोग आत्मगत वा स्वेच्छाचारीरूपमा गर्न मिल्दैन। त्यस्तो दण्डको निर्धारण न्यायकर्ताले समन्याय (equity), शुद्ध अन्तःस्करण (good conscience), प्राकृतिक न्याय (natural justice) का आधारमा कसुरको मात्रा वा गाम्भीर्यता, घटनाक्रम र कानूनले तोकेको परिधिसमेतलाई तुलानात्मकरूपमा अनुपातिक र उचित सन्तुलन (proportional & proper balance) भएको छ छैन ख्याल गरी न्यायिकरूपमा सम्पादन हुनुपर्ने हुन्छ।

७. पटकपटक गैंडाको खाग बिक्री गरेको र गैंडाको खाग आफ्नो घरमा नै राखी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा१९(१) को कसुरमा ऐ. को दफा २६(१) बमोजिम पाँच वर्ष कैद र पचास हजाररूपैयाँ जरीवाना हुने भनी यसै अदालतबाट (पुनरावेदक वादी रेञ्जर माधव खड्काको जाहेरीले नेपाल सरकारविरूद्धप्रत्यर्थी प्रतिवादी ओमबहादुर रानासमेत नि.नं. ८९११) फैसला भई दण्ड निर्धारण भएको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दामा हिउँचितुवा मारेको नभई मरेको हिउँचितुवाको छाला राखेको कसुरसम्म गरेको देखिएबाट कसुरको मात्राको तुलनात्मकताका रोहमा कम गम्भीर प्रकृतिको देखिएकोमा आरोपित प्रतिवादीहरू श्यामप्रसाद लालचन र कुलमान घलेलाई कैद वर्ष ७ र जरीवाना रू. ७५,०००।- गर्ने गरी उपर्युक्त बढी गम्भीर प्रकृतिको कसुरभन्दा पनि बढी दण्ड निर्धारण गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६९।१२।२७ फैसला न्यायको रोहमा अनुपातिक र उचित सन्तुलन (proportional & proper balance) भएको नदेखिँदा मिलेको देखिएन।

८. प्रतिवादीहरू श्यामप्रसाद लालचन र कुलमान घलेले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ (१) बमोजिमको निषेधित कार्य गरी संरक्षित वन्यजन्तुको ओखेटोपहार हस्तान्तरण गरी लिने दिने तथा ओखेटोपहार राख्नेसमेतको कार्य गरेकोमा विवाद छैन। चितुवाको छाला काढ्न सहयोग गर्ने सहप्रतिवादी कान्छावीर गुरूङलाई सुरू अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका सम्पर्क अधिकारीले मिति २०६९।१।२० मा रू.८००००।- जरीवानाको सजाय मात्र हुने ठहर गरेकोमा सो फैसलासम्बन्धमा वादी नेपाल सरकारले पुनरावेदन तहदेखि नै कुनै जिकिरसमेत लिएको देखिँदैन। तसर्थप्रतिवादी कान्छावीर गुरूङले जस्तै उस्तैउस्तै वा समान स्तरको कसुर गरेका पुनरावेदक/प्रतिवादी श्यामप्रसाद लालचन र प्रतिवादी कुलमान घले

गुरूङलाई सोहीबमोजिम ओखेटेपहार हस्तान्तरण गरी लिने दिने तथा ओखेटोपहार राख्नेसमेतको निषेधित कार्यलाई कसुर कायम गरी समान स्तरको दण्ड सजाय निर्धारण हुन न्यायोचित हुने हुँदा पुनरावेदन गर्ने निज प्रतिवादी श्यामप्रसाद लालचनको कसुर र समान कसुरमा पुनरावेदन नगर्ने सहप्रतिवादी कुलमान घले गुरूङलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ (१) नं. बमोजिम कैद वर्ष ७(सात) र जरीवाना रू.७५०००।- (पचहत्तर हजार) गर्ने गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६९।१२।२७ को फैसला मिलेको नदेखिएकोले पुनरावेदक/प्रतिवादी श्यामप्रसाद लालचनको हकमा र पुनरावेदन नगर्ने प्रतिवादी कुलमान घले गुरूङ हकमा समेत मुलुकी ऐन, २०२० को अ.बं.२०५ नं. बमोजिम सो फैसला उल्टी भई निज दुवै प्रतिवादीहरूश्यामप्रसाद लालचन र कुलमान घले गुरूङलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) नं. बमोजिम जनही रू.१,००,०००।- (एक लाख) जरीवाना हुने ठहर्छ।अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने नेपाल सरकार र कसुर सजायबाट सफाई पाउँ भन्ने प्रतिवादी श्यामप्रसाद लालचनको पुनरावेदन जिकिर पुग्न सक्तैन।अरूमा तपसिलबमोजिम गर्नू।

तपसिल

माथि ठहर खण्डमा लेखिएबमोजिम प्रतिवादीहरू श्यामप्रसाद लालचन र कुलमान घले गुरूङलाई जनही रू.१,००,०००।- (एक लाख) जरीवाना हुने ठहरेको र दुवै जना मिति २०६८।२।१६ देखि थुनामा बसेको देखिएकोले थुना/कैदमा बसेको जति दिनको रू.२५ का दरले कट्टा गरी बाँकी जरीवानाबापतको रकम बुझाउन मन्जुर गरे लिई थुना मुक्त गर्नू।बाँकी जरीवाना नतिरेमा मुलुकी ऐन, २०२० को दण्ड सजायको ३८ नं. समेत बमोजिम गर्नु र सोहीबमोजिम पुनरावेदन अदालतको फैसलाबमोजिमको कायमी लगत संशोधन गर्नु भनी सुरू अन्नपूर्ण संरक्षण क्षेत्र सम्पर्क अधिकारीको कार्यालय कास्की पोखरालाई लेखी पठाइदिनू ------१

यो मिसिलको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ------१

उक्त रायमा सहमत छु।

न्या.गोपाल पराजुली

इति संवत् २०७२ साल आश्विन ७ गते रोज ५ शुभम्।

१२. मुद्दाः गैंडा मारी खाग बिक्री व्यवसाय गरेको।

भाग ५८	निर्णय नं. ९७१४	ने.का.प. २०७३	अङ्क ११
सर्वोच्च अदालत, संयुक्त इजलास			
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय माननीय न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.			
०७०-CR-०४५८			
फैसला मितिः २०७३।०१।१६			

पुनरावेदक/प्रतिवादीः जिल्ला चितवन पदमपुर १ को हाल मकवानपुर जिल्ला हाडखोला गाउँ विकास समिति वडा नं. ७ घर भई हाल क्षेत्रीय कारागार भिमफेदी मकवानपुरमा थुनामा रहेको मुन्ना प्रजा

विरूद्ध

प्रत्यर्थी/वादीः स.सं.अ. अणनाथ बरालसमेतको जाहेरीले नेपाल सरकार

०७०-CR-०४५७

विरूद्ध

पुनरावेदक/प्रतिवादीः जिल्ला चितवन पदमपुर गाउँ विकास समिति वडा नं. १ बस्ने कविराज मगरसमेत

पुनरावेदक प्रतिवादीको तर्फबाटः

प्रत्यर्थी वादीको तर्फबाटः विद्वान् उपन्यायाधिवक्ता पुण्यप्रसाद पाठक

अवलम्बित नजिरः

सम्बद्ध कानूनः

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

पुनरावेदन तहमा फैसला गर्नेः

मा.का.मु.मुख्य न्या.श्री जगदीश शर्मा पौडेल
माननीय न्यायाधीश श्री सत्यमोहन जोशी थारू

- कुनै कसुरमा एकभन्दा बढी प्रतिवादीहरूलाई तत्सम्बन्धी ऐनको एउटै दफाको सजायको माग गरिएको भएपनि कानूनले निर्णयकर्तालाई विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको अवस्थामा मिसिल संलग्न कागज प्रमाणहरूको विश्लेषण गरी वारदातमा व्यक्तिपिच्छे प्रतिवादीको संलग्नता, भूमिका जस्ता विषयहरू पहिचान गरी वारदात घटाउन नेतृत्व लिएको, सहायकको भूमिकामा रहेको, आफैं प्रहार गरेको, गौंडा कुरेको, सुराकीको भूमिका निर्वाह गरेको, लाभ लिने कार्यमा सहभागी भए नभएको, हातहतियारको बन्दोबस्त आदि गरे नगरेको लगायतका थुप्रै विषयहरूका आधारमा अमुक कसुर घटाउनमा कुनै प्रतिवादीको के कति भूमिका र हिस्सा छ त्यही आधारमा कसुरको मात्राअनुसार सजाय निर्धारण हुने हुँदा एउटै किसिमको अभियोगदाबी भएका सबै प्रतिवादीहरूलाई समान सजाय हुनुपर्छ भनी मान्न नमिल्ने।

(प्रकरण नं. ५)

- फौजदारी कानूनको उल्लङ्घनका लागि सजाय निर्धारण गर्दा विभिन्न सिद्धान्त र अवधारणाहरूको प्रयोग हुँदै आएको पाइन्छ। *Mitigating factors* भन्नाले कुनै व्यक्तिलाई अदालतले कसुरदार ठहर्‍याएपछि निजलाई कम सजाय गर्न लिने आधारहरूलाई बुझिन्छ भने *Aggravating factors* भन्नाले कसुरको गम्भीरता बढाउने र अधिकतम सजाय गर्ने आधारहरूलाई बुझिन्छ। *Mitigating factors* का लागि जो विरूद्ध अपराध भएको छ। उसैको उक्साहटको कारण अपराध घटाउन कसुरदार प्रेरित भएको अवस्था, कसुरदारको मानसिक अवस्था, उमेर, उक्त अपराध घटाउन कसुरदारको अत्यन्त कम भूमिका, कसुरदारको पूर्व आपराधिक रेकर्डको अभाव, अपराध घटाउन पीडितको संलग्नतासमेत रहेको अवस्था, अपराध गर्दाको अवस्था र परिस्थिति आदिको आधारमा विधायिकाले न्यूनतम सजाय गर्ने गरी कानूनमा नै व्यवस्था गरिदिएको वा निर्णयकर्ता (*Judge*) लाई तत्सम्बन्धी विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको अवस्थाहरू पर्दछन्। जबकी *Aggragating factors* पटके अपराधी, पीडितलाई पुगेको क्षतिको गम्भीरता, कसुर घटाउन कसुरदारको नेतृत्वपूर्ण भूमिका, सामाजिकरूपमा अत्यन्त निकृष्ठ र अनैतिक मानिने कसुर, पदको आडमा गरिने कसुर र क्रूर तथा यातनापूर्ण तवरले गरिएको अपराध, अपराधमा घातक हतियारको प्रयोग आदि जस्ता आधारमा विधायिकाले अधिकतम सजाय गर्ने भनी कानूनमा नै व्यवस्था गरिदिएको वा निर्णयकर्तालाई तत्सम्बन्धमा विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको अवस्थाहरू पर्दछन्, हाम्रो प्रचलित नेपाली फौजदारी कानूनमा पनि कसुरदारलाई कुनै कसुरका लागि दायित्व वहन गराउनेसम्बन्धी विभिन्न सिद्धान्तहरूको व्यवस्था भएको पाइने।

- *कतिपय कसुरका लागि सजाय निर्धारणमा न्यायाधीशलाई विवेक प्रयोग गर्न कुनै स्थान नै दिइएकोपाइँदैन भने कतिपय कसुरका लागि कसुरको मात्राअनुसार सजाय निर्धारण गर्ने गरी विवेक प्रयोग गर्ने अधिकार न्यायाधीशलाई प्रदान गरिएको पनि पाइन्छ। के कस्तो अवस्थामा Aggragating factors अपनाउने र के कस्तो अवस्थामा Mitigating factors अनुशरण गर्ने भनी हामी कहाँ छुट्टै कानून नभएपनि विभिन्न कानूनमा एउटै कसुरका लागि सजायको न्यूनतम र अधिकतम हदको सजायसम्बन्धी व्यवस्थालाई सोहीरूपमा बुझ्न सकिने।*
- *मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. को व्यवस्थालाई Mitigating factors को अनुसरणका लागि विधायिकाले न्यायाधीशलाई विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको रूपमा बुझ्न सकिन्छ। Mitigating factors को अनुशरण गर्दा कुनै कसुरमा संलग्न व्यक्तिलाई माथि उल्लिखित विभिन्न आधारमा कम सजाय निर्धारण गर्ने हो भने त्यही कसुरका लागि Aggragating factors अनुशरण गर्ने माथि उल्लिखित आधारहरू देखिन आएमा सजायको मात्रा बढाउने हो। यसबाट Mitigating वा Aggravating factors सजाय निर्धारणमा न्यायाधीशलाई प्राप्त विवेकाधिकारसित सम्बन्धित छ भन्ने बुझिन आउने।*
- *कसुरको मात्राअनुसार सजाय हुने भन्ने कुरा कुनै न कुनैरूपमा Mitigating वा Aggravating factors सित सम्बन्धित विषय हो। कसुरको मात्रा भनेको तथ्य र प्रमाणबाट कुनै कसुर घटाउन कुनै व्यक्तिको के कस्तो संलग्नता र भूमिका छ भन्ने कुरा निर्धारण गर्ने हो। कुनै वारदातमा मुख्य भई भूमिका निर्वाह गर्ने, सहयोगसम्म गर्ने, लाभ लिने, योजना बनाउने, वातावरण तयार गरिदिने आदि विभिन्न भूमिकाहरूका लागि कानूनले छुट्टाछुट्टै भार तय गरेको अवस्थामा एउटै कसुरमा एकभन्दा धेरै कसुरदारहरूको संलग्नता रहेको परिप्रेक्ष्यमा तीमध्ये प्रत्येक कसुरदारको उक्त वारदात घटाउन के कस्तो र के कति भार पर्छ त्यही कसुरको मात्रा हुन आउने।*

(प्रकरण नं. ८)

फैसला

न्या. चोलेन्द्र शमशेर ज.ब.रा.: न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यस अदालतको अधिकार क्षेत्रभित्र पर्ने प्रस्तुत मुद्दाको तथ्य एवं ठहर यसप्रकार छः

चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पर्ने चितवन जङ्गल लज भन्दा २.५ कि.मि. पश्चिममा गैंडा मरी मृत

अवस्थामा फेला परेको र उक्त गैंडाको हाड जोर्नी बाहेक शरीरका अन्य अंगहरू कुहि सडिगली गएको अन्दाजी २०-२५ दिन अगाडि मरेको अनुमान गरिएको र गैंडाको खाग धारिलो हतियारले काटी चोरी लगेको भन्ने बेहोरा खुलाई चितवन जङ्गल लजका सुपरभाइजर बुद्धिलाल जोशीसमेतका व्यक्तिहरूले मिति २०५६।५।३० गते गरिदिएको घटनास्थल प्रकृति मुचुल्का।

जिल्ला चितवन, टाँडिखोला गाउँ विकास समिति वा.नं. ७ बस्ने मुन्ना प्रजाको घरबाट गैंडा मार्ने काममा प्रयोग हुने भरूवा बन्दुकको नाल-१ र गैंडाको खाग काट्न प्रयोग हुने गरेको खुकुरी थान-३ चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट खटि आएको डोरले बरामद भएको साँचो हो भन्ने जगतराम वि.क. समेतले गरी दिएको मिति २०६४।१।१८ को बरामदी मुचुल्का।निज मुन्ना प्रजाले देखाई दिएअनुसार निजको घरबाट २०० मीटर टाढा बाँसको घारीमा निजैले लुकाई छिपाई राखेको गैंडा मार्न प्रयोग गर्ने गरेको भरूवा बन्दुक थान-१ बरामद भएको भन्ने ठाकुर वि.क. समेतका व्यक्तिहरूले मिति २०६४।१।२० को बरामदी मुचुल्का।

मैले २०५६ सालमा चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र चितवन जङ्गल लजभन्दा करिब २.५ कि.मि. पश्चिममा खगेन्द्र मल्ली क्षेत्रमा मसहित डम्बरे भन्ने बुद्धिबहादुर थिङ, मुसे माइला तामाङ भएको ३ जनाको टोलीले गैंडा मारी खाग काटी पोखरामा बिक्री गरेको हो।निज बुद्धिबहादुर थिङ हाल गैंडासम्बन्धी मुद्दामा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको फैसलाबमोजिम कारागारमा कैदी जीवन बिताइरहेका छन्।डम्बरेको भरूवा बन्दुकले निजले नै गोली हानी खाग काटी आफ्नो झोलामा हालेको हो।म र मुसे माइला साथी मात्र भएका थियौं।खाग बिक्री गरी मलाई रू १७,०००।- दिए।सो बाहेक सो क्षेत्रमा पटक पटक गरी ३ वटा गैंडा मार्न हाम्रो टोली सफल भयो।हाम्रो टोलीमा कमल प्रजा, रिसिङ्ग प्रजा र ठूलो भाइ भन्ने वीरबहादुर प्रजा पनि संलग्न थिए।पछिल्लो पटक ३ वटा गैंडा मारी खाग काठमाडौं लगेर बिक्री गरेको हो।उक्त ३ वटा खाग बिक्री गर्ने जिम्मा बिरभान प्रजाले लिएकोमा मलाई जम्मा रू.५०,०००।- प्राप्त भएको थियो।बरामद भएको बन्दुकको नाल हामीले २०५६ सालमा चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र खगेन्द्र मल्लीको बनेला भन्ने स्थानमा गैंडा मार्न प्रयोग गरेको बन्दुकको नाल हो।बन्दुक जंगलमा नै फाली आगो फुक्न हुन्छ भनी नाल मात्र बोकेर ल्याएको हो भन्नेसमेत बेहोराको मुन्ना प्रजाले अनुसन्धानको क्रममा गरेको बयान कागज।

मुन्ना प्रजा, राजन प्रजा, कुन्दन तामाङ, गोरे अधिकारीसमेतको टोलीसँग म पनि चितवन राष्ट्रिय निकुञ्ज क्षेत्र भित्र गैंडा मार्नको लागि एक पटक गएको थिएँ।एक वटा गैंडा भेटी भरूवा बन्दुकले मैले १ गोली हानेको हुँ।गोलीले गैंडा मरेन।त्यस दिनबाट म उक्त टोलीमा सामेल पनि भइन, त्यसैले मबाट

गैंडा मार्ने अपराध भएको छैन। राजन प्रजा अहिले गैंडा मारेको मुद्दामा जेलमा छ। भरूवा बन्दुक मुन्ना प्रजाकै हो भन्नेसमेत बेहोराको प्रतिवादी कविराज मगरले अनुसन्धानको क्रममा गरेको बयान कागज।

मैले मुन्ना प्रजासँग मिलेर गैंडाको सिकार गरी खागको बिक्री व्यवसाय गरेको होइन। हाल म गैंडा मारेको कसुरमा ठेकिएको कसुरमा कैदी जीवन बिताइरहेको छु भन्नेसमेत बेहोराको डम्बरे भन्ने बुद्धिबहादुर थिङले अनुसन्धानको क्रममा गरेको बयान कागज।

२०५६ सालमा चितवन राष्ट्रिय निकुञ्जमा मलगायत मुन्ना प्रजा, रिसिङ्ग प्रजा र ठूलो भाइ भन्ने वीरबहादुर प्रजा मिलि गैंडा मार्न गएको हो। मुन्ना प्रजाले आफ्नै भरूवा बन्दुकबाट गैंडालाई गोली हानी मारेको हो। उक्त टोलीमा मैले झोला बोक्ने र भात पकाउने कार्य गरेको हो। मुन्नाले खाग कहाँ कसलाई बेचेको हो मलाई थाहा भएन। मुन्नाले मलाई रू.१५,०००।- दिएको हो। रिसिङ्ग प्रजा हाल गैंडा मारेको कसुरमा कारागारमा छन् भन्नेसमेत बेहोराको प्रतिवादी कमल प्रजाले अनुसन्धानको क्रममा गरेको बयान कागज।

चितवन राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र पर्ने चितवन जङ्गल लजभन्दा करिब २.५ कि.मि. पश्चिम खगेन्द्रमल्ली क्षेत्रमा चोरी शिकारीले संरक्षित वन्यजन्तु गैंडा मारी खाग काटी लगेको हुँदामिति २०५६।५।३० गते तत्कालीन स.सं.अ. टिकाराम अधिकारीसमेत गई मृतक गैंडाको प्रकृति मुचुल्का गरेको भन्ने थाहा पाएको हुँ। हाल पक्राउ परेका प्रतिवादीहरूबाट बन्दुकको नालसमेत बरामद भएको र चितवन राष्ट्रिय निकुञ्जले पक्राउ गरेको हुँदा निज प्रतिवादीहरू कसुरदार हुनुपर्दछ भन्नेसमेत बेहोराको दण्डपाणी अर्यालसमेतले गरिदिएको मिति २०६४।२।१० को कागज।

प्रतिवादीहरू मुन्ना प्रजा, कविराज मगर, कमल प्रजा, ठुलोभाइ भन्ने वीरबहादुर प्रजा, गोरे अधिकारी, कुन्दन तामाङ र मुसे माइला तामाङसमेत ७ जनाले मिति २०५६।५।३० मा गरेको मृतक गैंडाको प्रकृति मुचुल्कामा उल्लेख भएको गैंडालाई मारी सोही गैंडाको खाग काटी बिक्री व्यवसाय गरेको हुँदा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) को कसुर अपराध भए गरेको देखिएकोले सोही ऐनको दफा २६(१) बमोजिम सजाय गरिपाउन र बरामदी मुचुल्कामा उल्लिखित दसी सामान ऐ. ऐनको दफा २८ बमोजिम जफत गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०६४।२।१३ को अभियोग पत्र।

मैले ५ पटकसम्म गैंडा मारी खाग बिक्री व्यवसाय गरी आर्थिक लाभ लिइसकेको छु। पहिलो पटक २०५२ जेठ महिनातिर राष्ट्रिय निकुञ्जको खगेन्द्रमल्लीदेखि दक्षिणपट्टि एरियामा मसमेत मुसे माइला

तामाङ, हाल जेलमा भएको डम्बरे थिङ जना ३ भएर डम्बरे थिङले ल्याएको भरूवा बन्दुकले गोली हानी गैंडा मारी खाग काटी डम्बरे थिङले बिक्री गरी सोबापत मलाई रू. १७,०००।- दिएको हो। दोस्रो पटक २०५४ साल असार महिनातिर निकुञ्जको भवानीपुर पोष्टको एरियामा वीरमान प्रजा (हाल जेलमा भएको) ले ल्याएको भरूवा बन्दुकले वीरमानले नै गोली हानी गैंडा मारी खाग वीरमानले नै काटेर ल्याएको र उक्त खाग मसहित राजन प्रजा, डम्बरे थिङ, वीरमान भएर काठमाडौंमा लिएर गएकामा वीरमानले बिक्री गरी मलाई रू.१५,०००।- दिएको हो। राजन प्रजा पनि हाल जेलमा नै छ। तेस्रो पटक २०५४ सालको चैत्र महिनातिर निकुञ्जको अमृते पोष्टदेखि पूर्वपट्टी रातपानी भन्ने ठाउँमा मङ्गलबहादुर प्रजा (हाल जेलमा), शङ्कर प्रजा (हाल जेलमा) र मसमेत मङ्गलबहादुर प्रजाले ल्याएको भरूवा बन्दुकले गोली हानी गैंडा मारी खाग काटेर मङ्गलबहादुर प्रजाले लगेर बिक्री गरी मलाई रू.१५,०००।- दिएका हुन्। चौथो पटक २०५६ सालको श्रावण महिनामा निकुञ्जको बगई माथि पर्ने दबुवा खोला एरियामा मैले लगेको भरूवा बन्दुकले हाल पक्राउ भई आएको कविराज मगरले गैंडालाई गोली हानेकोमा गैंडालाई गोली लागेन, गैंडा भाग्यो, पानी परेको हुँदा हामी त्यसै फर्कियौं। सोबखत गैंडा मार्न जानेमा कविराज मगर, जरिङ्गे कान्छा प्रजा, गोरे अधिकारी र कुन्दन तामाङ भएर गएका थियौं। अन्य पटक मार्नेमा कविराज मगर, कुन्दन तामाङ र गोरे अधिकारीको कुनै संलग्नता छैन। त्यसपछि पाँचौ पटक २०५६ सालको भाद्र महिनातिर मसमेत हाल पक्राउ परी आउने कमल प्रजा, जेलमा परेका रिसिङ्गे भन्ने गोपाल प्रजा र ठूलोभाइ प्रजा भएर निकुञ्जभित्र पर्ने अमृतेदेखि पूर्वपट्टी रातपानी भन्ने ठाउँमा गई मेरै बन्दुकले म आफैंले गोली हानी गैंडा मारी खाग काटी ल्याएको हो। मैले उक्त खाग वीरमान प्रजालाई दिएको हुँ। वीरमान प्रजाले खाग कतिमा बेच्यो, सो थाहा भएन। त्यसपछि मलाई रू २५,०००।- दिएको हो भन्नेसमेत बेहोराको प्रतिवादी मुन्ना प्रजाले राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा गरेको बयान।

म २ पटक गैंडा मार्ने कार्यमा संलग्न भएको छु। पहिलो पटक २०५६ वैशाख महिनाको अन्तिमतिर म समेत ठूलोभाइ प्रजा, गोपाल प्रजा र मुन्ना प्रजा भएर अमृतेदेखि पूर्वपट्टी रातपानी भन्ने ठाउँमा गएका थियौं। त्यसबखत जङ्गल घुम्दा गैंडा नपाएर त्यसै फर्किएर आयौं। मलाई खाना पकाउने भनी लिई गएका हुन्। दोस्रो पटक २०५६ सालको भाद्र महिनातिर होला, मसमेत भएर ठूलो भाइ प्रजा, रिसिङ्गे भन्ने गोपाल प्रजा, मुन्ना प्रजा भएर निकुञ्जको अमृते पोष्टदेखि पूर्वपट्टी पहिले खोज्न गएको ठाउँमा रातपानी भन्ने ठाउँमा गई मुन्ना प्रजाले ल्याएको भरूवा बन्दुकले निजले नै गोली हानी गैंडा मारेको हो। खाग पनि उसैले काटी राप्ती खोला किनारामा उसिनेर हाडमासु छुट्याई निजले नै बिक्री गरी

मलाई रू.१५,०००।- दिएको हो भन्नेसमेत बेहोराको प्रतिवादी कमल प्रजाले राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा गरेको बयान।

२०५६ सालको कुरा हो, हाल पक्राउ परी आएका मुन्ना प्रजा, ऐ.ऐ. बस्ने गोरे अधिकारी, राजन प्रजा (हाल कारागारमा रहेका), कुन्दन तामाङ र मसमेत भई निकुञ्जको बगईदेखि माथि दबुवा खोलामा मुन्ना प्रजाले ल्याएको बन्दुकसमेत बोकी गैंडा मार्न गएकोमा दबुवा खोलाभन्दा माथि झाडीमा गैंडा फेला पारी मैले गोली हान्दा गैंडालाई नलागेकोले गैंडा भाग्यो। त्यसपछि हामी फर्केर घर आएका हौं। त्यसपछि गैंडा मार्न गएको छैन र त्यस्ता मानिसहरूसँग सङ्गत पनि गरेको छैन भन्नेसमेत बेहोराको प्रतिवादी कविराज मगरले राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा गरेको बयान।

२०५६ सालमा मेरै गाउँमा बस्ने मुन्ना प्रजा, कमल प्रजासमेत मेरो घरमा आई मलाई गैंडा मारी खाग बेचेबापतको भाग भनी रू.५,०००।- दिएका हुन्। मैले पैसा लिएँ, गैंडा मार्न सहयोग गरेबापत पैसा दिएको भनेका थिए। त्यो कुरा मैले हालसम्म कसैलाई भनेको थिइनँ भन्नेसमेत बेहोराको प्रतिवादी वीरबहादुर प्रजाले चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा गरेको बयान।

प्रतिवादी कविराज मगरको साक्षी रूक्मांगत पौडेल र टेकनाथ आचार्यले गरेको बकपत्र मिसिल सामेल रहेको।

३।४ वर्ष पहिला चितवन राष्ट्रिय निकुञ्जको रातापानी भन्ने ठाउँमा विष्णु कार्की, मिने साइला थापा क्षेत्री, ढेडु काले बानियाँ क्षेत्री, यामबहादुर बानियाँ, हरि कार्की, वीरबहादुर अधिकारी, न्यौपाने बाजे, माइला न्यौपाने, साइँला न्यौपाने, चन्द्रे प्रजा, पुते तामाङ, राजु थापा क्षेत्री, ठूलो भाइ भन्ने वीरबहादुर प्रजा र मसमेत भई गैंडा मार्न खाल्डो खनेको हो र खाल्डोमा गैंडा परेपछि मारेर खाग काटी बेचेको हो। साथीहरूले खाग कहाँ लगेर कतिमा बेचे मलाई थाहा भएन। मैले आफ्नो भागमा रू. १०,०००।- मुन्ना प्रजाबाट लिएको हुँ। मैले साथीहरूको लहैलहैमा लागेर पहिलोपटक यस्तो कार्य गरेको हो भन्नेसमेत बेहोराको प्रतिवादी जरिङ्गे भन्ने गञ्जसिंह प्रजाले अनुसन्धानको क्रममा गरेको बयान कागज।

गन्जसिंह प्रजा र वीरबहादुर प्रजालाई गैंडा मारी खाग बिक्री व्यवसाय गरेको अभियोगमा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका कर्मचारीहरूले पक्राउ गरी लगेका छन् भन्ने सुनेको हुँ। यसबाहेक अरू थाहा छैन भन्नेसमेत बेहोराको टिकाबहादुर प्रजासमेतले गरेको मिति २०६४।७।११ को कागज।

प्रतिवादी मुन्ना प्रजासमेत भएको गैंडामारी खाग बिक्री व्यवसाय गरेको मुद्दाको अनुसन्धानमा नखुलेको

तर प्रतिवादी जरिङ्गे भन्ने गञ्जसिंह प्रजाको इजलाससमक्षको बयानबाट उक्त गैंडा मार्ने कार्यमा जरिङ्गे भन्ने गञ्जसिंह प्रजा, विष्णु कार्की, मिने साइला थापा क्षेत्री, ढेडु काले बानियाँ क्षेत्री, यामबहादुर बानियाँ क्षेत्री, हरि कार्की, वीरबहादुर अधिकारी, न्यौपाने बाजे, न्यौपाने माइला, न्यौपाने साइँला, चन्द्रे चेपाङ, पुते माइला, राजु थापा क्षेत्री, राजुथापाको भाइ स्याने थापासमेत संलग्न भएको खुल्न आएको हुँदा निजहरूको उक्त कार्य राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) मा निषिद्ध कसुर गरेकोले निजलाई सोही ऐनको दफा २६(१) बमोजिम हदैसम्मको दण्ड सजाय गरिपाउँ भन्नेसमेत बेहोराको मिति २०६४।७।१२ को पुरक अभियोग पत्र।

करिब ३।४ वर्ष पहिला चितवन राष्ट्रिय निकुञ्जको पूर्वी क्षेत्र निकुञ्जभित्र पर्ने रातपानी भन्ने ठाउँमा मेरो गाउँका विष्णु कार्की, मिने साइला थापा क्षेत्री, ढेडु काले बानियाँ क्षेत्री, यामबहादुर बानियाँ, हरि कार्की, वीरबहादुर अधिकारी, न्यौपाने बाजेको छोरा न्यौपाने माइला, न्यौपाने साइला, चन्द्रे प्रजा, पुते तामाङ, राजु थापा क्षेत्री, ठूलोभाइ भन्ने वीरबहादुर प्रजा र मुन्ना प्रजासमेत भएर उक्त क्षेत्रमा गैंडा मार्न भनी ६ हात लम्बाई र ३ हात चौडाई भएको खाल्डो खनेर ३।४ दिन अगाडि छोडेका थियौं। त्यसै खाल्डोमा एउटाभाले गैंडा परेपछि बन्चरोले ढाडमा र टाउकोमा हानेर खाग काटी लिएर भागें, गैंडा रगतपच्छे भएर मर्‍यो। मुन्ना प्रजा, विष्णु कार्की, न्यौपाने साइँला, मिने साइँला र यामबहादुर थापाले उक्त गैंडाको खाग कहाँ लगेर बेचे थाहा भएन। त्यसको १ महिनापछि मुन्ना प्रजाले मलाई रू.१०,०००।- ल्याएर दियो। त्यसपछि म गैंडा मार्ने कार्यमा गएको छैन भन्नेसमेत बेहोराको प्रतिवादी जरिङ्गे भन्ने गञ्जसिंह प्रजाले राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा गरेको बयान।

मिति २०५५।७।२८ मा अमृते भन्ने चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रमा गैंडा मार्ने खाल्डो खनेको कसुरमा मिति २०५५।८।६ देखि मिति २०५७।१०।२९ सम्म कैदमा बसी मलाई लागेको रू.५०,०००।- जरिवानासमेत चुक्ता गरी म वैदेशिक रोजगारमा गएको हुँ भन्नेसमेत बेहोराको वीर बहादुर अधिकारीले राष्ट्रिय निकुञ्ज कार्यालय, चितवनमा गरेको बयान।

मेरो नाम रामलाल तामाङ हो चन्द्रे होइन। चन्द्रे प्रजा भन्नेलाई म चिन्दैन। म गैंडा मार्ने काममा संलग्न छैन भन्नेसमेत बेहोराको रामलाल तामाङले राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा गरेको बयान।

मिति २०६४।२।१३ मा दायर भएको गैंडा मारी खाग बिक्री व्यवसाय गरेको मुद्दाको जाहेरीमा प्रतिवादी मुन्ना प्रजासमेतका मानिसहरू कुख्यात गैंडाका चोरी शिकारीहरू हुन भन्ने प्रतिवेदक स.सं.अ. अणनाथ बरालले गरेको बकपत्र मिसिल सामेल रहेको।

प्रतिवादी मुन्ना प्रजा र प्रतिवादी कमल प्रजाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क), १९(१) र २६(१) को कसुर अपराध गरेको पुष्टि भएकोले सोही ऐनको दफा २६(१) बमोजिम निज प्रतिवादी मुन्ना प्रजा र कमल प्रजालाई जनही १५ वर्ष कैद र रू. १,००,०००।- जरिवाना हुने, प्रतिवादी ठूलो भाइ भन्ने वीरबहादुर प्रजाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क), १९(१) र २६(१) को कसुर गरेको पुष्टि भएकोले सोही ऐनको दफा २६(१) बमोजिम ८ वर्ष कैद र रू. ५०,०००।- जरिवाना हुने, प्रतिवादी कविराज मगरले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र २६(१) को कसुर अपराधमा संलग्न भएको पुष्टि भएकोले निजलाई सोही दफा २६(१) बमोजिम रू. १,००,०००।- जरिवाना हुने ठहर्छ। फरार प्रतिवादीहरू मुसे माइला तामाङ, गोरे अधिकारी, कुन्दन तामाङको स्पष्ट नाम ठेगाना खुली पक्राउ परी आएका बखत प्रस्तुत मुद्दा जगाई कारवाही अघि बढाउने र मौकामा बरामद भएको खुकुरी थान-३, बन्दुकको नाल-१ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २८ बमोजिम जफत गर्ने, पुरक अभियोगमा प्रतिवादी बनाइएका जरिङ्गे भन्ने गञ्जसिंह प्रजासमेत विष्णु कार्की, मिने साइला थापा क्षेत्री, ढेडुकाले बानियाँ क्षेत्री, यामबहादुर बानियाँ क्षेत्री, हरि कार्की, वीरबहादुर अधिकारी, न्यौपाने बाजे, न्यौपाने माइला, न्यौपाने साइँला, चन्द्रे चेपाङ्ग, पुते माइला, राजु थापा क्षेत्री, राजु थापाको भाइ स्याने थापासमेत १४ प्रतिवादीहरू सबै मु.नं. २२।०५५ मिति २०५७।१०।२५ मा भएका फैसलाका प्रतिवादीहरू भएको र यस वारदातमा संलग्न भएको नदेखिएकाले हाल पक्राउ परेका जरिङ्गे भन्ने गञ्जसिंह प्रजासमेत प्रस्तुत पुरक अभियोगमा प्रतिवादी भई थुनामा रहेको देखिएकोले मिति २०५७।१०।२५ मा भएको फैसलाबमोजिम कार्यान्वयन गर्नु भन्ने सुरू राष्ट्रिय निकुञ्ज कार्यालय, कसराबाट मिति २०६७।७।८ मा भएको फैसला।

म विरूद्ध पर्याप्त प्रमाण नभएको अवस्था, मेरोतर्फबाट कानून व्यवसायीको प्रतिनिधित्व नै नभई स्वच्छ सुनुवाइको हकको उल्लङ्घन गर्दै सुनुवाइमा मेरो उपस्थितिबिना नै चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले मलाई दोषी ठहर गरी गरेको फैसला अन्यायपूर्ण भएको हुँदा बदर गरी मलाई सफाइ हुने गरी इन्साफ गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत, हेटौंडामा पर्न आएको प्रतिवादी वीरबहादुर प्रजाले मिति २०६७।८।२२ मा दायर गरेको पुनरावेदन पत्र।

प्रस्तुत मुद्दामा सह-अभियुक्तहरूको पोल स्वतन्त्र प्रमाणहरूद्वारा पुष्टि भएको छैन। हामी पुनरावेदकहरूलाई गैंडा मारी खाग खरिद बिक्री गरेको कुरा पूर्णरूपमा पुष्टि नभएको, गैंडा मार्ने कार्यमा योजना बनाउने, सहयोग गर्ने वा मद्दत पुर्‍याउने षड्यन्त्र नगरेको, कुनै पनि दशी प्रमाणित नभएको अवस्थामा समेत

हामीहरूलाई जनही १५ वर्ष कैदको सजाय र रू. १,००,०००।- रूपैयाँका दरले जरिवानासमेत गर्ने गरी भएको चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको मिति २०६७।७।८ को फैसला कानूनविपरीतको भएकोले बदर गरी झुठ्ठा अभियोग दाबीबाट सफाइ दिलाई हक इन्साफ पाउँ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत, हेटौंडामा मिति २०६७।९।१४ मा पर्न आएको प्रतिवादीहरू कमल प्रजा र जारिङ्गे भन्ने गञ्जसिंह प्रजाको पुनरावेदन पत्र।

अनुसन्धान अधिकारीसमक्ष भएको बयान तथा मुद्दा हेर्ने अधिकारीसमक्ष भएको बयान मेरो स्वेच्छाले भएको नभई मलाई लेखी राखेको कागजमा बाध्य पारी सहिछाप गराइएको सम्म हो। मबाट बन्दुकलगायत कुनै हतियार बरामद भएको छैन। मलाई पोल गर्ने सह-अभियुक्तको पोललाई पुष्टि गर्ने स्वतन्त्र प्रमाणको अभाव छ। मलाई केवल ल्याप्चे छाप लगाउन वादी सफल भएको कारणले सोही प्रमाणलाई मूल प्रमाण मानी दोषी ठहर गरी भएको सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको मिति २०६७।७।८ को फैसला बदर गरी झुठ्ठा अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको मिति २०६७।१०।२६ मा पुनरावेदन अदालत, हेटौंडामा पर्न आएको प्रतिवादी मुन्ना प्रजाको पुनरावेदन पत्र।

समान तथ्यका आधारमा केहीलाई कम सजाय गरिएको फैसला त्रुटिपूर्ण छ। पुरक अभियोगमा प्रतिवादी कायम भएका १४ जना प्रतिवादीहरूको हकमा अघिल्लो वारदातमा संलग्न रहेको भनी कुन आधारमा भनेको हो सोमा स्पष्टता छैन। निज प्रतिवादीहरूका हकमा कसुर ठहर हुने वा नहुने के हो सुरूले फैसला गर्दा स्पष्ट बोलेको अवस्थासमेत नदेखिएको हुँदा उक्त फैसला त्रुटिपूर्ण छ। प्रतिवादी वीरबहादुर प्रजा र कविराज मगरलाई कम सजाय गर्ने र अन्य प्रतिवादीहरूको प्रस्तुत वारदातमा संलग्नता नरहेको भनी सुरू राष्ट्रिय निकुञ्ज कार्यालय, कसराबाट भएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम हदैसम्मको सजाय गरिपाउँ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत, हेटौंडामा मिति २०६८।४।११ मा वादी नेपाल सरकारको तर्फबाट परेको पुनरावेदन पत्र।

प्रस्तुत मुद्दामा प्रतिवादी वीरबहादुर प्रजा, मुन्ना प्रजा, कमल प्रजासमेतको र नेपाल सरकारको समेत पुनरावेदन परेको देखिँदा प्रमाण मूल्याङ्कनको रोहमा सुरू फैसला फरक पर्न सक्ने देखिँदा छलफलको लागि प्रत्यर्थीहरूलाई झिकाउनु भन्ने पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।८।२७ मा भएको आदेश।

मिति २०६४।७।१२ मा पुरक अभियोग पत्र दायर भई प्रतिवादी कायम भएका जरिङ्गे भन्ने गञ्जसिंह प्रजासमेत विष्णु कार्की, मिने साइला थापा क्षेत्री, ढेडुकाले बानियाँ क्षेत्री, यमबहादुर बानियाँ क्षेत्री,

हरि कार्की, वीरबहादुर अधिकारी, न्यौपाने बाजे, न्यौपाने माइला, न्यौपाने साइँला, चन्द्रे चेपाङ्ग, पुते माइला, राजु थापा क्षेत्री, स्याने थापा समेत १४ जना प्रतिवादीहरूको हकमा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृतबाट मिति २०६७।७।८ मा भएको निर्णय अ.बं.१९२ नं. बमोजिम रित नपुगेकोले बदर भई पुरक अभियोग पत्र दायर भएका प्रतिवादीहरूलाई प्रस्तुत मुद्दामा गडाउ वा सफाइ के हुने हो कानूनबमोजिम पुनः निर्णय गर्नु भनी मिसिल राष्ट्रिय निकुञ्ज कार्यालय कसरामा पठाउनु। अन्य प्रतिवादीहरू वीरबहादुर प्रजा, कमल प्रजा, जरिङ्गे भन्ने गन्जसिंह प्रजा, मुन्ना प्रजा र कविराज मगरसमेतको हकमा एकै साथ निर्णय गर्नुपर्ने स्थिति रहेकोले सो पुनरावेदनहरू हाल अ.बं. १२ नं. बमोजिम मुल्तबीमा राखी दिएको छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६९।१।५ मा भएको फैसला।

यसमा मिति २०६४।७।१२ मा पेस भएको पुरक अभियोगपत्रमा प्रतिवादी बनाइएका जरिङ्गे भन्ने गञ्जसिंह प्रजा, विष्णु कार्की, मिने साइला थापा क्षेत्री, ढेडुकाले बानियाँ क्षेत्री, यमबहादुर बानियाँ क्षेत्री, हरि कार्की, वीरबहादुर अधिकारी, न्यौपाने बाजे, न्यौपाने माइला, न्यौपाने साइँला, चन्द्रे चेपाङ्ग, पुते माइला, राजु थापा क्षेत्री, राजु थापाको भाइ स्याने थापासमेत १४ जना मिति २०५५।९।१ मा दायर भई मिति २०५७।१०।२५ मा फैसला भएको मु.नं.२२।०५५ का प्रतिवादीहरू भएको र सोही फैसलाबमोजिम उक्त वारदातमा निजहरूलाई दण्ड सजाय ठहर भइसकेको हुँदा निज प्रतिवादीहरूले मिति २०५६।५।३० को गैंडा मारी खाग बिक्री व्यवसाय गरेको प्रस्तुत मुद्दाको वारदातमा मिति २०६४।७।१२ मा दायर भएको पुरक अभियोग माग दाबीबाट सफाइ पाउने ठहर्छ भन्ने चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट मिति २०६९।८।७ मा भएको फैसला।

प्रतिवादी गञ्जसिंहबाहेक अन्य प्रतिवादीहरूले आफ्नो सफाइ पेस गर्न सम्बन्धित निकायमा उपस्थितसम्म नभएको अवस्थामा निजहरू कसुरदार होइनन् भनी भन्न सक्ने अवस्था नै छैन। यी प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण एवं बदरभागी रहेको हुँदा उक्त फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको मिति २०७०।१।४ को पुनरावेदन पत्र।

यसमा प्रतिवादीमध्येका जरिङ्गे भन्ने गञ्जसिंह प्रजा, मिने साइला थापा क्षेत्री, विष्णु कार्की, हरी कार्की, ढेडु काले बानिया क्षेत्री, वीरबहादुर अधिकारी, न्यौपाने बाजे, न्यौपाने माईला, न्यौपाने साइला, चन्द्रे चेपाङ, पुते माइला, राजु थापा क्षेत्री, राजु थापाको भाइ स्याने थापा र यम बहादुर बानियाको हकमा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट मिति २०६७।७।८ मा भएको फैसला बदर भई निजहरूको हकमा पुनः

ईन्साफको लागि सुरू मिसिल चितवन राष्ट्रिय निकुञ्ज कार्यालयमा पठाइएकोमा निज प्रतिवादीहरूको हकमा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट मिति २०६९।८।७ मा फैसला भई मिसिलसमेत प्राप्त भइसकेको देखिँदा प्रस्तुत मुद्दा मुलतबीबाट जगाई दिएको छ भन्ने मिति २०६९।११।३ मा पुनरावेदन अदालत, हेटौंडाबाट भएको आदेश।

यसमा प्रतिवादीहरू मुन्ना प्रजा, कमल प्रजा, ठूलो भाइ भन्ने वीरबहादुर प्रजा, कविराज मगरले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण, २०२९ को दफा ५(क) १९(१) र २६(१) को अपराध गरेको पुष्टि भएको देखिँदा कसुरको मात्राअनुसार ऐ.ऐनको दफा २६(१) अनुसार प्रतिवादी मुन्ना प्रजा र प्रतिवादी कमल प्रजालाई जनही १५ वर्ष कैद र रू.१,००,०००।- जरिवाना हुने, ऐ. ऐनअनुसार प्रतिवादी वीरबहादुर प्रजालाई ८ वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने, प्रतिवादी कविराज मगरलाई रू.१,००,०००।- जरिवाना हुने गरी चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट मिति २०६७।७।८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ।

त्यस्तै प्रतिवादीहरू जरिङ्गे भन्ने गञ्जसिंह प्रजा, विष्णु कार्की, साइला थापा क्षेत्री, ढेडु काले बानिया क्षेत्री, यम बहादुर बानिया, हरि कार्की, वीरबहादुर अधिकारी, न्यौपाने बाजे, न्यौपाने माइला, न्यौपाने साइला, चन्द्रे चेपाङ्ग, पुते माइला, राजु थापा क्षेत्री, स्याने थापासमेतका १४ जना प्रतिवादीहरूले मिति २०५६।५।३० को घटनास्थल लास प्रकृति मुचुल्काअनुसारको गैंडा मारी खाग बिक्री व्यवसाय गरेको भन्ने वारदातमा संलग्न भएको प्रमाणित भएको नदेखिँदा प्रस्तुत मुद्दाको वारदातमा मिति २०६४।७।१२ मा दायर भएको पुरक अभियोग मागदाबीबाट सफाइ पाउने ठहर्‍याई चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट मिति २०६९।८।७ मा भएको फैसला निजहरूको हकमा मिलेको देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।२।१४ मा भएको फैसला।

प्रस्तुत मुद्दामा मैले अधिकारप्राप्त अधिकारी तथा मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान स्वेच्छाको नभई मलाई लेखी राखेको कागजमा बाध्य पारी सहीछाप गराएकोसम्म हो। गैंडाको लास मुचुल्कामा सुब्बा खहेरू चमारको लजभन्दा करिब २१/२ कि.मि. पर लास फेला परेको बेहोरा उल्लेख छ। उक्त गैंडा मरेको समय कहिले हो खुलेको देखिँदैन। सुब्बा खहेरू चमारको लज र बयानमा उल्लिखित चितवन जङ्गल लज एउटै हो भन्ने पुष्टि हुन नसकेको हुँदा यस्तो विवादास्पद प्रमाणलाई आधिकारिक प्रमाण भनी भन्न मिल्दैन।

प्रस्तुत मुद्दामा म पुनरावेदक प्रतिवादीको साबिती बयानमा मैले एक गैंडा मारेको स्वीकार गरेको अन्य ४ वटा गैंडा मार्नमा सहयोगीको भूमिका निर्वाह गरेको उल्लेख छ। मुद्दा अनुसन्धान गर्ने अधिकारी

र मुद्दामा निर्णय गर्ने अधिकारी एउटै कार्यालय प्रमुख र सहायक कर्मचारी रहने प्रकृतिको कार्यविधि रहेको प्रस्तुत विवादमा अन्य फौजदारी मुद्दामा हुने अनुसन्धान गर्ने छुट्टै निकायले गरेको अनुसन्धान समान दृष्टिकोणबाट हेरिन मिल्ने होइन।

प्रतिवादीमध्येका वीरबहादुर प्रजासमेत गैंडा मारी हिस्सा लिनेमा साबित छन्। निज पनि रा.नि. तथा व.ज.संरक्षण ऐन, २०२९ को दफा २६(१) को सजायको अभियोग लागेका पक्ष हुँदा दुई प्रतिवादीबीच के कारणले सजायमा फरक परेको हो फैसलामा कहींकतै उल्लेख छैन। कानूनका नजरमा सबै समान रहने अवधारणालाई समेत यो फैसलाले अस्वीकार गरेको छ। मबाट बन्दुकलगायतका कुनै हतियार बरामद भएको छैन। मलाई पोल गर्ने सहअभियुक्तको पोललाई पुष्टि गर्ने स्वतन्त्र प्रमाणको अभाव छ। वादीदाबी पुष्टि गर्ने दशीलगायतको स्वतन्त्र प्रमाण वादीले पेस गर्न नसकेको अवस्थामा पनि मलाई केवल ल्याप्चे छाप लगाउन वादी सफल भएको कारणले सो प्रमाणलाई मूल प्रमाण मानी स्वतन्त्र प्रमाणको अभावमा दोषी ठहर गरी अधिकतम सजाय गर्ने गरेको चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसरा चितवनको फैसलालाई नै यथावत् सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।२।१४ को फैसला बदर गरी झुट्टा अभियोग दाबीबाट सफाइ पाउने गरी न्याय पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी मुन्ना प्रजाको यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

प्रस्तुत मुद्दामा प्रतिवादीहरू संगठितरूपमा गैंडा मारी खाग बिक्री गर्ने आपराधिक कार्यमा संलग्न व्यक्तिहरू हुन् भन्ने तथ्य स्थापित भएको देखिन्छ। सुरू फैसलाले प्रतिवादीमध्येका ठूलो भाइ भन्ने वीरबहादुर प्रजा र कविराज मगरसमेतको वारदातमा संलग्नता रहेको स्वीकारी निजहरूलाई कसुर ठहर भएका अन्य प्रतिवादीभन्दा कम सजाय गरेको छ तापनि निजहरूलाई के कुन आधारमा कम सजाय हुने हो फैसलामा स्पष्ट छैन। यी प्रतिवादीहरू पनि मुन्ना प्रजासँगै राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र गई गैंडा मारी खाग बिक्री व्यवसाय जस्तो गम्भीर प्रकृतिको कसुरमा संलग्न रहेको देखिँदा देखिँदै त्यस्ता कसुरदारलाई तल्लो हदको सजाय ठहर गरेको फैसला त्रुटिपूर्ण छ। वन्यजन्तुसँग सम्वद्ध अपराधलाई गम्भीर एवं संगीन प्रकृतिको अपराधका रूपमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानून तथा सन्धि सम्झौताहरू समेतले स्वीकार गरेको छ। प्रतिवादीहरू संगठितरूपमा गैंडा जस्तो संरक्षित लोपोन्मुख वन्यजन्तु मारी खाग तस्करी गर्ने कार्यमा संलग्न भएको पुष्टि हुन आएको अवस्थामा प्रतिवादीमध्ये सजाय निर्धारण हुँदा केहीका हकमा Mitigating factors र केहीका हकमा Aggravating factors प्रयोग हुने अवस्था हुँदैन। प्रतिवादीमध्येका जरिङगे भन्ने गञ्जसिंह प्रजासमेतले अनुसन्धानको सिलसिलामा र मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दासमेत गैंडा मार्ने कार्यमा आफूसमेत विष्णु कार्की, मिने साइला थापा क्षेत्री,

ढेकुलाले बानिया क्षेत्री, यामबहादुर बानिया, हरि कार्की, वीरबहादुर अधिकारीसमेत संलग्न रहेको किटानी पोल गरेको देखिन्छ। यसैगरी प्रतिवादीहरू मिली संरक्षित वन्यजन्तु सिकार गरी त्यसको अंगहरू निकाली बिक्री गरी आएको रकम बाँडी खाने गरेको भन्ने कुरा सह अभियुक्तहरूको बयानबाट समेत देखिएको अवस्थामा यी प्रतिवादीहरूलाई सफाइ दिएको फैसला त्रुटिपूर्ण छ। २०५६ साल भाद्र महिनाको अन्तिमतिर गैंडा मारेको वारदातमा यी प्रतिवादीहरू समेतको संलग्नता रहेको मौकाको प्रतिवेदनसमेतबाट देखिएको सन्दर्भमा फरक अभियोग प्रस्तुत गरिएकोमा प्रतिवादी गन्जसिंहबाहेक अन्य प्रतिवादीहरूले आफ्नो सफाइ पेस गर्न उपस्थित हुन नआई कसुर स्वीकार गरी बसेको अवस्थासमेतबाट पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी उल्लिखित प्रतिवादीहरूलाई समेत अभियोग मागदाबीबमोजिम नै सजाय गरी पाउन अनुरोध छ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारका तर्फबाट यस अदालतमा पर्न आएको पुनरावेदन पत्र।

नियमबमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको सुरू तथा पुनरावेदन मिसिलसमेत अध्ययन गरियो।

पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित हुनु भएका विद्वान् उपन्यायाधिवक्ता श्री पुण्यप्रसाद पाठकले कुनैपनि फौजदारी मुद्दामा कसुरदार ठहर भई सजाय कायम गर्दा आधार र कारण स्पष्ट उल्लेख हुनुपर्छ पुनरावेदन अदालतको फैसलामा समान प्रकृतिका कसुरदारहरूलाई कम बढी सजाय निर्धारण हुँदा त्यसको स्पष्ट आधार खुलाएको छैन। वन्यजन्तुसँग सम्बन्धित कसुर गम्भीर र संगीन प्रकृतिको त्यसमाथि पनि संगठितरूपमा गरिएको अवस्था हुँदा सबै प्रतिवादीहरूको कसुर प्रमाणित भइरहेको स्थितिमा केही प्रतिवादीहरूलाई सफाइ दिने ठहर भएको फैसलासमेत त्रुटिपूर्ण छ भनी बहस प्रस्तुत गर्नुभयो। पुनरावेदक प्रतिवादी तर्फबाट कुनैपनि कानून व्यवसायी उपस्थित हुन आउनु भएन।

यसमा प्रतिवादीहरू मुन्ना प्रजा, कविराज मगर, कमल प्रजा, ठूलो भाइ भन्ने वीरबहादुर प्रजा, गोरे अधिकारी, कुन्दन तामाङ र मुसे माइला तामाङले मिति २०५६।५।३० मा गरिएको मृत गैंडाको प्रकृति मुचुल्कामा उल्लेख भएको गैंडालाई मारी सोही गैंडाको खाग काटी बिक्री व्यवसाय गरेको हुँदा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) को कसुर अपराध भए गरेको देखिएकोले सोही ऐनको दफा २६(१) बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी देखियो। गैंडा मारी खाग बिक्री व्यवसाय गरेको मुद्दाको अनुसन्धानमा तत्काल खुल्न नआएको तर पछि मुन्ना प्रजासमेतको इजलाससमक्षको बयानपश्चात्को थप अनुसन्धानबाट जरिङ्गे भन्ने गन्जसिंह प्रजा, विष्णु कार्की, मिने साइला थापा क्षेत्री, ढेडुकाले बानिया क्षेत्री, यामबहादुर बानिया क्षेत्री, हरि कार्की,

वीरबहादुर अधिकारी, न्यौपाने बाजे, न्यौपाने माइला, न्यौपाने साइला, चन्द्रे चेपाङ्ग, पुते माइला, राजु थापा क्षेत्री र स्थाने थापासमेतको उक्त कसुरमा संलग्नता रहेको भन्ने खुल्न आएको हुँदा निजहरूको हकमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९)१) को कसुरमा सोही ऐनको दफा २६(१) बमोजिम सजाय गरिपाउँ भन्ने मागदाबी भएको पुरक अभियोग देखिन आउँछ। प्रतिवादी मुन्ना प्रजा र प्रतिवादी कमल प्रजालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) १९(१) र २६(१) को कसुरमा सोही ऐनको दफा २६ (१) बमोजिम जनही १५ वर्ष कैद र रू.१,००,०००।- जरिवाना, प्रतिवादी ठूलो भाइ भन्ने वीरबहादुर प्रजालाई ऐ. ऐनको दफा २६(१) बमोजिम ८ वर्ष कैद र रू.५०,०००।- जरिवाना र प्रतिवादी कविराज मगरलाई ऐ. ऐनको दफा ५(क) र २६(१) को कसुरमा सोही ऐनको दफा २६(१) बमोजिम रू.१,००,०००।- जरिवाना हुने ठहर गरी चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृतबाट भएको फैसलाउपर पुनरावेदन अदालत, हेटौंडामा पुनरावेदन पर्दा पुरक अभियोगमा भएका प्रतिवादीहरूको हकमा मुलुकी ऐन अदालती बन्दोबस्तको १९२ नं.को रित नपुगेकोले उक्त फैसला बदर भई निज प्रतिवादीहरूको हकमा समेत जो जे बोल्नुपर्ने बोली पुनः निर्णय गर्नु भनी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६९।१।५ मा फैसला भएको देखियो। चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट मिति २०६९।८।७ मा पुनः निर्णय हुँदा प्रतिवादीहरू जरिङ्गे भन्ने गन्जसिंह प्रजा, विष्णु कार्की, मिने साइला थापा क्षेत्री, ढेडुकाले बानिया क्षेत्री, यामबहादुर बानिया क्षेत्री, हरि कार्की, वीरबहादुर अधिकारी, न्यौपाने बाजे, न्यौपाने माइला, न्यौपाने साइला, चन्द्रे चेपाङ, पुते माइला, राजु थापा र स्थाने थापासमेत पुरक अभियोगमा कायम भएका निज प्रतिवादीहरूको प्रस्तुत वारदातमा कुनै संलग्नता नदेखिएको हुँदा सफाइ पाउने भनी ठहर भएको देखिन आयो। चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको उपर्युक्त मिति २०६७।७।८ र मिति २०६९।८।७ मा भएको फैसला सदर हुने ठहर भएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।२।१४ को फैसलाउपर प्रतिवादी मुन्ना प्रजा तथा वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा छुट्टाछुट्टै पुनरावेदन पर्न आएको देखियो।

प्रतिवादी मुन्ना प्रजाको पुनरावेदन जिकिर हेर्दा निजले मुख्यरूपमा अधिकारप्राप्त अधिकारी तथा मुद्दा हेर्ने अधिकारीसमक्षको बयान आफ्नो स्वइच्छाले नभई बाध्य पारी सहिछाप गर्न लगाएको, गैंडा मरेको मिति नै यकिन नभएको, प्रतिवादी वीरबहादुर प्रजासमेत गैंडा मारी हिस्सा लिनेमा साबित हुँदाहुँदै निज र मलाई सजायमा के कारणले फरक पर्‍यो फैसलामा केही उल्लेख नभएको, मबाट कुनै हतियारसमेत बरामद नभएको अवस्थामा पुनरावेदन अदालत, हेटौंडाको फैसला त्रुटिपूर्ण रहेको भनी बेहोरा उल्लेख गरेको पाइन्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिरमा सुरू फैसलाले प्रतिवादीमध्येका ठूलो

भाइ भन्ने वीरबहादुर प्रजा र कविराज मगरलाई कसुर ठहर भएको अन्य प्रतिवादी भन्दा कम सजाय गरेको आधार स्पष्ट नखुलाएको, फैसला गर्दा प्रत्येक मुद्दाका सन्दर्भमा अलगअलग विष्लेषण गरी ठहरमा पुग्नुपर्नेमा अर्को मुद्दाको सन्दर्भ उल्लेख गरी ठहरमा पुगिएको, सफाइ पेस गर्न नआई कसुर स्वीकार गरी बस्ने गन्जसिंह प्रजासमेतले अनुसन्धानको सिलसिलामा बयान गर्दा सफाइ पाउने अन्य प्रतिवादीहरूले कसुरमा संलग्न रहेको भनी पोल गरेकोसमेतबाट कसुर ठहर भएका प्रतिवादीहरूलाई कम सजाय गरेको र अन्य प्रतिवादीहरूलाई सफाइ दिएको फैसला त्रुटिपूर्ण भएको भनी बेहोरा उल्लेख गरेको पाइन्छ।

मिसिल संलग्न कागज प्रमाण, पुनरावेदकहरूको पुनरावेदन जिकिर तथा विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसमेतका आधारमा प्रस्तुत मुद्दामा सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट भएको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको छ वा छैन र पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन ? भन्ने प्रश्नमा सीमित रही निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा यी पुनरावेदक प्रतिवादी मुन्ना प्रजाले आफूले गैंडा मार्ने कार्य नगरेको, आफू निर्दोष रहेको भएपनि सुरू तथा पुनरावेदन अदालतले आफूलाई दोषी ठहर गरेको भनी पुनरावेदन जिकिर लिएको पाइन्छ। निजको उक्त पुनरावेदन जिकिर सम्बन्धमा सर्वप्रथम विष्लेषण गर्नुपर्ने देखिन आयो।

३. मिति २०५६।५।३० का दिन शाही चितवन राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र चितवन जंगल लजभन्दा करिब २१/२ कि.मी. पश्चिममा गैंडा मृत अवस्थामा भेटिएको भन्ने मिति २०५६।५।३० को घटनास्थल एवं लास प्रकृति मुचुल्का देखिन्छ। प्रतिवादी मुन्ना प्रजाले इजलाससमक्ष गरेको बयानमा निजले २०५२ साल जेठ, २०५४ साल असार, २०५४ सालको चैत्र, २०५६ सालको भाद्र महिना गरी चार पटक गैंडा मारी खाग निकाली बिक्री गरेको र सोबापत क्रमशः रू.१७०००।-, १५०००।-, १५०००।- र रू.२५,०००।- आर्थिक लाभ लिएको तथा २०५६ साल श्रावणमा पनि गैंडा मार्न भनी प्रहार गरेको गोली नलागेकोले सफल हुन नसकेको भन्ने उल्लेख गरिदिएको देखिन्छ। निजको उक्त भनाई मिति २०५६।५।३० को मृत गैंडाको प्रकृति मुचुल्का, निजबाट बन्दुकको नाल तथा खुकुरी बरामद भएको भन्ने मिति २०६४।१।१८ र मिति २०६४।१।२० को बरामदी मुचुल्काबाट समर्थित भएको छ। प्रतिवादी कमल प्रजाले इजलाससमक्ष बयान गर्दा उक्त गैंडा मार्ने कार्यमा मुन्ना प्रजाले आफैंले ल्याएको बन्दुकबाट गोली प्रहार गरेको र खाग पनि निजले नै काटी रासी खोला किनारमा उसिनेर हाड मासु छुट्याई निजले

नै बिक्री गरी आफूलाई रू.१५०००।- दिएको भन्ने बेहोरा उल्लेख गरेको र अन्य प्रतिवादीहरू कविराज मगर, वीरबहादुर प्रजासमेतले इजलाससमक्ष गरेको बयान बेहोरासमेत सोही बेहोरासँग मिल्दोजुल्दो देखिन आउँछ। उपर्युक्त प्रत्यक्ष एवं परिस्थितिजन्य प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादी मुन्ना प्रजा चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र सुरक्षितरूपमा रहनु पर्ने गैंडा मारी खाग बिक्री गर्ने कार्यमा सक्रिय रही प्रस्तुत मुद्दाको मिति २०५६।५।३० मा मृत फेला परेको गैंडा मारी खाग बिक्री गरी आर्थिक लाभ लिएको देखिन आएको हुँदा निज चितवन राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र अभियोग दाबीबमोजिमको कसुरमा संलग्न रहेको देखियो।

४. अब पुनरावेदक प्रतिवादी मुन्ना प्रजा तथा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरमा कसुर ठहर भएका प्रतिवादीहरूबीच सजायमा फरक पारेको आधार सुरू तथा पुनरावेदन फैसलाहरूले स्पष्ट नखुलाएको भनी जिकिर लिएको सन्दर्भमा विचार गर्नुपर्ने हुन आयो।

५. कुनै कसुरमा एकभन्दा बढी प्रतिवादीहरूलाई तत्सम्बन्धी ऐनको एउटै दफाको सजायको माग गरिएको भएपनि कानूनले निर्णयकर्तालाई विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको अवस्थामा मिसिल संलग्न कागज प्रमाणहरूको विश्लेषण गरी वारदातमा व्यक्तिपिच्छे प्रतिवादीको संलग्नता, भूमिका जस्ता विषयहरू पहिचान गरी वारदात घटाउन नेतृत्व लिएको, सहायकको भूमिकामा रहेको, आफैं प्रहार गरेको, गौंडा कुरेको, सुराकीको भूमिका निर्वाह गरेको, लाभ लिने कार्यमा सहभागी भए नभएको, हातहतियारको बन्दोबस्त आदि गरे नगरेकोलगायतका थुप्रै विषयहरूका आधारमा अमुक कसुर घटाउनमा कुनै प्रतिवादीको के कति भूमिका र हिस्सा छ त्यही आधारमा कसुरको मात्राअनुसार सजाय निर्धारण हुने हुँदा एउटै किसिमको अभियोगदाबी भएका सबै प्रतिवादीहरूलाई समान सजाय हुनुपर्छ भनी मान्न मिल्दैन।

६. यी पुनरावेदक प्रतिवादी मुन्ना प्रजाले अनुसन्धानको क्रममा तथा इजलाससमक्ष बयान गर्दा आफूले ५ पटकसम्म गैंडा मारी खाग बिक्री व्यवसाय गरी आर्थिक लाभ लिइसकेको छु। पाँचौ पटक २०५६ सालको भाद्र महिनातिर मसमेत हाल पक्राउ परी आउने कमल प्रजा, जेलमा परेका रिसिङ्गे भन्ने गोपाल प्रजा र ठूलोभाइ प्रजा भएर निकुञ्जभित्र पर्ने अमृतेदेखि पूर्वपट्टी रातपानी भन्ने ठाउँमा गई मेरै बन्दुकले म आफैंले गोली हानी गैंडा मारी खाग काटी ल्याएको र सोबापत रू.२५,०००।- प्राप्त गरेको भनी उल्लेख गरेको पाइन्छ। निजबाट भरूवा बन्दुकको नाल र खुकुरी बरामद भएको अवस्था विद्यमान देखिन्छ। अन्य प्रतिवादीहरू कमल प्रजा र कबिराज मगरले अनुसन्धानको क्रममा एवं इजलाससमक्ष बयान गर्दा मुन्ना प्रजाले आफैंले ल्याएको

बन्दुकले गोली हानी गैंडा मारेको भनी बेहोरा उल्लेख गरिदिएको पाइन्छ। यसबाट प्रस्तुत गैंडा मारी खाग बिक्री गरेको कसुरमा अन्य प्रतिवादीहरूभन्दा यी पुनरावेदक प्रतिवादी मुन्ना प्रजाको भूमिका फरक र मुख्य प्रकृतिको रहेको कुरामा कुनै आशंका रहेन।

७. प्रतिवादी वीरबहादुर प्रजाको इजलाससमक्षको बयानमा निजले आफू गैंडा मार्न मुन्ना प्रजा र कमल प्रजासँग गएको र पछि निजहरूले घरमा आई रू.५०००।- दिएको भनी लेखाएको पाइन्छ। प्रतिवादी कविराज मगरले आफ्नो बयानमा आफू एकपटक मात्र गैंडा मार्न भनी गएकोमा गोली अन्यत्रै लागि गैंडा भागेको हो भनी गैंडा मार्ने कार्यको उद्योगसम्ममा साबित रहेको देखिन्छ। प्रतिवादीहरू कमल प्रजा र मुन्ना प्रजाको इजलाससमक्षको बयानमा पनि यी दुवै प्रतिवादीहरू मुख्य भई गैंडा मारी खाग बिक्री कार्यमा सहयोगीभन्दा बढी भूमिकामा थिए भनी उल्लेख भएको अवस्था छैन। मुन्ना प्रजाले इजलाससमक्षको बयानमा कबिराज मगर एकपटकभन्दा बढी गैंडा मार्ने कार्यमा संलग्न नभएको भनी उल्लेख गरेको छन्। यी प्रतिवादीहरूबाट अपराध घटाउन प्रयोग हुने कुनै दशी बरामद हुन सकेको अवस्था विद्यमान छैन। यसबाट गैंडा मारी खाग बिक्री कार्यमा प्रतिवादीहरू वीरबहादुर प्रजा र कविराज मगरको संलग्नता पुष्टि भएको अवस्था देखिन आएपनि पुनरावेदक प्रतिवादी मुन्ना प्रजा र निजहरूको उक्त वारदात घटाउन समान भूमिका र सक्रियता देखिन आउँदैन। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) मा गैरकानूनी तरिकाले गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई मार्ने, घाइते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको विना, हिउँ चितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने वा बिक्री गर्ने व्यक्तिलाई पचास हजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुनेछ भन्ने व्यवस्था रहेको पाइन्छ। प्रस्तुत ऐनअन्तर्गतको कसुरमा कसुरको मात्राअनुसार घटिबढि सजाय हुन सक्ने विधायिकी मनसाय उक्त दफामा रहेको देखिन आउँछ। उपर्युक्त कानूनी व्यवस्थाको आधारमा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले प्रतिवादीहरूको हकमा निर्धारण गरेको सजाय अन्यथा देखिन आएन। अन्य प्रतिवादीलाई भन्दा आफूलाई बढी सजाय भएको फैसला मिलेको छैन भन्ने यी पुनरावेदक प्रतिवादी मुन्ना प्रजाको तथा प्रतिवादीहरू वीरबहादुर प्रजा र कविराज मगरलाई कसुर ठहर भएका अन्य प्रतिवादीभन्दा कम सजाय भएको फैसला मिलेको छैन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

८. त्यसै गरी प्रतिवादीमध्ये केहीका हकमा सजाय निर्धारण हुँदा Mitigating factors र केहीका हकमा Aggravating factors प्रयोग भएको मिलेन भन्ने नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा पनि केही विवेचना हुनु आवश्यक देखिन आउँछ। फौजदारी कानूनको उल्लङ्घनका लागि सजाय निर्धारण गर्दा विभिन्न सिद्धान्त र अवधारणाहरूको प्रयोग हुँदै आएको पाइन्छ। Mitigating factors भन्नाले कुनै व्यक्तिलाई अदालतले कसुरदार ठहर्‍याएपछि निजलाई कम सजाय गर्न लिने आधारहरूलाई बुझिन्छ भने Aggravating factors भन्नाले कसुरको गम्भीरता बढाउने र अधिकतम सजाय गर्ने आधारहरूलाई बुझिन्छ। Mitigating factors का लागि जो विरूद्ध अपराध भएको छ। उसैको उक्साहटको कारण अपराध घटाउन कसुरदार प्रेरित भएको अवस्था, कसुरदारको मानसिक अवस्था, उमेर, उक्त अपराध घटाउन कसुरदारको अत्यन्त कम भूमिका, कसुरदारको पूर्व आपराधिक रेकर्डको अभाव, अपराध घटाउन पीडितको संलग्नतासमेत रहेको अवस्था, अपराध गर्दाको अवस्था र परिस्थिति आदिको आधारमा विधायिकाले न्यूनतम सजाय गर्ने गरी कानूनमा नै व्यवस्था गरिदिएको वा निर्णयकर्ता (Judge) लाई तत्सम्बन्धी विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको अवस्थाहरू पर्दछन्। जबकी Aggragating factors पटके अपराधी, पीडितलाई पुगेको क्षतिको गम्भीरता, कसुर घटाउन कसुरदारको नेतृत्वपूर्ण भूमिका, सामाजिकरूपमा अत्यन्त निकृष्ठ र अनैतिक मानिने कसुर, पदको आडमा गरिने कसुर र क्रूर तथा यातनापूर्ण तवरले गरिएको अपराध, अपराधमा घातक हतियारको प्रयोग आदि जस्ता आधारमा विधायिकाले अधिकतम सजाय गर्ने भनी कानूनमा नै व्यवस्था गरिदिएको वा निर्णयकर्तालाई तत्सम्बन्धमा विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको अवस्थाहरू पर्दछन्, हाम्रो प्रचलित नेपाली फौजदारी कानूनमा पनि कसुरदारलाई कुनै कसुरका लागि दायित्व वहन गराउनेसम्बन्धी विभिन्न सिद्धान्तहरूको व्यवस्था भएको पाइन्छ। कतिपय कसुरका लागि सजाय निर्धारणमा न्यायाधीशलाई विवेक प्रयोग गर्न कुनै स्थान नै दिइएको पाइँदैन भने कतिपय कसुरका लागि कसुरको मात्राअनुसार सजाय निर्धारण गर्ने गरी विवेक प्रयोग गर्ने अधिकार न्यायाधीशलाई प्रदान गरिएको पनि पाइन्छ। के कस्तो अवस्थामा Aggragating factors अपनाउने र के कस्तो अवस्थामा Mitigating factors अनुशरण गर्ने भनी हामी कहाँ छुट्टै कानून नभएपनि विभिन्न कानूनमा एउटै कसुरका लागि सजायको न्यूनतम र अधिकतम हदको सजायसम्बन्धी व्यवस्थालाई सोहीरूपमा बुझ्न सकिन्छ। मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नं. को व्यवस्थालाई Mitigating factors को अनुसरणका लागि विधायिकाले न्यायाधीशलाई विवेक प्रयोग गर्ने अधिकार प्रदान गरेको रूपमा बुझ्न सकिन्छ। Mitigating factors को अनुशरण गर्दा

कुनै कसुरमा संलग्न व्यक्तिलाई माथि उल्लिखित विभिन्न आधारमा कम सजाय निर्धारण गर्ने हो भने त्यही कसुरका लागि Aggragating factors अनुशरण गर्ने माथि उल्लिखित आधारहरू देखिन आएमा सजायको मात्रा बढाउने हो। यसबाट Mitigating वा Aggravating factors सजाय निर्धारणमा न्यायाधीशलाई प्राप्त विवेकाधिकारसित सम्बन्धित छ भन्ने बुझिन आउँछ। कसुरको मात्राअनुसार सजाय हुने भन्ने कुरा पनि कुनै न कुनैरूपमा Mitigating वा Aggravating factors सित सम्बन्धित विषय हो। कसुरको मात्रा भनेको तथ्य र प्रमाणबाट कुनै कसुर घटाउन कुनै व्यक्तिको के कस्तो संलग्नता र भूमिका छ भन्ने कुरा निर्धारण गर्ने हो। कुनै वारदातमा मुख्य भई भूमिका निर्वाह गर्ने, सहयोगसम्म गर्ने, लाभ लिने, योजना बनाउने, वातावरण तयार गरिदिने आदि विभिन्न भूमिकाहरूका लागि कानूनले छुट्टाछुट्टै भार तय गरेको अवस्थामा एउटै कसुरमा एकभन्दा धेरै कसुरदारहरूको संलग्नता रहेको परिप्रेक्ष्यमा तीमध्ये प्रत्येक कसुरदारको उक्त वारदात घटाउन के कस्तो र के कति भार पर्छ त्यही कसुरको मात्रा हुन आउँछ। प्रस्तुत मुद्दाका सन्दर्भमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को माथि उल्लिखित दफा २६(१) लाई हेर्दा गैरकानूनी तरिकाले उक्त दफामा उल्लिखित कसुर गर्ने व्यक्तिलाई पचास हजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुनेछ भन्ने व्यवस्था देखिन्छ। जसअनुसार सो कसुरमा संलग्नहरूको हकमा अधिकतम र न्यूनतम सजायको व्यवस्था भएको अवस्था छ। प्रतिवादी कायम भएकामध्ये कसुर ठहर भएका जति सबैलाई एउटै सजाय हुनुपर्ने भन्ने विधायिकाको मनसाय नभई माथि उल्लिखित विश्लेषणसमेतका आधारमा कसुरको मात्राअनुसार कानूनले निर्धारण गरेको अधिकतम र न्यूनतम सजायको सीमाभित्र रही प्रतिवादीहरूलाई सजाय कायम गरेको चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला न्यायसङ्गत देखिन आयो।

९. मिति २०६४।७।१२ को पुरक अभियोगमा कायम भएका अन्य प्रतिवादीहरूले सफाइ पाउने ठहर भएको पुनरावेदन अदालतको फैसला मिलेको छैन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा प्रतिवादीहरू गञ्जसिंह प्रजा, विष्णु कार्की, साईला थापा क्षेत्री, ढेडुकाले बानिया क्षेत्री, यामबहादुर बानिया क्षेत्री, हरि कार्की, वीरबहादुर अधिकारी, न्यौपाने बाजे, न्यौपाने माइला, न्यौपाने साइला, चन्द्रे चेपाङ, पुते माइला, राजु थापा क्षेत्री र स्याने थापासमेत १४ जनाका हकमा मिति २०५६।५।३० को प्रस्तुत वारदातमा संलग्नता रहेको भन्ने कुरा कहींकतैबाट पुष्टि हुन आउँदैन। पक्राउ परी इजलाससमक्ष बयान गर्ने मुन्ना प्रजालगायत अन्य प्रतिवादीहरूले पनि उक्त वारदातमा निज प्रतिवादीहरूको संलग्नता थियो भनी पोल गरेको

अवस्थासमेत विद्यमान देखिँदैन। उल्लिखित १४ जना प्रतिवादीहरूका हकमा प्रतिवादी कान्छा भन्ने गञ्जनसिंह प्रजाले अनुसन्धानको क्रममा तथा इजलाससमक्ष बयान गर्दा निजहरूलाई पोल गरेको भन्नेबाहेक निजहरू कसुरदार हुन् भन्ने अन्य कुनै स्वतन्त्र र वस्तुनिष्ठ प्रमाण पेस भएको उक्त पुरक अभियोगमा समेत उल्लेख गर्न सकेको नदेखिँदा एक जना व्यक्तिको भनाईलाई मात्र आधार मानी अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नहुँदासम्म कसुरदार मान्न न्यायोचित नहुने हुँदा निज १४ जना प्रतिवादीहरूले सफाइ पाउने ठहर भएको फैसला कानूनसङ्गत देखिन आयो।

१०. तसर्थ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम कसुरको मात्राअनुसार प्रतिवादी मुन्ना प्रजालाई १५ वर्ष कैद र रू.१,००,०००।- जरिवाना, प्रतिवादी वीरबहादुर प्रजालाई ८ वर्ष कैद र रू.५०,०००।- जरिवाना र प्रतिवादी कविराज मगरलाई रू.१,००,०००।- जरिवाना हुनेगरी चितवन राष्ट्रिय निकुञ्ज कार्यालयबाट मिति २०६७।७।८ मा भएको फैसला र प्रतिवादीहरू जरिङ्गे भन्ने गञ्ज सिंह प्रजा, विष्णु कार्की, साइला थापा क्षेत्री, ढेडु काले बानिया क्षेत्री, यमबहादुर बानिया, हरि कार्की, वीरबहादुर अधिकारी, न्यौपाने बाजे, न्यौपाने माइला, न्यौपाने साइला, चन्द्रे चेपाङ्ग, पुते माइला, राजु थापा क्षेत्री, स्याने थापाले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई राष्ट्रिय निकुञ्ज कार्यालयबाट मिति २०६९।८।७ मा भएको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।२।१४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी मुन्ना प्रजा र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. गोविन्दकुमार उपाध्याय
इति संवत् २०७३ साल वैशाख १६ गते रोज ५ शुभम्।

१३. मुद्दाः गैंडालाई गोली हानी घाइते बनाएको।

भाग ५९	निर्णय नं. ९८६२	ने.का.प. २०७४	अङ्क ८
सर्वोच्च अदालत, संयुक्त इजलास			
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ			
०६८-CR-१०६३			
फैसला मितिः २०७३।१२।१३			

पुनरावेदक/प्रतिवादीः जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं. ३ घर भई हाल कारागार कार्यालय भरतपुरमा थुनामा रहेका सुकबहादुर कुमालको छोरा रणबहादुर कुमाल

विरूद्ध

प्रत्यर्थी/वादीः स.सं.अ. अणनाथ बरालको जाहेरीले नेपाल सरकार

०६८-CR-१०६४

पुनरावेदक/प्रतिवादीः जिल्ला नवलपरासी, नयाँ बेलहानी गाउँ विकास समिति वडा नं. २ घर भई हाल कारागार कार्यालय भरतपुरमा थुनामा रहेका बाबुलाल लामाको छोरा होमबहादुर लामा

विरूद्ध

प्रत्यर्थी/वादीः स.सं.अ. अणनाथ बरालको जाहेरीले नेपाल सरकार

०६८-CR-११३६

विरूद्ध

पुनरावेदक/प्रतिवादीः जिल्ला नवलपरासी, नयाँ बेलहानी गाउँ विकास समिति वडा नं. २ बस्ने बाबुलाल लामाको छोरा होमबहादुर लामा

०६८-CR-११७३

पुनरावेदक/प्रतिवादीः जिल्ला नवलपरासी, नयाँ बेलहानी गाउँ विकास समिति वडा नं. २ घर भई हाल कारागार कार्यालय भरतपुरमा थुनामा रहेका बाबुलाल लामाको छोरा होमबहादुर लामा

विरूद्ध

प्रत्यर्थी/वादीः स.सं.अ. अणनाथ बरालको जाहेरीले नेपाल सरकार

०६८-CR-११९३

पुनरावेदक/प्रतिवादीः जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं.३ घर भई हाल कारागार कार्यालय भरतपुरमा थुनामा रहेका सन्तबहादुर भन्ने पंकज कुमाल

विरूद्ध

प्रत्यर्थी/वादीः स.सं.अ. अणनाथ बरालको जाहेरीले नेपाल सरकार

पुनरावेदक/प्रतिवादीको तर्फबाटः

प्रत्यर्थी/वादीको तर्फबाटः विद्वान् उपन्यायाधिवक्ता ज्ञानप्रसाद भुसाल

अवलम्बित नजिरः

सम्बद्ध कानूनः

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क), दफा २८

सुरू तहमा फैसला गर्नेः

प्रमुख संरक्षण अधिकृत डा. श्री नरेन्द्रमान बाबु प्रधान

पुनरावेदन तहमा फैसला गर्नेः

मा.न्यायाधीश श्री पुरूषोत्तम भण्डारी
मा.न्यायाधीश श्री सत्यमोहन जोशी थारू

- *लोपोन्मुख प्रजातिलाई संरक्षण गर्न गैंडा मार्ने घाइते पार्ने जस्ता कसुरलाई गम्भीर कसुर मानी सजायको व्यवस्था हाम्रो विद्यमान कानूनमा समेत कठोररूपमा रहेको छ। गैंडा मार्ने योजनामा संलग्नता भए तापनि हरेक व्यक्तिको आआफ्नो कसुरको भूमिका रहेको हुन्छ। ऐनले नै तजबिजी सजायको व्यवस्था गरेको छ। तजबिजी सजायको प्रयोग पनि कसुरको मात्राअनुसार वाञ्छनीय हुने।*
- *कैद र जरिवानाको तजबिजी सजाय गर्दा न्यायकर्ताले सदैव कसुरदारको कसुरको मात्रालाई ध्यान दिनुपर्ने हुन्छ। तजबिजी सजाय गर्दा अपराधमा संलग्न व्यक्तिको पूर्व आपराधिक क्रियाकलापलाई पनि विचार गर्नुपर्ने हुन्छ। विश्वबाट नै लोपोन्मुख हुने सम्भावना भएको गैंडा प्रजातिको शिकार गरी खागको व्यापार गर्ने समूहको नेटवर्क नै हुने गरेको छ। सबै कसुरदारले गरेको कार्यको समष्टिगत परिमाणबाट नै अपराधले पूर्णता पाउने हुँदा हरेक अपराधीको भूमिका गम्भिर प्रकृतिको मान्नुपर्ने।*

(प्रकरण नं.११)

- *निकुञ्ज क्षेत्रभित्र गोली चलेको तथ्य पुष्टि भइरहेको अवस्था, गैंडा घाइते देखिएको भन्ने प्रतिवेदन र प्रतिवादीहरू भेला भई बसेको घरमा पक्राउ पर्दा बरामद भएका गैंडा मार्ने बन्दोबस्तीका सामानहरू बरामद भएका परिस्थितिजन्य प्रमाण र प्रतिवादीहरूको कसुर अपराधलाई स्वीकार गरी गरेको बयान कागजातबाट आरोपित कसुरमा प्रतिवादीहरूको संलग्नता थिएन भन्न नसकिने।*

(प्रकरण नं.१६)

फैसला

न्या. सारदाप्रसाद घिमिरेः न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार छः

मिति २०६४/५/२२ गते मेघौली गाउँ विकास समितिको दद्रनी गाउँको सिधा नारायणी पारी निकुञ्जभित्र गोली पड्केको सूचना पाई गाउँलेको सहयोगमा डुङ्गा तरी गस्ती गर्दा उक्त दिन केही फेला नपरेको र भोलिपल्ट गस्तीको क्रममा दाहिने फिलामा गोली लागी रगत चुहाउँदै हिँडेको गैंडा फेला परेको भनी सिंसवार पोष्टले मिति २०६४/५/२४ मा पेस गरेको मुचुल्का एवम् प्रतिवेदन।

सिसवार पोष्टको रिपोर्टको आधारमा गैंडालाई गोली हान्ने मानिसको खोजी भइरहेको थियो। मिति

२०६४/६/६ गते पहिला गैंडालाई गोली हान्ने मानिस फेरी गैंडा मार्न आउँछन् भन्ने सूचनाको आधारमा चितवन राष्ट्रिय निकुञ्जको गस्ती टोलीले गस्ती गर्दै जाँदा जिल्ला चितवन, मेघौली गाउँ विकास समिति, वडा नं. २ बस्ने सन्तबहादुर कुमालको घरनजिक मानिसहरू जम्मा भएको देखी उक्त स्थानमा जाँदा मानिसहरू भागाभाग गरेको र निजहरूलाई घेरा हाली समात्ने क्रममा जिल्ला नवलपरासी, नयाँबेलहनी गाउँ विकास समिति, वडा नं. २ बस्ने होमबहादुर लामा, जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं. ३ बस्ने रणबहादुर कुमाल र ऐ.ऐ. वडा नं.२ बस्ने माया कुमाललाई घेरा हाली समातेर सोधखोज गर्दा गैंडा मार्ने योजनाको लागि सल्लाह गर्न लागेको भन्ने कुरा खुल्न आएकोले निजहरूलाई केरकार गर्दा माया कुमालले आफ्नो घरमा राख्न दिएको पोकोसमेत ल्याएर दिएकोमा उक्त पोकोमा रडबाट बनाएको गोली, सिसाको गोली, बारूद र अन्य बन्दोबस्तीका सामानहरू समेत फेला परेकोले आवश्यक कारवाहीको लागि निजहरूलाई बरामद सामानसहित चितवन राष्ट्रिय निकुञ्ज कार्यालयमा बुझाएको स.सं.अ. श्री अणनाथ बरालसमेतको मिति २०६४/६/६ गतेको प्रतिवेदन।

माया कुमालले आफ्नो घरबाट निकालेर दिएको पोको फुकाई हेर्दा फेला परेको गोली बारूद र बन्दोबस्तीका सामानहरू समेत बरामद भएको मिति २०६४/६/६ गतेको बरामदी मुचुल्का।

म गैंडा मारेको अभियोगमा जेल बसी निस्केको करिब २ महिना जति भयो। मेरो ससुराली गैंडाकोटमा जाँदा नारायणगढमा जिल्ला चितवन, कोराक गाउँ विकास समिति कालिखोला बस्ने राजकुमार प्रजा र जिल्ला चितवन खैरहनी गाउँ विकास समिति वडा नं. ४ बस्ने बुद्धिबहादुर प्रजासँग भेट भयो। बुद्धिबहादुर प्रजा मसँगै जेलमा बसेकाले चिनजान थियो। निजहरूले नारायणीको पुल नजिक एकान्तमा लगी गैंडा मार्ने कुरा गरे। मैले यो कुरा जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं. २ बस्ने सन्तबहादुर कुमालसँग सल्लाह गर्नु भनें। त्यसपछि निजहरूले गैंडा मार्ने योजना बनाई मिति २०६४/५/२१ गते सन्तबहादुर कुमालको घरमा गई बसी ऐ. २२ गते नारायणी नदी तरी निकुञ्जको क्षेत्रमा गैंडालाई गोली हानेको र उक्त गैंडाको खाग लिन भनी बुद्धिबहादुर लामाको लु.१.प. ८१२३ नं. र बुद्धिबहादुर प्रजाको साथीको अर्को मोटरसाइलमा मेघौली साझापुरसम्म गई खाजा नास्ता खाई बेलुका होमबहादुर लामा र आफू प्रतिक्षालयमा सुतेको, सन्तबहादुर आफ्नो घरमा फर्केको, बुद्धिबहादुर प्रजा, राजकुमार प्रजा र थिङ्ग भन्ने मानिस मोटरसाइकलमा फर्केका, पुनः २०६४ साल असोज महिनाको ६ गते राजकुमार प्रजा, होमबहादुर लामा, सन्तबहादुर कुमाल, माया कुमाल र मसमेत बसी गैंडा मार्ने योजना बनाइरहेको अवस्थामा निकुञ्जको गस्ती टोलीले गोली, बारूद र बन्दोबस्तीका सामानसहित होमबहादुर लामा, म र माया कुमाललाई पक्राउ गरेको हो भनी प्रतिवादी रणबहादुर कुमालले अनुसन्धान अधिकारीसमक्ष मिति २०६४/६/९ गते गरेको साबिती बयान।

मैले गैंडा मार्ने र खाग बिक्री गर्ने कार्य गरेको छैन। तर मेरो श्रीमान् सन्तबहादुर कुमालका साथी भनेर १३-१४ दिन पहिला आई बास बसेका मानिसले दिएको सामानको पोको सुरक्षित राखिदिएकी हुँ। उक्त पोकोमा फलामको रड काटेर बनाइएको गोली, बारूदलगायत सिसाका गोली र अन्य बन्दोबस्तीका सामान पनि रहेका थिए। म उक्त मानिसलाई चिन्दिनँ। निजहरूसँग मेरो श्रीमान् घरबाहिर गई गोप्य कुरा गरेको र के कुरा गरेको हो ? यो सामान के हो? भनी पटक पटक सोधपुछ गर्दा गैंडा मार्नको लागि ल्याएको सामान हो, यो पोको नफुकाउनु भनी भनेकाले उक्त सामान नहेरी राखिदिएको र निकुञ्जको गस्ती टोलीले होमबहादुर लामा, रणबहादुर कुमाल र मलाई पक्राउ गर्ने समयमा त्यो सामानको पोको मैले राखेको ठाउँबाट झिकी दिएको हुँ भनी प्रतिवादी माया कुमालले अनुसन्धान अधिकारीसमक्ष मिति २०६४/६/८ मा गरेको साबिती बयान।

मैले गैंडा मारेको छैन र खाग बिक्री व्यवसाय गरेको रकम पनि पाएको छैन। तर मार्नको लागि सल्लाह गरेको हो र गैंडा मार्न गएका साथीहरूलाई खागसहित नारायणगढसम्म बिक्रीको लागि लैजानको लागि होमबहादुर लामाको लु.१.प. ८१२३ नं. को मोटरसाइकल र साथीको अर्को मोटरसाइकलमा मेघौली, साझापुर आई साथीहरूलाई भेट गर्दा गैंडालाई गोली ताकेको ठाउँमा नलागी पछाडिको फिलामा लागेकाले गैंडा नमरेकाले खाग लैजान पाइएन। यो घटना २०६४ साल भाद्र २२ गतेको हो। पुनः तिज मानेर २०६४ असोज ६ गते सन्तबहादुर कुमालको घर नजिक बसी गैंडा मार्ने योजना बनाइरहेको अवस्थामा निकुञ्जको गस्ती टोलीले हमीलाई बरामद भएका सामानसहित पक्राउ गरेको हो। भाद्र २२ गते गैंडा मार्न जानेमा सन्तबहादुर कुमाल, राजकुमार प्रजा र बौधे प्रजा हुन्। घटनामा जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं. २ बस्ने सन्तबहादुर कुमाल, ऐ.ऐ. वडा नं.३ बस्ने रणबहादुर कुमाल, जिल्ला चितवन, कोराक गाउँ विकास समिति, कालिखोला बस्ने राजकुमार प्रजा, जिल्ला चितवन, खैरहनी गाउँ विकास समिति वडा नं. ४ बस्ने बुद्धिबहादुर प्रजा, कोराक गाउँ विकास समिति बस्ने बौधे प्रजा र ऐ.भ. बस्ने दिपे भन्ने रोगबहादुर कुमालसमेतका मानिसहरू सल्लाह गरिरहेको अवस्थामा निकुञ्जको गस्ती टोलीले पक्राउ गरी सोधखोज गर्दा सन्तबहादुर कुमालकी श्रीमती माया कुमाललाई हाम्रा साथीहरूले राख्न दिएको सामानहरू निकाल्न लगाई हेरेपछि हामीहरूलाई पक्राउ गरी निकुञ्जका कर्मचारीहरूले ल्याएका हुन् भनी प्रतिवादी होमबहादुर लामाले अनुसन्धान अधिकारीसमक्ष मिति २०६४/६/९ गते गरेको साबिती बयान।

गैंडा मार्न जानको लागि बन्दोबस्तीका सामान ओसार पसार गर्न प्रयोग भएको जिल्ला नवलपरासी नयाँ बेलहनी गाउँ विकास समिति वडा नं. २ बस्ने होमबहादुर लामाको लु.१ प. ८१२३ नं. मोटरसाइकल पक्राउ गरी मिति २०६४/६/१३ मा पेस भएको प्रतिवेदन।

आफूसँग सन्तबहादुर कुमालको घरमा गएको गैंडा मार्ने योजनामा संलग्न मानिसहरू मध्ये बौधे प्रजा र अर्का रोगे भन्ने दिपे प्रजा हुन्। मैले आफ्नो बयान दिँदा भुलेकोले नाम भन्न नसकेको हो भनी होमबहादुर लामाले मिति २०६४/६/१५ गते गरेको ततिम्बा बयान।

पक्राउ परेका मानिसहरू गैंडा मार्ने बन्दोबस्तीका सामानहरू सहित पक्राउ परेका हुन् भनी जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं. २ बस्ने दानबहादुर कुमालसमेतका मानिसहरूले मिति २०६४/६/१६ मा गरिदिएको सर्जमिन मुचुल्का।

मिसिल संलग्न प्रमाण कागजातहरूको अध्ययन गरी हेर्दा प्रतिवादीहरूले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) मा निषेधित गरेको वन्यजन्तु गैंडालाई गोली हानी घाइते बनाएकोमा सोही ऐनको दफा २६(१) बमोजिम हदैसम्मको दण्ड सजाय हुने मागदाबी लिएको मिति २०६४/६/२७ गतेको अभियोग पत्र।

मैले गैंडा मार्ने र खाग बिक्री गर्ने काम गरेको छैन। मेरो श्रीमान् सन्तबहादुर कुमालका साथीहरू १३/१४ दिन पहिला मेरो घरमा आई बास बसेकोमा ती मानिसहरूले दिएको सामानको पोको सुरक्षित राखिदिएकी हुँ। उक्त पोकोमा फलामको रड काटेर बनाइएको गोली, बारूद, सिसाका गोली र अन्य सामान पनि थिए। म मेरा श्रीमान्का साथीहरूलाई चिन्दिनँ। तिनीहरूसँग मेरो श्रीमान् घर बाहिर गोप्य कुरा गर्दथे। तर के कुरा गर्दथे मलाई थाहा हुँदैनथ्यो। सामानको बारेमा मैले सोधनी गर्दा गैंडा मार्नको लागि ल्याएको सामान हो भनी मेरा श्रीमान् सन्तबहादुरले भनेकाले सामानहरू नहेरी राखिदिएको थिएँ। निकुञ्जको गस्ती टोलीले होमबहादुर लामा, रणबहादुर कुमाल र मलाई पक्राउ गर्ने क्रममा घरमा राखिएको त्यो सामानको पोको मैले राखेको ठाउँबाट झिकी दिएको हुँ भनी प्रतिवादी माया कुमालले मिति २०६४/६/२८ गते सुरू कार्यालयसमक्ष गरेको बयान।

२०६४ साल भदौ १९ गते मेरो ससुराली गैंडाकोटमा जाँदा नारायणगढमा जिल्ला चितवन, कोराक गाउँ विकास समिति कालीखोला बस्ने राजकुमार प्रजा र ऐ. खैरहनी गाउँ विकास समिति वडा नं. ४ बस्ने बुद्धिबहादुर प्रजासँग भेट भएको हो। उनीहरूसँग भेट हुँदा पहिला सन्तबहादुर कुमालसँग गैंडा मार्न गएका रहेछन्। तर गैंडा मरेन, त्यसै फर्किएछन्। मैले मेरो ज्वाईं पर्ने जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं. २ बस्ने सन्तबहादुर कुमाललाई भेटी सरसल्लाह गर्नु भनी म ससुरालीतिर गएँ। बुद्धि प्रजाले मलाई भोलिपल्ट नारायणी पुलमा भेट गर्न बोलाएको हुँदा म भोलिपल्ट जाँदा नारायणी पुलमा निज बुद्धिबहादुर प्रजासँग भेट भयो। त्यसै बखत जिल्ला नवलपरासी नयाँ बेलहनी-२ बस्ने होमबहादुर लामा र राजकुमार प्रजासमेत सँगै आएका थिए। त्यही नारायणी पुलमा बसी सरसल्लाह गरी म ससुराली गएँ। भेट हुँदा होमबहादुर लामाले लु.१.प. ८१२३ नं. को मोटरसाइकल

ल्याएको थियो। मलाई पनि गैंडा मार्न जाउँ, गैंडा मार्ने गोली, बारूद र बन्दोबस्तीका सामानहरू हामीले व्यवस्था मिलाएका छौं भनी बुद्धिबहादुर प्रजाले भनेको थियो। त्यसपछि २०६४ साल भदौ २२ गते २/३ बजे दिउँसोको समयमा गैंडालाई गोली हानेका रहेछन्। गैंडालाई गोली हान्न जानेमा बुद्धिबहादुर प्रजा, थिङ र गालामा कोठी हुने प्रजा र सन्तबहादुर कुमाल गएका थिए। गैंडा नमरेपछि बुद्धिबहादुर प्रजाले आफ्नो मोटरसाइकलमा चढाएर मलाई नारायणगढबाट मेघौलीतिर लिएर आएको हो। हामी साझापुरको होटलमा बसेर खाजा खायौं। त्यो दिन म त्यहीं प्रतिक्षालयमा सुतेर भोलिपल्ट घर गएँ। उनीहरू मोटरसाइकलमा फर्किए भनी प्रतिवादी रणबहादुर कुमालले मिति २०६४/६/२८ गते सुरू निकुञ्ज कार्यालयसमक्ष गरेको बयान।

२०६४ साल भदौ २२ गते नारायणी नदीको भंगालो तरी निकुञ्ज जङ्गलमा गई गैंडालाई गोली हानेको हो। उक्त बेला गोली हान्दा पछाडिपट्टि फिलामा लागी गैंडा भागी गयो। उक्त गैंडा मरे नमरेको थाहा भएन। गैंडा मार्न जानेमा जिल्ला चितवन, मेघौली गाउँ विकास समिति वडा नं. २ बस्ने सन्तबहादुर कुमाल, ऐ.ऐ. बस्ने रणबहादुर कुमाल, ऐ. कोराक गाउँ विकास समिति कालिखोला बस्ने सुकबहादुर प्रजाको छोरा राजकुमार प्रजा, जिल्ला चितवन, खैरहनी गाउँ विकास समिति वडा नं. ४ बस्ने बुद्धिबहादुर प्रजा, ऐ. जिल्ला, कोराक गाउँ विकास समिति बस्ने थिङ्ग भन्ने बौधे तामाङ र राजकुमार प्रजासँगै आएका ३५/३६ वर्षका दाहिने गालाको ओठनजिक कोठी भएका प्रजासमेतका मानिसहरू मिली गएका हौं। गोली हान्ने उनै कोठी भएका प्रजा हुन्। सन्तबहादुर कुमालको घरबाट अरू मानिसहरू भागी कता गए थाहा भएन। त्यतिबेला सन्तबहादुर कुमालको श्रीमती माया कुमाल, रणबहादुर कुमाल र म पक्राउ भएका हौं भनी प्रतिवादी होमबहादुर लामाले मिति २०६४/११/८ गते सुरू कार्यालयसमक्ष गरेको बयान।

२०६४ साल भाद्र २२ गतेका दिन मेरो जेठान रणबहादुर कुमालसहित ४ जना मैले नचिनेका मानिसहरू मेरो घरमा आएका हुन्। उनीहरूमध्ये २ जनाले २ वटा जिन्सको झोलामा गैंडा मार्ने बन्दोबस्तीका सामान ल्याएका रहेछन्। त्यस दिन राति मेरो घरमा बास बसेका हुन्। राति खानाको लागि उनीहरूले चाउचाउ ल्याएर पकाई खाएका हुन्। उक्त चाउचाउ मेरी श्रीमतीले पकाएको हो। आइल्याण्ड जङ्गलमा निकुञ्ज क्षेत्रभित्र गैंडा मार्न भनी होमबहादुर लामासमेतका मानिसहरू गएका हुन्। गैंडालाई फिलामा गोली लाग्यो। तर गैंडा मरेन। त्यही गैंडा मार्न प्रयोग भएको बन्दुक रणबहादुर कुमालले मेघौली सिसावासको वडा वनमा तारजाली लगाएको ठाउँमा लुकाएर राखेको रहेछ। म कारागार भरतपुरमा भेट गर्न जाँदा मेरो जेठान रणबहादुर कुमालले लुकाएर राखेको बन्दुक वडा वनको नारायणी नदीको भंगालोमा फालेको हुँ भनी प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमालले मिति २०६५/३/२ गते सुरू कार्यालयसमक्ष गरेको बयान।

प्रस्तुत मुद्दामा प्रतिवादीहरूले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र २६)१) बमोजिम कसुर अपराध गरेको मिसिल संलग्न प्रमाण कागजातबाट पुष्टि हुन आएकोले प्रतिवादीहरू होमबहादुर लामा, रणबहादुर कुमाललाई दफा २६(१) बमोजिम जनही १५ वर्ष कैद र रू.१,००,०००।- जरिवाना, प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमाल र फरारी प्रतिवादीहरू राजकुमार प्रजा, थिङ्ग भन्ने बौधे तामाङ, रोगे भन्ने दिपे प्रजा र बुद्धिबहादुर प्रजालाई सोही दफाबमोजिम १० वर्ष कैद र रू.५०,०००।- जरिवाना तथा प्रतिवादी माया कुमालले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ भन्नेसमेत बेहोराको सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराबाट मिति २०६७/७/१६ गते भएको फैसला।

सुरू फैसलामा मेरो चित्त बुझेन। नेपालको अन्तरिम संविधान, २०६३ को धार २४(९) ले स्वच्छ सुनुवाइको हकलाई प्रत्यभूत गरेको म विरूद्धको मुद्दामा मलाई पक्राउ गरे पश्चात् संविधानको धारा २४(२) र (१०) बमोजिम कानून व्यवसायीद्वारा सल्लाह तथा प्रतिरक्षा गर्न पाउने हकबाट वञ्चित गरियो। स्वच्छ सुनुवाइअन्तर्गत संविधानको धारा २४(८) अन्तर्गत आफू विरूद्ध गरिएको कार्यवाहीको जानकारी पाउने हक तथा नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) को धारा १४(३)(घ) ले "आफ्नो उपस्थितिमा सुनुवाइ हुने हक" प्रमाण ऐन, २०३१ को दफा ४९(२) अनुसार आफ्नो उपस्थितिमा बकपत्र हुनुपर्ने अधिकारहरूको हनन गर्दै स्वच्छ सुनुवाइ नै नगरी मलाई दोषी करार गरिएको छ। मुलुकी ऐन, अ.बं. १३, १४ र १५ नं. ले व्यवस्था गरेको मेरो सिघ्र सुनुवाइको हकलाई उल्लङ्घन गरी म विरूद्ध प्रमाण ग्राह्य प्रत्यक्ष प्रमाणको अभाव हुँदाहुँदै पनि मलाई दोषी ठहर गरी अभियुक्त उपरको अभियोग दाबी पुष्टि गर्न वादी सफल हुन सकेको अवस्थामा प्रतिवादीलाई गर्न सकिने सजायभन्दा बढी सजाय गरी भएको सुरूको उपर्युक्त उल्लिखित संविधान, अनुबन्ध तथा कानूनमा भएका बाध्यात्मक व्यवस्थाहरूको प्रतिकूल हुने गरी भएको फैसला बदर गरी आरोपित कसुरबाट सफाई पाउने गरी फैसला गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी होमबहादुर लामाको कारागार कार्यालय, चितवनमार्फत प्राप्त हुन आएको मिति २०६४/८/१७ गतेको पुनरावेदन पत्र।

सुरू फैसलामा मलाई चित्त बुझेन। मेरो घरबाट बरामद भएका भनिएका सामानहरू मेरा होइनन्। ती सामानहरू गैंडाका शिकार गर्नमा काम लाग्ने अवस्थाका पनि छैनन्। सहअभियुक्तको पोल बयान स्वतन्त्ररूपमा प्रमाणित हुने प्रमाणको अभावमा केवल बास बस्न दिएको भन्नेसम्म कारणले मेरो अभियोग पुष्टि हुँदैन। बकपत्र, घटनास्थल एवम् लास प्रकृति मुचुल्कामा मेरो नाम कहिँकतै उल्लेख छैन। मबाट अभियोग दाबीबमोजिमको कसुर अपराध भएको भन्ने कुराको वादी पक्षले कुनै ठोस सबुद प्रमाण केही पनि पेस गर्न नसकेको अवस्थामा मलाई कसुरदार ठहर गरेको सुरू कार्यालयको फैसला

विल्कुलै नमिलेकोले बदर गरी अभियोग दाबीबाट सफाइ पाउने गरी न्याय इन्साफ गरिपाउँ भन्नेसमेत बेहोराको प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमालको कारागारमार्फत प्राप्त भएको मिति २०६७/९/१ गतेको पुनरावेदन पत्र।

सुरू फैसलामा चित्त बुझेन। मलाई गैंडालाई गोली हानी घाइते बनाएको अभियोग भए तापनि गोली हानी घाइते बनाइएको भनिएको गोलीको खोकासमेत कहिँकतैबाट बरामद भई दशी प्रमाणको रूपमा पेस हुन नसकेको अवस्थामा सहअभियुक्तको बयानको भरमा (अन्य प्रमाणबाट सहअभियुक्तको पोल समर्थन नभएकोमा प्रमाणमा लिनु हुँदैन। ने.का.प. २०५६, अंक २, पृष्ठ १४२) आरोपित कसुरमा संलग्न नभएको व्यक्तिलाई मुद्दामा फसाउने उद्देश्यले शंकाको भरमा मात्र मलाई १५ वर्ष कैद र रू. एक लाख जरिवाना हुने ठहर गरी सुरू कार्यालयबाट भएको फैसला उल्लिखित नजिर सिद्धान्त एवम् प्रचलित कानूनी व्यवस्थासमेतका आधारमा त्रुटिपूर्ण हुँदा उक्त त्रुटिपूर्ण फैसला उल्टी गरी आरोपित कसुरबाट सफाई दिलाई पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी रणबहादुर कुमाललको कारागार कार्यालय, चितवनमार्फत प्राप्त हुन आएको मिति २०६७/९/२१ गतेको पुनरावेदन पत्र।

सन्तबहादुर भन्ने पंकज कुमालले गैंडा मार्न भनी निकुञ्ज क्षेत्रभित्र आफू नगएको कुरा लेखाएको अवस्थामा सो कुरासमेतलाई विवेचना र विश्लेषण गरी कारणसहित सजाय तोक्नुपर्नेमा त्यसो नगरी भएको चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको फैसला फरक पर्नसक्ने देखिएकोले मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ पुनरावेदन सरकारी वकिल कार्यालय, हेटौंडालाई पेसीको सूचना दिई मिसिल नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०६८/२/१७ गतेको आदेश।

सुरू कार्यालयबाट प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमाललाई दाबीभन्दा कम सजाय भएको र प्रतिवादी माया कुमालले सफाई पाएको हदसम्म सुरूको फैसलामा चित्त बुझेन। किनकी प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमाललाई दाबीबमोजिम कसुर कायम गरी सजाय गरेको भए पनि अन्य प्रतिवादीसरह हदैसम्मको सजाय निजलाई गरेको देखिन्न। यी प्रतिवादीलाई अन्य प्रतिवादीको तुलनामा कम सजाय गर्दा यो यस्तो कारणबाट कम सजाय गर्नु परेको हो भनी फैसलामा कहिँकतै आधार कारणहरू खुलाएको पनि पाईंदैन। यी प्रतिवादी प्रत्यक्षतः गैंडालाई गोली हानी घाइते तुल्याएको भन्ने नभए तापनि गैंडा मार्ने अन्य प्रतिवादीसँग आफ्नै घरमा बसी सरसल्लाह गरेको र सो कुरालाई प्रतिवादी होमबहादुर लामाको बयानले समेत समर्थन गरेको र गैंडा मार्ने कार्यमा प्रयोग हुने बन्दोबस्तीका सामानसमेत निजैका घरबाट बरामद भएको स्पष्ट देखिरहेको अवस्थामा गैंडा मार्ने कार्यको सल्लाह तथा सहमतिमा निज संलग्न रहेको र अन्य प्रतिवादीसरहको कसुर गरेको भन्ने पुष्टि भइरहेको अवस्थामा निजलाई अन्य प्रतिवादीहरूभन्दा कम सजाय हुनुपर्ने अवस्था देखिन्न। अर्का प्रतिवादी माया कुमालले

मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा गैंडा मार्ने कार्यमा संलग्न अन्य मानिसहरू आफ्नो घरमा आई लोग्नेसँग सरसल्लाह गर्ने गरेको स्वीकार गरेकी छिन्। गैंडा मार्ने बन्दोबस्तीका सामान फलामको रड काटेर बनाएका गोली, बारूद, सिसाका गोली र अन्य सामान सुरक्षितसाथ राखेकी हुँ भनी स.ज.३ मा उल्लेख गरेकी छिन्। यसरी दुर्लभ गैंडा मार्ने कार्यमा प्रयोग हुने सामग्री सुरक्षित राखेको स्वीकारोक्तिले गैंडालाई गोली हानी घाइते तुल्याउनुमा निजको समेत सहभागिता पुष्टि हुँदा यस प्रकारको कसुरमा संलग्न रहेकी निज प्रतिवादीलाई दाबीबमोजिम सजाय हुनुपर्नेमा सफाई दिने गरी भएको इन्साफ उपर्युक्त आधार प्रमाणबाट त्रुटिपूर्ण हुँदा सुरूको फैसला सो हदसम्म बदर गरी प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमाललाई हदैसम्मको सजाय गरी र प्रतिवादी माया कुमाललाई दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारको तर्फबाट पनुरावेदन सरकारी वकिल कार्यालय, हेटौंडामार्फत दर्ता हुन आएको मिति २०६८/५/२८ गतेको पुनरावेदन पत्र।

प्रतिवादी पंकज कुमालसमेतको पुनरावेदनबाट अ.बं. २०२ नं. बमोजिम आदेश भएपश्चात् पंकज कुमालसमेतको हकमा नेपाल सरकारको पुनरावेदन परेको हुँदा नेपाल सरकारको पुनरावेदन प्रतिवादी पंकज कुमाललाई जानकारी गराई र गैंडा मार्ने कार्यमा प्रयोग हुने सामाग्री सुरक्षित राखे नराखेको सम्बन्धमा विवेचना नगरी प्रतिवादी माया कुमाललाई सफाई दिने गरी भएको फैसला विचारणीय हुँदा अ.बं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम विपक्षी प्रतिवादी श्रीमती माया कुमाललाई झिकाई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८/७/१ गतेको आदेश।

मैले तत्काल मौकामा र सुरू कार्यालयको इजलाससमक्ष बयान बेहोरा मलाई केही पनि थाहा छैन, म निर्दोष छु। म कुनै पनि कार्यमा संलग्न छैन भनी इन्कारी बयान गरेकी थिएँ। म एक अनपढ जनजातिको महिलाले गरेको बयान कर्मचारीले आफैं अजमाई आफैं लेखी मेरो सहिछाप गराएको हुँदा उक्त मेरो झुट्टा बयानबाट मैले उन्मुक्ति पाउनु पर्ने भएकाले विपक्षी नेपाल सरकारको पुनरावेदन जिकिर र यस अदालतको मिति २०६८/७/१ गतेको आदेश मेरो विरूद्धमा कुनै आधार प्रमाण तुक नभएकोले मलाई सफाई गर्ने गरेको सुरू फैसला सदर गरिपाउँ भन्नेसमेत बेहोराको प्रत्यर्थी प्रतिवादी माया कुमालको मिति २०६८/९/६ गते पुनरावेदन अदालतमा गरेको लिखित प्रतिवाद।

यसमा प्रतिवादीहरू होमबहादुर लामा, रणबहादुर कुमाल र सन्तबहादुर भन्ने पंकज कुमालले आरोपित कसुर गरेको ठहर गरेको सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराको मिति २०६४/७/१६ को फैसला मिलेकै देखिन आयो। सजायको हकमा कसुरको मात्राअनुसार ऐनको मनसायविपरीत बढी सजाय गरेको हदसम्म केही उल्टी भई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा

२६(१) अनुसार प्रतिवादी होमबहादुर लामा र रणबहादुर कुमाललाई जनही १०/१० वर्ष कैद र रू.७५,०००।- का दरले जरिवाना तथा प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमाललाई ८ वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, हेटौंडाको फैसला।

पुनरावेदन अदालत, हेटौंडाको फैसलामा चित्त बुझेन। फैसलामा आधार लिइएको भनिएको सिसरवा पोष्टले मिति २०६४/५/२४ मा पेस गरेको मुचुल्कामा घाइते गैंडाको दाहिने फिलामा सानो घाउ भएको कारणले गोली हानेको भन्ने मौखिक भनाईका आधारमा गोली हानेको भनी कसुर अपराध ठहर गर्न मिल्ने अवस्था हुँदैन। गोली हानिएको भनिएका बन्दुक र गोली बरामद भएको छैन। घाइते भनिएको गैंडाको फोटो मिसिल सामेल राखिएको अवस्था छैन। अनुसन्धानको क्रममा गराइएको बयान मलाई पढी वाची सुनाएको अवस्था छैन। मेरो साबिती भनी उल्लेख भएको बयानलाई अन्य प्रमाणले समर्थित गराउन सकेको छैन। केवल साबितीको आधारमा मात्र मलाई सजाय गरेको फैसला मिलेको छैन। गैंडा घाइते भएको भन्ने कुरा मिसिल प्रमाणबाट वस्तुनिष्ठरूपमा प्रमाणित भएको छैन। यस्तो स्थितिमा न्यूनतम सजाय हुने अवस्था रहेकोमा सोतर्फ ध्यान पुग्न सकेको छैन। म पुनरावेदक प्रतिवादी अन्य मुद्दामा थुनामा रहेको कारणले मात्र अभियोग दाबीबमोजिमको कसुर गरेको कुरा प्रमाणित हुने होइन। यस घटनाको कसुरमा मेरो संलग्नता देखिने कुनै पनि प्रमाण वादीले पेस गर्न सकेको छैन। यस्तो अवस्थामा विना आधार प्रमाण चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराले गरेको फैसला केही उल्टी गरी मलाई कैद तथा जरिवानाको सजाय गरी भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको नभई बदर भागी हुँदा बदर गरी अभियोग दाबीबाट सफाई पाउँ भन्ने प्रतिवादी रणबहादुर कुमालको पुनरावेदन पत्र।

चितवन राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र मेघौली गाउँ विकास समितिको दद्रनी गाउँको सीधा नारायणी पारी गोली लागेको रगत चुहाउँदै हिँडेको गैंडा फेला परेको भनी सिसवार पोष्टले मिति २०६४/५/२४ मा गरेको मुचुल्कामा मैले गैंडालाई गोली हानी घाइते बनाएको भन्ने कुरा उल्लेख छैन। घाइते गैंडाको दाहिने फिलामा सानो घाउ भएको कारणले गोली हानेको भन्ने मौखिक भनाइका आधारमा गोली हानेको भनी कसुर अपराध ठहर गर्न मिल्ने अवस्था हुँदैन। बन्दुक र गोली फेला पार्न वा बरामद भएको छैन। गैंडा घाइते भएको भन्ने तथ्य फोटो खिची मिसिल सामेल राखिएको अवस्था पनि छैन। निकुञ्जमा उपस्थित गराई लिइएको बयान मलाई पढी बाची सुनाइएको छैन। मेरो साबिती भनी उल्लेख भएको बयानलाई मिसिल संलग्न कुनै पनि प्रमाणबाट समर्थित गराउन सकेको अवस्था छैन। केवल साबितीको आधारमा मलाई सजाय गरेको मिलेको छैन। गैंडा घाइते नै भएको अवस्थामा पनि मलाई न्यूनतम सजाय हुनुपर्ने अवस्थातर्फ फैसलामा ध्यान पुग्न सकेको छैन। यस घटनाको कसुरमा मेरो संलग्नता देखिने कुनै पनि प्रमाण वादीले पेस गर्न नसकेको अवस्थामा अन्य मुद्दामा थुनामा रहेको कारण मात्र

सजायको आधार हुन सक्दैन। यस्तो अवस्थामा विना आधार र कारण चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराले गरेको फैसला केही उल्टी गरी मलाई कैद तथा जरिवानाको सजाय गरी भएको पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको नहुँदा बदर गरी अभियोग दाबीबाट सफाई पाउँ भन्ने प्रतिवादी होमबहादुर लामाको यस अदालतमा दायर पुनरावेदन।

अनुसन्धानको क्रममा र सुरू राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा मेरो साबिती बयान स्वेच्छाको होइन। निकुञ्जका कर्मचारीले पहिले नै लेखी तयार गरेको बयान कागजमा मेरो दस्तखत र ल्याप्चे सहिछाप लगाइएको मात्र हो। गैंडाको शिकार गर्न अरू प्रातिवादीहरूसमेत म गएको होइन। कसले उक्त कथित घाइते गैंडालाई गोली हान्यो मलाई थाहा छैन। प्रतिवादी सन्तबहादुर कुमालको घरमा मसमेतको बन्दोबस्तीका सामान राख्न दिएकोसमेत होइन। आफैं वादी आफैं न्यायकर्तासमेत भएका पक्षले मलाई कब्जामा राखी फसाइएको हो। पुनरावेदन अदालत हेटौंडाबाट सफाई पाएपछि विदेश गई ल्याएको पैसाले खरिद गरेको मोटरसाइकलसमेत जफत गर्ने गरी झुठ्ठा अभियोग लगाइएको मात्र हो। वर्तमान संविधान र कानूनसरह लागू हुने अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) समेतले प्रदान गरेको स्वच्छ सुनुवाइको मेरो अधिकारविपरीत फैसला भएको छ। फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुनेमा स्वतन्त्र र वस्तुनिष्ठ प्रमाण वादी पक्षले पेस गर्न सकेका छैनन्। सामुहिक कसुर कायम गरी सजाय गर्दासमेत प्रतिपादित सिद्धान्तविपरीत गरिएको हुँदा गम्भिर त्रुटिपूर्णरूपमा रहेको चितवन राष्ट्रिय निकुञ्ज, कसराको फैसला सजायका सम्बन्धमा केही उल्टी गरी अरू सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला बदर गरी अभियोग दाबीबाट सफाई पाउँ भन्ने निज प्रतिवादी होमबहादुर लामाको यस अदालतमा दायर पुनरावेदन पत्र।

प्रतिवादीमध्येका होमबहादुर लामा, सन्तबहादुर भन्ने पंकज कुमाल र रणबहादुर कुमालका हकमा सुरूले गरेको उपल्लो हदको सजाय (कैद र जरिवाना) घटाउने गरी फैसला गर्दा लिइएका आधारहरूमा स्पष्टता देखिँदैन। सजाय गर्दा स्वविवेकीय अधिकारको प्रयोग गर्दा सम्बद्ध तथ्य, कानून एवम् न्यायको मान्य सिद्धान्तका आधारमा गर्नुपर्नेमा सोको युक्तिसङ्गत आधार र कारण खुलाउन सकेको देखिँदैन। मूलतः बन्दोबस्तीका सामानहरूसहित संगठितरूपमा गैंडालाई गोली प्रहार गर्नु भनेको गैंडा मारी त्यसको खाग तस्करी गर्नु नै हो। प्रतिवादीहरूले गैंडा मार्ने पूर्वयोजना बनाई समूहबद्धरूपमा उक्त वारदातमा संलग्न भई गोली फायर गरी गैंडालाई घाइते बनाएको देखिन्छ। मौकामा पक्राउ परी कसुरमा साबिती रहेका यी प्रतिवादीहरू अपराध सम्बद्ध सामुहिक भूमिका र संगठित अपराधका स्वरूपलाई विश्लेषण गरी उपल्लो हदको सजाय हुनुपर्नेमा समान तथ्यको आधारमा यी प्रतिवादीहरूबीच फरक फरक सजाय ठहर भएको फैसला त्रुटिपूर्ण रहेको छ। दुर्लभ वन्यजन्तुसँग सम्बद्ध अपराधलाई गम्भिर एवम् संगिन प्रकृतिको अपराधको रूपमा अन्तर्राष्ट्रिय सन्धि, महासन्धिले मानेको अवस्था छ। फौजदारी विधिशास्त्रमा

वन्यजन्तु मारी तिनका अङ्गहरूको बिक्री व्यवसाय गर्ने आपराधिक कार्य आफैंमा Organized Crime को रूपमा मानिएको छ। पटके प्रतिवादीहरू संगठितरूपमा गैंडा जस्तो संरक्षित तथा लोपोन्मुख वन्यजन्तु मारी खाग तस्करी गर्ने कार्यमा संलग्न भएको देखिन्छ। गैंडा मारी तिनका अङ्गको तस्करी गर्ने साझा उद्देश्यको लागि संगठितरूपमा वारदातमा संलग्न प्रतिवादीहरूका हकमा समान कसुरका आधारमा समानरूपमा सजाय हुनुपर्नेमा फरक फरक सजाय गरेको मिलेको छैन। अपराधको प्रकृति र संगठित अपराधको स्वरूपसमेतबाट कसुरमा संलग्न प्रतिवादीहरूलाई उपल्लो हदको सजाय हुनुपर्नेमा सुरूले गरेको सजाय घटाई गरिएको फैसला आत्मनिष्ठ र सजाय निर्धारणका सम्बन्धमा स्वीकार गरेको सिद्धान्त मान्यताविपरीत छ। प्रतिवादी माया कुमालले मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा गैंडा मार्ने बन्दोबस्तीका सामानहरू सुरक्षित राखेको कुरालाई स्वीकार गरेको अवस्थामा उक्त कसुरमा निजको समेत संलग्नता रहेको र उक्त कार्य राष्टिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिम हुने सजायको भागीदार देखिएको अवस्थामा त्रुटिपूर्णरूपमा प्रमाणको मूल्याङ्कन गरी निजलाई सफाई दिने गरी भएको फैसला मिलेको छैन। प्रतिवादीहरू मध्ये होमबहादुर लामा, सन्तबहादुर भन्ने पंकज कुमाल र रणबहादुर कुमालको हकमा कसुरतर्फ सुरू फैसलालाई सदर गरी सजायको हद घटाएको तर्फ र एउटै मुद्दामा समान कसुरदार प्रतिवादी माया कुमाललाई सफाइ दिने ठहर गरी भएको फैसला सो हदसम्म त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीहरूलाई सुरू अभियोग मागदाबीबमोजिम उपल्लो हदको सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको यस अदालतमा दायर पुनरावेदन पत्र।

सिसवार पोष्टले मिति २०६४/५/२४ मा पेस गरेको मुचुल्कामा मैले गैंडालाई दाहिने फिलामा सानो घाउ भएको कारणले गोली हानेको भन्ने मौखिक भनाईका आधारमा गोली हानेको भनी कसुर अपराध ठहर गर्न मिल्ने अवस्था हुँदैन। गोली हानेको भए के कुन किसिमको बन्दुक वा राईफलको गोली हानी घाइते बनाएको हो सो बन्दुक र गोलीसमेत फेला पार्न वा बरामद नभएको अवस्थामा गैंडा घाइते भएको भन्ने तथ्य पुष्टि गर्न सकेको देखिँदैन। म प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा पक्राउ वा हाजिर भएको अवस्था छैन। मुद्दाको अनुसन्धानको सिलसिलामा उपस्थित भई बयान नै नभएको मानिसलाई साबित भएको भनी कसुर अपराध ठहर गरेको मिलेको छैन। मैले गैंडालाई गोली हानेको बन्दुकसम्म लुकाउने कार्य गरेको हो भनी लेखिएको बेहोरा मैले भनेबमोजिम लेखिएको हैन। सो साबिती नै भनी मानेको अवस्थामा पनि बन्दुक लुकाउने कार्यले गैंडालाई गोली हानेको र घाइते बनाएको भनी सजाय गर्न मिल्दैन। फैसलामा एकातर्फ कानूनले निर्धारण गरेको उच्चतम कसुरको सजाय हुने कोटीमा कायम गर्नुपर्ने स्थिति देखिएन भनी उल्लेख गरिएको, अर्कोतर्फ सुरू फैसला कानूनसङ्गत नदेखिएको भनी सुरूले गरेको फैसलाअनुसारको कैद र जरिवाना कम गरी भएको सजायको आधार

कारण उल्लेख नगरी भएको फैसला मिलेको छैन। उच्चतम सजाय गर्न मिलेन भनी ८ वर्ष कैद र रू.५०,०००।- सजाय गर्नुपर्ने ठोस वस्तुनिष्ठ आधार उल्लेख भएको अवस्था छैन। फैसलामा घटी सजाय गर्ने मनसाय व्यक्त भएको यस अवस्थामा मलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) बमोजिमको न्युनतम सजाय पर्याप्त हुने अवस्थातर्फ कुनै ध्यान नदिएकोले वैकल्पिक पुनरावेदन जिकिरसमेत प्रस्तुत गर्दछु। उल्लिखित आधारमा पुनरावेदन अदालत, हेटौंडाबाट सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराले गरेको फैसला केही उल्टी गरी मलाई कैद र जरिवाना हुने गरी भएको फैसला बदर भागी हुँदा प्रत्यर्थी झिकाई उक्त दुवै फैसला बदर गरी न्याय इन्साफ पाउँ भन्ने सन्तबहादुर भन्ने पंकज कुमालको यस अदालतमा परेको पुनरावेदन पत्र।

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजातहरूको अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसालले दद्रनी गाउँको सिधा नारायणी नदी पारी निकुञ्जभित्र पोथी गैंडाको पछाडिको दाहिने फिलामा रगत चुहाइरहेको खोच्याउँदै हिँडिरहेको, रगत चुहिएको ठाउँमा ठूलो घाउ नभएकोले गैंडालाई गोली लागेको हो भन्ने मिति २०६४/५/२३ को मुचुल्काबाट देखिन्छ। गैंडालाई ताकेको ठाउँमा गोली नलागी फिलातिर लागी गैंडा नमरेकाले खाग लगी बिक्री गर्न पाइएन भनी मौकामा र मुद्दा हेर्ने अधिकारीसमक्ष प्रतिवादी होमबहादुर लामा, रणबहादुर कुमालसमेतले कसुरमा साबित रही बयान गरेको, सन्तबहादुर भन्ने पंकज कुमाल र माया कुमालसमेत गैंडा मार्ने मत सल्लाहमा पसी साथ सहयोगमा लागेको तथ्यलाई बेवास्ता गरी सबै प्रतिवादीहरूको उक्त अपराधमा संलग्नता रहेको समान अवस्थाका कसुरदारमा माया कुमाललाई सफाई दिने र अन्य प्रतिवादीहरूलाई विना आधार कारण सुरू फैसलालाई सदर गरी सजायको हद घटाएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीहरूलाई सुरू अभियोग मागदाबीबमोजिम उपल्लो हदको सजाय हुनुपर्छ भनी गर्नुभएको बहससमेत सुनियो।

यसमा प्रतिवादीहरूले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५क मा निषेध गरेको वन्यजन्तु शिकार गरेकोले निजहरूलाई सोही ऐनको दफा २६(१) बमोजिम हदैसम्मको सजायको मागदाबी लिई अभियोग पत्र पेस भएकोमा सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराबाट प्रतिवादीहरूमध्ये होमबहादुर लामा, रणबहादुर कुमाल, सन्तबहादुर भन्ने पंकज कुमाल र फरारी प्रतिवादी राजकुमार प्रजा, थिङ्ग भन्ने बौधे तामाङ, रोगे भन्ने दिपे प्रजा र बुद्धिबहादुर प्रजासमेतलाई कसुरदार ठहर गरी प्रतिवादीमध्येका सन्तबहादुर भन्ने पंकज कुमाललाई १० वर्ष कैद र रू.५०,०००।- जरिवाना र

अन्य प्रतिवादीहरूलाई १५ वर्ष कैद र रू.१,००,०००।- जरिवाना हुने तथा प्रतिवादी माया कुमालले आरोपित कसुरबाट सफाई पाउने ठहर गरेको सुरूको फैसला सजायको हकमा कसुरको मात्राअनुसार ऐनको मनसायविपरीत बढी सजाय गरेको हदसम्म केही उल्टी भई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) अनुसार प्रतिवादी होमबहादुर लामा र रणबहादुर कुमाललाई जनही १०/१० वर्ष कैद र रू. ७५,०००।- का दरले जरिवाना तथा प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमाललाई ८ वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने ठहर्याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८/९/२६ गते फैसला भएकोमा सो फैसलाउपर चित्त नबुझी वादी नेपाल सरकार र प्रतिवादीहरू होमबहादुर लामा, सन्तबहादुर भन्ने पंकज कुमाल र रणबहादुर कुमालको यस अदालतमा छुट्टाछुट्टै पुनरावेदनपत्र दायर हुन आएको देखियो।प्रतिवादी होमबहादुर लामाको मिति२०६८/१२/१६ र २०६९/०१/२०मा दोहोरो पुनरावेदनपत्र दर्ता भएको देखिँदा पछिल्लो पुनरावेदन पत्र वातिल गरिदिएको छ।तत्सन्दर्भमा पुनरावेदन अदालत, हेटौंडाको फैसला मिलेको छ, छैन ? पुनरावेदक वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्ने, नपुग्ने के हो ? सोही सम्बन्धमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, मिति २०६४/५/२२ गते मेघौली गाउँ विकास समितिको दद्रनी गाउँको सिधा नारायणी पारी निकुञ्जभित्र गोली पड्केको सूचना पाई गाउँलेको सहयोगमा डुङ्गा तरी गस्ती गर्दा उक्त दिन केही फेला नपरेको र भोलिपल्ट गस्तीको क्रममा दाहिने फिलामा गोली लागी रगत चुहाउँदै हिँडेको पोथी गैंडा फेला परेको भनी सिसुवार पोष्टले मिति २०६४/५/२४ मा पेस गरेको प्रतिवेदन मुचुल्काबाट प्रस्तुत मुद्दाको उठान भएको रहेछ।

३. बुझ्दै जाँदा मिति २०६४/६/६ गते सन्तबहादुर कुमालको घरमा जम्मा भई खरखजानासहित गैंडा मार्ने योजना बनाइरहेको अवस्थामा प्रतिवादीहरू मध्येका होमबहादुर लामा, रणबहादुर लामा र माया कुमाल सोही स्थानबाट पक्राउ परेका र अन्य प्रतिवादीहरू भागी गएका भन्ने स.सं.अ. अणनाथ बरालसमेतको प्रतिवेदन रहेको देखियो।

४. पक्राउ परेका प्रतिवादीहरूमध्ये रणबहादुर कुमालले गैंडा मार्नको लागि सल्लाह गरेको हो।साथीहरूलाई गैंडाको खागसहित बजार लैजान भनी मोटरसाइकलमा बजारबाट चढी मेघौली साझापुर आई साथीहरूलाई भेट गर्दा गैंडालाई गोली हानेको तर गैंडा नमरेकोले खाग लगी बिक्री गर्न पाइएन।भाद्र २२ गते हानेको गोलीबाट गैंडा नमरेकोले पुनः सल्लाह गरी असोज ५ गते गैंडा मार्न भनी साथीहरू आएकोमा सोही समयमा मसमेत पक्राउ परेको हुँ।बुद्धि प्रजा

ज्वाईं, सन्तबहादुर कुमालसमेतको सल्लाहले निज सन्तबहादुर कुमालकै घरमा बास बसी २२ गते गैंडालाई गोली हानेकोमा ताकेको ठाउँमा नलागी पछाडिको फिलामा लागी गैंडा भागेकाले खाग काटेर ल्याउन नपाई फर्केका हुन् भनी अनुसन्धानका क्रममा बयान गरेको देखिन्छ।

५. त्यसैगरी प्रतिवादी सन्तबहादुर कुमालको पत्नी माया कुमालले पक्राउ पर्नुभन्दा १३/१४ दिन पहिला घरमा आएका मैले नचिनेका श्रीमान्का साथीहरूले दिएको सामानको पोको सुरक्षित राखिदिएको हुँ। उक्त पोकोमा फलामको रड काटेर बनाएको गोलीलगायत बारूद, सिसाका गोली र अन्य बन्दोबस्तीका सामान पनि रहेका थिए। होमबहादुर लामा मेरो श्रीमान्का साथी हुन् र गैंडा मार्ने कामको लागि आएका हुन्। रणबहादुर कुमाल मेरा सहोदर दाइ हुन् भनी मौकामा बयान गरेको पाइन्छ।

६. अर्का प्रतिवादी होमबहादुर लामाले सोही बयान बेहोरालाई समर्थन हुने गरी सन्तबहादुर कुमाल रणबहादुर कुमाल, राजकुमार प्रजा, बुद्धिबहादुर प्रजा, थिङ्ग भन्ने बौधे तामाङसमेत मिली सल्लाह गरी गैंडा मार्ने योजना बनाएको हो। बुद्धिबहादुर प्रजासँग जेलमा बस्दा चिनजान भएको हो। पहिलो पटक गैंडा मार्नको लागि ल्याएको बन्दोबस्तीका सामानहरू माया कुमालले आफ्नो घरबाट निकालेर ल्याई गस्ती टोलीलाई दिएकी हुन् भनी बयान गरिदिएको पाइन्छ।

७. मौकाको उल्लिखित बयान बेहोरालाई स्वीकार गरी प्रतिवादी माया कुमालले र रणबहादुर कुमालले मुद्दा हेर्ने अधिकारी सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराका प्रमुख संरक्षण अधिकृतसमक्ष समेत आफूले गरेको कार्यको सविस्तार वर्णन गरी बयान गरिदिएको देखियो।

८. अनुसन्धानका क्रममा हिरासतबाट फरार रहेका प्रतिवादी होमबहादुर लामा पुनः पक्राउमा परी निजले चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराका नि.प्रमुख संरक्षण अधिकृतसमक्ष बयान गर्दासमेत पक्राउ परेका अन्य प्रतिवादीहरूले गरिदिएको बयानसँग मिल्दो जुल्दो बयान गरी भाद्र २२ गते गैंडालाई गोली हानेको तथ्यलाई स्वीकार गरी बयान गरेको पाइन्छ। मिति २०६४/६/६ मा पक्राउ हुँदा निजले फलामे रड काटेर बनाएका गोली थान-५ समेतका बरामदी मुचुल्कामा उल्लिखित सामानहरू बरामद भएको बेहोरालाई स्वीकार गरेको देखिन्छ।

९. मिति २०६५/३/१ मा पक्राउ परेका अर्का प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमालले समेत आफ्नो बयान बेहोरामा रणबहादुर कुमालसहितका मानिसहरू घरमा आई गैंडा मार्ने मत सल्लाह भई होमबहादुर लामासमेतका मानिसहरू गई गैंडालाई गोली हानेकोमा गैंडा मरेनछ। प्रतिवादी

रणबहादुर कुमालले लुकाई राखेको भरूवा बन्दुक मैले नारायणी नदीको भंगालोमा फालिदिएको हुँ भनी लेखाई दिएको पाइन्छ। आफ्नो घरबाट गैंडा मार्ने बन्दोबस्तीका सामानहरू बरामद भएको ठीक साँचो हो भनी किटानीरूपमा पोल गरी बयान पनि गरेको देखिन्छ। घटनास्थलमा गोली पड्केको आवाजसमेत सुनेको हुँ भनी सर्जमिन मुचुल्काका मानिसहरूले समेत खुलाई दिएकोमा जाहेरी र बरामदी मुचुल्काको रोहबरमा बस्ने यामबहादुर खनालले समेत सोही बेहोरालाई समर्थन गरी बकपत्र गरिदिएको पाइयो।

१०. प्रतिवादीमध्येका माया कुमालले अनुसन्धानको क्रममा र मुद्दा हेर्ने अधिकारीसमक्ष समेत आफू खेति किसान र ज्याला मजदुरी गरी खाने मानिस भएको र आफूले नचिनेका श्रीमान्का साथीहरूले ल्याई राख्न दिएको सामानहरू मैले हेरिन। गैंडा मार्न प्रयोग हुने सामान भएको थाहा भएपछि गैंडा मार्ने मान्छेहरूलाई बास बस्न दिनुहुँदैन भनी श्रीमान्लाई सम्झाउँदा यी सबै सामान फालिदिनुपर्छ भन्दाभन्दै पक्राउ गरेको हो। पक्राउ पर्ने क्रममा त्यो घरमा राखिएको पोको मैले राखेको ठाउँबाट ल्याई दिएको हो भनी कसुरमा इन्कार गरी बेहोरा खुलाई बयान गरी दिएको पाइन्छ। निजको सो कसुर वारदातमा संलग्नता थियो भनी साबित हुने कुनै पनि प्रतिवादीहरूले पोलसम्म पनि नगरेको अवस्थामा पतिको आदेश मानी काम गरेकी ग्रामिण निरक्षर महिलालाई उक्त गैंडा मार्न प्रयोग हुने सामग्री थाहै नपाई सुरक्षित राखिदिएकै आधारमा कसुरदार ठहर गर्नुपर्ने अवस्था नभएकाले निजलाई सफाई दिने गरी भएको सुरूको फैसलालाई नै सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसला अन्यथा हो भनी भन्न सकिने अवस्था मिसिल संलग्न प्रमाण कागजातहरूबाट देखिएन।

११. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनले संरक्षित वन्यजन्तुको संरक्षित सूचीमा "गैंडा" लाई राखेको छ। विश्वबाट नै गैंडा प्रजाति लोपोन्मुख भई खतराको सूचीमा रहेको भन्ने नेपाल पक्ष रहेको "Convension on International Trade In Endangered Species of Wild Fauna and Fiora (CITES) मा समेत उल्लेख भएको देखिन्छ। लोपोन्मुख प्रजातिलाई संरक्षण गर्न गैंडा मार्ने घाइते पार्ने जस्ता कसुरलाई गम्भिर कसुर मानी सजायको व्यवस्था हाम्रो विद्यमान कानूनमा समेत कठोररूपमा रहेको छ। गैंडा मार्ने योजनामा संलग्नता भए तापनि हरेक व्यक्तिको आ-आफ्नो कसुरको भूमिका रहेको हुन्छ। ऐनले नै तजबिजी सजायको व्यवस्था गरेको छ। तजबिजी सजायको प्रयोग पनि कसुरको मात्राअनुसार वाञ्छनीय हुन्छ। यसर्थ कैद र जरिवानाको तजबिजी सजाय गर्दा न्यायकर्ताले सदैव कसुरदारको कसुरको मात्रालाई ध्यान दिनु पर्ने हुन्छ। तजबिजी

सजाय गर्दा अपराधमा संलग्न व्यक्तिको पूर्व आपराधिक क्रियाकलापलाई पनि विचार गर्नुपर्ने हुन्छ। विश्वबाट नै लोपोन्मुख हुने सम्भावना भएको गैंडा प्रजातिको शिकार गरी खागको व्यापार गर्ने समूहको नेटवर्क नै हुने गरेको छ। सबै कसुरदारले गरेको कार्यको समष्टिगत परिमाणबाट नै अपराधले पूर्णता पाउने हुँदा हरेक अपराधीको भूमिका गम्भिर प्रकृतिको मान्नुपर्ने हुन्छ।

१२. प्रस्तुत मुद्दाको तथ्यतर्फ हेर्दा प्रतिवादीमध्येका होमबहादुर लामा र रणबहादुर कुमालको गैंडा मार्ने योजनामा कस्तो संलग्नता थियो भनी विचार गर्दा गैंडा मार्न भनी जानेमा रणबहादुर कुमालसमेतका व्यक्ति रहेको भनी निज प्रतिवादी होमबहादुर लामाले अनुसन्धानको क्रममा र मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरिदिएको पाइन्छ। प्रतिवादी रणबहादुर कुमालले चाहिं आफ्नो बयान बेहोरामा गैंडा मार्न नगएको भनी गैंडा मार्ने सल्लाहसम्ममा बसेको हुँ भनी लेखाइ दिएको पाइन्छ। त्यसैगरी गैंडा मार्न सन्तबहादुर कुमाल रणबहादुर कुमाल राजकुमार प्रजा बुद्धिबहादुर प्रजा थिङ्ग भन्ने बौधे तामाङसमेत अर्का एकजना मिली गएका हौं भनी प्रतिवादी होमबहादुर लामाले मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गरिदिएको देखिन्छ। पक्राउ पर्दा सन्तबहादुर कुमालको घरमा होमबहादुर लामा, रणबहादुर कुमाल र सन्तबहादुर कुमालको श्रीमती सँगसाथमा नै रहेको देखियो। निज होम बहादुर लामाले यी प्रतिवादीमध्ये सन्तबहादुर कुमाललाई समेत पोल गरी बयान गरेपनि गैंडा मार्न गएको कुरामा निज आफैं अनुसन्धानको क्रममा र मुद्दा हेर्ने अधिकारीसमक्षको बयानमा समेत इन्कार रहेको तथा अन्य प्रतिवादीहरूले निजहरूलाई गैंडा मार्न गएकोमा पोल गरेको पनि देखिँदैन। तर निजकै घरबाट गैंडा मार्न प्रयोग हुने बन्दोबस्तीका सामानहरू बरामद भएको गैंडा मार्ने योजना र कार्यमा निजको सहमति सल्लाह र सहयोग थिएन भन्न सकिएन। होमबहादुर लामा र रणबहादुर कुमाल गैंडा मार्ने मुख्य योजनामा नै रही सो गैंडालाई घाइते बनाउने कार्यमा संलग्नसमेत भएको देखिन्छ भने निज प्रतिवादीहरू होमबहादुर लामा र रणबहादुर कुमाल गैंडा मार्न प्रयोग गरिने सामग्री बरामद भएको स्थानबाट पक्राउ परेका, सन्तबहादुर सो समयमा घरमा नभएका र निजसमेत फरार भएको भन्ने कतैबाट खुल्नसमेत नआएको अवस्थामा अनुमानकै भरमा मुख्य व्यक्तिसरहकै हैसियतमा सजाय गरिनु पर्छ भन्नु न्यायोचित हुँदैन। फौजदारी न्यायको सिद्धान्तले प्रत्येक व्यक्तिलाई निजले गरेको कसुरको मात्राअनुसार सजाय गर्नुपर्ने हुन्छ। यस परिप्रेक्ष्यमा तत्काल घटनास्थलबाट पक्राउ परेका होमबहादुर लामा र रणबहादुर कुमाललाई १० वर्ष कैद र रू.७५,०००/- जरिवाना तथा सन्तबहादुर कुमाललाई ८ वर्ष कैद र रू.५०,०००/- जरिवाना हुने गरी भएको फैसला मनासिब नै देखियो।

१३. मिति २०६४/५/२२ गते चितवन राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र मेघौली गाउँ विकास समितिको दद्रनी गाउँको सीधा नारायणी पारी गैंडालाई गोली हानेको आवाज सुनी खोजी गर्दा भोलिपल्ट पोथी गैंडाको दाहिने फिलामा रगत चुहाउँदै हिँडेको फेला परेको भनी सिसवार पोष्टले मिति २०६४/५/२४ मा पेस गरेको मुचुल्का प्रतिवेदन, पक्राउ परेका प्रतिवादीहरूले अनुसन्धानका क्रममा र सुरू फैसला गर्ने चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा बयान गर्दा आरोपित कसुर अपराधमा साबित रही गरेको बयान, बरामदी मुचुल्का र सर्जमिनसमेत व्यक्तिहरूले गरिदिएको कागज र बकपत्रसमेतबाट यी प्रतिवादीहरूको मत सल्लाह र संलग्नतामा गोली प्रहार भई गैंडालाई घाइते बनाएको कसुर स्थापित हुन आएको छ।

१४. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) मा "अधिकारप्राप्त अधिकारीबाट लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले राष्ट्रिय निकुञ्ज तथा आरक्षभित्र वन्यजन्तुको शिकार गर्न वा आखेटोपहार ओसारपसार गर्न नपाउने" तथा सोही ऐनको दफा २६(१) मा "गैरकानूनी तरिकाले गैंडा, बाघ, हात्ती, कस्तुरी मृग, ध्वाँसे चितुवा, हिउँ चितुवा वा गौरी गाई मार्ने, घाइते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग वा कस्तुरीको वीना, हिउँ चितुवाको छाला तथा त्यस्तै अन्य संरक्षित वन्यजन्तुको आखेटोपहार राख्ने, खरिद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने व्यक्तिलाई पाँच लाख रूपैयाँदेखि दस लाख रूपैंयासम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुनेछ" भन्ने व्यवस्था रहेको देखियो।

१५. त्यसैगरी ऐनको दफा २८ मा "यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियमहरूको उल्लङ्घन गर्ने कसुरदार दोषी ठहरिएमा मुद्दा हेर्ने अधिकारीले अपराधसित सम्बन्धित आखेटोपहार, हातहतियार, सवारीको साधन र अन्य वस्तुहरू जफत गर्न सक्नेछ" भन्ने उल्लेख भएको पाइयो।

१६. प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरूले गैंडालाइ गोली लागेको भन्ने तथ्य नै यकिन नभएको अवस्थामा गोली चलेको आवाज सुनेको भनी शंका र अनुमानका आधारमा हामीहरूलाई कसुरदार ठहर गरेको सुरू फैसला र सोही फैसलालाई आधार र कारण विना पुनरावेदन अदालतले केही उल्टी गरी सजायसम्म घटाएको मिलेको नहुँदा उक्त फैसला बदर गरी सफाई पाउनु पर्छ भन्ने नै मुख्य जिकिर लिएको पाइन्छ। निकुञ्ज क्षेत्रभित्र गोली चलेको तथ्य पुष्टि भइरहेको अवस्था, गैंडा घाइते देखिएको भन्ने प्रतिवेदन र यी प्रतिवादीहरू भेला भई बसेको घरमा पक्राउ पर्दा बरामद भएका गैंडा मार्ने बन्दोबस्तीका सामानहरू बरामद भएका परिस्थितिजन्य प्रमाण र प्रतिवादीहरूको कसुर अपराधलाई स्वीकार गरी गरेको बयान कागजातबाट उल्लिखित आरोपित कसुरमा यी

प्रतिवादीहरूको संलग्नता थिएन भन्ने युक्तियुक्त तर्क र प्रमाणको अभावमा पुनरावेदन अदालत, हेटौंडाको फैसला मनासिब नै देखियो।

१७. तसर्थ, माथि उल्लिखित तथ्य, कानूनी व्यवस्था, आधार र कारणबाट प्रतिवादी माया कुमालको हकमा सफाई पाउने गरी भएको सुरू फैसला सदर गरी अन्य पुनरावेदक प्रतिवादीहरू होमबहादुर लामा, रणबहादुर कुमाल र सन्तबहादुर भन्ने पंकज कुमाललाई आरोपित कसुर गरेको ठहर गरी सुरू चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराले मिति २०६७/७/१६ मा गरेको फैसलामा सजायमा केही उल्टी गरी प्रतिवादी होमबहादुर लामा र रणबहादुर कुमाललाई जनही १०/१० वर्ष कैद र रू.७५,०००।- का दरले जरिवाना तथा प्रतिवादी सन्तबहादुर भन्ने पंकज कुमाललाई ८ वर्ष कैद र रू.५०,०००।- जरिवाना हुने ठहर गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०६८/९/२६ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ।पुनरावेदक वादी प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन।प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. विश्वम्भरप्रसाद श्रेष्ठ
इति संवत् २०७३ साल चैत्र १३ गते रोज १ शुभम्।

१४. मुद्दाः गैंडा मारी खाग बिक्री व्यवसाय।

भाग ६०	निर्णय नं. ९९४९	ने.का.प. २०७५	अङ्क २
सर्वोच्च अदालत, संयुक्त इजलास			
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र माननीय न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.			
०७१-CR-१२५२			
फैसला मितिः २०७३।१२।२०			

पुनरावेदक/वादीः चितवन राष्ट्रिय निकुञ्जका स.सं.अ. लालबहादुर भण्डारीको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी/प्रतिवादीः चितवन जिल्ला कोराक गा.वि.स. वडा नं. ९ बस्ने दलबहादुर प्रजासमेत

०७१-CR-१४३२

पुनरावेदक/प्रतिवादीः कास्की जिल्ला दाङसीङ गा.वि.स. वडा नं. ९ उल्लेरी घर भई हाल ऐ. पोखरा उपमहानगरपालिका वडा नं. ३ नदिपुर बसोबास भई हाल कारागार कार्यालय भरतपुर चितवनमा कैदमा रहेको जितबहादुर पुन

विरूद्ध

प्रत्यर्थी/वादीः चितवन राष्ट्रिय निकुञ्जका स.सं.अ. लालबहादुर भण्डारीको जाहेरीले नेपाल सरकार

प्रतिवादीका तर्फबाटः विद्वान् अधिवक्ता श्री युवराज ओली

वादीका तर्फबाटः

अवलम्बित नजिरः

सम्बद्ध कानूनः

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

सुरू तहमा फैसला गर्नेः

श्री कमलजङ्ग कुँवर

फैसला गर्ने निकायः

चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा

पुनरावेदन तहमा फैसला गर्नेः

मा. मुख्य न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ

- *कानूनले नै मुद्दा सुन्ने अधिकारी तोकिसकेपश्चात् सो अधिकारीले मुद्दाको कारवाहीको सिलसिलामा बयान, बकपत्रलगायतका प्रमाण बुझ्ने अधिकारसमेत रहेको मानिन्छ। त्यस्तो मुद्दा हेर्न अधिकारी तोकिसकेपश्चात निजले गराएको बयान स्वतन्त्रपूर्वक भएको होइन भनी प्रतिवादीको भनाईको आधारमा मात्र मान्न मिल्दैन। त्यस्तो अधिकारीले मुद्दा सुनुवाइको क्रममा गरे गराएको कार्य अन्यथा प्रमाणित नभएसम्म स्वच्छ सुनुवाइको सिद्धान्त अनुसार नै गराएको मान्नु पर्ने।*

- *अनुसन्धानको क्रममा एवं मुद्दा हर्ने अधिकारीसमक्ष भएको बयान एक आपसमा मेल खाइरहेको अवस्थामा उक्त बयानहरू स्वतन्त्रपूर्वक भएको होइन भन्ने जिकिर प्रतिवादीले लिएको खण्डमा सो कुरा प्रमाणित गर्ने दायित्व पनि निजको नै हुन आउने।*

  (प्रकरण नं.५)

- *सहअभियुक्तको पोल आफैंमा कुनै ठोस प्रमाण होइन। यो मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित भएको खण्डमा मात्र प्रमाणयोग्य मानिने।*

  (प्रकरण नं.६)

फैसला

न्या. ओमप्रकाश मिश्रः न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्ने भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः

चितवन राष्ट्रिय निकुञ्जभित्रको डुमरिया पोष्टदेखि दक्षिणतर्फ गौर मचान नजिक बाँस खोलादेखि करिब २०० मिटर पश्चिम चुरेको घाँच सालघारीमा अन्दाजी २० वर्ष जिन उमेर भएको भाले गैंडा मृत अवस्थामा फेला परेको, सो गैंडाको खाग धारिलो हतियारले काटी चोरी लगेको भन्नेसमेत बेहोराको मिति २०६७।०२।२८ को घटनास्थल प्रकृति मुचुल्का।

चितवन राष्ट्रिय निकुञ्जभित्रको डुमरिया पोष्टदेखि दक्षिणतर्फ गौर मचाननजिक बाँस खोलादेखि करिब २०० मिटर पश्चिम चुरेको घाँच सालघारीमा जसको G.P.S. Location: 0542774 USR 3046844 रहेको अन्दाजी २० वर्षजति उमेर भएको भाले गैंडा मृत अवस्थामा फेला परेको, सो गैंडालाई गोली हानी मारी खाग काटी चोरी लगेको भन्नेसमेत बेहोराको वरिष्ठ पशु चिकित्सक डा. कमलप्रसाद गैरेले जाँच गरी दिएको मिति २०६७।२।२९ को लास जाँच (Postmortem Report) प्रतिवेदन।

चितवन राष्ट्रिय निकुञ्जको चोरी शिकार प्रतिरोध ईकाई र गोरखबहादुर गणको संयुक्त गस्ती टोलीले सुराकीले दिएको गोप्य सूचनाको आधारमा गैंडा मारी खाग बिक्री तथा ओसारपसार गर्ने कार्यमा संलग्न भएको, गैंडालाई गोली हानी मारी खाग काटी काठमाडौं लगेर बिक्री व्यवसाय गरेको कसुरमा जिल्ला कास्की, दाङसिङ गा.वि.स. वडा नं. ९ उल्लेरी घर भई हाल ऐ. पोखरा-उपमहानगर पालिका वडा नं. ३ नदीपुर बस्ने जितबहादुर पुन, जिल्ला चितवन, कोराक गा.वि.स. वडा नं.९ कालोखोला बस्ने दलबहादुर प्रजा, जिल्ला चितवन, कोराक गा.वि.स. वडा नं.८ देवीटार बस्ने महेन्द्र गुरूङलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि पेस गरेको छु भन्नेसमेत बेहोराको सहायक संरक्षण अधिकृत लालबहादुर भण्डारीको मिति २०६७।११।१५ को जाहेरी प्रतिवेदन।

मिति २०६७।३।१३ का दिन जिल्ला चितवन, गा.वि.स. वडा नं.९ चिप्लेटी बस्ने काजीमान प्रजा, ऐ. कोराक गा.वि.स. वडा नं.९ कालीखोला घर भई हाल ऐ. खैरहनी गा.वि.स. वडा नं.४ नयाँ पर्सामा बस्ने शक्ति प्रजा र मसमेत पोखराबाट आई काजीमानको घरमा सो राति बास बस्यौं। भोलिपल्ट बिहान शक्ति प्रजा चितवनको विरेन्द्रनगर पर्सातर्फ फर्कनु भयो। त्यसदिन बिहानै काजीमान प्रजाले खसी काटी खानपिनको लागि आआफ्ना इष्टमित्रलाई बोलाई खानपिन गर्दै गरेको अवस्थामा म, दुर्गाबहादुर तामाङ, महेन्द्र गुरूङ र दलबहादुर प्रजा पक्राउमा पर्‍यौं, काजीमान प्रजा घटनास्थलबाट भाग्न सफल हुनुभयो। मिति २०६७।२।२७ मा काजीमानको घरमा ऐ.ऐ. कालीखोला बस्ने राजकुमार प्रजा, काजीमान प्रजा, शक्ति प्रजा र म भएर निकुञ्ज क्षेत्रभित्र प्रवेश गरी भोलिपल्ट बिहान मिरमिरे उज्यालोमा निकुञ्ज क्षेत्रभित्रको गौर मचान, चुरे घाँच क्षेत्रमा आई पुग्यौं, त्यहाँ गैंडा फेला पर्यो। काजीमान प्रजा र राजकुमार प्रजाले सो क्षेत्रमा लुकाई राखेको भरूवा बन्दुक तिनीहरूले लिएर आएर गैंडालाई पिछा गर्दै करिब बिहान ४:४५ बजे राजकुमार प्रजाले गोली हानेकोमा गोली गैंडाको गर्दनमा लाग्यो तर गैंडा नढलेपछि गैंडा रन्थनिँदै भाग्यो। राजकुमार प्रजाले पुनः दायाँ पाटामा गोली हानी गैंडा मारेको हो। गैंडा मारिसकेपछि, मैले बोकेको बञ्चराले काजीमान प्रजा, राजकुमार प्रजाले खाग काटेका हुन्। खाग काटिसकेपछि बन्दुक तिनीहरूले त्यहीँ नजिकको जंगलमा लुकाएर राखी खाग लिएर राजकुमार प्रजा, काजीमान प्रजा र म मिति २०६७।२।२८ गते दिनको १/२ बजेतिर काजीमानको घरमा पुगेका थियौं। उक्त खागलाई काजीमानको घरमा उसिनेको थियो। खाग ७०० ग्रामको थियो। उक्त

खाग भोलिपल्टै म र शक्ति भएर माइक्रोबसबाट काठमाडौं लगेर गोंगबुस्थित तारा होटलमा बसेका जिल्ला चितवन खैरहनी गा.वि.स. वडा नं.४ बस्ने बुद्धिबहादुर प्रजालाई दियौं। काजीमान प्रजा र राजकुमार प्रजा पहिल्यै मोटरसाइकलबाट उक्त होटलमा पुगिसकेका रहेछन्। बुद्धिबहादुर प्रजाले मलाई र शक्तिलाई ५।५ हजार खाग ल्याएको बाटो खर्च भनी तत्काल दिएपश्चात् म पोखरा र शक्ति चितवनतर्फ लाग्यौं। उक्त खाग बुद्धिबहादुर प्रजामार्फत २० लाखमा बेचेको हो। खाग बुद्धिबहादुर प्रजाले कसलाई बिक्री गर्यो त्यो मलाई थाहा छैन। खाग बिक्रीको हिस्सा भनी मलाई २ लाख बुद्धिबहादुर प्रजाले पछि पोखरामा ल्याएर दिएको हो। बुद्धिबहादुर प्रजा आफूलाई विकास गुरूङ, काजीमान प्रजा आफूलाई मिलन थापा र राजकुमार प्रजा आफूलाई रोहित थापा भनी लुकीछिपी आफूले गरेको कर्तुत लुकाउनलाई पोखराको नदीपुरमा डेरा गरी विदेश जाने तयारीको लागि सेक्युरिटी गार्ड, भाषा एवं कम्प्युटर तालिम लिई बस्ने गरेका छन् भन्नेसमेत बेहोराको प्रतिवादी जितबहादुर पुनले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

जिल्ला चितवन, कोराक गा.वि.स. वडा नं.९ चिप्लेटी बस्ने बिजराम प्रजा मेरो ससुरा हुनुहुन्छ। उहाँले आफ्नो घरको शौचालय निर्माणको लागि भनी मिति २०६७।३।१४ मा मलाई अनुरोध गरेकाले म शौचालय निर्माणको काममा गएको थिएँ। काजीमान मेरो सालो हो। त्यसदिन मेरो सालोको घरमा खसी काटेको रहेछ। काजीमानले खानपिनको लागि आग्रह गरेकाले म सो कार्यक्रममा सरिक हुँदा पक्राउ परेको हुँ। खानपिनको क्रममा दुर्गाबहादुर तामाङ, महेन्द्र गुरूङ र जितबहादुर पुन पनि पक्राउ परेका छन्। निजहरू गैंडा मारी खाग बिक्री व्यवसायमा संलग्न भएको जस्तो लाग्दैन। फरार राजकुमार प्रजा मेरो साख्य कान्छो भाइ हो। तिनीहरू नामुद गैंडा मारी खाग बिक्री व्यवसाय गर्ने तस्करहरू हुन भन्नेसमेत बेहोराको प्रतिवादी दलबहादुर प्रजाले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

काजीमानले निर्माण गर्दै गरेको पक्की घरमा बेलाबखतमा ज्याला मजदुरी गर्न गई रहन्थें। मिति २०६७/०३/१४ मा पनि म सो काम गर्न गएको थिएँ। त्यस बखतमा काजीमानले खसी काटेका रहेछन, उनका इष्टमित्रसमेत बसी खानपिन गरिरहेका थिए र घरमा काम गर्ने मान्छेलाई पनि खान बोलाइएको हुँदा खानपिनको क्रममा पक्राउ गरिएको हो। सो क्रममा काजीमान भाग्न सफल हुनुभयो। निज नामुद गैंडाको खाग तस्कर हुन्। म गैंडा मारी खाग तस्करी कार्यमा लागेको छैन भन्नेसमेत बेहोराको प्रतिवादी दुर्गाबहादुर तामाङले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

मिति २०६७/३/१३ का दिन म जिल्ला चितवन, कोराक गा.वि.स. वडा नं. ९ चिप्लेटी स्थित मेरो मित आमा धनमाया तामाङनीको घरमा भेटघाटको लागि गएको थिएँ। काजीमान प्रजाको घरसँगै मेरो मितआमाको घर छ। काजीमानको श्रीमती मेरो गाउँ शक्तिखोरकी चेली हुन्। म उनलाई साइँली दिदी भनेर सम्बोधन गर्छु। गएको दिन रात म मितआमाको घरमा बसे र भोलिपल्ट बिहान साइँली दिदीको

घरनजिक रहेको धारामा मुख धुनजाँदा खेरी आज खसी काटेको छ, खानपिनको लागि आउ है भाइ भनेर मलाई साइँली दिदीले भनेको हुँदा म निजको घरमा खाना खान गएको बेला पक्राउ परेको हुँ। मैले गैंडा मार्ने र खाग तस्कर गर्ने कार्य गरेको छैन भन्नेसमेत बेहोराको प्रतिवादी महेन्द्र गुरूङले अनुसन्धान अधिकृतसमक्ष गरेको बयान।

जिल्ला चितवन, कोराक गा.वि.स. वडा नं. ९ बस्ने दलबहादुर प्रजाको माहिलो भाइ रामकुमार प्रजा गैंडा मारी खाग तस्कर गरेको मुद्दामा जेलमा छ। निजको कान्छो भाइ राजकुमार प्रजा सोही मुद्दा लागेर लुकीछिपी हिँडी हाल पनि त्यही पेसा गर्दै हिँडिरहेको छ। पक्राउ परेका दलबहादुर प्रजा पनि दश वर्ष पहिले यस्तै पेसा गर्दै हिँडेको भन्ने सुनिन्थ्यो। अहिले विदेशबाट आएर पनि २/३ महिनादेखि गैंडा मारी खाग तस्कर गर्ने काजीमान प्रजा, घिन्चि काईला, श्रीमान् साहिँला, आफ्नै भाइ राजकुमार प्रजा, बुद्धिमान प्रजा र शक्ति प्रजा जस्ता गैंडा मारी खाग तस्कर गर्ने व्यक्तिहरूसँग मिलेमतो गरी पार्टी खाने गरेको देखियो। जितबहादुर पुन र महेन्द्र गुरूङ पनि गैंडा मारी खाग तस्कर गर्ने कार्यमा संलग्न भएको हुनुपर्छ। पक्राउ परेको मिति २०६७/३/१४ का दिन यी व्यक्तिहरू काजिमानको घरमा खसी काटी भोज खाँदै गैंडा मार्न जाने योजना बनाइरहेका थिए भन्नेसमेत बेहोराको प्रेमबहादुर प्रजासमेतले गरी दिएको सर्जमिन मुचुल्का।

प्रतिवादीहरू जीतबहादुर पुन, काजीमान प्रजा, राजकुमार प्रजाले गैंडा मारी खाग बिक्री गरेको कार्य मसिल संलग्न कागज प्रमाणबाट पुष्टि भएकोले प्रतिवादीहरूको उक्त कार्य राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) र प्रतिवादीहरू शक्ति प्रजा, बुद्धिबहादुर प्रजाले सोही ऐनको दफा १९(१) को कसुर गरेको देखिँदा प्रतिवादीहरू जीतबहादुर पुन, मिलन भन्ने काजिमान प्रजा, राजकुमार प्रजा, शक्ति प्रजा, बुद्धिबहादुर प्रजा, दलबहादुर पर्जा, दुर्गाबहादुर तामाङ र महेन्द्र गुरूङलाई सोही ऐनको दफा २६(१) बमोजिम सजाय गरिपाउँ भन्नेसमेत बेहोराको अभियोग पत्र।

मिति २०६७/३/१३ का दिन जिल्ला चितवन, गा.वि.स. वडा नं. ९ चिप्लेटी बस्ने काजीमान प्रजा, ऐ. कोराक गा.वि.स. वडा नं. ९ कालीखोला घर भई हाल ऐ. खैरहनी गा.वि.स. वडा नं. ४ नयाँ पर्सामा बस्ने शक्ति प्रजा र मसमेत पोखराबाट आई काजीमानको घरमा सो राति बास बस्यौं। भोलिपल्ट बिहान शक्ति प्रजा चितवनको वीरेन्द्रनगर पर्सातर्फ फर्कनु भयो। त्यसदिन बिहानै काजीमान प्रजाले खसी काटी खानपिनको लागि आ-आफ्ना इष्टमित्रलाई बोलाई खाँदै गरेका थिए। त्यहाँ काजीमान प्रजाको नयाँ घर बन्दै थियो। भोज खानेमा कामदार पनि थिए। खानपिन गर्दै गरेको अवस्थामा पक्राउमा पर्‍यौं, काजीमान प्रजा घटनास्थलबाट भाग्न सफल हुनुभयो। यसभन्दा अघि मिति २०६७।२।२७ मा काजीमानको घरमा राजकुमार प्रजा, काजीमान प्रजा, शक्ति प्रजा र म भएर गैंडा मार्ने योजना बनाएका थियौं। सो दिनको साँझ गैंडा मार्न आउँदा राप्ती नदीमा आइपुग्दा निकै रात परिसकेको थियो। शक्ति त्यहींबाट

फर्कनु भयो। म, काजीमान प्रजा र राजकुमार चितवन राष्ट्रिय निकुञ्जको गौर मचान, चुरे घाँच क्षेत्रमा आई पुगेको कुरा निजहरूले बताएका थिए। मिरमिरे उज्यालोमा एउटा गैंडा फेला पर्यो। गैंडालाई पिछा गर्दै करिब बिहान ४:४५ बजे राजकुमार प्रजाले गोली हानेकोमा गोली गैंडाको गर्दनमा लाग्यो तर गैंडा नढलेपछि गैंडा रन्थनिँदै भाग्यो। राजकुमार प्रजाले पुनः दायाँ पाटामा गोली हान्दा गैंडा ढल्यो। मैले बोकेको बञ्चराले काजीमान प्रजा, राजकुमार प्रजाले खाग काटेका हुन्। हामीले खाग काट्ने बञ्चरो र बन्दोबस्तीका सामान लिएर गएका थियौं। बन्दुकको गोली र बारूद राजकुमार प्रजा र काजीमान प्रजाले बोकेका थिए। बन्दुक प्लाष्टिकले बेरी जंगलमै लुकाएर राखेका थिए। खाग राजकुमार प्रजा, काजीमान प्रजाले पालैपालो बोकी मिति २०६७/२/२८ दिनको १/२ बजेतिर काजीमानको घरमा आई उक्त खाग उसिनेर मासु छुट्याई तौल गरी मलाई र शक्तिलाई लिएर आउनु भनी काजीमान प्रजा र राजकुमार प्रजा मोटरसाइकलबाट काठमाडौं लागे। खाग ७०० ग्रामको थियो। हामी दुवैजना उक्त खाग लिएर गोंगबु स्थित तारा होटलमा गयौं। त्यहाँ बुद्धिबहादुर प्रजा बसेका रहेछन्। काजीमान प्रजा र राजकुमार प्रजा पहिल्यै मोटरसाइकलबाट उक्त होटलमा पुगिसकेका रहेछन। उक्त खाग बुद्धिबहादुर प्रजामार्फत रू. बीस लाखमा बिक्री गरे। तर कसलाई बिक्री गरे थाहा भएन। त्यसपछि बुद्धिबहादुर प्रजाले हामीलाई ५/५ हजार दिएका हुन्। सोही दिन बेलुका म पोखरातर्फ लागें, शक्ति चितवनतर्फ लागें। खाग बिक्री भएको २/३ दिनपछि बुद्धिबहादुर प्रजाले पोखरा आएर मलाई २ लाख दिएको हो। उक्त रकम मैले घर खर्च गरें भन्नेसमेत बेहोराको प्रतिवादी जितबहादुर पुनले मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान।

मेरो ससुरा बिजराम प्रजाले आफ्नो घरको शौचालय बनाई दिनु पर्यो भनी मिति २०६७।३।१४ मा बोलाएकोले म ससुराको घरमा गएको थिएँ। ससुरा र सालो काजीमानको एउटै आँगन भएको र सालोले पनि घर बनाउँदै गरेकोले त्यहाँ केशरबहादुर तामाङ, रामबहादुर तामाङ र दुर्गाबहादुर तामाङ साला काजीमानको घरमा काम गरिरहेका थिए। त्यसदिन मेरो सालोको घरमा खसी काटेको र खानपिनको लागि मलाई बोलाएका थिए। खानपिन गर्दागर्दैको अवस्थामा पक्राउ परेको हुँ। मैले गैंडा मारी खाग बिक्री व्यवसाय गरेको छैन भन्नेसमेत बेहोराको प्रतिवादी दलबहादुर प्रजाले मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान।

मिति २०६७/३/१३ का दिन म जिल्ला चितवन, कोराक गा.वि.स. वडा नं. ९ चिप्लेटी मा बस्ने मेरो मितआमा धनमाया तामाङको घरमा भेटघाटको लागि गएको थिएँ। काजीमानको श्रीमती मेरो गाउँ शक्तिखोरकी चेली हुन्। म उनलाई साइँली दिदी भनेर बोलाउँछु। भोलिपल्ट बिहान मितआमाको घरमा हातमुख धोइसकेपछि साइँली दिदीले मलाई बोलाई खसी काट्ने योजना छ, खानपिन गर्न आउ है भनेर बोलाएकोले म साइँली दिदीको घरमा खानपिन गर्न लागेको थिएँ। खानपिन गरेर फर्कंदा मसमेतलाई

पक्राउ गरेको हो भन्नेसमेत बेहोराको प्रतिवादी महेन्द्र गुरूङले मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान।

काजीमानले घर निर्माण गर्दै गरेकोले काजीमानको घरमा म काम गर्न गएको थिए। त्यसदिन काजीमानले खसी काटी मलाई पनि खानपिनको लागि बोलाए। मलगायत दलबहादुर प्रजा, महेन्द्र गुरूङ र जीतबहादुर पुन खानपिन गरिरहेका थियौं। त्यसैबखत पक्री ल्याएको हो। काजीमान प्रजा र राजकुमार प्रजा गैंडा मारी खाग व्यवसाय गर्ने तस्कर हुन् भन्नेसमेत बेहोराको प्रतिवादी दुर्गाबहादुर तामाङले मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान।

मिति २०६७/३/१३ का दिन जिल्ला कास्की दाङसिङ गा.वि.स. वडा नं. ९ उल्लेरी घर भई हाल ऐ. पोखरा-उपमहानगरपालिका वडा नं. ३ बस्ने जितबहादुर पुन, जिल्ला चितवन खैरहनी पर्सा बस्ने शक्ति प्रजा भन्ने शक्ति पुन र म पोखराबाट बसमा नारायणगढ आयौं। त्यहाँबाट मिनिबस चढी जिल्ला चितवन वीरेन्द्रनगर गा.वि.स. नजिक पम्फा पूलमा ओर्ली मेरो घरमा गएर बास बस्यौं। त्यसको भोलिपल्ट शक्ति पुन बिहान आफ्नो घरतिर फर्किए। म र जितबहादुर पुन मेरै घरमा बस्यौं। मैले नयाँ घर बनाएकोले मिति २०६७ साल असार १४ का दिन मैले आफ्नो छरछिमेक र ईष्ट मित्रहरूलाई खसी काटी भोज खुवाउन थालेको थिएँ। खानपिनको क्रममा निकुञ्जबाट गएको गस्ती टोलीले जितबहादुर पुन, दलबहादुर प्रजा, मेरो भिनाजू, जिल्ला चितवन कोराक गा.वि.स. वडा नं. ९ बस्ने दलाबहादुर प्रजा, ऐ. शक्तिखोर गा.वि.स वडा नं. ८ बस्ने महेन्द्र गुरूङलाई पक्राउ गरेका हुन्। म भाग्न सफल भए। मिति २०६७।३।१४ का दिन बेलुका गैंडा मार्ने योजना बनाएका थियौं। यसभन्दा अगाडि मिति २०६७/२/२७ का दिन मेरो घरमा म, राजकुमार प्रजा, जितबहादुर पुन, शक्ति प्रजासँगै बसी गैंडा मार्ने योजना बनाएका थियौं। मिति २०६७/२/२७ को साँझमा म, राजकुमार प्रजा, जितबहादुर पुन, शक्ति प्रजा (पुन) कोराकबाट गैंडा मार्न भनी हिँडेर आउँदा राप्ती नदीमा निक्कै रात परिसकेको थियो। शक्ति प्रजा (पुन) राप्ती नदीमा आइपुगेपछि फर्किए। म, राजकुमार प्रजा र जितबहादुर पुन रातारात हिँडेर चितवन राष्ट्रिय निकुञ्जको गौर मचार चुरेघाँचमा आइपुग्यौं। बिहानीपख हुन लागेको थियो। बिहान मिरमिरे उज्यालोमा एउटा भाले गैंडा फेला पर्यो, बिहान करिब ४:४५ बजे राजकुमार प्रजाले भरूवा बन्दुकले गोली हान्दा गैंडाको गर्दनमा लाग्यो तर गैंडा ढलेन पुनः राजकुमार प्रजाले गोली हान्दा दायाँपट्टि गोली लाग्यो र गैंडा ढल्यो। खाग काट्ने बञ्चरो जितबहादुर पुनले बोकेका थिए। उक्त गैंडाको खाग काटी पालैपालोसँग राजकुमार प्रजा र मैले बोकेका थियौं। हामी खाग काट्ने बञ्चरो र बन्दोबस्तीका सामानसँगै लिएर गएका थियौं। मैले बन्दुकमा लाग्ने गोली र निलो पाइपमा बारूद बोकेको थिएँ। बन्दुकमा लाग्ने गोली फलामको छड काटी बनाएको हो। उक्त गोली पाडो भेना भन्ने शिवलाल वि.क.सँग लिएको हो। उक्त खाग बोकी मिति २०६७/२/२८ को दिनको १:३० बजे मेरो घरमा ल्याई उसिनेर मासु छुट्टयाई खागको तौल गरी जितबहादुर पुन र शक्ति पुनलाई काठमाडौं

ल्याउनु भनी राजकुमार प्रजा र म मोटरसाइकलमा काठमाडौं गयौं। हामी काठमाडौं बसपार्कको तारा होटलमा जिल्ला चितवन खैरहनी ४ पर्साबजार बस्ने बुद्धिबहादुर प्रजासँगै बसेका थियौं। उक्त खाग बुद्धिबहादुर प्रजामार्फत बिक्री गरी रू.२०,००००००।- (बीस लाख) लिएका हौं। उक्त रकममध्ये शक्ति पुन र जितबहादुर पुनलाई पहिले ५/५ हजार दिई २/३ दिन पछि उनीहरूलाई २/२ लाख दिई अरू हामीले बाँडेर लिएका हौं। हामीले गैंडा मार्न प्रयोग गरेको बन्दुक जिल्ला चितवन कोराक गा.वि.स. वडा नं. ९ चिप्लेटी बस्ने बलबहादुर प्रजाको हो। म, राजकुमार प्रजा र बुद्धिबहादुर प्रजासमेत भएर २०६० सालदेखि गैंडा मारी खाग बिक्री व्यवसाय गरी आर्थिक लाभ लिएका हौं। मसमेत जिल्ला चितवन कोराक गा.वि.स. वडा नं. ९ बस्ने राजकुमार प्रजा, ऐ.ऐ. बस्ने राजकुमार प्रजाको माइला दाजु बलबहादुर प्रजा, जिल्ला चितवन शक्तिखोर गा.वि.स. वडा नं. ७ सुकबहादुर प्रजा, ऐ. कोराक गा.वि.स. वडा नं. ९ बस्ने श्रीमान् साइला भन्ने शेरबहादुर चेपाङ, जिल्ला चितवन शक्तिखोर गा.वि.स. वडा नं. ८ अजिङ्गरे बस्ने व्यापारी कान्छा भन्ने केदार प्रजा, जिल्ला चितवन खैरहनी गा.वि.स. वडा नं. ४ बस्ने बुद्धिबहादुर प्रजा, कोराक ९ बस्ने रोगे भन्ने दिपे प्रजा, शक्तिखोर गा.वि.स. वडा नं. ८ बस्ने मेरो जेठान बुद्धिबहादुर प्रजासमेत भई राष्ट्रिय निकुञ्जभित्र प्रवेश गरी विभिन्न क्षेत्रमा गैंडा मारी खाग बिक्री व्यवसाय गरी आर्थिक लाभ लिएको हो भन्नेसमेत बेहोराको प्रतिवादी मिलन भन्ने काजिमान प्रजाले मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान।

मिति २०६७/२/२७ का दिन जिल्ला चितवन कोराक गा.वि.स. वडा नं.९ चिप्लेटी बस्ने काजीमान प्रजा र जिल्ला कास्की दाङसिङ गा.वि.स. वडा नं. ९ उल्लेरी घर भई पोखरा उ.म.न.पा. वडा नं. ३ नदीपुर बस्ने जितबहादुर पुनलाई मैले मेरो मोटरसाइकलमा राखी जिल्ला चितवन वीरेन्द्रनगर गा.वि.स. वडा नं. २ बाट कोराक गा.वि.स. वडा नं. ९ चिप्लेटीसम्म पुर्याएको हुँ। मैले त्यसभन्दा अगाडि जीतबहादुर पुनलाई चिनेको थिइन। मैले मेरो मामा काजिमान प्रजालाई राम्ररी चिन्दछु। जितबहादुर पुन र काजिमान प्रजा हाल गैंडा मारी खाग बिक्री व्यवसाय गरेको कसुरमा कारागार कार्यालय भरतपुर चितवनमा थुनामा रहेका छन्। मैले गैंडा मारी खाग बिक्री व्यवसाय गरेको छैन, आर्थिक लाभ लिएको छैन भन्नेसमेत बेहोराको प्रतिवादी शक्ति प्रजाले मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको बयान।

मिति २०६७।३।५ मा मैले दिएको प्रतिवेदनमा लागेको सहिछाप र बेहोरा मेरो हो भन्नेसमेत बेहोराको प्रतिवेदक सहायक संरक्षण अधिकृत लालबहादुर भण्डारीले चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसरामा गरेको बकपत्र।

सर्जमिन मुचुल्काको सहिछाप र बेहोरा मेरो हो भन्नेसमेत बेहोराको सर्जमिन मुचुल्काका मानिस वेदबहादुर खड्काले चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसरामा गरेको बकपत्र।

मिसिल संलग्न आधार प्रमाणहरूबाट जीतबहादुर पुनले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) को कसुर अपराध गरेको पुष्टि भएकोले निजलाई सोही ऐनको दफा २६(१) बमोजिम १४ वर्ष कैद र रू. ९०,०००।- (नब्बे हजार रूपैयाँ) जरिवाना हुने, प्रतिवादी काजिमान प्रजाले ऐ. ऐनको दफा ५(क) र १९(१) को कसुर अपराध गरेको पुष्टि भएकोले निजलाई सोही ऐनको दफा २६(१) बमोजिम १५(पन्ध्र) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) रूपैयाँ जरिवाना हुने, प्रतिवादी शक्ति प्रजाले सोही ऐनको दफा ५(क) र १९(१) को कसुर अपराध गरेको पुष्टि भएकोले निजलाई सोही ऐनको दफा २६(१) बमोजिम १२(बाह्र) वर्ष कैद र रू.६०,००० (साठी हजार) रूपैयाँ जरिवाना हुने, प्रतिवादी राजकुमार प्रजाले ऐ. ऐनको दफा ५(क) र १९(१) को कसुर अपराध गरेको पुष्टि भएकोले निजलाई सोही ऐनको दफा २६(१) बमोजिम १५ (पन्ध्र) वर्ष कैद र रू.१,००,०००।- (एक लाख) रूपैयाँ जरिवाना हुने, प्रतिवादी बुद्धिबहादुर प्रजाले ऐ. ऐनको दफा ५(क) र १९(१) को कसुर अपराध गरेको पुष्टि भएकोले निजलाई सोही ऐनको दफा २६(१) बमोजिम सोही ऐनको दफा २६(१) बमोजिम १५ (पन्ध्र) वर्ष कैद र रू.१,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना हुने र प्रतिवादीहरू दलबहादुर प्रजा, दुर्गाबहादुर तामाङ, र महेन्द्र गुरूङले सफाइ पाउने ठहर्छ भन्नेसमेत बेहोराको चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराबाट भएको फैसला।

मैले चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, इजलाससमक्ष बयान गर्दा मिति २०६७/२/२७ का दिन प्रतिवादीहरू काजीमान प्रजा र जितबहादुर पुनलाई मेरो मोटरसाइकलमा राखी जिल्ला चितवन विरेन्द्र नगर गा.वि.स. वडा नं. २ बाट कोराक गा.वि.स. वडा नं. ९ चिप्लेटीसम्म पुर्याएको हुँ। मैले गैंडा मारी खाग बिक्री व्यवसाय गरेको छैन र आर्थिक लाभ लिएको छैन भनी कसुरमा पूर्ण इन्कार रही बयान गरेको छु। मैले आफू कसुरमा सहभागी छैन भनी पूर्णरूपमा इन्कार रही बयान गर्दाको अवस्थामा पनि विना आधार प्रमाण मलाई दोषी ठहर गरिएको छ। जहाँसम्म सहअभियुक्तहरू काजीमान प्रजा र जितबहादुर पुनले गैंडाको खाग उसिनेर तयार भएपछि शक्ति प्रजा र जितबहादुर पुनले काठमाडौं पुर्याएको भनी मउपर पोल गरेका छन्, सो सहअभियुक्तको पोलहरू झुठ्ठा, बनावटी तथा काल्पनिक हुन्। निजहरूले मउपर किन त्यस किसिमको दोषारोपण गरे म जान्दिन। मैले उक्त खाग बिक्री वितरण गर्नको लागि काठमाडौं लागेको पनि छैन र उक्त खाग बिक्री वितरणपछि रू. ५,०००।- र २,००,०००।- लिएको पनि छैन। मैले आफ्नो बयानमा काजीमानसँग पहिलादेखि नै चिनजान भएको र जितबहादुर पुनलाई मेरो मोटरसाइकलमा राखी वीरेन्द्रनगर गा.वि.स. वडा नं. २ बाट कोराक गा.वि.स. वडा नं. ९ चिप्लेटीसम्म पुर्याई दिँदा चिनजान भएको हो। सोभन्दा अगाडि निज जितबहादुर पुनसँग चिनजान भएको थिएन र छैन भनी प्रस्टरूपमा उल्लेख गरी बयान गरेतर्फ न्यायकर्ताबाट कुनै किसिमको विवेचना भएको छैन। यसरी नेपाल सरकारले मैले अपराध गरेको पुष्टि गरी सजाय

गर्नुपर्नेमा थुनामा रहेको व्यक्तिले ईन्कारी बयान पुष्टि गर्न नसकेको भन्ने अत्तो थापी मउपर सजाय गरेको गैरकानूनी तथा न्यायिक मनसायविपरीत भएको प्रस्ट छ। प्रतिवेदक लालबहादुर भण्डारीले पनि म पुनरावेदक शक्ति प्रजा उक्त गैंडा मारी खाग बिक्री वितरण गर्नमा संलग्न भएको छ भनी भन्न र लेखाउन सकिरहेको अवस्था छैन। यसरी मलाई निजले कहिँकतै पनि मेरो संलग्नता थियो भनी भन्न र लेख्न सकेको छैन। त्यस्तै सर्जमिन मुचुल्काका काम तामेल गर्ने वेदबहादुर खड्का उक्त सर्जमिनका मानिस होइनन्। निज उक्त कार्यालयका सहायक संरक्षण अधिकृत हुन्। अदालतमा बकपत्र गर्दा सर्जमिन गर्दा बेहोरा उल्लेख गर्ने व्यक्तिहरूले मात्र अदालतमा आई बकपत्र गर्ने हो, सर्जमिनको काम तामेल गर्ने व्यक्तिले अदालतमा साक्षी सरह बकपत्र गर्न मिल्ने नहुँदा त्यस्तो बकपत्रलाई प्रमाणमा लिई मलाई दोषी करार गर्न मिल्ने नमिल्ने हुँदा चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसराले मलाई दोषी ठहर गरी गरेको फैसला गैरकानूनी भएकोले उल्टी गरी अभियोगबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी शक्ति प्रजाले पुनरावेदन अदालत हेटौंडामा दायर गरेको पुनरावेदन पत्र।

म पुनरावेदक प्रतिवादीले गैंडा मारेको कुरामा साबित भई बयान गरेको भनेकोमा मलाई मौकामा तथा संरक्षण अधिकृतसमक्ष समेत बयान गराउँदा कुनै पनि प्रश्न सोधिएको थिएन। कुनै पनि मुद्दाको अनुसन्धानको क्रममा भएको साबिती बयानको आधारमा मात्र मलाई कसुर गरेको भनी ठहर गर्न मिल्दैन। २०६७।२।२८ मा मारिएको गैंडाको सम्बन्धमा थप अनुसन्धान भएको र कुनै प्रमाणसमेत संकलन गरिएको अवस्थासमेत छैन। घटनास्थल मुचुल्का तयार गरी सो सम्बन्धमा अन्य कुनै पनि प्रमाणहरू संकलन भएको छैन। म पुनरावेदक प्रतिवादीले गैंडा मारेको हो भनी कुनै पनि कागज प्रमाणबाट देखिँदैन। वादीले मउपरको अभियोग दाबी निर्विवादरूपमा प्रमाणित गर्ने सकिरहेको अवस्था छैन। मैले गैंडा मार्न जाउँ भनी अन्य प्रतिवादीहरूलाई लिई गएको र कुनै फाइदा लिएको मिसिल प्रमाणबाट देखिँदैन। म गैंडालाई गोली हान्ने मानिस पनि होइन। मैले गैंडाको खाग काटी ल्याएको भन्ने पनि छैन। सर्जमिनको कुनै पनि मानिसले सो वारदातमा मेरो संलग्नता देखाई बेहोरा लेखाउन सकेका छैनन्। जितबहादुर पुन पनि गैंडा मारी खाग तस्कर गर्ने कार्यमा संलग्न भएको हुनुपर्छ भनी सर्जमिन बेहोरामा लेखाएको अनुमान र शंकाको आधारमा मात्र मलाई सजाय गर्न मिल्ने अवस्था हुँदैन। सहप्रतिवादीहरूको पोललाई मेरो विरूद्धमा प्रमाणमा लिन मिल्दैन। वारदात भयो भनिएको दिन म सो निकुञ्ज क्षेत्रमा गएको अवस्था छैन। सो दिन म आफ्नो घर जिल्ला कास्की पोखरा उपमहानगरपालिका वडा नं. ३ नदीपुरमा रहेको थिएँ। म सो खाग बेच्नको लागि काठमाडौं गएको पनि छैन। वारदातस्थलमा र सोपश्चात् मलाई कसुर अपराध गर्दकै अवस्थामा देख्ने कोही पनि प्रत्यक्षदर्शी मानिस भएको अवस्था छैन। अन्य सहप्रतिवादीहरूको पोल अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुनुपर्दछ। तर निजहरूको पोल कुनै अन्य प्रमाणबाट पुष्टि नभएको हुँदा निजहरूको पोललाई मेरो विरूद्धमा प्रमाणमा

लिन नमिल्ने हुँदा चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसराले मलाई सजाय गरी गरेको फैसला बदर गरी अभियोग दाबीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी जितबहादुर पुनले पुनरावेदन अदालत हेटौंडामा दायर गरेको पुनरावेदन पत्र।

मिति २०६७।३।१४ गते दलबहादुर प्रजा, दुर्गाबहादुर तामाङ र महेन्द्र गुरूङसमेतलाई गैंडा मारी खाग बिक्री तथा ओसारपसार गरेको कार्यमा संलग्न भएको बुझिएकोले निजहरूलाई पक्राउ गरी आवश्यक कानूनी कार्वाहीका लागि पेस गरेको भन्ने सहायक संरक्षण अधिकृत लालबहादुर भण्डारीको प्रतिवेदन परेको देखिनुका साथै निजले उक्त प्रतिवेदनको बेहोरालाई पुष्टि गर्दै मुद्दा सुन्ने अधिकारीसमक्ष बकपत्र गरेका छन्। त्यस्तै सर्जमिन मुचुल्काका व्यक्तिहरूको मौकाको भनाई, लेखाई र बेदबहादुर खड्काको बकपत्रबाट यी प्रतिवादीहरू गैंडा मारी खाग बिक्री व्यवसायमा संलग्न रहे भएको कुरा स्पष्ट हुन आएको देखिन्छ। चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा चितवनले उक्त प्रमाणहरूको समुचितरूपमा मूल्याङ्कन एवं विश्लेषण गर्न सकेको छैन। चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसराले फैसला गर्ने क्रममा यी सफाइ पाएका प्रतिवादीहरूले योजनाबद्ध ढङ्गले गैंडा मारी खाग बेची तस्करी गरी रूपैयाँ कमाउने लालचमा कसुर गर्न खोजेको, गैंडा मार्न र खाग बिक्री व्यवसाय गर्नका लागि मतसल्लाहमा पसी योजना बनाई खाग बिक्री गरी रूपैयाँ बाँडी खानेसमेतको कार्य संयुक्तरूपमा प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिएको छ। जसबाट समेत उक्त फैसला स्वयम्मा विरोधाभाषपूर्ण रहेको छ। यी प्रतिवादीहरू आरोपित कसुर अपराधमा इन्कार रहे पनि सो इन्कारीलाई निजहरूले ठोस प्रमाणबाट पुष्टि गर्न सकेको देखिँदैन। यी प्रतिवादीहरू समेत प्रतिवादी काजीमान प्रजाको घरमा खसी काटी खाई खानपिन गरी बसी गैंडा मारी खाग बिक्री व्यवसाय गर्ने कुरा गरी योजना बनाई मतसल्लाह गरिरहेको अवस्थामा पक्राउ परेका छन्। यी प्रतिवादीहरूको आरोपित कसुरमा संलग्नता रहे भएको तथ्यलाई पुष्टि गर्ने आधार प्रमाणहरूको विद्यमानता देखिँदादेखिँदै पनि निज प्रतिवादीहरूलाई सफाइ दिने गरी गरेको फैसला सो हदसम्म कानूनीरूपमा त्रुटिपूर्ण रहेकोले उक्त फैसला बदर गरी निज प्रतिवादीहरूलाई समेत अभियोग दाबीअनुसार सजाय गरिपाउँ भन्नेसमेत बेहोराको वादी नेपाल सरकारले पुनरावेदन अदालत हेटौंडामा दायर गरेको पुनरावेदन पत्र।

सर्वप्रथम म पुनरावेदकलाई फरार रहेको भन्ने अत्तो थापी मलाई सजाय गरिएको छ। तर म कहिले पनि फरार नभई आफ्नो गाउँ घर तथा रोजगारीको लागि पोखरा तथा काठमाडौंमै रही बसी आएको छु। म गैंडालाई गोली हान्ने तथा गैंडा मार्ने कार्यमा संलग्न छैन। यसरी मेरो अनुपस्थितिमा मेरो बयान नलिई मनोमानी ढंगबाट मिसिल खडा गरी मलाई सजाय गरेको चितवन राष्ट्रिय निकुञ्ज कार्यालय कसराको फैसला गैरकानूनी छ। फैसलापछि मलाई पक्राउ गरी गराइएको बयान मेरो स्वेच्छाले गरेको होइन। चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले मिति २०७०/२/२९ मा मलाई १५ वर्ष कैद र

रू. १,००,०००।- जरिवाना हुने गरी फैसला गरेपछि आफूले गरेको फैसलालाई कायम राख्न मलाई पक्राउ गरी निजहरूले तयार गरेको बनी बनाउ बयानमा सहिछाप गर् भनी भन्दा मैले इन्कार गरी सही गर्न नमान्दा चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरामा कर्मचारी र सेनासमेतले मलाई कुटपिट गरी खुट्टामा बाँधी उधोमुन्टो पारी मेरो पैतालामा हिर्काई र सुकेको खुर्सानी आगोमा हाली त्यसको धुवाँ सुँघाएर मलाई जबरजस्ती सहिछाप गराएको हो। कुनै पनि मुद्दा फैसला भइसकेपछि र सो मुद्दामा सजाय दिइसकेपछि सोही मुद्दाका प्रतिवादीलाई पक्राउ गरी थुनामा राखी बयान लिन पाउने कानूनी प्रावधान कहींकतै कुनै कानूनमा नभएकाले उक्त बयान कानून विरूद्ध भएको प्रस्टरूपमा देखिएको छ। यसको साथै म हेपाटाइटीस बि. को रोगी उक्त वारदातमा संलग्न हुन सक्ने अवस्थाको पनि छैन। सहअभियुक्तहरू काजीमान प्रजा र जितबहादुर पुनको बयानको आधारबाट मलाई दोषी करार गरेको छ। निज सहअभियुक्तहरूको के कसो गरी बयान लिए सो कुरा निजहरूले नै व्यक्त गर्ने कुरा हो। निजहरूलाई पनि डर धाक धम्की र यातना दिई बयान गराएको हुन सक्छ। सो कारणले निजहरूले मलाई पोल्ने बित्तिक्कै म दोषी करार हुने होइन। सहअभियुक्तको पोल आफैंमा आधारभूत प्रमाण होइन। सहअभियुक्तको पोलबाहेक अन्य प्रमाण हेरी मेरो संलग्नात छ कि छैन भनी हेर्नुपर्नेमा सो नहेरी मिसिल संलग्न कागजातबाट मलाई कहींकतैबाट पनि दोषारोपण गर्न नसकेको अवस्थामा केवल २ जना सहअभियुक्तले मलाई पोल गरेको कारणबाट मात्र मलाई दोषी करार गर्न मिल्दैन। शंकारहित स्वतन्त्र प्रमाणबाट मेरो कसुर पुष्टि हुन नआएको अवस्थामा मलाई कसुरदार ठहर गरी भएको त्रुटिपूर्ण फैसला उल्टी गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी बुद्धिबहादुर प्रजाले पुनरावेदन अदालत हेटौंडामा दायर गरेको पुनरावेदन पत्र।

यसमा प्रतिवादी जितबहादुर पुनसमेत र लालबहादुर भण्डारीको जाहेरीले वादी नेपाल सरकारको तर्फबाट दोहोरो पुनरावेदन परेको देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ नेपाल सरकारको पुनरावेदनका हकमा प्रतिवादीहरूलाई र प्रतिवादीहरूको पुनरावेदनको हकमा नेपाल सरकारलाई झिकाई/एक अर्कालाई सुनाई लगाउको मुद्दाहरू साथै राखी पेस गर्नु भन्नेसमेत बेहोराको पुनरावेदन अदालत हेटौंडाको आदेश।

गैंडा मार्न चितवन राष्ट्रिय निकुञ्जभित्र प्रवेश गरी गैंडा मारी खाग काटी लगी बिक्री गरेको आएको रकम प्राप्त गर्ने प्रतिवादी जितबहादुर प्रजा पोखरा निवासी भएको देखिन्छ। पोखरामा प्रतिवादी काजीमानसँग साथ गैंडा मार्ने योजनामा गएको भन्ने पुष्टि हुन्छ। यसप्रकार नियोजित मनसायपूर्वक रूपमा गैंडा मार्न संलग्न रहेका प्रतिवादी जितबहादुर पुनले गरेको कसुरको मात्रा र अपराधको गाम्भिर्यतासमेतलाई विचार गर्दा निज प्रतिवादी जितबहादुर पुनलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६(१) अनुसार १४ वर्ष कैद र रू. ९० हजार जरिवानासमेत गर्ने गरी भएको फैसला

अन्यथा देखिन आएन। त्यस्तै प्रतिवादी शक्ति प्रजाले गैंडा मार्न गएका अन्य ३ जना साथीलाई रासीको खोलासम्म पुर्याएका, गैंडा मारी खाग ल्याएपछि सो खाग प्रतिवादी जितबहादुर पुन र निज प्रतिवादी शक्ति प्रजा भई काठमाडौंसम्म माइक्रो बसमा पुर्याई खाग बिक्री गरी रकम प्राप्त गरेको सो गैरकानूनी व्यवसायमा प्रत्यक्ष संलग्न भई आपराधिक कार्य गरेकोले निजले गरेको कसुरको मात्रा र अपराधको गाम्भिर्यतासमेतलाई विचार गरी उक्त ऐनको दफा २६(१) अनुसार निज प्रतिवादी शक्ति प्रजालाई कैद १२ वर्ष र जरिवाना रू.६० हजारसमेत हुने गरी भएको फैसला अन्यथा देखिन आएन। प्रतिवादीहरू दुर्गाबहादुर तामाङ, दलबहादुर प्रजा र महेन्द्र गुरूङ काजीमानको घरमा खानपिन, ज्याला मजदुरी गर्न गएको अवस्थामा पक्राउ परेको देखियो। निज प्रतिवादीहरूले प्रस्तुत गैंडा मार्ने, खाग बिक्री व्यवसाय गर्ने आपराधिक कार्यमा संलग्न रहेको मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन आएको पाइएन। अतः निज प्रतिवादीहरू दलबहादुर प्रजा, दुर्गाबहादुर तामाङ र महेन्द्र गुरूङले दाबीको कसुर गरेको देखिन नआएकोले निज तिनै जना प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसलालाई अन्यथा गर्नुपर्ने नदेखिँदा प्रतिवादीहरू दलबहादुर प्रजा, दुर्गाबहादुर तामाङ महेन्द्र गुरूङबाहेकका अन्य प्रतिवादीहरूले गैंडा मारी खाग बिक्री व्यवसाय गरेको पुष्टि हुन आएकोले प्रतिवादी जितबहादुर पुन, शक्ति प्रजा, बुद्धिबहादुर प्रजासमेतलाई निजहरूले गरेको कसुरको मात्राअनुसार सजाय गर्ने गरी र प्रतिवादीहरू दलबहादुर प्रजा, दुर्गाबहादुर तामाङ, महेन्द्र गुरूङलाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवनको मिति २०७०।२।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत बेहोराको पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला।

मिति २०६७।३।१४ का दिन दलबहादुर प्रजा, दुर्गाबहादुर र महेन्द्र गुरूङसमेतलाई गैंडा मारी खाग बिक्री तथा ओसारपसार गरेको कर्यमा संलग्न भएको बुझिएकोले निजहरूलाई पक्राउ गरी आवश्क कानूनी कारवाहीका लागि पेस गरेको भन्ने लालबहादुर भण्डारीको प्रतिवेदन पर्नुका साथै सोही बेहोरालाई मिलान हुने गरी इजलासमा बकपत्रसमेत गरेका छन्। त्यस्तै सर्जमिन मुचुल्काका व्यक्तिहरूको मौकाको भनाई लेखाई र वेदबहादुर खडकाको बकपत्रबाट समेत यी प्रतिवादीहरू गैंडा मारी खाग बिक्री व्यवसायमा संलग्न भएको कुरा स्पष्ट हुन आएको देखिन्छ। प्रतिवादीहरूले योजनाबद्धरूपले गैंडा मार्ने र खाग बिक्री व्यवसाय गर्नका लागि मत सल्लाहमा पसी योजना बनाएको देखिन्छ। यी प्रतिवादीहरू आरोपित कसुरमा इन्कार रहेपनि सो इन्कारी बयानलाई पुष्टि हुने गरी कुनै ठोस प्रमाण पेस गर्ने सकेको नदेखिएकोले निजहरूलाई सफाइ दिएको हदसम्म पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी निज प्रतिवादीहरूलाई अभियोग माग दाबीअनुसारसजाय हुनुपर्दछ भन्नेसमेत बेहोराको नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदनपत्र।

अनुसन्धान अधिकारी र इजलासमा मेरो बयान लिएको होइन। पहिलादेखि तयार गरेर राखेको कागजमा मलाई जबरजस्ती सहिछाप गराएको हो। यसरी मेरो इच्छाविपरीत गराइएको उक्त बयानलाई मेरो विरूद्ध प्रमाणमा लिन मिल्दैन। मजस्तै अन्य प्रतिवादीहरूलाई पनि जबरजस्ती बयान गराइएको हुनसक्ने भएकोले सहअभियुक्तको पोललाई अन्य स्वतन्त्र प्रमाणले पुष्टि नगरेसम्म प्रमाणमा लिन मिल्दैन। प्रस्तुत गैंडा मारेको कार्यमा मेरो संलग्नता छ की छैन भन्ने कुरा वस्तुनिष्ट प्रमाणबाट पुष्टि हुन सकेको छैन। यस्तो अवस्थामा केवल सहअभियुक्तको बयानको आधारमा मलाई दोषी ठहर गर्न मिल्दैन। प्रतिवेदक लालबहादुर भण्डारीको बकपत्रमा म प्रतिवादी गैंडा मारेको कार्यमा संलग्न भएको भनी भन्न सकेको अवस्था छैन। वेदबहादुर खड्का सर्जमिन मुचुल्काका मानिस होइनन् निज सर्जमिन गराउने मानिस मात्र भएकोले निजको बकपत्रले कानूनी मान्यता पाउने होइन र निजको बकपत्रको आधारमा मलाई सजाय गर्न नमिल्ने हुँदा मलाई आरोपित कसुरमा सजाय गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला उल्टी गरी सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी जितबहादुर पुनको यस अदालतमा परेको पुनरावेदनपत्र।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न सम्पूर्ण कागज अध्ययन गरी पुनरावेदक प्रतिवादी जितबहादुर पुनको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री युवराज ओलीले प्रतिवादी जितबहादुर अनुसन्धानको क्रममा एवं मुद्दा हेर्ने अधिकारीसमक्ष गरेको भनिएको बयान निजको आफ्नो बेहोरा नभई पहिलादेखि तयार गरेर राखेको कागजमा जबरजस्ती सहिछाप गर्न लगाएको हो। सहअभियुक्तहरूको बयान पनि सोही तरिकाले भएको र उक्त बयान मिसिल संलग्न कुनै अन्य कागज प्रमाणबाट पुष्टि नभएकोले त्यस्तो बयानलाई प्रमाणमा लिन मिल्दैन। त्यस्तो प्रमाणको आधारमा प्रतिवादी जितबहादुर प्रजालाई आरोपित कसुरमा सजाय गर्ने गरी भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको फैसला प्रमाण मूल्याङ्कनको रोहमा त्रुटिपूर्ण रहेकोले बदर गरी प्रतिवादीले सफाइ पाउनु पर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तबमोजिमको तथ्य एवं बहस जिकिर रहेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला मिलेको छ, छैन ? पुनरावेदक वादी र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन सोही सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा, प्रतिवादीहरू जितबहादुर पुन, काजीमान प्रजा, राजकुमार प्रजासमेत भई राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र गैंडा मारी खाग काटी ल्याई शक्ति प्रजा र बुद्धिबहादुर प्रजासमेत भई काठमाडौं लगी बिक्री गरेको सो कार्यमा दलबहादुर प्रजा, महेन्द्र गुरूङ, दुर्गाबहादुर तामाङसमेतको संलग्नता रहेकोले प्रतिवादीहरू जितबहादुर पुन, काजीमान प्रजा र राजकुमार प्रजालाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५(क) र १९(१) को

कसुरमा, प्रतिवादीहरू शक्ति प्रजा, बुद्धिबहादुर प्रजा, दलबहादुर प्रजा, दुर्गाबहादुर तामाङ, महेन्द्र गुरूङसमेतलाई ऐ.ऐनको दफा १९(१) को कसुरूमा सोही ऐनको दफा २६(१) बमोजिम सजाय हुन माग दाबी लिई अभियोग पत्र दायर भएको रहेछ। प्रतिवादी जितबहादुर पुनले अनुसन्धानको क्रममा एवं मुद्दा सुन्ने अधिकारीसमक्ष बयान गर्दा आरोपित कसुर स्वीकार गरेका छन् भने प्रतिवादीहरू दलबहादुर प्रजा, दुर्गाबहादुर तामाङ, महेन्द्र गुरूङ आरोपित कसुरमा अनुसन्धानको क्रममा एवं मुद्दा सुन्ने अधिकारीसमक्ष बयान गर्दा इन्कार रहेकोमा चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवनले प्रतिवादी जितबहादुर पुनलाई १४ वर्ष कैद र रू. ९०,०००।- जरिवाना र प्रतिवादीहरू मध्ये दलबहादुर प्रजा, दुर्गाबहादुर तामाङ र महेन्द्र गुरूङले सफाइ पाउने ठहर्याएको निर्णयउपर पुनरावेदन परी पुनरावेदन अदालत हेटौंडाबाट निज प्रतिवादीहरूको हकमा भएको सुरू फैसला सदर भएकोले सोउपर प्रतिवादी जितबहादुर पुन र नेपाल सरकारको यस अदालतमा पुनरावेदन पर्न आएको देखियो।

३. यस अदालतमा पुनरावेदन नपरेका प्रतिवादीहरूको हकमा केही बोली रहनु परेन। चितवन राष्ट्रिय निकुञ्जभित्र गौर मचाननजिक बाँस खोला पश्चिम सालघारीमा भाले गैंडा मृत अवस्थामा फेला परेको, सो गैंडाको खाग धारिलो हतियारले काटी चोरी लगेको भनी घटनास्थल प्रकृति मुचुल्काबाट देखिन्छ। उक्त गैंडाको दायाँ काँधको नजिक खाल परेको घाउ रहेको, गैंडाको दुईवटा करङ्गको हड्डी भाँचिएको, गैंडाको छातीबाट घरेलु गोली प्राप्त भएको भनी गैंडाको मृत्युको कारण Hemorrhagic shock due to injuries of the bullet on the lungs भएको भनी पोष्टमार्टम प्रतिवेदनबाट देखिन्छ। उक्त घटनास्थल मुचुल्का र पोष्टमार्टम प्रतिवेदनमा उल्लिखित बेहोराबाट गैंडाको मृत्यु गोली लागेर भएको तथ्यमा विवाद भएन।

४. उक्त गैंडा मारेको आरोपमा पुनरावेदक प्रतिवादी जितबहादुर पुनसमेतलाई सजाय हुने ठहरेको पुनरावेदन अदालतको फैसलाउपर निज जितबहादुरको र प्रतिवादीहरू दलबहादुर प्रजा, दुर्गाबहादुर तामाङ र महेन्द्र गुरूङलाई सफाइ दिएको उपर वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन परेकोले सर्वप्रथम प्रतिवादी जितबहादुर प्रजाको पुनरावेदनको सन्दर्भमा विचार गर्दा गैंडा मारी खाग काटी बिक्री गरेको भनी यी प्रतिवादीसमेतलाई किटान गरी जाहेरी परेको देखिन्छ। सहअभियुक्त काजीमान प्रजाले मुद्दा हेर्ने अधिकारीसमक्ष यी प्रतिवादीसमेत भई गैंडा मार्ने योजना बनाई जंगलभित्र गई गैंडा फेला पारी मारी खाग काटेको हो भनी निजलाई पोल गर्दै बयान गरेका छन्। प्रतिवादी जितबहादुर पुन अनुसन्धान अधिकृत र मुद्दा हेर्ने अधिकारीसमक्ष गैंडा मार्ने योजना बनाएको हतियार लिई जंगलमा गई गैंडा फेला पारी मारेको हो। निज आफूले बञ्चरो बोकेको भनी आरोपित कसुरमा साबित भई बयान गरेका छन्।

५. प्रतिवादी जितबहादुर पुनले यस अदालतमा पुनरावेदन गर्दा अनुसन्धान अधिकारी इजलाससमक्षको निजको बयान स्वतन्त्रपूर्वक नभएकोले र सहअभियुक्तको पोलको आधारमा मात्र दोषी मुकरर गर्न मिल्दैन भनी जिकिर लिएको देखिन्छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३१ ले ऐनको दफा २६ को उपदफा (१) र (२) अन्तर्गत कसुर हुने मुद्दाको सुरू कारवाही र किनारा गर्ने अधिकार प्रमुख संरक्षण अधिकृतलाई दिएको देखिन्छ। कानूनले नै मुद्दा सुन्ने अधिकारी तोकिसकेपश्चात् सो अधिकारीले मुद्दाको कारवाहीको सिलसिलामा बयान, बकपत्रलगायतका प्रमाण बुझ्ने अधिकारसमेत रहेको मानिन्छ। त्यस्तो मुद्दा हेर्न अधिकारी तोकिसकेपश्चात निजले गराएको बयान स्वतन्त्रपूर्वक भएको होइन भनी प्रतिवादीको भनाईको आधारमा मात्र मान्न मिल्दैन। त्यस्तो अधिकारीले मुद्दा सुनुवाइको क्रममा गरे गराएको कार्य अन्यथा प्रमाणित नभएसम्म स्वच्छ सुनुवाइको सिद्धान्तअनुसार नै गराएको मान्नु पर्ने हुन्छ। अनुसन्धानको क्रममा एवं मुद्दा हर्ने अधिकारीसमक्ष भएको बयान एक आपसमा मेल खाइरहेको अवस्थामा उक्त बयानहरू स्वतन्त्रपूर्वक भएको होइन भन्ने जिकिर प्रतिवादीले लिएको खण्डमा सो कुरा प्रमाणित गर्ने दायित्व पनि निजको नै हुन आउने देखिन्छ। तर प्रस्तुत मिसिल संलग्न त्यस्तो कुनै प्रमाण यी प्रतिवादीले पेस गर्न नसकेकोले उक्त बयान स्वतन्त्रपूर्वक भएको होइन भनी शंका गर्न मिल्दैन।

६. जहाँसम्म सहअभियुक्तको पोलको प्रश्न छ। सहअभियुक्तको पोल आफैंमा कुनै ठोस प्रमाण होइन। यो मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित भएको खण्डमा मात्र प्रमाणयोग्य मानिन्छ। प्रस्तुत मुद्दामा यी प्रतिवादीलाई पोल गर्ने सहअभियुक्त काजीमान प्रजाको बयान निज प्रतिवादी जितबहादुरको अनुसन्धानको क्रममा एवं मुद्दा हेर्ने अधिकारीसमक्ष भएको बयानबाट समर्थित भएको देखिन्छ। उक्त बयान स्वतन्त्रपूर्वक भएको देखिएको अवस्थामा त्यस्तो बयानलाई प्रमाणमा नलिनु पर्ने कारण देखिँदैन। यसका साथै सहअभियुक्त काजीमान प्रजासँग निज प्रतिवादीको कुनै पूर्वरिसइवी इत्यादि केही नभएको देखिएबाट सो बयानलाई प्रमाणमा लिन मिल्ने नै देखियो। तसर्थ यी प्रतिवादीको अनुसन्धान एवं मुद्दा हेर्ने अधिकारीसमक्ष भएको साबिती बयान, सहअभियुक्त काजीमान प्रजाले निजलाई पोल गरी गरेको बयानसमेतका मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादी जितबहादुर पुन गैंडा मार्ने योजना बनाई सो योजनालाई कार्यान्वयन गर्न अन्य प्रतिवादीहरूसँगै आवश्यक हातहतियार लिई निकुञ्ज क्षेत्रभित्र प्रवेश गरी गैंडा मारी खाग काटेको कार्यमा संलग्न रहेको देखियो।

७. प्रतिवादीहरू दलबहादुर प्रजा, दुर्गाबहादुर तामाङ र महेन्द्र गुरूङलाई पनिअभियोग दाबीबमोजिम नै सजाय हुनुपर्ने भनी वादी नेपाल सरकारको यस अदालतमा पुनरावेदन परेकोले सोतर्फ हेर्दा, यी प्रतिवादीहरू उपर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा १९(१) को

कसुरमा २६(१) बमोजिमको सजायको माग दाबी लिई अभियोग दायर भएको देखिन्छ। आरोपित कसुरमा प्रतिवादीहरू तिनै जना अनुसन्धानको क्रममा एवं मुद्दा हेर्ने अधिकारीसमक्ष बयान गर्दा इन्कार रहेको देखिन्छ। निज प्रतिवादीहरू काजीमानको घरमा खानपिन गर्न गएको बेला पक्राउ परेको मिसिल संलग्न निजहरूको बयान बेहोराबाट देखिन्छ। यी प्रतिवादीहरूलाई कुनै पनि सहअभियुक्तहरूले पोल गर्न सकेका छैनन्। अन्य सहअभियुक्तहरूको बयान बेहोराबाट पनि निजहरू गैंडा मार्ने योजना बनाउने उद्देश्यले निकुञ्जभित्र प्रवेश गरेको वा बिक्री गर्ने कार्यमा निजहरूको कुनै तवरले संलग्नता रहेको कुरा पनि देखिँदैन। फौजदारी मुद्दामा अभियुक्तको अपराध शंकारहित तवरले प्रमाणित हुनुपर्ने भनी फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रही आएको छ। प्रस्तुत मुद्दामा प्रतिवादीहरू दलबहादुर प्रजा, दुर्गाबहादुर तामाङ र महेन्द्र गुरूङको नाम जाहेरी प्रतिवेदन एवं अभियोग पत्रबाहेक अन्यत्र उल्लेख भएको देखिँदैन। जाहेरी प्रतिवेदन आफैंमा कुनै प्रमाण नभई वारदात घटेको सूचनासम्म भएको र त्यसमा उल्लेख भएको बेहोरा मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुनुपर्दछ। प्रतिवेदक लालबहादुर भण्डारीले इजलाससमक्ष बकपत्र गर्दासमेत यी प्रतिवादीहरूलाई दोषी देखाउन सकेका छैनन्। यसका साथै प्रतिवादीहरू दलबहादुर प्रजा, दुर्गाबहादुर तामाङ, महेन्द्र गुरूङको उपर लगाइएको आरोप मिसिल संलग्न कुनै पनि स्वतन्त्र प्रमाणबाट पुष्टि हुन नसकेकोले निजहरूलाई आरोपित कसुरबाट सफाइ दिएको फैसलालाई अन्यथा मान्न मिलेन।

८. प्रतिवादी जितबहादुर पुन गैंडा मार्ने कार्यमा संलग्न रहेको देखिएपश्चात् निजको सो कार्य राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (चौथो संशोधन २०४९) को दफा ५(क),१९(१) र २६(१) मा वर्णित अपराध भएकोले निज प्रतिवादीलाई सोही २६(१) बमोजिम सजाय हुने देखियो। सो दफा २६(१) मा "गैरकानूनी तरिकाले गैंडा... मार्ने, घाइते बनाउने, खरिद गर्ने, बिक्री गर्ने वा हस्तान्तरण गरी लिने दिने तथा गैंडाको खाग... राख्ने, खरिद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने व्यक्तिलाई पचासहजार रूपैयाँदेखि एकलाख रूपैयाँसम्म जरिवाना वा पाँच वर्षदेखि पन्ध्र वर्षसम्म कैद वा दुवै सजाय हुने" व्यवस्था रहेको छ। यी प्रतिवादीसमेतले निकुञ्जभित्र गैरकानूनीरूपमा हातहतियार लिई प्रवेश गरी संरक्षण गर्नुपर्ने अति दुर्लभ वन्यजन्तु गैंडा मारेको र त्यसको खाग बिक्री गरी आर्थिक फाइदा लिएको देखिएबाट निजले गरेको कसुरको गम्भीरतासमेतलाई विचार गर्दा निजलाई उपर्युक्त कानूनी व्यवस्थाबमोजिम १४ वर्ष कैद र रू.९०,०००।- जरिवाना हुने ठहर्याएको फैसला कानूनसम्मत नै देखिन आएकोले परिवर्तन

गरिरहनु परेन। प्रतिवादी जितबहादुर पुनले आरोपित कसुरबाट सफाइ पाउनु पर्दछ भनी निजका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस एवं निजको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन।

९. तसर्थ माथि विवेचित आधार, कारण एवं प्रमाणबाट प्रतिवादी जितबहादुर पुनलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ (चौथो संशोधन, २०४९) को दफा २६(१) बमोजिम १४ वर्ष कैद र रू.९०,०००।- जरिवाना तथा प्रतिवादीहरू दलबहादुर प्रजा, दुर्गाबहादुर तामाङ र महेन्द्र गुरूङलाई आरोपित कसुरबाट सफाइ दिने गरी चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरा, चितवनबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।१०।२७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदकहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको पुनरावेदन दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार यस अदालतको अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या. चोलेन्द्र शम्शेर ज.ब.रा.
इजलास अधिकृतः रामु शर्मा
इति संवत् २०७३ चैत २० गते रोज १ शुभम्।

खण्ड ३
वातावरणसँग सम्बन्धित मुद्दाहरु

१५. विषयः परमादेश मिश्रित उत्प्रेषण।

भाग १	निर्णय नं. ४	ने.का.प.	अङ्क १
सर्वोच्च अदालत, पूर्ण इजलास			
माननीय न्यायाधीश श्री त्रिलोक प्रताप राणा माननीय न्यायाधीश श्री लक्ष्मण प्रसाद अर्याल माननीय न्यायाधीश श्री गोविन्द बहादुर श्रेष्ठ			
सम्बत २०४९ सालको रि पु.इ.नं. ----------३५			
आदेश मितिः २०५२।७।१४।३			

रिट निवेदकः का.जि.का.न.पा. हाल रामशाहपथ स्थित लिडर्स ईक (प्रा.) लि. का तर्फबाट अधिकार प्राप्त हाल का.जि.का.न.पा. वडा नं. ३२ डिल्ली बजार डेरा गरी बस्ने लिडर्सईक (प्रा). लि.का संचालक समितिका अध्यक्ष सूर्यप्रसाद शर्मा ढुंगेल

विरुद्ध

विपक्षीः ललितपुर जिल्ला गोदावरि आदर्श गा.पं. स्थित गोदावरी मार्वल ईण्डष्ट्रिज प्रा.लि.।

वन तथा भू-संरक्षण मन्त्रालय।

उद्योग मन्त्रालय।

आवास तथा भौतिक योजना मन्त्रालय।

गृह मन्त्रालय।

निर्माण तथा यातायात मन्त्रालय।

मन्त्रिपरिषद् सचिवलाय।

भू तथा जलाधार संरक्षण विभाग।

वन विभाग बबरमहल।

खानी तथा भू-गर्भ विभाग।

ललितपुर जिल्ला पंचायत ललितपुर।

गोदावरी आदर्श गाउँ पंचायत गोदावरी।

सेन्ट जेवियर्स स्कून, शाही वनस्पति उद्यान गोदावरी, गोदावरीको प्रधानाध्यापक।

निवेदक तर्फबाटः

विद्वान् अधिवक्ता श्री प्रकाशमणि शर्मा
विद्वान अधिवक्ता श्री उपेन्द्रदेव आचार्य

विपक्षी तर्फबाटः

विद्वान् सरकारी अधिवक्ता श्री अलि अकवर मिकरानी
विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु प्रासद ज्ञवाली
विद्वान् वरिष्ठ अधिवक्ता श्री रतनलाल कनौडिया
विद्वान् वरिष्ठ अधिवक्ता श्री कुसुम श्रेष्ठ

अवलम्वित नजीरः X

- *नेपालको संविधानको धारा ११(१) मा कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान अपहरण नहुने हक अधिकार उक्त धाराले प्रत्याभूत गरेको छ, प्रदूषित वातावरणमा मानव जीवन खतरामा हुन्छ। प्रदूषित वातावरणको सृजनाबाट कुनै पनि व्यक्तिको जीउ ज्यानको अपहरण हुन्छ। त्यस्तो प्रदूषित वातावरणबाट मुक्ति पाउने व्यक्तिको हक अधिकारको कुरा हो। यस अर्थमा पर्यावरणको संरक्षणको सम्बन्ध परोक्ष रूपमा मानिसको जिउ ज्यानसँग सम्बन्धित हुँद प्रस्तुत विषय नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१) भित्र समावेश भएको मान्नु पर्ने।*

  (प्र.नं. ३०)

- *वास्तवमा पर्यावरण समस्या सार्वजनिक चासो र सरोकारको विषय हो र यो सार्वजनिक हक एवम् सरोकारको विषय भित्र पर्ने हुँदा यस काममा संलग्न हुने निवेदकको प्रस्तुत विवादको विषयसँग सार्थक सम्बन्ध रहेकोमा विवाद देखिएन। तत्कालिन संविधान खारेज भइ नेपाल अधिराज्यको संविधान, २०४७ आगमन भई उक्त संविधानको धारा ८८(२) ले सार्वजनिक हकको संरक्षण गर्ने व्यवस्था गरेकोबाट तत्कालिन संविधान अन्तर्गत निवेदकको हकदैया पुग्छ पुग्दैन भन्ने प्रश्न खडा हुन सक्ने अवस्था थियो। तर वर्तमान संविधानले सार्वजनिक हकलाई पनि संरक्षणीय मौलिक हकको रूपमा स्थापित गरेकोले अब यो विवादको रूपमा रहन नआउने।*

  (प्र.नं. ३०)

- *स्वच्छ स्वास्थ्य वातावरण जीवनको समग्रताको अंग भएकोले जिउने अधिकार भित्र स्वच्छ स्वस्थ वातावरणको हक पनि अन्तरभुत हुने।*

  (प्र.नं. ३१)

- निवेदकले जुन संवैधानिक परिवेशमा रिट निवेदन दिएको थियो। सो संवैधानिक परीवेश सारवान रूपमा परिवर्तन भएको कुरा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २६(४) ले समेत सम्पुष्टी गर्दछ। किनकी उक्त धाराले राज्यका आधारभूत नीतिगत सिद्धान्त मध्ये पर्यावरणको संरक्षणलाई महत्त्वपूर्ण राज्यका निर्देशक सिद्धान्त मानेको छ। अतएवः निवेदन लीडर्स इड.कको उद्देश्य मध्ये वातावरण संरक्षण पनि एक रहेको हुँदा निवेदकलाई वातावरणीय ह्रास रोकथामको लागि उजुर गर्न नपाउने भन्न नमिल्ने।

  (प्र.नं.३१)

- प्रभावकारी ढंगबाट वातावरण संरक्षण गर्न एक विशेष कानून बनाउनु र प्रभावकारी ढंगबाट लागु गर्नु नितान्त जरूरी देखिन्छ। किनकि विना कानून कुनै कार्य व्यवस्थित रूपले हुन सक्दैन र पर्यावरण सम्बन्धी अपराध र दण्डको उचित व्यवस्थाका लागि कानून अपरिहार्य हुने।

  (प्र.नं. ३३)

- कानून विना दण्ड जरिवाना गर्न, उद्योग बन्द गर्ने आदेश दिन मिल्ने हुँदैन। हाल भएका कानून छिटपूट रूपमा छरिएर रहेका र पर्याप्त तथा प्रभावकारी नभएको देखिँदा समेत पर्यावरणको सबै पक्षलाई समेट्ने गरी कानून बनाउनु पर्ने देखिन्छ। यसको लागि एक छुट्टै कानून बन्नु र लागु गर्नु नितान्त जरूरी देखिने।

  (प्र.नं. ३३)

- खनिज ऐन, २०४२ र सो को २०५२।२।५ को संशोधनले थपेको दफा ११ (क) वातावरण प्रदुषण रोक्नमा महत्त्वपूर्ण पाइला भएपनि सो ऐन श्री ५ को सरकारले लागु हुने मिति तोकेपछि मात्र लाग् हुने तर श्री ५ को सरकारले त्यस्तो मिति नै नतोकेको र मिति २०५२।२।५ मा उक्त ऐनको प्रथम संशोधन पनि भएको छ। विधायिकाले कानून वनाउने कार्यपालिकाले लागु नगर्ने गर्दा कार्यापालिकाले विधायीकाको भावना अनुकुल कार्य गर्न तत्परता देखाएको भन्न नमिल्ने।

  (प्र.नं. ३४)

- *परमादेश कानूनी कर्तव्य पालनार्थ जारी गरिन्छ यस कानूनको फलाना दफाले यस्तो कानूनी कर्तव्य तोकिएको सो पालन गरिएन भनी निवेदकले खास कानूनी कर्तव्य तोक्ने कानून दर्शाउन सकेको पाइदैन। यो कानूनी कर्तव्य पालन गरेन भन्नेले यो यस निकाय अधिकारीलाई यस्तो कानूनी कर्तव्य तोकेकोमा निकाय वा पदाधिकारीले यस्तो कानूनी कर्तव्य पालन नगरेको भनी किट्न सक्नु पर्ने हुन्छ। कानूनी कर्तव्य परमादेशको तात्पर्यको लागि निश्चित र किटानी हुनु पर्दछ। तसर्थ प्रत्यर्थीहरू मध्ये कुन प्रत्यर्थीको के कानूनी कर्तव्य हो खुल्न नआइ गोश्वारा रूपमा सार्वजनिक कर्तव्य पालन नगरेको भन्ने आधारमा परमादेशको आदेश जारी गर्न उपयुक्त नदेखिने।*

  (प्र.नं. ३९)

- *गोदावरी क्षेत्रको पर्यावरण संरक्षण जस्तो संवेदनशिल, मानवीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वको विषयमा उपरोक्तानुसार प्रभावकारी र सन्तोषजनक उपचरात्मक कार्य पनि भएकको नदेखिँदा उपरोक्त कुरा समेतलाई मध्य नजर राखी लागु नभएको खनिज पदार्थ ऐन, २०४२ लागु गर्न, वायु, जल, ध्वनी एवम् पर्यावरण संरक्षण गर्न आवश्यक कानून तर्जुमा हुन र गोदावरी क्षेत्रको पर्यावरण प्रभावकारी ढंगले संरक्षणतर्फ कारवाही गर्ने भन्ने सम्बन्धमा निर्देशन दिन उपयुक्त देखिएकोले विपक्षीहरूको नाउँमा यो निर्देशनात्मक आदेश जारी गरिएको छ।*

  (प्र.नं. ३९)

आदेश

न्या. लक्ष्मण प्रसाद अर्यालः यस अदालत संयुक्त इजलासको मिति २०४९।५।८ को फैसला अनुसार सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(क) बमोजिम यस इजलास समक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको तथ्य यस प्रकाश छः

२. लिडर्स ईक भनिने लिगत एण्ड ईन्भाइर मेण्टल एनालिसिस फर डेभलपमेन्ट एण्ड रिसर्च सर्भिसेज (प्रा) लि. कानून तथा वातावरीण विषयमा अनुसन्धान अध्यन विश्लेषण वातावरण संरक्षण वा एवम् संवर्धन र व्यवस्था गर्ने उद्देश्य लिएर कम्पनी ऐन, २०२१ अनुसार खडा गरिएको एक संस्था हो। यो संस्थाले आफ्नो उद्देश्य अनुरुप नेपालको विभिन्न क्षेत्रका वातावरण तथा कानूनी विषय भित्र पर्ने वातावरणीय स्थिति वातावरण प्रदुषण वातावरणी प्रहार त्यसबाट उत्पन्न दुष्प्रभाव वातावरणलाई विगार्न र विगार्न लगाउने कारक तत्वहरू स्वस्थ्य एवम् स्वच्छ वातावरण

कायम राखी सर्व साधारण जनताको धन जन ज्यान शान्ति पूर्ण एवम् स्वास्थ्य जीवन संरक्षण गर्न आवश्यक उपायहरू तथा प्रयासहरू इत्यादि विषयहरू समेतमा अनुसन्धान अध्ययन एवम् विश्लेषणको व्यवसाय गर्दै आएको छ। काठमाडौं उपत्यका भित्र पर्ने ललितपुर जिल्लाको दक्षिण पूर्वि भागमा अवस्थित फुलचोकी डाँडाको उत्तर र पश्चिम फेदीमा रहेको गोदावरी आदर्श गाउँ पंचायत र उक्त गोदावरी क्षेत्रको आसपासमा करिब १५ वर्गमिल क्षेत्रफल ओगटेको प्राकृतिक सौन्दर्य एवम् सम्पदाले भरिपूर्ण सुरक्षित वन क्षेत्र भएको ऐतिहासिक तथा धार्मिक महत्व समेत राख्ने गोदावरी र आसपासको क्षेत्रमा प्रत्यर्थीहरूले संविधान तथा कानून विपरित अति गम्भिर वातावरणीय क्षति पुर्याउनु भएको र पुर्याई रहनु भएको पाइएकोले त्यसलाई रोकि स्वच्छ एवम् संतुलित वातावरण कायम राख्दै त्यसबा जनतामा हुने धन ज्यान स्वास्थ्य माथिको खतराबाट जोगाउन र उपयुक्त संपदाको संरक्षण गर्ने लगायत प्रत्यर्थीहरूको कार्यबाट आघात परेको र त्यस क्षेत्रमा यस प्रा.लि.लाई अध्ययन अनुसन्धानको कार्य गर्नुबाट समेत रोक लगाएकोले निवेदक समेतको हकमा आघात पुगेकोले सार्वजनिक हित संरक्षण र हक प्रचलन निमित्त प्रस्तुत रिट निवेदन गरेको छु। प्रतेयर्थीहरूको सो कार्य संविधानको धारा ९(ख)(घ) ले सुम्पिएको दायित्व पुरा नगरी गरेका ती कार्य र तिनका परिणामबाट संविधानको धारा २ धारा १० धारा ११(१)(२) धारा १५ ले प्रत्याभूति गरेको संवैधानिक हकको कुठाराघात भएको र भई रहने भएकोले संविधानको धारा १६, १७ तथा सार्वजनिक हक प्रचलन गराउन जो सुकैले पिन अदालतमा आउन सक्ने मुलुकी ऐन अदालती वन्दोवस्तको १० नं. वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा ५ र यस सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेत अनुरुप यो निवेदन प्रस्तुत गरेको छु। प्रत्यर्थी गोदावरी मार्वल ईण्डष्ट्रिजको कानून प्रतिकूलको कारवाही र संवैधानिक कर्तव्यको प्रतिकुल कुनै पनि संवैधानिक तथा कानूनी प्रावधानहरूले प्रत्यायोजन नगरेको निम्न काम कर्तव्यबाट सार्वजनिक क्षति भएको छ वैयक्तिक ज्यान जीवनको लागि स्वस्थ्य र स्वच्छ वातावरण एक पूर्वाधार हक प्रत्यर्थी गोदावरी मार्वल फ्याक्ट्रीबाट प्रदुषित धुलो खनि धुवा वाल ईत्यादि पदार्थले नजिकै रहेको खोला तथा अन्यत्रको पानी भूमि तथा वायु मण्डल प्रदुषण अत्याधिक मात्रामा भएर उक्त क्षेत्रमा अध्ययनरत निवेदक निवेदकको संस्थाका अनुसन्धान कर्ता सेन्ट जेवियर्स स्कूलका वालकहरू उद्योगमा काम गर्ने कामदार एवम् निजका परिवार तथा स्थानीय जनताको स्वास्थ्य जन जीवन ज्यान र अध्ययन पेशामा समेत आघात परेको र परिरहेको छ। डाइनामाइट पडकाउँदा तथा मार्वल ढुंगा रोडा क्रसिंग गर्द र वसार पसार गर्दा हुने क्षति रोक्न वातावरणमा हुने प्रभाव तथा क्षति रोक्न तथा कामदारलाई सो कार्यमा संलग्न हुँदा चाहिने नयूनतम सुरक्षा साधान न त ईण्डष्ट्रिजले उपयोग वा प्रदान गरेको छ न श्री ५ को सरकारले प्रयास गरेको छ। अन्य व्यक्तिको जिउ ज्यानलाई सदालाई असुरक्षित जोखिम पूर्ण अवस्थामा

रोक्न पाउने संविधान तथा कानून विपरितको अधिकार विपक्षी उद्योगलाई छैन र अतिक्रमण सहन गरी चुप लागेर वसी रोक्न तर्फ कानूनी प्रक्रिया नचलाई सहयोग पुर्याउने स्कूल व्यवस्थापन स्थानीय पंचायत लगायतका सम्पूर्ण प्रत्यर्थीहरू समानरूपबाट जिम्मेवार छन्। मार्वल उद्योग तथा अन्यबाट भई रहेको कार्यबाट जंगल फडानी लगायत अन्य वातावरणीय दुष्प्रभाव रोक्न तथा गोदावरी क्षेत्रलाई राष्ट्रिय निकुञ्ज घोषित गर्न स्थानीय गाउँ सभाको ११ औं तथा १२ औं गाउँ सभाले निर्णय गरेको राष्ट्रिय निकुञ्ज तथा वन विभाग राजदरवार समेतमा विन्ति चढाएको तथा गाउँले जनताले समिति गठन गरी प्रधान मन्त्री तथा वन मन्त्री समक्ष निवेदन गरी पेस गरेको प्रमाणबाट समेत प्रत्यर्थिहरू जनहित तथा ज्यान सुरक्षा गर्न एवम् वातावरणीय क्षति रोक्न सजग नरहेको पुष्टि हुन्छ। सार्वजनिक चासो यस विषयमा रहेको कुरा उपयुक्त तथ्यबाट प्रमाणित भएको छ। स्वच्छ वातावरण कायम राखी जिउज्यान धन समेतको सुरक्षा तथा शान्ति पूर्वक जीवन व्यतित गर्न हक प्रचलन समेत गरी पाउन प्रत्यर्थीका नाममा परमादेश लगायतको जो चाहिने आदेश गरी पाउँ भन्ने समेत रिट निवेदन पत्र।

३. विपक्षिहरूबाट लिखित जवाफ झिकाई आएपछि पेस गर्नु भन्ने यस सर्वोच्च अदालत एक न्यायाधीशको इजलासको आदेश।

४. यस मन्त्रालयको तर्फबाट प्रकृति र वन्य जिउ जन्तुको विनास एवम् सम्बन्धित व्यक्तिहरूको संविधानले प्रत्याभूत गरेको मौलिक हकमा कुठाराघात गर्ने कुनै काम कारवाही नभएको नगरेको हुँदा यस मन्त्रालयलाई समेत विपक्षी बनाई रिट निवेदकले सम्मानित अदालत समक्ष दिनु भएको रिट निवेदन आधारहिन एवम् कानून असंगत भएको हुँदा रिट निवेदन पत्र खारेज गरी पाउन अनुरोध गर्दछु भन्ने समेत निर्माण तथा यातायात मन्त्रालयको तर्फबाट सचिव मुक्ति प्रसाद काफ्लेको लिखित जवाफ।

५. प्रचलित ऐन नियमको अधिनमा रहि औद्योगिक क्षेत्रमा यस कम्पनीले हासिल गरेको गुडविलमा विपरित असर पार्ने निहित स्वार्थ तथा दुरासययुक्त भावनाबाट प्रेरित भई यस निवेदन दिएको भन्ने कुरा रिट निवेदनको अध्ययनबाट स्पष्ट छ। मार्वल ईण्डष्ट्रिजको आधुनिकरण गर्न यस कम्पनीले श्री ५ को सरकार उद्योग विभागबाट मिति २०३४।७।२४ मा ईजाजत प्राप्त गरी खानी तथा भू-गर्भ विभागबाट पाएको योग्यताको प्रमाण पत्र र खानी खोल्ने प्राप्त प्रमाण पत्र मेतको अधिनमा रही आफूलाई तोकेकव क्षेत्रमा प्रचलित ऐन नियमको मर्यादा राखी कार्य संचालन गरी आएकोले संविधान विपरित कुनै काम यसले गरेको छैन सार्वजनिक हित वा सरोकार निहित रहेको विषयमा

श्री ५ को सरकारले वा अड्डाको अनुमति लिई सर्वसाधारणले पनि वादी भई मुद्दा चलाउन पाउने कानूनी प्रावधान अ.बं. १० नं. मा भए अनुरुप निवेदकले अड्डाको अनुमति नलिई त्यसै असाधारण अधिकारक्षेत्र गुहारी निवेदन दिएकोले प्रस्तुत निवेदनमा कारवाही चल्न सक्ने अवस्था छैन। श्री ५ को सरकारले यस कम्पनीलाई कुनै विशेष प्रकारको कुनै विशेष सुविधा दिएको नभई यस क्षेत्रमा काम गरी आएका अन्य व्यक्ति सरह नै सुविधा दिएको र खानी खोल्न अन्य व्यक्तिलाई पनि इजाजत दिई राखेकै हुनाले अन्य व्यक्तिहरूलाई राष्ट्रिय सम्पदामा आधारित व्यवसाय तथा पेशाबाट वंचित गरेको भन्ने जिकिर पनि असत्य तथा निराधार छ अतः रिट निवेदन पत्र खारेज गरी पाउँ भन्ने समेत गोदावरी मार्वल ईण्डष्टरिज प्रा.लि.को तर्फबाट अधिकार प्राप्त ऐ.को संचालक अशोक कुमार तोडीको लिखित जवाफ।

६. खानी तथा भू-गर्भ विभागबाट ईजाजत पाएको बाहेक वाहिरको क्षेत्रमा अतिक्रमण गर्न दिएका छैन त्यसतर्फ यस मन्त्रालयले निग्रानी राख्दै आइ संरक्षण गरी आएको छ संरक्षण गरेन भन्ने सम्बन्धमा रिट निवेदकले कुनै ठोस सवुद प्रमाण दिन सकेको छैन। श्री ५ को सरकार खानी तथा भू-गर्भ विभागले कानून बमोजिम दिएका ईजाजत पत्रका सम्बन्धमा श्री ५ को सरकारको खानी तथा भू-गर्भ विभागले कानून बमोजिम दिएका इजाजत पत्रका सम्बन्धमा श्री ५ को सरकार वन तथा भू-संरक्षण मन्त्रालयलाई समेत विपक्षी बनाई रिट दिनु भएको गलत छ अतः खारेज हुन अनुरोध गर्दछु भन्ने समेत वन तथा भू-संरक्षण मन्त्रालयको सचिवश्री वीरेन्द्रनाथ खुजेलीको लिखित जवाफ।

७. निवेदक सूर्य प्रसाद शर्माको निवेदन जिकिरको कुनै पनि प्रकरणमा यस मन्त्रालयले यो यस प्रकारको आदेश दिई सार्वजनिक हक अधिकारमा आघात पार्यो भन्ने कुरा उल्लेख छैन विपरक्षीमा उल्लेख गर्दा निवेदकले जुन कुरामा असर परेको देखाउन खोजेको हो सो काम कुरा सम्बन्धित मन्त्रालयले आदेश दिएको प्रमाणको आधार समेत देखाउन पर्ने हो यस मन्त्रालयले कुनै आदेश नदिउको हुँदा मन्त्रालय उपरको रिट अभियोग खारेज हुन सादर अनुरोध गर्दछु भन्ने समेत गृह मन्त्रलायको का.मु.सचिव योगेन्द्र नाथ ओझाको लिखित जवाफ।

८. खानी तथा भू-गर्भ विभागबाट ईजाजत पाएको बाहेक बाहिरको क्षेत्रमा अतिक्रमण गर्न दिइएको छैन त्यसतर्फ यस उधानले निगारनी राख्न आई संरक्षण गरी आएको छ संरक्षण नगरेको भन्ने सम्बन्धमा रिट निवेदकले ठोस सवूद प्रमाण दिन सकेको छैन। श्री ५ को सरकारको खानीतथा भू-गर्भ विभागले कानून बमोजिम दिएको ईजाजत पत्रका सम्बन्धमा श्री ५ को सरकार वन तथा

भू-संरक्षण मन्त्रालय तथा यस उधानलाई समेत विपक्षी वनाई रिट दिनु नै गलत हुँदा रिट निवेदन पत्र खारेज गरी पाउन अनुरोध गर्दछु भन्ने समेत शाही वनस्पती उधान गोदावरी ललितपुरको उप महानिर्देशक आनन्द विलाश उपाध्यायको लिखित जवाफ।

९. निवेदकले आफ्नो रिट निवेदन पत्रमा यस सचिवालयको के कस्तो निर्णयबाट निजको हक अधिकार हनन् भयो भन्ने कुराको जिकिर लिन सक्नु भएको छैन त्यस्तो निर्णय यस सचिवालयबाट भएको गरेको पनि छैन। विना आधार यस सचिवालयलाई विपक्षी वनाई दिनु भएको रिट निवेदनपत्र खारेज हुन अनुरोध गरेको छु भन्ने समेत मन्त्रिपरिषद् सचिवालयको मुख्य सचिव लोकबहादुर श्रेष्ठको लिखित जवाफ।

१०. गोदावरी फुलचोकी क्षेत्रको हरियाली एवम् सौन्दर्यलाई पछी सम्म जोगाई राख्नु सबैको समेतको वातावरण संरक्षण गर्ने तर्फ यस विभागले निरन्तर प्रयास गर्दै आएको छ। यस विभागको विरुद्धमा रिट निवेदकको मागबमोजिम आदेश जारी हुन नपर्ने व्यहोरा अनुरोध गर्दछु भन्ने समेत भू तथा जलाधार संरक्षण विभागका का.मु. महानिर्देशक शुशिल भट्टराईको लिखित जवाफ।

११. रिट निवेदन पत्रको शुरु देखि अन्तयसम्म अध्ययन गर्दा पनि यस उद्योग मन्त्रालयको यो काम कारवाहीबाट निवेदकको हकमा आघात पुगेको। यो यस्तो काम कारवाही त्रुटिपूर्ण रहेको भन्ने कहि कतै उल्लेख भएको नदेखिनुका साथै रिट निवेदनपत्रमा उल्लेखित सर्वसाधारण जनताको हकहितको विरुद्ध हुने गरी यस मन्त्रालयबाट कुनै काम कारवाही नभएको हुँदा खारेज हुन सादर अनुरोध गर्दछु भन्ने उद्योग मन्त्रालयको सचिव भुवनेश्वर खत्रीको लिखित जवाफ।

१२. गोदावरि मार्वल इण्डष्ट्रिज (प्रा) लि. को स्थापना यस आवास तथा भौतिक योजना मन्त्रालयको स्थापना हुनु अगाडी नै भएको हो। गोदावरी मार्वल ईण्डष्ट्रिज प्रा.लि.को स्थापना गर्ने इजाजत पत्र यस मन्त्रालयले दिएको पनि होइन। अतः यस मन्त्रालयलाई प्रत्यर्थी बनाई दिइएको प्रत्यर्थीको रिट निवेदन खारेज गरी पाउँ भन्ने समते आवास तथा भौतिक योजना मन्त्रालयको तर्फबाट सचिव सतबहादुर राईको लिखित जवाफ।

१३. मार्वल उद्योगबाट स्थानीय विकास भई स्थानीय जनताले धेरै रोजगारीको अवसर समेत पाएको र स्थानीय वासिन्दालाई त्यसबाट कुनै असुविधा तथा असुरक्षा समेत नभएकोले नै यस गा.पं. ले यस गा.पं. अन्तर्गत संचालित गोदावरी मार्वल इण्डष्ट्रिज संचालन गर्दा कुनै वाधा अडचन नभएकोले खानी संचालन गर्न दिने भनी मिति २०४५।०५।१८ मा निर्णय गरी ललितपुर जिल्ला वन

कार्यालय गोदावरी ईलाका वन कार्यालय गोदावरीको मिति २०४६।४।३२ को पत्रको जवाफ लेखि पठाएको हो यसबाट पनि निवेदकको जिकिर व्यहोरा अवास्तविक तथा निराधार भएको पुष्टि हुन्छ तसर्थ रिट निवेदन पत्र खारेज होस् भन्ने समेत गोदावरी गा.पं. ललितपुरको प्रधान पंच पुरुषोत्तम सिलवालको लिखित जवाफ।

१४. नेपाल खानी ऐन, २०२३ को दफा ३ ले नेपाल अधिराज्यभित्र जुनसुकै जमीनमा रहेको वा पाइएको सबै प्रकारको खनिज पदार्थ श्री ५ को सरकारको सम्पत्ति मानेको छ।श्री ५ को सरकारको सम्पत्तिको रूपमा रहेको खनिज पदार्थको समयोचित परिचालन एमव् विकासको लागि खानीहरू व्यवस्थिति गरी खनिज पदार्थको उचित प्रवन्धन गर्ने महान उद्देश्यले उत्प्रेतरित भइ आएको उक्त नेपाल खानी ऐन, २०२३ को दफा ७ तथा खनिज नियमहरू २०१८ को नियम १५ द्वारा अधिकार प्रयोग गरी यस विभागले २०२१।१।३० मा उद्योग विभागबाट उद्योग संचालन गर्न ईजाजत प्राप्त गोदावरी मार्वल इण्डष्ट्रिज नामक उद्योगलाई जिल्ला ललितपुर किटनी गा.पं. वट नं. ५ को गोदावरी स्थिति खानी अगाडी पर्ने गोदावरी सडकको पक्कि पुललाई मूलचिन्ह मानि पूर्व १७६० फुट पश्चिम ४७९० फुट उत्तर १३४ फुट र दक्षिण ६२५ फुटको १.१/२ वर्गमाइल क्षेत्रमा मिति २०२१।३।१८ गतेमा मार्वल खानी खोल्ने ठेक्का प्रदान गरिएको थियो देशको आर्थिक मेरूदण्डको रूपमा रहेको खनिज सम्पदाको संयोचित परिचालन राष्ट्रको सर्वाङ्गिण उन्नतीको लागि भएको र त्यस्तो राष्ट्र हितको कार्य गरे गराएको अवस्थामा वातावरण प्रदुषणको आधारहिन कुराबाट रिट जारी हुन नमिल्ने तथ्य सम्मानित अदालतमा अनुरोध गर्दछु भन्ने समेत खानी तथा भू-गर्भ विभागको तर्फबाट महानिर्देशक महनेन्द्र नरसिंह राणाको लिखित जवाफ।

१५. यस क्षेत्र भित्र संचालित मार्वल उद्योग तथा अन्य उद्योगहरूबाट स्थानीय जनताले रोजगारी पाई स्थानीय विकास हुनुको साथै देशको आर्थिक विकास पनि भइरहेको छ।यो सबै कुरामा विचार गरी मार्वल उद्योगको प्रमाण पत्र नविकारण गर्न गा.पं. ले निर्णय गरी सम्बन्धित निकायमा सिफारिस पठाएको पनि छ।साथै संचालित उद्योगहरू सरकारी गैर सरकारी कार्यालय तथा देवस्थल समेतबाट त्यस क्षेत्रमा विकास भई स्थानिय जनताले रोजगारी पाई सुविधा समेत उपभोग गरी राखेकोले नै होला १३ औं गाउँ सभाबाट पारीत प्रस्तावमा वैठकले सो सबैलाई बाहेक गरी अन्य सम्पूर्ण जंगल राष्ट्रिय निकुञ्ज घोषणा गरियोस् भनी प्रस्ताव पास गरेको हुनु पर्दछ यस कारण अनर्गल हो हल्लामा लागि यस्तो अवास्तविक तथा असत्य कुराको जिकिर लिई दिएको रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत ललितपुर जिल्ला पंचायत ललितपुरको तर्फको गोदावरी गा.पं. बस्ने शम्भु सिलवालको लिखित जवाफ।

१६. पर्यावरण विषयवस्तुको ऐन कानूनको तर्जुमा नै नभएको स्थितिमा विदेश देशहरूका कतिपय सिद्धान्तहरूको हाम्रो देशमा अनुशरण उचित नहुन पनि सक्दछ। पर्यावरण संरक्षण सम्बन्धमा सम्बन्धित निकायबाट यसको उचित व्यवस्था हुन अति जरूरी छ तर कुनै एक संस्थाको सामान्य अभिरूचि वा चासो मात्रले पर्यावरण हकको रूपमा कानूनले व्यवस्था गर्न बाँकी नै रहेको स्थिति छ। प्रत्यर्थी गोदावरी मार्वल इण्डष्ट्रिज कानून अन्तर्गत सम्बन्धित विभागद्वारा इजाजत प्राप्त उद्योग देखिन्छ। अतः प्रस्तुत विवादमा विनेदनको मागबमोजिमको आदेश जारी गरी रहन पर्ने स्थिति नहुँदा रिट निवेदन पत्र खारेज हुने ठहर्छ भन्ने माननीय न्यायाधीश श्री गजेन्द्र केशरी वास्तोलाको राय र यस अदालतले सार्वजनिक हक वा सरोकारलाई कानून बमोजिम सुरक्षित राख्न आफ्नो असाधारण क्षेत्राधिकारको प्रयोग गरी प्रचलन गराउन संवैधानिक दायित्व रहेकोमा शंका लिई रहनु पर्ने अवस्था छ भन्ने मलाई लाग्दैन।

१७. तसर्थ अब विपक्षी मार्वल कम्पनीको इजाजत नविकरण गर्नु भन्दा अघि माथि लेखिएका प्रकृयाद्वारा गरी निवेदकले जिकिर लिएको श्री भैरव रिसालको टोलीको प्रतिवेदनमा उल्लिखित तथ्य समेतलाई दृष्टिगत गरी गोदावरी क्षेत्रको वातावरणको संतुलन गर्नु भनी मन्त्रालय तथा खानी विभागको नाममा परमादेश जारी हुनु पर्ने ठहर्छ। यद्यपी त्यस्तो संन्तुलन कायम राख्न सकिने छैन विपक्षीलाई स्वीकृत भई सकेको ठेक्काको कारणले विनास निश्चित छ भने जनहितको दृष्टिले ठेक्का तोड्न परे पनि खनिज (संशोधन र यकिकरण) नियमहरू २०१८ कव नियम २५(१) बमोजिम विपक्षि मार्वन उद्योगलाई पर्याप्त मूआव्जा दिई सो अवस्था ठेक्का तोड्ने वा ठेक्का पट्टामा संशोधन गरे पनि हुने भए ठेक्का पट्टाको शर्तमा उपयुक्त संशोधन गरी वातावरणको सन्तुलन कायम राख्न जो चाहिने काम कुरा गर्नु भनी विपक्षीहरू श्री ५ को सरकार भू-गर्भ तथा खानी विभाग र वन तथा भू-संरक्षण मन्त्रालयको नाममा परमादेश समेत जारी हुने ठहर्छ भन्ने समेत व्यहोराको न्यायाधीश श्री केदारनाथ उपाध्यायको राय भएको मिति २०४९।५।८ को राय बाझी फैसला।

१८. निवेदक तर्फबाट द्वय् विद्वन् अधिवक्ता नेपालको संविधान, २०१९ को धारा ११(१) मा कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन भन्ने लेखिएको छ। प्रत्यर्थी गोदावरी मार्वल इण्डस्टिजको काम कारवाहीबाट पर्यावरणलाई असन्तुलित तुल्याएको छ। गोदावरी क्षेत्रमा मार्वल उत्खननको सिलसिला हुने र गरिने विष्फोटनबाट उड्ने धुलो बालुवाबाट वातावरण दुषित भएको छ, पानीमा प्रदुषण देखा परेको छ। जंगलको विनास भएको छ यस्तो कार्यबाट मानिसको बाच्न पाउने हक हनन् भएको छ। अनुकुलित पर्यावरणको अभावमा मानिस क्षय हुँदै जान्छ। अनुकुलित पर्यावरणको अभावमा विभिन्न किसिमका जनावर

पंक्षिहरू पृथ्वीबाट लोप भएको उदाहरण छ। मानव जीवनको लागी पनि अनुकिलत पर्यावरण नभएमा मानव जीवन नै नष्ट हुन जान्छ। पर्यावरणीय समस्या एउटा व्यक्ति विशेषको मात्र सरोकारको विषय नभै सबैको चासो र सार्वजनिक सरोकारको विषय हो। पर्यावरिणय समस्याले एउटा सिमित क्षेत्रलाई मात्र असर नपुर्याई वर परका ठाउँमा र अन्ततोगत्वा देशको अन्य भू-भाग, प्रदेश समेतलाई प्रतिकूल असर पारेको हुन्छ निवेदक लिडर्सइन्कको उद्देश्य पर्यावरण संरक्षण र सम्वर्द्धन गर्नु उद्देश्य भएको र उक्त गोदावरीको पर्यावरण समस्याले निवेदक समेतलाई प्रतिकूल असर पारेकोले प्रस्तुत विषयमा निवेदकलाई रिट निवेदन दिने हक दैया छ कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान अपहरण हुने छैन भन्ने संवैधानिक प्रावधानलाई व्याख्या गर्दै दूषित वातावरणबाट कसैको ज्यू ज्यानमा हननु पुग्दछ त्यस्तोमा रिट निवेदन दिने हक दैया हुन्छ भनी पर्यावरण सम्बन्धी मुद्दामा कैयौ नजीरहरू भारतिय सुप्रीम कोर्टमा सिद्धान्त प्रतिपादित भएको छ। वस्तुत पर्यावरणीय सम्या सामुहिक चासोको विषय भएको र नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८(२) मा प्रयुक्त भएको शब्द सार्वजनिक हक भन्ने शब्दबाट नेपाल अधिराज्यका सर्वसाधारण जनता वा कुनै समुदायमा कानून वा संवैधानिक अन्तर्गत सामुहिक रूपमा निहित रहेको त्यस्तो कुनै हक को वोध गराउँछ। यस तथ्यलाई राधेश्याम अधिकारी वि. कल्याण विक्रम अधिकारी भएको रिट निवेदनमा उपरोक्त सिद्धान्त प्रतिपादित भएको छ। प्रस्तुत रिट निवेदनले नितान्त रूपमा सार्वजनिक सरोकार र सार्वजनिक हक दुवैको प्रतिनिधित्व भएकोले यस्तोमा निवेदकको रिट निवेदन दिने हकदैया छैन भन्न मिल्दैन। प्रस्तुत मुद्दामा हकदैयाको प्रश्नलाई सिमित गर्न मिल्दैन। सार्वजनिक सरोकारको मुद्दामा हकदैयाको परिधी फराकिलो हुन्छ। निवेदक अजीत कुमा समेत विरूद्ध कृष्ण नारायण श्रेष्ठ भएको नि.नं. ३०९२ को मुद्दामा सार्वजनिक सम्पत्ति संरक्षण नभएको खण्डमा त्यस्तो सम्पत्तिको संरक्षण गरी पाउन सरोकार पर्ने अरू कुनै व्यक्तिले नालेस दीन सक्ने सिद्धान्त सर्वोच्च अदालतबाट प्रतिपादित भएको छ। प्रस्तुत विषय वस्तु पनि सामुहिक सरोकार राख्ने विषय हुँदा सो सम्बन्धित सरोकार पर्ने व्यक्तिले रिट निवेदन दिन सक्दछ।

१९. नेपाल अधिराज्यको संविधान, २०४७ को राज्यको निति निर्देशक सिद्धान्तहरू अन्तर्गत धारा २६(४) मा जनसाधारणमा वातावरणीय स्वचच्छताको चेतना बढाई भौतिक विकास सम्बन्धित चेतना बढाई भौतिक विकास सम्बन्धित कृयाकलापहरूद्वारा वातावरणमा पर्न जाने प्रतिकुल असर पर्न नदिन एवम् वातावरणको संरक्षण गर्न राज्यले प्राथमिकता दिनेछ भनी सैवैधानिक व्यवस्था गरेको र राज्यको निर्देशक सिद्धान्तलाई नै आधार बनाइ भारतीय सर्वोच्च अदालतले Shree Sechidenaude Panday V.S. State of west Bengal A.I.R. १९८७ S.C. ११०९ मा सिद्धान्त

प्रतिपादित गरेको र हाम्रो संविधानमा पनि निर्देशक सिद्धान्तमा वातावरणीय स्वच्छताको कुरा परेकोले प्रस्तुत रिट निवेदनमा निवेदकको हकदैया भएकोमा विवाद देखिन्न अतः हकदैया छैन भन्न मिल्ने देखिन्न। जहाँसम्म पर्यावरणको कुरा छ विपक्षी मार्वल उद्योग मार्वल उत्खनन्को सिलसिलामा वरावर विस्फोटन गरेबाट सो विस्फोटनबाट ध्वनी प्रदुषण हुनुको साथै चरा चुरुगी पुतलीहरू जुन अप्राप्त छन गर्दै गएका छन् र सो क्षेत्रबाट भाग्दै छन्। गौदावरी क्षेत्रमा धेरै जातीका पुतलीहरू र चरा चुरुङ्गी छन् जुन अप्राप्त छन्। सो क्षेत्र Flora र Fauva को लागि प्रसिद्ध छ। तर डाइनमाइटको विस्फोटनबाट त्यसको Flora र Fauva लाई असर पुर्याएको छ। वन जंगल विनास हुँदै गएको छ। वर्षमा रूख वृक्ष नभएको कारणबाट माटो ढुङ्गा बगाई उर्वरा जमीन अनउत्पादक बनाएको छ। नदीका पानीहरूलाई दुषित तुल्याएको छ। विस्फोटनबाट ठूला ठूला ढुंगा उडेर स्थानीय बासिन्दाहरूको बस्ती र सेण्ट जेभर स्कूलमा पढ्ने विद्यार्थीहरूको लागी समेत खतरा उत्पन्न भएको छ। उक्त गोदावरी क्षेत्रमा गोदावरी कुण्ड छ। गोदावरी क्षेत्र धार्मीक स्थल हुनुको साथै सांस्कृतिक पुरातात्वीक एवम् जैविक महत्वको छ। ६०० प्रजातीका पुतलीहरू र २५९ प्रजातीका चराहरू यस गोदावरी क्षेत्रमा पाइन्छ। विपक्षी मार्वल उद्योगको कारणबाट रुख, विरुवा, वन सम्पदन, जीवजन्तुको विनाश भएको छ। नौ धाराको धाराहरू केही सुकी सकेका छन्। केही धाराहरू सुक्ने अवस्थामा छन् गोदावरी कुण्डको पानीलाई पनि यस उद्योगले असर पुर्याएको छ।

२०. आर्थिक दृष्टिकोणबाट प्रत्यर्थीहरूको काम कारवाही राष्ट्रको आर्थिक हितको विपरित छ। जे जती श्री ५ को सरकारले उक्त उद्योगबाट रायल्टी पाउँदछ सो को कैयौ गुना बढी गोदावरी क्षेत्रमा गरिएको उत्खननबाट बन पैदावार, जीवजन्तु, पुतलीहरू समेतको नोक्सानी हुनुका साथै पहिरो गई माटो बगी उर्वरा जमीनलाई अनउत्पादक गराएको छ। नदी, खोलाका पानीलाई दुषित गराएको छ। वायु प्रदुषण भएको छ। वायु, पानी र ध्वनीको प्रदुषण रोक्न कुनै नयाँ प्रविधि र साधन अपनाइएको छैन। मार्वल उद्योगमा काम गर्ने कर्मचारीहरूको लागी पनि सुरक्षाको साधन प्रयोग भएको छैन। प्रस्तुत उद्योग श्रम मूलक रूपमा स्थापना नभइ पूजी मूलकको रुपमा स्थापित छ। रोजगार दिलाउने तर्फ यस उद्योगले केही खास टेवा दिन सकेको छैन। गोदावरी मार्वल इन्डष्ट्रिजले त्यस भेगको वातावरणीय ह्रास र प्राकृतिक र सांस्कृतिक सम्पदामा पुर्याएको प्रतिकूल असर जुन कि उद्योगले बुझाउने गरेको वार्षिक रोयल्टी रु.२०,०००।- भन्दा ज्यादै बढी हुन्छ। मार्वल उत्खननको कार्यबाट तल वग्ने पानीले गोदावरी क्षेत्रको खेती योग्य जमिन मध्ये १४०० हेक्टर खेतको उत्पादकत्व घटेको छ। मार्वल, वोल्डर र अर्ध बनाउने

कार्यले फुलचोकी डाँडाको पानीको श्रोत घटेको छ। खानेपानी र सिंचाइको मुहान सुक्दै गएको छ। Mining operation को कारणबाट पानीको क्षमतामा नकरात्मक असर परेको छ। यस गोदावरी क्षेत्रमा प्रस्तुत मार्वल उद्योगबाट परेको प्रतिकुल असरलाई लिएर विभिन्न प्रतिवेदनहरु प्रकाशित छन्। वातावरणीय प्रभाव अध्ययन योजना, थापाथलीको २०४५ श्रावणमा गोदावरी क्षेत्रको वातावरण सिहावलोकन, भैरव रिसालको अध्यक्षतामा गठित टोलीले गोदावरी मार्वल फ्याक्ट्री (प्रा) लि. तथा ढुंगा खानीले वातावरणमा पारेको असर र सुझाव प्रतिवेदन र डा.नरसिंह नारायण सिंहको अध्यक्षतामा गठीत टोलीले गोदावरी क्षेत्र वातावरणीय अवस्था वारे छानवीन प्रतिवेदन समेत प्रकाशित भएको छ। ती प्रतिवेदनहरुबाट गोदावरी मार्वल उद्योगबाट भएको उत्खनन्बाट वातावरणमा समेत प्रतिकुल असर परेको समस्याको सम्वन्धमा र समाधान एवं उपाय समेतको चर्चा गरेको छ। Limited national conference on Environment Development Rio the Jenerio बाट वातावरणीय समस्यालाई गम्भिरता पूर्वक लिएको छ। श्री ५ को सरकारको Rio the Jenerio सम्मेलनमा हस्ताक्षर गरी वातावरण संरक्षणमा आफ्नो दृढता प्रकट गरेको छ। यस्तो अवस्थामा वातावरण संरक्षण गर्नु कर्तव्य एक दायित श्री ५ को सरकारमा आएको छ। केही खास आर्थिक लाभको लागि संचालित उद्योगबाट सेवा भन्दा प्रतिकूल असर बढी हुन्छ, मानवजाती पशु पंक्षी किराले, रुख, प्लोर र फ्यौनालाई नै नकारात्मक असर पार्दछ भने त्यस्तो उद्योग संचालन गर्न उचित हुँदैन। भारती सर्वोच्च अदालतको R. 1e Kendra Deharadun vs state of V. ... भएको यस्तै वातावरणीय प्रश्न समावेश भएको मुद्दामा माइन उत्खनन्को कार्य नै रोकी दिएको नजीर छ। विपक्षी गोदावरी मार्वल उद्योग मै गोदावरी क्षेत्रमा रहेको धार्मिक पुरातात्विक, सांस्कृतिक र जैविक महत्व राख्ने गोदावरीको र त्यहाँ रहेको जलश्रोत र वन जंगल रुखको विनाशको कारण भएकोले त्यस्तो उद्योगलाई तत्काल बन्द गर्न परमादेश जारीहोस भनी वहस गर्नु भयो र साथै आफ्नो वहस नोट समेत दिनु भयो।

२१. विपक्षी श्री ५ को सरकार वन तथा भू. संरक्षण मन्त्रालय तथा अन्य समेतको तर्फबाट उपस्थित हुनु भएका विद्वान सरकारी अधिवक्ता श्री अकवल अली मिकरानीले गोदावरी क्षेत्रमा पर्यावरण संतुलित रहोस् भन्ने तर्फ श्री ५ को सरकार स्वयं सचेत छ। श्री ५ को सरकारले कुनै काम गरेन भने परमादेश जारी हुने हो तर श्री ५ को सरकार गोदावरी मार्वल उद्योगको सम्वन्धमा पर्यावरण संतुलित राख्ने तर्फ विभिन्न निर्देशनहरु दिएको छ र सो लागु भएको छ। गोदावरी मार्वल उद्योगबाट प्रदुषण भएको छ भने त्यस्तो प्रदुषणलाई रोक्ने उपायहरुको अवलम्वन गर्नुपर्छ उद्योग नै वन्द गर्ने होइन उद्योग नै वन्द गर्दै जाने हो भने देश उद्योग विहिन हुन जान्छ।

२२. निवेदक एउटा कम्पनी ऐन अन्तर्गत रजिष्टर्ड संस्था हो। यस्तो संस्थालाई प्रस्तुत रिट निवेदन दिने हकदैया छैन। पिडित पक्षले रिट निवेदन दिने हो निवेदकको के कस्तो हक हनन् भएको छ भन्न सकेको छैन। हक हनन् नभएको अवस्थामा रिट जारी हुने स्थिति हुँदैन। अतः रि६ निवेदन खारेज होस भनी बहस गनुभयो। विपक्षी मार्वल उद्योगको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता। शम्भु प्रसाद ज्ञवालीले राय बाझी गर्ने दुवै माननीय न्यायाधीशहरूको बीच प्रस्तुत मुद्दामा निवेदकलाई रिट निवेदन दिने हकदैया भएकोमा मतभेद देखिन्न। कुन कानूनलाई टेकेर मा.न्या. श्री केदार नाथ उपध्यायको रिट जारी गर्नु भएको छ सोलाई हेर्न आवश्यक छ। नेपाल खानी ऐन, २०१३ खारेज भई नेपाली खानी ऐन, २०२३ लागु भएको छ। नेपाल खानी ऐन, २०२३ को दफा ९ मा सो ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही श्री ५ को सरकारले खानीको मालिकलाई आवश्यक आदेश वा निर्देशन दिन सक्ने व्यवस्था छ। नेपाल खानी ऐन, २०२३ अन्तर्गत नियमहरू बनेको छैन खनिज (संशोधन र एकीकरण) नियमहरू २०१८ नेपाल खानी ऐन, २०१३ अन्तर्गत बनेको छ। उक्त नियमहरूको नियम ६ मा अनुमती पत्रको कुरा छ नियम २३ मा खानी खोल्न ठेक्का पाएको व्यक्तिले शर्त वन्देजहरू पालन गर्न कुराहरू उल्लेख गरिएको छ।

२३. नेपाल खानी ऐन, २०४२ लागु नै नभएकोले सो ऐनलाई टेक्न मिल्दैन। कुन ऐन नियमको कुन दफालाई निवेदकले उल्लंघन गरेको भएमा रिट जारी हुने अवस्था हुन्छ। सो अवस्था प्रस्तुत रिट निवेदनमा छैन। नेपाल खानी ऐन, २०२३ मा पर्यावरण सम्बन्धी कुनै व्यवस्था छैन यसै गरी खनिज संशोधन र एकीकरण नियमहरू, २०१८ को २३ मा शर्त वन्देजका कुराहरू भएपनि सोमा पर्यावरण सम्बन्धमा कुने विशेष व्यवस्था छैन। सो नियमहरूको नियम २५ मा श्री ५ को सरकारले कुनै खानीको ठेक्का तोड्न सक्ने छ भन्ने छुट यो सरकारको तजवीजि अधिकार हो। यस्तो तजविजी अधिकारको प्रयोग गर्न नगर्न श्री ५ को सरकारको अधिकारको कुरा हो। कुनै कुरालाई रोक्न कानून चाहिन्छ। Rule of Law को सिद्धान्त यही हो। अतः रिट जारी हुने अवस्थाको छैन भनी र सोही विपक्षीको तर्फबाट रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री रत्नलाल कनौडियाले कानूनले तोकेको कर्तव्य भएको व्यक्तिले कुनै कुरा गर्ने भनेको सार्वजनिक विषयको कुरा हो। सार्वजनिकहकको सरोकारको विषय कस्तोलाई भन्ने उक्त कुरा नि.नं. ४८९५ मा प्रतिपादित भएको छ। मा.न्या. श्री गजेन्द्र केशरीको रायमा पर्यावरण सम्बन्धी कानून छैन सोको व्यवस्था हुनु पर्यो भन्ने छ। पर्यावरण सम्बन्धी कानून छैन भने रिट निवेदकले भने बमोजिमको कुनै कार्य गर्न मिल्दैन। मा.न्या. श्री केदारनाथ को रायमा खनीज पादर्थ ऐन, २०४२ लाई अगालेको पाइन्छ। तर सो ऐन लागु नै नभएकोले लागु नभएको ऐनको दफा आकर्षित हुँदैन। Limited National Conference on government development Rio The jenerio बाट

पारित पर्यावरण सम्बन्धी प्रस्तावना श्री ५ को सरकारले हस्ताक्षर गरी सहमती जनाएको कारणबाट पर्यावरण सम्बन्धी कानून छैन भने केही गर्न मिल्दैन। पर्यावरण सम्बन्धी कानून बन्नु पर्छ। कानूनले तोकेको कुरा उल्लङ्घन भएका कानून बमोजिम गर्न लगाउन परमादेश जारी हुन सक्दछ अन्यथा हुन सक्दैन। खानी ऐन, २०२३ मा पर्यावरण सम्बन्धी कुन कुरा उल्लेख छैन। खनिज पदार्थ ऐन, २०४२ लागु नै नभएकोले सो ऐनलाई आधार बनाउन मिल्दैन। लागु नभएको ऐनलाई आधार बनाई रिट जारी गरेको मा.न्या. श्री केदारनाथ उपाध्यायको राय मिलेको छैन। मेरो पक्षले कुनै ऐन वा नियमको उल्लङ्घन गरेको छैन।

२४. जनहितको लागि खनिज (संशोधन र एकीकरण) नियमहरू, २०१८ नियम २५ बमोजिम श्री ५ को सरकारले खानीको ठेक्का तोड्न सक्दछ तर सब ठेक्का तोड्ने केही भएन। निवेदक तर्फबाट गोदावरी वातावरणको सम्बन्धमा विभिन्न टोलीहरू गठन भई प्रतिवेदन आएको भने पनि त्यस्ता टोलीहरू कुनै कानून अन्तर्गत गठन भएको होइन। राय बाझी हुने माननीय न्यायाधीशहरूको बुँदा र रायमा सिमित रहनु पर्दैन। गोदावरी क्षेत्रमा पार्यावरणलाई संतुलित राख्ने तर्फ श्री ५ को सरकार आफै सचेष्ट छ। श्री ५ को सरकारले कानून बमोजिम गर्ने पर्ने कुनै काम गरेन भने सो सम्म गराउन परमादेश जारी हुने हो। त्यस्तो अवस्था प्रस्तुत रिटमा छैन।

२५. रिट निवेदकको भनाई यथार्थमा टेकेको छैन। डाइनमाइटको विस्फोटनबाट सेन्टजेभिर्यस स्कूल र वरपरको वासिन्दा रहेको वस्तीमा ढुंगा खस्दछ भन्ने रिट निवेदकको भनाई छ तर उनीहरूलाई नै रिट निवेदकले विपक्षी गराएको छ। के कति वातावरण प्रदुषण भएको छ, सोको लेखाजोखा उचित मात्रामा भएको रिट निवेदकले देखाउन सकेको छैन। गोदावरीको पर्यावरण बचाउन तर्फ श्री ५ को सरकारले दिएको निर्देशन बमोजिम मेरो पक्षले काम गरी रहेको छ। यस्तो अवस्थामा रिट जारी गर्न नमिल्ने रिट खारेज गरेको मा.न्या. श्री गजेन्द्र केशरीको राय मुनासिव छ भनी बहस प्रस्तुत गर्नु भयो। विपक्षी मार्वल उद्योगको तर्फबाट रहनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री कुसुम श्रेष्ठले मेरो पक्षले ऐन नियमको परिधि भित्र रही खानी संचालन गरेको छ। श्री ५ को सरकारले समय समयमा दिएको निर्देशनहरूको पालना गरेको छ। मेरो पक्षले कस्तो काम गर्यो जसबाट वातावरणीय क्षति पुग्न गएको हो सो स्पष्ट छैन पर्यावरण सम्बन्धी विषय माननी हो। यो प्रश्न मानवीय पनि हो। तर प्रचलित नेपाल कानूनलाई हेर्ने हो भने पर्यावरण सम्बन्धमा पर्याप्त र उचित कानूनहरू छैनन्। यस्तो अवस्थामा अदालत कति हदसम्म जाने हो विचारणीय कुरा छ। गोदावरी क्षेत्रलाई निवेदकले राष्ट्रिय निकुञ्ज घोषित गरी पाउँ भन्नु भएको छ तर यो श्री ५ को सरकारको नीति सम्बन्धी कुरा हो। कुनै उद्योगबाट धुलो उडी वायु प्रदुषण भएको छ भने

मानिसको जीउ ज्यानमा प्रतिकूल असर नपुग्ने गरी त्यस्तो प्रदुषण रोक्ने साधनहरुको प्रयोग गर्न सकिन्छ। आधुनिक साधानको प्रयोगबाट प्रदुषण रोकिने पर्यावरणको संरक्षण हुन्छ भने उद्योग नै रोक्नु पर्ने अवस्था हुँदैन। गोदावरी क्षेत्रको वन जंगल रूख गैर कानूनी ढंगबाट फांडनी गरिन्छ भने त्यसको दोष मेरो पक्षलाई लगाउन मिल्दैन। त्यस्तो रोकथाम गर्न कर्तव्य एवम् अधिकार सम्बन्धित निकायको हो। खनिज नियमहरू २०१८ को नियम २५ मा रहेको खानी वन्द गर्न सक्ने अधिकार श्री ५ को सरकारको Discretionary Power हो। सो अधिकारको प्रयोग गर्न नगर्न श्री ५ को सरकार स्वेच्छामा निर्भर गर्दछ। सो कानूनी अनिवार्य दायित्यव होइन Discretionary power प्रयोग गर्न गराउन वाधय गर्न सकिन्छ। जुन ऐनको प्रयोग मा.न्या. श्री केदारनाथ उपाध्यायबाट प्रयोग भएको छ। सो खान पर्दाथ ऐन, २०४२ लागु भएको छैन। लागु नभएको ऐन प्रयोगमा ल्याउन मिल्दैन। मेरो पक्षले पानीमा प्रदुषण नहोस भनी Seltitank बनाएको छ खाली ठाउँहरूमा वृक्षारोपणको काम भएको छ। हाम्रो मुलुकले अन्तर्राष्ट्रिय सम्मेलनमा पारीत भएका पर्यावरण सम्बन्धी बुँदालाई स्वीकार गरे पनि सो अनुसार पर्यावरण सम्बन्धी कानून बन्नु पर्छ। त्यस्ता कानूनहरूको अभाव छ। कुनै योजना परियोजना Environment को लागि ठीक छ, छैन सम्बन्धित निकायले हेर्ने हो यस्तो प्रश्न अदालतले हेर्दैन। नयाँ उद्योगहरू खोल्दा त्यस्तो प्रश्न अदालतले हेर्दैन। नयाँ उद्योगहरू खोल्दा त्यस्तो उद्योगले Environment मा के कस्तो असर पर्दछ सो हेरिन्छ। तर खोली सकेको पुराना उद्योगहरूका लागी Environmental Pollution नहुने गरी Standerd Holding गर्न सकिन्छ। त्यस्तो गरिएको Standard Mentaion नगरेमा उद्योग बन्द गर्ने कुरा आउँछ। उद्योग बन्द गर्ने दोस्रो चरण हो। उद्योग बन्द गर्न भन्दा अघि Pollution हुन नदिने तर्फ विभिन्न उपाय र साधनको प्रयोग गर्न मौका दिनुपर्छ। Authority ले निर्देश आदेश दिएबमोजिमको काम कानून बमोजिम छ, छैन अदालतले पुनरावलोकन गर्न सक्दछ। वातावरण सम्बन्धमा अरू मुलुकमा भएको कुराहरू अनुकरणीय हुन सक्दछ। तर ती सबै नेपालको सन्दर्भमा हेरीनुपर्छ। हाम्रो सातौ र आठौ योजनामा पर्यावरणको बारेमा कानून बनाउने भनियो। मिति ०४९।९।२७ खण्ड ४२ नेपाल राजपत्रमा वातावरण संरक्षण परिषद् गठन भएको पाइन्छ। तर नेपालमा यस सम्बन्धमा हाल सम्म उपयुक्त ऐन छैन। निवेदकले खानी ऐन, २०२३ खानी तथा खनिज नियमहरू, २०१८ खनिज ऐन, २०४२ समेत आफ्नो वहसमा समेत उल्लेख गर्नु भयो। खनिज पदराथ ऐन, २०४२ लागु भएको छैन। खानी ऐन, २०२३ मा र खनिज नियमहरू, २०१८ मा खास गरेर पर्यावरण सम्बन्धमा कुनै विशेष दफा छैन। ऐन र नियमको अधिनमा रही काम हुने हो ऐन र नियमका नै व्यवस्था छैन भने सो गर्न गराउन मिल्दैन। हाल निवेदकले Right to Life अन्तर्गत प्रस्तुत रिट निवेदन ल्याउनु भएको छ। यो Dynamic Concept हो तर Environment तर्फ जाँदा कानून अर्थात् as regulated-by law हुनुपर्छ। संविधान

र कानूनको हक हनन् नभए सम्म अदालतले रिट जारी गर्न अवस्था हुँदैन। रिट जारी गर्दा पनि Judicial restain को सिद्धान्तलाई इन्कार गर्न सकिन्न। निवेदकले जलश्रोतको प्रदूषण ध्वनीको प्रदूषण, वायुको प्रदूषण रोकी पाउँ भन्नु भएको छ तर प्रदूषण रोक्ने तर्फ कस्ता प्रविधि अपनाउनु पर्छ सो तोक्ने काम बाँकी छ। नयाँ प्रविधी अपनाइएको कारणबाट ती प्रदूषणहरू रोकिन्छ भने उद्योग बन्द गर्ने स्थिति हुँदैन। प्रकाशित भएका प्रतिवेदनहरू कुनै कानून अन्तर्गत गठीत टोलीलाई भएको होइन। यसको कानूनी मान्यता हुँदैन। रिट निवेदकले प्रस्तुत रिट निवेदन दिएकोमा Meaning Fulrelation हुनुपर्दछ। निवेदकलाई प्रत्यक्ष असर पर्छ वा पर्दैन सोको विवेचना भई हकदैया भए प्रस्तुत रिट निवेदन दिन मिल्ने हो नत्र मिल्दैन।

२६. निवेदक विभिन्न दुस्परिणाम हुने कार्य र क्षति रोकीपाउँ भनेको सो सबै मेरो पक्षसँग सम्बन्धित छैन। कानूनको अभावमा रिट जारी गर्न नमिल्ने र परमादेश समेत दिन नमिल्ने परमादेशको आदेश जारी गरेको मा.न्या. श्री केदार नाथ उपाध्यायको राय मुनासिव देखिन्न भनी वहस गर्नु भयो।

२७. निवेदकले प्रस्तुत रिट निवेदन २०४६।२।३० मा तत्कालीन नेपालको संविधान, २०१९ को धारा २,२०,११(१)(२) १५ अन्तर्गत विपक्षीहरूको कारण र कार्यबाट उत्पन्न वातावरणीय दुस्परीणामबाट निवेदक लगायतको सार्वजनिक संवैधानिक तथा कानूनी हकमा आघात पर्न गएकोले विपक्षी मार्वल उद्योगबाट भई रहेको वातावरण प्रदुषण तथा कुप्रभावबाट सार्वजनिक जिउ, ज्यान स्वास्थ्य, धनजनको क्षति हुने कार्य तत्काल रोक्नु भन्ने, वातावरणीय दुस्प्रभावको समेत अध्ययन गरी वातावरणीय सन्तुलन कायम गरी उद्योग खोल्ने नीति लिनु भन्ने, प्रत्यर्थीको कार्यबाट भएको र हुने वातावरणीय क्षेती र प्रभावको सम्बन्धमा अध्ययन गर्न एक वैज्ञानिक टोली गठन गरी रोनाष्ट वा विश्वविद्यालय जस्ता निकायलाई अध्ययन गर्ने व्यवस्था मिलाउने र भएको क्षतिपूर्ति दिने व्यवस्था मिलाउनु भन्ने, प्राकृतिक तथा ऐतिहासिक संपदामा क्षति हुन नदिई यथास्थितिमा राख्नु, कामदारको लागी आवश्यक सामान सुरक्षा उपलब्ध गराउनु, गोदावरी वन क्षेत्रबाट लोप भई रहेका जिवजन्तुको क्षतिपूर्ती गर्ने व्यवस्था मिलाई लुकिचोरी गैर कानूनी ढंगबाट हुने काठ, वनस्पति चराको निकासी तत्काल रोक्नु भन्ने त्यस क्षेत्रमा अध्ययन गर्ने पेशामा संलग्नहरूलाई निर्वाध हिडडुल गर्न पाउने व्यवस्था मिलाउनु भन्ने लगायतका आदेश जारी गरी स्वच्छ, वातावरण कायम राखी जिउ, ज्यान, धन समेतको सुरक्षा तथा शान्तिपूर्ण जीवन यापन गर्न पाउन परमादेशको आदेश समेत जारी गरी पाउँ भन्ने रिट निवेदकको प्रकरण ५ को (क) देखि (झ) सम्म विभिन्न प्रकारका मागहरू उल्लेख पाइन्छ।

२८. निवेदकको मागलाई संक्षेपिकृत गर्दा मुख्य रूपमा विपक्षी मार्वल उद्योगले वातावरण विनाश गरी त्यसको दुस्प्रभावबाट व्यक्तिको स्वच्छ वातावरणमा जिउने हक अधिकारमा आघात पुर्याएको र अनय विपक्षी मध्येका सरकारी निकायले विपक्षी मार्वल उद्योगलाई त्यस्तो वातावरणीय विनास गर्ने कार्यमा रोक नलगाई निगरानी नराखी सघाउ पुर्याएकोले संविधान ऐन, नियम बमोजिम विपक्षी मार्वल उद्योगबाट वातावरण विनाश गर्ने क्रियाकलापमा निन्त्रण गर्नु भन्ने आदेश माग गरेको देखिन आउँछ।

२९. निवेदकले २०४६।२।३० मा रिट निवेदन दर्ता गर्दा तत्कालिन नेपालको संविधान, २०१९ को धारा ७१ अन्तर्गत धारा ११(१)(२) र सार्वजनिक हक प्रचलन गराउन तत्कालिन मु. ऐन अ.वं. १०(क) ८३, समेतको आधार लिएको पाइन्छ।

३०. नेपालको संविधानको धारा ११(१) मा कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान अपहरण नहुने हक अधिकार उक्त धाराले प्रत्याभूत गरेको छ, प्रदूषित वातावरणमा मानव जीवन खतरामा हुन्छ। प्रदूषित वातावरणको सृजनाबाट कुनै पनि व्यक्तिको जीउ ज्यानको अपहरण हुन्छ। त्यस्तो प्रदूषित वातावरणबाट मुक्ति पाउने व्यक्तिको हक अधिकारको कुरा हो। यस अर्थमा पर्यावरणको संरक्षणको सम्बन्ध परोक्ष रूपमा मानिसको जिउ ज्यानसँग सम्बन्धित हुँद प्रस्तु विषय नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१) भित्र समावेश भएको मान्नु पर्दछ। निवेदकलाई प्रस्तुत वातावरण सँग चासो रहनेमा विवाद देखिन्न। वास्तवमा पर्यावरण समस्या सार्वजनिक चासो र सरोकारको विषय हो र यो सार्वजनिक हक एवम् सरोकारको विषय भित्र पर्ने हुँदा यस काममा संलग्न हुने निवेदकको प्रस्तुत विवादको विषयसँग सार्थक सम्बन्ध रहेकोमा विवाद देखिएन। तत्कालिन संविधान खारेज भइ नेपाल अधिराज्यको संविधान, २०४७ आगमन भई उक्त संविधानको धारा ८८(२) ले सार्वजनिक हकको संरक्षण गर्ने व्यवस्था गरेकोबाट तत्कालिन संविधान अन्तर्गत निवेदकको हकदैया पुग्छ पुग्दैन भन्ने प्रश्न खडा हुन सक्ने अवस्था थियो। तर वर्तमान संविधानले सार्वजनिक हकलाई पनि संरक्षणीय मौलिक हकको रूपमा स्थापित गरेकोले अब यो विवादको रूपमा रहन आएको छैन।

३१. स्वच्छ स्वास्थ्य वातावरण जीवनको समग्रताको अंग भएकोले जिउने अधिकार भित्र स्वच्छ स्वस्थ वातावरणको हक पनि अन्तरभुत हुन्छ। निवेदकले जुन संवैधानिक परिवेशमा रिट निवेदन दिएको थियो। सो संवैधानिक परीवेश सारवान रूपमा परिवर्तन भएको कुरा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २६(४) ले समेत सम्पुष्टी गर्दछ। किनकी उक्त धाराले राज्यका आधारभूत

नीतिगत सिद्धान्त मध्ये पर्यावरणको संरक्षणलाई महत्त्वपूर्ण राज्यका निर्देशक सिद्धान्त मानेको छ। अतएवः निवेदन लीडर्स इड.कको उद्देश्य मध्ये वातावरण संरक्षण पनि एक रहेको हुँदा निवेदकलाई वातावरणीय ह्रास रोकथामको लागि उजुर गर्न नपाउने भन्न नमिल्ने हुँदा हकदैया रहेकै मान्नु पर्दछ।

३२. औद्योगिक व्यवसाय ऐन, २०४९ मा उद्योग स्थापना गर्ने इजाजत दिनु अगावै पर्यावरणमा पर्न सक्ने दुष्प्रभावको समेत मुल्याङ्कन गर्नुपर्ने व्यवस्था भै सकेको अवस्था छ। तसर्थ निवेदकले माग गरेका कुराहरू मध्ये उद्योग खोल्ने इजाजत दिँदा वातावरण विनाश नहुने व्यवस्था मिलाउन पर्ने कानूनी व्यवस्थामै परिणत भै सकेको छ। त्यस्तै रोनाष्ट वा त्रि.वि.वि. जस्ता निकायहरूबाट अध्ययन गर्ने व्यवस्था मिलाइ पाउँ भन्ने माग पनि केही हद सम्म पूरा भै सकेको कुरा २०४० साल देखि विभिन्न कमिटी, कार्यदलहरू गठन भै गोदावरी क्षेत्रका पर्यावरणमा गोदावरी मार्वल इण्डष्ट्रिजले दुस्प्रभाव पारे नपरेको विषयमा अधययन भै प्रतिवेदनहरू समेत पेस भएको देखिन्छ। ती प्रतिवेदनहरू मध्ये कुनैमा गोदावरी मार्वल इण्डष्ट्रिज बन्द गर्नुपर्ने भन्ने राय अभिव्यक्ति भएको आधार कारणले गोदावरी मार्वल उद्योग नै वन्द गरिनु पर्दछ भन्ने निवेदक तर्फबाट वहस र लिखित वहसमा जिकिर, लिएको पाइन्छ। रिट निवेदनमा बहसमा जिकिर लिएको पाइन्छ। रिट निवेदनमा मार्वल इण्डष्ट्रिज बन्द गरि पाउँ भनी किटानी साथ निवेदकले उल्लेख गर्नु भएको नभै वातावरणीय दुष्परिणामा निक्लन वा कम गर्न प्रभावकारी उपायहरू अवलम्बन गरिएन त्यस्तो कार्य रोकिएन भन्ने नियमात्मक (Regulatory) एवम् उपचारात्मक पक्षलाई जोड दिइएको पाइन्छ।

३३. स्टकहोम सम्मेलन १९७२ पछि वातावरणीय विनाश तर्फ सबैको ध्यान चनाखो भएको पाइन्छ। अमेरिका लगायतका विकसित देशमा पनि ७० को दशक देखी वातावरण सम्बन्धमा छुट्टै कानून बन्दै गएको पाइन्छ। विकाशिल र अविकशित मुलुकमा भखरै वातावारण सम्बन्धी कानून वन्न थालेका र बन्ने तरखरमा रहेको पाइन्छ। हाम्रो मुलुकमा पनि वातावरण सम्बन्धी छुट्टै कानून निर्माण भै सकेको छैन तर त्यसको लागि तयारी पृष्टपोषक तत्त्वहरू निर्माण भएका छन्। संविधानको धारा २६(४) ले वातावरणीय संरक्षण गर्नुराज्यको नीति घोषित गरेको, २०४९।९।२७ मा प्रधानमन्त्रीको अध्यक्षतामा वातावरण संरक्षण परिषद् गठन भएको सो परिषद्ले २०५०।२।४ मा वातावरण प्रभाव मुल्याङ्कन निर्देशिका तयार गरेको वातावरण मन्त्रालय गठन गरेको योजनामा वातावरण सुधार सम्बन्धी कुरा अगालेको प्रतिनिधि सभाको सभामा हुने समितिहरू मध्ये वातावरण समिति रहने राष्ट्रियस्तरका र ब्राजिलको रियो द जेनरियोमा

१९९२ मा भएको विश्व वातावरणीय सम्मेलनमा नेपालले भाग लिई हस्ताक्षर गरेको वातावरण संरक्षण सम्बन्धमा सरकारी स्तरबाट निर्णयहरू भएको देखिन्छ। तर यी जमर्को मात्र हुन क्रियाशिल कार्य होइनन्। प्रभावकारी ढंगबाट वातावरण संरक्षण गर्न एक विशेष कानून बनाउनु र प्रभावकारी ढंगबाट लागु गर्नु नितान्त जरूरी देखिन्छ। किनकि विना कानून कुनै कार्य व्यवस्थित रूपले हुन सक्दैन र पर्यावरण सम्बन्धी अपराध र दण्डको उचित व्यवस्थाका लागि कानून अपरिहार्य हुन्छ। कानून विना दण्ड जरिवाना गर्न, उद्योग बन्द गर्ने आदेश दिन मिल्ने हुँदैन। हाल भएका कानून छिटपूट रूपमा छरिएर रहेका र पर्याप्त तथा प्रभावकारी नभएको देखिँदा समेत पर्यावरणको सबै पक्षलाई समेट्ने गरी कानून बनाउनु पर्ने देखिन्छ। यसको लागि एक छुट्टै कानून बन्नु र लागु गर्नु नितान्त जरूरी देखिन्छ।

३४. खनिज ऐन, २०४२ र सो को २०५२।२।५ को संशोधनले थपेको दफा ११ (क) वातावरण प्रदुषण रोक्नमा महत्त्वपूर्ण पाइला भएपनि सो ऐन श्री ५ को सरकारले लागु हुने मिति तोकेपछि मात्र लाग् हुने तर श्री ५ को सरकारले त्यस्तो मिति नै नतोकेको र मिति २०५२।२।५ मा उक्त ऐनको प्रथम संशोधन पनि भएको छ। विधायिकाले कानून वनाउने कार्यपालिकाले लागु नगर्ने गर्दा कार्यापालिकाले विधायीकाको भावना अनुकुल कार्य गर्न तत्परता देखाएको भन्न मिल्ने देखिदैन। यसरी साना तिना कुरामा भने ध्यान गएको तर संविधानको मार्ग दर्शन र राष्ट्रिय अन्तर्राष्ट्रिय जन भावनाको प्रभावकारी ढंगले ख्याल राखेको देखिदैन। तसर्थ यथासक्य चाँडो पर्यावरण संरक्षण सम्बन्धी कानून निर्माण गरी यस सम्बन्धको अन्यौल अन्त्य गर्नुपर्ने र पर्यावरण प्रतिको राष्ट्रिय र अन्तराषट्रिय दायित्वलाई मुर्त रूप दिनुपर्ने देखिन्छ।

३५. प्रस्तुत मुद्दामा विपक्ष मार्वल इण्डष्ट्रिजले २०३४।७।२ मा आधुनिकिकरण र विस्तारित गर्ने सर्त स्वीकृती पाएपछि गोदावरी क्षेत्रको वातावरण प्रतिकुल असर परेको भन्ने गुनासो देखा पर्न थालेको र सो विवाद दिनानुदिन चर्चित हुँदै गएको कुरा सरकारी र गैर सरकारी निकायबाट अध्ययन छानविन हुन थालेको प्रतिवेदनहरू समेतबाट पुष्टी हुन आउँछ। तसर्थ विभिन्न सरकारी गैर सरकारी स्तरमा समिति कार्यदल गठन भई प्रतिवेदन पेस भएको तर सो उपर कुनै कारवाही नभईरहेको अवस्था देखिएको छ। गोदावरी क्षेत्रको वातावरणीय विनास भएको भन्ने कुरा देखिँदा पनि कुन हदसम्म त्यस्तो कार्य भएको हो त्यसको वैज्ञानिक एवम् आधिकारिक तवरबाट छानविन हुन पर्ने देखिन्छ। विपक्षी तर्फबाट लिखित जवाफमा र वहसमा समेत वातावरणीय दुस्प्रभाव कम गर्न उद्योगले विभिन्न वृक्षारोपण गर्ने ढुङ्गा वालुवा वगेर गै वाली नोक्सान नहोस् भनी सिल्ट सटलाइटिङ निर्माण गरेको मजदुरहरूलाई काम गर्दा मास्क लगाउन दिने कार्य

लगायतका उपचारात्मक कार्यहरू गरेको भन्ने उल्लेख गरेको पाइन्छ। त्यस्ता उपायहरू वास्तवमा उपचारात्मक, नियमात्मक प्रभावकारी छन् छैनन् र यिनीहरूको प्रदुषण दर अनुपात क्षम्य सिमा (Permisiable Limit) मा छ, छैन जाँच पडताल गर्नुपर्ने अवस्था देखिन्छ।

३६. मार्वल खानी संचालनका लागि विष्फोटन गर्नुपर्ने सम्बन्धमा इजाजतपत्रका शर्तहरूमा विष्फोटन गर्न पाउने सम्म उल्लेख भएको तर कित पटक कति शक्तिको विस्फोटन गर्न सक्ने भन्ने उल्लेख नभएको हुँदा जित पटक पनि विस्फोटन गर्न सक्ने हुन आउँन सक्छ। विस्फोटन जस्तो कार्य अनियमित र असिमित रूपमा गर्न दिएमा ध्वनि प्रदुषणको अलावा भंगर्भिक सुक्ष्म प्रतिकुल प्रतिकृयाहरू जुन स्थल दृष्यमान हुँदैनन्, हुन जान्छ र त्यसको कालन्तरमा भूगर्भिय र वनस्पतीय दुष्परिणाम उत्पन्न हुन सक्दछ। तसर्थ विस्फोटनको उपयुक्त र व्यवहारिक विकल्प खोजी गर्नु पर्ने देखिन्छ। तसर्थ यसतर्फ सरकारले समुचित ध्यान पुर्याई उपयुक्त प्रमुखता नपाई रोडा, गिट्टी उत्पादन तर्फ बढी प्रवृत भएको भन्ने प्रतिवेदनहरूबाट देखिँदा बढी मात्रामा विस्फोटन हुन जाने र ध्वनी जल वायु प्रदुषित हुने अवस्था सृजना हुन जाने हुँदा मार्वल उत्पादनलाई नै प्रमुखता दिलाएको खण्डमा वातावरण विनासको न्यूनीकरणमा उल्लेखनीय सहयोग पुग्न सक्ने देखिन्छ।

३७. देशको लागि विकासको आधारशिला उद्योग भएकोमा विवाद देखिन्न देश र समाज दुवैलाई विकास चाहिन्छ तर उद्योगहरूको साथसाथै वातावरणीय संतुलन राख्न पनि अत्यावश्यक छ। विकासको गतिविधिहरूलाई नियमतिता दिनु पर्ने आवश्यकता र वितावरण संरक्षणलाई दिनु पर्ने प्राथमिकता विच संतुलन स्थापना गर्न आवश्यक हुन्छ। स्टकहोम सम्मेलनले Sustainable Development को अवधारणा विकसित गरेको र राष्ट्रसंघको वातावरण आयोगका पत्रतिवेदन लगायतले यो कुरा पृष्टी गरेको छ तसर्थ उद्योगहरूबाट धेरै या थोरै वातावरणमा प्रतिकूल असर परेकव हुन्छ। त्यसैले उहाँ विकासको कार्य हुन्छ त्यहाँ वातावरणमा प्रतिकूल असर पर्दछ। तर त्यस्तो वातावरणीय दुष्परिणाम कम गर्न पहिला उपचारात्मक र नियमात्मक उपायहरू अवलम्वन गर्नुपर्ने हुन्छ। त्यसबाट संरक्षण हुन नसके वातावरणको प्रदुषण गर्ने कार्य नै वन्द गर्नुपर्ने हुन्छ। विकास मानिसको हितको समृद्धिको लागि हो। त्यसैले मानिसको जिवन साध्य हो विकास सुखपूर्वक जिउने माध्यम हो। जिउने स्वच्छ र स्वस्थ्य वातावरण विना मानिस स्व्च र स्वस्थ्य तवरले जिउन सक्दैन त्यसैले वातावरण सुरक्षा साध्य हो। यस तथ्यलाई मध्य नजर राखी वातावरण विनाश हुनबाट जोगाउने उपायहरू परिचालन गर्नु पर्ने हुन्छ।

३८. माननीय न्यायाधीश श्री केदारनाथ उपाध्यायज्यूको रायमा वैकल्पिक रूपले उपचारात्मक उपाय अवलम्बन गर्नुपर्ने सो संभव नभएमा मात्र इजाजत नविकरण गर्दा वातावरण संरक्षण हुने गरी गर्ने सो पनि हुन नसके जनहितको लागि ठेक्का एकिकरण तथा संशोधित नियम २५(१) बमोजिम ठेक्का तोड्नु भनी उल्लेख भएको पाइन्छ। यसबाट सर्वप्रथम उपचारात्मक उपायलाई अवलम्वन गर्नुपर्ने र सो हुन नसके मात्र खानी बन्द गर्ने जस्तो चरम रूपको कार्य गर्नु भन्ने देखिन्छ। माननीय न्यायधीश श्री गजेन्द्र केशरीज्यूको रायमा वातावरण सार्वजनिक महत्वको विषय हो यस सम्बन्धमा उचित व्यवस्था हुनुपर्ने भन्ने मनसाय व्यक्त भएको हुँदा उपचारात्मक पक्षलाई लक्षित गरेको देखिन आउँछ। रिट निवेदकले आफ्नो रिट निवेदनको माग खण्डमा वातावरण विनाषक कार्य रोक थाम गरी पाउँ भन्ने आशय व्यक्त गरेको मार्वल खानी नै वन्द गरीपाउँ भनी माग नगरेकोले उपचारात्मक उपाय अवलम्बन गरी गोदावरी क्षेत्रको वातावरण प्रदुषित हुन नपाउने प्रभावकारी उपचारात्मक व्यवस्था तत्कालै गर्नुपर्ने र त्यसबाट सम्भव नभए अर्को उपाय सोच्नु पर्ने हुन्छ। रिट निवेदक तर्फको वहसमा पछि कुनै कुनै प्रतिवेदनमा मार्वल उद्योग बन्द गर्नुपर्ने भन्ने रायलाई आधार बनाई पूर्ण न्याय गर्न अदालत सक्षम छ भन्ने जिकिर लिएको पाइन्छ। रिट निवेदनमा मार्वल खानी बन्द गरी पाउँ भनी कानूनको आधार देखाई प्रष्ट दावी गर्न नसकी खानीबाट हुने वातावरणीय दुष्प्रभाव रोक्ने र अन्य क्षतिपूर्ति पाउने तर्फ दावी लक्षित रहेको पाइन्छ। वातावरण जस्तो सार्वजनिक महत्वको जनहित संलग्न कुरामा पारस्परिक माग दावीको घेरामा सिमित रहुन पर्ने सिद्धान्त लागु नरहने जुनसुकै उपयुक्त आदेश जारी गर्न अदालत सक्षम छ भन्ने तर्फ गराईमा आदेशको उपयुक्तताको निर्धारण गर्दा यो तथ्य विचाराधिन हुन सक्दछ।

३९. निवेदकको उक्त नियम २५(१) अनुसार जनहितको लागि ठेक्का तोड्न सक्ने हुँदा सो अनुसार ठेक्का तोड्न परमादेश जारी गर्न मिल्दछ भन्ने र प्रत्यर्थी तर्फका कानून व्यवसायीको लोक हितको निर्धार्ण सरकारले गर्ने हो, अदालतले होइन। नियम २५(१) श्री ५ को सरकारको स्वविवेकिय अधिकार हो। स्वविवेकिय अधिकार प्रयोग गर भनी वाध्य गर्न मिल्दैन। परमादेशव कानूनी कर्तव्य पालनार्थ जारी गरिन्छ यस कानूनको फलाना दफाले यस्तो कानूनी कर्तव्य तोकिएको सो पालन गरिएन भनी निवेदकले खास कानूनी कर्तव्य तोक्ने कानून दर्शाउन सकेको पाइदैन। यो कानूनी कर्तव्य पालन गरेन भन्नेले यो यस निकाय अधिकारीलाई यस्तो कानूनी कर्तव्य तोकेकोमा निकाय वा पदाधिकारीले यस्तो कानूनी कर्तव्य पालन नगरेको भनी किट्न सक्नु पर्ने हुन्छ। कानूनी

कर्तव्य परमादेशको तात्पर्यको लागि निश्चित र किटानी हुनु पर्दछ। तसर्थ प्रत्यर्थीहरू मध्ये कुन प्रत्यर्थीको के कानूनी कर्तव्य हो खुल्न नआइ गोश्वारा रूपमा सार्वजनिक कर्तव्य पालन नगरेको भन्ने आधारमा परमादेशको आदेश जारी गर्न उपयुक्त देखिएन। तर गोदावरी क्षेत्रको पर्यावरण संरक्षण जस्तो संवेदनशिल, मानवीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वको विषयमा उपरोक्तानुसार प्रभावकारी र सन्तोषजनक उपचरात्मक कार्य पनि भएकको नदेखिँदा उपरोक्त कुरा समेतलाई मध्य नजर राखी लागु नभएको खनिज पदार्थ ऐन, २०४२ लागु गर्न, वायु, जल, ध्वनी एवम् पर्यावरण संरक्षण गर्न आवश्यक कानून तर्जुमा हुन र गोदावरी क्षेत्रको पर्यावरण प्रभावकारी ढंगले संरक्षणतर्फ कारवाही गर्ने भन्ने सम्बन्धमा निर्देशन दिन उपयुक्त देखिएकोले विपक्षीहरूको नाउँमा यो निर्देशनात्मक आदेश जारी गरिएको छ। आदेशको प्रतिलिपि कार्यान्वयन समेतको लागि विपक्षी श्री ५ को सरकारलाई दिनु।

उक्त रायमा हामी सहमत छौं।

न्या. त्रिलोक प्रताप राणा

न्या. गोविन्द बहादुर श्रेष्ठ

इति संवत् २०५२ साल कार्त्तिक १४ गते रोज ३ शुभम्.....।

१६. विषयः उत्प्रेषण समेत।

भाग ४८	निर्णय नं. ७६९५	ने.का.प. २०६३	अङ्क ५
सर्वोच्च अदालत, संयुक्त इजलास			
माननीय प्रधान न्यायाधीश श्री दिलीपकुमार पौडेल माननीय न्यायाधीश श्री खिलराज रेग्मी			
संवत् २०६० सालको रिट नं. ३४०१			
फैसला मितिः २०६३।५।११।१			

निवेदकः अधिवक्ता धनञ्जय खनाल

विरुद्ध

विपक्षीः सम्माननीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत

निवेदक तर्फवाटः विद्वान वरिष्ठ अधिवक्ता श्री विश्वकान्त मैनाली तथा विद्वान अधिवक्ताहरू श्री धनञ्जय खनाल, श्री रमाकान्त गौतम र श्री राजु चापागाई

विपक्षी तर्फवाटः उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री ब्रजेश प्याकुरेल

अवलम्वित नजीरः

ने.का.प. २०५३, अंक १, पृष्ठ ३३,
नेका.प. २०५३, अंक ७, नि.नं. ६२३१, पृष्ठ ५८२,
ने.का.प. २०५४, अंक ६, नि.नं. ६३९१, पृष्ठ ३१२,
ने.का.प. २०५६, अंक ९, नि.नं. ६७८९, पृष्ठ ७००

- *आयोजना संचालन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रभावको मूल्याङ्कन (EIA) गर्नुपर्ने गरी वातावरण संरक्षण ऐनले गरेको ब्यवस्था बमोजिम नहरको पानी तालमा राख्ने र बढी भएमा Outlet बाट लैजाने भनी गर्न लागिएको कार्यका सम्बन्धमा वातावरणमा पर्ने प्रभावको मूल्याङ्कन समेत भए गरेको नपाइनाले वीसहजारी तालको दक्षिण किनारामा खनिएको खाल्टो र त्यहाँ गर्न लागिएका अन्य योजनाहरू कार्यान्वयन गर्दा वातावरण संरक्षण ऐन, २०५३ को दफा ३, ४ र ५ तथा सीमसार नीति २०५९ र रामसार महासन्धि १९७१ र जैविक विविधता महासन्धि १९९२ अनुकूल काम भएको छ भनी मान्न नमिल्ने।*

  (प्रकरण नं. १८)

- *संरक्षित क्षेत्र भन्ने नामाकरणले नै यी क्षेत्र अन्य क्षेत्रभन्दा संवेदनशील हुन भनी मान्नुपर्ने हुन्छ। यस्ता संवेदनशील क्षेत्र राष्ट्रिय मात्र नभै अन्तर्राष्ट्रिय महत्वका समेत भएकोले यी क्षेत्रको संरक्षण गर्नु राष्ट्रको प्रमुख दायित्व हुने।*

- *विश्व सीमसार क्षेत्रमा सूचीकृत भएको बीसहजारी ताल र त्यसको वरिपरिको क्षेत्रको संरक्षणसम्बन्धी विषय राष्ट्रिय मात्र नभै अन्तर्राष्ट्रिय महत्वको समेत भएकोले वीसहजारी ताल र यसको वरिपरि कुनै योजना संचालन गर्नुपर्ने भएमा Comprehensive रुपको Master Plan तयार गरी वातावरण संरक्षण ऐन, २०५३ को दफा ९ र १०, सीमसार नीति २०५९, रामसार महासन्धि १९७१, जैविक विविधता महासन्धि १९९२ र संविधानको धारा २६(२) समेतलाई मध्यनजर राखी सीमसार क्षेत्र बीसहजारी तालको संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था मिलाई कार्य गर्नु गराउनु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने।*

  (प्रकरण नं.१९)

आदेश

प्र.न्या.दिलीपकुमार पौडेलः नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) अन्तर्गत यस अदालतमा पर्न आएको प्रस्तुत निवेदनको संक्षिप्त व्यहोरा र ठहर यसप्रकार छः

२. नेपालको कूल भू-भागमध्ये ५.०६ वा ७,४३,५६३ हेक्टर क्षेत्रफल अर्थात संख्यात्मक रुपमा २४२ वटा सीमसार क्षेत्र नेपालमा पाइने र यसमा पाइने सम्पूर्ण जीवजन्तुहरू प्रकृति संतुलनका लागि अत्यावश्यक मानिन्छन्। ती मध्ये नेपालको चितवन जिल्लामा पर्ने प्राकृतिक सम्पदा र पर्यटन प्रवर्द्धनका दृष्टिकोणले समेत महत्वपूर्ण वीसहजारी ताल र सो क्षेत्रको टिकौली

वन जंगलमा विभिन्न प्रजातीका चराहरू, जंगली जनावर, विरुवाहरू, जलवनस्पती आदि समेत बसोवास गरी आएका तथा रहेभएका र ती मध्ये वनस्पती लगायतका चीज परम्परादेखि औषधोपचार लगायत विभिन्न काममा प्रयोग हुंदै आएका र स्थानीय रैथाने पन्छी बाहेक साइवेरीया, तिब्बत, मंगोलिया, श्रीलंका, भारत, रसीया लगायतका विभिन्न मुलुक र युरोपेली मुलुकहरूबाट बथानका बथान चराहरू जाडो छल्नका लागी निकुञ्जको सीमसार क्षेत्र एवं टिकौली जंगल र बीसहजारी तालमा आउने जाने कुरा अध्यनबाट पुष्टि भैरहेकोले सीमसार क्षेत्रको महत्व झनै बढाई दिएको प्रष्ट छ। वातावरणविद् एवं वैज्ञानिकहरूले यस्तो ओसिलो, चिसो क्षेत्र, ताल तलैया र नदीलाई सीमसार नाम दिएर यिनीहरूको संरक्षण गर्ने कुरामा जोड दिंदै आएको पाइन्छ। यस्ता क्षेत्रहरूको प्रभाव एक क्षेत्र वा राष्ट्रमा मात्र नपरी विश्वब्यापी रुपमा पर्ने भएकोले अन्तर्राष्ट्रिय महत्वका सीमसार क्षेत्र संरक्षण गर्न रामसार महासन्धि १९७२ मा पास भई १९८८ मा नेपाल यसको पक्षराष्ट्र समेत भैसकेको छ। वीसहजारीताल र यसको वरिपरिको क्षेत्र अन्तर्राष्ट्रिय महत्वको सीमसार क्षेत्रको रुपमा परिसकेको छ। यस्तो अन्तर्राष्ट्रिय महत्वको रामसार सन्धि बमोजिम तोकिएका आधार समेत पूरा गरी सूचिकृत भएको वीसहजारी तालमा विपक्षीहरूले उक्त रामसार महासन्धि, जैविक विविधता महासन्धि, १९९२ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २६(४), राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २(क)), दफा ३(क) दफा ५ (ख)।(च),छ),(ञ) दफा ९,१० , वन ऐन, २०४९ को दफा २(ठ), दफा ७०क, स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(ग), नगर विकास ऐन, २०४५ को दफा ८,९,१०,११, करार ऐन, २०५६ को दफा १३ तथा वातावरण संरक्षण ऐन, २०५३ को दफा ९ र १० समेतको विपरीत हुने गरी तालको दक्षिणतर्फ खगेरी नहरमा पानी व्यवस्थापन गर्ने निहुंमा हाल सुख्खा एवं हिउंदे सिजनमा खाडलखनी तालको पानी खगेरी नहर तर्फ लैजाने व्यवस्था गर्दा तालको पानी सुकी सकेको छ। पानी व्यवस्थापनको नाउँमा तालको दक्षिण किनाराको प्राकृतिक ढिस्को खनी तालको पानीको आउटलेट (outlet) बनाउंदा झण्डै तालको २/३ भाग घाँसै घाँसमा परिणत हुन जाने देखिन्छ। भैरहेको दक्षिणी किनाराको प्राकृतिक ढिस्कोलाई खन्नु अघि सोचबिचार र बुद्धिमत्तापूर्ण ढंगले योजना तर्जुमा तथा प्रस्ताव समेत गरिएको छैन। विपक्षीहरूको निर्माणाधीन कृयाकलापबाट सीमसार क्षेत्र एवं तालको पानी कम हुनु वा सुक्नु भनेको नेपाल लगायत विश्वका दुर्लभ वन्यजन्तु, चराचुरी र विरुवाहरूको एवं जैविक विविधता तथा तराई क्षेत्रको निकुञ्जको स्तरमा ह्रास हुंदै वातावरणमा प्रतिकूल असर पर्ने, प्रदुषण बढ्ने, वर्षादीको कमी, राज्यले विश्वसमुदायसंग गरेको प्रतिबद्धता पूरा

नहुने, तराईको हराभरा सुन्दर क्षेत्र मरुभूमिमा परिणत भै वातावरणीय सन्तुलनमा समेत असर पर्ने भएकोले अन्तर्राष्ट्रिय रुपमा सुचिकृत सीमसारक्षेत्र वीसहजारी तालको अहित हुने र वातावरण एवं जैविक विविधतामा असर पार्ने विपक्षीहरूका सबै प्रकारका निर्णय, लिखत, प्रस्ताव, स्वीकृतिपत्र समेत निर्माण कार्यको लागि गरिएको लिखत बदर गर्नको लागी उत्प्रेषणको आदेश समेत जारी गरी नेपाल अधिराज्यको संविधान, २०४७ को रामसार महासन्धि, सीमसार नीति २०४९ कानून तथा न्यायका मान्य सिद्धात, वातावरण संरक्षण ऐन, २०५३ को दफा ९ र १० बमोजिम कार्य नगरेको हुंदा गैरकानूनी रुपमा कुनै पनि कार्य नगर्नु नगराउनु भन्ने प्रतिषेध मिश्रित परमादेश खाडल खन्ने, जैविक विविधता एवं रैथाने प्रजातीलाई नष्ट गर्ने, विस्तापित गर्ने र अतिक्रमण गर्ने खालको कुनै पनि कार्य नगरी अन्तर्राष्ट्रिय रुपमा गरिएको प्रतिबद्धता र कानून बमोजिम सो क्षेत्रको जैविक विविधताको संरक्षण गर्नु र मातहतका निकायहरूमा निर्देशनात्मक आदेश समेत जारी गर्नु भन्ने विपक्षीहरूका नाउँमा आदेश जारी गरिपाऊँ साथै रिट निवेदनको अन्तिम टुंगो नलाउन्जेलसम्म बीसहजारी ताल र यसको वरिपरि कुनै पनि निमार्ण कार्य नगर्नु नगराउनु भनी अन्तरिम आदेश समेत जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदन।

३. यसमा के कसो भएको हो ? विपक्षीहरूबाट लिखितजवाफ मगाई पेश गर्नु र अन्तरिम आदेश जारी हुने नहुने सम्बन्धमा विपक्षीहरूलाई ७ दिनको सूचना दिई पेश गर्नु भन्ने समेत यस अदालतको आदेश।

४. राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनको प्रतिबद्धता एवं दायित्वको पालना गराउने कार्य संसद सचिवालयको क्षेत्राधिकार भित्र नपर्ने भएकोले औचित्यहीन रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत संसद सचिवालयको लिखितजवाफ।

५. निवेदकले औंल्याएको संरचना निर्माणाधिनस्थल शाही चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र पर्ने भई सो क्षेत्रको व्यवस्थापन तथा संरक्षणको कार्य शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालयले गर्ने भएको र यस कार्यालयको कार्यक्षेत्र भित्र नपर्ने हुंदा निवेदकको मागबमोजिम यस कार्यालयको नाममा आदेश जारी हुनु पर्ने होइन भन्ने समेत जिल्ला वन कार्यालय चितवन को लिखितजवाफ।

६. रामसार महासन्धि १९७१ र जैविक विविधता महासन्धि १९९२ को पक्ष राष्ट्रको हैसियतले नेपाल अधिराज्य उक्त महासन्धिको प्रावधानहरूको पालना प्रति पूर्णतः प्रतिबद्ध छ। उक्त महासन्धिका प्रावधानहरूको पूर्ण पालनामा सघाउ पुगोस् र जैविक विविधताको अथाह भण्डार एवं स्थानीय बासिन्दाहरूको जीविकाको प्रमुख आधारको रुपमा रहेको नेपाल अधिराज्यका सीमसारक्षेत्रको

संरक्षण, संवद्र्धन एवं दिगो र बुद्धिमत्तापूर्ण उपयोग मार्फत गरीवी निवारणमा समेत योगदान पुयाउन सकियोस् भन्ने उद्देश्यले सरकारले राष्ट्रिय सीमसार नीति, २०५९ स्वीकृत गरी लागू गरिसकेको छ। नेपाल सन्धि ऐन, २०४७ को दफा ९ अनुसार पनि नेपाल अधिराज्य पक्ष भएको सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुने र सो महासन्धिका प्रावधान विपरीत शाही चितवन राष्ट्रिय निकुञ्जभित्र रहेको बीसहजारी ताल, सो क्षेत्रभित्रको सीमसार क्षेत्र तथा जैविक विविधतामा ह्रास आउने गरी यस मन्त्रालयको तर्फबाट कुनै कामकारवाही नभएको र उक्त महासन्धिका व्यवस्थाहरूको कार्यान्वयन, शाही चितवन राष्ट्रिय निकुञ्जभित्र रहेको बीसहजारी ताल लगायतका सीमसार क्षेत्रहरू तथा त्यहाँ पाइने जैविक विविधताको संरक्षण तथा सम्बद्र्धन गर्ने दिशामा यो मन्त्रालय सतत् प्रयत्नशील रही आएकोले रिट निवेदकको कुनै पनि मौलिक र कानूनी हक हनन् नभएकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत व्यहोराको कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र वन मन्त्रालयको एकै मिलानको छुट्टाछुट्टै लिखितजवाफ।

७. विगतमा तालमा पानी कम भएको समयमा नहरको पानी इनलेट माध्यमबाट तालमा लगाउने र अविरल वर्षाबाट तालमा पानीको सतह अत्यधिक बृद्धि हुंदा व्यवस्थित रुपमा पानीको निकास हुने संरचना नहुँदा तालको नहरसंग सटेर रहेको साँघुरो माटोको डिल अचानक भत्किई पटक पटक ताल र नहर समेतलाई क्षति पुर्याएको अवस्थालाई मध्यनजर गरी सरोकारवाला विभिन्न संघसंस्थाहरूको पहलमा व्यवस्थित आउटलेट र इनलेट स्ट्रक्न्चरको निर्माण भएको देखिन्छ। हाल निर्मित संरचनाबाट तालको पानी सतहमा असर गरेको अवस्था देखिंदैन। साथै निवेदकले हालको संरचना निर्माण हुनुपूर्वको अवस्थामा कुन सतहसम्म पानी रहने गरेको थियो र हाल संरचना निर्माण पश्चात पानीको सतह कुन सतहमा रहने भै वातावरणीय पर्यावरणीय र प्राकृतिक असन्तुलन भै प्रतिकूल प्रभाव पर्न गएको भन्ने कुरा प्रष्ट गर्न नसकेकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत साविक जिल्ला सिचाई कार्यालय हाल मध्यमाञ्चल सिंचाई विकास डिभिजन नं. ५ भरतपुर चितवनको लिखितजवाफ।

८. रिट निवेदकले यस कार्यालयको के कस्तो कामकारवाहीबाट निजको के कस्तो अधिकारको हनन भएको हो ? त्यसको स्पष्ट जिकीर नलिई बीना आधार र कारण यस कार्यालय समेतलाई प्रत्यर्थी बनाएको रिट निवेदन खारेज भागी भएकोले खारेज गरिपाऊँ भन्ने समेत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखितजवाफ।

९. प्राकृतिक जलसम्पदाको समूचित प्रवन्ध मिलाई साधन श्रोत जुटाई कृषि योग्य भूमिमा सिंचाई उपलब्ध गराउने मूल उद्देश्य यस विभागको हो। यसमा आफ्नो दायित्वबाट पन्छीई कानूनी

कर्तव्य पालना नगरी वातावरणीय क्षेत्रमा लापरवाही गरेको भनी विपक्षी निवेदकले भन्न मिल्ने देखिंदैन। चितवन जिल्लाको पश्चिम क्षेत्रको करिव ९ वटा गा.वि.स.लाई समेटी २९०० हे. जमिनलाई २०२९ सालमा खगेरी खोलामा हेडवक्स बनाई बरण्डा र जंगल बीचबाट पश्चिम तर्फ खगेरी नहर निर्माण कार्य शुरु भै २०२४ सालमा निर्माण कार्य पूरा भएर हालसम्म नहर संचालन अवस्थामा रहीरहेको छ। नहर बन्नु भन्दा पूर्वको प्राकृतिक अवस्थामा रहेका घोलहरू नहर निर्माण कार्य हुंदा १, १२, १५, १७, १८, २०, २२, २७ र २८ हजार नामका तालहरू विभिन्न च्यानलहरूमा रहेका घोलहरू मध्ये हाल वीस हजारी ताल बन्न पुगेको स्थिति स्पष्ट छ। जसले गर्दा खगेरी नहरको संचालनबाट तालको उत्पत्ति भै नहरबाट तालको जन्म र संरक्षण भएको छ भने अर्को तर्फ वर्षातको समयमा तालमा पानीको लेभल बढी भै निस्केको पानी नहरमाबहाव भएको अवस्था छ तालबाट नहरलाई पनि केही हदसम्म फाइदा पुगेको देखिन्छ। नहरमा बनेका संरचनाहरूले तालको वातावरणीय एवं पर्यावरणीय क्षेत्रमा कुनै किसिमको हानी नोक्सानी पुर्याएको अवस्था छैन तसर्थ रिट निवेदन खारेज भागी हुंदा खारेज गरिपाऊँ भन्ने समेत सिंचाई विभागको लिखितजवाफ।

१०. यो मन्त्रालय वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ को आधारमा वातावरणको संरक्षण, प्रदुषणको रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा निरन्तर कार्यरत रही आएको छ। विपक्षी रिट निवेदकको संवैधानिक तथा कानूनी हकमा मन्त्रालयले कुनै आघात नपुर्याएको र मन्त्रालय वातावरणको संरक्षण, प्रदुषणको रोकथाम तथा नियन्त्रण गर्ने कार्यमा सतत् प्रयत्नशील रहेको हुँदा रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत जनसंख्या तथा वातावरण मन्त्रालयको लिखितजवाफ।

११. बीसहजारी तालको महत्व र उपयोगितालाई नै महसुसगरी मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, शाही चितवन राष्ट्रिय निकुञ्जका तर्फबाट केशव देवकोटाको संयोजकत्वमा बीसहजारी ताल व्यवस्थापन समिति गठन गरी यसलाई कसरी संरक्षण गर्न सकिन्छ, यो तालमा पानी रहिरहने परिस्थिति कसरी निर्माण गर्न सकिन्छ, ताल संरक्षणको लागि बनाइएका ड्यामहरूको कसरी संरक्षण हुनसक्छ भनी विभिन्न योजनाहरू निर्माण गरी कार्यहरू भएका छन्। ड्याम निर्माणले मात्र तालको दिगो संरक्षण हुन नसक्ने र ड्याम वर्षैपिच्छे फुट्ने स्थिति भएकोले वर्षाको ठूलो पानी सुरक्षितसाथ बाहिर जान सकोस् र हिउंदको पानी खेर जान नपावस् भनी ड्याम र आउटलेटको व्यवस्था गरिएको हो। निवेदकको निवेदनमा उल्लेख भए बमोजिम दक्षिणी भेगमा खनेर तालको

पानी फाल्ने कुनै उद्देश्य छैन। आउटलेटको निर्माण कार्यले तालको पानी सुरक्षित तथा दिगो रुपमा संरक्षित हुने स्थिति बनेको छ।

१२. प्राकृतिक तथा जातीय श्रोतको भण्डार बीसहजारी ताल तथा आसपासको घोलको संरक्षण तथा व्यवस्थापन गर्न एक दीर्घकालिन योजना पनि बनाउन लागिरहेको छ र हाल प्रथम चरणमा तालको भित्र रहेको करौंती तथा जलकुम्भि झारफाल्ने, सरसफाई गर्ने, फुटपाथ, मचान, शुरक्षाको व्यवस्था, खानेपानी चर्पी, पाटीपौवा पार्किङ काठेफुल आदि निर्माण गरी त्यस क्षेत्रको विकासलाई अगाडि बढाउने लक्ष्यका साथ काम गर्ने योजनाहरू बनीरहेको छ। शाही चितवन राष्ट्रिय निकुञ्ज बीसहजारी तालको विकास एवं संरक्षणको लागि पूरापुर लागी रहेको हुँदा निवेदकको मागबमोजिम कुनै आदेश जारी हुनुपर्ने अवस्था नभएकोले झुट्टा निवेदन खारेज गरिपाऊँ भन्ने समेत शाही चितवन राष्ट्रिय निकुञ्जको लिखितजवाफ।

१३. तालको प्राकृतिकपन र गुणस्तरमा कुनै आँच आउन नदिन शाही चितवन राष्ट्रिय निकुञ्ज कार्यालय प्राविधिक र व्यवस्थापकीय रुपमा कटिबद्ध रहेको छ र बीसहजारी तालको संरक्षण र विकासका लागि यस राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले आवश्यकतानुसार स्थलगत निरीक्षण, अनुगमन र समन्वयको कार्य गर्दै आएको छ। तालको संरक्षणमा यो विभाग सदैव सचेत र कटिवद्ध रहेकोले तथ्य एवं आधारहीन रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको लिखितजवाफ।

१४. चितवन जिल्लामा अवस्थित बीसहजारी ताल विश्व सीमसार क्षेत्रको सूचीमा सूचिकृत भैसकेको अवस्थामा सो क्षेत्रमा आश्रित दुर्लभ जीवजन्तु र वनस्पति एवं जैविक विविधतामा असर पर्ने गरी कुनै पनि कामकारवाही गर्न अनुपयुक्त हुने हुँदा यो रिट निवेदनको अन्तिम टुगो नलागेसम्म यो बीससहजारी ताल वरपर कुनै कामकारवाही नगर्नु नगराउनु, यथास्थितिमा राख्नु भनी विपक्षी वन तथा भू-संरक्षण मन्त्रालय समेतका नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ। सो को सूचना विपक्षीहरूलाई पठाई मूल निवेदन नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०६१।३।२९ को आदेश।

१५. भरतपुर नगरपालिका वार्ड नं. ८ र ९ अन्तर्गतको वीसहजारी ताल (जो अन्तर्राष्ट्रिय रुपमा सूचीकृत स्मिसार क्षेत्र हो) को संरक्षण संवर्धन गर्ने सन्दर्भमा राष्ट्रिय सीमसार नीति २०५९

अनुरुप के कस्तो योजना वा कार्यक्रम बनाई लागू गरिएको छ वा के कसरी संरक्षण गर्ने नीति लिइएको छ ? यसको यथार्थ विवरण खुलाई पठाउनु भनी जनसंख्या तथा वातावरण मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी जवाफ आएपछि पेश गर्नु भन्ने यस अदालतको मिति २०६२।१२।२५ को आदेश।

१६. नियमबमोजिम पेशीसूचीमा चढी यस इजलास समक्ष पेश हुने आएको प्रस्तुत रिट निवेदनमा निवेदकको पक्षबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री विश्वकान्त मैनाली तथा विद्वान अधिवक्ताहरू श्री धनञ्जय खनाल, श्री रमाकान्त गौतम र श्री राजु चापागाईले हिउँदमा पानी कम भएको समयमा तालबाट पानी लगी सिंचाई गर्ने उद्देश्य राखिएको कुरा विपक्षीहरूले खाडल खनेको अर्काको प्रयोगका लागी होइन भनी भन्न नसकेबाट पुष्टि भैसकेको छ। नेपाल The Convention on Waterland को पक्षराष्ट्र भैसकेको र सो Convention ले राज्यपक्षलाई तोकको दायित्व पूरा गर्न तयार रहेको कुरा लिखितजवाफ मा स्वीकार गरिरहेको स्थिति छ। कुनै पनि योजना संचालन गर्दा वातावरणीय प्रभाव मूल्यांङ्कन नगरी गर्न नमिल्नेमा अन्तर्राष्ट्रिय रुपमा सीमसार क्षेत्रको मान्यता पाई संरक्षणको सूचीमा रहेको बीसहजारी ताल क्षेत्रमा वातावरणीय प्रभाव मूल्यांकन गरी कार्य गर्न लागेको भनी विपक्षीहरूले भन्न देखाउन नसकेबाट वातावरण संरक्षण ऐन, २०५३ को दफा ३, ५, ९ र १० समेतले तोकेको दायित्व पूरा गर्न सकेको स्थिति छैन। केवल ताल सुकाउने नीत हाम्रो होइन र संरक्षणका लागि तयार छौं भन्दैमा संरक्षण हुने होइन। जति मानवीय कृयाकलाप बढ्यो त्यति नै त्यहाँ रहने जीवहरूलाई असर पर्छ। संरक्षणको नाममा गरेको कार्यले मात्र संरक्षण हुने नभै के के कार्य गर्दा संरक्षण हुन्छ, सो को आधार (criteria) समेत हुनुपर्छ। राष्ट्रिय निकुञ्जलाई मात्र संरक्षणको दायित्व तोकेर पुग्ने होइन, सबै निकायहरूको co-ordination मा संरक्षण गर्ने कार्य हुनुपर्छ। कानूनको कार्यान्वयन भै नरहेको स्थितिमा कानूनको पालना गर्न लगाउने निकाय यही अदालत भएकोले वातावरण संरक्षण ऐन, तथा रामसार महासन्धिलाई समेत मध्यनजर गरी रामसार क्षेत्रको सूचीमा सूचिकृत बीसहजारी ताल र त्यसको वरिपरिको क्षेत्र संरक्षणका लागि निर्देशन सहितको परमादेश जारी हुनुपर्छ भनी वहस प्रस्तुत गर्नु भयो। त्यस्तै विपक्षी मन्त्रिपरिषद्को कार्यालय समेतका सबै सरकारी कार्यालयको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री ब्रजेश प्याकुरेलले सीमसार क्षेत्रको संरक्षण सम्बन्धमा हरेका Stakeholder को काम के के हुने भनी सीमसार क्षेत्र सम्बन्धी राष्ट्रिय नीति आइसकेको र सो नीतिको ६ नं. ले राष्ट्रिय निकुञ्ज तथा आरक्षभित्र रहेका सीमसारको व्यवस्थापनको जिम्मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई तोकिसकेकोले यसले

नै एकीकृत रुपमा सबैसंग समन्वय गरी काम गर्छ। सरकारलाई आफ्ना विश्व सम्पदा सूचीमा परिसकेका क्षेत्रलाई सो सूचीबाट हटाउनु छैन। Dam बनाएर संरक्षण गर्न खोजिएको विषयलाई अन्य अर्थ लगाउनु निवेदकको कोरा अनुमान र यथार्थ बुझ्न नसकेको विषय मात्र हो। न सबै कुरामा न्यायिक हस्तक्षेपको अवस्था हुन्छ, न आवश्यक नै मानिन्छ। राज्य पक्ष आफ्नो दायित्व पूरा गर्न कृतसंकल्पित छु भनी भनिरहेको स्थितिमा निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था नभएकोले रिट खारेज हुनुपर्छ भनी वहस गर्नुभयो।

१७. विद्वान कानून व्यवसायीहरूको उपरोक्तानुसारको वहस सुनी प्राप्त मिसिल संलग्न कागजातहरू अध्ययन गरी हेर्दा वस्तुतः प्रस्तुत रिट निवेदनमा उठाइएका विवाद समाधानको लागी निम्न प्रश्नहरूमा निर्णय दिनुपर्ने देखिन आयो।

१. वीसहजारी तालको दक्षिण किनारामा खनिएको खाल्टो र त्यहाँ गर्न लागिएका अन्य योजनाहरू कार्यान्वयन गर्दा वातावरण संरक्षण ऐन, २०५३ को दफा ३,४ र ५ तथा सीमसार नीति २०५९ र रामसार महासन्धि १९७१ र जैविक विविधता महासन्धि १९९२अनुकूल काम भएको छ छैन ?

२. निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने नपर्ने के हो ?

१८. पहिलो प्रश्नतर्फ बिचार गर्दा बीसहजारी ताल र यसको वरपरको क्षेत्र अन्तर्राष्ट्रिय महत्वको सीमसार क्षेत्रमा सूचिकृत भएकोमा विवाद भएको देखिंदैन। यसरी अन्तर्राष्ट्रिय रुपमा सीमसार क्षेत्रमा सूचीकृत प्राकृतिक सम्पदाको संरक्षण गर्नु वातावरण संरक्षण ऐन, २०५३ को दफा ९ र १० समेतले सरकारको कर्तव्य तोकेको पाइन्छ। वातावरण संरक्षण ऐनको दफा ३, ४ र ५ ले कुनै पनि प्रस्ताव कार्यान्वयन गर्नुभन्दा पूर्व सो को वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने अनिवार्य कर्तव्य तोकेको पाइन्छ। कुनै पनि कार्यले वातावरणमा उल्लखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा कम गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गरी तयार गरीने विस्तृत अध्ययन प्रतिवेदन (वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन) जुनसुकै आयोजनाको कार्य थालनी गर्दा संरक्षित क्षेत्र बाहिर समेत गर्नुपर्ने गरी कानूनले कर्तव्य तोकिरहेको देखिन्छ। अन्तर्राष्ट्रियस्तरकै सीमसार क्षेत्रको सूचीमा सूचीकृत भएका कुनै पनि क्षेत्रको संरक्षण र सर्म्वद्धन गर्ने दायित्व सरकारले रामसार सन्धिलाई अनुमोदन गरी लिइसकेको छ। यस अदालतको मिति २०६२।१२।२५ को आदेश बमोजिम राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको च.नं. २२०४ मिति २०६३।१।२६ को पत्रसाथ प्राप्त प्रस्तावित बीसहजारी

तालको पंचवर्षीय कार्ययोजना (सन् २००६-२०१०) हेर्दा तालको संरक्षणका लागि दीर्घकालिन र अल्पकालिन कार्यक्रमहरू रहेको देखिन आयो। यी कार्यक्रमहरू छुट्टाछुट्टै रुपमा गर्दा ती छुट्टाछुट्टै कार्यक्रमबाट वातावरणमा पर्न सक्ने असर स्पष्ट रुपमा आउला भन्न सकिने अवस्था पनि देखिदैन। समग्र योजनालाई हेरी एकीकृत रुपमा मूल्याङ्कन गर्दा हरेक क्षेत्रबाट त्यस क्षेत्रमा वातावरणमा पर्न जाने सकरात्मक तथा नकरात्मक असर स्पष्ट हुनजान्छ। सानो सानो टुक्रे रुपमा एक निकायले एउटा काम र अर्को निकायले अर्को काम आ-आफ्नै तवरबाट गर्दा विश्व सीमसार क्षेत्रमा परेको अन्तर्राष्ट्रिय महत्वको बीसहजारी ताल र यसको वरिपरिको वातावरणमा पर्ने असरलाई यकिन गर्न सक्ने अवस्था समेत हुंदैन। आयोजना संचालन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रभावको मूल्याङ्कन (EIA) गर्नुपर्ने गरी वातावरण संरक्षण ऐनले गरेको ब्यवस्था बमोजिम नहरको पानी तालमा राख्ने र बढी भएमा Outlet बाट लैजाने भनी गर्न लागिएको कार्यका सम्बन्धमा वातावरणमा पर्ने प्रभावको मूल्याङ्कन समेत भए गरेको नपाइनाले वीसहजारी तालको दक्षिण किनारामा खनिएको खाल्टो र त्यहाँ गर्न लागिएका अन्य योजनाहरू कार्यान्वयन गर्दा वातावरण संरक्षण ऐन, २०५३ को दफा ३,४ र ५ तथा सीमसार नीति २०५९ र रामसार महासन्धि १९७१ र जैविक विविधता महासन्धि १९९२ अनुकूल काम भएको छ भनी मान्न मिल्ने अवस्था भएन।

१९. अब दोश्रो प्रश्नका सम्बन्धमा विचार गर्दा कानूनले गर्नुपर्ने गरी तोकेको दायित्व पूरा गर्नु सबैको कर्तव्य हुन्छ। कुनै पनि संरक्षित क्षेत्रमा सरकारी निकायले वा सरकारको अनुमतिले कार्य योजना बनार्ई गर्न लागिएको कार्यलाई वातावरणीय प्रभावको हिसावले टुक्रे वा छुट्टाछुट्टै रुपमा हेरिनु उचित र वाञ्छनीय समेत हुँदैन। संरक्षित क्षेत्र भन्ने नामाकरणले नै यी क्षेत्र अन्य क्षेत्र भन्दा संवेदनशील हुन भनी मान्नुपर्ने हुन्छ। यस्ता संवेदनशील क्षेत्र राष्ट्रिय मात्र नभै अन्तर्राष्ट्रिय महत्वका समेत भएकोले यी क्षेत्रको संरक्षण गर्नु राष्ट्रको प्रमुख दायित्व हो। प्राकृतिक, सांस्कृतिक एवं पुरातात्विक विषयले महत्व राख्ने क्षेत्रको संरक्षण र सम्बर्धन गर्ने सम्बन्धमा यस अदालतले विषयवस्तुको गाम्भिर्यता हेरी गम्भिर अवस्था पर्न आएको देखिएकोमा (योगी नरहरिनाथ वि.सम्माननीय प्रधानमन्त्री समेत भएको उत्प्रेषण मुद्दा ने.का.प. २०५३ अंक १ पृष्ठ ३३ निर्णय नं. ६१२७, काशी दाहाल वि.मन्त्रिपरिषद् सचिवालय समेत भएको परमादेश मुद्दा नि.नं. ६२३१ नेका.प. २०५३ अंक ७ पृष्ठ ५८२, अधिवक्ता प्रकाशमणि शर्मा वि. मन्त्रिपरिषद् सचिवालयलाई समेत भएको उत्प्रेषण प्रतिषेध मुद्दा नि.नं. ६३९१ ने.का.प. २०५४ अंक ६ पृष्ठ ३१२, अधिवक्ता प्रकाशमणी शर्मा वि. मन्त्रिपरिषद् भएको उत्प्रेषण परमादेश मुद्दा नि.नं. ६७८९

ने.का.प. २०५६, अंक ९ पृष्ठ ७०० समेतका विभिन्न मुद्दामा) सरकारी निकायहरूलाई संरक्षण गर्नु गराउनु भनी निर्देशात्मक आदेश जारी गरी सकेको समेत देखिन्छ। विश्व सीमसार क्षेत्रमा सूचीकृत भएको बीसहजारी ताल र त्यसको वरिपरिको क्षेत्रको संरक्षण सम्बन्धी विषय राष्ट्रिय मात्र नभै अन्तर्राष्ट्रिय महत्वको समेत भएकोले वीसहजारी ताल र यसको वरिपरि कुनै योजना संचालन गर्नुपर्ने भएमा Comprehensive रुपको Master Plan तयार गरी वातावरण संरक्षण ऐन, २०५३ को दफा ९ र १०, सीमसार नीति २०५९, रामसार महासन्धि १९७१, जैविक विविधता महासन्धि १९९२ र संविधानको धारा २६(२) समेतलाई मध्यनजर राखी सीमसार क्षेत्र बीसहजारी तालको संरक्षण सम्बन्धमा आवश्यक व्यवस्था मिलाई कार्य गर्नु गराउनु भनी विपक्षीहरूको नाममा निर्देशनात्मक आदेश जारी हुने ठहर्छ। विपक्षीहरूको जानकारीको लागि आदेशको प्रतिलिपी महान्यायाधिवक्ताको कार्यालयलाई दिई मिसिल नियमानुसारबुझाई दिनु।

उक्त रायमा सहमत छु।

न्या. खिलराज रेग्मी

इति संवत् २०६३ साल भाद्र ११ गते रोज १ शुभम् .....

१७. विषयः - उत्प्रेषणयुक्त परमादेश।

भाग ५२	निर्णय नं. ८५२१	ने.का.प. २०६७	अङ्क १२
सर्वोच्च अदालत, संयुक्त इजालस			
माननीय न्यायाधीश श्री बलराम के.सी. माननीय न्यायाधीश श्री भरतराज उप्रेती			
संवत् २०६६ सालको रिट. नं.-०६६-WO-०५२१			
फैसला मितिः २०६७।४।२१।६			

निवेदकः जिल्ला वारा सपही गा.वि.स वार्ड नं.९ घर भै हाल जिल्ला काठमाडौं का.म.न.पा. वडा नं ३२ अनामनगर वस्ने अधिवक्ता नारायणप्रसाद देवकोटा

विरुद्ध

विपक्षीः सम्मानीय प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत

निवेदक तर्फबाटः विद्वान अधिवक्ताहरू स्वयं श्री नारायणप्रसाद देवकोटा, श्री गोविन्दप्रसाद शर्मा पौडेल, श्री हरि फुँयाल, श्री रामकृष्ण काफ्ले, श्री ध्रुवप्रसाद चौलागाई, श्री केदार दाहाल, श्री ज्योती बानिया, श्री धनन्जय खनाल, श्री जगन्नाथ महतो, श्री रामकुमार आचार्य

विपक्षी तर्फबाटः सहन्यायाधिवक्ता श्री किरण पौडेल

अवलम्बित नजीरः

सम्बद्ध कानूनः

नेपालको अन्तरिम संविधान २०६३ को धारा १२(१), १६(१), २६, ३२, ३५(५)
जलस्रोत ऐन, २०४९ को दफा ३, १७, १९ र २०
वन ऐन , २०४९ को दफा १७, १८,
खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ३
नेपाल पेट्रोलियम ऐन, २०४१ को दफा ३
भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा ४ र १०
वातावरण संरक्षण ऐन, २०५३

- योजनाकार एवं सरकारले योजना बनाउँदा आर्थिक विकास र औद्योगिक विकास तथा वातावरणको संरक्षणलाई *Balance* गर्न सक्नुपर्छ। आजको २१ औं शताब्दीको विश्व स्वच्छ वातावरणको आवश्यकता र महत्वको बारेमा *Conscious* हुनुपर्छ। वातावरण विनासको *Cost* को आर्थिक विकास स्वीकार्य हुन नसक्ने।

(प्रकरण नं.१३)

- *Public Trust Doctrine* अन्तर्गत नेपालको प्राकृतिक स्रोतमा नेपाल सरकार *Trustee* सम्म मात्र हुने र नेपालको प्राकृतिक स्रोतको कुनै कानूनी आधारवेगर छाडा रुपले केवल नाम मात्रको राजश्व बुझाएको भरमा मात्र वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी कार्य गर्न दिन नहुने।

(प्रकरण नं.४)

- वातावरण प्रदूषण वास्तवमा राज्यको खराब *Socio-Economic Policy* को कारण नै हुने हो। यदि यस पुनीत कार्यमा कार्यपालिकाले आफ्नो संबैधानिक कर्तव्य पालना गर्न ढिलाई गर्छ वा पछि पर्छ भने नागरिकहरूको मौलिक हकको *Guardian* अदालत चूप लागेर बस्न हुँदैन। वातावरण जोगाउने यस अदालतले पाएको *Constitutional Mandate* पूरा र पालना गर्नुपर्ने।

(प्रकरण नं.८)

- कसैले आफ्नो हक उपयोग र प्रयोग गर्दा स्वभावत निस्कने आवाजबाहेक आवाजमुक्त वातावरण र वासस्थानमा बस्दा वा बाल बच्चाको अध्ययन गर्दा आवाज मुक्त वातावरणमा बस्न रहन पाउने हक पनि धारा १६ बाट उत्पन्न हुन्छ। यदि कसैले आफ्नो पेशा व्यवसाय सञ्चालनको नाममा वा कसैले आफ्नो अधिकार प्रयोगको नाममा कुनै *Locality* मा प्रदूषण गर्दछ र अर्कालाई असर गर्दछ भने त्यस्तो कार्य *Nuisance* भई त्यस अवस्थामा धारा १६ को हक हनन हुन जान्छ। ढुंगा, रोडा, गिट्टी उद्योग सञ्चालन गर्दा *Nuisance* हुने गरी सञ्चालन हुन नसक्ने।

(प्रकरण नं.१५)

- प्राकृतिक स्रोतको उत्खनन र प्रयोग गर्दा आर्थिक लाभको दृष्टिले मात्र हेर्ने नभई त्यस्ता प्राकृतिक स्रोतलाई प्रयोग गर्दा वातावरणमा कत्ति पनि प्रतिकूल असर नपार्ने गरी, मात्र उत्खनन र प्रयोग गर्नुपर्ने।

(प्रकरण नं.१७)

- प्राकृतिक स्रोतलाई व्यापारिक प्रयोग गर्न दिँदा पहिलो र महत्वपूर्ण कुरा वरपरका बस्ती वनजंगल वातावरण नजीकका स्कूल अस्पताल लगायत अन्य संवेदनशील संस्था तथा जनतालाई असर नगरी मात्र गर्ने अनुमति दिनुपर्ने।

(प्रकरण नं.२१)

आदेश

न्या.बलराम के.सी.: नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) अन्तर्गत यस अदालतमा दायर हुन आएको प्रस्तुत रिटको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

म निवेदक विगत १८ वर्षदेखि कानून व्यवसाय गरिआएको नेपाली नागरिक हुँ। मैले गैर सरकारी संस्थामार्फत कानून र न्यायको क्षेत्रमा अनुसन्धानकर्ताको रुपमा कार्य गर्दै जनतालाई संविधानको बारेमा सुसूचित गर्ने कार्यक्रम सञ्चालन गर्दै आएको छु। यसै सन्दर्भमा नेपालको सार्वभौमिकता, अखण्डताको, सुरक्षाको साथै नेपालको वनजंगल, प्राकृतिक तथा खनिज स्रोत साधनको राष्ट्र हितमा समुचित प्रयोग वितरण गर्नुका साथै आवश्यक सुरक्षा गर्दै दिगो विकासका लागि स्वच्छ वातावरण कायम गर्नु पर्दछ भन्ने कुरामा दुई मत हुन सक्दैन। स्वच्छ वातावरणमा बाँच्न पाउनु हरेक नेपाली जनताको नैसर्गिक एवं प्राकृतिक हक हो। त्यसको लागि वनजंगल, जंगली जनावर, प्राकृतिक स्रोत (ढुंगा, गिट्टी, बालुवा) को सुरक्षा गर्नु आजको आवश्यकता हो। यी मानव सेवामा निरन्तर उपयोग हुने वस्तु हुन। तसर्थ यस्ता वस्तु राष्ट्र निर्माणमा सदुपयोग गरिनु पर्दछ। यसै सिलसिलामा नेपालको चुरे जंगल, चारकोशे झाडीबाट दिनरात ढुंगा, गिट्टी, बालुवा गैरकानूनी तवरबाट उत्खनन् गरी, गैरकानूनी तवरबाट खोलिएका क्रसर उद्योगहरूले उक्त चिज वस्तुहरू केही वर्षदेखि भारत निकासी गर्दै आएकोमा उक्त गैरकानूनी कार्य तत्काल रोक्ने दायित्व विपक्षीहरूको भएतापनि विपक्षीहरू मुकदर्शक र उदासीन भई सामान्य कानूनी दायित्व पनि पालना नगरेको र अब पनि यस्ता कार्यलाई समयमै नरोक्ने हो भने तराई मधेश तथा राष्ट्रलाई भविष्यमा ठूलो क्षति हुने प्रवल आशंका रहेकोले यो सार्वजनिक सरोकारको विषय लिई सम्मानित अदालतमा उपस्थित भएको छु।

सम्मानित अदालतबाट नेकाप २०५३, अङ्क १, पृष्ठ ३६, योगी नरहरीनाथ विरुद्ध सम्माननीय प्रधानमन्त्री समेत, नेकाप स्वर्ण शुभजन्मोत्सव विशेषाङ्क २०५२, पृष्ठ १६९, अधिवक्ता सूर्यप्रसाद ढुंगेल विरुद्ध गोदावरी मार्वल समेत , नेकाप २०५४, अङ्क ६, पृष्ठ ३३५, अधिवक्ता बालकृष्ण नेउपाने विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत, नेकाप २०५१, अङ्क ४, पृष्ठ २५५, गोपाल शिवाकोटी विरुद्ध अर्थ मन्त्रालय समेत, नेकाप २०४५, अङ्क १२, पृष्ठ ८१०, अधिवक्ता राधेश्याम विरुद्ध श्री ५ को सरकार समेत भएका मुद्दामा नजिर सिद्धान्त प्रतिपादन भै सकेको हुँदा प्रस्तुत मुद्दामा अग्राधिकार समेत प्राप्त गरी न्याय पाउने कुरामा पूर्ण आशावादी छु।

वन वातावरण, स्वच्छ हावा, जैविक विविधता, प्राकृतिक र खनिज स्रोत मानव जीवनका महत्वपूर्ण आधार भएकोले यी स्रोतलाई मावन जीवनबाट अलग राखेर हेर्न सकिदैन। तराइका रुपन्देही, कपिलवस्तु, नवलपरासी, बारा, पर्सा, रौतहट, सर्लाही, सिराहा, महोत्तरी, धनुषा, सप्तरी, मकवानपुर,

कैलाली, कञ्चनपुर, दाङ्गलगायत र तराई नजीकका करिव २५ जिल्लाहरूमा बनक्षेत्र भित्र, राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र र वनक्षेत्र नजीकमा रहेका वस्ती र खोलाहरूमा, चारकोशे झाडीको शीरमा र जंगल भित्रका खोलाहरूमा केही मुठीभर व्यापारीहरूले क्रसर उद्योगहरू स्थापना गरी डोजर, लोडर र टिपरहरू लगि ढुंगा, गिट्टी उत्खनन् संकलन गरी त्यसबाट ढुंगा क्रसर गरी वा नगरी ढुंगा, गिट्टी, बालुवा आदि विगत दशौं वर्षदेखि भारतमा लगी विक्री वितरण गरी आइरहेका छन्। समाचारमा आएअनुसार भारत सरकारले दिल्लीबाट गुहाटीसम्म जाने ठूलो १०,६५० कि.मी. सडक नेपालको सीमा नजीकै बाटै बनाउँदै गरेकोले तत्काल बजार भारत भएकोले यही मौका छोपी क्रसर उद्योगहरू स्थापना गरेका छन्। नेपालको वन, निकुञ्ज क्षेत्रभित्र र गाउँ वस्ती नजीकका खोलाहरूमा सञ्चालित यस्ता उद्योगहरू करिव २५० भन्दा बढी नै छन्। उल्लिखित ठाउँहरूमा क्रसर उद्योगहरू खोल्न चलाउन नपाउने कुरा वातावरण ऐन तथा नियमावली र खानी तथा खनिज पदार्थ ऐन, २०४२, जलस्रोत ऐन, २०४९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, वन ऐन, २०४९ ले स्पष्ट व्यवस्था गरेता पनि सरकारी उदासिनता, अकर्मण्यता, लाचारीपन र अनुगमनको अभाव सर्वथा देखिएको नै छ।

उल्लिखित गतिविधी र क्रियाकलापबाट वनजंगल विनास हुनुको साथै जंगली जनावर पनि लोप हुँदै गैरहेका छन्। यसले गर्दा वाढी पहिरो, सिंचाई, जंगल र स्वच्छ वातावरणको सुरक्षामा आजै देखि लाग्नुपर्ने मात्र होइनकि ढिला भै सकेको छ। संरक्षण हुन नसक्दा र नेपालको अधिकांश जमिन भिरालो भएकोले यस्ता क्रसर उद्योग र ढुंगा उत्खनन्का कारण धेरै स्थान तथा वातावरण र जंगली जनावरहरू जोखिममा परेका समाचारहरू पटक पटक आइरहेका छन्। खेतीयोग्य भूमी वगरमा परिणत भएका छन् र बोट विरुवा उम्रन छाडेको कुरा पनि समाचारमा आएका छन्। यदि यही रुपमा वनजंगलको विनास र ढुंगा गिट्टी, बालुवाको स्रोत उत्खनन् हुने र ती स्रोतहरू दिन प्रतिदिन भारत निकासी हुँदै जाने हो भने भोली अन्न भण्डारको रुपमा रहेको तराइको उर्वर भूमी बगरमा परिणत हुने र पिउने पानी र सिंचाईको हाहाकार हुने तथा तराई डुवानमा पर्ने र नदी कटान हुने निश्चित छ। यसमा पूर्व सावधानी अपनाउनु पर्ने सरकारबाट आजसम्म केही भए गरेको देखिएको छैन। जनस्तरबाट आवाज उठाउँदै आएपनि राष्ट्र गम्भीर नहुनु दुःखको कुरा हो।

त्यसै गरी भारतमा निकासी हुने ढुंगा, गिट्टीको ट्रकको लोडभार हेर्ने हो भनेपनि हाम्रो सडकको क्षमता भन्दा ३, ४ गुणा बढी लोड गरी लगेकोले सडक धसेको, फुटेको, कतिपय ठाउँमा भाषिएको नाङगो आँखाले हेर्न सकिन्छ। यसले गर्दा नेपालको राजमार्ग दिन प्रतिदिन जीर्ण बन्दै गइरहेको छ भने राजमार्गका पक्की पुल भत्केर जाने क्रम बढी रहेको छ। ढुंगा, गिट्टी, बालुवा बोकेका ठूला गाडीका जामले गर्दा सामान्य यातायात पनि अवरुद्ध हुँदै आएका छन भने धुलोले गर्दा स्वच्छ हावा लिन, पानी पीउन र श्वास फेर्न नसकिने अवस्था पनि अनुभव गरिएको कुरा हो।

उल्लिखित ढुंगा, गिट्टी, बालुवाको निकासी हुँदा राजश्वको नियमन गर्ने निकाय भनेको भन्सार कार्यालय हुन्। स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले स्थानीय निकाय विशेष गरी जि.वि.स.ले र जिल्ला वन कार्यालयहरूले यसको नियमन गर्ने गरेका छन्। त्यसबाट के कति राजश्व उठेको छ र दैनिक के कति क्युविक फिट, ढुंगा, गिट्टी, बालुवा विदेश निकासी हुन्छ भन्ने सम्बन्धमा विपक्षीहरूको लिखित जवाफबाट प्रष्ट हुने भएतापनि उक्त राजश्व मानव जीवनमा वातावरण पर्यावरण र दिगो विकासको दृष्टिले त्यसको मूल्याङ्कन र तुलना गरिनु हुँदैन।

तसर्थ वनक्षेत्रभित्र, राष्ट्रिय आरक्ष क्षेत्रभित्र, गाउँबस्ती नजीकमा, वातावरणीय दृष्टिकोणले अनुपयुक्त भएका ठाउँमा स्थापना भएका क्रसर उद्योगहरूको लगत लिई यकीन र पहिचान गरी ती उद्योगहरूलाई उल्लिखित ठाउँबाट तत्काल हटाउने व्यवस्था गर्न, हाल क्रसर उद्योगहरूले चुरे जंगलभित्र र चारकोशे जंगल भित्र, आरक्ष जंगल क्षेत्रभित्र त्यहाँका नदीनाला खोल्साहरूमा लोडर, डोजर, ट्र्याक्टर, लहरी ट्रक आदि लगि ढुंगा, गिट्टी, बालुवा उत्खनन् गर्दै आइरहेकोले सो कार्य तत्काल रोकिपाउन र वनजंगल, जंगली जनावरको, वातावरण र पर्यावरणको समेत प्रभावकारी सुरक्षा गर्न, ढुंगा, गिट्टी, बालुवाबाट केही मात्रामा स्थानीय निकायलाई आर्थिक प्रतिफल मिल्ने गरेको र सोबाट स्थानीय स्तरमा सामान्य विकासका कार्यहरू र सामाजिक टेवा पुगी रहेकोले उक्त राजश्व बराबरको रकम स्थानीय निकायका लागि नेपाल सरकारले आवश्यक व्यवस्था गर्न, क्रसर उद्योगहरूले नेपालबाट भारतमा निकासी गर्दै आइरहेका ढुंगा, गिट्टी, बालुवा निकासी नगर्नु, निकासी गर्न नदिनु भनि विपक्षीहरूका नाममा उत्प्रेषण, परमादेश लगायत जो चाहिने आज्ञाआदेश वा पूर्जी जारी गरिपाउँ। साथै प्रस्तुत मुद्दाको गम्भीरता हेरी अग्राधिकार दिई यस्तो कार्य तत्काल नरोके देशले अझै गम्भीर क्षति व्यहोर्नु पर्ने हुँदा निकासी गर्दै आइरहेका ढुंगा, गिट्टी, बालुवा निकासी नगर्नु, निकासी गर्न नदिनु, निकासीमा रोक लगाउनु भनी विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिपाउँ भन्ने समेत व्यहोराको रिट निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेशप्राप्त भएका मितिले बाटाका म्याद बाहेक १५ दिनभित्र सम्बन्धित कागजात साथ महान्यायाधीवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरूलाई सूचना पठाई जवाफ आए वा अवधि नाघेपछि पेश गर्नु साथै अन्तरिम आदेश जारी गर्ने नगर्ने सम्बन्धमा विपक्षीहरूलाई सूचना दिई मिति २०६६।९।२१ गते अन्तरिम आदेशसम्बन्धी छलफलको लागि पेश गर्नु भन्ने समेत यस अदालतको आदेश।

वातावरण संरक्षण ऐन, २०५३ वातावरण संरक्षण नियमावली २०५४ खानी तथा खनिज पर्दाथ ऐन, २०४२, जलस्रोत ऐन, २०४९, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा वन ऐन २०४९ बमोजिम वनक्षेत्रभित्र तथा निकुञ्ज क्षेत्रभित्र कानूनविपरीत क्रसर उद्योग सञ्चालन गर्न नमिल्ने भन्ने निवेदकको माग भएकोमा त्यस्ता क्षेत्रहरूमा त्यस्ता उद्योगहरू सञ्चालन भएका भए पहिचान गरी सञ्चालन नगर्नु नगराउनु र त्यस्ता उद्योगहरूबाट गिट्टी, ढुंगा, बालुवा निकासी समेत नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ भन्ने समेत यस अदालतको मिति २०६६।९।२१ को आदेश।

प्रथमत विपक्षीको निवेदन दावी क्रसर उद्योगहरूले निकासी गर्दै आएको ढुंगा, गिट्टी, बालुवा निकासी नगर्नु र गर्न नदिनु भन्ने छ। उक्त विषय प्रत्यक्ष रुपमा यस विभागको काम कर्तव्य र अधिकार अन्तर्गतको होइन। जहाँसम्म खानी तथा खनिज पर्दाथ ऐन, २०४२ र तत्सम्बन्धी नियमावली, २०५६ अन्तर्गत यस विभागको कार्यक्षेत्रसम्बन्धी प्रश्न छ, सो सम्बन्धमा ऐ.ऐन तथा नियमावलीबमोजिम खनिज कार्य गर्न चाहने व्यक्तिले यस विभागको अनुमति लिनुपर्ने र त्यसरी अनुमतिप्राप्त गरेको व्यक्तिले खनिज कार्य गर्दा वातावरणमा प्रतिकूल असर पार्न नहुने लगायतका विभिन्न प्रक्रिया तथा शर्तहरूको पालना गर्नुपर्ने हुन्छ। त्यस्ता शर्त पालना नगर्ने अनुमति प्राप्त व्यक्तिको अनुमतिपत्र रद्ध गरी अन्य कारवाही गर्न सकिने व्यवस्था ऐन नियममा छ। उल्लिखित ऐन तथा नियमावलीमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा यस विभाग सक्रिय रहेको छ। निवेदकले यस विभागको भूमिका र सक्रियतामा प्रश्न उठाउन नसकी गोश्वारा भाषा प्रयोग गरेको हुँदा स्पष्ट र बोधगम्य निवेदन दावीको अभावमा रिट निवेदन दावी कानून सम्मत छैन भन्ने समेत खानी तथा भूगर्भ विभागको लिखित जवाफ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २१५ बमोजिम जि.वि.स.ले लगाउन पाउने करहरू मध्ये ढुंगा र वालुवा पनि परेको छ। ऐ.ऐनको दफा २१७ को देहाय खण्ड (ग) बमोजिम सिफारिश लिन सक्ने अवस्था छ। ऐ.नियम २०७ बमोजिम जि.वि.स.ले लगाउन सक्ने करको दरको व्यवस्था गरेको छ। नियमावलीको अनुसूची २३ र २५ अनुसार गिट्टी र बालुवा विदेश निकासीका लागि प्रतिट्रिप रु १०००।- सम्बन्धित जि.वि.स.ले लिने गरेको छ। नियमावलीको अनुसूची २३ को सि.नं २ बमोजिम नेपालभित्र निकासी हुने ढुंगा, गिट्टी, बालुवामा पनि कर लाग्ने गरेको छ। यो जि.वि.स.को मुख्य आयस्रोतमध्येको एक महत्वपूर्ण आयस्रोत हो। मन्त्रालयले माग गरेको विवरण अध्ययन गर्दा कपिलवस्तु, मोरङ्ग, बारा लगायतले आ.ब २०६६।०६७ मंसिर मसान्तसम्म करोडौं राजश्व उठाएको देखिन्छ।

विदेश निकासीका लागि सिफारिश दिने काम सम्बन्धित जिल्ला विकास समितिले बोलपत्र आब्हान गरी सम्झौताका माध्यमबाट गर्ने गराउने भएकोले चालु आ.ब.को लागि निकासी बन्द गर्दा ठेकेदारले क्षतिपूर्ति माग गर्ने र यसले राज्यलाई ठूलो व्ययभार पर्न जाने अवस्था सिर्जना हुन सक्ने भएकोले तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १७७ बमोजिम जि.वि.स.स्वशासित संगठित संस्था भएको सन्दर्भमा सम्बन्धित जिल्ला विकास समिति समेतलाई विपक्षी नबनाई दायर भएको रिट निवेदन खारेज भागी हुँदा अन्तरिम आदेशसहित रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत स्थानीय विकास मन्त्रालयको लिखित जवाफ।

औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १०(४) अनुसार घरेलु तथा साना उद्योगको दर्ता साना उद्योग विभाग र सो अन्तर्गतको जिल्ला स्तरीय कार्यालय वा विभागले तोकेको कार्यालयमा गराउन पर्ने कानूनी व्यवस्था भएबमोजिम क्रसर उद्योगहरू समेत जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय वा घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयमा दर्ता हुने गरेका छन्। त्यसैगरी मझौला र ठूला उद्योगको दर्ता उद्योग विभाग वा सो विभागले तोकेको कुनै कार्यालयमा गराउनु पर्ने व्यवस्थाअनुरूप क्रसर उद्योगहरू समेत उद्योग विभागमा दर्ता हुने गरेका छन्। यस्ता उद्योगहरूले कच्चा पदार्थको व्यवस्था आफ्नै तवरले गर्ने र उत्पादन तथा निकासी सम्बन्धित निकायबाट इजाजत अनुमति समेत लिई गर्नुपर्ने हुन्छ। क्रसर उद्योगहरूले विदेश निर्यातका लागि यस मन्त्रालय अन्तर्गतका विभाग, कार्यालयबाट अनुमति, स्वीकृति दिइएको अवस्था छैन। ढुंगा, गिट्टी, बालुवा विना निर्माण कार्य प्राय असम्भव नै हुने हुँदा औद्योगिक व्यवसाय ऐन, २०४९, वातावरण संरक्षण ऐन, २०५३, ऐ. नियमावली २०५४ को परिधिभित्र रही आन्तरिक आवश्यकताको पूर्तिको लागि क्रसर उद्योग सञ्चालन हुन दिनु आवश्यक र व्यवहारिक हुन्छ। विदेश निर्यातको हकमा प्राकृतिक स्रोतको विद्यमानता र राष्ट्रिय आवश्यकता समेतलाई ध्यानमा राखी गर्नुपर्ने हुन्छ। कानूनविपरीत उद्योग सञ्चालन हुन नदिन अनुगमनलाई अझै प्रभावकारी बनाई नियमन गर्न यस मन्त्रालय अन्तर्गतका विभाग र कार्यालयहरू कार्यरत् रहेको हुँदा रिट जारी हुनपर्ने होइन। रिट खारेज गरिपाउँ भन्ने समते उद्योग मन्त्रालयको लिखित जवाफ।

वन ऐन, २०४९ को दफा २(ग) (३) मा माटो, ढुंगा, गिट्टी, बालुवालाई वन पैदावरको रुपमा परिभाषित गरेको छ। वन नियमावली, २०५१ को नियम १४ मा काठ, दाउरा, खयर, जडीबुटी बाहेक अन्य वन पैदावर प्रयोग गर्न चाहनेले अधिकारप्राप्त अधिकारीसमक्ष निवेदन दिनुपर्ने र ऐ. नियमावलीको अनुसूची ६ बमोजिम दस्तूर लिई बोलकबोल प्रथाद्वारा विक्रि वितरण गर्न दिन सक्ने व्यवस्था गरेको छ। यसरी जिल्ला वन अधिकृतले प्रचलित वातावरण संरक्षण ऐन, २०५३ तथा ऐ. नियमावली २०५४ अनुसार प्रारम्भिक वातावरणीय प्रभाव अध्ययन (IEE) गराई क्षति न्यूनिकरणका उपायहरू पहिचान

गरी तिनीहरूको कार्यान्वयन गर्ने शर्तमा मात्र वन क्षेत्रका खोला नालाहरूमा पाइने ढुंगा, गिट्टी, बालुवा संकलनका लागि इजाजत दिने गरिएको हो। मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को नियम २०(१)(२) मा घरेलु उद्योग बाहेकका अन्य उद्योगहरू र वन पैदावरमा आधारित घरेलु उद्योगहरू दर्ता गर्न वा इजाजत प्रदान गर्नु भन्दापूर्व विभागको सहमति प्राप्त गरेर मात्र त्यस्तो उद्योग दर्ता गर्न वा सञ्चालन गर्न इजाजत प्रदान गर्नुपर्ने व्यवस्था भएकोमा इजाजत दिई सकेपछि मात्र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको सहमतिका लागि लेखि पठाउने परिपाटी रहेको र स्थानीय निकायहरू जस्तै जिल्ला विकास समितिहरूले निकाल्न सकिने परिमाण र क्षेत्र निश्चित नगरी आफ्नो जिल्ला भित्रको क्षेत्रमा ढुंगा, गिट्टी, बालुवा संकलनसम्बन्धी ठेक्का लगाउने परिपाटी गरिएको कारणबाट अनियन्त्रित रुपमा ढुंगा, गिट्टी, बालुवा आदि झिक्ने गरिएको देखिन्छ। क्रसर उद्योग दर्ता र स्थापनाको कुरा यस मन्त्रालयअन्तर्गत निकायबाट नहुने व्यहोरा अनुरोध छ। वनजंगलको विविध महत्वप्रति सचेत रहेकै कारणबाट यस मन्त्रालयले नेपालको कूल भू-भागको ४० प्रतिशत वनक्षेत्र कायम गर्न विभिन्न नीतिगत र कानूनी व्यवस्था गरी तिनीहरूको कार्यान्वयन गर्न लागि परेको छ। आ.ब २०६६।०६७ देखि मेची महाकाली चुरिया संरक्षण कार्यक्रम सञ्चालन गर्ने तयारीमा वन तथा भू-संरक्षण मन्त्रालय रहेको व्यहोरा समेत अनुरोध छ भन्ने समेत वन तथा भू-संरक्षण मन्त्रालय समेतको लिखत जवाफ।

वन तथा भू-संरक्षण मन्त्रालयको लिखित जवाफसँग करिव एकै मिलान व्यहोराको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र वन विभागको लिखित जवाफ।

कुनै उद्योग वा कारखाना खोल्नु अघि वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली २०५४ बमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने सम्बन्धमा माग भई आएका बखत प्रचलित कानूनबमोजिम उल्लिखित कार्य भैरहेकै अवस्था विद्यमान छ। प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धित निकायबाटै हुने भएकोले सो कुरा यस मन्त्रालयको दायरामा नपरी विस्तृत वातावरणीय प्रभाव मूल्याङ्कनका लागि मात्र यस मन्त्रालयमा प्रेषित हुने विषयलाई मन्त्रालयबाट नियमन गरिरहेकै अवस्थामा झूठा दावी खारेज गरिपाउँ भन्ने समेत वातावरण मन्त्रालयको लिखित जवाफ।

क्रसर उद्योगहरूबाट उत्पादित गिट्टी, बालुवा, निकासी निषेध गर्ने भनी व्यवस्थापिका संसद प्राकृतिक स्रोत र साधन समितिले दिएको निर्देशन बमोजिम निकासीमा रोक लगाइएको छ। सो कार्यान्वयनका लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिई सकिएको र त्यस्तो निकासी लगायतका कार्य रोकिएकोले विना आधार र कारण यस मन्त्रालयलाई विपक्षी बनाई दिएको रिट खारेज गरिपाउँ भन्ने समेत गृह मन्त्रालयको लिखित जवाफ।

तराइको चुरे पहाड लगायत चारकोसे झाडी क्षेत्रबाट क्रसर उद्योगहरूले ढुंगा, गिट्टी, बालुवा उत्खनन गरी बेचविखन गरेको सम्बन्धमा यस मन्त्रालयको के कुन काम कारवाहीबाट त्यस्तो भएको हो सो कुराको जिकीर रिट निवेदनमा कहि कतै उल्लेख नगरी यस मन्त्रालयलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत अर्थ मन्त्रालयको लिखित जवाफ।

ढुंगा, गिट्टी र बालुवाको अत्यधिक उत्खनन् र निर्यातका कारण पर्यावरणमा गम्भीर असर पर्न सक्ने संभावनाप्रति मन्त्रिपरिषद्को ध्यानाकर्षण भई ढुंगा, गिट्टी, बालुवाको निकासी आगामी माघ २० गतेसम्मलाई रोक्ने र सो अवधिमा नेपाल सरकारका विभिन्न निकायहरूले गरेका सम्झौताहरूको शर्त, कानूनी र पर्यावरणीय पक्षको समग्र अध्ययन तथा विश्लेषण गरी यस विषयमा लिनुपर्ने प्रतिवन्धात्मक र निरोधात्मक उपायहरूको स्पष्ट सिफारिश २०६६ माघ १५ गतेभित्र मन्त्रिपरिषद्समक्ष पेश गर्न विभिन्न माननीय मन्त्रीहरूको समिति गठन गर्ने निर्णय भएको छ।

मुलुकमा उपलब्ध प्राकृतिक साधन र स्रोतको उपयोग र परिचालन गर्दा राष्ट्रको बृहत्तर हितलाई ध्यान दिई गर्नुपर्ने हुन्छ। त्यसै उद्देश्यले वन ऐन, २०४९, वातावरण संरक्षण ऐन, २०५३ र ऐ.नियमावली २०५४ लागू भएका छन्। सोबमोजिम कुनै उद्योग स्थापना एवं सञ्चालन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण एवं वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने प्रावधानविपरीत उद्योग सञ्चालन हुनसक्ने अवस्था छैन। क्रसर उद्योगहरूको स्थापना अनुमतिको कार्य उद्योग मन्त्रालय मार्फत र सो उद्योगहरूको कर प्रशासनको कार्य सम्बन्धित जिल्ला विकास समितिको कार्यालयबाट सम्पादन एवं व्यवस्थित भइरहेको छ। नेपालको कानूनको पालना नगरी स्थापना र सञ्चालन भएका क्रसर उद्योगहरूलाई प्रचलित नेपाल कानूनबमोजिम सजाय हुने नै हुँदा निवेदकको मागबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था नभएकोले रिट निवेदन तथा मिति २०६६।९।२१ को अन्तरिम आदेश समेत खारेज गरिपाउँ भन्ने समेत मन्त्रिपरिषद्को कार्यालय तथा सम्मानीय प्रधानमन्त्रीको संयुक्त लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी आज यस इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा प्राप्त मिसिल संलग्न कागज प्रमाणहरूको अध्ययन गरियो। निवेदक अधिवक्ता नारायणप्रसाद देवकोटाको तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू स्वयं श्री नारायणप्रसाद देवकोटा, श्री गोविन्दप्रसाद शर्मा पौडेल, श्री हरि फुँयाल, श्री रामकृष्ण काफ्ले, श्री ध्रुवप्रसाद चौलागाई, श्री केदार दाहाल, श्री ज्योती बानिया, श्री धनन्जय खनाल, श्री जगन्नाथ महतो, श्री रामकुमार आचार्य समेतले प्रस्तुत विवाद सार्वजनिक सरोकारको विवाद हो। नेपालको तल्लो तटीय क्षेत्र वा अन्न भण्डार तराई र चुरे जंगलले नेपालको ३३ जिल्ला छोएको छ। यस क्षेत्रमा नेपालको १७ प्रतिशत जनता बस्दछन्। नेपालको कूल जंगलको ६६ प्रतिशत जंगल चुरे पहाडले ढाकेको छ भने चारकोसे झाडी जंगलले १९ प्रतिशत

भाग ओगटेको छ। यस सन्दर्भमा तराइको भू भाग, चुरेक्षेत्र र वनजंगलको महत्वको बारेमा कसैको दुईमत नहुने हुँदा त्यसमा बढी विवेचना गर्नु परेन। यस्तो तराई, चुरे र वनजंगल क्षेत्र तथा खोला र नदीनालाहरूबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन गरी ती क्षेत्रहरूमा अनियन्त्रित क्रसर उद्योगहरू स्थापना गरी लोडर, डोजर र स्क्याभेटर प्रयोग गरी उत्खनन् गरी ठूलो परिमाणमा विदेश खासगरी भारत निकासी गरिरहेको तथ्य सार्वजनिक समाचार र पत्रपत्रिकाहरूमा प्रकाशित भएको तथ्यबाट निर्विवाद छ। यसबाट तराइको उर्वरभूमि मरुभूमिकरण भैरहेको, वनजंगल विनास भै रहेको, पानीका मुहानहरू सुकेको, बाढी र भूक्षय जस्ता प्राकृतिक विपत्ति परेको तथा धुलोका कारण वातावरणीय सन्तुलन ह्रास भैरहेको र त्यसबाट आमनागरिक खास गरी त्यसै क्षेत्रका बासिन्दाको स्वच्छ वातावरणमा बाँच्न पाउने हक हनन् भएको छ।

यसैकारण यस सम्बन्धमा नागरिक स्तरबाट र संविधानसभाको बैठकमा सभासदहरूले समेत ढुंगा, रोडा, छर्रा (गिट्टी) र बालुवा जस्ता प्राकृतिक स्रोत साधनको उत्खनन्, जथाभावी प्रयोग तथा विदेशी निकासी रोकिनु पर्ने भनि चर्को दवाव दिदै आएका छन्। यस्ता स्रोत साधन विदेश निकासीमा प्रतिबन्ध लगाउनु पर्छ भनी प्र.म.को कार्यालयका सहसचिव लिलामणि पौडेलले प्रधानमन्त्रीलाई बुझाएको प्रतिवेदन तथा प्राकृतिक स्रोत साधन उपसमितिले संविधानसभामा पेश गरेको प्रतिवेदनबाट पनि यो कार्यले तराईलाई क्षति पुर्याएको स्पष्ट छ।

यस्ता क्रसर उद्योगहरूले उत्पादन गर्ने सामाग्री बोक्ने सम्बन्धमा भौतिक योजना तथा निर्माण मन्त्रालयका अनुसार हाम्रो राजमार्ग १०.२ टनप्रति Axle मात्र बोक्न सक्ने क्षमता रहेको छ। तर यस्ता क्रसर उद्योगहरूले ४० टनभन्दा पनि बढी लोडगरी गाडीमा ढाला समेत थपी Over Load बोकेको कारणहरूले गर्दा उल्लिखित सडकहरू पूर्ण रुपमा क्षति भइरहेकोले मर्मत गर्नको लागि मात्र ११ अर्व ४० करोड लाग्ने र खाल्डा खुल्डी सामान्य मर्मत गर्न मात्र रु ४ अर्व प्रतिवर्ष लाग्ने कुरा प्राकृतिक स्रोत साधन समितिले संविधानसभामा पेश गरेको प्रतिवेदनबाट देखिन्छ। उक्त खर्चको अनुपातमा यस्ता क्रसर उद्योग र यस्ता स्रोत साधनको निकासीबाट आम्दानी हुने राजश्व जम्मा ९७,५२,०३, ५११ भई निकै न्यून छ। अतः यसरी अनियन्त्रित रुपमा सञ्चालित क्रसर उद्योगको सञ्चालन, ढुंगा, गिट्टी, बालुवाको निकासी रोकी वातावरण, सडक, पुलपुलेसा, खोलानाला, वनजंगल, पानीको मुहान, सिंचाइको संरक्षण गर्न तथा बाढी पहिरो नियन्त्रण, प्रदूषण नियन्त्रण र नदीकटान तथा मरुभूमिकरणको नियन्त्रण गर्न विपक्षीहरूको नाममा उपयुक्त आज्ञा आदेश जारी गरिनु पर्छ भन्ने समेत बहस गर्नुभयो।

विपक्षी नेपाल सरकार समेतको तर्फबाट उपस्थित सहन्यायाधिवक्ता श्री किरण पौडेलले विपक्षी रिट निवेदकले रिट निवेदनमा जिकीर लिएको कुरामा सरकार सचेत छ। त्यसैको परिणामस्वरुप वातावरण

तथा प्राकृतिक स्रोध साधनको संरक्षण र दिगो विकासको लागि वन ऐन, वन नियमावली, वातावरण संरक्षण ऐन तथा नियमावली तर्जुमा गरी त्यसको कार्यान्वयन भइरहेको छ। त्यसैगरी यस्ता विषयको प्रभाव र असरको बारेमा अध्ययन गर्न सरकारले विभिन्न समितिहरू गठन गरी अध्ययन गरिरहेको कुरा निवेदकले रिट निवेदनमा समेत स्वीकार गरेको छ। उद्योगहरूको सञ्चालन गर्नुपूर्व वातावरणीय प्रभावको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था कानूनी रुपमै व्यवस्थित गरिएको छ। प्रचलित कानूनको उल्लंघन गर्नेलाई सजाय हुने व्यवस्था पनि विद्यमान ऐनमा छ। त्यस्ता उद्योगको अनुगमन गर्ने सम्बन्धित विभाग र कार्यालयहरू कार्यरत् र क्रियाशील छन्।

जिल्लाभित्रको ढुंगा, रोडा, बालुवा स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावलीबमोजिम स्थानीय निकाय जि.वि.स. को प्रमुख आयस्रोत हो। यसबाट कर संकलन गरी राजश्व उठाइएको छ भने जि.वि.स.हरूले यसैको आम्दानीबाट विकास निर्माणका क्रियाकलाप र योजनाहरू सञ्चालन गरी स्थानीय जनताको जीवनस्तरमा टेवा पुर्याएको तथ्यमा विवाद छैन। त्यसमा पनि सरकार यस्ता प्राकृतिक स्रोत साधनको दिर्घकालीन उपयोगको लागि नीति निर्माण गर्न लागिरहेको छ। प्रस्तुत रिटको विषय सरकारको नीतिगत निर्णयको विषय हो। त्यसमा पनि निवेदकले यो यस्तो निकायको कार्यबाट यो यस्तो क्षति भएको भनी स्पष्ट जिकीर लिन सकेको छैन।

तसर्थ, प्रस्तुत विषयमा सरकारले आफै महसुस गरी नीति निर्माण गरिरहेको तथा सर्तकता अपनाई रहेको हुँदा सरकारको नीतिगत विषयमा तत्काल रिट निवेदन मागबमोजिम आदेश जारी हुन पर्ने होइन। अतः रिट निवेदन खारेज गरिपाउँ भन्ने समेत बहस गर्नुभयो।

आज निर्णय सुनाउन तोकिएको प्रस्तुत मुद्दामा उल्लिखित आदेशअनुसार दुवै पक्षबाट पेश भएका बहसनोटहरू समेत हेरी अध्ययन गर्दा यसमा निवेदकको रिट निवेदन मागअनुसार आदेश जारी गर्नुपर्ने हो होइन ? र आदेश जारी गर्नुपर्ने भएमा के कस्तो आदेश जारी गर्नुपर्ने हो ? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

अब निर्णयतर्फ विचार गर्दा यसमा ढुङ्गा, गिट्टि, वालुवाहरू प्राकृतिक स्रोत हुन्। प्राकृतिक स्रोत ढुंगा, बालुवामा मात्र सीमित नरही प्राकृतिक स्रोत भन्नाले जमीन, जमीन मुनी पाइने खनीज पदार्थ, खोला ताल, वनजंगल, हावा, सौर्यशक्ति आदिलाई जनाउँछ। प्राकृतिक स्रोत प्रकृतिले दिएको वस्तु हो। प्राकृतिक स्रोतको स्वामित्व राज्यमा रहन्छ। स्वामित्व राज्यमा रहने भए पनि प्राकृतिक स्रोतको राज्य Trustee सम्म मात्र हो। प्राकृतिक स्रोतको उपयोग गर्दा वातावरणलाई प्रतिकूल प्रभाव नपर्ने हदसम्म मात्र गर्न सकिन्छ। प्राकृतिक स्रोत Public Trust Doctrine बाट Guided हुन्छ।

प्राकृतिक स्रोत मानव जाति र मानव जीवनको विकास र Survival को लागि अपरिहार्य वस्तु हो। तसर्थ यस्तो वस्तुमा निजी स्वामित्व हुन सक्दैन भन्ने आधारमा Public Trust Doctrine को विकास भएको हो। Public Trust Doctrine को विकासक्रम हेर्दा यो Doctrine Roman साम्राज्यबाट पहिलो पटक विकास भएको देखिन्छ। यो Doctrine को विकास हुनमा केही प्रकृतिले दिएका वस्तुहरू जस्तैः नदी, नाला, समुन्द्र, वनजंगल आदि आम नागरिकको प्रयोगको लागि हो र सरकारले यसको संरक्षण गरी Trustee को रुपमा रहन पर्छ भन्ने मान्यता विकास भएको हो। Roman साम्राज्यमा त्यतिबेलाको त्यहाँको कानूनअनुसार प्राकृतिक स्रोतमा कसैको पनि हक हुँदैन। सबैको हक हुनपर्छ भन्ने मान्यता थियो।

Roman साम्राज्यले त्यतिबेला विकास गरेको Public trust Doctrine अनुसार मानव जाति र मानव सभ्यताको लागि नभई नहुने वनजंगल आदिमा व्यक्तिको स्वामित्व हुनै सक्दैन। उल्लिखित प्राकृतिक स्रोतको अभावमा मानव जीवन र मानव सभ्यताको विकास र उन्नति सम्भव नभएकोले त्यस्तो प्राकृतिक स्रोतहरू जतनपूर्वक प्रयोग गरी मानव समाजलाई निःशुल्क उपलब्ध गराउन ती स्रोतहरूको Trustee को हैसियतले राज्यमा स्वामित्व रहन पर्ने कानूनी सिद्धान्त विकास भएको देखिन्छ। यदि ती स्रोतहरू व्यक्ति विशेषको स्वामित्वमा रहने हो भने ती स्रोतहरू सार्वजनिक हितको लागि उपलब्ध नभई सार्वजनिक विकास र सार्वजनिक हीतपछि पर्छ तर सरकार Trustee ले यस्ता स्रोतहरूको जिम्मा लिई संरक्षण गरी दिने हो भने सार्वजनिक प्रयोगमा आउँछ। Trustee भनेको अरुको सम्पत्ति नासोको रुपमा जतनपूर्वक राखी मागेको बेलामा फिर्ता दिने शर्तमा जिम्मा लिने व्यक्ति हो। त्यसैले सरकार वा राज्य प्राकृतिक स्रोतको Trustee भएको कारणले गर्दा प्राकृतिक स्रोतको संरक्षण गर्न कानूनी रुपले कटिबद्ध छ। यही Public Trust Doctrine अनुसार नै राज्यले कसैलाई प्राकृतिक स्रोतको प्रयोग गर्ने अनुमति सार्वजनिक हितको लागि मात्र दिनसक्छ। निजी हितको लागि दिन सक्दैन भन्ने हिसाबले प्राकृतिक स्रोतमा Public Trust Doctrine विकास भएको देखिन्छ। यी प्राकृतीक स्रोतहरू प्रकृतिले निःशुल्क प्रदान गरेको वरदान हुँदा मानव जाति सबैले ती प्राकृतिक स्रोत निःशुल्क उपभोग गर्न पाउन पर्छ। Public Trust Doctrine अनुसार प्राकृतिक स्रोतहरू सबै मानव जातिले उपभोग र प्रयोग गर्न पाउनको लागि सरकारले विनास हुनबाट जोगाउन प्राकृतिक स्रोतको संरक्षण र सम्बर्द्धन गर्नुपर्ने राज्यको बाध्यात्मक दायित्व हो। राज्यको यो दायित्व र प्राकृतिक स्रोतको स्वामित्वसँग अभिन्न रुपमा जोडिएर आएको छ।

Professor Sax का अनुसार प्राकृतिक स्रोतमा Public Trust Doctrine ले सरकारको अधिकारलाई देहायको तिन कुरामा सीमित गर्दछः

- First, the property Subject to the trust must not only be used for a public purpose but it must be held availaible for use by the general public.
- Secondly, the property may not be sold, even for a fair cash equivalent, and
- Thirdly, property must be maintained for particular types of uses.

Public trust doctrine लाई नेपालको अन्तरिम संविधान, २०६३ ले पनि Incorporate गरेको देखिन्छ। धारा ३३(ण) र धारा ३५(४) को व्यवस्था र प्राकृतिक स्रोतका सम्बन्धमा भएका अन्य कानूनहरू Public Trust Doctrine बाट Guided व्यवस्था हो।

धारा ३३(ण) मा मुलुकमा विद्यमान जलस्रोत लगायत प्राकृतिक स्रोत साधन राष्ट्रहितमा प्रयोग गर्ने भन्ने व्यवस्था भएको छ भने धारा ३५(४) मा राष्ट्रिय हीत अनुकूल उपयोगी एवं लाभदायक रुपमा देशको प्राकृतिक स्रोत तथा सम्पदाको परिचालन गर्दा स्थानीय समुदायलाई प्राथमिकता दिइने नीति राज्यले अवलम्बन गर्ने व्यवस्था भएको देखिन्छ।

संविधानको उपरोक्त दुई धाराहरू र प्राकृतिक स्रोतसम्बन्धी अन्य नेपाल कानूनहरू जलस्रोत ऐन, २०४९ को दफा ३, वन ऐन, २०४९ को दफा १७, १८, खानी तथा खनिज पदार्थ ऐन, २०४२ को दफा ३ र नेपाल पेट्रोलियम ऐन, २०४१ को दफा ३ को व्यवस्थाहरू जसले तत्तत् ऐन अन्तर्गतका प्राकृतिक स्रोतहरूमा व्यक्तिको स्वामित्वमा प्रदान नगरी राज्यको स्वामित्तता प्रदान गर्छ। ती व्यवस्था नेपालका प्राकृतिक स्रोतहरूका सम्बन्धमा Public Trust Doctrine बाट Guided हुने व्यवस्थाहरू हुन्। ति तत्तत् ऐनहरूले तत्तत् प्राकृतिक स्रोतहरू नेपाल सरकारको स्वामित्वमा रहने छन् भनी ती दफाहरूले राज्यको स्वामित्व Assert गरेको देखिन्छ। उपरोक्त ऐनहरूको उल्लिखित दफा र प्रस्तावनाको व्यवस्थाबाट नेपालको जलस्रोत अर्थात् नदीनाला, वनसम्पदा, जमिन मुनिका खनिज पदार्थहरूको स्वामित्व नेपाल सरकारको हुने भनेकोले ति खनिज पदार्थहरूको प्रयोग नेपाली जनताको सार्वजनिक हितमा मात्र प्रयोग हुन सक्ने भन्ने उल्लेख भएको हुँदा नेपाल राज्यभर रहेका प्राकृतिक स्रोतहरूमा कुनै व्यक्ति विशेषको स्वामित्व हुन नसक्ने र तिनीहरूको प्रयोग एवं उपयोग पनि व्यक्ति विशेषको हितमा प्रयोग हुने नभई आम नागरिकको सार्वजनिक हितको लागि मात्र प्रयोग हुन सक्ने व्यवस्थालाई स्थापित गर्दछ।

त्यसैले राज्य सबै प्रकारको प्राकृतिक स्रोतको Trustee भएको कारण प्राकृतिक स्रोतको संरक्षण गर्नु राज्यको सवैंधानिक कर्तव्य हो।

हाम्रो संवैधानिक व्यवस्था हेर्दा नेपालको अन्तरिम संविधान २०६३ को धारा २६ मा प्रत्येक व्यक्तिलाई

वातावरण तथा स्वास्थ्यसम्बन्धी हक मौलिक हकको रुपमा धारा १०७ (२) अन्तर्गत Enforceable हकको रुपमा प्राप्त छ। सो धाराले केही विशेष व्यवस्था गरेको छ। सो धाराद्वारा प्रदत्त हक केवल नेपाली नागरिकलाई मात्र होइन। नेपाल राज्यमा वस्ने नागरिक अनागरिक जो सुकैलाई पनि सो मौलिक हकप्राप्त छ। सो धाराले Right to pollution Free environment को हक प्रदान गरेको छ। यो धारा अर्थात धारा २६, धारा १२(१) को right to Life अर्थात बाँच्न पाउने स्वतन्त्रतासँग सम्बन्धित छ। मानिसलाई अन्य स्वतन्त्रतालाई Minus गरेर वाँच्न पाउने मात्र स्वतन्त्रता दिने हो भने त्यो वचाई जनाबरी बँचाई र वसाई अर्थात Animal Living हुनजान्छ। त्यसैले धारा १२(१) मा सम्मानपूर्वक (With Dignity) वाँच्न पाउने भनिएको छ। सबै प्रकारको मावन अधिकार एवं मौलिक हक अनियन्त्रित तवरबाट उपभोग गर्दै स्वस्थ, स्वच्छ र सफा वातावरणमा आफ्नो जीउ आवास सम्पत्ति लिखत पत्राचार चरित्र गोपनीय राखी स्वच्छताको वातावरणमा बाँच्ने हक नै सम्मानपूर्वक बाँच्ने हक हो।

वातावरणीय स्वच्छता देशको नीति हुने कुराको संवैधानिक व्यवस्था भएको छ। धारा ३५(५) मा राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्नुपर्ने र भौतिक विकास सम्बन्धी क्रियाकलापद्वारा वातावरणमा प्रतिकूल असर पर्न नदिन एवं वातावरण तथा दुर्लभ वन्यजन्तु को विशेष संरक्षण गर्न राज्यले प्राथमिकता दिने तथा वन र वनस्पती तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र त्यसबाट प्राप्त लाभमा समन्यायिक वाँडफाँडको व्यवस्था राज्यको नीति हुने संवैधानिक व्यवस्था छ।

धारा ३५(५) को राज्यले वातावरण स्वच्छ राख्न आवश्यक व्यवस्था गर्ने दायित्व, धारा ३२ अन्तर्गत सोझै Enforce हुँदैन। स्वन्तत्रताको हक र धारा १६(१) को वातावरण तथा स्वास्थ्यसम्बन्धी हकलाई हेर्दा देशमा आर्थिक विकास कार्यक्रम सञ्चालन गर्दा पनि वातावरणलाई प्रतिकूल असर पर्ने गरी गर्न नपाइने र राज्यले वातावरण संरक्षणको विशेष व्यवस्था गर्न पर्दछ।

१०. धारा ३३(ण) को व्यवस्था नेपाल राज्यको प्राकृतिक स्रोत को Trustee नेपाल सरकार र त्यसको Beneficiary नेपाली जनता हुन् र धारा ३५(५) को व्यवस्था राज्यको Commitment हो। उपधारा ५ अनुसार राज्यले देहायबमोजिमको कार्य गर्नुपर्ने हुन्छः

क) वातावरण स्वच्छ राख्ने व्यवस्था गर्ने,

ख) वातावरण स्वच्छताको लागि चेतना जगाउने र बढाउने,

ग) आर्थिक विकास गर्दा बातावरणमा प्रतिकूल असर पर्न नदिने ,

घ) वातावरण र वन्यजन्तुको संरक्षण गर्ने ,

ङ) वन, बनस्पती तथा जैविक विविधताको संरक्षण गर्ने, दिगो उपयोग गर्ने ,

च) खण्ड (ङ) अनुसार वन बनस्पती र जैविक विविधताको उपयोग र त्यसबाट प्राप्त लाभको समन्यायिक बाँडफाँड गर्ने।

अव प्रस्तुत निवेदनका सम्बन्धमा धारा ३३(ण) र धारा ३५(५) हेर्दा धारा ३३(ण) अनुसार नेपाल राज्यभित्रका ढुङ्गा, बालुवा, गिट्टी, रोडा, आदिमा कसैको निजी हक हुन नसक्ने सवैको साझा सम्पत्ति हुने र धारा ३५(५)(६) अनुसार भौतिक विकास गर्दा वातावरणप्रतिकूल असर पर्न दिन नहुने र जैविक विविधताको संरक्षण गर्नुपर्ने उक्त कानूनी व्यवस्थाको सन्दर्भमा प्रस्तुत रिट निवेदन हेर्दा निवेदकले उल्लेख गरेको क्षेत्रमा सञ्चालन भएको ढुङ्गा, रोडा, वालुवा, उत्खनन् गर्ने कार्य र क्रसर उद्योगले वातावरणमा प्रतिकूल असर पार्नुका साथै प्रकृतिले दिएको उपहार अथवा बरदानको रुपको ढुङ्गा, वालुवाको प्रतिस्पर्धात्मक मूल्यमा मूल्याङ्कन नगरी नियममा तोकिएको मूल्यमा केवल राजश्वको दृष्टिले मात्र ठेक्का दिएको देखिन आयो। जुन कुरा संविधानविपरीत हुन्छ। निवेदकले अन्य विभिन्न कुराको अलावा दुई महत्वपूर्ण कुरा उठाएको देखिन्छः

१. ढुंगा, रोडा तथा बालुवा जस्ता प्राकृतिक स्रोतहरू तथा अव्यवस्थित दोहन उत्खनन तथा प्रयोगबाट वातावरण प्रदूषण बढिरहेको कुरा र
२. नेपालको प्राकृतिक स्रोतको फल नेपाली जनताले उपभोग गर्न नपाई ठेकेदारले मात्र उपभोग गरेको सन्दर्भ

अब पहिलो अर्थात् ढुङ्गा रोडा बालुवा उत्खनन र क्रसर उद्योगले वातावरण विगारेका साथै प्रदूषण सम्बन्धमा सरकारको लिखित जवाफ हेर्दा वातावरण प्रदूषण जस्तो महत्वपूर्ण विषयमा सरकार कत्ति पनि सचेत भएको देखिदैन। सरकारको लिखित जवाफ उद्योग स्थापना गर्ने कानूनी व्यवस्थाको बर्णनमा सीमित रहेको देखिन्छ। निवेदकले आरोप लगाए सरह उद्योगले उक्त क्षेत्रमा प्रदूषण गरेको छ या छैन दुइटामध्ये केही जवाफ नदिई मौन रहेको देखिन्छ। व्यवस्थापिका संसद प्राकृतिक स्रोत र साधन समिति चुरे भावर लगायतका क्षेत्रको ढुङ्गा, गिट्टी, वालुवा उत्खनन् र निकासी अध्ययन उपसमितिको प्रतिवेदन २०६६ बाट उक्त क्षेत्रमा ढुङ्गा, रोडा र क्रसर उद्योगहरूले प्रदूषण गरेको भन्ने देखिन्छ। संयोजक श्री चन्द्रदेव जोशीको संयोजकत्वमा गठित ८ सदस्यीय समितिले दिएको प्रतिवेदन अनुसार उक्त समितिले,

पूर्वी क्षेत्रमाः

बलान खोला, खुट्टी खोला, घुर्मी खोला, सिराहा,
चारनाथ खोला, कमला खोला, धनुषा,
बरुवा खोला, काला खोला, लामा खोला, कमला खोला, उदयपुर,

BSC-JV_ Pvt.Ltd, बलान खोला, सप्तरी
गुदगाउँ क्रसर उद्योग, सिराहा
महावीर एग्रिगेट इण्डष्ट्रिज प्रा.लि.तपेश्वरी, उदयपुर
राजमार्ग, दक्षिण भन्सारतर्फ जाने राजमार्ग क्षेत्र
जिल्लास्थित कार्यालयहरू तथा भन्सार कार्यालयहरू

मध्य क्षेत्रमाः

बालुवा खानी, बैरेनी -७ धादिङ्ग,
लोथर खोलाको पूल, चितवन- मकवानपुर
सामरी खोला, राप्ती खोला कर्रा खोला, मकवानपुर
मनकामना क्रसर इन्डष्ट्रिज, भैंसे -७ मकवानपुर
एभरेष्ट मिनरल प्रोडक्टस्, भैंसे -७ मकवानपुर
शम्भु रोडा, ढुङ्गा उद्योग, मध्यवर्ती क्षेत्र, वर्सामाडी -२/३,
मनहरी पुल, मनहरी -३/४ मकवानपुर
वागमती क्रसर उद्योग, अमलेखगञ्ज -७ बारा
जयदुर्गा क्रसर उद्योग, अमलेखगञ्ज-७ बारा
एशियन रोडा उद्योग, अमलेखगञ्ज-७ बारा
हेटौंडा एग्रिगेट प्रा.लि.अमलेखगञ्ज -७ बारा
राजमार्गको अवस्था

पश्चिम क्षेत्रमा

तिनाउ खोला, दानव खोला (रुपन्देही)
बाणगंगा नदी (कपिलवस्तु)
मुक्तिनाथ रोडा उद्योग, रुपन्देही
सुपर रोडा उद्योग, रुपन्देही
मनकामना रोडा उद्योग, रुपन्देही
पाठक रोडा उद्योग, रुपन्देही
कश्यप रोडा उद्योग, रुपन्देही
भन्सार क्षेत्र जाने राजमार्ग क्षेत्रमा अध्ययन गरी प्रतिवेदन दिएको देखिन्छ।

उक्त प्रतिवेदनअनुसार उक्त समितिलाई विभिन्न मन्त्रालयले निम्नअनुसारको जानकारी उपलब्ध गराएको देखिन्छः

स्थानीय विकास मन्त्रालय

स्थानीय स्वायत्त शासन ऐन र नियमावलीमा व्यवस्था भएअनुसार जिल्ला विकास समितिहरूले ढुङ्गा, गिट्टी, बालुवाको ठेक्का लगाउँदा वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ को प्रावधानअनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्ने गरेको पाइएन। सो मन्त्रालयले दिएको केही सुझावहरू यस प्रकार देखिन्छः

वातावरणीय पक्षलाई दृष्टिगत गरी तत्कालको लागि ठेक्का सम्झौता बमोजिमका निर्धारित क्षेत्रबाट अनुमानित परिमाणमा मात्रै वातावरणमा प्रतिकूल असर नपर्ने गरी निकासी गर्ने र यसको प्रभावकारी अनुगमन सम्बन्धित प्र.जि.अ.वा स्थानीय विकास अधिकारीले गर्ने व्यवस्था मिलाउने।

आगामी आ.ब. को लागि संवेदनशील क्षेत्रहरू पहिचान गरी त्यस्ता क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा निकाल्न नदिने व्यवस्था गर्ने। संबेदनशील नदेखिएको क्षेत्रहरूबाट नियमानुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गरेर मात्र आन्तरिक उपयोग र निकासी गर्ने व्यवस्था गर्ने।

वन तथा भू-संरक्षण मन्त्रालय

वनजंगल क्षेत्रबाट ढुङ्गा, रोडा, गिट्टी , ग्राभेल, बालुवा आदिको संकलन गर्ने नगरिएको केवल वन क्षेत्र भएर बग्ने खोलानालाबाट तोकिएको प्रक्रिया अपनाई संकलन हुने गरेको जिल्ला वन कार्यालयहरूले शर्तअनुसार ठेक्का लगाउने गरेको र ठेक्का स्वीकृत भए पश्चात् मात्र यस्ता वस्तुको संकलन गर्ने गरिएको। ठेक्का स्वीकृत भएपश्चात् सम्बन्धित व्यवसायी र जिल्ला वन कार्यालयले आपसी समझदारीमा ढुवानीमा प्रयोग हुने माल वाहकको वर्गीकरण गरी किसिम अनुसार ढुवानी गरिने वस्तुको तय गरिने व्यवस्था रहेको। माल वस्तु ढुवानी हुने मुख्य नाकामा वन कार्यालयबाट ढाट राख्ने गरिएको र अनिवार्य रुपमा ढाटमा दर्ता गराएर मात्र निकासी गनुपर्ने प्रावधान भएको। वन कार्यालय र व्यवसायीबीच हुने सम्झौताअनुसार एक्स्याभेटर प्रयोग गरेकोले रु.२०,०००।- धरौटी लिई कारवाही गरिरहेको। भूक्षयको हिसावले सम्वेदनशील खोलानाला क्षेत्रलाई ठेक्कामा नदिइएको र ठेक्का दिंदा IEE ले औल्याएका न्यूनिकरणका उपायहरू अवलम्बन गर्ने गरिएको। सो मन्त्रालयले दिएको केही सुझावहरू यस प्रकार देखिन्छः

- वन क्षेत्र तथा अन्य खोलानाला, बगरबाट ढुङ्गा, गिट्टी, बालुवा संकलन गर्दा प्रचलित

कानूनबमोजिम IEE/EIA गरेर मात्र संकलन गर्ने अनुमति दिनुपर्ने। अनुमति दिंदा अनिवार्य रुपमा सामाजिक, आर्थिक र वातावरणीय दृष्टिकोणले राज्यलाई नकारात्मक असर नपर्ने गरी विज्ञहरूद्वारा तोकिएको क्षेत्रबाट निश्चित समयावधिभित्र तोकिएको परिमाण मात्रै संकलन गर्न दिनुपर्ने।

- राष्ट्रिय महत्वका भौतिक संरचनामा असर पर्ने गरी यस्ता क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा संकलन गर्न नदिने यस्ता क्षेत्र सवेदनशील हुन्, होइन भन्ने सन्दर्भमा राष्ट्रिय योजना आयोगले तोक्ने व्यवस्था हुनुपर्ने।
- ढुङ्गा, गिट्टी, बालुवाबाट हुने आयको निश्चित प्रतिशत रकम यस्ता क्षेत्रमा बाढी पहिरो नियन्त्रण, तटबन्ध निर्माण तथा पर्यावरणीय सुधारका लागि खर्च गर्नुपर्ने।
- प्रचलित कानूनमा व्यवस्था भएअनुसार तोकिएको क्षेत्रबाट संकलित ढुङ्गा, गिट्टी, बालुवा मात्र विक्री वितरण गर्न दिने ।
- ढुङ्गा, गिट्टी, बालुवा विदेश निकासी गर्ने क्रममा हाल विसंगति (जस्तैः राजमार्ग पुल-पुलेसा भत्किने, ट्राफिक व्यवस्थापनमा जटिलता वातावरण प्रदूषण, चुरे विनास, बाढी, पहिरो) देखिएको र यो महत्वको विषय भएकोले यसको लागि राष्ट्रिय स्तरमै वातावरणीय, सामाजिक र आर्थिक पक्षलाई समेटी विज्ञहरूबाट अध्ययन गर्न लगाई राष्ट्रिय नीति तय हुनुपर्ने।
- हाल निर्यात भइरहेको परिमाण र सोबाट प्राप्त हुने राजस्व, रोजगारीलाई स्वेदशमै हुने विकास निर्माणमा लगाई व्यवस्थित गर्नुपर्ने।
- मित्र राष्ट्र भारतबाट निर्माण सामग्रीहरू माग भई आएमा त्रिपक्षीय सम्झौता गरेर मात्र दिइनु उपयुक्त हुने।
- ढुङ्गा, ग्राभेल जस्ता कच्चा पदार्थको हकमा स्वदेशमा मूल्य अभिवृद्धि नगरी सोझै निकासी गर्न प्रतिवन्ध लगाइनुपर्ने। क्रसर उद्योगबाट निकासी गर्दा लाइसेन्स दिने निकायबाट स्रोत र परिमाण खुलाई प्रमाणीकरण गनुपर्ने।
- ढुङ्गा, गिट्टी, बालुवा संकलन र विक्री वितरणलाइ सकभर एकद्धार प्रणाली अवलम्बन गर्न उपर्युक्त हुने।

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

सवारी तथा यातायात व्यवस्था नियमावलीको नियम १६ अनुसार सवारीको भार बहन क्षमताको निर्धारण गरिएको देखिन्छ। जस अनुसारः-

- ट्रक तथा ट्याक्टरप्रति एक्सल -१०.२ वटा

- मिनी ट्रक -५ टन
- पावर टिलर -१ टन
- पिक अप -१ टन रहेको छ।

तोकिएको भारवहन क्षमताभन्दा बढी भारवहन गर्ने सवारी साधनहरूलाई ऐनको दफा १६० अनुसार दुइहजार रुपैयासम्म जरिवाना हुने व्यवस्था रहेको छ। यातायात व्यवस्था कार्यालयहरूमा कर्मचारी, सवारी साधन र कार्यालयमै तौल गर्नको लागि मेसिन उपलब्ध नभएको कारण यी कार्यालयहरूबाट अनुगमन र निरीक्षणको कार्य प्रभावकारी हुन नसकेको। ट्राफिक प्रहरीले गर्न सक्ने दण्ड सजाय धेरै नै कम भएको। सडक निर्माण गर्दा कै अवस्थामा निश्चित दुरीमा तौल मेसिनहरू जडान गर्ने नीति लिनु आवश्यक भएको। वीसवर्ष अगाडि बनेको सवारी तथा यातायात व्यवस्था ऐनमा उल्लेख भएका आर्थिक दण्ड सम्बन्धी व्यवस्थाहरू हाल निष्प्रभावी बनेका।

उद्योग मन्त्रालय

वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूची -१(आ) उद्योग क्षेत्र क ७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन स्वीकृत हुनुपर्ने व्यवस्था भएको। जसको लागि निम्नअनुसारको प्रक्रियाहरू पुरा गर्नुपर्नेः

- Terms of Reference तथा IEE प्रतिवेदन।
- १५ दिने राष्ट्रिय स्तरको पत्रिकामार्फत सार्वजनिक सूचना प्रकाशित गर्नुपर्ने।
- सर्जमिन मुचुल्का र गा.वि.स.को सिफारिश।
- उद्योग रहने स्थानको जग्गाधनी प्रमाण पूर्जा वा भाडा सम्झौता, Location Map

क्रसर उद्योगको हकमा घरेलु तथा साना उद्योग विभाग/उद्योग विभाग र अन्तर्गतका कार्यालयहरूबाट उजूरीको आधारमा समय समयमा निरीक्षण गर्ने गरिएको। वातावरण मन्त्रालयअन्तर्गत वातावरण निरीक्षकको व्यवस्था भएको। नेपाल भारत वाणिज्य सन्धिमा उल्लेख भएअनुसार नफुटालेको ढुङ्गा Primary Product को रुपमा वर्गीकरण गरिएको र यस्तो वस्तुको निकासीको लागि उत्पत्तिको प्रमाण पत्र आवश्यक नपर्ने। ढुङ्गा, रोडा भारत निकासी गर्न उत्पत्तिको प्रमाणपत्र आवश्यक पर्ने र उक्त प्रमाणपत्र उद्योग विभागको प्राविधिक समितिको सिफारिशमा नेपाल उद्योग वाणिज्य महासंघबाट जारी गर्ने गरिएको छ। सुझावहरू यस प्रकार देखिन्छः

- क्रसर उद्योग र सो उद्योगको कच्चा पदार्थ आपूर्ति गर्ने निकायहरू फरक फरक भएको अवस्थामा सामञ्जस्यको अभाव रहेको।

- क्रसर उद्योगको स्थापनाबाट वातावरणमा पर्ने प्रभावको अनुगमन प्रभावकारी हुन नसकेको हुँदा अनुगमन गर्ने निकाय र प्रक्रिया स्पष्ट गराई प्रभावकारी बनाइनु पर्ने।
- सम्बन्धित निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनुपर्ने।
- अनुगमनका लागि स्रोत साधनको अपर्याप्तता रहेको छ।
- बालुवा, ढुङ्गा वा खानीबाट ढुङ्गा झिक्नु पर्दा एक्स्काभेटर जस्ता मेसिनको प्रयोग नदीको सतही स्तरसम्म मात्र गरिनुपर्छ।

खानी तथा भू-गर्भ विभाग

खानी तथा खोलामा ढुङ्गा, रोडा आदि संकलन गर्ने गरी क्रसर उद्योगहरू स्थापना भएबाट तिनिहरूले बाटो विगारेका, भूक्षय बढेको तथा चुरे क्षेत्रमा वन विनास हुन गएको। अवैध रुपमा त्यस्ता खानी तथा क्रसर उद्योगहरू सञ्चालन भइरहेता पनि अनुमति दिने निकायबाट सोको नियन्त्रण तथा अनुगमन गर्ने गरेको नपाइएको। जिल्ला विकास समितिहरूले अनुमति दिई खानीहरूको नियमन तथा अनुगमन गरी राजश्व संकलन गर्ने गरेको तर सोको नियन्त्रण तथा अनुगमन प्रभावकारी रुपमा कार्यान्वयन नभएको हुँदा समस्या थप जटिल वन्न पुगेको। जिल्ला विकास समितिहरूबाट प्रायजसो खानीहरू ठेक्कामा दिइने गरेको तर माइनिङ क्षेत्र तोकिने नगरेको। क्रसर उद्योग स्थापना गर्न स्थानीय घरेलु कार्यालयबाट इजाजत दिंदा वातावरणीय अध्ययन गराउनु पर्ने व्यवस्था भए पनि स्रोत खुलाउनु पर्ने किटानी व्यवस्था भएको नपाइने। ढुङ्गा, गिट्टी, बालुवा उत्खनन एवं निकासीसँग सम्बन्धित ऐन तथा नियमहरू एक आपसमा बाझिएकाले कार्य क्षेत्र र अधिकारमा समेत समस्या रहेको। सुझावहरू यस प्रकार देखिन्छः

तत्कालीन उपायहरूः

- क्रसर उद्योगहरू तथा कच्चा पदार्थ उत्खनन् तथा संकलन गर्दा निरीक्षण गर्ने निकाय तोकी निरीक्षणलाई प्रभावकारी गराइनुपर्ने।
- त्यस्ता उद्योगहरूले खानी सम्बन्धी विशेषज्ञ वा कन्सल्टेन्ट नियुक्त गरी तिनीहरूको निर्देशनअनुसार मात्र गर्ने गरी त्यस्ता उद्योगहरू सचालनमा ल्याइनु मनासिव हुने।
- महिनाभित्र सम्बन्धित जि.वि.स.बाट प्राविधिक रुपमा सम्पूर्ण क्षेत्रको अध्ययन गराई यस सम्बन्धमा के कस्तो गर्न सकिन्छ भन्ने बारे दीर्घकालीन उपायहरू अनुसार कार्य गर्नुपर्ने। खानी तथा भु-गर्भ विभागको समेत प्राविधिक सहमति लिई कार्य गर्नुपर्ने।
- अवैध तथा अनियमित रुपमा सञ्चालन भएका त्यस्ता उद्योगहरू पहिचान गरी बन्द गरिनुपर्ने।

दीर्घकालीन उपायहरू

- सम्बन्धित निकायबाट वातावरण संरक्षण ऐन, नियमबमोजिमको प्राविधिक प्रतिवेदन तथा

वातावरणीय प्रतिवेदन स्वीकृत गराई सोही आधारमा क्षेत्रगत रुपमा उत्खनन् गर्न अनुमति दिइनुपर्ने।

- वार्षिक रुपमा जिल्ला विकास समितिहरूबाट दिइने ठेक्का प्रथा बन्द गराई उद्यमीलाई खानी ऐन, नियम औद्योगिक व्यवसाय ऐन नियम वा स्थानीय स्वायत्त शासन ऐन नियम र वातावरण संरक्षण ऐन नियमबमोजिम वातावरणीय अध्ययन समेत गरी मात्र अनुमति जारी गरिनुपर्ने।
- उद्योग सञ्चालनबाट वातावरणमा न्यून असर पर्ने गरी मात्र कार्य गर्ने व्यवस्थाको लागि सम्बन्धित निकायको निर्देशन तथा अनुगमन कार्य हुनुपर्ने।
- सञ्चालनमा रहेका उद्योगहरूबाट वातावरणमा परेको र पर्न सक्ने असर तथा तिनको न्यूनीकरणका लागि प्रत्येक २/२ वर्षमा वातावरणीय अडिट गराइनु पर्ने र सोको आधारमा अनुमति नवीकरण आदि गरिनुपर्ने।
- नीतिगत रुपमा एक आपसमा बाझिएका खानी, वन तथा स्थानीय स्वायत्त शासन ऐन नियममा समन्वय गरी संशोधन गरिनुपर्ने।
- उपरोक्तबमोजिमको खनिज पदार्थ निकासीबाट आर्जित राजस्वको कम्तीमा पाँच प्रतिशत रकम सोही क्षेत्रको वातावरण संरक्षणमा खर्च गरिनुपर्ने। स्थानीय निकाय तथा अनुगमन गर्ने निकायबीचमा राजस्व बाँडफाँडको प्रतिशत प्रष्ट हुनुपर्ने।

वातावरण मन्त्रालय

वातावरण संरक्षण ऐन, २०५३ को दफा (८) बमोजिम वातावरणीय प्रदूषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने तथा IEE तथा EIA को निर्धारित मापदण्ड पालना गरे वा नगरेको सम्बन्धमा निरीक्षण गरी प्रतिवेदन पेश गर्न मन्त्रालयले ऐनले तोकेको योग्यता पुगेका व्यक्तिहरू आवश्यकताअनुसार निरीक्षकको रुपमा नियुक्त गरी काम लगाउन सक्ने व्यवस्थाबमोजिम विभिन्न क्षेत्रमा निरीक्षण गर्ने गरी मन्त्रालयको ८ जना विज्ञहरूलाई जिम्मेवारी तोकिएको।

भौतिक योजना तथा निर्माण मन्त्रालय

चुरे पहाड र आसपासका विभिन्न क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवा भारतको सीमानासम्म पुर्याउनको लागि प्रयोग हुने बाटोहरू देहायबमोजिम रहेकोः

गाईघाट-कदमाहा	- भगवानपुर ठाँडी सडक	६० कि.मी.
लाहान	- भन्टावारी सडक खण्ड	६० कि.मी.
सिन्धुली	- बर्दिवास, पथलैया	८५ कि.मी.
हेटौंडा	- पथलैया, वीरगञ्ज	५५ कि.मी.

बुटवल	- भैरहवा सुनौली	२५ कि.मी.
सन्धिखर्क	- चन्द्रौटा-कृष्णनगर	१०८ कि.मी.
कोहलपुर	- नेपालगञ्ज	२२ कि.मी.
अत्तरिया	-काठमाडौं	११० कि.मी.
मिर्चैया	- कटारी	३० कि.मी.

गरी जम्मा ५७० कि.मी बाटो विग्रिएको/ भत्किएको। यसरी विग्रिएको/ भत्किएको सम्पूर्ण सडकको पुनः निर्माणको लागि प्रति कि.मी. दुई करोडका दरले हुन आउने जम्मा रु ११ अर्ब ४० करोड (अनुमानित) लाग्ने ।

हाल निर्माण भएका सडकहरूको भारवहन क्षमता १०.२ टन प्रति Axle मात्र रहेको। राष्ट्रियस्तरका यस्ता सडकहरूको निर्माण तथा मर्मत गर्ने जिम्मेवारी सडक विभागको भए पनि यातायातका साधनहरूलाई बाटो अनुमति दिने र सवारी धनी प्रमाणपत्र नवीकरण गर्ने जिम्मा सवारी तथा यातायात व्यवस्था ऐनले यातायात व्यवस्था विभागलाई प्रदान गरेको र बाटोमा सवारी चेकजाँच गर्ने अधिकार ट्राफिक प्रहरीलाई दिएकोले बढी वजन क्षमता बोकेका सवारी साधनहरू सञ्चालन गर्न नदिने जिम्मा तत्काल ती निकायहरूले लिनुपर्ने।

वाणिज्य तथा आपूर्ति मन्त्रालय

नेपाल भारतबीच यही २०६६ कार्तिक १० गते सम्पन्न वाणिज्य सन्धिले नेपाल भारतबीच हुने द्विपक्षीय व्यापारका लागि प्राथमिक वस्तुको सूचीमा ढुङ्गा, गिट्टी, बालुवालाई पनि समावेश गरिएको। प्राथमिक वस्तुको सूचीमा सूचिकृत वस्तुलाई भारतीय पक्षले भन्सार शुल्क लिन नपाउने व्यवस्था सम्झौताले गरेको। यस प्रावधानले ढुङ्गा, गिट्टी, बालुवाजन्य वस्तु प्राथमिक सूचीमा पर्ने भएकोले निश्चित् यति नै प्रतिशत मूल्य अभिबृद्धि गरी निकासी गर्नुपर्ने भन्ने कुनै व्यवस्था नभएको। ढुङ्गा, गिट्टी, बालुवा जस्ता प्राकृतिक स्रोत साधन हालका दिनमा स्थानीय निकायहरूको आम्दानीको ठूलो स्रोत बन्न गएको हुँदा स्थानीय निकायहरूले यसको उपयोगमा निश्चित सेवा शुल्क लिई स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम उत्खनन् र प्रशोधन कार्यको अनुमति दिने गरेको। निर्यातजन्य उद्योगले कच्चा पदार्थ प्रशोधन गर्दा पर्नसक्ने वातावरणीय असरहरूको प्रभाव मूल्याङ्कन बारे उजूरीका आधारमा जिल्ला स्थित उद्योग कार्यालयले समय समयमा निरीक्षण अनुगमन गर्ने गरेका।

सुझावहरूः

- ढुङ्गा तथा बालुवा प्रशस्त उपलब्ध हुने क्षेत्रमा मात्र वातावरणीय सन्तुलन नविग्रने गरी क्रसर

उद्योग सञ्चालन गर्न इजाजत दिने।

- चुरे भावरलगायतका कमजोर धरातलीय बनोट भएका र प्राविधिक अध्ययनबाट संबेदनशील ठानिएका भौगोलीक क्षेत्रमा ढुङ्गा, बालुवा झिक्न उत्खनन् गर्न प्रतिवन्ध लगाउने।
- उद्योग स्थापना सम्बन्धमा अनुमति दिंदा कम्तीमा २० पतिशत मूल्य अभिवृद्धि हुने शर्तमा इजाजत दिने। यसको लागि वर्षेनी निश्चित परिमाण तोकेर मात्र निकासी गर्न दिने।
- अनुमति प्रदानका लागि अपनाउनु पर्ने मापदण्ड तथा अन्य नीतिगत विषयमा निर्णयार्थ सिफारिश गर्न केन्द्रीय तहमा देहायबमोजिमको एक समितिको व्यवस्था गर्नेः

सचिव, वातावरण मन्त्राल - संयोजक
सचिव, वन तथा भू-संरक्षण मन्त्रालय - सदस्य
सचिव, उद्योग मन्त्रालय - सदस्य
सचिव, स्थानीय विकास मन्त्रालय - सदस्य
सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय - सदस्य

निर्धारित मापदण्ड र सीमाबमोजिम क्रसर उद्योग सञ्चालन भए, नभएको नियमानुसार निकासी गरे, नगरेको अनुगमन गर्न प्रत्येक जिल्लामा स्थानीय स्तरमा एक अनुगमन समिति बनाउनुपर्ने।

प्रमुख जिल्ला अधिकारी - संयोजक
स्थानीय विकास अधिकारी - सदस्य
प्रमुख, जिल्ला प्रहरी कार्यालय - सदस्य
प्रमुख, स्थानीय भन्सार कार्यालय - सदस्य
प्रमुख, वाणिज्य कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय - सदस्य

ढुङ्गा, गिट्टी, बालुवाको अनधिकृत निकासी र ओसार-पसारलाई नियन्त्रण गरिनु पर्ने। दर्ता नगरी सञ्चालनमा रहेका उद्योगलाई कानूनी दायरामा ल्याइनु पर्ने।

जल उत्पन्न प्रकोप नियन्त्रण विभाग

ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् र संकलनका लागि अनुमति दिंदा पिंधको सतह माथि उठ्ने नदीका पहिचान गरी सुरक्षित क्षेत्रमा मात्र संकलन/उत्खनन् गर्न सकिने परिमाण किटान गरिनु उपयुक्त देखिन्छ। नदीको पानी बग्ने क्षेत्र (Water Way) बाट मात्र संकलन/उत्खनन् गरिनु पर्दछ। यस क्रममा नदीका Basic Parameters हरू निर्धारण गरिनुपर्ने हुन्छ। जस्तै Waterway, Gradient, Minimum bed level आदि। यस कार्यको नियमित प्राविधिक अनुगमन गरिनु पर्ने।

समितिले स्थलगत अध्ययन गर्दा पाएको र देखेको उद्योगको अवस्था, सडकको अवस्था र वातावरणको अवस्था निम्नअनुसार उल्लेख गरेकोः

क्रसर उद्योग/ बालुवा धुनेको अवस्थाः

केही क्रसर उद्योग सडकबाट भित्री भागमा रहेको भए तापनि अधिकांश उद्योग मुख्य राजमार्ग र वस्तीसँगै जोडिएर रहेको। कुनै कुनै उद्योग त हाइटेन्सन लाइन मुनि नै रहेको। जस्तो सप्तरीको कदमाह नदीको किनारामा रहेको BSC-JV_Pvt.Ltd. उद्योग, जुन उद्योगको माथिबाट हाइटेन्सन लाइन गएको। हाइटेन्सन लाइन मुनि पोलिथिनको कभर भएको माटो तार झोलिएको। हाइटेन्सन लाइनको एउटा पोलको वरिपरि मोटो, ग्राभेल झिकेर डेढ मिटर गहिरो बनाइएकोले कुनै पनि बेला पोल ढल्न सक्ने। सबै क्रसर उद्योगको कच्चा पदार्थको स्रोत नदी नाला नै हो। क्रसरहरू प्रायजसो राजमार्ग छेउ तथा विद्युत लाइनसँगै रहेकोले त्यस्ता उद्योगहरूबाट विद्युत चोरी, चुहावट हुन सक्ने अवस्था देखिएको।

सवारी साधनको अवस्थाः

क्रसर उद्योगहरूले ट्याक्टर, ट्रक, ट्रिपरहरू प्रयोग गर्ने गरेका। ढुङ्गा, गिट्टी, बालुवा ओसार्न प्रयोग भएका ट्रिपरहरूमा ढाला समेत थपिएको अवस्था देखिएको।

ढुङ्गा, रोडा, गिट्टी, ग्राभेल आदि ढुवानी गर्ने डम्परहरूको ढाला (गाडीको बडी) माथि उठाइएको र प्राय १० चक्के गाडी प्रयोग भएको। त्यस्ता गाडीहरूबाट १० टन क्षमताको बाटोमा ४० टनसम्मका मालसामानहरू ढुवानी भइरहेको अनुमान गरिएको।

यी उद्योग सञ्चालकहरूको भनाइअनुसार ठेक्का बापतको राजश्व उठाउन कम्तीमा ७० देखि ८० ट्रकसम्म प्रति दिन निकासी गर्नु पर्दछ। त्रिवेणी गा.वि.स.को, कमला नदीबाट मात्रै प्रति दिन कम्तीमा १०० ट्रक सामान लैजाने गरेको समेत जानकारी प्राप्त भएको।

सडकको अवस्था

सडकको भारवहन क्षमताभन्दा बढी वजन भएका खास गरी पृथ्वी राजमार्गको मुग्लिङ्ग काठमाडौं खण्डमा पानीले धोएको चिसो बालुवा पानी चुहाउँदै चल्ने सवारी साधनबाट सडकको अवस्था बढी नाजुक भएको।

पूर्व पश्चिम राजमार्गको अवस्था सामान्य रहे तापनि सहायक मार्ग दक्षिण भन्सारतर्फ जाने बाटोको अवस्था खराव रहेको।

राजमार्गको पुलहरू मुनि बालुवा भरिदै गएकोले पुलहरू खतरामा परेको। जसबाट ठूलो क्षति हुने संम्भावना भएको।

लाहान ठाडी भन्सार जाने क्षेत्रको बाटो अत्यन्तै नाजुक भएको र त्यस्तै मिर्चैया-कमला खोला (कटारी) जाने बाटोको अवस्था पनि राम्रो नभएको।

सडकको भारवहन क्षमताभन्दा बढी ढुङ्गा, ग्राभेल, बालुवा, गिट्टी, बोकेर मालबहाक गाडीहरू गुड्दा सडकहरू नराम्ररी विग्रेका र ती सडक पुन निर्माण गर्न ढुङ्गा, ग्राभेल, बालुवा, गिट्टीको विक्री र प्राप्त राजस्वले भ्याउने अवस्था नदेखिएको।

समग्र वातावरणीय अवस्थाः

ढुंगा, रोडाको संकलन, उत्खनन् र क्रसर उद्योगको सञ्चालनबाट वातावरणीय सन्तुलन विग्रिएको, भू-क्षय बढेको, खोला नालाको आकार बढ्न गई बाढी आउने र कटान हुने समस्या रहेको, खेतीयोग्य जमिन नासिएको, पहिरो जाने क्रम बढेको, पानीको मुहान सुकेको प्रत्यक्ष रुपमा देख्न सकिने।

राजमार्गको पुलहरू मुनि बालुवा भरिदै गएकोले पूलहरू खतरामा परेका। जसबाट ठूलो क्षति हुने सम्भावना देखेको।

वातावरणमा न्यून असर गर्ने उपायहरूको अवलम्बन गरिएको नदेखिने। सामुदायिक वन र अन्य वन क्षेत्र, खेतवारी, खोला नालाहरूबाट संलकन गर्न गा.वि.स. तथा समुदायहरूलाई केही आर्थिक प्रलोभन दिने गरिएकोले सर्वसाधारण व्यक्ति तथा समुदायमा आवद्ध समूहहरू समेत यस कार्यबाट हुनसक्ने क्षतिलाई विर्सेर संकलन तथा विक्रीमा संलग्न देखिएको।

त्यस्तै खोलाको एउटा किनाराबाट उत्खनन् गर्दै गरेको र सो कार्यबाट खोलाको अर्कोतर्फको भूभाग माथि उठ्न गई सो क्षेत्र तर्फको खेतीपाती, घर वस्तीलाई असर पर्न सक्छ भने कटान भएको क्षेत्रमा थप असर पर्न सक्ने अवस्था देखिएको। उत्खनन् र संकलन गर्नुपर्ने ठाउँमा नगर्ने र नगर्नुपर्ने ठाउँमा गर्दा र गर्नुपर्ने ठाउँमा पनि अत्याधिक दोहन हुँदा पुल पुलेसा विग्रने, सिंचाई प्रणालीमा र खानेपानीमा समस्या आउने, नदीले धार परिवर्तन गर्ने, वन विनास हुने र बाढी पहिरोको प्रकोप बढ्ने अवस्था देखिएको।

उल्लिखित प्रतिवेदनबाट उल्लिखित क्षेत्रमा सञ्चालित ढुङ्गा, रोडा, उद्योगले वातावरण प्रदूषण गरेको भन्ने देखियो।

व्यवस्थापिका संसद प्राकृतिक स्रोत साधन समितिको प्रतिवेदन हेर्दा प्रतिवेदनमा उल्लिखित जिल्लामा उक्त रोडा ढुङ्गा, गिट्टी उद्योग र क्रसर सञ्चालन गरेको कतिपय उद्योगहरू विना दर्ता सञ्चालन गरेको, कतिपय उद्योगहरूले वातावरण संरक्षण नियमावलीअनुसार वातावरणीय प्रतिकूल प्रभाव पार्ने नपार्ने सम्बन्धी नियमअनुसार EIA र IEE नै नगरि सञ्चालन गरिएको र वातावरण संरक्षणमा गर्नुपर्ने र उद्योग सञ्चालन गर्दा वातावरण प्रदूषण हुने भए त्यस्तो उद्योगलाई स्वीकृति नै दिन नहुने र यदि EIA, IEE गर्दा वातावरण प्रदूषण नहुने प्रतिवेदनको आधारमा उद्योग स्थापना र सञ्चालनको स्वीकृति दिएपनि उद्योग सञ्चालनमा आएपछि, सञ्चालन भएपछि उद्योगले वातावरण, ध्वनी, वायुमण्डल, पानीको मुहान, पानीको सतह, वरपरका वस्ती, वनजंगल, वन्यजन्तु आदिमा प्रदूषण गर्यो गरेन Monitor गर्ने कानूनी संबैधानिक कर्तव्य भएको नेपाल सरकारको प्रतिवादी बनाइएको कुनै पनि मन्त्रालयले उद्योग स्थापना र सञ्चालन भएपछि Monitor गर्ने गरेको देखिएन।

निवेदकले निवेदनमा नेपाल सरकार र त्यसका निकायलाई मात्र विपक्षी बनाई कुनै पनि उद्योगलाई विपक्षी बनाएको देखिएन। प्राकृतिक न्यायको मान्य सिद्धान्तअनुसार कसैलाई कुनै कारवाही गर्नु पर्दा उसलाई आफ्नो कुरा भन्ने मौका नदीइ उसको प्रमाण नहेरी कानूनबमोजिम सरकारबाट स्वीकृत लिई सञ्चालन भएको उद्योगलाई एकाएक सञ्चालन नगर्ने आदेश गर्नु प्राकृतिक न्यायको सिद्धान्तको विपरीत हुन जान्छ। तर प्राकृतिक स्रोत जुन स्रोतमा व्यक्तिको स्वामित्व हुन सक्दैन। प्राकृतिक स्रोत प्रत्येक नागरिकको साझा सम्पत्ति Common Property भए पनि सरकारी अनुउत्तरदायीत्व र अदुरदर्शीताको कारण स्वायत्त निकाय जि.वि.स.को आम्दानीको स्रोतको दृष्टिले मात्र हेरी वातावरणको दृष्टिले नहेरी सरकारले इजाजत दिएको कारण त्यस्ता उद्योगहरू सञ्चालन हुन सकेको देखियो।
प्राकृतिक स्रोत प्रकृतिको Gift हो यसको प्रयोग सार्वजनिक हितको लागि मात्र हुन सक्छ। प्राकृतिक स्रोतलाई In situ अवस्थाबाट प्रयोग गर्दा वातावरण केही हदसम्म खलबलीन जान्छ। विचारणीय कुरा के छ भने प्राकृर्तिक स्रोत देशको आर्थिक विकासमा प्रयोग हुने वस्तु हो तर त्यसको प्रयोग र उपयोग Sustainable र वातावरण प्रदूषणरहीत तरिकाले गरिनु पर्छ।

प्राकृतिक स्रोतको Sustainable development का सम्बन्धमा Brundland Report महत्वपूर्ण छ। सो Report का अनुसार प्राकृतिक स्रोतको उपयोग गर्दा २ कुरालाई ध्यान दिन पर्छ भनेको देखिन्छ, त्यो हो,

(क) Pre-cautionary Principle र

(ख) Polluter Pay Principle

पहिलो अर्थात् Precautionary Principle अनुसार प्रत्येक राष्ट्रले वातावरण प्रदूषण हुने कारक तत्व पहिचान गरी वातावरणलाई बढी क्षति हुन नदिन समस्या पहिचान हुनासाथ रोक थामको कदम चाल्नु पर्छ। यदि वातावरणको अपुरणीय क्षति हुने कारण देखिएमा वा त्यस्तो कारण पत्ता लागेमा त्यसको बैज्ञानिक विश्लेषणतिर नपर्खी अब अरु बढी वातावरण क्षति हुन नदिन तुरुन्त रोकथाम तर्फ लाग्नुपर्छ। यस्तो अवस्थामा जसको कारण वातावरणमा प्रदूषण भयो भनिएको छ उसको कारण वातावरण प्रदूषण भएको छैन भन्ने प्रमाण उसैले पुर्याउन पर्ने हुन्छ।

दोस्रो Polluter Pay Principle, यस सिद्धान्तअनुसार जसले वातावरण प्रदूषण गर्दछ उसैले आफूले गरेको प्रदूषणबाट हुन गएको क्षतिपूर्ति गर्नुपर्छ।

प्रस्तुत मुद्दामा सरकारको लिखित जवाफबाट रिट निवेदनमा लिइएको जिकीर र विपक्षीले लगाएको आरोपको सरकारले खण्डन पनि नगरेको र जवाफ नदीएकोले वास्तविक र यथार्थ स्थिति के छ सो कुरामा इजलास यकीन हुनको लागि सुनुवाई समाप्त भएपछि निर्णय सुनाउनु अगाडि देहायका मन्त्रालयबाट देहायका विषयमा स्पष्ट जवाफ मगाइएको थियोः

क) खानी तथा भूर्गभ विभागबाट नेपाल राज्य भित्रको खास गरी निवेदकले जिकीर गरेको चुरे भावर क्षेत्र र तराई क्षेत्रमा निजी क्षेत्रका ढुङ्गा खानी र क्रसर उद्योगवालालाई उद्योग सञ्चालन गर्न दिदा विभागसँग समन्वय हुने गरेको नगरेको वा सो सम्बन्धमा विभागको भूमिका के छ ?

ख) स्थानीय विकास मन्त्रालयबाट स्थानीय निकायहरूले खनिज स्रोतहरू विक्री वितरण गर्दा वातावरणीय प्रभावको अध्ययनलगायत पानीको मुहानलाइ पर्ने असर, विकास निर्माणका पूर्वाधारमा पर्ने असर, बढी भारका गाडीबाट राजमार्गलगायत सडक र पुलमा पर्ने असर, स्थानीय वासीको जनस्वास्थ्यमा पर्ने असरलगायतका यावत क्षेत्रमा पर्ने प्रतिकूल असरका सम्बन्धमा विचार गर्ने गरेको वा नगरेको र सो सम्बन्धमा अनुगमन गर्ने संयन्त्र छ वा छैन ?

ग) वन मन्त्रालयबाट वन क्षेत्र र आरक्ष क्षेत्रभित्र पर्ने उल्लिखित खनिज स्रोतहरूको स्काभेटर लोडर जस्ता साधन प्रयोग गरी उत्खनन्, निकासी र उद्योग सञ्चालन गर्दा पर्न सक्ने वन विनास, वन क्षेत्र, वन पैदावार तथा वन्यजन्तु आदिमा पर्ने नकारात्मक असर सम्बन्धमा नियन्त्रण र अनुगमन गर्ने सम्बन्धमा त्यस मन्त्रालय वा अन्तर्गतका विभागहरूको के कस्तो भूमिका रहेको छ र त्यस्ता उद्योगहरू सञ्चालन गर्न मन्त्रालय वा मातहत निकायबाट इजाजत दिने गरेको छ छैन ? तथा त्यस सम्बन्धमा अनुगमन हुने गरेको छ वा छैन ?

घ) उद्योग मन्त्रालयबाट उल्लिखित उद्योग सञ्चालनबाट पर्नसक्ने वातावरण लगायत पानीको स्रोत

वरिपरिको वासिन्दाहरूको जनस्वास्थ्य आदिका सम्बन्धमा पर्न सक्ने नकारात्मक असरका सम्बन्धमा उद्योगलाई इजाजत पत्र दिई सकेपछि अनुगमन गर्ने गरिएको वा नगरिएको र गर्ने गरेको भए के कस्तो संयन्त्र छ र के कस्ता काम कारवाही भएका छन् ?

ङ) वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट हाल सम्म के कति परिणाममा के के खनिज स्रोत कहाँ, कहाँ निकासी गरियो र यसरी निकासी गर्दा कुन कुन मन्त्रालयसँग समन्वय र सहमति गरियो ?

च) वातावरण मन्त्रालयबाट नेपाल राज्यभर वातावरण स्वच्छ राख्न कानून निर्माण गर्ने, नीति निर्माण गर्ने र अनुगमन गर्ने कर्तव्य भएको त्यस मन्त्रालयले उल्लिखित उद्योगहरू र सो सम्बन्धित अन्य गतिविधि तथा कार्यले वातावरणमा पार्ने प्रतिकूल असरको अध्ययन र अनुगमन गर्ने गरेको छ, छैन ?

तिमध्ये देहायका निकायबाट देहायबमोजिम जवाफ प्राप्त भएको देखिन्छः

खानी तथा भुर्गभ विभागबाट स्थानीय निकायले ढुङ्गा, बालुवा, आदि खानी सञ्चालन गर्दा खानी तथा खनिज पदार्थ ऐन, २०४२ तथा ऐ.नियमावली, २०५६ बमोजिम उत्खनन अनुमति जारी नगरी यस विभागसँग समन्वय समेत नगरी स्थानीय निकायबाट नै प्रत्येक वर्ष नदी नाला खोला, खोल्सीका ढुङ्गा, बालुवा उत्खनन् तथा संकलन गर्न ठेक्का लगाउने गरेको भन्ने जवाफ दिएको देखियो।

वन मन्त्रालयको जवाफ हेर्दा जिल्लामा रहेका बन स्रोतहरू, वन क्षेत्र, भू तथा जलाधार क्षेत्र, संरक्षित क्षेत्र, मध्यवर्ति क्षेत्र, वनस्पति, वन अनुसन्धान, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण, व्यवस्थापन एवं दिगो उपयोगद्वारा वातावरणीय सन्तुलन कायम राख्ने समेतको उद्देश्यका साथ लागू भएको जिल्ला वन समन्वय समितिको स्थापना र सञ्चालन निर्देशिका, २०६२ मा जिल्ला वन समन्वय समितिको काम कर्तव्य र अधिकारको व्यवस्था गरी जिल्ला वन क्षेत्रसँग सम्बन्धित साझेदारहरू पहिचान गरी उनीहरू बीच समन्वय र सहयोग अभिबृद्धि गर्न साझेदारहरूको भूमिका र क्षमता पहिचान गरी विकास कार्यक्रमको कार्यान्वयनको अनुगमन मूल्याङ्कन तथा सुपरिवेक्षण गरी प्रतिवेदन तयार गर्ने तथा जिल्ला विकास समिति, क्षेत्रीय वन समन्वय समिति र क्षेत्रीय वन निर्देशनालयमा पेश गर्ने, आन्तरिक जिल्ला सम्बन्ध स्पष्ट गरी आपसी सहयोग प्रवर्द्धन गर्ने गरेको भन्ने उल्लेख गरेको देखिन्छ।

उद्योग मन्त्रालयको जवाफ हेर्दा उद्योग दर्ता भएपश्चात् उद्योगहरूबाट वातावरणीय असर, प्रभाव परेको भनी जनगुनासो, उजूरी प्राप्त भएको खण्डमा आवश्यकताअनुसार उद्योग विभागका सम्बन्धित प्राविधिक कर्मचारी समेत संलग्न रहने गरी टोली बनाई अनुगमन गर्ने गरिएको छ भन्ने उल्लेख गरेको देखिन्छ।

वाणिज्य तथा आपूर्ति मन्त्रालयको जवाफ हेर्दा नेपाल सरकारद्वारा गठित जिल्लास्तरीय अनुगमन तथा समन्वय समितिले गिट्टी, ढुङ्गा र वालुवाको उत्खनन्, प्रशोधन र ढुवानीलाई व्यवस्थित गर्ने गरी प्रभावकारी ढंगमा अनुगमन र समन्वय गर्ने व्यवस्था मिलाउने गरेको भन्ने उल्लेख गरेको देखिन्छ।

वातावरण मन्त्रालयको जवाफ हेर्दा वातावरण संरक्षण गर्ने विषय समग्रमा चुनौती पूर्ण विषय हो नै। अझ वर्तमान अवस्थामा विश्व जलवायु परिर्वतनको असरबाट जोगिनको लागि के कस्तो क्रियाकलाप गर्नुपर्ने हुन्छ र त्यसका लागि राज्यबाट के कस्ता योजना तथा कार्यक्रम लागू गर्न पर्छ भन्ने विषयमा राष्ट्रिय अनुकूलनसम्बन्धी कार्यक्रम (NAPA) को मस्यौदा गर्ने कार्य लगभग अन्तिम चरणमा पुगेको। वातावरणीय क्षेत्रको प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न एउटा वातावरण मन्त्रालयबाट सम्भव नहुने कुरा साँचो भएको भन्ने उल्लेख गरेको देखिन्छ।

प्रस्तुत निवेदन मुख्यतया निवेदनमा उल्लिखित जिल्लामा स्थापित र सञ्चालित ढुङ्गा, रोडा र क्रसर उद्योगहरूबाट नदी बनजंगल, बस्ती, वरपरका वातावरण प्रदूषण गरी वन्यजन्तुहरूलाई समेत प्रतिकूल असर पर्नुका साथै Overloaded ढुङ्गा गिट्टी, बालुवा रोडा बोकेको ट्रकले गर्दा सडक क्षमताभन्दा बढी भार बोकेका सवारी साधन प्रयोग गरी भारत निकासी गर्दाको कारण सडक विग्रनुका साथै जथाभावी ढुङ्गा, रोडा, बालुवा निकालेका कारण पुलको जगमा समेत असर परी पुलहरू पनि जोखीममा परेको भन्ने जिकीर लिएको देखिन्छ।

२. लिखित जवाफ तथा मिति २०६७।२।१२ को यस अदालतको सयुक्त इजलासको आदेशअनुसार मागिएको जवाफले पनि अझै निवेदन जिकीरको आरोपको स्पष्ट जवाफ दिन नसकेपनि व्यवस्थापिका संसद प्राकृतिक स्रोत र साधन समितिको चुरे भावर लगायतका क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा, उत्खनन र निकासी अध्ययन उपसमितिको प्रतिवेदन २०६६, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल ललितपुरको २३ औ कार्यकारी विकास कार्यक्रमद्वारा तयार गरीएको प्राकृतिक स्रोत ढुङ्गा गिट्टी, बालुवाको नियमन तथा व्यवस्थापन मकवानपुर जिल्लाको स्थलगत अध्ययनको सर्वजितप्रसाद महतो सहितको छ सदस्यीय टोलीले उद्योग विभागमा पेस गरेको उद्योग विभागमा दर्ता भएको ढुङ्गा क्रसिङ उद्योगको स्थलगत निरीक्षण प्रतिवेदन समेत हेर्दा सञ्चालन भएका प्राय ढुङ्गा, गिट्टी, रोडा र क्रसर उद्योग कानूनी प्रक्रिया पूरा गरी स्थापना र सञ्चालन भएको भन्ने देखिए पनि ती क्रसर उद्योगहरूले,

(१) वन क्षेत्रभित्र स्थापना भएको नभएको सम्बन्धमा

(२) पानीको स्रोतलाई असर गरे नगरेको सम्बन्धमा

(३) पानीमा प्रदूषण र फोहर गरे नगरेको सम्बन्धमा

(४) पानीको मुहान सुक्ने कुनै कार्य गरे नगरेको सम्बन्धमा

(५) उद्योग सञ्चालनको कारण जंगली जनावर, पालुवा गाई वस्तुले पिउने पानीमा असर परे नपरेको सम्बन्धमा

(६) धुलो उडी स्थानीय जनताको स्वास्थ्यमा असर पुर्याए नपुर्याएको सम्बन्धमा

(७) वन्यजन्तुलाई कुनै प्रकारको असर पुर्याए नपुर्याएको सम्बन्धमा

(८) उद्योग सञ्चालनको कारण भु-क्षय र वन विनास नहुने र भए नभएको सम्बन्धमा

(९) सडकमा रोडा,गिट्टी र ढुङ्गा बोकेको Over Loaded गाडीले सडक एवं पुललाई क्षति पुर्याए नपुर्याएको सम्बन्धमा

(१०)रोडा, ढुङ्गा र गिट्टी उद्योग सञ्चालन गर्दा वा उद्योग सञ्चालन गर्न इजाजत दिएको क्षेत्र तोकी तोकिएको आर्थिक, बैज्ञानिक, भौतिक पर्यास र पर्यावरणीय दृष्टीले तोकिएको परीमाण भन्दा बढी झिक्न दिन नहुने सम्बन्धमा

(११) आवाज प्रदूषण भएको हुन नहुने सम्बन्धमा लगायतका उद्योग सञ्चालन गर्दा पर्ने यावत वातावरणीय प्रभावका सम्बन्धमा माथि उल्लिखित प्रदूषण लगायत क्षति नोक्सान भए नभएको सम्बन्धमा त्यसको सरकारी निकायबाट निरन्तर बैज्ञानिक Monitor भएको हुन पर्ने हो तर त्यसरी Monitor गर्ने गरेको देखिएन।

३. लिखित जवाफ र यस अदालतको पछिल्लो आदेशअनुसार मगाइएको जवाफ तथा उल्लिखित अध्ययन प्रतिवेदनबाट समेत माथिको प्रकरणको ११ वटा मापदण्डको प्रतिकूल हुने गरी उद्योग सञ्चालन भएको र एकपटक उद्योग सञ्चालन गर्ने अनुमति दिएपछि निरन्तर बैज्ञानिक Monitor हुनपर्नेमा सो गर्ने गरेको देखिएन।

४. संविधानको धारा १६ को प्रदूषण मुक्त स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार अर्थात् Right to Pollution free environment माथि विवेचना गरिएको Public Trust Doctrine अन्तर्गत नेपालको प्राकृतिक स्रोतमा नेपाल सरकार Trustee सम्म मात्र हुने र नेपालको प्राकृतिक स्रोतको कुनै कानूनी आधार वेगर यस प्रकार छाडा रुपले केवल नाम मात्रको राजश्व बुझाएको भरमा मात्र वातावरणमा प्रतिकूल प्रभाव पार्ने गरी कार्य गर्न दिन हुँदैन।

५. प्राकृतिक स्रोतको विकास र प्रयोगमा सतर्कता अपनाउनु पर्छ। प्रकृतिले प्राकृतिक स्रोत सीमित परीमाणमा दिएको हुन्छ र क्षमताभन्दा बढी प्रयोगमा ल्याउँदा वातावरणलाई नकारात्मक र प्रतिकूल असर पर्न जान्छ। सन् १९८८ को Environmental Law Review Vol 12 मा अमेरिकाको मिसिसिपी विश्व विद्यालयको प्रो. David B.Hunter द्वारा लिखित Ecological Perspective on property विषयमाः

Another Major ecological tenet is that the world is finite . The earth can support only so many people and only so much human activity before limits are reached .....भन्दै} The current deterioration of the ozone layer is another vivid example of the Complex unpredictable and potentially catastrophic effects posed by our disregard of the environmental limits to economic growth .....There is limit to the capacity of the environment to service growth, both in providing raw material and in assimilating by product wastes due to consumption भनेको दखिन्छ।

प्रो. Borbara ward ले historically we have changed the environment to fit our conceptions of property. we have fence, plowed and paved. The environment has proven Malleable and to a large extent still is. But there is a limit to this Malleability and certain types of ecologically important resources for example wetlands and riparian forest can no longer be destroyed without enormous long term effects on environmental and therefore social stability. To ecologists the need for preserving sensitive resources does not reflect value choices but rather is the necessary result of objective observations of the laws of nature भनी दुवै विज्ञहरूले प्राकृतिक स्रोतको विकास र प्रयोग गर्दा सञ्चिती र वातावरणमा पर्नसक्ने प्रभावलाई ध्यान दिई वातावरण नै जोखिममा पर्ने गरी प्रयोग गर्न नहुने जिकीर गरेको देखिन्छ।

६. आजको विश्व वातावरणप्रति सचेत गत केही दशक यता मात्र भएको मान्न पर्छ। सन् १९७२ को जुन महिनामा स्वेडेनको स्टकहोममा UN Conference on World Environment सम्पन्न भयो र उक्त Conference र पछि भएको Follow -up action बाट मात्र विश्वमा वातावरणको महत्व र वातावरणलाई विगार्न, मास्न नहुने भनी चेतना जाग्यो। हजारौ वर्ष सम्म मानव समाजले वातावरणको महत्व बुझेन। मानव सभ्यता र जीवनको Survival को लागि वातावरण Ecological System लाई exploit गर्दै विश्व अगाडि बढ्यो। समय वित्दै जाँदा जनसंख्याको बृद्धिको कारण जमिनको माग बढ्यो। जमिनको माग बढेको कारण खाली जग्गाले

मात्र माग पूरा गर्न नसकेकोले मानिसले विस्तारै विस्तारै वनजंगल समेत अतिक्रमण गरी बस्ती बसाल्यो। प्रविधिको विकासको कारण घना बस्तीको रुखहरू कटान गरी मानव बस्ती बस्न सजिलो भएको छ। प्राविधिक विकासको अभावमा घना जंगल फँडान गरी मानव वस्ती बस्न सम्भव थिएन। ढिलै भए पनि अव भने मानव सभ्यतालाई वनजंगल, खोला, नाला, हिमालय श्रृखला जस्ता प्राकृतिक वरदानलाई Intact राख्न पर्ने रहेछ भन्ने महसुस भएको छ। यही कारणले आज वातावरण प्रदूषणसम्बन्धी विभिन्न क्षेत्रीय र अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरू बनेका छन्।

७. औद्योगिकरण, शहरीकरण अर्थात Industrialization, Urbanization, जनसंख्या बृद्धि, प्राकृतिक स्रोतको क्षमताभन्दा बढी उत्खनन् एवं प्रयोग आदि वातावरण प्रदूषण र वातावरण खलवलिनुको मुख्य कारण हो। Ecologists र Biologists को भनाइअनुसार गत २००० वर्षमा पृथ्वीमा पाइने विभिन्न प्राणीहरूमा आधा प्रकारका Species हरू सन् १९०० पश्चात् मात्र लोप भए भनिन्छ। विज्ञहरूको भनाइअनुसार हाल चरा चुरुङ्गी र जनावर गरी १००० Species लोप हुने अवस्थामा विश्व पुगेको छ।

८. वातावरणको विनासको यो गतिलाई ध्यानमा राखी राज्य चुप लागेर बस्न हुँदैन। राज्य Vigilant हुनुपर्छ। राज्यले वातावरण संरक्षणमा सक्रिय भई प्रभावकारी कानून एवं अन्य आवश्यक प्रशासनिक व्यवस्था गरी भावी सन्तानको लागि वातावरण जोगाई राख्नुपर्छ। वातावरण प्रदूषण वास्तवमा राज्यको खराब Socio-Economic Policy को कारण नै हुने हो। यदि यस पूनित कार्यमा कार्यपालिकाले आफ्नो संबैधानिक कर्तव्य पालना गर्न ढिलाई गर्छ वा पछि पर्छ भने नागरिकहरूको मौलिक हकको guardian अदालत चुप लागेर बस्न हुँदैन। वातावरण जोगाउने यस अदालतले पाएको Constitutional Mandate पूरा र पालना गर्नुपर्छ।

९. संयुक्त राष्ट्रसंघको Rio Declaration, Stockholm Conference १९७२ र १९८६ को UN Resolution र Earth Summit ले नै वातावरणको महत्वको बारेमा विश्वलाई विउँझायो। Earth Summit मा "Each year as many as 50000 species become extinet, Up to 17 Million hectares of forests disappear, More than 8.2 billions of carbon dioxide are dumped into the atmosphere and some 6.2 million tons of refuse finds it's way in to the worlds seas chocking sea lives and, poisoning fish" भनिएको छ। यसले वातावरण प्रदूषणको मात्रा देखाउँछ। वातावरण संरक्षण आज कुनै एक देशको मात्र समस्या र जिम्मेदारी नभई सारा विश्वको नै समस्या र जिम्मेवारी हो। वातावरण संरक्षणमा अन्तर्राष्ट्रिय कानूनको विकास हेर्दा विगतमा कुनै एकताका आर्थिक विकास र वातावरण Mutually Exclusive मानिने थियो भने आज त्यो मानिदैन। आजको विश्व

संरक्षित वातावणमा सचेत छ। वातावरण संरक्षणको सम्बन्धमा आजको विश्वको नारा आर्थिक विकास तर वातावरण संरक्षण र वातावरण सन्तुलन" भन्ने नारा हो।

१०. बढ्दो वातावरण विनासको कारण Sustainable Development को नारा ७० को दशकमा प्रारम्भ भयो। Sustainable Development पहिलो पटक सन् १९७२ मा Stockholm Declaration १९७२ बाट शुरु भयो। त्यसपछि १९७२ को Stockholm Declaration को Sustainable development को नारालाई सन् १९७८ को World Commission on Environment and Development को प्रतिवेदन जसलाई Our Common future नामाकरण गरियो। यसले पूर्णता प्रदान गर्यो। World Commission on Environment and Development मा नर्बेका तत्कालीन प्रधानमन्त्री Gro Harlem Brundtland द्वारा अध्यक्षता भएको थियो। त्यसैले प्रतिवेदनको नाम नै "Brundtland Report राखियो। त्यसपछि सन् १९९१ मा World Conservation Union, United Nations Environment programme र worldwide Fund for Nature मिली संयुक्त रुपमा Caring for the earth" नामकोनारा निकाली Sustainable living, को रणनीति ल्याए। तत् पश्चात् सन् १९९२ जुन मा ब्राजीलको Rio मा Earth Summit सम्पन्न भयो र अन्त्यमा यस वर्ष डेनमार्कमा Copenhagen Summit सम्पन्न भयो। Rio मा भएको Earth Conference मा दुई प्रमुख Convention मा हस्ताक्षर भयो। ति दुईमा एउटा Bio Diversity र अर्को Climate Change हुन्। कूल १५३ राष्ट्रले यसमा हस्ताक्षर गरे। Rio Conference मा उक्त २ Convention मा १५३ राष्ट्रले हस्ताक्षर गर्नुको अलावा Consensus द्वारा विभिन्न ३ None binding Documents पनि Approve गरे। ती हुन- Statement on forestry principles Declaration of principles on environmental policy and development initiatives , Programme of action into the next century in areas like poverty, population and pollution.

Stockholm Declaration देखि Rio Earth summit Convention on climate Change र पछिल्लो Copenhagen summit र सम्मको ३ दशक लामो अवधिको विकास क्रम हेर्दा Eco System लाई Preserve गर्दै गरिवी उन्मूलन मानव जीवनको रहन सहनमा गुणात्मक सुधार गर्न Sustainable Development लाई viable Concept मानिएको छ । Brundtland Report को Sustainable Development को परिभाषाअनुसार "Development that meets the needs of the present without compromising the ability of the future generations to meet their own needs" भन्ने व्याख्या वा अर्थ गरिएको देखिन्छ।

Stockholm Declaration ले पहिलो पटक मानव अधिकार र वातावरणको सम्बन्धका

बारेमा Man has the fundamental right to freedom equality and adequate conditions of life in an environment of a quality that permits a life of dignity and well being and he bears solemn responsibility to protect and he bears solemn responsiblity to protect and improve the environment for present and future generations भनेको देखिन्छ।

Rio Declarations ले "The environment shall constitute an integral part of the development process and environmental issues are least handled with the participation of all concerned Citizens. भनेको देखिन्छः

Rio declaration ले नै states shall develop national laws regarding liability and compensation for the victims of pollution and other environmental damage and that international law should be further developed regarding liability for environmental damages भनेको देखिन्छ।

११. वातावरणीय समस्याको सम्बन्धमा उक्त Declaration हरू अन्तर्राष्ट्रियस्तरमा पथ प्रदर्शक Declaration हरू हुन। उपरोक्त Declaration ले वातावरणीय समस्यालाई एकल्याएर हेर्ने नभई समग्र नागरिकले संगठित भएर सामना गर्नुपर्ने र Polluter Pay Principle लाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक कानून निर्माण गर्न जोड दिएको छ। Rio declaration on environment and development को Principle 10 मा अन्य कुराहरूको अतिरिक्त वातावरणीय समस्याको छिटो समाधान हुन पर्नेमा जोड दिदैं Effective access to judicial and administrative proceedings including redress and remedy shall be provided भनी वातावरणीय विवादमा सर्वसाधारणको सीघ्र पहुचलाई जोड दिएको देखिन्छ।

१२. संयुक्त राष्ट्र संघको तत्ववधानमा भएको नर्बे देशको तत्कालीन प्रधानमन्त्री Gro Harltem Brundtland द्वारा अध्यक्षता गरिएको विश्व वातावरण सम्बन्धी सम्मेलन World Commission on environment and Development जसलाई Brundtland Report भनिन्छ उक्त प्रतिवेदनले औद्योगिकरणको कारण भएको विश्वको नै विग्रदो वातावरणका सम्बन्धमा विश्वका सबै राष्ट्रहरूको ध्यानाकर्षण गराएको छ। उक्त प्रतिवेदनको केही प्रासंगिक अंश यहाँ उल्लेख गर्न आवश्यक र सान्दर्भिक देखिन्छ। उक्त प्रतिवेदनमा आर्थिक विकास र वातावरणीय समस्यालाई अलग्याएर हेर्न नमिल्ने सम्बन्धमाः

"There has been a growing realisation in national Governments and multilateral Institutions that it is impossible to separate economic development issues from environment issues, many forms of development erode the environmental resources upon which they must be

based, and environmental degradation can undermine economic development . Poverty is a major cause and effect of global environmental problems. It is therefore futile to attempt to deal with environmental problems without a broader perspective that encompasses the factors underlying world poverty and international inequality .....

Many present development trends leave increasing numbers of people poor and vulnerable, while at the same time degrading the environment . How can such development serve next century's world of twice as many people relying on the same environment ?....More than 90 per cent of the increase (in Population) will occur in the poorest .....countries .....

Meanwhile, the industries most heavily reliant on environmental resources and most and .....heavily pollution are growing most rapidly in the developing world is .....where then more urgency for growth and less capacity to minimize damaging side effect ecology ..... and economy are becoming ever more interwoven locally, regionally, nationals and globally into a seamless net of causes effects.....

The other great institutional flaw in coping with environment/development challenged is Government's failure to make the bodies whose policy actions degrade the environment responsible for ensuring that their policies prevent that degradation. "... भनी ध्यानाकर्षण भएको देखिन्छ।

उक्त प्रतिवेदनको १२ औं भागमा वातावरण प्रदूषण रोकथामको लागि बेलैमा संस्थागत एवं कानूनी परिवर्तनका लागि सबै राष्ट्रको ध्यानाकर्षण गराउँदै

"Developing countries face the challenges of desertification, deforestation, and pollution and endure most of the poverty associated with environmental degradation..... The .....few decades are crucial for the future of humanity. pressures on the planet are now unprecedented and are acceleration at rates and scales new to human experience: a doubling of global population in a few decades, with most of the growth in cities, a five to ten fold increase in economic activity in less than half a century; and the resulting pressures for growth and changes in agricultural, energy, and industrial systems, opportunities for more sustainable forms of growth and development are also growing . New technologies and potentially unlimited access to information offer great promise.....Environmental protection

and sustainable development must be an integral part of the mandates of all agencies of Government of international organizations, and of major private-sector institutions These must be made responsible and accountable for ensuring that their policies, programmers and budgets encourage and support activities that are economically and ecologically sustainable both in the short and longer time." भनिएको देखिन्छ।

१३. योजनाकार एवं सरकारले योजना बनाउँदा आर्थिक विकास र औद्योगिक विकास तथा वातावरणको संरक्षणलाई Balance गर्न सक्नुपर्छ। आजको २१ औ शताव्दीको विश्व स्वच्छ वातावरणको आवश्यकता र महत्वको बारेमा Conscious हुनुपर्छ। वातावरण विनासको Cost को आर्थिक विकास स्वीकार्य हुँदैन। खास गरी दोस्रो विश्वयुद्ध पछि खास गरी विकसित पश्चिमी राष्ट्रहरूमा उल्लेखनीय आर्थिक विकास भयो त्यसैगरी तेस्रो विश्वका Newly Emerging Economy हरू जस्तै चाइना, भारत, ब्राजिल लगायतका राष्ट्रहरूमा गतको दशकबाट द्रुत्ततर आर्थिक विकास त भयो तर आर्थिक विकास गर्दा वातावरणमा पर्ने प्रभावलाई त्यति ध्यान नदिई भएको औद्योगिक विकासको कारण आज विश्व Global Warming बाट पिडित छ। त्यसैले आर्थिक विकास गर्दा वातावरण विनास हुन नदिन र आर्थिक विकास र वातावरण संरक्षणलाई Balance गर्नु पर्दछ। विज्ञहरूको भनाइअनुसार वातावरण सरंक्षण नगर्ने हो भने मानव सभ्यताको भावि Generation ले दुःख पाउँछन्। यहाँ विश्व प्रसिद्ध वातावरणविद् Ecologist Tom dalte र Vernon Gill carter द्वारा लिखित Topsoil and civilization पुस्तकमा वातावरणको विनास मावन जातिबाट नै हुन्छ। मानव जातिले नै वन विनास गर्दछन्। पानीको मुहान सकाउँदछन् आदि भन्दैः

"Man, whether civilised of savage, is a child of nature- he is not the master of nature. He must conform his actions to certain natural laws if he is to maintain his dominance over his environment . when he tries to circumvent the laws of nature, he usually destroys the natural environment that sustains him. And when his environment deteriorates rapidly, he.... civilisation declines.....

The writers of history have seldom noted the importance of land use. They seem not to have recognized that the destinies of most of man's empires and civilisations were determined largely by the way the land was used. while recognising the influence of environment on history , they fail to note that man usually changed or despoiled his environment. How did civilised man despoil this favourable environment ? He did it mainly by depleting or destroying the natural resources . He cut down or burned most of the usable timber

from forested hillsides and valleys. He over-grazed and denuded the grasslands that fed his livestock. He killed most of the wildlife and much of the fish and other water life. He permitted erosion to rob his farm land of its productive topsoil. He allowed eroded soil to clog the streams and fill his reservoirs, irrigation canals, and harbours with silt. In many cases, he used and wasted most of the easily mined metals of other needed minerals. Then his civilisation declined amidst the despoliation of his own creation or he moved to new land. There have been from ten to thirty different civilisations that have followed this road to ruin (The number depending on who classifies the civilisations)" भनेको देखिन्छ।

१४. वातावरण प्रदूषण गर्नमा मानव समाजको ठूलो भूमिका रहेको भन्ने माथिका व्यक्तित्वको कथनबाट देखिन्छ। अव यस प्रसंगमा विचार गर्दा ढुंगा, रोडा, गिट्टी उद्योग सञ्चालन गर्दा पिउने पानीको मुहान प्रदूषण गर्नु हुँदैन। स्वच्छ पिउने पानी प्रत्येक व्यक्तिको मौलिक हक एवं मानव अधिकार हो। संयुक्त राष्ट्र संघको साधारण सभाले "The right to safe and clean drinking water and sanitation as a human right that is essential for the full enjoyment of the right to life" भनी बहुमतद्वारा प्रस्तुत पारित समेत भएको छ। पानी जस्तो अत्यावश्यक वस्तु प्रदूषण हुने गरी उद्योग सञ्चालन हुन्छ भने सरकार मुकदर्शक भएर बस्न हुँदैन।

१५. संविधानको धारा १६ तथा अन्य कानूनले प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणको मौलिक हक प्रदान गर्दछ। धारा १६(१) को मौलिक हकअन्तर्गत सफा र स्वच्छ हावा, प्रदूषणरहित सफा र स्वच्छ वातावरण शुद्ध सफा र स्वच्छ पानी पर्दछ। यसको अलावा कसैले आफ्नो हक उपयोग र प्रयोग गर्दा स्वभावत निस्कने आवाज वाहेक आवाजमुक्त वातावरण र वासस्थानमा बस्दा वा बाल बच्चाको अध्ययन गर्दा आवाज मुक्त वातावरणमा बस्न रहन पाउने हक पनि धारा १६ बाट उत्पन्न हुन्छ। यदि कसैले आफ्नो पेशा व्यवसाय सञ्चालनको नाममा वा कसैले आफ्नो अधिकार प्रयोगको नाममा कुनै Locality मा माथि उल्लिखित कुरा र कारणले माथि उल्लिखित प्रदूषण गर्दछ र अर्कालाई असर गर्दछ भने त्यस्तो कार्य Nuisance भई त्यस अवस्थामा धारा १६ को हक हनन हुन जान्छ। ढुंगा, रोडा, गिट्टी उद्योग सञ्चालन गर्दा Nuisance हुने गरी सञ्चालन हुन सक्दैन।

यहाँ Blactcstone's Commentaries on the laws of England Vol. III Chapter XIII का अनुसार देहायको कार्यहरू Nuisance मानिन्छः

"Also, if a person keeps his hogs, or other noisome animals , or allows filth to accumulate on his premises, so near the house of another that the stench incommodes him and makes the air unwholesome, this is an injurious nuisance, as it tends to deprive him of the use and benefit of his house. A like injury is, if one's neighbour sets up and exercises any offensive trade, as a tanner's a tallow-chandler's or the like; for though these are lawful and necessary trades, yet they should be exercised in remote places ; for the rule is, sic utere " tuo, ut. alienum non laedas," this therefore is an actionable nuisance. And on a similar principle a constant ringing of bells in one's immediate neighbourhood may be a nuisance...with regard to other corporeal heriditaments; it is a nuisance to stop or divert water that used to run to another's meadow or mill, to corrupt or poison a water course, by erecting dye-huge area lime-pit, for the use of trade, in the upper part of the stream; to pollute a pond , from which another us entitled to water his cattle ; to obstruct a drain ; or in short to do any act in common property, that in its consequences must necessarily tend to the prejudice of one's neighbour. So closely does the law of England enforce that excellent rule of gospel-morality, of "doing to others, as we would they should do unto ourselves."

१६. प्रस्तुत निवेदनमा ढुंगा, रोडा, गिट्टी उद्योग सञ्चालन गर्दा खोला र पानीको मुहान पनि ढुंगा, रोडा, आदीको धुलोले प्रदुषीत भएको भन्ने देखिन्छ। यसरी पानीको मुहान प्रदूषण गर्ने कार्य Nuisance हो। संविधानले प्रत्येक व्यक्तिलाई स्वच्छ र प्रदूषणमुक्त वातावरणमा बाँच्न पाउने मौलिक हक प्रदान गरेको हुँदा उद्योग सञ्चालन गर्दा अरुको धारा १६ को मौलिक हक हनन नहुने गरी मात्र उद्योग सञ्चालन गर्न पाउँछ।

१७. प्राकृतिक स्रोतको खोजतलास, उत्खनन उत्पादन विक्री वितरण आदि गर्न कसैलाई इजाजत अनुमति दिनु अगाडि कानूनले राज्यलाई केही कर्तव्य तोकेको छ। त्यो कार्य राज्यबाट पूरा हुनुपर्दछ। तर पूरा हुने गरेको देखिएन। खानी तथा खनिज पदार्थ सम्बन्धी ऐन, २०४२ को दफा ३ मा नेपाल राज्यमा रहेका खनिज पदार्थको स्वामित्व नेपाल सरकारमा रहने व्यवस्था भएको छ। ढुङ्गा, गिट्टी, बालुवा सबै प्राकृतिक स्रोत हुन। ती प्राकृतिक स्रोतहरू देशको आर्थिक विकासको काममा पनि वातावरणलाई प्रतिकूल प्रभाव नपार्ने हदसम्म मात्र राज्यले प्रयोग गर्न

पाउँदछ। तर यहाँ त रोडा, ढुङ्गा जस्ता प्राकृतिक स्रोत जुन स्रोत राज्यको सम्पत्ति हो, जुन सम्पत्ती सबै नागरिकहरूको बृहत्तर हितमा मात्र लगाउन पर्नेमा वातावरण विग्रने गरी स्थानीय निकायको आम्दानीको स्रोतको रुपमा त्यस्तो स्रोतको Market Value पनि नहेरिकन केवल बोल कबोलमा स्थानीय निकायको आम्दानीको स्रोत मात्र हेरिएको देखियो। प्राकृतिक स्रोतको उत्खनन र प्रयोग गर्दा आर्थिक लाभको दृष्टिले मात्र हेर्ने नभई त्यस्ता प्राकृतिक स्रोतलाई प्रयोग गर्दा वातावरणमा कत्तिपनि प्रतिकूल असर नपार्ने गरी, मात्र उत्खनन र प्रयोग गर्नुपर्छ।

१८. प्राकृतिक स्रोतको खोजतलास, उत्खनन र प्रयोगमा ल्याउँदा वातावरण, वनजंगल, पानीको स्रोत वन्यजन्तु, भू-क्षय, वन विनास, वायुमण्डल, वातावरण, सडक, पुल बस्ती, खोला नाला आदीमा प्रतिकूल प्रभाव पार्न नदिनको लागि इजाजत दिनु अगाडि वातावरणीय प्रभाव अध्ययन गरेर मात्र इजाजत दिने कानूनी व्यवस्था भएको देखिन्छ। प्रचलित कानून हेर्दा भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा ४, दफा १०, जलस्रोत ऐन, २०४९ को दफा १७, दफा १९, दफा २० ,वन ऐन, २०४९ को दफा ४९, दफा ६८, दफा ७० र वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावलीका व्यवस्थाअनुसार वातावरणमा कुनै प्रकारको प्रतिकूल असर नपर्ने देखिएमा मात्र र क्षमता हेरी उद्योग सञ्चालनको अनुमति दिने कानूनी व्यवस्था भएकोमा उल्लिखित क्षेत्रमा भएको अध्ययनको विभिन्न प्रतिवेदनबाट राज्यले कानूनी व्यवस्था पालना नगरी माथि उल्लिखित उद्योग सञ्चालन गर्न दिएको देखिएको र क्रसर उद्योगहरूले व्यापक प्रदूषण गर्ने गरी सञ्चालन भई रहने मात्र होइन सडकको क्षमताभन्दा बढी Over Loaded गाडीले सार्वजनिक सडक र पुललाई समेत क्षति पुर्याएको देखियो। आज यो निर्णय सुनाउन भन्दा अगाडि July २९,२०१० को The Himalayan Times र अन्नपूर्ण पोष्टको खबर अनुसार सिन्धुपाल्चोक जिल्लाको इन्द्रावती र सुनकोसी नदीमा पनि क्रसर उद्योग सञ्चालन भइ रहेको र ती क्रसर उद्योगहरूले मापदण्डविपरीत बालुवा र ढुङ्गा व्यापक रुपले झिकेको भन्ने देखिन्छ। उक्त पत्रिकाको समाचारअनुसार ति क्रसर उद्योगले ढुङ्गा र बालुवा स्थानीय ठेकेदारहरू सँग खरीद गर्नुपर्ने भन्ने पनि देखियो। यसबाट नेपाली जनताको साझा सम्पत्तीको रुपमा रहेको ढुङ्गा, बालुवा जस्ता प्राकृतिक स्रोत केही व्यक्तिहरूले सरकारलाई नाममात्रको दस्तूर बुझाएर सार्वजनिक सम्पत्तिमा व्यापार गरेको भन्ने पनि देखियो।

१९. उपरोक्त प्रकरणहरूमा गरिएको विवेचना तथा विश्लेषणहरूमा आधारित ढुंगा, रोडा, बालुवा, गिट्टी, क्रसर उद्योग, ढुंगा खानीहरूको सञ्चालन तथा यस्ता प्राकृतिक साधनहरूको अनियन्त्रित

खोदन, प्रयोग, ढुवानीको कार्यबाट देशको वातावरणीय पर्यावरणमा अपूरणीय क्षति भइ रहेको तथा राष्ट्रले अरबौं रुपैया खर्च गरी निर्माण गरेका महत्वपूर्ण भौतिक संरचनामा निम्न अनुसारको नकारात्मक असर परेको देखिन्छः

(क) नेपालको राजमार्गहरूको भारवहन क्षमता १०.२ टन प्रति Axle मात्र रहेको तर ४० टन भन्दा बढी लोड गरी राजमार्गमा त्यस्ता ढुवानी साधनहरू चलाउने गरेको

(ख) भारबहन क्षमताभन्दा बढी लोड भएको गाडीहरू चलाएको कारणले राजमार्गहरूमा धेरै ठूलो क्षति भएको र यो क्षति मर्मत गर्नको लागि मात्र ११ अरब ४० करोड लाग्ने र सामान्य मर्मतसम्म गर्न पनि प्रतिवर्ष ४ अरब खर्च लाग्ने,

(ग) असन्तुलित, अनियन्त्रित तथा अव्यवस्थित रुपमा बालुवा, ढुंगा र रोडाहरूको खोदन, संकलन र ढुवानी गरेको कारणले वातावरणमा प्रतिकूल असर परेको, कृषियोग्य जमिन नासिदै गएको, पानिको स्रोतहरू सुकेको वाढी र पहिरोको प्रकोप बढेको, महत्वपूर्ण राजमार्गको पुलहरू भासिने अवस्थामा पुगेको,

(घ) क्रसर, रोडा उद्योगहरू सञ्चालन गर्ने अनुमति दिंदा र बालुवा गिट्टीको संकलन तथा ओसार-पसार गर्ने इजाजत दिंदा राज्यका जिम्मेवार निकायहरू बीच एक अर्कोमा समन्वय (Co-ordination) नभएको,

(ङ) क्रसर उद्योगको सञ्चालन तथा ढुंगा, रोडा, गिट्टी तथा बालुवाको खोदन, संकलन तथा ओसार-पसार गर्दा यसबाट राष्ट्रको प्राकृतिक सम्पदा तथा भौगोलीक दृष्टिले संवेदनशील क्षेत्रहरूमा पर्ने नकारात्मक असर र राजमार्ग सडक तथा पुल जस्तो राष्ट्रिय महत्वका भौतिक संरचनामा हुन पुग्ने क्षतिको नियन्त्रण र रोकथाम गर्ने कार्यमा राज्यको सम्बन्धित निकायले पूरा गर्नुपर्ने कानूनी दायित्वप्रति तथा जिम्मेवारी बहन नगरेको र यसतर्फ उदासीन रहेको,

(च) ढुंगा, रोडा, गिट्टी, बालुवा जस्ता महत्वपूर्ण प्राकृतिक सम्पदाको दोहन, प्रयोग तथा संरक्षण गर्ने सम्बन्धमा राज्यको दीर्घकालीन तथा अल्पकालिन राष्ट्रिय नीति तय नगरेको,

(छ) देशभित्र रहेको प्राकृतिक सम्पदाहरूको स्वामित्व राज्यमा रहने भए तापनि राज्यले यी सम्पदाको ट्रस्टीको (Trustee) को रुपमा काम गर्नुपर्ने र यी सम्पदाहरूको चीरकालीन संरक्षण गर्नुपर्ने अपरिहार्यताको सन्दर्भमा यस्ता प्राकृतिक साधनहरूको दोहन, उपयोग, प्रयोग

कुनै सीमित व्यक्ति वा समुहको हितको लागि नभई सर्वसाधारण सबैको हितमा प्रयोग गर्नु गराउनु पर्ने भन्ने अन्तर्राष्ट्रिय मान्यताप्रति राज्यका सम्बद्ध निकायहरू बेसरोकार तथा बेखबर रहेको र निजहरूमा आफ्नो जिम्मेवारी बोधको अभाव भएको।

२०. उपरोक्त समस्याहरूको निराकरण गर्न र सबै नेपालीको साझा सम्पत्तिको रुपमा रहेको प्राकृतिक स्रोत कुनै एक व्यक्तिको स्वामित्व हुन नसक्नुका साथै त्यस्ता प्राकृतिक स्रोतको प्रयोग गर्दा वातावरणलाई प्रतिकूल प्रभाव नपार्ने गरी सार्वजनिक हित हुन पर्ने कार्यमा मात्र प्रयोग हुनुपर्ने हुँदा प्रस्तुत मुद्दामा देहायबमोजिम गर्नु भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नाममा यो निर्देशनात्मक आदेश जारी गरिएको छः

१. ढुङ्गा, बालुवा आदि प्राकृतिक स्रोत हुन। प्राकृतिक स्रोत Public Trust Doctrine अनुसार कुनै व्यक्तिको Ownership मा हुन सक्दैन। सरकार प्राकृतिक स्रोतको केवल Trustee सम्म मात्र हो। त्यसैले प्राकृतिक स्रोत सबै नेपालीको Common benifit र सार्वजनिक हित हुने काममा मात्र प्रयोग हुन सक्ने तरिकाले व्यवस्थापन गरी उपयोग गर्ने नीति तय गर्नु,

२. प्राकृतिक स्रोतको उत्खनन् प्रयोग आदि गर्दा माथि उल्लिखित कानूनअनुसार वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी सञ्चालन गर्न आवश्यक व्यवस्था गर्नु,

३. कानूनी व्यवस्थाअनुरूप कुनै योजना आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा प्रस्ताव तयार गर्नुपर्ने हुन्छ। त्यस्तो प्रस्ताव कार्यन्वयन गर्दा वातावरणीय प्रभाव र परीक्षण मूल्याङ्कन गर्नुपर्ने हुन्छ। यसरी वातावरणीय प्रभाव र परिणाम मूल्याङ्कन गर्ने भनेको वातावरणलाई प्रभाव पार्ने नपार्ने र पार्ने भए त्यस्तो प्रभावलाई हटाउने वा कम गर्ने अध्ययन र मूल्याङ्कन हो। वातावरण संरक्षण नियमावलीको व्यवस्थाअनुसार वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा सार्वजनिक सूचना जारी गरी गाउँ विकास समिति वा नगरपालिका वा त्यस क्षेत्रका स्कूल, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाबाट सुझाव लिने र उनीहरूको सुझावअनुरूप प्रस्ताव कार्यान्वयन हुने नहुने विशेष भूमिका देखिन्छ। सो कानूनी व्यवस्था नै Defective देखिन्छ। यो व्यवस्था फौजदारी मुद्दामा सर्जमिन गर्ने र सर्जमिनका भरमा कसैलाई दोषी ठहर्याउने वा दोषी नठहर्याउने व्यवस्था सरह हो।

२१. वातावरण प्रदूषण हुने नहुने भन्ने कार्य उल्लिखित निकायका व्यक्तिहरूले दिएको वा व्यक्त गरेको व्यक्तिगत विचार र रायले यकीन र निर्धारण गर्ने विषय होइन। वातावरण प्रदूषण हुने

नहुने भन्ने कुरा प्रस्ताव प्राप्त भएपछि नेपाल सरकारको आफ्नो वा कुनै निष्पक्ष विशेषज्ञ जस्तै भूर्गभविद, भुगोलविद, भौतिक शास्त्री, रसायन शास्त्री, वातावरण विशेषज्ञ, जलस्रोत विशेषज्ञ, वन वन्यजन्तु विशेषज्ञ समेतको विशेषज्ञ तथा अर्थशास्त्री सहितको टोलीले प्रस्तावको सन्दर्भमा प्रस्ताव कार्यान्वयन हुने स्थलको बैज्ञानिक अध्ययन विश्लेषण गरी प्रस्ताव कार्यान्वयन गर्दा वातावरण प्रदूषण हुने नहुने यकीन हुने प्राविधिक र बैज्ञानिक विषय हो। तर अव्यवहारिक र अनुपयुक्त कानूनी व्यवस्था हेर्दा प्रस्तावक आफैले सार्वजनिक सूचना जारी गरी उल्लिखित व्यक्ति र संस्थाहरूको विरोध वा समर्थनमा प्रस्ताव कार्यान्वयन गर्दा प्रदूषण हुने नहुने Determine हुने यस्तो कानूनी व्यवस्था त्रुटिपूर्ण देखिन्छ। तसर्थ उक्त व्यवस्थाको सट्टामा प्राविधिक अध्ययन गरी वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था गर्नू।

(१) उद्योग सञ्चालन गर्ने इजाजत दिनु अगाडि सरकार आफैले कति हदसम्म ढुङ्गा, रोडा, बालुवा झिक्न दिंदा वातावरण सन्तुलन विग्रदैन हेरी अध्ययन गरी त्यत्ति हदसम्म मात्र झिक्न अनुमति दिनुपर्छ। त्यसरी बैज्ञानिक आधारमा उत्खनन गर्न सक्ने कुरा निर्धारण गरी त्यो हद ननाध्ने गरी इजाजत दिने त्यसको अनुगमन गर्ने र इजाजत अवधि समाप्त भएपछि त्यो क्षेत्रलाई यथास्थितिमा ल्याउने शर्त तोक्नू।

(२) प्रस्ताव कार्यान्वयनमा उद्योग विभागले दर्ता गरी स्वीकृति दिएपछि विशेषज्ञ सम्मिलित टोलीबाट Monitor हुने कानूनी व्यवस्था देखिएन। उद्योग सञ्चालन भएपछि विशेषज्ञले नियमित पानीको Sample लिने, आवाज कत्तीको प्रदूषण भयो जाँच्नु पर्ने। आवाजले वनजंगल र Flora and Funna र वन्यजन्तुलाई कति प्रभाव पार्यो हेर्ने। उद्योग सञ्चालन गर्दा वनक्षेत्र छोयो, छोएन सो केही हेरेको देखिएन। वायूमण्डलमा धुवाँ र धुलोले कती प्रदूषण गर्यो, वरपरको वस्ती, पानीको स्रोत मुहान आदिमा के कति असर गर्यो, गरेन Raw Material ढुङ्गा र बालुवा कति उत्खनन गर्यो इजाजत दिएको क्षेत्रको क्षमता भन्दा बढी निकालिएको छ छैन सो पनि हेर्ने आदि केही हुने गरेको देखिएन। तसर्थ यी सबै कुरा उद्योग सञ्चालनकै अवस्थामा नियमित रुपमा अनिवार्य Monitor गर्ने व्यवस्था गर्नू।

(३) निवेदकको अर्को मुख्य माग ट्रकको क्षमता भन्दा बढी ढुङ्गा, बालुवा, रोडा लोड (Load) गरी त्यस्तो Over Loaded ट्रकले सडक तथा पुललाई क्षति पुर्याएको कारण यसलाई पनि रोकिपाऊँ भन्ने पनि माग भएको हुँदा सो सम्बन्धमा देहायबमोजिम गर्नुः

(क) यस प्रकार ट्रकमा रोडा, ढुङ्गा, बालुवा Overload गरी चलाउने कार्यलाई रोक्नको लागि प्रहरी परिचालन गर्नु,

(ख) जनताको कर तिरेको पैसाले बनेको सडक सबैको साझा सम्पत्ति हो। यस्तो सम्पत्ति रोडा, ढुङ्गा,उद्योग सञ्चालन गर्ने केही सीमित व्यक्तिहरूको मात्र आर्थिक फाइदाको लागि चलाएको Overloaded सवारी साधनको प्रयोगले हुन गएको सडकको क्षतिको polluter pay principle मर्मत गर्न जनतालाई पुनः करको भार बोकाउनु हुँदैन। तसर्थ यस्ता रोडा, ढुङ्गा, बोकेको सवारी साधनको कारण मर्मत सम्भारमा Polluter pay principle को सिद्धान्त कडाइका साथ लागू गर्नू।

(ग) यस्तो साझा सम्पत्तिको सडक तथा पुलमा कसैको व्यक्तिगत फाइदाको लागि सोको क्षमता र सवारी साधनको क्षमताभन्दा बढी Overloaded सवारी साधन चलाउँदा सडक र पुलको क्षति हुने उल्लिखित कारणहरूले गर्दा त्यस्ता Overloaded सवारी साधन चलाउन नदिन नेपाल प्रहरीलाई कडा निर्देशन दिनू। साथै त्यस्ता सवारी साधनको Weight जाँच गर्न सडकका मुख्य मुख्य ठाउँमा अनुसार सवारी धनीकै खर्चमा जाँच यन्त्र राखी Weight जाँच गर्ने व्यवस्था मिलाई जाँचपास हुने सवारी साधनलाई मात्र सडकमा प्रवेश दिने व्यवस्था मिलाउनू।

(४) निवेदकको माग बालुवा, रोडा,ढुङ्गा भारत निकासी रोकिपाऊँ भन्ने पनि छ। मिसिल हेर्दा नेपाल र भारतसँग भएको सन्धिअनुसार भारत निकासी गरिएको भन्ने देखिन्छ। प्राकृतिक स्रोत प्रकृतिले प्रयोगकै लागि दिएको हो। त्यसकारण राष्ट्र निर्माण र आर्थिक विकासमा प्राकृतिक स्रोतको प्रयोग नगर्नु भन्न मिल्दैन। तर यसरी निकासी गर्दा त्यसको Sustainable प्रयोग हुनुपर्छ। वातावरण नै प्रदूषण गरेर वा प्राकृतिक स्रोत निकाल्दा वरपरका अन्य क्षेत्र, बस्ती, सडक, पानीको मुहान, वन, वन्यजन्तु, प्राचिन स्मारक आदिलाई प्रतिकूल असर पर्ने भए त्यसलाई रोक्नु पर्छ। त्यसै गरी क्षमताभन्दा बढी निकाल्न पनि हुँदैन। तसर्थ हाललाई रोडा, ढुङ्गा, बालुवा निकासी गर्ने कार्य रोकी यस अदालतको आदेशअनुसार गठित प्राविधिक समितिले तत् तत उद्योगबाट अझै ढुङ्गा, रोडा, बालुवा निकाल्न सक्ने क्षमता, आर्थिक लगायत वातावरणीय दृष्टिले सम्भव छ भन्ने प्रतिवेदन दिएमा सो बमोजिम निकासी गर्नूः

(क) उपरोक्त कार्यको लागि नेपाल सरकारको सम्बन्धित निकायको संयोजकत्वमा देहायबमोजिमको एक समिति गठन गर्ने ,

१) वातावरण मन्त्रालयको वा वातावरण मन्त्रालयले तोकेको वातावरणविद् संयोजक

२) भू-गर्भशास्त्री

३) माइनिङ्ग इन्जीनियर

४) उद्योग विभागको प्रतिनिधि

५) स्थानीय निकायको प्रतिनिधि र

६) नेपाल सरकारले तोकेको आवश्यक अन्य सदस्य तथा वातावरणविद् भएको एक समिति गठन गर्ने

(ख) दर्ता नभई सञ्चालन भएको र इजाजत अवधि नाघेका उद्योगहरू बन्द गर्ने

(ग) दर्ता भई अवधि ननाघेको सञ्चालनमा रहेको उद्योगहरूले प्रदूषण गरे नगरेको, उद्योग सञ्चालन गर्ने अनुमति दिएको क्षेत्रमा ढुङ्गा, बालुवाको Exploitation क्षमता अर्थात् परिमाण अव कति छ यकीन गर्ने यदि अब अरु बढी उत्खनन् गर्दा वातावरणीय र भौगोलीक क्षति पुग्ने भएमा त्यस क्षेत्रमा सञ्चालित उद्योग बन्द गर्नू।

तर अहिले नै वातावरण प्रदूषण गरिरहेको देखिएमा उत्खनन गर्दा वातावरणलाई प्रतिकूल असर पार्छ भने तुरुन्त बन्द गर्नू।

(५) अव उप्रान्त उद्योग स्थापनाको अनुमति दिंदा प्रस्तावकले पेस गरेको प्रस्तावमा संलग्न वातावरण प्रभाव मूल्याङ्कनलाई यस आदेशअनुसार गठीत समितिले हेरी दिएको राय र प्रतिवेदन अनुसार ख्भचषथ गरी अनुमति प्रदान गर्नू।

(६) बालुवा, ढुङ्गा, प्राकृतिक स्रोत भएको कारण Public Trust Doctrine र संविधानको धारा ३३(ण) अनुसार प्राकृतिक स्रोत सरकारको स्वामित्वको सार्वजनिक सम्पत्ति हो। यस्तो सम्पत्तिमा कसैले ठेक्का लिई कुनै एक ठेकेदारले Nominal राजश्व बुझाएको भरमा कारोवार गरी ठेकेदार मात्र भ्लचष्अज (सम्पन्न) हुन सक्दैन। प्राकृतिक स्रोतलाई व्यापारिक प्रयोग गर्न दिंदा पहिलो र महत्वपूर्ण कुरा वरपरका बस्ती वनजंगल वातावरण नजीकका स्कूल

अस्पताल लगायत अन्य संवेदनशील संस्था तथा जनतालाई असर नगरी मात्र गर्ने अनुमति दिनुपर्छ। राज्यलाई हुने जायज रोयल्टी, आयकर, प्रदूषण नियन्त्रण र प्राकृतिक स्रोत उत्खनन पछि जमिनलाई यथास्थितिमा छाडनुपर्ने गरी नेपाल पेट्रोलियम ऐन र खानी तथा खनीज पदार्थ ऐनअनुरूप सरकारलाई हुने फाइदाको आधारमा व्यक्तिलाई ठेक्का दिनू।

(७) प्राकृतिक स्रोतको अधिकतम सदुपयोग र प्राकृतिक स्रोतको उत्खनन एवं विकास गर्दा हुने प्रदूषण नियन्त्रणमा वातावरणसम्बन्धी ऐन नियम ज्यादै अप्रायाप्त देखियो। यसमा सुधार गर्नू।

(८) रिट निवेदन र माथि उल्लिखित प्रतिवेदनसहित Overload भएका Truck को कारण नेपालको सडकहरूलाई ठूलो क्षती पुगेको देखिएको हुँदा सरकार मुकदर्शक भएर बस्न सक्दैन। अतः प्रहरीलाई सजग गराइ यस्तो दण्डहिनता रोक्न र पुल भत्कने र सडक विग्रने कार्य रोक्न Overload रोक्न कडाइका साथ कारवाही गर्नु।

(९) विभिन्न अध्ययन प्रतिवेदनबाट सरकारी निकायहरू बीच एक आपसमा समन्वय (Coordinate) हुन नसकी एक अर्कोमा Overlapping हुनका साथै एउटै विषयमा एउटा निकायले गरेको काम अर्को निकायलाई थाहा जानकारी समेत नहुने भन्ने देखियो। तसर्थ वातावरण जस्तो सम्वेदनशील र महत्वपूर्ण विषयमा यस्तो हुनु हुँदैन। वातावरण मन्त्रालय वा अन्तर्गतका निकाय वा कार्यालयले Coordinator को भूमिका हुने व्यवस्था गर्नू।

(१०) व्यवस्थापिका संसद, प्राकृतिक स्रोत साधन समितिको प्रतिवेदन, चन्द्रदेव जोशीको प्रतिवेदन र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको कार्यकारी विकास कार्यक्रमले तयार गरेका प्रतिवेदनहरू क्रमिक रुपले लागू गर्नू।

(११) अनियन्त्रित र जथाभावी उपत्यकाको वागमती खोलाबाट बालुवा झिकेको कारण केही वर्ष अगाडि काठमाडौं र ललितपुर जोड्ने पुल समेत भास्सिएको ताजा घटना हो। आज पनि उपत्यकाका खोलाहरूबाट अनियन्त्रित बालुवा झिकी पुलको जगलाई समेत खतरामा पारेको स्पष्ट देखिन्छ। सडक र पुललाई धरापमा पार्नुका साथै खोलाका दायाँ बायाँको वस्तीलाई समेत असर पार्ने गरी केही व्यक्तिले प्राकृतिक स्रोतमा यसरी गैरकानूनी काम गर्दा पनि सरकार चुप लागेर बस्न हुँदैन। त्यसैले काठमाडौं उपत्यका मात्र होइन, नेपाल राज्यभरका

खोलाहरूबाट पुल र सडकलाई क्षति पुर्याउने गरी भएको वालुवाको ठेकेदारी प्रथा तुरुन्त बन्द गर्नू।

(१२) विकास निर्माणको काममा ढुगां, रोडा, गिट्टी, बालुवा आवश्यक सामाग्री हुन्। यस्ता प्राकृतिक स्रोतको प्रयोग हुन नपाउने गरी बन्द गर्दा व्यक्तिगत र सरकारी निर्माण र विकास कार्यलाई नै प्रतिकूल असर पर्ने हुँदा वस्तीबाट टाढा रहेका, कानूनबमोजिम दर्ता भएका र प्रदूषण नगरेका उद्योगहरूको हकमा यस आदेशले असर नगर्ने कुरा समेत विपक्षी नेपाल सरकारलाई जानकारी गराउनू।

२२. प्रदूषण मुक्त स्वच्छ वातावरण प्रत्येक नागरिकको मौलिक हक हो। आजको विश्व वातावरण Conscious विश्व हो। दोस्रो विश्वयुद्ध पछि औद्योगिकरणमा दौडेको विश्वले कोइला, पेट्रोल डिजेल आदिको खपतले गर्दा प्रदूषण बढेको कारण औद्योगिक राष्ट्र सवारी र यातायातको साधनमा विद्युत प्रयोग र कोइलाको सट्टा Nuclear Energy तर्फ केन्द्रित छ। नेपालमा पनि प्रदूषणको आफ्नै समस्या छ। नेपालमा औद्योगिक विकासको कारणभन्दा पनि जथाभावी उद्योग सञ्चालनको कारण प्रदूषण बढेको छ। नेपालको वातावरण संरक्षणसम्बन्धी कानून ज्यादै अपूरो देखिन्छ। प्रदूषण रोकथामको नाममा सरकार Licensing Regime राजश्व बृद्धिमा सीमित छ। उद्योग स्थापना गर्न चाहने प्रस्तावकले स्थानीय जनता र निकायहरूसँग सोधी उनीहरूले उद्योग स्थापना गर्न हुन्छ भनेको व्यक्तिगत रायका आधारमा वातावरणीय प्रभाव मूल्याङ्कन पारित हुने र त्यही आधारमा सरकारले इजाजत दिने गरिन्छ। वातावरणीय प्रदूषण भन्नाले ध्वनी प्रदूषण, बायुमण्डलमा धुलो र धुवाँको प्रदूषण, पानीको मुहानहरूमा मानवीय कार्यले गर्दा प्रदूषण भू-क्षयको तथा वन विनास, वन क्षेत्रमा धुलो, धुवाँ र आवाजको प्रवेशले वनजंगलमा भएको शान्तिको खलबली चराचुरुङ्गी र जनावरमा पर्ने क्षति आदि पर्दछन्। यसैगरी वातावरण संरक्षणसम्बन्धी कानून पनि वातावरण प्रदूषणको रोकथाम र नियन्त्रणमा प्रभावकारी व्यवस्था हुनुपर्छ। सो कानूनले आजको वातावरण समस्यालाई Cope गर्न सक्दैन। त्यसैले वातावरणसम्बन्धी वर्तमान कानूनमा विशेषज्ञको रायअनुसार सुधार गर्नुपर्छ। स्वच्छ र प्रदूषणमुक्त वातावरण प्रत्येक नागरिकको मौलिक हक भएकोले त्यस्तो हक उल्लंघनको रोकथामको व्यवस्था नगर्ने हो भने नागरिकहरूको धारा १६ को मौलिक हक हनन् हुन्छ।

२३. वातावरण संरक्षण प्राकृतिक स्रोतको प्रयोग र औद्योगिक विकास एक अर्काको Mutually Exclusive नभई एक अर्काको पुरक हुन्। संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई प्रदूषणमुक्त वातावरणमा रहन, बस्न, जीउन पाउने हकलाई मौलिक हक प्रदान गरेको सन्दर्भमा वातावरणसम्बन्धी विवादलाई चाँडो किनारा गर्नुपर्ने हुँदा यस अदालतले आफ्नो भूमिका निर्वाह गर्न यस अदालतमा एक वातावरण इजलासको व्यवस्था हुन आवश्यक छ। त्यसैले एक वातावरण इजलास गठन गर्ने कानूनी व्यवस्था हुन सम्माननीय प्रधान न्यायाधीशज्यूलाई जानकारी गराउनू।

२४. प्रस्तुत रिटमा माथि उल्लेख भएअनुसार नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी भएकोले महान्यायाधिवक्ताको कार्यालयमार्फत यो आदेशको जानकारी नेपाल सरकारलाई दिनू। प्रस्तुत रिट दायरीको लगत काटी मिसिल नियमानुसार गर्नू।

उक्त रायमा म सहमत छु।

न्या. भरतराज उप्रेती

इति संवत् २०६७ साल साउन २१ गते रोज ६ शुभम्

१८. विषयः उत्प्रेषण परमादेश समेत।

भाग ५५	निर्णय नं. ८९४२	ने.का.प. २०७०	अङ्क १
सर्वोच्च अदालत, संयुक्त इजलास			
माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्मा माननीय न्यायाधीश श्री प्रकाश वस्ती			
सम्बत २०६८ सालको WO-०६३९			
फैसला मितिः २०६९।५।२६।३			

निवेदकः काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० स्थित कार्यालय रहेको वातावरणीय विकास तथा संरक्षण कानूनी मञ्चका तर्फबाट अख्तियार प्राप्त कार्यसमिति सदस्य अधिवक्ता, रामकुमार आचार्य

विरुद्ध

विपक्षीः नेपाल सरकार, प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत

निवेदक तर्फबाटः अधिवक्ताहरू रामकुमार आचार्य, दिनमणि पोखरेल, बद्रीप्रसाद भट्ट, टीकाराम भट्टराई, निर्मला भण्डारी, ताराप्रसाद सापकोटा, पदमबहादुर श्रेष्ठ, गणेश दाहाल, ज्योती बानियाँ, धनन्जय खनाल, राजु फुँयाल, भुवनप्रसाद वाग्ले, नारायणप्रसाद देवकोटा र रवि खनाल

विपक्षी तर्फबाटः विद्वान सहन्यायाधिवक्ता युवराज सुवेदी, विद्वान अधिवक्ताहरू बासुदेव शर्मा, डा. विजयसिँह सिजापती, विनोद कार्की, कृष्णप्रसाद सुवेदी, लोकनाथ खरेल, तेज रावल, कुमार शर्मा आचार्य र सुन्दरलाल चौधरी

अवलम्बित नजीरः

नेकाप स्वर्ण जन्मोत्सव विशेषाङ्क, २०५२ पृष्ठ १६८
नेकाप २०५३, वैशाख, नि.नं. ६१२७, पृष्ठ ३३
नेकाप, २०६७, असोज नि.नं. ८४०२, पृष्ठ १०५७
नेकाप २०६७, चैत, नि.नं. ८५२१, पृष्ठ २०५३
नेकाप २०६८, जेठ, नि.नं. ८५५६, पृष्ठ २३५

सम्बद्ध कानूनः

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५(५), १६१(१)
वातावरण संरक्षण नियमावली, २०५४
वातावरण संरक्षण ऐन, २०५३ को दफा ६
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
जलाधार संरक्षण ऐन, २०३९
खानी तथा खनिज पदार्थ ऐन, २०४२
वन ऐन, २०४९, जलस्रोत ऐन, २०४९
राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९,

- *वातावरण संरक्षण गरिनु र हुनु आज समस्त विश्वकै साझा सरोकारको विषय भएकाले वातावरण संरक्षणका लागि अदालतको अभिभावकीय भूमिका हुन्छ भने यसको संरक्षणका लागि जुटेका संघ संस्था तथा व्यक्तिहरूको पनि यत्तिकै सक्रिय भूमिका अपेक्षित हुने।*
- *वातावरण संरक्षणको प्रश्न कुनै राष्ट्रको सीमा र राष्ट्रियताको परिधि भन्दा पनि परका आवश्यकतासँग सम्बन्धित छ। यस्तो बहुआयामिक समस्त विश्वकै साझा सरोकारको विषयलाई प्रत्यर्थीहरूले जिकीर लिए झैं हकदैया र सरोकारको सीमामा संकुचित गर्नु न्यायसंगत नहुने।*
  (प्रकरण नं.४)
- *प्रस्तावित आयोजनाको सट्टा अन्य कुनै विकल्प छ र यस विकल्पको अनुशरण गर्दा वातावरणीय नोक्सानीलाई बचाउन सकिने स्थिति छ भने विकल्पले नै सार्वधिक प्राथमिकता पाउनु पर्ने।*
  (प्रकरण नं.९)
- *वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा हरसम्भव विकल्पको अध्ययन गरिने प्रावधान रहेकाले विकल्पको छनौट गर्दा वातावरण संरक्षणलाई मूल उद्देश्य मानिनु पर्दछ र यसका लागि आर्थिक व्ययभारको प्रश्नले महत्व पाउनु हुँदैन। नेपाल कानून वातावरण संरक्षणका पक्षमा उभिएका तथा वातावरण संरक्षण सम्बन्धी सन्धि र महासन्धिको नेपाल हस्ताक्षरकर्ता समेत रहेबाट विकासको नाममा कुनै पनि रूपमा वातावरण संरक्षणको प्रश्नलाई गौण मान्न नसकिने।*
  (प्रकरण नं.१३)

- *वातावरणीय प्रभाव मूल्याङ्कन कानूनद्वारा निर्धारित प्रक्रियाबाट सम्पन्न हुनु पर्दछ। कानूनद्वारा व्यवस्थित कुरा मनोगत हुन सक्दैन। विविध विकल्पमध्ये छनौट गरिएको विकल्प, वातावरण संरक्षणका दृष्टिकोणबाट अति उपयुक्त छ भन्ने कुराका वस्तुगत आधार प्रतिवेदनमा हुनुपर्दछ। ती वस्तुगत आधार कानूनसम्मत छन् वा छैनन् अदालतका परीक्षणका विषय हुन्छन्। वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) का अन्तरवस्तुभित्र अदालतले प्रवेश गर्नु हुँदैन भन्ने कथनसँग सहमत हुन नसकिने।*
- *कानूनको परिपालन गर्ने गराउने र कानूनको समुचित प्रयोग भएको छ छैन हेर्ने यस अदालतको कर्तव्य नै हो। सडकको आवश्यकता छ छैन यसको निक्यौंल निश्चय नै अदालतले गर्दैन। तर, वातावरण संरक्षणका दृष्टिकोणबाट सडक निर्माणका विविध विकल्पमा कानूनबमोजिम समुचित ध्यान दिइएको छ छैन् अदालतले प्रवेश गर्नै पर्ने।*

❖ *(प्रकरण नं.१९)*

आदेश

न्या. दामोदरप्रसाद शर्माःनेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम पर्न आएको प्रस्तुत निवेदनसम्बन्धी संक्षिप्त तथ्य र आदेश यस प्रकार छः-

म निवेदक नेपाली नागरिक अधिवक्ताको प्रमाणपत्र प्राप्त गरी कानून व्यवसायीको हैसियतमा निरन्तर पेशामा रही वातावरणीय विकास तथा संरक्षण कानूनी मञ्च (EDCLF) को संस्थापक सदस्यको रूपमा वातावरण कानूनका क्षेत्रमा क्रियाशील रहेको छु। यो संस्था वातावरण संरक्षण कानूनका विषयमा क्रियाशील रही पर्यावरणका क्षेत्रमा सम्बन्धित सार्वजनिक सरोकारका विषयमा आवाज उठाउँदै आएको र वातावरण संरक्षणका क्षेत्रमा कार्यरत रही वन, वातावरण, वन्यजन्तु संरक्षण, पर्यावरणीय क्षति न्यूनीकरण, जैविक विविधता संरक्षण आदिका विषयमा आवाज उठाउँदै आएको र प्रस्तुत मुद्दा सार्वजनिक सरोकारको उल्लिखित विपक्षीहरूका उपर उक्त निवेदन दायर गर्न हकदैया रहेको निवेदन गर्दछु।

सडक विभागको आयोजनामा पूर्व पश्चिम राजमार्गको बर्दिया स्थित भुरीगाउँदेखि सुर्खेतको तेलपानी जाने ५२ कि.मी. सडकमध्ये २७ कि.मी. बर्दिया राष्ट्रिय निकुञ्ज भित्रबाट बाटो निर्माण गर्न वातावरण मन्त्रालयबाट वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन स्वीकृत गराई राष्ट्रिय निकुञ्ज मास्ने गरी सडक निर्माण गर्न लागेको जानकारी मिति २०६८।१०।४ को कान्तिपुर दैनिकमा प्रकाशित समाचारले जानकारीमा आएको हो। राष्ट्रिय निकुञ्ज भनेको सरकारले संरक्षण क्षेत्रका रूपमा कानूनद्वारा

स्थापित विशेष प्रकारको संरक्षित वन हो। यसको प्रयोग र संरक्षणमा सरकारी वा अन्य वन जस्तो प्रयोग वा भौतिक निर्माण गर्न मिल्ने हुँदैन। वन ऐन, २०४९ को दफा ६८(१) मा राष्ट्रिय प्राथमिकता प्राप्त योजना सञ्चालन गर्न वनको प्रयोग गर्नु बाहेक अन्य कुनै विकल्प नभएमा र त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने भएमा त्यस्तो योजना सञ्चालन गर्नको निमित्त नेपाल सरकारले सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन आदि वनको कुनै भाग प्रयोग गर्न स्वीकृत दिन सक्नेछ भन्ने कानूनी व्यवस्था रहेको र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ बमोजिम स्थापित राष्ट्रिय निकुञ्जभित्र सोही ऐनको दफा ५ ले राष्ट्रिय निकुञ्ज तथा आरक्षभित्र भौतिक निर्माणजन्य कार्यलाई निषेध गरेको छ। यी कानूनी व्यवस्थाहरूको विपरीत हुने गरी राज्यले लागू गरेका कानूनी व्यवस्थाको उल्लंघन हुने गरी सडक निर्माणको प्रक्रियाअघि बढाइएकोले सम्मानीत अदालतमा सार्वजनिक सरोकारको विषय लिई प्रस्तुत रिट निवेदन दायर गर्न उपस्थित भएको छु।

बर्दिया राष्ट्रिय निकुञ्ज सन् १९७६ मा कर्णाली वन्यजन्तु आरक्षको रूपमा स्थापित र पछि शाही बर्दिया वन्यजन्तु आरक्षणको रूपमा रही सन् १९८४ मा बर्दिया राष्ट्रिय निकुञ्जको रूपमा स्थापित गरिएको हो। उत्तरतर्फ सल्लाको जंगल र बाँकी ७० प्रतिशत सालको जंगलले ढाकेको सुन्दर बबई उपत्यकामा अवस्थित यो निकुञ्ज विश्वको अति दुर्लभ एकसिंङ्गे गैडाको दोस्रो बासस्थान र बाघ (Royal Bengal Tiger) को प्रमुख विचरण र बासस्थान हो। यस निकुञ्जमा एकसिंङ्गे गैडा, जंगली हात्ती, बाघ, ६ प्रजातिका मृग, कृष्णसार, गौरीगाई, बँदेल, कालो भालु, नीलगाई, चित्तल, थार, घोरल, लंगुर, बाँदर, स्याल, रातो बाँदर र चितुवालगायतका ५९ स्तनधारी प्रजाति, विश्वको दुर्लभ डल्फिन माछासमेत जम्मा १२४ प्रजातिका माछा, दुर्लभ राजहाँस, मयुर, धनेश र कालो स्टर्क लगायतका ४०७ चराहरू, अजिङ्गर, घडियाल गोही, सुन गोहोरो लगायत ४२ घस्रने जीवजन्तुहरूको बासस्थान र जैविक विविधताले सम्पन्न राष्ट्रको प्रमुख प्राकृतिक सम्पदामध्ये एक हो। जैविक विविधताले भरिपूर्ण रहेको आजभन्दा करीव ३६ वर्ष पहिला नेपाल सरकार र नेपाली जनताले तिरेको कर र पोतको लगानी भएको वर्दिया राष्ट्रिय निकुञ्जको मध्यभागबाट उत्तर दक्षिण हुने पूर्व पश्चिम राजमार्गको भुरीगाउँ तेलपानी सडक निर्माण गर्दा उक्त राष्ट्रिय निकुञ्ज दुई भागमा विभाजन हुने र सडक विस्तार सँगै मानवीय अतिक्रमणका कारणले संरक्षित वनको लामो इतिहासको विरासत नै मेटिन सक्ने खतरा छ। प्रकाशित समाचारले पारीत वातावरणीय मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित १६,३९९ रुख काट्नु पर्ने जसमा मुख्य गरी सालका रुखहरू पर्ने र नेपाल सरकार तथा भारत सरकारको सहकार्यात्मक अवधारणा (Collaborative Approach) अन्तर्गत स्थापित नेपालको पर्सा वन्यजन्तु आरक्षदेखि भारतको राजाजी राष्ट्रिय निकुञ्जसम्म जोड्ने जैविक विविधता मार्गको अवधारणालाई प्रत्यक्ष खलल पार्ने साथै नेपाल सरकारले लागू गरेको तराई अर्धभूबनोट (Terai Arc Landscape) कार्यक्रमलाई समेत उक्त

सडकले ओगट्ने २७ कि.मी. लामो भागबाट संरक्षित क्षेत्र राष्ट्रिय निकुञ्ज संवेदनशील चुरे र संरक्षण कार्यक्रममा अपूरणीय क्षति हुन जाने हुँदा उक्त सडक निर्माण कार्य रोक्नु अति नै आवश्यक भएको निवेदन गर्दछु।

राष्ट्रिय निकुञ्ज अर्थात संरक्षित वन भनेको प्राकृतिक वातावरणका साथै वन्यजन्तु, वनस्पती, भू-दृष्यको संरक्षण व्यवस्थापन र उपयोगको लागि छुट्याइएको क्षेत्र हो। यस्तो क्षेत्र छुट्याउँदा नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ तथा वन ऐन, २०४९ को दफा २३ र २४ बमोजिम स्थापित र व्यवस्थित वन हो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ ले निकुञ्जभित्र कुनै पनि संरचना निर्माण गर्न वा राष्ट्रिय निकुञ्जभित्र कुनै प्रकारले क्षति पुर्याउन निषेध गरेको छ। यसका साथै संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण एवं संचालनसम्बन्धी कार्यनीति, २०६५ को कार्यनीति (१) मा भएको व्यवस्था नेपाल सरकारले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरू बाहेक अन्य आयोजना संचालन गर्न राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रको जग्गा उपलब्ध गराइने छैन। राष्ट्रिय योजना आयोगबाट राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना हो भनी खुलाइएको पत्र साथै राखी उपरोक्त क्षेत्र माग गर्नु पर्दछ भन्ने व्यवस्थाको विपरीत उक्त सडक राष्ट्रिय प्राथमिकतामा नपरेको क्षेत्रमा बलपूर्वक राष्ट्रिय सम्पदा नष्ट हुने व्यहोरा निवेदन गर्दछु।

भुरीगाउँ तेलपानी सडक निर्माण भएमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ४, ५ र २२, वन ऐन, २०४९ को दफा ६८, वातावरण संरक्षण ऐन, २०५३ को दफा ७(१), ९, १० र २०, बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३ को नियम ६, ८ र १२, वन्यजन्तु आरक्षण नियमावली, २०३४ को नियम ६, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०, संरक्षण क्षेत्र नियमावली, २०५३ तथा वन नियमावली, २०५१ को कार्यविधिगत त्रुटि हुनुको साथै राष्ट्रिय सिमसार नीति, जलवायु परिवर्तन कार्यनीति, नेपाल वातावरण कार्यनीति समेतको गम्भीर त्रुटि गरी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गराई जैविक विविधता संरक्षणको विपरीत मानिसको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारलाई खलल पुग्ने गरी मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धी अभिसन्धि, १९६६ का विपरीत राष्ट्रिय सम्पदामा प्रतिकूल असर पार्ने गरी निर्माण कार्य गर्नाले समग्र वातावरण, जैविक विविधता, स्थानीय सीपमा आधारित रैथाने उत्पादनहरू लोप हुने हुँदा उक्त कार्य रोकी दिगो विकासको मूल सिद्धान्तलाई आत्मासात गरी उक्त कार्य रोक्का गर्न अन्तरिम आदेश जारी हुनुपर्दछ।

प्रस्तुत मुद्दामा संरक्षण वि. निर्माण (Conservation Vs. Construction) को प्रश्न समाहित भएको विषय हो। संरचना निर्माण, विकास निर्माण र पर्यावरण संरक्षण फरक विषय हुन्। संरचना निर्माणबिना

मानव जीवन चलायमान र विकसित हुँदैन भने स्वच्छ सफा वातावरण र वातावरणका अवयवहरू स्वस्थ्य नभए जीवन रहँदैन। जलवायु परिवर्तनको युगमा वन जंगलले राष्ट्रलाई फाइदा पुग्ने कुरामा कसैको दुईमत नै छैन। यस सन्दर्भमा दिगो विकासको सिद्धान्तलाई अनुशरण गरिनुपर्ने हुन्छ। यो राष्ट्रिय निकुञ्ज, "Convention of Biological Diversity Conservation (CBD) 1992 sf] Conservation of ecosystems & natural habitats & the maintenance & recovery of viable populations of species their natural surrounding" भन्ने व्यवस्थालाई आत्मसात् गरी राज्यको लगानीमा स्थापित क्षेत्र भएको हुँदा सबै मिली संरक्षणमा जोड दिनुको सट्टा सीमित जनसंख्याको फाइदाका लागि राष्ट्रिय सम्पदा नै नष्ट पार्ने कार्यले UNCHE, 1972 Stockholm Declaration, Principle 2 "The natural resources of the earth including the air, water, land, flora & fauna & especially representatives samples of ecosystems, must be safeguarded for the benefit of the present & future generations through careful planning of management" को दिगो विकाससम्बन्धी सिद्धान्तको विपरीत र सोही घोषणाको Principle 15 "Planning must be applied to human settlements and urbanization with a view to avoiding adverse effects on environment" को समेत विपरीत हुन्छ। सन् १९८७ को "Brundtland commission" को "Our Common Future" प्रतिवेदनको आधारभूत संरक्षणका सिद्धान्त, अधिकार र दायित्वहरूको प्रतिकूल विकास निर्माण गर्न नहुने मुख्य अवधारणाका आधारमा सन् १९९२ को रियो घोषणापत्रले समेत दिगो विकासको अवधारणालाई अघि सारेको छ। यसको सिद्धान्त ३ मा भनिएको छ, "The right to development must be fulfilled so as to equitably meet developmental & environmental needs of present & future generation."। यसरी यी सिद्धान्तको वर्खिलाप हुने गरी उक्त सडक निर्माणको कार्य हुन गएकोमा दिगो विकास हुनेभन्दा पनि विनासको खतरा उत्पन्न हुने र नेपाल पक्ष राष्ट्र भएका सन्धि, अभिसन्धिहरू उल्लंघन हुन्छ। उक्त निर्माण कार्यले नेपाल पक्ष राष्ट्र भएका महासन्धि, अभिसन्धिमध्ये मुख्यतः "CBD, 1992" को प्रस्तावना, परिभाषा तथा धारा ८, ९, १० र १४ को विपरीत हुन्छ। यस्तै संकटापन्न जंगली वन्यजन्तुको बासस्थान तथा जीवजन्तुको प्रजातिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि, "(CITES) 1973", विश्व साँस्कृतिक प्राकृतिक सम्पदा महासन्धि, "(World Heritage Convention) 1972" जलपंक्षीको बसोवास जस्ता अन्तर्राष्ट्रिय महत्वका सिमसारसम्बन्धी महासन्धि "(Ramsar Convention) 1971" संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी खाका महासन्धि "(UNFCCC), 1992" जस्ता महासन्धिहरूको भावना र मर्मविपरीत हुन जाने हुन्छ। विपक्षीहरूको उक्त सडक निर्माण कार्यले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१), १६(१) द्वारा प्रदत्त मौलिक हकमा अतिसय असर पार्ने र संविधानको धारा, ३३(छ)(ड)(ण) धारा ३४(१)(४) को राज्यका निर्देशक सिद्धान्त, धारा ३५(५) राज्यको नीतिविपरीत, नेपाल सन्धि ऐन, २०४७ को दफा ९ को प्रतिकूल भै सम्मानीत सर्वोच्च अदालतबाट प्रतिपादित भएका

नेकाप २०५३, अङ्क १, पृष्ठ ३६ योगी नरहरि नाथ वि. प्रधानमन्त्री, नेकाप २०५२, पृष्ठ १६९, सूर्यप्रसाद ढुङ्गेल वि. गोदावरी मार्वल मुद्दामा स्थापित नजीर समेतको विपरीत हुने गरी विपक्षीहरूबाट उक्त भुरीगाउँ तेलपानी सडक निर्माण हुने गरी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भएको हुँदा उक्त प्रतिवेदनअनुसार प्रस्तावित सडक निर्माण नगर्न नगराउन विपक्षीहरूका नाममा उत्प्रेषण, प्रतिषेध, परमादेशलगायत जो जे चाहिने उपयुक्त आज्ञा आदेश जारी गरिपाऊँ भन्ने समेत निवेदकको निवेदन पत्र।

यसमा के कसो भएको हो, निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो, आदेश जारी हुन नपर्ने भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र सम्बन्धित मिसिल कागजात साथ राखी महान्यायाधिक्ताको कार्यालय मार्फत लिखित जवाफ पठाउनु भनी रिट निवेदनको एक/एकप्रति नक्कल साथै राखी विपक्षीहरूलाई सूचना पठाई त्यसको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेश गर्नू।

अन्तरिम आदेशको माग सम्बन्धमा विचार गर्दा निवेदनमा उठाइएको विषयवस्तुको गाम्भीर्यताअनुसार दावीको स्थानमा सडक निर्माणको कार्य नगर्नु नगराउनु भनी तत्काललाई अन्तरिम आदेश जारी गरी विपक्षीहरूलाई समेत राखी छलफल हुन उपयुक्त देखिँदा हाललाई सर्वोच्च अदालत नियमावली, २०४९ को दफा ४१(१) बमोजिम अन्तरिम आदेश जारी गरी दिएको छ। सबै विपक्षीहरूले अनिवार्य रूपमा आ-आफ्नो निकायमा रहेका प्रस्तुत योजनासँग सम्बन्धित दस्तावेजहरू लिई अन्तरिम आदेशलाई अनवरतता दिन पर्ने नपर्ने सम्बन्धमा छलफल गर्न मिति २०६८।१०।२५ का दिन उपस्थित हुनु भनी विपक्षीहरूलाई सूचना दिई पेश गर्नु भन्ने यस अदालतको मिति २०६८।१०।९ को आदेश।

प्रस्तुत विवादमा हाम्रो पनि सरोकार भएकोले मुद्दामा सरिक गराई पाऊँ भनी दिएको निवेदन मागबमोजिम यस अदालतको मिति २०६८।१०।२५ को आदेशबमोजिम भुरीगाउँ-तेलपानी सडक निर्माण केन्द्रीय संघर्ष समितिको तर्फबाट जिल्ला वर्दिया नेउलापुर गा.वि.स. वडा नं. ५ बस्ने महेन्द्रकुमार भण्डारीलाई प्रस्तुत विवादमा सामेल गराइएको रहेछ।

बर्दिया राष्ट्रिय निकुञ्जलगायतका सबै प्राकृतिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन हुनुपर्ने निवेदकहरूको भावनासँग सहमत हुन नपर्ने कुनै कारण छैन। मानवीय विकासका कुनै पनि पहलहरूले देशको अमूल्य प्राकृतिक सम्पदा र वातावरणमा प्रतिकूल प्रभाव पारिनु हुँदैन। विकासका प्रयत्नहरू वातावरणमैत्री र दिगो विकासको अवधारणासँग मेल खाने हुनुपर्दछ। यो विषय नेपालको अन्तरिम संविधान, २०६३, वन र वनस्पती र वातावरणसँग सम्बन्धित कानूनहरू र यससम्बन्धी नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले निरूपण गरी सकेको विषय पनि हो। यो विषयमा राज्यका सबै पक्ष अंग र निकायहरूको

गम्भीर संवेदनशीलताको आवश्यकता छ। यसमा न्यायपालिकाबाट थप न्यायिक नीति निर्माणको आवश्यकता रहेको देखिँदैन। तर, निवेदकहरूले उठाउनु भएको यो विषयमा यस सचिवालयको कुनै संलग्नता नरहेको र यस सचिवालयले पूरा गर्नुपर्ने कुनै संवैधानिक र कानूनी दायित्वसँग पनि विषय सम्बन्धित नरहेको हुनाले प्रस्तुत रिट निवेदनबाट व्यवस्थापिका-संसद सचिवालयको हकमा कुनै आदेश जारी हुन सक्ने अवस्था विद्यमान नरहेकोले यस सचिवालयको हकमा प्रस्तुत रिट निवेदन खारेज गरी दिनको लागि सम्मानीत अदालतसमक्ष विनम्र निवेदन गर्दछु भन्ने समेत व्यवस्थापिका संसद सचिवालयको लिखित जवाफ।

प्रस्तावित भुरीगाउँ-तेलपानी-सुर्खेत सडक निर्माण गर्ने सम्बन्धमा भौतिक योजना तथा निर्माण मन्त्रालयबाट मिति २०६६।७।२९ मा वातावरणीय प्रभाव मूल्याङ्कन परीक्षण प्रतिवेदन स्वीकृतिका लागि प्राप्त भएकोमा प्रचलित कानूनबमोजिमका सबै प्रक्रिया (सार्वजनिक सुनुवाई, सार्वजनिक सुनुवाईको लागि सूचना प्रकाशन, राय सुझाव संकलन, आयोजनास्थल आसपासमा सम्बन्धित निकायको सरोकारका विषय, राय सुझाव समितिको सुझाव) पूरा गरी मिति २०६८।९।५ गते विभिन्न पाँच वटा विकल्पसहित यस मन्त्रालयबाट वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरिएको हो। यसरी स्वीकृत भएको प्रतिवेदनमा औंल्याइएका वातावरणीय रूपमा पर्ने नकारात्मक असरलाई कम वा न्यूनीकरण गर्ने शर्तहरू पालना गर्दै आयोजना संचालन गर्ने कार्य सम्बन्धित मन्त्रालय (भौतिक योजना तथा निर्माण मन्त्रालय) को भएकोले यस मन्त्रालयका कुनै पनि कामबाट वातावरणमा नकारात्मक प्रभाव पर्ने नभई त्यस्तो प्रभावलाई कम गर्न सहयोग पुग्ने भएकोले यस मन्त्रालयलाई निवेदकले काल्पनिक तथा मनगढन्ते तर्कको आधारमा मात्र विपक्षी बनाएको हुँदा सम्पूर्ण दावी जिकीरबाट फुर्सद दिलाई रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत वातावरण मन्त्रालयको लिखित जवाफ।

देशको आर्थिक, सामाजिक एवं पूर्वाधार विकासको लागि सडक यातायात एक महत्वपूर्ण अवयव हो। सडक विभागले नियम, कानून र निर्धारित प्रक्रियाअनुसार सडक निर्माण, मर्मत र व्यवस्थापनको काम गर्दै आइरहेको छ। सोहीअनुसार कुनै सडक निर्माण गर्नु पूर्व कुन स्थानबाट सडक निर्माण गर्न उपयुक्त हुन्छ भनी अध्ययन र सर्वेक्षण गरी वातावरणीय, प्राविधिक र आर्थिक दृष्टिकोणबाट गुणस्तर र लागत समेतलाई मध्यनजर गरी सडकको रेखाचित्र (Alignment) निर्धारण गरिन्छ। मध्यपश्चिमको पहाडी भेगलाई ८० कि.मी. भन्दा बढी दूरी घटाई सबैभन्दा छोटो दूरीमा तराई जोड्ने भुरीगाउँ-तेलपानी-सुर्खेत सडक वातावरणीय तथा सामाजिक दृष्टिकोणले सबैभन्दा उपयुक्त विकल्पको रूपमा पहिचान गरिएको हुनाले परिमार्जित प्रतिवेदन वातावरण संरक्षण नियमावली, २०५४ को नियम ११ बमोजिम नेपाल सरकार (सचिव स्तर) को मिति २०६८।९।५ को निर्णयअनुसार स्वीकृत भएको छ। उक्त प्रस्तावित वन क्षेत्रमा सडक निर्माणको क्रममा काटिने रुखहरूको १:२५ अनुपातमा नयाँ

रुख रोपी हुर्काउने कार्य गर्न अनिवार्यता समेत गरिएको छ। तसर्थ, प्रस्तुत रिट निवेदन निवेदकको व्यक्तिगत उद्देश्यका आधारमा परेको हुनाले यसबाट कुनै संवैधानिक र कानूनी हक अधिकार स्थापित हुने देखिँदैन र यसले विकास निर्माण कार्यलाई अल्मल्याई राष्ट्रिय पूर्वाधार विकासमा बाधा मात्र पार्ने देखिएकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालय, सडक विभागको लिखित जवाफ।

देशको सामाजिक, आर्थिक तथा पूर्वाधार विकासको लागि सडक यातायातले गहन भूमिका खेलिरहेको हुन्छ। नेपाल सरकारले निरन्तररूपमा सर्वसाधारण जनतालाई यातायातको सुविधा पुर्याई उनीहरूको सुख सुविधा एवं आर्थिक हित कायम राख्न प्रचलित कानूनको अधीनमा रही गर्नुपर्ने सडक निर्माण, मर्मत सम्भारलगायतका यथार्थ कामकारवाहीलाई अन्यथा भयो भन्न मिल्ने होइन। स्थानीय जनताको माग र सुविधालाई दृष्टिगत गरी कुनै पनि सडक निर्माण गर्नुपूर्व प्राविधिक दृष्टिकोणले सडक निर्माण गर्न उपयुक्त हुने वा नहुने भन्ने कुरामा सम्भाव्यता अध्ययन, सर्वेक्षण, वातावरणीय प्रभावको मूल्याङ्कन र आर्थिक दष्टिकोणबाट गुणस्तरीयता एवं लागत अनुमान समेतलाई मध्यनजर राखी सडकको रेखाङ्कन गरिन्छ। रिट निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेअनुसार बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र स्थानीय जनताको माग र आवश्यकतालाई विचार गरी कन्सल्टायन्टमाफर्त् विभिन्न पाँच विकल्पहरूको अध्ययन एवं सर्वेक्षण गरिएको थियो। यसमा ती विकल्पहरू मध्ये उपयुक्त देखिएको रानीपुर-पानीट्यांकी पहिलो प्राथमिकतामा परेकोले यसरी परिमार्जन भई आएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनलाई वातावरण संरक्षण नियमावली, २०५४ को नियम ११ बमोजिम वातावरण मन्त्रालयको मिति २०६८।९।६ को पत्रद्वारा स्वीकृति प्रदान भई आएको अवस्था विद्यमान छ। रानीपुर-पानीट्यांकी रेखाङ्कन ऐतिहासिक राणाकालीन हुनुका साथै पुरानो रेलमार्ग समेत रहेको सोझो सहज र छरितो भएको र पहिले उक्त स्थानमा रेलमार्गहरू निर्माण भएको अवस्थामा सो रेखाङ्कनमा रहेका रुखहरू समेत पहिले कटान भई सकेको र हालको अवस्थामा धेरै र ठूला रुखहरू समेत फडानी गर्नुपर्ने विद्यमान परिस्थिति नरहेको परिप्रेक्ष्यमा यस रेखाङ्कनलाई भुरीगाउँ र आसपास क्षेत्रका वासिन्दाहरूबाट अत्याधिक रूपमा रुचाइएको हुँदा निवेदकले प्रस्तुत गर्नुभएको निवेदन माग दावी निरर्थक तथा निराधार देखिँदा उक्त निवेदन खारेजभागी छ खारेज गरिपाऊँ भन्ने समेत भौतिक योजना तथा निर्माण मन्त्रालयको लिखित जवाफ।

प्रस्तुत विवादको विषय राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको क्षेत्राधिकार अन्तर्गत पर्ने हुँदा विवादित विषयको सम्बन्धमा केही बोलिरहनु पर्ने अवस्था नरहेकोले वन तथा भू-संरक्षण मन्त्रालयद्वारा पेश हुने लिखित जवाफलाई यसै लिखित जवाफको अभिन्न अंग मानी रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत वन विभागको लिखित जवाफ।

विपक्षी रिट निवेदकले दावी लिनु भएको विषयमा यस आयोगको सचिवालयको के, कस्तो कामकारवाही तथा निर्णयबाट निवेदकलगायतको के कस्तो मौलिक हकमा असर पर्नुका साथै सो कार्य के कति कारणबाट राज्यको निर्देशक सिद्धान्त एवं नीतिविपरीत रहेको हो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख गर्नु भएको छैन। बिनाआधार र कारणको विषयलाई लिएर यस आयोगको सचिवालय समेतलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेजभागी छ खारेज गरिपाऊँ भन्ने समेत राष्ट्रिय योजना आयोगको लिखित जवाफ।

मानव अधिकार विधिशास्त्रको नवीन मान्यताले मानिसको विकासको अधिकार (Right to Development) र स्वच्छ वातावरणमा बाँच्न पाउने मानिसको अधिकार (Right to live in a clean Environment) दुवै अधिकारको मान्यता, संरक्षण, प्रवर्द्धन र प्रोत्साहन गरिनु पर्ने विषयलाई केन्द्रविन्दुमा राखेको छ। यी दुवै अधिकारहरू अन्तर्सम्बन्धित र परिपूरक पनि छन्। मानव समाज एवं मानव सभ्यताको गतिशील परिवर्तन एवं मात्रात्मक तथा गुणात्मक विकासको लागि आर्थिक विकास अपरिहार्य छ। आर्थिक विकासले आर्थिक वृद्धि र आर्थिक तथा भौतिक पूर्वाधारको निर्माण, विस्तार, संचालन एवं विकास समेतलाई समेट्छ। यस विवादको सन्दर्भमा दावीको स्थानमा सडक निर्माण गर्ने आयोजनाको लागि वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन तयार भएको छ। उक्त वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन परिमार्जन समेत भई सडक आयोजनाको प्रस्तावमा सडक विभागबाट वातावरण मन्त्रालयमा प्राप्त भएको अवस्था छ। यसरी प्राप्त भएको परिमार्जित प्रतिवेदनलाई वातावरण संरक्षण ऐन, २०५३ को दफा ६ बमोजिम उक्त प्रतिवेदनमा सर्वसाधारण र विज्ञ गरी सबै सरोकारवालाहरूले आफ्नो राय, सुझाव दिनसक्ने प्रयोजनको लागि सार्वजनिक सूचना आव्हान गरी प्रकाशित समेत भएको अवस्था छ। उल्लिखित प्रक्रिया पूरा गरी सडक विभागको प्रस्ताव वा प्रस्तावित आयोजना कार्यान्वयन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने अवस्था नदेखिएको निष्कर्षको आधारमा अधिकार प्राप्त निकायको हैसियतले वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०५३ को दफा ६ को उपदफा (५) र वातावरण संरक्षण नियमावली, २०५४ को नियम ११ बमोजिम २०६८।९।५ को सचिवस्तरीय निर्णयबाट प्रस्तावित सडक विभागको रानीपुर पानीट्याङ्की एक नम्बर रेखाङ्कनलाई वातावरणीय तथा सामाजिक, आर्थिक दृष्टिकोणले सबैभन्दा उपयुक्त विकल्पको रूपमा स्वीकृत गरिएको हो। परिमार्जन गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनअनुसार रानीपुर विन्दुलाई शुरुवात विन्दुको रूपमा राखी सडक निर्माण भएमा अन्य विकल्पहरू भन्दा अधिक मात्रामा वातावरणीय प्रभाव पर्ने नदेखिएको उल्लेख छ। प्रस्तावित आयोजनाले वातावरणमा उल्लेखनीय प्रभाव पार्न सक्छ वा सक्दैन भन्ने प्रश्न विज्ञ एवं प्राविधिक विषयसँग जोडिएको प्रश्न हो। सम्बन्धित विज्ञहरूबाट तयार भएको प्रतिवेदनले उक्त आयोजनाबाट वातावरणमा प्रतिकूल असर नपर्ने निष्कर्ष दिई

सकेको अवस्थामा सो निष्कर्ष गलत वा त्रुटिपूर्ण रहेको भनी निवेदकले तथ्ययुक्त आधारमा प्रमाणित गर्न सक्नु पर्दछ। यस्तो प्राविधिक प्रश्न समावेश भएको विषयमा हचुवा र मनगढन्ते विचारको कुनै अर्थ रहँदैन। रिट निवेदनको क्षेत्राधिकारमा प्राविधिक एवं व्यवस्थापिकीय प्रश्न एवं प्रमाण तथा तथ्यहरूको विश्लेषण गरिँदैन। रिट क्षेत्राधिकारमा चुनौती दिइएको निर्णय वा कामकारवाहीको क्रममा मूल रूपमा सो निर्णय वा कामकारवाहीमा कुनै कानूनी त्रुटि रहे, नरहेको (Question of Legal Error) सो निर्णय वा कामकारवाहीमा वद्रियतको तत्व स्पष्ट रूपमा देखिएको वा नदेखिएको (Question of Malafied Intention), सो निर्णय वा कामकारवाहीमा क्षेत्राधिकार भए, नभएको (Question of Jurisdiction) तथा निर्णय एवं कामकारवाही सम्पादन गर्दा कानूनले बाध्यात्मक रूपमा अवलम्वन गर्नुपर्ने भनी तोकेको प्रक्रियाहरू अवलम्वन गरिएको वा नगरिएको (Question of Due Process) भन्ने सम्बन्धमा सीमित रहेर निर्णय दिने न्यायिक परम्परा छ। प्रस्तुत विवादमा उल्लिखित कुनै पनि प्रश्नहरूलाई निवेदकले उठाउन नसकेकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत नेपाल सरकारका तर्फबाट प्रधानमन्त्री बाबुराम भट्टराईको लिखित जवाफ।

सडक विभागको मिति २०६६।११।२५ को पत्रबाट भुरीगाउँ-तेलपानी-सुर्खेत सडकको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सहमतिको लागि यस मन्त्रालयमा प्राप्त भएकोमा संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण एवं सञ्चालनसम्बन्धी कार्यनीति, २०६५ को अधीनमा रही नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय (सचिवस्तरको) को निर्णयबाट भुरीगाउँको सट्टा पश्चिमतर्फको अम्वासालाई ० (शून्य) किलोमीटर मानी तेलपानीसम्मको लागि वातावरणीय प्रभाव मूल्याङ्कन कार्यसम्मको लागि सहमति दिइएको थियो। तत्पश्चात भुरीगाउँ-तेलपानी-सुर्खेत सडकसँग सरोकार राख्ने जनताहरूले दिएको निवेदनहरूमा कारवाही हुँदा प्रस्तावित भुरीगाउँ - तेलपानी - सुर्खेत सडक आयोजनाको वातावरणीय प्रभाव अध्ययन गर्ने सम्बन्धमा नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०६८।३।१९ को निर्णायानुसार सबै विकल्पहरू खुल्ला राखी वातावरणीय प्रभाव अध्ययन गर्न सहमति दिइएको हो। सबै विकल्पहरू खुल्ला राखी वातावरणीय प्रभाव अध्ययन गर्न सहमति दिइएकोमा तत्पश्चात वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ को प्रक्रिया पूरा गरी सबै विकल्पहरूको अध्ययन भएको नपाइएको हुँदा वातावरण संरक्षण ऐन र निवमावलीको प्रक्रिया पूरा गरेर र विकल्प विश्लेषणमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग समेतको सहभागितामा सबै विकल्पहरूको विस्तृत अध्ययन भए पश्चात् मात्र आयोजनासम्बन्धी निर्णय प्रक्रिया शुरु हुने भनी नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०६८।११।१२ को निर्णयानुसार वातावरण मन्त्रालय र भौतिक योजना तथा निर्माण मन्त्रालयलाई पत्राचार गरिएको छ। सबै विकल्पहरूको विश्लेषणपश्चात् मात्र आयोजनासम्बन्धी निर्णय हुने हुँदा रिट

निवेदकको माग दावी आधारहीन छ, यसर्थ रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत वन तथा भू-संरक्षण मन्त्रालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको छुट्टा छुट्टै लिखित जवाफ।

वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ एवं संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण एवं सञ्चालनसम्बन्धी कार्यनीति, २०६५ को प्रक्रिया पूरा गरी सबै विकल्पहरूको अध्ययन भएको नपाइएको हुँदा वातावरण संरक्षण ऐन र नियमावलीको प्रक्रिया पूरा गरेर र विकल्प विश्लेषणमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग समेतको सहभागितामा सबै विकल्पहरूको विस्तृत अध्ययन भएपश्चात् मात्र आयोजना सम्बन्धी निर्णय प्रक्रिया शुरु हुने भनी भौतिक योजना तथा निर्माण मन्त्रालय र वातावरण मन्त्रालयमा लेखी पठाउने नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय (माननीय मन्त्रीस्तर) बाट मिति २०६८।१०।१२ मा निर्णय भएको परिप्रेक्ष्यमा यस कार्यालयबाट उक्त भुरीगाउँ-तेलपानी सुर्खेत बाटो बनाउने कार्यका लागि कुनै स्वीकृति सहमति अनुमति केही नदिइएको हुँदा यस कार्यालय समेतलाई विपक्षी बनाई दिएको दावी निराधार भएकोले रिट निवेदन खारेज गरिपाऊँ भन्ने समेत वर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेशी सूचीमा चढी निर्णयार्थ पेश हुन आएको प्रस्तुत निवेदन सम्बन्धी मिसिल संलग्न कागजात अध्ययन गरियो। वातावरणीय विकास तथा संरक्षण कानूनी मञ्चको तर्फबाट प्रस्तुत निवेदन दिने निवेदक अधिवक्ता रामकुमार आचार्य, निजका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री दिनमणि पोखरेल, श्री बद्रीप्रसाद भट्ट, श्री टीकाराम भट्टराई, श्री निर्मला भण्डारी, श्री ताराप्रसाद सापकोटा, श्री पदमबहादुर श्रेष्ठ, श्री गणेश दाहाल, श्री ज्योती बानिया, श्री धनन्जय खनाल, श्री राजु फुँयाल, श्री भुवनप्रसाद वाग्ले, श्री नारायणप्रसाद देवकोटा र श्री रवि खनाल तथा विपक्षी नेपाल सरकारका तर्फबाट विद्वान सहन्यायाधिवक्ता श्री युवराज सुवेदी एवं सामेल गराइएका सरोकारवाला भुरीगाउँ-तेलपानी-सुर्खेत सडक संघर्ष समिति तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरू श्री बासुदेव शर्मा, डा. श्री विजयसिँह सिजापती, श्री विनोद कार्की, श्री कृष्णप्रसाद सुवेदी, श्री लोकनाथ खरेल, श्री तेज रावल, श्री कुमार शर्मा आचार्य र श्री सुन्दरलाल चौधरीले प्रस्तुत गर्नु भएको वहस समेत सुनियो।

निवेदकतर्फका विद्वान कानून व्यवसायीले प्रस्तुत विवाद दिगो विकास र वातावरण संरक्षणसँग सम्बन्धित सार्वजनिक सरोकारको विवाद हो। बर्दिया राष्ट्रिय निकुञ्जको लाभ अर्थात स्वच्छ वातावरणमा जिउने हक सम्पूर्ण नेपाली जनतालाई छ। यो निकुञ्जमा कुनै अमुक क्षेत्रमा बसोवास गर्ने मानिसहरूको मात्रै अधिकार रहेको छैन। जैविक विविधता कायम गर्न अति महत्व राख्ने यो निकुञ्ज क्षेत्रमा बसोवास गर्ने केही सीमित व्यक्तिहरूले माग गरेको भन्ने आधारमा नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालयले सो निकुञ्जको बीचबाट भुरीगाउँ - तेलपानी - सुर्खेत सडक बनाउने योजनाअनुरूप

वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन समेत तयार गरेको र सोअनुरूप सडक बन्न गएमा निकुञ्जको चरम नोक्सानी भई यसले वातावरण र जैविक विविधताको सन्तुलनमा अपूरणीय क्षति पुर्याउने अवस्था स्वयं विपक्षीले मिति २०६८।९।५ मा स्वीकृत गरेको प्रतिवेदनबाट पनि प्रष्ट हुन्छ। विपक्षीहरूबाट निर्माण गर्न लागिएको उल्लिखित भुरीगाउँ-तेलपानी-सुर्खेत सडकको २७ कि.मी. भाग निकुञ्ज क्षेत्रमा पर्ने भन्ने उक्त प्रतिवेदनमा उल्लेख देखिँदा सडकको ठूलो हिस्सा निकुञ्ज क्षेत्रमा पर्ने हुन्छ। निकुञ्जलाई दुई फ्याक पारेर बाटो बनाउँदा वातावरण संरक्षण गर्न सम्भव हुँदैन। प्रतिवेदनमा नै जिल्लास्तरीय सडक भन्ने उल्लेख भई सकेको अवस्थामा प्रस्तुत निवेदन दायर भई सकेपछि अदालतलाई गुमराहमा पार्ने उद्देश्यले विवादित सडक आयोजना राष्ट्रिय स्तरको हो भनी लेखिएको पत्रले बैधता प्राप्त गर्न सक्दैन। विवादित सडक निर्माणसम्बन्धी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा मुख्य सरोकारवाला निकाय वन मन्त्रालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको संलग्नता छैन। वातावरण संरक्षण ऐन, २०५३ र नियमावली, २०५४ को प्रक्रिया पूरा नभएकोले सो प्रतिवेदनको आधारमा मात्र तत्काल उक्त सडक निर्माण कार्य अगाडि बढाउन नमिल्ने भनी वन मन्त्रालय (माननीय मन्त्रीस्तर) ले मिति २०६८।११।१२ मा निर्णय गरेको र सोअनुरूपको पत्राचार विपक्षी वातावरण मन्त्रालय र भौतिक योजना तथा निर्माण मन्त्रालयलाई समेत भै सकेको हुँदा सडक योजना अगाडि नबढाउन विपक्षीहरूको नाममा आदेश जारी हुनु पर्दछ भन्ने समेत बहस गर्नुभयो।

विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ताले निवेदकहरूले सरकारले कुन कानूनको उल्लंघन गर्योसो स्पष्ट खुलाउन सक्नु भएको छैन। प्रस्तावित बाटो बनाउने काम रोकी दिँदा सो क्षेत्रमा वसोवास गर्ने जनताको विकाससम्बन्धी हक (Right to Development) कुण्ठित हुने अवस्था छ। काठमाडौंमा वातावरणसम्बन्धी संस्था सञ्चालन गरेर बसेका निवेदक प्रस्तावित सडक निर्माण स्थलको स्थानीय समस्यासँग अनभिज्ञ रहनुका साथै सडकको प्रत्यक्ष उपभोक्ता समेत नभएकोले निजले स्थानीय मर्म तथा सडक निर्माणको आवश्यकतालाई बुझ्न सक्ने अवस्था छैन। यो बाटोको निर्माणबाट राष्ट्रिय निकुञ्जलाई पनि फाइदा हुने अवस्था छ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन र नियमावलीविपरीत भएको छैन। वातावरण संरक्षण नेपाली जनताको हितविपरीत हुन सक्दैन। वातावरण संरक्षण ऐन, २०५३ र नियमावली २०५४ मा तोकिएको मापदण्डअनुरूप प्रतिवेदन तयार भएकोले कानूनअनुरूप भए गरेको कामकारवाही विरुद्ध रिट जारी हुने अवस्था विद्यमान नहुँदा आधारहीन रिट निवेदन खारेज हुनुपर्दछ भन्ने समेत बहस गर्नुभयो।

यस अदालतको आदेशानुसार सामेल गराइएका सरोकारवाला प्रस्तावित भुरीगाउँ-तेलपानी-सुर्खेत सडक संघर्ष समितिका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरूले विवादित बाटो निर्माणले वातावरणीय विनास हुन्छ भन्ने कुरा निवेदकले पुष्टि गर्नु पर्दछ सो भएको छैन। केवल आशंकाको भरमा निवेदन परेको

छ। निवेदकहरूले निवेदनमा यस अदालतबाट वातावरण संरक्षणमा कायम भएका विभिन्न नजीरहरू उल्लेख गरेको भएपनि उल्लिखित नजीर निजी कम्पनी वा व्यक्ति विरुद्ध परेका निवेदनका सन्दर्भमा कायम भएका हुन्। प्रस्तुत विवाद सार्वजनिक बाटो निर्माणसम्बन्धी भएकोले यसमा उल्लिखित नजीर आकर्षित हुने अवस्था छैन। प्रस्तावित सडक नयाँ नभई पुरानै हो। यसलाई अलिकति स्तरउन्नति मात्र गरिने भएकोले जंगलमा खासै ठूलो क्षति हुने अवस्था छैन। चलिरहेको बाटो बन्द हुन हुँदैन। मुलुकी ऐनले पनि परम्परादेखि चली आएको बाटो रोक्नु हुँदैन भनेको छ। आधारहीन रिट निवेदन खारेज हुनुपर्दछ भन्ने समेत बहस गर्नुभयो।

आज निर्णय सुनाउन पेशी तोकिएको प्रस्तुत मुद्दामा पक्ष विपक्ष र सरोकारवाला पक्षका विद्वान कानून व्यवसायीहरूबाट पेश भएको बहस नोट समेत अध्ययन गरी निवेदकको मागबमोजिमको आदेश जारी हुने हो होइन सो विषयमा निर्णय दिनुपर्ने देखियो।

२. निर्णयतर्फ विचार गर्दा सार्वजनिक सरोकारको विवादको रूपमा दायर हुन आएको प्रस्तुत निवेदनमा निवेदकहरूले मूलभूत रूपमा नेपाल सरकारका विभिन्न निकाय विपक्षीहरूले वैकल्पिक सडक छँदाछँदै केही व्यक्तिहरूलाई लाभ पुग्ने गरी सार्वजनिक महत्वको राष्ट्रिय सम्पदाको रूपमा रहेको बर्दिया जिल्ला स्थित बर्दिया राष्ट्रिय निकुञ्जलाई चिरा पारी भुरीगाउँ-तेलपानी-सुर्खेत सडक निर्माण गर्ने निर्णय गरी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन समेत स्वीकृत गरेको र प्रस्तावित सडक निर्माण भएमा निकुञ्जको वातावरणीय विनास हुन गई सो क्षेत्रमा रहेको अति दुर्लभ जैविक विविधता समेत लोप हुने स्थिति रहेको तथा सो कार्य नेपालले समेत अंगीकार गरेका वातावणीय न्यायसम्बन्धी मान्य सिद्धान्त, नेपालको अन्तरिम संविधान, २०६३ र वातावरण संरक्षणसम्बन्धी अन्य नेपाल कानून तथा यस अदालतबाट वातावरण संरक्षण सम्बन्धमा कायम भएका नजीर सिद्धान्त समेतको विपरीत भएकोले सो प्रस्तावित सडक निर्माणसम्बन्धी प्रतिवेदन स्वीकृत गर्ने वातावरण मन्त्रालयको निर्णय समेत उत्प्रेषणद्वारा बदर गरी उक्त प्रस्तावित सडक नबनाउनु, बनाउन नलगाउनु भनी विपक्षीहरूको नाममा आदेश समेत जारी गरिपाऊँ भन्ने समेत व्यहोरा उल्लेख गरेको पाइन्छ। निवेदनमा उठाइएको विषयवस्तुको गाम्भीर्यताअनुसार दावीको स्थानमा सडक निर्माणको काम नगर्नु नगराउनु भनी तत्कालको लागि यस अदालतबाट अन्तरिम आदेश समेत जारी भएको देखिन्छ।

३. विपक्षीहरूमध्ये वन तथा भू-संरक्षण मन्त्रालय र सो मातहतका निकायले प्रस्तावित सडक सम्बन्धमा सरोकारवाला सबैको सहमतिमा सबै विकल्पहरूको विस्तृत अध्ययन भए पश्चात् मात्र आयोजनासम्बन्धी निर्णय प्रक्रिया शुरु हुनुपर्ने भएकोले तत्काल ती निकायबाट सडक निर्माण

सम्बन्धमा कुनै सहमति, अनुमति, स्वीकृति केही नदिएको भन्ने व्यहोरा लिखित जवाफमा उल्लेख गरेको देखिन्छ भने विपक्षी प्रधानमन्त्रीको कार्यालयलगायतका अन्य विपक्षीहरूबाट प्रस्तावित सडक अत्यावश्यक भएकोले स्थानीय जनताको मागबमोजिम वातावरण संरक्षणसम्बन्धी सम्पूर्ण कानूनी प्रक्रिया र मापदण्डअनुरूप वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरी निर्माण गर्न लागिएको र विकास निर्माण गर्दा वातावरणीय प्रभाव पर्ने नपर्ने विषयमा अदालतले न्यायिक निरूपण गर्नुपर्ने अवस्था समेत नरहेको हुँदा रिट निवेदन खारेज हुनुपर्ने व्यहोरा लिखित जवाफमा उल्लेख गरेको पाइयो।

४. प्रस्तुत विवाद स्वच्छ वातावरण, विविध जैविकता र वन्यजन्तुको आश्रयस्थलका रूपमा रहेको बर्दिया राष्ट्रिय निकुञ्जभित्रबाट मानवीय आवश्यता भनी सडक निर्माण गर्न मिल्ने नमिल्ने र मिल्छ भने वातावरण संरक्षण र विकासको अन्तर्सम्बन्ध प्रचलित कानूनहरूका आधारमा के हुने भन्ने गहन प्रश्नसँग सम्बन्धित रहेको छ। स्वच्छ वातावरण समस्त प्राणीहरुको साझा सरोकारको विषय हो। बोल्न सक्ने मानव र बोल्न नसक्ने अन्य जीवजन्तु पशुपंक्षी समेतका जलचर तथा नभचर समेत सबैका लागि वातावरण संरक्षण अपरिहार्य एवम् अत्यज्य आवश्यकता हो। त्यसैले प्रस्तुत रिट निवेदन गर्ने हक निवेदक संस्थालाई छैन भन्ने प्रतिवाद कथनसँग सहमति जनाउने ठाउँ छैन। वातावरण संरक्षण गरिनु र हुनु आज समस्त विश्वकै साझा सरोकारको विषय हो। वातावरण संरक्षणका लागि अदालतको अभिभावकीय भूमिका हुन्छ भने यसको संरक्षणका लागि जुटेका संघ संस्था तथा व्यक्तिहरूको पनि यत्तिकै सक्रिय भूमिका अपेक्षित हुन्छ। कारण वातावरण संरक्षण आफ्ना लागि मात्र होइन भावी सन्तति र तिनले सास फेर्ने विश्वकै निमित्त अपरिहार्य र अत्यज्य आवश्यकता हो। त्यसैले वातावरण संरक्षणको प्रश्न कुनै राष्ट्रको सीमा र राष्ट्रियताको परिधि भन्दा पनि परका आवश्यकतासँग सम्बन्धित छ। यस्तो बहुआयामिक समस्त विश्वकै साझा सरोकारको विषयलाई प्रत्यर्थीहरूले जिकीर लिए झैं हकदैया र सरोकारको सीमामा संकुचित गर्नु न्यायसंगत हुँदैन।

५. उत्पादन र उपभोग शैलीमा आएको परिवर्तन एवं बढ्दो पूर्वाधार निर्माण जस्ता कारणले प्रकृतिले धान्न सक्ने भन्दा बढी स्रोतहरूको दोहन गरिएको कारणबाट प्राकृतिक स्रोतहरू लोप भई भावी पुस्तालाई स्रोतहरू उपलब्ध हुन नसक्ने दुरुह परिस्थितिको सिर्जना हुन थालेकोले प्राकृतिक स्रोत र वातावरण संरक्षणमा दिगो विकास (Sustainable Development) को सिद्धान्त विकास भएको हो। सो सिद्धान्तअनुसार निर्णय प्रक्रियामा विकास र वातावरण संरक्षणको अवधारणालाई एकाकार गरेर लैजानु पर्दछ। आजका पुस्ताको आवश्यकता पूर्ति गर्दा भावी पुस्ताको आवश्यकता पूरा गर्ने प्रकृतिको क्षमतामा कुनै किसिमले पनि ह्रास आउनु हुँदैन र आजका पुस्ताले भोलिका पुस्ताको

स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारमा अतिक्रमण गर्न पाउँदैनन् भन्ने नै यस सिद्धान्तको मर्म हो। यो मर्मलाई आत्मसात् गर्दै पूर्वसावधानीका साथ तदनुरूप प्रकृति, वातावरण र भावी पुस्ता समेतको हितको कानूनबमोजिम संरक्षण गर्नु यस अदालतको कर्तव्य हो।

६. वातावरण संरक्षण र दिगो विकास सम्बन्धमा विकसित पूर्वसावधानीको सिद्धान्त (Precautionary Principle) ले कुनै पनि विकास कार्यक्रम शुरु गर्नुपूर्व त्यसले मानव स्वास्थ्य, प्राकृतिक स्रोत र समग्र वातावरणमा पार्ने नकारात्मक प्रभावको पूर्वानुमान गरी त्यस्तो प्रभाव पर्न नदिन पूर्वसावधानी अपनाउनु पर्ने कुरामा जोड दिएको पाइन्छ। यस सिद्धान्तका अनुसार कुनै पनि विकास निर्माण कार्य सञ्चालन गर्नुपूर्व त्यसले पार्ने नकारात्मक प्रभावको पूर्वअनुमान गरी आवश्यक सावधानी अपनाउनु पर्दछ। मानवीय क्रियाकलापले प्राकृतिक स्रोत, मानव स्वास्थ्य र वातावरणमा स्पष्ट रूपमा यति नै नोक्सानी पुर्याउँछ भन्ने निश्चित गर्न नसकिएमा यस्ता क्रियाकलापहरूले नकारात्मक असर पुर्याउने सम्भावना वा संकेतका आधारमा पनि सावधानी अपनाउनु पर्ने कुरा यस सिद्धान्तको सार हो। विकास निर्माणका कार्यले वातावरणमा कुनै नकारात्मक असर पुर्याउँदैन भनी पुष्टि गर्ने दायित्व तिनको प्रस्तावकमा रहने हुन्छ। वातावरण प्रभाव मूल्याङ्कन पद्धति (EIA) यसै सिद्धान्तका आधारमा अवलम्वन गर्ने गरिएको हो। यो सिद्धान्तले वातावरणमा क्षति भई सकेपछि नियन्त्रण गर्नुभन्दा क्षति हुनुपूर्व नै त्यसको नियन्त्रणको लागि पूर्व सावधानी अपनाउने दृष्टिकोणलाई अवलम्वन गर्दछ।

७. विकास पनि मानवीय आवश्यकता हो। विकास र वातावरणको सन्तुलनका लागि प्रत्येक राष्ट्रले राष्ट्रिय कानूनको तर्जुमा गरेका हुन्छन् भने वातावरण संरक्षण सबै राष्ट्रको समान चासोको विषय भएकोले सन् १९७२ मा स्वीडेनको स्टकहोम (Stockholm) मा संयुक्तराष्ट्र संघको तत्वावधानमा सम्पन्न "UN Conference on Human Environment", सन् १९८७ मा "Brundtland Commission" ले दिएको प्रतिवेदन, सो आयोग (Commission) ले दिएको प्रतिवेदनलाई आत्मसात गरी सन् १९९२ मा ब्राजिलको रियो डी जेनरीयो (Rio-de-Janerio) मा सम्पन्न विश्व सम्मेलन (UN Conference of Environment and Development) बाट पारीत रियो घोषणापत्र, एजेण्डा २१ र त्यसलाई निरन्तरता दिँदै हालै मात्र रियो द जेनेरियोमा सम्पन्न अन्तर्राष्ट्रिय स्तरको संयुक्त राष्ट्रसंघीय वातावरणसम्बन्धी सम्मेलन (Agenda 21 -2012) ले पनि वातावरण संरक्षण र दिगो विकासको सिद्धान्तलाई अङ्गीकार गरी सोको कार्यान्वयन गर्न नेपाललगायतका सबै राष्ट्रले प्रतिवद्धता जाहेर गरेको पाइन्छ। सोको अलावा विश्व साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि, १९७२ तथा जलपंक्षीको बसोवास जस्ता अन्तर्राष्ट्रिय महत्वका सिमसारसम्बन्धी महासन्धि १९७१ एवं जैविक विविधतासम्बन्धी महासन्धि, १९७२

लगायत २० वटाभन्दा बढी वातावरण र जैविक विविधताको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूलाई नेपालले स्वीकार गरी सकेको स्थितिमा त्यस्ता सन्धिजनित अन्तर्राष्ट्रिय कानूनले व्यवस्था गरेका प्रावधानहरूलाई सम्मान गर्नु (Obligation to Respect), संरक्षण गर्नु (Obligation to Protect) र परिपालना (Obligation to Fulfill) गर्नुपर्ने दायित्व नेपालको पनि रहेको छ। यस्ता सन्धि, महासन्धि र घोषणाहरू हस्ताक्षरी राष्ट्रका लागि समान रूपले बाध्यकारी हुन्छन्। वातावरण संरक्षण विकासको बाधक अवधारणा होइन। तर विकास र वातावरण विनास दुवैमा सन्तुलन कायम हुन नसक्दा हुने क्षति अकल्पनीय हुन्छ। यही अकल्पनीय क्षतिबाट समस्त जगतलाई जोगाउन नै कानूनहरुको तर्जुमा गरिएका हुन्छन्। नेपाल यस सिद्धान्तको अपवाद हुन सक्दैन र प्रचलित नेपाल कानूनको प्रयोग पनि यसै सन्दर्भमा हुनु पर्दछ।

८. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(१) ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने मौलिक हकको व्यवस्था गरेको छ। बाटो, बिजुली, पानी, शिक्षा स्वास्थ्य तथा खाद्यान्न माथिको पहुँच जस्ता आधारभूत कुराको अभावमा व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हक जीवन्त हुन सक्दैन। यस्ता आधारभूत कुराको प्राप्ति आर्थिक विकास बिना सम्भव छैन भने स्वच्छ वातावरण बिना पनि सम्मानपूर्वक बाँच्न पाउने हकले जीवन्तता नपाउने हुन्छ। त्यसैले आर्थिक विकास र वातावरण संरक्षणबीचको सन्तुलित सम्बन्धबाटै दिगो विकास हुने कुरालाई ध्यानमा राख्दै वातावरणीय ह्रासबाट मानव जाती, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तु माथि हुन सक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी स्वच्छ तथा स्वस्थ्य वातावरण कायम गर्न प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्ने उद्देश्यले वातावरण संरक्षण ऐन, २०५३ को निर्माण भएको हो।

९. वातावरण संरक्षण ऐन, २०५३ बमोजिम विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भूउपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव कार्यान्वयन गर्न स्वीकृत प्राप्त व्यक्ति, सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय वा संस्थाले उक्त ऐनको दफा ३ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था गरेको देखिन्छ। उल्लिखित ऐनको कानूनी व्यवस्थालाई अध्ययन गर्दा वातावरण प्रभाव मूल्याङ्कन भन्नाले कुनै योजनासम्बन्धी प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा प्रतिकूल प्रभाव पार्ने वा नपार्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा हटाउन वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकीन गर्न तयार गरिएको विस्तृत अध्ययन प्रतिवेदनको अनिवार्यतालाई स्वीकारिएको देखिन्छ। यस्तो प्रतिवेदनमा उल्लिखित प्रस्तावको मूल्याङ्कनबाट

सम्बन्धित आयोजना सञ्चालन गर्दा वातावरणमा ज्यादै नकारात्मक प्रभाव पर्ने देखिएमा अथवा प्रस्तावित आयोजनाबाट प्राप्त हुने फाइदाको तुलनामा वातावरणीय नोक्सानी बढी हुने देखिन्छ भने यस्तो नोक्सानी रोक्न हरसम्भव प्रयास हुनुपर्दछ। प्रस्तावित आयोजनाको सट्टा अन्य कुनै विकल्प छ र यस विकल्पको अनुशरण गर्दा वातावरणीय नोक्सानीलाई बचाउन सकिने स्थिति छ भने विकल्पले नै सार्वधिक प्राथमिकता पाउनु पर्ने हुन्छ।

१०. प्रत्येक विकास आयोजना वातावरण संरक्षण मैत्री हुनु पर्दछ। यही नै वातावरण संरक्षण ऐन, २०५३ को मूल मर्म र उद्देश्य हो। यसैका लागि वातावरण संरक्षण नियमावली, २०५४ तर्जुमा भएको छ। वातावरण संरक्षण केही क्षेत्र वा राष्ट्रको आवश्यकता मात्र नभई समस्त विश्वको लागि हो र यो केवल मानवमात्रका लागि नभई समस्त जीवजन्तु चराचरका लागि हो भन्ने तथ्यलाई हाम्रो कानूनी प्रणालीले पनि नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३५(५), राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, जलाधार संरक्षण ऐन, २०३९, खानी तथा खनिज पदार्थ ऐन, २०४२, वन ऐन, २०४९, जलस्रोत ऐन, २०४९, वातावरण संरक्षण ऐन, २०५३ र राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९, लगायतका कानूनका माध्यमबाट आत्मसात गरेको छ। र, वातावरण संरक्षणका लागि यो अदालत कानूनको सीमाभित्र रही आफ्नो सक्रियता देखाउने कार्यमा कहिल्यै पछि परेको छैन।

११. नेपालमा तत्कालीन समयमा प्रचलित नेपाल अधिराज्यको संविधान, २०४७ मा वातावरणीय हकलाई व्यक्तिको मौलिक हकको रूपमा स्पष्ट रूपमा उल्लेख नगरिएको भएपनि वातावरणीय न्यायको सैद्धान्तिक आलोकमा यस अदालतबाट स्वच्छ, स्वास्थ्य वातावरण जीवनको समग्रताको अंग भएकोले जिउने अधिकारभित्र स्वच्छ स्वास्थ्य वातावरणको हक पनि अन्तरभूत हुने भनी सूर्यप्रसाद ढुंगेल वि. गोदावरी मार्वल इण्डष्ट्रिज प्रा.लि. समेत (नेकाप स्वर्ण जन्मोत्सव विशेषाङ्क, २०५२ पृष्ठ १६८) भएको उत्प्रेषण मुद्दामा सिद्धान्त कायम भएकोमा हाल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६(१) ले प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुनेछ भनी मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। स्वच्छ वातावरणमा बाच्न पाउने हकअन्तर्गत वातावरणीय हानिबाट मुक्त हुन पाउने र वातावरणीय लाभमा समान रूपमा सबैको पहुँच र सहभागिता राख्ने हक स्वतः समावेश भएको हुन्छ।

१२. संविधानले व्यवस्था गरेको राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूलाई अदालतले लागू गर्न नसक्ने भए पनि यदि सरकारले संविधानमा व्यवस्थित राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु विपरीत गएर निर्णय गर्दछ भने त्यस्तो अवस्था औंल्याउन सकिने हुन्छ भन्दै प्राकृतिक, धार्मिक

एवं पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण भएको वनजंगलले घेरिएको देवघाट क्षेत्रको ४९ विघा जग्गालाई सरकारले अन्तर्राष्ट्रिय चिकित्सा अध्ययन केन्द्रलाई ४९ वर्षको लागि भाडामा दिने गरी गरेको निर्णय यस अदालतबाट उत्प्रेषणद्वारा बदर भएको पाइन्छ। (योगी नरहरिनाथ समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत नेकाप २०५३, वैशाख, नि.नं. ६१२७, पृष्ठ ३३)। सार्वजनिक सम्पत्ति संरक्षण सिद्धान्त (Public Trust Doctrine) अनुसार राज्य सबै प्रकारको प्राकृतिक स्रोतको संरक्षणकर्ता भएको कारण यसको संरक्षण गर्नु राज्यको संवैधानिक कर्तव्य हुने भएकोले वातावरणलाई प्रतिकूल प्रभाव नपार्ने गरी सार्वजनिक हितको कार्यमा मात्र त्यस्तो स्रोतको प्रयोग गर्नुपर्ने भनी यस अदालतबाट नारायणप्रसाद देवकोटा विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत (नेकाप २०६७, चैत्र, नि.नं. ८५२१, पृष्ठ २०५३) भएको उत्प्रेषण मुद्दामा सिद्धान्त कायम भएको पाइन्छ। साथै राष्ट्रिय निकुञ्जमा रहने वन्यजन्तुको संरक्षणको निमित्त त्यस्तो क्षेत्रमा प्रवेशको निमित्त पूर्ण रोक र निषेध गरी आरक्ष क्षेत्रको वरपर नियमित गस्ती गर्ने र कहिँ कतै आरक्षणभित्र अनधिकृत प्रवेश गरेमा वा शिकार खेलेमा त्यसमा तुरुन्त प्रभावकारी कारवाही गर्नुपर्ने भनी राजुप्रसाद चापागाई विरुद्ध नेपाल सरकार समेत भएको परमादेश मुद्दा (नेकाप २०६८, जेठ, नि.नं.८५५६, पृष्ठ २३५) मा यस अदालतबाट निर्देशनात्मक आदेश जारी भई वातावरण संरक्षणमा यस अदालतबाट सक्रिय भूमिका निर्वाह भएको पाइन्छ।

१३. वातावरण संरक्षण भन्दैमा कुनै पनि रुख काट्नै नहुने, पहाड खनेर बाटो बनाउनै नहुने, नदीमा बाँध बाँध्नै नहुने, पुल पुलेसा बनाउनै नहुने र ढुङ्गा बालुवा झिक्नै नहुने रूपमा बुझ्न भने हुँदैन। प्राकृतिक स्रोत र साधन मानव हितकै लागि हुन्। तर, के कुरा निश्चित हो भने प्राकृतिक स्रोत र साधनको दोहन व्यवस्थित र सन्तुलित भने हुनै पर्दछ। त्यसैले नै विकास र विनासमा सन्तुलनको प्रश्नलाई कानूनले सर्वोच्च प्राथमिकता दिई आएको हो। कानून र विकासको सन्तुलनका सन्दर्भमा यस अदालतले आफ्नो धारणा नेकाप, २०६७, असोज नि.नं. ८४०२, पृष्ठ १०५७ मा व्यक्त गरेको पनि पाइन्छ। निर्मला श्रेष्ठ वि. मनिका देवी श्रेष्ठ समेतको यस निर्णयमा भनिएको छ, "कानून र विकासका बीचमा अन्तर्द्वन्द्व उत्पन्न भए कानून स्पष्टतः प्रतिकूल नै रहेकोमा बाहेक अदालत विकासकै पक्षमा उभिनु पर्दछ।" तर, वातावरण संरक्षणको प्रश्नलाई भने पृथक रूपमा हेरिनु पर्दछ। वातावरण संरक्षणमा समुचित सोच नपुर्याई गरिने विकास कालान्तरमा गएर बिनासको द्योतक हुन पुग्दछ। त्यसैले वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा हरसम्भव विकल्पको अध्ययन गरिने प्रावधान रहेको हो। विकल्पको छनौट गर्दा वातावरण संरक्षणलाई मूल उद्देश्य मानिनु पर्दछ र यसका लागि आर्थिक व्ययभारको प्रश्नले महत्व पाउनु हुँदैन। नेपाल कानून

वातावरण संरक्षणका पक्षमा उभिएका तथा वातावरण संरक्षण सम्बन्धी सन्धि र महासन्धिको नेपाल हस्ताक्षरकर्ता समेत रहेबाट विकासको नाममा कुनै पनि रूपमा वातावरण संरक्षणको प्रश्नलाई गौण मान्न सकिँदैन। विकासका योजना बनाउँदा वातावरणलाई सम्भव भएसम्म प्रतिकूल असर नपुर्याउनु, यो सम्भवै नभए वातावणलाई कम भन्दा कम असर पुर्याउनु र वन जंगल समेतका प्राकृतिक सम्पदालाई छुनैपर्ने बाहेक अन्य कुनै विकल्प नै नभए यसको प्रभाव अति कम समय मात्र रही पुनः पूर्वावस्थामा ल्याउने उपायहरु इमान्दारीपूर्वक अवलम्बन गर्नु नै विकास र वातावरण संरक्षणका बीच सन्तुलन कायम गरिनु हो। यसका लागि तात्कालिक र दूरगामी राष्ट्रिय नीति र तदनुरूपका कानूनको आवश्यकता पर्दछ। राष्ट्रिय निकुञ्जहरूको घोषणालाई यही आवश्यकताको एउटा कडीका रूपमा लिनु पर्दछ र, प्रस्तुत विवादलाई यही रूपमा परीक्षण पनि गरिनु पर्दछ।

१४. निवेदनमा उल्लिखित प्रस्तावित भुरीगाउँ - तेलपानी - सुर्खेत सडक बनाउन आवश्यक छ भनी सो क्षेत्रमा बसोवास गर्ने जनताको मागको आधारमा नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालयबाट प्रस्तावित सडक निर्माणको लागि वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भएको केही लिखित जवाफबाट देखिन्छ। तर, प्रस्तावित सडकको केही भाग बर्दिया जिल्ला स्थित बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र पनि पर्ने भएकोले सरोकारवाला निकाय वन मन्त्रालयमा अनुमतिको लागि लेखी पठाइएकोमा सबै विकल्पहरू खुल्ला राखी वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन गर्न सहमति दिने भनी सो मन्त्रालयबाट निर्णय भए पनि भौतिक योजना तथा निर्माण मन्त्रालयबाट उक्त राष्ट्रिय निकुञ्ज भित्रबाट सडक निर्माण गर्ने आशयका साथ उक्त प्रतिवेदन तयार गरेको पाइन्छ। तत्पश्चात उक्त प्रतिवेदन स्वीकृतिको लागि वातावरण संरक्षण ऐन, २०५३ को दफा ६ बमोजिम वातावरण मन्त्रालयमा पठाइएकोमा सो मन्त्रालयबाट मिति २०६८।९।५ मा स्वीकृत भएको पाइयो। वातावरण मन्त्रालयले यसरी प्राप्त प्रतिवेदन स्वीकृत गर्नुपूर्व वातावरण संरक्षण ऐन, २०५३ को दफा ६(४) बमोजिम सम्बन्धित निकायका विशेषज्ञहरू समेत रहेको एक समिति गठन गरी त्यस्तो समितिले उक्त ऐनको दफा ६(५) बमोजिम दिएको राय सुझाव समेतको आधारमा त्यस्तो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएको अवस्थामा मात्र त्यस्तो प्रस्ताव कार्यान्वयन गर्न प्रस्तावकलाई स्वीकृत दिनुपर्ने देखिन्छ।

१५. ऐनको दफा ६(४) बमोजिम समिति गठन गर्दा प्रस्तावित भुरीगाउँ-तेलपानी-सुर्खेत सडकको केही भाग बर्दिया राष्ट्रिय निकुञ्जभित्रबाट पनि निर्माण हुने भएकोले मुख्य सरोकारवाला निकाय वन मन्त्रालयसमेतका सम्बन्धित विशेषज्ञहरू समेत राखी समिति गठन हुनुपर्ने देखिन्छ। तर, वातावरण

मन्त्रालयबाट त्यसरी वन मन्त्रालय समेतका सम्बन्धित विशेषज्ञहरू राखी समिति बनाई उक्त सडक बन्दा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा राय सुझावहरू लिएको भन्ने नदेखिएकोले प्रस्तावित भुरीगाउँ - तेलपानी - सुर्खेत सडक आयोजनासम्बन्धी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्दा वातावरण मन्त्रालयले वातावरण संरक्षण ऐन, २०५३ को दफा ६(४) र (५) मा उल्लिखित कार्यविधि पालना गरेको देखिन आउँदैन। साथै स्वयं विपक्षीहरू मध्येका वन तथा भू-संरक्षण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र बर्दिया राष्ट्रिय निकुञ्जको लिखित जवाफ अध्ययनबाट प्रस्तावित सडकसम्बन्धी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा मुख्य सरोकारवाला ती निकायहरूको सहभागिता नरहेको र प्रतिवेदनमा सबै विकल्पहरूको अध्ययन पनि भएको नपाइएको हुँदा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग समेतको सहभागितामा सबै विकल्पहरूको विस्तृत अध्ययन भएपश्चात् मात्र आयोजनासम्बन्धी निर्णय प्रक्रिया शुरु हुनुपर्ने भन्ने उल्लेख भएको देखिन्छ। ती निकायबाट सो सम्बन्धमा कुनै सहमति, अनुमति स्वीकृति केही नदिएको भन्ने समेत लिखित जवाफमा उल्लेख भएको देखिँदा प्रस्तावित भुरीगाउँ- तेलपानी - सुर्खेत सडक आयोजनासम्बन्धी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्दा विपक्षी वातावरण मन्त्रालय समेतबाट वातावरण संरक्षण ऐन, २०५३ मा उल्लिखित कानूनी प्रक्रियाहरू पालना भएको भन्ने देखिन आएन।

१६. जहाँसम्म प्रस्तावित सडकको तेलपानी क्षेत्रमा बस्ने जनताको महेन्द्र राजमार्ग र भूरीगाउँसम्मको पहुँच नरहेकोले प्रस्तावित सडक नबनेमा सो क्षेत्रका जनताको विकासको अधिकार कुण्ठित हुन जाने हुँदा स्वीकृत प्रतिवेदनबमोजिम नै प्रस्तावित सडक निर्माण हुनुपर्दछ भन्ने सो क्षेत्रका सरोकारवाला जनताको तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरूको तर्क रहेको छ सो सम्बन्धमा विचार गर्दा प्रस्तावित भुरीगाउँ- तेलपानी-सुर्खेत सडकसम्बन्धी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अध्ययन गर्दा उल्लिखित सडक निर्माणको निमित्त देहायका विभिन्न पाँच वटा विकल्पहरू प्रस्ताव गरिएको पाइन्छः-

शुरुवात स्थान (भुरीगाउँ) को वैकल्पिक रेखाङ्कनको विश्लेषण (EIA) प्रतिवेदनको पृष्ठ ३)

रेखाङ्कनको नाम	एक नम्बरसम्मको स्थानको नाप	लम्बाई	काट्नु पर्ने रुख संख्या	रेखाङ्ककको सकारात्मक पक्षहरु	रेखाङ्ककको नकारात्मक पक्षहरु
१क (1A)	भुरीगाउँ→आर्मी क्याम्प (१की. मी.) →→ कर्माला नदी → पानी ट्याङ्की (५ की.मी.) →→ पुरानो रेल मार्ग →→सुनगानिया सोता →→ अम्वासा खोला → →एक नम्बर	एक नम्बरसम्मको लम्बाई ९. की.मी. निकुञ्ज भित्रको लम्बाई ७.७५ कि.मी.	सालः ४८० साजः २६५ अन्यः ६१४ जम्माः१३५९	▪ २०५५ मा रेखाङ्कनको विस्तृत सर्भेक्षण भईसकेको ▪ गुलेरिया र भुरीगाउँ सडक जोडिने हुनाले भुरीगाउँ बजार शहरीकरण हुन सक्ने ▪ पानी ट्याङ्कीसम्म (५ की.मी.) पुरानो रेल मार्ग हुँदै जाने भएकोले पुराना रुखहरु कम काटिन आवश्यक।	▪ यस ठाउँबाट सडकको लम्बाई बढी हुने, ▪ धेरै र ठूला (मोटा)तथा पुराना रुखहरु काटिने, ▪ वन्यजन्तुहरुको (विशेष गरी बँदेल र हरिणहरु) वासस्थान विभाजित हुन सक्ने, ▪ एक वटा पुल र दुईवटा कल्भटको आवश्यकता पर्ने, ▪ यस सडक पूर्व-पश्चिम राजमार्गको केही भागसम्म समानान्तर रूपमा गएको।

रेखाङ्कनको नाम	एक नम्बरसम्मको स्थानको नाप	लम्बाई	काट्नु पर्ने रुख संख्या	रेखाङ्ककको सकारात्मक पक्षहरु	रेखाङ्ककको नकारात्मक पक्षहरु
१ख (1B)	रानीपुर →→ कर्माला गाउँ →→ कर्माला नदी पानी ट्याङ्की →→ पुरानो रेल मार्ग →→ सुनगानिया सोता →→ अम्वासा खोला →→ एक नम्बर	एक नम्बरसम्मको लम्बाई ७.२५ की.मी. निकुञ्जभित्रको लम्बाई ५.० कि.मी.	सालः २७५ साजः२०५ अन्यः ३६६ जम्माः८४६	▪ पूर्व - पश्चिम राजमार्गबाट कर्माला सोतासम्म लम्बाई (२ की.मी., ३ मी. चौडाई) को बाटो खोली सकेको छ। (पुरानो रेलमार्ग) ▪ १क भन्दा राष्ट्रिय निकुञ्जभित्र २.७५ की.मी. छोटो पर्दछ, ▪ थोरै र साना रुखहरु मात्र काटिने, ▪ पुरानो रेलमार्ग भएको हुँदा बाटो बनाउन कम लागत लाग्ने।	▪ भुरीगाउँबाट २ की.मी. पश्चिम पर्ने, ▪ एकवटा पुल र दुईवटा कल्भर्टको आवश्यकता पर्ने, ▪ कर्माला गाउँका मानिसहरुको जग्गा र घरहरुको मुआब्जा तथा पुनस्थापना गरिनु पर्ने। ३ कच्ची र १ पक्की घर रहेको।

रेखाङ्कनको नाम	एक नम्बरसम्मको स्थानको नाप	लम्बाई	काट्नु पर्ने रुख संख्या	रेखाङ्ककको सकारात्मक पक्षहरु	रेखाङ्ककको नकारात्मक पक्षहरु
२क (2A)	बलाती →→ मध्यवर्ती सामुदायिक वन क्षेत्र जंगल →→ सुकुम्वासी वस्ती हालको अग्नी पथ →→ एक नम्बर	एक नम्बरसम्मको लम्बाई ५.७५ की.मी. निकुञ्जभित्रको लम्बाई २.२० कि.मी.	सालः २४५ साजः१२५ अन्यः २७५ जम्माः ४५	▪ यो बाटो हाल राष्ट्रिय निकुञ्जको सुरक्षा गस्तीको लागि प्रयोग गरी रहेको, ▪ पुल बनाउन आवश्यक नभएकोले बाटो निर्माण खर्च कम लाग्ने, ▪ राष्ट्रिय निकुञ्जभित्र जान बाटो छोटो पर्ने ▪ अग्नीपथ हुँदै बाटो खोलिसकिएको।	▪ भुरीगाउँ ४.५ की.मी. पश्चिममा पर्ने, ▪ भुरीगाउँ क्षेत्रका जनताले कम फाईदा पाउने, ▪ अम्वासा नदीले सडक बगाउने सम्भावना, दलदले ठाउँ र बाढीले कटान गर्ने।

रेखाङ्कनको नाम	एक नम्बरसम्मको स्थानको नाप	लम्बाई	काट्नु पर्ने रुख संख्या	रेखाङ्ककको सकारात्मक पक्षहरु	रेखाङ्ककको नकारात्मक पक्षहरु
२ख (2B)	अम्वासा (अम्रेनी) →→ हालको अग्नी पथ →→ एक नम्बर	एक नम्बरसम्मको लम्बाई २.७५ की.मी. नकिञ्जभत्रिको लम्बाई २.२० की.मी.	सालः १३५ साजः९० अन्यः ११० जम्माः३३५	▪ सडकको रेखाङ्कनको लम्बाई छोटो हुने, ▪ थोरै मात्रामा रुखहरु काटिने, ▪ पुरानो बाटो हुँदै सडक जाने, ▪ यो बाटो हाल राष्ट्रिय निकुञ्जले सुरक्षा गस्तीको लागि प्रयोग गरी रहेको ▪ ठाकुरद्वार गाविस र शिवपुर गाविसको नजिक हुने।	▪ अम्वासा नदीले सडक बगाउने सम्भावना, दलदले ठाउँ र वाढीले कटान गर्ने, ▪ यस ठाउँ भुरीगाउँबाट ८ की.मी. टाढा भएकोले भुरीगाउँमा जस्तो चहलपहल नहुने। ▪ यस ठाउँ राष्ट्रिय निकुञ्ज भित्र पर्ने हुनाले भविष्यमा बजार विस्तार गर्न सम्भव छैन, ▪ अम्बासा नदीले सडक किनारा धेरै काटिएकोले सडक धेरै पुर्नुपर्ने।

रेखाङ्कनको नाम	एक नम्बरसम्मको स्थानको नाप	लम्बाई	काट्नु पर्ने रुख संख्या	रेखाङ्कको सकारात्मक पक्षहरु	रेखाङ्कको नकारात्मक पक्षहरु
२ग (2C)	बलाती →→ मध्यवर्ती सामुदायिक वन क्षेत्र →→ घनाजंगल क्षेत्र →→ एक नम्बर	एक नम्बरसम्मको लम्बाई ४.५० की.मी. निकुञ्जभित्रको लम्बाई २.७५ कि.मी.	सालः ४०५ साजः २७० अन्यः ६७५ जम्माः१३५०	▪ पुल बनाउन आवश्यक नभएकोले बाटो निर्माण खर्च कम लाग्ने ▪ यस ठाउँबाट भुरीगाउँ जान अम्बासाबाट भन्दा नजिक पर्ने।	▪ धेरै घना जंगल काटिने, ▪ अम्बासा नदीले सडक बगाउने सम्भावना, दलदले ठाउँ र बाढीले कटान गर्ने, ▪ अम्बासा नदीले धेरै क्षति गरेको।

१७. प्रस्तावित उल्लिखित पाँच वटा विकल्पहरू (१क, १ख, २क, २ख र २ग) मध्ये एक (१ख) (1B) अर्थात महेन्द्र राजमार्गको रानीपुरदेखि पानीट्याङ्की हुँदै निकुञ्जको वीचबाट तेलपानीतर्फ जाने गरी उक्त सडक निर्माण हुने प्रस्तावित विकल्पलाई छनौट गरी नेपाल सरकार वातावरण मन्त्रालयबाट मिति २०६८।९।५ मा प्रतिवेदन स्वीकृत भएको देखियो। स्वीकृत प्रतिवेदनबमोजिम हुने सडकको कुल लम्वाई ५१.२५८ कि.मी मध्ये करीब २७ कि.मी.को ठूलो हिस्सा बर्दिया राष्ट्रिय निकुञ्जभित्र पर्ने देखिन्छ। उक्त सडकको "Right of way" ३० मीटर, "Formation width" ६ मीटर र "Formation width" ३.५ मीटर हुने भन्ने स्वीकृत प्रतिवेदनबाट देखिँदा त्यसबाट ठूलो मात्रामा निकुञ्जको वन फँडानी हुने देखिन्छ। उक्त स्वीकृत प्रतिवेदन बमोजिम सडकको निर्माण भएमा बर्दिया राष्ट्रिय निकुञ्जभित्र रहेको संरक्षित वनमा रहेका ८४६ थान रुखहरू कटानी हुने र त्यसबाट सो निकुञ्जको प्राकृतिक वातावरणमा उल्लेख्य रूपमा परिवर्तन आई वासस्थानको अभावमा सो क्षेत्रमा रहेका दुर्लभ वन्यजन्तुहरू लोप हुने एवं सम्पूर्ण मानव जगतको निमित्त अत्यावश्यक जैविक विविधता समेतमा ह्रास आई अपूरणीय क्षति हुने अवस्था देखिन आउँछ।

१८. स्वीकृत प्रतिवेदन संलग्न सडकको रेखाङ्कनसम्बन्धी नक्सा अध्ययन गर्दा प्रस्तावित पाँच वटा विकल्पहरू मध्ये १क, १ख र २ग (1a, 1b र 2c) निकुञ्जको बीच भई जाने देखिन्छ भने सोदेखि पश्चिम छेउपट्टि रहेका विकल्पहरू बलातीदेखि शुरु हुने २क तथा अम्वासादेखि शुरु हुने २ख मध्येबाट सडक निर्माणको विकल्प छनौट गर्दा तुलनात्मक रूपमा निकुञ्जमा कम क्षति पुग्न जाने तथा प्रस्तावित सडकको लम्वाई समेत कम हुन जाने देखिएको छ। यस्तो अवस्थामा बर्दिया राष्ट्रिय निकुञ्जलाई बढी क्षति पुग्ने तथा सडकको लम्वाई समेत बढी हुने गरी विकल्प १ख (१b) को छनौट गर्नुपर्ने बाध्यात्मक एवं युक्तिसंगत आधार र कारण विपक्षी वातावरण मन्त्रालयको मिति २०६९।९।५ को निर्णयमा देखिँदैन।

१९. हाल छनौट गरिएको विकल्प १ख तथा अन्य विकल्प १क र २ग बाहेकका बाँकी पश्चिम छेउतर्फका विकल्पहरू किन अमान्य भए युक्तियुक्त आधार केही देखिँदैन। वातावरणीय प्रभाव मूल्याङ्कन कानूनद्वारा निर्धारित प्रक्रियाबाट सम्पन्न हुनु पर्दछ। कानूनद्वारा व्यवस्थित कुरा मनोगत हुन सक्दैन। विविध विकल्प मध्ये छनौट गरिएको विकल्प, वातावरण संरक्षणका दृष्टिकोणबाट अति उपयुक्त छ भन्ने कुराका वस्तुगत आधार सो प्रतिवेदनमा हुनुपर्दछ। ती वस्तुगत आधार कानूनसम्मत छन् वा छैनन् अदालतका परीक्षणका विषय हुन्छन्। कानूनद्वारा निर्धारित कुरा नीतिगत मात्र हुँदैन। वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) का अन्तरवस्तु भित्र अदालतले प्रवेश गर्नु हुँदैन भन्ने प्रत्यर्थीहरूको कथनसँग सहमत हुन सकिँदैन्। कानूनको परिपालन गर्ने गराउने र कानूनको समुचित प्रयोग भएको छ छैन हेर्ने यस अदालतको कर्तव्य नै हो। सडकको आवश्यकता छ छैन यसको निक्यौल निश्चय नै अदालतले गर्दैन। तर, वातावरण संरक्षणका दृष्टिकोणबाट सडक निर्माणका विविध विकल्पमा कानूनबमोजिम समुचित ध्यान दिइएको छ छैन् अदालतले प्रवेश गर्नै पर्ने विषय हो। प्रस्तुत विवादमा वनसम्बन्धी निकायहरूले सबै विकल्पमा ध्यान नदिइएको भनी आफ्नो लिखित जवाफ मार्फत असन्तुष्टि प्रकट गरी रहेको पाइन्छ। यस कारणबाट समेत उक्त प्रतिवेदन पुनर्विचार योग्य हुन पुगेको छ।

२०. निकुञ्जको संरक्षण हुन जाँदा सोबाट प्राप्त हुने बढी फाइदा पनि सोही क्षेत्रमा बसोबास गर्ने जनताले चीरकाल पर्यन्त प्राप्त गर्न सक्ने भएकोले वातावरण संरक्षण र दिगो विकास सम्बन्धी सैद्धान्तिक अवधारणाबाट समेत प्रस्तावित सडकका विषयमा सबै विकल्पमध्येबाट वातावरण संरक्षणको दृष्टिले उपयुक्त निर्णय सम्बन्धित निकायले गर्न जरुरी छ। साथै बर्दिया राष्ट्रिय निकुञ्जको मुख्य सरोकारवाला सरकारी निकाय वन तथा भू-संरक्षण मन्त्रालय र सो मातहतका अन्य निकाय विपक्षीहरू स्वयंले प्रस्तावित सडक निर्माण सम्बन्धमा सम्पूर्ण विकल्पहरूको अध्ययन भई नसकेकोले सोको अध्ययनपश्चात् मात्र आयोजनासम्बन्धी प्रक्रिया शुरु हुनुपर्ने

भन्ने लिखित जवाफमा उल्लेख गरेको देखिँदा प्रस्तावित भूरीगाउँ तेलपानी सुर्खेत सडकसम्बन्धी प्रतिवेदन स्वीकृत गर्ने गरी वातावरण मन्त्रालयबाट मिति २०६८।९।५ मा निर्णय गर्नु पूर्व प्राप्त विकल्पहरूको यथेष्ट रूपमा विश्लेषण नगरी अपरिपक्व र हतारमा स्वीकृत भएको भन्ने देखियो।

२१. अतः प्रस्तावित भूरीगाउँ-तेलपानी-सुर्खेत सडक आयोजनासम्बन्धी वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन स्वीकृत गर्ने निर्णय गर्नु अगाडि विपक्षी वातावरण मन्त्रालयबाट वातावरण संरक्षण ऐन, २०५३ को दफा ६(४) र ५ मा उल्लिखित कानूनी व्यवस्थाबमोजिम अनिवार्य रूपमा अपनाउनु पर्ने आवश्यक प्रक्रिया पूरा भएको भन्ने नदेखिएको, मुख्य सरोकारवाला सरकारी निकाय विपक्षी वन तथा भू-संरक्षण मन्त्रालय र मातहत निकाय स्वयंले प्रस्तावित सडक सम्बन्धमा सम्पूर्ण विकल्पहरूको अध्ययन भई नसकेकोले सोको अध्ययन भएपश्चात् मात्र आयोजनासम्बन्धी प्रक्रिया शुरु हुनुपर्ने भनी लिखित जवाफमा उल्लेख गरेको देखिएको तथा स्वीकृत प्रतिवेदनमा उल्लिखित विकल्प १ख ले के कति वातावरणीय क्षति पुर्याउँछ र सो भन्दा कम क्षति पुर्याउने अन्य विकल्प छन् छैनन् भन्ने कुराको वस्तुगत आधार र कारणको अभावमा विकल्प १ख (1b) स्वीकृत गर्ने गरेको विपक्षी वातावरण मन्त्रालयको मिति २०६८।९।५ को निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ।

२२. अब सो सडक अत्यावश्यक नै भए वातावरण संरक्षण ऐन, २०५३ को दफा ६(४) र ५ समेतमा उल्लिखित सम्पूर्ण कानूनी प्रक्रियाहरू पूरा गरी सरोकारवाला विपक्षी वन तथा भू-संरक्षण मन्त्रालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग समेतको संलग्नतामा सम्पूर्ण विकल्पहरूको विश्लेषण गरी बर्दिया राष्ट्रिय निकुञ्जमा कमभन्दा कम क्षति हुने तथा क्षति न्यूनीकरण गर्न सकिने उपयुक्त विकल्पको पहिचान र छनौट गरी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरूलाई दिई दायरी लगत कट्टा गरी नियमानुसार मिसिल बुझाई दिनू।

उक्त रायमा म सहमत छु।

न्या.प्रकाश वस्ती

इति संवत् २०६९ भदौ २६ गते रोज ३ शुभम् ....

इजलास अधिकृतः रामप्रसाद शर्मा

१९. विषयः उत्प्रेषण/परमादेश।

भाग ६०	निर्णय नं. १००८६	ने.का.प. २०७५	अंक ९
सर्वोच्च अदालत, संयुक्त इजलास			
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल			
०६७-WO-०६९४			
फैसला मितिः २०७५।१।१६			

निवेदकः तेह्रथुम जिल्ला सावाला गा.वि.स. वडा नं. ४ घर भई हाल काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २९ बस्ने अधिवक्ता खगेन्द्र सुवेदीसमेत

विरूद्ध

विपक्षीः नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

निवेदकका तर्फबाटः विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री राघवलाल बैद्य र श्री प्रकाशमणि शर्मा र विद्वान् अधिवक्ताहरू खगेन्द्र सुवेदी, श्री राजुप्रसाद चापागाई, श्री चुडामणि पौडेल, श्री सरोजनाथ प्याकुरेल र श्री हिराबहादुर कार्की

विपक्षीका तर्फबाटः विद्वान् नायब महान्यायाधिवक्ता श्री किरण पौडेल

अवलम्बित नजिरः

ने.का.प.२०६७, चैत, नि.नं.८५२१

सम्बद्ध कानूनः

नेपालको अन्तरिम संविधान, २०६३

- *वर्तमान पुस्ताको एउटा प्रमुख जिम्मेवारी अन्तरवंशीय समन्यायको सिद्धान्तअनुसार आफूले भोगेको वा प्राप्त गरको सबै किसिमको प्राकृतिक, सांस्कृतिक सम्पदा, वन जङ्गल, हावापानी, वातावरण एवं जैविक विविधतालाई भावी पुस्ताको लागि सुनिश्चित गर्नु पनि हो। प्राकृतिक रूपमा प्राप्त गरेको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यावरणीय महत्त्व भएको फेवाताल भावी पुस्तालाई हस्तान्तरण गर्ने जिम्मेवारी वर्तमान पुस्ताको नै हुने।*

  (प्रकरण नं.१६)

- *आफूले उपभोग गरिरहेको प्राकृतिक स्रोत साधनबाट वर्तमानको उचित पहुँच र आवश्यकता पूरा गर्दै भावी पुस्ताको लागि हस्तान्तरण गर्नको लागि त्यस्तो प्राकृतिक स्रोत साधनमाथि हुने अनियन्त्रित दोहन रोक्नुका साथै प्राकृतिक रूपमा हुने क्षयीकरणलाई समेत नियन्त्रण गर्नु आवश्यक हुन्छ। त्यस्ता स्रोत साधनको संरक्षणको लागि गरिने कार्य पनि प्राकृतिक अवस्थामा नै त्यस्तो स्रोत साधनलाई बचाई राख्ने गरी गरेको हुनुपर्ने।*

- *विकास निर्माणको कार्य आफैंमा नराम्रो होइन, तर प्रकृतिले दिएको अपार स्रोत साधनको अनियन्त्रित र जथाभावी अतिक्रमण वा दोहन गरी यसको अस्तित्व नै संकटमा पार्ने गरी भएको विकास यथार्थमा दिगो विकास (Sustainable Development) नभई क्षणिक हुन्छ। यसैले प्राकृतिक स्रोत साधन र विकासका बीच सन्तुलन कायम गरी प्रकृतिको कमभन्दा कम दोहन गर्ने र प्राकृतिक उपहारलाई भावी पुस्तासम्म हस्तान्तरण गर्नु नै दिगो विकास हुने।*

  ❖ *(प्रकरण नं.१७)*

- *सम्मानपूर्वक बाँच्न पाउने हकअन्तर्गत गुणस्तरीय जीवनयापनको लागि चाहिने सबै अवयवहरू जस्तैः वातावरणीय सन्तुलन, स्वच्छता र जैविक विविधतायुक्त पर्यावरणसमेतलाई समेटिएको हुने।*

  ❖ *(प्रकरण नं.२०)*

आदेश

न्या.ओमप्रकाश मिश्रः तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७ (२) बमोजिम दायर भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

तथ्य खण्ड

रिट निवेदनको बेहोरा

नेपालको कास्की जिल्लास्थित उत्तरमा पोखरा उपम.न.पा. वडा नं. ६, सराङकोट गा.वि.स. वडा नं. ७, दक्षिण रानीवन पुम्दीभुम्दी गा.वि.स. वडा नं. १, पूर्वमा पोखरा उपम.न.पा. वडा नं. १७, १६, पश्चिममा सराङकोट गा.वि.स. वडा नं. ७ को बीचमा फैलिएको फेवाताल प्राकृतिक, सांस्कृतिक, धार्मिक, विद्युतीय, जलस्रोत, जलचर, जैविक विविधतायुक्त, प्राकृतिक सम्पदा हो। फेवातालको पानीबाट नेपाल सरकारले २०३० सालमा फेवा पावर हाउस निर्माण गरी १५०० किलोवाट बिजुली उत्पादन गरेको र उक्त बिजुली उत्पादनबाट पोखरामा पर्यटकीय होटल, सरकारी कार्यालय, स्थानीय जनता लाभान्वित भएका छन् भने सरकारले वर्षेनी बिजुली उत्पादनबाट महसुलसमेत प्राप्त गरेको छ। यस्तो बहुआयामिक महत्त्व भएको फेवातालको क्षेत्रफल प्राकृतिक र मानवीयलगायत विविध कारणले दिन प्रतिदिन घट्दै गइरहेको छ। विपक्षीहरूको मिलेमतोमा फेवातालको उत्तरतर्फ बाराही मन्दिर जाने बाटोदेखि खहरे खोलासम्म ताल किनारामा गोरेटो बाटो बनाउन चौडाई १३ फुट, लम्बाई लगभग २ कि.मि.को सडक बक्का कार्य भइरहेको र सडकपछाडिको जग्गामा होटल, लज निर्माण कार्य भइरहेको छ। तालको वरिपरि बसेको बस्तीको फोहोरले ताल दुर्गन्धित भई तालको पानीबाट सिँचित सिँचाईमा समेत असर परी वातावरणीय असन्तुलन भई तालमा रहेको जलचर तथा मौसमी चराहरूमा प्रत्यक्ष असर परी पर्यटन व्यवसायसमेत खस्किँदै गएको छ। प्रथम Indian Survey देखि लिएर २०५८ सालको नापीको समयमा आइपुग्दा फेवातालको क्षेत्रफल ६० प्रतिशत पुरिइसकेको अवस्था छ। विभिन्न निकायहरूबाट फेवातालको बारेमा गरिएको अध्ययनहरूले आगामी १०० वर्षभित्रमा नै फेवाताल सम्पूर्ण रूपमा पुरिने निष्कर्षसमेत निकालेका छन्। १० वर्षको Sedimentation Rate लाई हेरी अध्ययन एवं विश्लेषण गरी तयार बनाइएको एक प्रतिवेदनमा प्रतिवर्ष १८०,००० cum सिल्टेसनका दरले १६ प्रतिशत ताल आगामी २४.३३ वर्षभित्र पुरिने उल्लेख गरिएको छ। २०५८ सालमा जि.वि.स. कास्कीको सक्रियता एवं सम्बन्धित विभिन्न निकायहरूको संलग्नतामा भएको सर्वेक्षणअनुसार फेवातालको क्षेत्रफल ४.२५ वर्ग कि.मि. र परिमिति १८.७० कि.मि. रहेको उल्लेख गरिएको छ। सोही प्रतिवेदनमा २०३८ सालमा फेवातालको क्षेत्रफल ५.८० वर्ग कि.मि. र २०१८ सालमा १०.३५ वर्ग कि.मि. रहेको देखिएको छ। यस तालको सन् १९५७, १९५८ को इन्डियन सर्वेमा रहेको क्षेत्रफल हाल घट्दै गई तालको आफ्नो मौलिकता गुमाई रहेको छ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १६ मा प्रत्येक व्यक्तिलाई मानव स्वास्थ्य र स्वच्छ वातावरणमा जीवनयापन गर्ने हक, धारा १७(३) मा नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषालिपि, संस्कृति, सभ्यता, सम्पदाको संरक्षण र संवर्द्धन गर्ने हक तथा धारा २३ मा धर्मसम्बन्धी हकको प्रत्याभूत गरिएको छ। गुठी संस्थान ऐन, २०३३ को दफा १७(३) मा धार्मिक, सांस्कृतिक परम्परालाई बचाउन पाउने हक रहेको छ। प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(क) समेतले प्राचीन स्मारकको वर्गीकरण गरेको छ। त्यसैगरी वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ ले प्रदूषणको रोकथाम र नियन्त्रणको लागि कसैले पनि वातावरणमा प्रतिकूल गर्ने गरी वा जनस्वास्थ्यको लागि खतरा हुनसक्ने किसिमले प्रदूषण गर्न नहुने तथा मापदण्डविपरीत फोहर निष्कासन गर्न नहुने, कसैले यसको विपरीत कार्य गरेमा रोक लगाउन सक्ने, ऐ. ऐनको दफा ९ मा राष्ट्रिय सम्पदाको संरक्षण गर्नु सबै निकायको कर्तव्य हुने र ऐ. ऐनको दफा १० तथा नियमावली, २०५४ ले वातावरण संरक्षणका दृष्टिले अति महत्त्वपूर्ण मानिने प्राकृतिक सम्पदा वा सौन्दर्यपरक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका स्थानहरू भएको, नेपालभित्रको कुनै ठाउँलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी वातावरण संरक्षण क्षेत्र कायम गर्नुपर्ने सरकारको दायित्व हुनेछ भन्ने स्पष्ट व्यवस्था गरेको छ। भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा ४(क)(ख)(ग)(घ) मा संरक्षित जलाधार क्षेत्रमा तटबन्ध, बाँध बनाउने, वृक्षारोपण गर्ने, घाँस झारपात लगाउने, त्यसको स्याहार सम्भार गर्ने, पहिरो जानबाट बचाउने, पानी तथा वातावरणको स्वच्छता सन्तुलित रूपमा कायम गराई राख्नेलगायतका प्रविधिबाट जलाधार क्षेत्रको संरक्षणको व्यवस्था गरिएको छ। नगर विकास समिति ऐन, २०४५ को दफा ९ समेतले प्राकृतिक धार्मिक जस्ता सम्पदाको संरक्षण गर्ने जिम्मा पोखरा उपत्यका नगर विकास समितिलाई सुम्पिएको छ। स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २८(१)(ज) मा वन तथा वातावरण संरक्षण सम्बन्धमा स्थानीय निकायको कर्तव्यको व्यवस्था गरिएको छ। सोही ऐनको दफा ९६ मा नगरपालिकाको काम, कर्तव्य र अधिकार तोकी नगरपालिका क्षेत्रमा रहेका खोला, नाला, इनार, कुवा, पोखरी, तलाऊ आदिको संरक्षण गरी सदुपयोग गर्ने, साथै ऐ. ऐनको दफा १८९(१)(२)ले जि.वि.स.को वन तथा वातावरणसम्बन्धी काम, कर्तव्य र अधिकारको प्रत्यायोजन गरेको छ भने स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५(५) ले प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकारको व्यवस्था गरी जिल्लाभित्र रहेका नेपाल सरकारका सबै सम्पत्तिहरूको रेखदेख तथा सम्भार गर्ने गराउने काम तोकी फेवातालको संरक्षण गर्ने जिम्मा तोकिएको छ। त्यसैगरी जलस्रोत ऐन, २०४९ को दफा १९ मा जलस्रोतलाई प्रदूषित गर्न नहुने भनी उल्लेख गरेको छ। मालपोत ऐन, २०३४ ले सरकारी तथा सार्वजनिक जग्गाको परिभाषा गरी तालालाई

सरकारी जग्गाको परिभाषाभित्र पारी ऐ. ऐनको दफा २४ मा सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता गर्न वा आवाद गर्न नहुने भनी उल्लेख गरेको छ। पर्यटन ऐन, २०३५ ले पर्यटनको विकास गरी सर्वसाधारणको हित कायम राख्न यो ऐन जारी भएको भनी उल्लेख भएको छ।

यसरी विपक्षीहरू संविधान, कानूनतः फेवातालको संरक्षणको दायित्व बोकेका राज्यका निकायहरू भएको हुँदा उल्लिखित संविधान, ऐन, नियमावलीहरूमा भएको व्यवस्थाबमोजिम आफ्नो कर्तव्य र दायित्व निर्वाह गर्नुपर्नेमा विपक्षीहरूबाट तालको उचित संरक्षण र संवर्द्धन हुन सकेको छैन। नेपालको मात्रै नभएर अन्तर्राष्ट्रिय धार्मिक तथा सांस्कृतिक मान्यता प्राप्त बाराही मन्दिर र अन्य मन्दिरहरूको धार्मिक र सांस्कृतिक अस्तित्वलाई विपक्षीहरूका क्रियाकलापहरूले निरन्तर मास्दै गइरहेको छ। संविधानमा नै धर्म संस्कृतिको संरक्षणको हक प्रत्याभूति गरिरहेको अवस्थामा विपक्षीहरूबाट तालको किनारै किनार सडक बनाउने, तालको पानी लाभान्वित क्षेत्रमा बाटो घर निर्माण गर्ने जस्ता कार्य हुनु नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७, २३ विपरीत हो। विपक्षीहरूको काम कारबाहीबाट संविधान तथा कानूनविपरीत फेवातालालाई गम्भीर तथा अपूरणीय क्षति पुर्याएको, यस्तो विषय सार्वजनिक सरोकारको विषयभित्र परेको र म निवेदकको समेत सार्थकसम्बन्ध रही मसमेतका नेपाली नागरिकको मौलिक हक हनन हुन गएकोले पोखराको फेवातालको अस्तित्व बचाई उक्त तालको संरक्षणको लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ (२) बमोजिम निम्न लिखित आदेशहरू जारी गरिपाऊँ -

फेवातालालाई प्राकृतिक तथा मानवीय कारणहरूबाट पुरिन नदिई यसलाई बचाउनका लागि फेवातालको उत्तरमा सराङकोट डाँडा, दक्षिणमा पुम्दीभुम्दी गा.वि.स., पूर्वमा पोखरा उपम.न.पा. वडा नं. १७, ६, पश्चिममा सराङकोट गा.वि.स. वडा नं. ७ लाई चारकिल्ला तोकी प्रत्यर्थीहरूको नाममा भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा ३,३(क) बमोजिम भू तथा जलाधार संरक्षण क्षेत्र र वातावरण संरक्षण ऐन, २०५३ को दफा १०, १०(१) बमोजिम वातावरणीय संरक्षण क्षेत्र घोषणा गरी तालको उचित र दिगो संरक्षण गर्नु भनी परमादेशको आदेश जारी गरिपाऊँ,

फेवातालको सुरूको Indian Survey (Draft १९५७/५८) बमोजिमको चारकिल्ला, क्षेत्रफल र हालको तालको क्षेत्रफलको नापनक्सा मापन गरी सुरूको तालको क्षेत्रफलको चारकिल्ला छुट्टयाई पुरिएको भाग यकिन गरी पुरिएको भागको जग्गा व्यक्ति विशेषको नाममा जग्गाधनी प्रमाणपत्र बनेको भए मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम सो जग्गाधनी प्रमाण पुर्जा बदर गरी तालको नाममा पुर्जा बनाई तालको सिमाङ्कन गर्नु भनी प्रत्यर्थीहरूको नाममा परमादेशको आदेश जारी गरिपाऊँ,

तालको बाराही मन्दिरदेखि उत्तर हुँदै किनारै किनार माटो, ढुंगा थुपारी निर्माणाधीन लगभग २ कि.मि. १३ फिट चौडाइको बाटोको निर्माण नगर्नु नगराउनु र उक्त बाटोको लागि थुपारिएको माटो यथाशीघ्र हटाउनु भनी उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिपाऊँ,

तालको साबिक नक्साभित्र तालको जैविक विविधता, तालको जलचर, तालको पानीलाई मास्ने र प्रदूषण गर्ने जस्ता घर होटल बनाउन तथा तालको वातावरणविपरीत हुने गरी कुनै पनि किसिमका निर्माण कार्य नगर्नु तथा ढल हाल्न नदिनु भनी प्रत्यर्थीहरूका नाममा परमादेश जारी गरिपाऊँ,

तालको उचित संरक्षण तथा संवर्द्धन गर्नका लागि तथा तालको जैविक विविधता कायम राख्न एवं तालको पर्यटकीय स्वरूप बचाउन तथा तालको लाभान्वित घेरा बचाउनका निमित्त तालको वरिपरि बस्ने स्थानीय जनताको प्रत्यक्ष सहभागितामा तालको किनारामा फूलबारी निर्माण गर्नु गर्न लगाउनु भनी प्रत्यर्थीहरूका नाममा परमादेशको आदेश जारी गरिपाऊँ।

यस अदालतबाट भएको कारण देखाउ आदेश

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै कारण भए यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूको नाममा सूचना म्याद पठाउनू। साथै निर्माणाधीन बाटो कुनै बस्तीतर्फ नजाने र उक्त प्रस्तावित निर्माणाधीन बाटोले ताल प्रदूषण हुनाको साथै ताललाई नै बिगार्ने भन्ने जिकिर गरी उक्त क्षेत्र अध्ययनसम्बन्धी प्रतिवेदनसमेत उल्लेख गरेकोले हाल उक्त निर्माणाधीन कार्य स्थगित गर्नु भन्ने विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ। विपक्षीहरूले चाहेमा अन्तरिम आदेश रद्ध गर्न निवेदन गर्न सक्ने बेहोरासमेत जानकारी गराई प्रस्तुत मुद्दालाई अग्राधिकार दिई पेस गर्नू।

भूमिसुधार तथा व्यवस्था मन्त्रालयको लिखित जवाफ

प्रस्तुत रिट निवेदनको विषयका सम्बन्धमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयको प्रत्यक्ष संलग्नता नरहेको र रिट निवेदकको हक अधिकारमा असर पर्ने गरी यस मन्त्रालयले कुनै पनि कार्य नगरेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

नापी विभागको लिखित जवाफ

जग्गा नापजाँच ऐन, २०१९ लागू भएपश्चात् २०२१ सालबाट नाप नक्सा सुरू भएको र सोही ऐनबमोजिम नापजाँच भई फेवातालको क्षेत्रफल कायम भएको छ। साथै उक्त क्षेत्रमा उल्लिखित

ऐनबमोजिम पुनः नापजाँच गराउने अवस्थामा साबिकको नक्सा स्रेस्तासमेतलाई आधार मानी नापजाँच हुने नै हुँदा सो अवस्थामा निवेदकको मागबमोजिम फेवातालको क्षेत्रफल यकिन हुने हुँदा निवेदकले उल्लेख गरेबमोजिम (Indian Survey Draft 1957/58) बमोजिमको तालको क्षेत्रफलबमोजिम पुनः नापजाँच गर्दा जग्गा नापजाँच ऐन, २०१९ लगायत प्रचलित ऐन नियमसङ्गत नहुने देखिन्छ। साथै यस विभागबाट भएको के कस्तो काम कारबाही वा निर्णयबाट रिट निवेदकको हक अधिकारमा आघात परेको हो ? सो सम्बन्धमा निवेदकले स्पष्ट खुलाउन नसकेको हुँदा यस विभागको संलग्नता नै नभएको विषयमा यस विभागसमेतलाई विपक्षी बनाई दायर गरेको प्रस्तुत रिट खारेज गरिपाऊँ।

डिभिजन कार्यालय कास्कीको निमित्त डिभिजन प्रमुख र पोखरा उपत्यका नगर विकास समितको सदस्य सचिवको संयुक्त लिखित जवाफ

नगर विकास समिति ऐन, २०४५ (संशोधनसहित) को दफा ३.२ बमोजिम पोखरा उपत्यका नगर विकास योजना नेपाल सरकारबाट मिति २०३०।८।१५ मा स्वीकृत भएको छ। नगर विकासको लागि भू-उपयोग क्षेत्र निर्धारण गर्ने क्रममा पोखराको फेवाताल क्षेत्रलाई लेकसाइड संरक्षण क्षेत्र निर्धारण गरी तालनजिक रहेको हाल बसुन्धरा पार्क र कोमागाने पार्क रहेको जग्गा समयमा नै अधिग्रहण गरी हालसम्म सुरक्षित राखिएको छ। बाँकी रहेको अन्य क्षेत्रमा विभिन्न निर्माण कार्य निषेध गरी मापदण्ड निर्धारण भएको छ। बाराही चोकदेखि गैराको चौतारासम्म विभिन्न व्यक्तिको जग्गा रहेको, ताल पुरिँदै जाँदा वा पानीको सतह घट्दै जाँदा व्यक्तिले तालक्षेत्र अतिक्रमण गर्दैजाने सम्भावना देखिएकोले सर्वप्रथम तालको क्षेत्र संरक्षण गर्ने र तालको कारणले पोखरा घुम्न आउने पर्यटकको सजिलोको लागि पैदल मार्ग निर्माण गरी तालको सौन्दर्यकरण गर्ने उद्देश्य लिई असल नियतका साथ प्रक्रिया पूरा गरी आ.व. ०६५/६६ र आ.व. ०६६/६७ मा केही रकम विनियोजन गरी पैदल मार्ग निर्माण गरिएको हो। पूरै कार्य सकिएको पनि छैन। हाल निर्माण कार्य गरिएको पनि छैन। अन्यत्रबाट माटो ल्याइएको पनि होइन। तालको माटो झिकी बाटोतर्फ हालिएको मात्र हो। यस कार्यले तालालाई हालसम्म कुनै प्रकारको हानि नोक्सानी पुर्याएको छैन। पछिसम्म पैदल मार्गको कारणले तालको प्रदूषण, अतिक्रमण नहोस् भन्नेतर्फ समिति सजग छ। निवेदकले दाबी गरेको जस्तो ताल संरक्षणमा बेवास्ता गरेको नहुँदा प्रस्तुत रिट खारेज गरिपाऊँ।

वातावरण मन्त्रालयको लिखित जवाफ

वातावरण संरक्षण ऐन, २०५३ को दफा १० को उपदफा (१) बमोजिम वातावरण संरक्षण क्षेत्र कायम गर्नु अघि त्यस्तो क्षेत्र वातावरण संरक्षणका दृष्टिकोणले अति महत्त्वपूर्ण मानिने प्राकृतिक सम्पदा

वा सौन्दर्यपरक, दुर्लभ वन्यजन्तु, जैविक विविधता, वनस्पति, ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका स्थलहरू भएको हुनुपर्ने र त्यस्तो क्षेत्रमा अतिक्रमण भई संरक्षण गर्नुपर्ने देखिएमा मात्र वातावरण संरक्षण क्षेत्र घोषणा गर्न सकिने व्यवस्था छ। निवेदकको दाबीमा उल्लिखित अवस्था विद्यमान नभई केबल काल्पनिक तर्कको आधारमा दाबी जिकिर गरिएको हुँदा विना वैज्ञानिक विश्लेषण जुनसुकै क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा गर्दा प्रचलित कानूनको उद्देश्यमाथि प्रश्न चिह्न खडा हुन सक्ने एकातिर देखिन्छ भने अर्कातिर यदि उल्लिखित क्षेत्रलाई वातावरण संरक्षण क्षेत्र घोषणा गर्नुपर्ने अवस्था हो भने पनि वातावरण संरक्षण ऐन, २०५३ को दफा १०(१) मा उल्लिखित अवस्थाको वैज्ञानिक पुष्ट्याईं आवश्यक हुँदा निवेदकको दाबीमा त्यस्तो केही उल्लेख भएको देखिएको छैन। निवेदकले उल्लिखित क्षेत्रमा वातावरण संरक्षण ऐन, २०५३ तथा सोअन्तर्गत बनेको नियमको व्यवस्थाविपरीत कुनै विकास निर्माण कार्य भएको छ भन्न पनि नसक्नु भएकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

वन तथा भू-संरक्षण मन्त्रालयको लिखित जवाफ

यस मन्त्रालयबाट विगतमा फेवाताल जलाधार संरक्षण आयोजना सञ्चालन गरी फेवातालको जलाधार क्षेत्रमा वृक्षरोपण, माटो संरक्षण, पहिरो रोकथाम जस्ता कार्यहरू सञ्चालन गरिएको थियो। संरक्षणको जिम्मेवारी भए पनि कार्यक्रम र आवश्यकताअनुरूप बजेट विनियोजन हुन नसक्ने अवस्था र स्थानीय रूपमा जथाभावी निर्माण गरिने पूर्वाधार संरचनाको कारणबाट महत्त्वपूर्ण प्राकृतिक सम्पदा नासिने सम्भावना रहेको छ। फेवातालललाई जोगाई राख्नका लागि भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा ३ ले दिएको अधिकारअन्तर्गत रही संरक्षित जलाधार क्षेत्र घोषणा गरी त्यस क्षेत्रमा अनाधिकृत रूपमा निर्माण भएको संरचनाहरू हटाई फेवातालको प्राकृतिक स्वरूप कायम गर्नुपर्नेमा कुनै द्विविधा छैन। फेवातालको संरक्षण र संवर्द्धनका लागि तथा तालको जैविक विविधता कायम राख्दै तालको पर्यटकीय महत्त्व बचाउन तथा तालको लाभान्वित घेरा बचाउनका लागि सो ठाउँहरूमा निर्माण कार्य बन्द गरिनु पर्दछ। संरक्षित जलाधार क्षेत्र घोषित गर्नसक्ने कानूनी व्यवस्थाअनुसार ऐतिहासिक, धार्मिक, जैविक विविधायुक्त सो जलाधार क्षेत्रको मनोरम दृश्य साथै पर्यटकीय दृष्टिकोणले पनि अति नै महत्त्व रहेकोले त्यस क्षेत्रको संरक्षणको लागि यो मन्त्रालय सचेत तथा तत्पर रहेको हुँदा प्रस्तुत रिट जारी रहनु पर्ने होइन।

राष्ट्रिय ताल संरक्षण विकास समितिको लिखित जवाफ

नेपाल सरकारबाट विकास समिति ऐन, २०१३ को प्रावधानअनुरूप राष्ट्रिय ताल संरक्षण विकास समिति २०६३ मा गठन भई २०६४ देखि औपचारिक रूपमा तालहरूको संरक्षण कार्यमा प्रत्यक्ष

सहयोग गर्दै आएको छ। नेपालभित्रका तालहरूको सिमाङ्कन गर्न नापी विभागलाई आग्रहको लागि च.नं. ५१, मिति २०६४।९।१८ मार्फत मन्त्रालयमा पत्राचार गरिएको थियो। यस समितिको १७ औं बैठकले फेवाताल वरिपरि ६५ मिटर वफर जोन राख्ने निर्णय गरेको थियो। फेवातालको वरिपरि वातावरणीय प्रभाव मूल्याङ्कन नगरी पैदल मार्गको निर्माण गर्न लाग्दा यस समितिले च.नं. ९८, ९९, १००, १०१मा क्रमशः वातावरण विज्ञान तथा प्रविधि मन्त्रालय, वन तथा भू-संरक्षण मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र भौतिक, योजना तथा निर्माण मन्त्रालयलाई मिति २०६५।२।१९ मा पत्राचार गरेको थियो। केन्द्रीय नापी टोलीबाट पोखरा उपत्यकाभरिका ९ वटा तालहरूको सिमाङ्कन भएकोमा ताल संरक्षणको लागि वरिपरिका घरजग्गा रोक्का राख्ने भनिएका सबै कित्ता जग्गा मापदण्डविपरीतका निर्माण कार्य तथा जग्गा जमिन बेचबिखनका गतिविधिहरू भइरहेको तथ्य थाहा पाउनासाथ यस समितिको पहलमा मिति २०६६।१०।७ मा पोखरामा स्थलगत अध्ययन भएको थियो। पोखराको फेवातालमा कर्ण शाक्यले निर्माण कार्य गरिरहेको भवन तथा घर टहराको निर्माण कार्य रोक्का गर्न च.नं. १५ मिति २०६७।५।२७ मा पोखरा उपत्यका नगर विकास समिति, आवास तथा भौतिक योजना मन्त्रालय, जिल्ला प्रशासन कार्यालय कास्की, पोखरा उपमहानगरपालिकालाई पत्राचार गरिएको थियो। यस निवेदनमा उल्लिखित पोखराको लेकसाइडमा अन्य निकायहरूबाट निर्माणाधीन रहेको फुटट्रयाक तथा अन्य कार्यहरूको बारेमा यस समितिलाई हालसम्म आधिकारिक जानकारी नभएको अवगत गराउन चाहन्छु। नेपालका तालहरूलाई अन्तर्राष्ट्रिय रामसार सूचीमा सूचीकृत गर्ने क्रममा यस समितिले पोखराको ९ वटै तालहरूलाई एकैसाथ लाने कार्य अन्तिम तयारी गरिरहेको छ। अन्तर्राष्ट्रिय मान्यतामा जान लागेका पोखराका तालहरूको वरिपरि कुनै पनि संरक्षणसँग सम्बन्धित कार्य सरोकारवाला निकायहरूलाई यस समितिसँग सहकार्य गरी मात्र गर्नका लागि परमादेश जारी गरिदिनु हुन अनुरोध छ। साथै यस समितिले सिमसार नीति, २०५९ मा उल्लिखित सबै कुराहरूको पालना गरेर आफ्ना कार्यक्रमहरूलाई अगाडि बढाएको छ। पोखराको फेवातालमा भइरहेको जल प्रदूषण, ढल बिसर्जन, सिल्टेसन जस्ता समस्याहरूको समाधान गर्न ठूलो प्राविधिक जनशक्ति तथा पुँजीको आवश्यकता पर्ने भएकोले सोतर्फ नेपाल सरकारले यस समितिलाई स्रोत उपलब्ध गराउने छ भन्ने अपेक्षा राख्दै फेवातालको उचित संरक्षण हुने कुरामा यस समिति विश्वस्त छ।

मालपोत कार्यालय कास्कीको लिखित जवाफ

निवेदकले उल्लेख गरेबमोजिम फेवातालको जग्गा अतिक्रमण गर्ने कार्य यस कार्यालयबाट भएको छैन। यस कार्यालयको काम तालका नाउँको जग्गाको स्रेस्ता बनाई सुरक्षित राख्ने बाहेक अन्य काम

यस कार्यालयसँग सम्बन्धित नभएको र नापीबाट नापजाँच भई नेपाल सरकार फेवातालका नाउँको जग्गा स्रेस्ता यस कार्यालयमा सुरक्षित रहिरहेको छ। तालका नाउँको जग्गा कुनै व्यक्ति विशेषका नाउँमा दर्ता गर्ने कार्य यस कार्यालयबाट नभएको हुँदा निवेदकले यस कार्यालयलाई अनावश्यक दुःख दिने मनसायबाट दिएको झुठ्ठा रिट निवेदन खारेज गरिपाऊँ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ

स्वच्छ वातावरणमा बाँच्न पाउने जनताको हक सुनिश्चिताको लागि प्रचलित कानूनबमोजिम अधिकारप्राप्त अधिकारीबाट आफ्नो अधिकारक्षेत्रभित्र रही विद्यमान कानूनको कार्यान्वयन गरी, गराई सामाजिक हकहितको संरक्षण तथा प्रवर्द्धन गर्ने कार्य भइरहेको र भविष्यमा समेत हुनेछ। सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाउँमा दर्ता वा आवाद गर्न गराउन नपाइने गरी मालपोत ऐन, २०३४ को दफा २४ मा व्यवस्था भएको छ। कोही, कसैले सोविपरीत गरी फेवातालको जग्गा आफ्नो नाउँमा दर्ता वा आवाद गराएमा ऐनको सोही प्रावधानका आधारमा बदर गरी सो गर्ने गराउनेलाई कानूनबमोजिम सजाय हुने नै हुँदा सोही प्रयोजनको लागि रिट निवेदनको विषयवस्तुमा प्रवेश गरी आदेश हुनुपर्ने होइन। निवेदकले यस कार्यालयको कुन काम, कारबाही वा निर्णयबाट नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त हकमा के कसरी आघात परेको हो भन्ने सम्बन्धमा आफ्नो निवेदनमा कुनै कुरा उल्लेखसम्म पनि गर्न नसकेको अवस्थामा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

जिल्ला प्रशासन कार्यालय कास्कीको लिखित जवाफ

यस कार्यालयबाट फेवातालको अस्तित्वमा आँच आउने गरी तालको उत्तरतर्फ बाराही मन्दिर जाने बाटोदेखि खहरे खोलासम्म ताल किनारामा सडक खक्कासमेतका कुनै कार्य भए गरेको छैन। स्थानीय प्रशासन ऐन, २०२८ ले प्रमुख जिल्ला अधिकारीलाई तोकिदिएको कार्यबमोजिमका कार्यहरू यस कार्यालयबाट समय समयमा भएका छन्। तालमा भएको प्रदूषण हटाउने सम्बन्धमा यस कार्यालयबाट विभिन्न मितिमा आदेशसमेत जारी भए गरेको अवस्थासमेत हुँदा यस कार्यालयलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेज गरिपाऊँ।

क्षेत्रीय प्रशासन कार्यालय, पश्चिमाञ्चल विकास क्षेत्र पोखराको लिखित जवाफ

फेवातालको संरक्षण संवर्द्धन गर्नको लागि क्षेत्रीय प्रशासन कार्यालय तल्लीन रहेको छ। तालको छेउबाट Foot Track निर्माण गर्ने कार्य जिल्ला विकास समिति, कास्की, पोखरा उपमहानगरपालिका कार्यालय, पोखरा उपत्यका नगर विकास समितिसमेतबाट भएको छ। सबै निर्माण कार्य फेवातालको

सौन्दर्यलाई अझै वृद्धि गर्नेतर्फ नै भएकोले यस कार्यालय पोखराका प्राकृतिक सम्पदाहरूको संरक्षण गर्ने र वातावरण संरक्षणमा चिन्तित नै रहेको छ। ऐन कानूनले दिएको जिम्मेवारी, भूमिका यस कार्यालयबाट निर्वाह भइरहेको अवस्थामा क्षेत्रीय प्रशासन कार्यालयबाट भूमिका निर्वाह भएन भनी विपक्षीले लिएको निवेदन जिकिर खारेज गरिपाऊँ।

नेपाल पर्यटन बोर्ड, क्षेत्रीय कार्यालय, कास्कीको लिखित जवाफ

नेपाल पर्यटन बोर्ड, नेपाल पर्यटन बोर्ड ऐन, २०५३ बाट स्थापना भई उक्त ऐन तथा नेपाल पर्यटन बोर्ड नियमावली, २०५५ द्वारा संचालित संस्था हो। यस बोर्ड फेवातालको संरक्षण हुनुपर्छ भन्ने कुरामा प्रतिबद्ध छ। विपक्षीले माग गरेबमोजिम फेवातालको संरक्षण गर्न नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालय, भूमि सुधार तथा व्यवस्था मन्त्रालय, वातावरण मन्त्रालय तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम जि.वि.स., उपमहानगरपालिका, गा.वि.स. तालुक निकाय भएकाले ती निकायबाटै विपक्षीको माग पूरा हुने देखिन्छ। यस्तो अवस्थामा यस बोर्डलाई पनि विपक्षी बनाउनु पर्ने कुनै कारण नहुँदा प्रस्तुत निवेदन खारेज गरिपाऊँ।

यस अदालतबाट भएको आदेश

रिट निवेदनको प्रकरण ९(ख) मा उल्लेख भएको Indian Survey (Draft 1957/58) को फेवातालको चार किल्ला क्षेत्रफल र हालको तालको क्षेत्रफल नाप नक्सा मापन गरी सुरूको तालको क्षेत्रफलको चार किल्ला छुट्ट्याई पुरिएको भाग यकिन गरी पुरिएको भागको जग्गा व्यक्ति विशेषको नाममा जग्गाधनी प्रमाणपत्र जारी भएको भए मालपोत ऐन, २०३४ को दफा २४ बमोजिम सो जग्गाधनी प्रमाण पुर्जा बदर गरी तालको नाममा जग्गाधनी प्रमाण पुर्जा बनाई तालको सीमाङ्कन गर्नु भनी परमादेशको आदेश जारी गर्न माग गरिएको देखिन्छ। उक्त ताल नापी हुँदा के कस्तो चार किल्ला सीमाङ्कन गरी कति क्षेत्रफल कायम भएको हो ? सोभित्रको जग्गा पछि कुनै तरिकाले कसैको नाम दर्ता भएको छ, छैन ? भए कुन मितिमा कस कसको नाम दर्ता भएको छ र हाल तालको क्षेत्र कति कायम भएको छ भन्ने यकिन गरी फेवाताल जस्तो राष्ट्रिय गौरवको प्राकृतिक सम्पदाको संरक्षण सुनिश्चित गर्नुपर्ने हुनाले भूमिसुधार तथा व्यवस्था मन्त्रालयले मातहतको नापी तथा मालपोत विभाग एवं सम्बन्धित जिल्ला स्तरीय कार्यालयसँग समन्वय गरी माथि उल्लिखित Indian Survey लाई सन्दर्भमा लिई उपर्युक्त प्रश्नहरूलाई सम्बोधन हुने गरी आधिकारिक विवरण संकलन गरी ३ महिनाभित्र प्रतिवेदनको रूपमा पेस गर्नु भनी लेखी पठाई सो प्रतिवेदनप्राप्त भएपछि इजलाससमक्ष प्रतिवेदन पेस गर्न उक्त मन्त्रालयका सचिवलाई उपस्थित हुन जानकारी दिई ०६७-WO-१२४१ को

उत्प्रेषण परमादेशको निवेदनसमेत साथै राखी पेस गर्नू।

यस अदालतको मिति २०७१।१२।२२ को आदेशानुसार भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट पेस भएको प्रतिवेदन मिसिल सामेल रहेको।

ठहर खण्ड

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल संलग्न सम्पूर्ण कागज अध्ययन गरियो।निवेदकका तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री राघवलाल बैद्य र श्री प्रकाशमणि शर्मा र विद्वान् अधिवक्ताहरू खगेन्द्र सुवेदी, श्री राजुप्रसाद चापागाई, श्री चुडामणि पौडेल, श्री सरोजनाथ प्याकुरेल र श्री हिराबहादुर कार्कीले भू तथा जलाधार संरक्षण ऐन, २०३९ को (३) बमोजिम जलाधार संरक्षण क्षेत्र तोकी फेवाताल बचाउन दुविधा नरहेको भनी वन मन्त्रालयको लिखित जवाफमै रिट निवेदकको माग स्वीकार गरेको हुँदा सरकारबाट विभिन्न समयमा भएको प्रतिवेदनहरू मिति २०३०/८/१५ को पोखरा नगरयोजना, राष्ट्रिय योजना आयोगबाट तयार भएको फेवाताल निर्देशिका, २०५१, २०५८ को जि.वि.स.को सक्रियतामा भएको नापी, २०६४ सालको केन्द्रीय नापी, २०६९ को लामिछाने प्रतिवेदनसमेतले फेवाताल संरक्षण हुनुपर्ने भएबाट रिट निवेदकको मागबमोजिम पूर्व उत्तरमा सराङकोट (पो.उ.म.न.पा.१०), दक्षिण पुम्दीभुम्दी (पो.उ.म.न.पा.१०), पूर्व पोखरा उ.म.न.पा.वडा नं. १७, ६, पश्चिम सराङकोट (पो.उ.म.न.पा.१०) लाई सिमाना तोकी फेवाताल जलाधार संरक्षण क्षेत्र घोषित हुनुपर्छ। India Survey १९५७-१९५८/१९५९ मा देखाइएको फेवातालको नक्सा प्राविधिकको सहयोगमा मापन गर्दा १०३५३७५.७१८ वर्ग मिटर (एक करोड तीन लाख त्रिपन्न हजार सात सय पन्ध्र वर्ग मिटर) अर्थात् २०३५१.६८५ रोपनी देखिएको छ।२०५८ सालमा जि.वि.स. कास्कीको सक्रियता एवं सम्बन्धित विभिन्न निकायहरूको संलग्नतामा भएको सर्वेक्षणअनुसार फेवातालको क्षेत्रफल ४.२५ वर्ग कि.मि. र परिमिति १८.७० कि.मि. उल्लेख गरिएको छ।सोही प्रतिवेदनमा २०३८ सालमा फेवातालको क्षेत्रफल ५.८० वर्ग कि.मि. र २०१८ सालमा १०.३५ वर्ग कि.मि. उल्लेख गरेको पाइन्छ।सम्मानित सर्वोच्च अदालतको मिति २०७१।१२।२२ को आदेशबमोजिम भूमिसुधार मन्त्रालयबाट तयार भई पेस भएको प्रतिवेदन, २०७२ मा फेवातालको क्षेत्रफल ५१,१७,५३० वर्ग मिटर जनिएको मान्य हुँदैन।नेपाल सरकारबाट मिति २०६८।११।४ मा भएको निर्णयले गठित फेवाताल अतिक्रमण जग्गा छानबिन समितिले मिति २०६९।२।४ मा नेपाल सरकारसमक्ष बुझाएको प्रतिवेदनमा फेवातालको सम्बन्धमा २०६४ सालको केन्द्रीय नापी टोलीद्वारा गरिएको ग्राण्ड सर्वेबाट पानीले ढाकेको भाग ९९५५-६-२-३ रोपनी,

सिमसार क्षेत्र ५६२-१२-०-० रोपनी, खेती गरिएको भाग २१०१-०-१ रोपनी, पर्ती १६५-०-० रोपनी गरी जम्मा १२८७४-२-३-० रोपनी जनिएको छ। सोही प्रतिवेदनमा अनियमित दर्ता गरिएको १६९२-६-०-१ दर्ता खारेज गर्न सिफारिस गरिएको छ। उक्त प्रतिवेदनमा तालको क्षेत्रफल १६२१६-२-२-२ देखाउँदछ। तसर्थ, २०६९ सालको फेवाताल अतिक्रमण छानबिन समितिको प्रतिवेदनलाई तत्काल कार्यान्वयन गरी २०६४ सालको केन्द्रीय नापी प्रतिवेदन एवं २०५८ सालको कास्की जि.वि.स.को सक्रियतामा भएको तालको नाप नक्सामा देखिएको २०१८ सालको क्षेत्रफल १०.३५ वर्ग कि.मि. क्षेत्रफलबमोजिम क्षेत्रफल कायम गरी २०६९ सालको फेवाताल अतिक्रमित जग्गा छानबिन प्रतिवेदनमा व्यवस्था भएबमोजिम तालको जग्गाभित्र परेको व्यक्ति विशेषको जग्गा मालपोत ऐन, २०३४ को दफा २४(१)(२) बमोजिम जग्गाधनीतर्फको लगत कट्टा गरी फेवातालको नाममा कायम गर्न भनी भूमिसुधार तथा व्यवस्था मन्त्रालयका नाममा परमादेश जारी गरिपाऊँ। फेवातालको किनारको Foot Track का नाममा बनाउन लागिएको सडक पोखरा उपत्यका नगर योजनाविपरीतको देखिँदा र उक्त सडक निर्माण गर्दा फेवाताल संरक्षणमा प्रत्यक्ष असर पर्ने जोखिमलाई मूल्याङ्कन नै नगरी निर्माणाधीन बाटोको औचित्य पुष्टि हुन नसकेको हुँदा र वातावरणीय अध्ययन मूल्याङ्कनबेगर निर्माण भएको देखिँदा उक्त बाटो बनाउने काम नगर्नु, नगराउनु, बाटोको लागि निर्माण गरिएको पर्खाल माटो हटाउनु भनी परमादेश जारी गरिपाऊँ। त्यसैगरी फेवातालमा ढल हालेको प्रत्यक्ष देखिँदा ढल नहाल्नु र ताल वरिपरि फूलबारी निर्माणमा स्थानीयलाई सहभागी गराउने योजना कार्यान्वयन गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिपाउँ भनी बहस प्रस्तुत गरी सोही बेहोराको बहसनोट पेस गर्नुभयो।

विपक्षीहरूका तर्फबाट उपस्थित विद्वान् नायब महान्यायाधिवक्ता श्री किरण पौडेलले फेवाताल किनारमा बनेको पदमार्गबाट फेवातालको संरक्षण हुनुका साथै यसबाट तालको सुन्दरतामा वृद्धि भई पर्यटन प्रवर्द्धनमा समेत टेवा पुगेको हुँदा सो पदमार्ग बनाउने निर्णय बदर गर्नुपर्ने आवश्यकता छैन। नेपाल सरकार र यसका मातहतका निकायहरू ताल तलैया तथा यस्ता सिमसारहरूको संरक्षण वातावरण तथा पुरातात्त्विक महत्त्वका सम्पदाहरूको संरक्षण गर्न अन्तर्राष्ट्रिय रूपमा नै प्रतिवद्धता व्यक्त गरेको र सोहीअनुसार कार्य पनि गर्दै आएका छन्। तललाई सरकारी सम्पत्तिको रूपमा कानूनमा नै परिभाषित गरिएको र त्यस्तो सम्पत्ति कुनै पनि बेहोराले कसैको नाममा हस्तान्तरण गर्न नमिल्ने कानूनी व्यवस्था विद्यमान रहेको परिप्रेक्ष्यमा यदि कसैले तालको जग्गा मिची आफ्नो नाममा दर्तासमेत गराएको रहेछ भने त्यो बदरयोग्य रहेको र त्यस्तो जग्गा सरकारले फिर्ता लिने कुरामा विवाद हुन सक्दैन। फेवाताल, यस वरिपरि भएको वातावरण एवं जैविक विविधताको संरक्षण र संवर्द्धन गर्न नेपाल सरकार र यस

मातहतका निकायहरू अनवरत प्रयासरत रहेकोले त्यसतर्फ यस अदालतबाट हुने उपयुक्त आदेश स्वागतयोग्य नै हुन्छ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तबमोजिमको बहस सुनी मिसिलको समग्र तथ्यसमेतलाई मध्यनजर गर्दा प्रस्तुत विवादमा मूलतः निम्नानुसारका प्रश्नहरूको निरूपण हुनुपर्ने देखियोः-

(१) फेवातालको प्राकृतिक, जैविक, पर्यटकीय एवं पर्यावरणीय महत्त्व के कस्तो रहेको छ ?
(२) फेवातालको क्षेत्रफल र प्राकृतिक स्वरूपमा कुनै अतिक्रमण भएको छ वा छैन ?
(३) निवेदकको माग दाबी बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन ?

निरूपण गरिनु पर्ने उपर्युक्त प्रश्नहरूको सम्बन्धमा प्रवेश गर्नुपूर्व निवेदकहरूले उठाएको विषयवस्तुलाई संक्षेपमा अवलोकन गरी हेर्दा, फेवातालको संरक्षण बोकेका विपक्षी निकायहरूले कानूनबमोजिमको आफ्नो दायित्व निर्वाह नगरेको कारणले सो तालको उचित संरक्षण र संवर्द्धन हुन नसकेको, धार्मिक र सांस्कृतिक महत्त्व रहेको बाराही मन्दिर र अन्य मन्दिरहरूको धार्मिक र सांस्कृतिक अस्तित्वलाई विपक्षीहरूका क्रियाकलापहरूले निरन्तर मास्दै गइरहेको, विपक्षीहरूबाट फेवातालको किनारै किनार सडक बनाउने, उक्त तालको पानी लाभान्वित क्षेत्रमा समेत बाटो तथा घरहरू निर्माण गर्ने कार्यसमेत गरेकोले सो कार्यहरूबाट फेवातललाई गम्भीर तथा अपूरणीय क्षति पुर्याएको हुँदा फेवातालको अस्तित्व बचाई उक्त तालको संरक्षणको लागि विपक्षीहरूको नाममा विभिन्न आदेश जारी गरिपाउँ भनी निवेदन मागदाबी रहेको छ। निवेदकले भने जस्तो ताल मास्ने कार्य नगरेको साथै तालको किनारमा सडक बनाउने कार्यबाट तालको अतिक्रमण रोकिने हुँदा त्यसबाट तालललाई बचाउन सहयोग नै पुग्ने हुन्छ, तालको क्षेत्रमा घर निर्माण गर्ने कार्य गरेको नहुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन भनी विपक्षी निकायहरूले लिखित जवाफ दिएको देखिन्छ।

यसरी प्रस्तुत रिट निवेदन फेवाताल अतिक्रमण भई त्यसको अस्तित्व संकटमा परेको भन्ने विषयवस्तु उठाई दायर हुन आएको देखिएकोले फेवातालको वातावरणीय, पर्यटकीय, सामाजिक, आर्थिक, धार्मिक एवं पर्यावरणीय स्थान र महत्त्व के रहेछ ? सोतर्फ विचार गर्नुपर्ने भएको छ। रिट निवेदन र लिखित जवाफसमेतका मिसिल संलग्न कागजातहरूको अध्ययन गर्दा फेवातालको सम्बन्धमा समय समयमा विभिन्न अध्ययन भई प्रतिवेदनहरूसमेत पेस भएको भन्ने देखिएको छ। ती सबै प्रतिवेदनहरूले समेत फेवाताल यथार्थमा पोखरा उपत्यकाको पर्यावरणीय, प्राकृतिक, पर्यटकीय निधिको रूपमा रहेको कुरालाई नै उजागर गरेको देखिन्छ। फेवातालको प्राकृतिक सौन्दर्य, यसको वातावरणीय भूमिका,

यससँग सम्बन्धित धार्मिक गन्तव्यस्थलहरूका कारणबाट नै पोखरा उपत्यकाको ख्याति नेपालमा मात्र नभई विश्वस्तरमा नै उल्लेख्य बनेको कुरामा विवाद छैन। यसको दृश्यावलोकन गर्ने सर्वसाधारण जोसुकैले फेवातालको बहुआयामिक सौन्दर्य र महत्त्व अनुभूति गर्ने विषय हो। पोखरा उपत्यकाको पानीको असीम स्रोतको रूपमा अवस्थित यस तालमा असंख्य जलचर आस्रित रहेका छन् भने आन्तरिक र बाह्य पर्यटकहरू यस तालमा नौका शयर गर्न आउने हुँदा यो ताल पर्यटकीय गन्तव्यको उत्कृष्ट नमूना पनि हो।

२. फेवातालमा केबल पानीको भाग मात्र अवस्थित नभई यसको वरिपरि सिम, दलदल जमिनलगायतको ठूलो हिस्सासमेत रहेको हुँदा यो ताल सिमसार क्षेत्रको एउटा स्वरूप पनि हो। विश्वभर रहेका ताल तलैयालगायतका सिमसार क्षेत्रहरूलाई संरक्षण गर्ने उद्देश्यका साथ सन् १९७१ मा आएको Convention on Wetlands of International Importance especially as Waterfowl Habitat (Ramsar) को धारा १ मा सिमसार क्षेत्रलाई "Wetlands are areas of marsh, fen, Peat land or water whether natural or artificial, permanent or temporary, with water that is static or flowing, fresh, brackish or salt, including areas of marine water the depth of which at low tide does not exceed six meters." भनी परिभाषित गरेको छ। यसरी सिमसारलाई दलदल, धाप, प्राङ्गारिक माटो भएको जमिन वा पानीसहितको प्राकृतिक वा कृत्रिम, स्थायी वा अस्थायी, अलवण वा लवण, क्षारयुक्त र ६ मिटरभन्दा कम गहिराईको निम्न छालयुक्त समुद्रसहितको क्षेत्रको रूपमा परिभाषित गरेको पाइन्छ।

३. फेवातालको सम्बन्धमा गरिएका पूर्व अध्ययन प्रतिवेदनहरूमा फेवातालको क्षेत्रअन्तर्गत जलक्षेत्र, दलदले सिमलगायत केही पर्ती जमिनसमेत रहेको देखाइएको हुँदा रामसार महासन्धिको उक्त परिभाषाअनुसार फेवाताल र यस वरिपरिको क्षेत्र सिमसार क्षेत्रअन्तर्गत समेत पर्ने कुरामा पनि विवाद भएन। यस्ता सिमसारयुक्त तालहरूको वातावरणीय, आर्थिक, धार्मिक, सांस्कृतिकसमेतका बहुआयामिक महत्त्व रहेको हुन्छ। प्राकृतिक रूपमा बनेका वा मानव निर्मित तालहरू प्रत्यक्ष रूपमा त्यहाँ वरिपरि बसोबास गर्ने बासिन्दा, जलचर, स्थलचर, जीवजन्तुलगायतको जीवनको आधारको रूपमा रहेको हुन्छ। ताल तलैयाबाट मानव मात्रले लाभ पाउने नभई यसबाट अन्य विभिन्न जीवजन्तु, चराचुरुङ्गी तथा वनस्पतिको जीवनचक्र चलिरहेको हुन्छ। त्यसकारण फेवातालललगायतका प्राकृतिक तालतलैयाहरूलाई केबल मानवको जीवनका लागि होइन, त्यस क्षेत्रमा आस्रित समग्र जीवजन्तु, वनस्पतिको अस्तित्वसँग सम्बन्धित पर्यावरणीय सन्तुलनको

कडीको रूपमा बुझ्नुपर्ने देखिन्छ। फेवातालले पोखरा उपत्यकाको समग्र मानव, जीवजन्तु, वनस्पतिको जीवनचक्र र अस्तित्वलाई सन्तुलनमा राखी जैविक विविधता र प्राकृतिक सौन्दर्यका साथै पर्यावरण चक्रको एउटा जीवन्त अवयवका रूपमा भूमिका खेलेको कुरामा कुनै विवाद छैन।

४. भौतिक हिसाबले सतही रूपमा हेर्दासमेत पोखरा उपत्यकामा अवस्थित फेवातालबाट त्यस वरिपरिको खेतियोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध भएको, सोही तालको पानीबाटै फेवा पावर हाउस निर्माण भई विद्युत् उत्पादन भएको भन्ने देखिँदा यस तालको प्राकृतिक, पर्यटकीय, वातावरणीय महत्त्व मात्रै नभई स्थानीय बासिन्दाको आर्थिक विकासको आधारको रूपमा समेत रहेको देखिन्छ। त्यसैगरी फेवातालको पूर्वदक्षिणतर्फ बीचमा अवस्थित रहेको तालबाराही मन्दिर, सोही तालको दक्षिणतर्फको अग्लो डाँडामा रहेको बौद्ध स्तुपा, तालको उत्तरतर्फ रहेको विन्ध्यावासिनी मन्दिर र तालको उत्तरतर्फ माथिल्लो भू-भागमा अवस्थित सराङकोटलगायतका धार्मिक र पर्यटकीय गन्तव्यहरूसमेत यसै तालको सौन्दर्यसँग एकाकार भई वर्षेनी लाखौं पर्यटक र तीर्थयात्रीहरूको आकर्षण केन्द्र बनेका छन्।

५. अन्नपूर्णा हिम श्रृङ्खलाको आकर्षणको रूपमा अवस्थित माछापुच्छ्रे हिमाललगायतको पोखरा उपत्यकाको प्राकृतिक सुन्दरतालाई फेवातालले आफ्नो सतहमा प्रतिबिम्बित गर्ने भएकोले यसको अनुपम सुन्दरताको स्वादन गर्न हरेक व्यक्ति लालायित हुनु स्वाभाविक भएको छ। यस हिसाबले फेवातालको पर्यावरणीय, पर्यटकीय, सांस्कृतिक र धार्मिक महत्त्व सर्वथा उल्लेख्य रहेको देखिन्छ। फेवातालको किनारमा रहेको पोखरा शहरको मुख्य आकर्षण नै फेवाताललाई मानिन्छ। फेवातालको पानीमा देखिने माछापुच्छ्रे हिमालको प्रतिबिम्ब विश्वभरका पर्यटकलाई पोखरामा ल्याउने एउटा पर्यटन मिथकझैं सुविख्यात छ। यसैकारण वर्षेनी लाखौं पर्यटकहरू पोखराको भ्रमण गर्दछन्। यिनै पर्यटकहरूको पोखरा बसाई एवं भ्रमणलाई सहजीकरण गर्ने उद्देश्यले पर्यटनमा आधारित विभिन्न व्यवसायबाट हजारौं मानिसहरूले रोजगारी प्राप्त गरेका छन् भने राज्यले समेत कर एवं विदेशी रकम आर्जनसमेत गरेको छ। फेवातालको मध्य भागमा रहेको बाराही मन्दिरसम्म जान आउनका लागि प्रयोग हुने डुङ्गा चलाउन कतिपय मानिसहरूले प्रत्यक्ष रूपमा रोजगारी प्राप्त गरेका छन् भने अप्रत्यक्ष रूपमा पनि उत्तिकै संख्यामा मानिसहरूले रोजगारी प्राप्त गरेको देखिन्छ।

६. फेवातालको अर्को मुख्य महत्त्व पर्यावरणीय सन्तुलन पनि रहेको देखिन्छ। पर्यावरण ती सबै भौतिक, रासायनिक एवं जैविक कारकहरूको समष्टिगत इकाई हो जसले सबै जीवधारी वा पारिस्थितीय

प्रणालीको बासिन्दालाई प्रभावित गर्दछ तथा उनीहरूको जीवनरूप र जीवनशैली निर्धारण गर्दछ। यो मानव जीवनलाई प्रभावित गर्ने सबै जैविक र अजैविक तत्त्व, तथ्य र घटनाहरूको समुच्चयबाट निर्मित इकाई हो। यो मानव जातिको वरिपरि चारैतिर रहन्छ र मानव जीवनको सबै घटना यसैभित्र सम्पादित हुन्छन्। मानिसले आफ्ना हरेक क्रियाकलापबाट पर्यावरणलाई प्रभावित गर्ने भएकोले पर्यावरण र जीवधारीका बीच अन्योन्याश्रित सम्बन्ध रहन्छ। मानव आफैं पनि एक प्रकारको जीवधारी भएकोले मानवको अस्तित्व बचाई राख्न पर्यावरणको एक अभिन्न अङ्गको रूपमा रहने तत्त्व पानी अति नै आवश्यक भएको तथ्यमा विवाद हुन सक्दैन।

७. यसरी फेवाताल पोखरा उपत्यका एवं आसपासका क्षेत्रको लागि एउटा महत्त्वपूर्ण जलस्रोतको भण्डार मात्र नभई पर्यावरण सन्तुलन, पर्यटन, धर्म संस्कृतिसमेतको अजस्र निधि भएकोले यस्तो बहुआयामिक धरोहरमा हुने नकारात्मक असरबाट मानवलगायत यस क्षेत्रकै समस्त जीवजन्तु एवं वनस्पतिको अस्तित्वमा पनि संकट उत्पन्न हुन सक्ने कुरालाई इन्कार गर्न सकिँदैन। यस्तै फेवातालको पानी कम भएमा वा ताल नै अतिक्रमित भई यसको अस्तित्व लोप हुने अवस्था आयो भने यसमा निर्भर हुने जैविक जीव र तिनका प्रजातिहरू लोप हुने वा स्थानान्तरण भई अन्त जाने हुँदा यसबाट मानव जीवनमा समेत नकारात्मक असर पर्न जाने कुरामा समेत द्विविधा छैन।

८. प्रस्तुत रिट निवेदनको सुनुवाइको क्रममा उपस्थित हुनु भएका चराविज्ञ (Ornithologist) हेम सागर बरालले नेपालमा पाइने ८८४ प्रजातिका चरामध्ये ४६० प्रजातिका चरा फेवातालको आसपास पाइन्छ भनी आफ्नो अनुसन्धानको र विशेषज्ञताको निष्कर्ष पेस गर्नुभएको छ। निजको लामो समयको अनुसन्धानको निष्कर्षअनुसार CITES महासन्धिमा सूचीकृत भएका नेपालमा पाइने १६८ प्रजातिका चराहरूमध्ये ४० प्रजातिका चराहरू फेवातालको आसपासमा पाइन्छन्। यी मध्ये संकटमा परेका १५ प्रजातिका चरा फेवाताल वरिपरि नै छन्। यसरी हेर्दा फेवातालमा निर्भर रहेका चराहरूको संख्या पनि अत्याधिक देखिएको र उक्त चराहरूको अस्तित्व फेवातालसँग गाँसिएको भन्ने कुरामा विवाद हुन सक्दैन। चराबाहेक, फेवाताल जस्तो पानीको स्रोत रहेको क्षेत्रमा विभिन्न किरा, फट्याङ्ग्रा, माछालगायत अन्य जीवजन्तुसमेत आश्रित भई बाँचेका हुन्छन्। यी तमाम जीवजन्तु, किरा, फट्याङ्ग्राबाट पर्यावरणीय सन्तुलन कायम भइरहेको हुन्छ।

९. यसका अतिरिक्त फेवातालले तल्लो क्षेत्रमा हुन सक्ने बाढीलाई नियन्त्रण गर्न एवं ताल भएको क्षेत्रको जमिनमुनिको पानीको मात्रालाई कम हुन नदिनसमेत महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। पोखरा नेपालमा नै सबैभन्दा बढी पानी पर्ने शहरको रूपमा पनि परिचित रहेको छ र यसो

हुनुको मुख्य कारण पनि फेवातालको पानी वाष्पीकरण भई पानीको रूपमा वर्षा हुने प्रक्रिया नै हो भन्नेमा पनि विवाद हुन सक्दैन।

१०. यसरी उपर्युक्त विवेचनाबाट फेवाताल पोखरा उपत्यकाको लागि मात्र नभई सिंगो नेपाल राष्ट्रको लागि नै अनुपम प्राकृतिक उपहार भएको र यस तालले पर्यावरण सन्तुलन, वातावरणीय, पर्यटकीय, आर्थिक, सांस्कृतिक एवं धार्मिक दृष्टिकोणबाट समेत नेपाललाई विश्वभर चिनाउन महत्त्वपूर्ण भूमिका खेलेको कुरामा विवाद देखिँदैन। त्यसैले यस तालको अस्तित्वलाई जोगाउने उद्देश्यका साथ यस अदालतमा दिइएको प्रस्तुत निवेदनको विषयवस्तुलाई विशेष महत्त्वका साथ मनन गर्नु वाञ्छनीय भएको छ।

११. अब फेवातालको क्षेत्रफल अतिक्रमण भई यसको प्राकृतिक अस्तित्वमा कुनै प्रतिकूल असर देखा परेको छ, छैन भन्ने अर्को महत्त्वपूर्ण प्रश्नको विवेचना गर्नुपर्ने भई त्यसतर्फ विचार गर्दा कास्की जिल्लाको पोखरा उपमहानगरपालिका वडा नं. ६ र १७ गा.वि.स.हरू क्रमशः सराङकोट, कास्कीकोट, ढिकुरपोखरी, भर्दौरे तामागी, चापाकोट र पुम्दीभुम्दीसँग जोडिएर रहेको फेवाताल विगतमा बृहत् क्षेत्रफलमा फैलिएको भए पनि हाल आएर विविध कारणले खुम्चिँदै गएको विभिन्न अध्ययन प्रतिवेदनहरूले समेत देखाएका हुँदा तालको अतिक्रमण रोकी संरक्षण गर्न आदेश हुनुपर्ने भनी निवेदकहरूले माग गर्नुभएको छ। मिसिल संलग्न कागजातहरू हेर्दा उक्त तालको सबभन्दा पहिले इन्डियन सर्वेले नाप नक्सा गरेको र त्यसपछि २०३३/३४ सालतिर भएको नापीले फेवातालको क्षेत्रफल ५१,१७,५३० वर्ग मिटर देखाएको पाइन्छ। त्यसैगरी २०६४ सालमा केन्द्रीय नापीले गरेको ग्राण्ड सर्वेमा फेवातालको पूर्वमा ड्यामसाइड, पश्चिममा मोरेबगर, उत्तरमा खपौदी-चंखपुरबीचको दम्किलो, दक्षिणमा चिसापानी-रानीवन चार किल्ला देखिएको छ। सो नापीबाट फेवातालको पानीले ढाकेको भाग ९९५५-६-२-३ रोपनी, सिमसार क्षेत्र ६५२-१२-०० रोपनी, खेती गरिएको भाग २१०१-०-०-१ रोपनी र पर्ती जग्गा १६५-०-०-० रोपनी गरी यस तालको जम्मा क्षेत्रफल १२८७४-२-३-० रहेको भन्ने देखिन्छ।

१२. उपर्युक्त आँकडाअनुसार वि.सं. २०१८ सालदेखि विभिन्न समयमा नापी हुँदा फेवातालको क्षेत्रफल क्रमशः घटेको नै देखिन्छ। वि.सं. २०१८ सालको नेपाल भारत सहयोग मिसनको रिर्पोटअनुसार फेवातालको क्षेत्रफल १० वर्ग कि.मि. देखिएको छ भने वि.सं. २०३८ सालमा भएको नेपाल सरकार र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को अध्ययन प्रतिवेदनअनुसार फेवातालको क्षेत्रफल ५.८ वर्ग कि.मि. रहेको देखिन्छ। त्यस्तै वि.सं.२०५२ सालको International Union

for Conservation of Nature and Natural Resources (IUCN) को रिर्पोटअनुसार फेवातालको क्षेत्रफल ४.४९ वर्ग कि.मि. रहेको छ भने वि.सं. २०५८ सालको जिल्ला विकास समिति कास्कीको रिर्पोटअनुसार फेवातालको क्षेत्रफल ४.२५ वर्ग कि.मि. रहेको देखिन आउँछ। यसरी फेवातालको क्षेत्रफल वर्षेनी ८.७ हेक्टरका दरले संकुचन हुँदै गएको देखिन्छ। यसको गहिराई पनि तीव्रगतिमा कम हुँदै गएको भन्ने फेवातालको सम्बन्धमा भएको विभिन्न अध्ययनबाट देखिन्छ। प्रकृतिको अनुपम उपहार स्वरूप नेपाल र नेपालीलाई प्राप्त सुन्दर प्राकृतिक निधि फेवाताल प्राकृतिक र मानवीय क्रियाकलापको कारणले नै क्रमशः साँघुरिँदै गएको भन्नेसमेत यस सम्बन्धमा भएका समय समयका अध्ययन प्रतिवेदनहरूको निष्कर्ष रहेको देखिन्छ। यसरी समयक्रम सँगसँगै फेवातालको क्षेत्रफल क्रमशः घट्दै जाँदा निकट भविष्यमा नै यसको अस्तित्व समाप्त हुने कुरा सहजै अनुमान गर्न सकिन्छ।

१३. यसरी फेवातालको प्राकृतिक स्वरूप र क्षेत्रफलमा दिनानुदिन देखा परेको संकुचनलाई समयमै नियन्त्रण नगर्ने हो भने यो सुन्दर प्राकृतिक उपहार हामीले भावी पुस्तालाई हस्तान्तरण गर्न पाउने अवस्थासमेत गुम्न जाने निश्चित हुन्छ। त्यसैले यस तालको अस्तित्व रक्षाका लागि राष्ट्रका सम्बन्धित निकायहरू समयमै सचेत र क्रियाशील हुनुपर्ने कुरामा समेत कुनै दुइमत हुन सक्दैन।

१४. यस तालको संरक्षणका लागि समय समयमा भएका अध्ययन प्रतिवेदन र तिनले दिएका सुझावहरूसमेत हेर्दा यसको अस्तित्व रक्षाका लागि पर्याप्त सार्वजनिक चासो लिइएको र प्रयास भएको पनि देखिन्छ। मूलतः वि.सं. २०५२ सालमा राष्ट्रिय योजना आयोग र IUCN - The World Conservation Union को सहकार्यमा तयार भएको फेवाताल संरक्षण कार्ययोजना (Phewa Lake Conservation Action Plan) समेत तयार भएको देखिन्छ। तथापि यस कार्ययोजनाले फेवातालले ओगटेको क्षेत्रफल आधिकारिक रूपमा नतोकिएको र परिभाषित गरिएको नहुँदा यसको सीमा निर्धारण गर्नको लागि एउटा समिति गठन गर्न सुझावसम्म दिएको भन्ने देखिन्छ। विभिन्न समयमा भएको नापीले फेवातालको क्षेत्रफल नाप जाँच गरेको देखिए पनि आधिकारिक रूपमा यसको यकिन चार किल्ला भने तोकेको पाइँदैन। नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०६८।११।४ को निर्णयानुसार फेवातालको चार किल्ला निर्धारण गर्न र अतिक्रमित जग्गा कुन प्रक्रियाबाट फिर्ता गर्न सकिने हो भन्ने सम्बन्धमा सुझाव तथा सिफारिस गर्ने उद्देश्यले विश्वप्रकाश लामिछानेको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन भएको देखिन्छ। उक्त समितिले आफ्नो प्रतिवेदन पेस गर्दा सुझावमा तालको पूर्वमा ड्यामसाइड, पश्चिममा मोरेबगर, उत्तरमा खपौदी-चंखपुरबीचको

दम्किलो, दक्षिणमा चिसापानी रानीवन चार किल्लाको रूपमा उल्लेख गरेको देखिन्छ। उक्त समितिको प्रतिवेदनमा तालको पानीले ढाकेको भाग ९९५५-६-२-३ रोपनी, सिमसार क्षेत्र ६५२-१२-०० रोपनी, खेती गरिएको भाग २१०१-०-०-१ रोपनी र पर्ती जग्गा १६५-०-०-० रोपनी गरी फेवातालको जम्मा क्षेत्रफल १२८७४-२-३-० रोपनी रहेको भन्ने देखाएको पाइन्छ। सो प्रतिवेदन वि.सं. १९९० सालको तिरो भरो, वि.सं. २०३१ सालमा तालको बाँध फुटेको अवस्था, वि.सं. २०३३।३४ सालमा भएको नापी र वि.सं. २०६४ सालको केन्द्रीय नापी टोलीद्वारा गरिएको ग्राण्ड सर्वे आदि तथ्यलाई अध्ययन गरी तयार गरेको भन्ने उल्लेख भएको देखिएकोले सोही प्रतिवेदनअनुसार फेवातालको चार किल्ला र क्षेत्रफल कायम रहेको मान्नु नै तथ्यपरक र उपयुक्त हुन आउने देखिन्छ। तथापि यो क्षेत्रफलसमेत दिनानुदिन घट्दै गएको र यो क्रम नरोकिएको भन्ने माथि विभिन्न प्रकरणहरूमा गरिएको विश्लेषणबाट देखिएको छ।

१५. अब फेवातालको क्षेत्रफल संकुचन हुनुका कारणहरूको बारेमा पनि संक्षिप्त विवेचना गर्नुपर्ने हुँदा सोतर्फ विचार गर्दा फेवाताल पुरिनुको प्राकृतिक र मानवीय दुइवटै कारण रहेको देखिन्छ। फेवातालको जलको मुख्य स्रोत माथिल्लो भेगबाट बगेर आउने अधेर, खुर्के, खहरे, हर्पन, दुधपोखरीलगायतका खोलाहरू रहेका देखिन्छन्। तर यी खोलाहरूले वर्षायाममा पानी सँगसँगै बगाएर ल्याउने माटो, ढुङ्गालगायतले ताल क्रमशः पुरिँदै गएको साथै पोखरा सहरबाट निस्केका ढलहरू विना कुनै प्रशोधन सिधै सो तालमा मिसाइएकोले पनि ताल पुरिनुका साथै प्रदूषितसमेत भएको भन्ने देखिन्छ। त्यसरी ताल पुरिएर बनेको सिल्ट (Silt) मा स्थानीय व्यक्तिहरूले अतिक्रमण गरी निजी रूपमा प्रयोग गरेको पनि पाइएको साथै यो प्रक्रिया निरन्तर चलिरहेको र यसमा कहिँकतैबाट कुनै सार्थक हस्तक्षेप भएन भने भावी पुस्ताले फेवाताल देख्न नपाउने अवस्था अवश्यम्भावी देखिएको छ।

१६. वर्तमान पुस्ताको एउटा प्रमुख जिम्मेवारी अन्तरवंशीय समन्यायको सिद्धान्त (Principle of Intergenerational Equity) अनुसार आफूले भोगेको वा प्राप्त गरेको सबै किसिमको प्राकृतिक, सांस्कृतिक सम्पदा, वन जङ्गल, हावापानी, वातावरण एवं जैविक विविधतालाई भावी पुस्ताको लागि सुनिश्चित गर्नु पनि हो। प्राकृतिक रूपमा प्राप्त गरेको माथि उल्लेख गरेअनुसारको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यावरणीय महत्त्व भएको फेवाताल भावी पुस्तालाई हस्तान्तरण गर्ने जिम्मेवारी वर्तमान पुस्ताको नै हो। त्यस्तै कुनै एक ठाउँमा भएको वातावरणीय ह्रासको प्रभाव त्यो ठाउँसम्म मात्र सीमित नभई अन्य क्षेत्रहरूलाई पनि यसले प्रभावित गरिरहेको हुन्छ। यसर्थ

आफूलाई असर गर्ने यस्ता जुनसुकै घटनासँग संसारका जुनसुकै क्षेत्रमा रहेका मानिसहरूको सरोकार रहन्छ। समवंशीय समन्यायको सिद्धान्त (Principle of Intra-generational Equity) यस अवधारणाअनुसार समेत वातावरणीय न्यायलाई हेर्न आवश्यक छ। यस अवधारणाले विविधतामूलक समाजमा फरक वर्गको फरक आवश्यकता हुने हुँदा त्यस्तो फरक वर्गको समेत प्राकृतिक स्रोत तथा साधनहरूमा उचित पहुँच (Fair Access) र प्रयोगको अधिकारको पृष्ठपोषण गर्दछ।

१७. आफूले उपभोग गरिरहेको प्राकृतिक स्रोत साधनबाट वर्तमानको उचित पहुँच र आवश्यकता पूरा गर्दै भावी पुस्ताको लागि हस्तान्तरण गर्नको लागि त्यस्तो प्राकृतिक स्रोत साधनमाथि हुने अनियन्त्रित दोहन रोक्नुका साथै प्राकृतिक रूपमा हुने क्षयीकरणलाई समेत नियन्त्रण गर्नु आवश्यक हुन्छ। त्यस्ता स्रोत साधनको संरक्षणको लागि गरिने कार्य पनि प्राकृतिक अवस्थामा नै त्यस्तो स्रोत साधनलाई बचाई राख्ने गरी गरेको हुनुपर्दछ। विकास निर्माणको कार्य आफैंमा नराम्रो होइन, तर प्रकृतिले दिएको अपार स्रोत साधनको अनियन्त्रित र जथाभावी अतिक्रमण वा दोहन गरी यसको अस्तित्व नै संकटमा पार्ने गरी भएको विकास यथार्थमा दिगो विकास (Sustainable Development) नभई क्षणिक हुन्छ। यसैले प्राकृतिक स्रोत साधन र विकासका बीच सन्तुलन कायम गरी प्रकृतिको कमभन्दा कम दोहन गर्ने र प्राकृतिक उपहारलाई भावी पुस्तासम्म हस्तान्तरण गर्नु नै दिगो विकास हुन्छ।

१८. सार्वजनिक न्यास सिद्धान्त (Public Trust Doctrine) अनुसार प्राकृतिक सम्पदाको प्रभावकारी व्यवस्थापन गर्ने जिम्मेवारी राज्यको रहेको मानिन्छ र यसले नागरिकलाई राज्यको तर्फबाट हुने प्राकृतिक स्रोत र साधनको दुरूपयोग वा अनुचित व्यवस्थापन (Ineffective Management) मा प्रश्न उठाउने सशक्तता प्रदान गर्दछ। प्राकृतिक तथा सांस्कृतिक सम्पदाको दिगो प्रयोग गर्न पाउने हक अधिकारलाई Public Trust Doctrine ले समेत आत्मसात् गरेको हुन्छ। यस अदालतबाट अधिवक्ता नारायणप्रसाद देवकोटा विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट निवेदन (ने.का.प. २०६७ चैत्र महिना नि.नं. ८५२१) मा "Public Trust Doctrine" अन्तर्गत "नेपालको प्राकृतिक स्रोतमा नेपाल सरकार Trustee सम्म मात्र हुने" भनी सिद्धान्तसमेत प्रतिपादन भएकोले समेत सम्पूर्ण नागरिकको हक हुने यस्ता प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्ने जिम्मेवारी राज्यको हुने कुरामा विवाद छैन।

१९. फेवाताल प्रकृतिले दिएको बहुआयामिक अनुपम उपहार भएकोले यसको लाभ भावी पुस्तालाई हस्तान्तरण गर्नु राज्यको समेत दायित्व हुनेमा कुनै विवाद हुन सक्तैन। तर फेवातालको अस्तित्व

नरहेमा वा ताल लोप भएमा मानवलगायत प्रत्येक प्राणीको जीवनचक्रमा नै प्रतिकूल प्रभाव पर्ने हुन्छ।

२०. प्रस्तुत रिट निवेदन दर्ता हुँदाको अवस्थामा विद्यमान रहेको नेपालको अन्तरिम संविधान, २०६३ ले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने हकलाई प्रत्याभूति गर्नुका साथै धारा १६(१) मा प्रत्येक व्यक्तिलाई स्वच्छ वातावरणमा बाँच्ने हक हुने छ भनी व्यवस्था गरेको देखिन्छ। त्यस्तै धारा १७(३) ले नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो सम्पदासमेतको संरक्षणको अधिकारको प्रत्याभूति गरेको पाइन्छ। अन्तरिम संविधानमा भएका उपर्युक्त व्यवस्थाहरूलाई वर्तमान नेपालको संविधानले पनि निरन्तरता प्रदान गरेको देखिन्छ। वर्तमान नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार प्रत्याभूति गरेको छ भने धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकलाई सुनिश्चित गरेको छ। त्यस्तै धारा ३२(३) ले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हकको प्रत्याभूति गरेको छ। संविधानमा उल्लिखित सम्मानपूर्वक बाँच्न पाउने हकअन्तर्गत गुणस्तरीय जीवनयापनको लागि चाहिने सबै अवयवहरू जस्तैः वातावरणीय सन्तुलन, स्वच्छता र जैविक विविधतायुक्त पर्यावरणसमेतलाई समेटिएको हुन्छ।

२१. अर्कोतर्फ नेपालको संविधानको धारा ५१(छ)(१) मा राष्ट्रिय हितअनुकूल तथा अन्तरपुस्ता समन्वयको मान्यतालाई आत्मसात् गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरणअनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने तथा सोही धारा ५१(छ) को (५) मा जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्ने नीति राज्यले लिने कुरासमेत उल्लेख भएको पाइन्छ। यसबाट प्राकृतिक स्रोत साधनलाई वर्तमानको आवश्यकताअनुसार प्रयोग गर्ने र भविष्यको पुस्ताको लागिसमेत बचाई राख्ने र प्राकृतिक स्रोत साधनको अनुचित प्रयोगबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्नको लागि निरोधात्मक र पूर्वसावधानीका उपायहरू (Preventive and Precautionary Measure) अपनाउनेतर्फ राज्यको विशेष जिम्मेवारी रहेको देखिन्छ।

२२. सिमसारको संरक्षण गर्ने उद्देश्यले सन् १९७१ मा आएको Convention on Wetlands of International Importance Especially as Waterfowl Habitat को नेपाल सन् १९८८।४।१७

मा पक्षराष्ट्र भइसकेको, साथै फेवातालसहित पोखरा उपत्यकाका ९ वटा ताल सन् २०१६-२-२ मा उक्त महासन्धिको सूचीमा समेत समावेश भइसकेको भन्ने देखिन्छ। सो महासन्धिको धारा ४(१) अनुसार पक्ष राष्ट्रले सिमसार क्षेत्रमा प्राकृतिक आरक्ष स्थापना गरी Waterfowl र सिमसार क्षेत्रको संरक्षण गर्न प्रवर्द्धन गर्नुपर्ने, धारा ४(४) अनुसार उचित सिमसारमा Waterfowl को जनसंख्या बढाउन पक्ष राष्ट्रले प्रयास गर्नुपर्ने व्यवस्था रहेको हुँदा सिमसार क्षेत्रको संरक्षण गर्न र त्यसमा बस्ने जीवजन्तुहरूको संख्या बढाउने दायित्व पनि राज्यकै हुने देखिन्छ।

२३. प्राकृतिक स्रोतहरूको दिगो, स्वच्छ एवं समन्यायिक प्रयोग गर्ने उद्देश्यसहित आएको Convention on Biological Diversity, १९९२ लाई नेपालले हस्ताक्षार गरी सन् १९९३ अनुमोदनसमेत गरिसकेको देखिन्छ। सो महासन्धिले समेत जैविक विविधता संरक्षण गर्न आवश्यक विशेष मापदण्ड अपनाई संरक्षित क्षेत्र वा क्षेत्रको प्रणाली स्थापना गर्नुपर्ने, संरक्षणको लागि आवश्यक निर्देशिका बनाउनु पर्ने, प्राकृतिक बासस्थान, Ecosystem समेतको संरक्षणको कार्यलाई प्रर्वद्धन गर्नुपर्नेलगायतको दायित्व पक्ष राष्ट्रलाई तोकेको पाइन्छ। उपर्युक्त अन्तर्राष्ट्रिय सन्धिहरूलाई नेपालले स्वीकार गरिसकेको स्थितिमा त्यस्ता सन्धिजनित अन्तर्राष्ट्रिय कानूनले व्यवस्था गरेको प्रावधानहरूलाई सम्मान गर्नु (Obligation to Respect), संरक्षण गर्नु (Obligation to Protect) र परिपालना (Obligation to Fulfill) गर्नुपर्ने दायित्व नेपाल सरकारको हुने कुरामा विवाद रहेन।

२४. माथि उल्लेख भएअनुसार फेवाताल जस्तो बहुआयामिक महत्त्व भएको प्राकृतिक सम्पदाको संरक्षण गर्ने दायित्व राज्यको नै देखिन आउँछ। Parens Patriae सिद्धान्तले राज्यसत्तामाथि नागरिक, वातावरणसमेतको संरक्षण गर्ने दायित्व थोपारेको पाइन्छ। राज्यको संयन्त्रको रूपमा काम गर्ने स्थानीय, प्रदेश तथा संघीय सरकार र तत् मातहत क्रियाशील सरकारी निकायसमेत रहने भएकोले फेवातालको संरक्षण गर्ने प्रत्यक्ष जिम्मेवारीसमेत कानूनतः सरकारी निकायहरूको हो। तथापि त्यहाँका स्थानीय बासिन्दा र त्यहाँ भ्रमण गर्न आउने हरेक व्यक्तिले समेत यो सम्पदाबाट लाभ प्राप्त गर्ने हुँदा आफू जस्तै अरू व्यक्ति पनि त्यसबाट लाभान्वित होस् भन्ने कर्तव्यबोध हरेक व्यक्तिले गर्नुपर्दछ र यसको लागि राज्यले जनचेतना फैलाउनु आवश्यक हुन्छ। यस अर्थमा फेवातालललगायतका प्राकृतिक सम्पदाहरूको संरक्षण गर्ने दायित्व राज्य एवं यसका विभिन्न निकाय तथा त्यसबाट लाभान्वित हुने सम्पूर्ण व्यक्तिको हुने देखियो।

२५. अब निवेदकहरूको मागबमोजिमको आदेश जारी हुने नहुने सन्दर्भमा विचार गर्दा, माथि उल्लेख भएबमोजिम सामाजिक, आर्थिक, सांस्कृतिक, पर्यावरणीयलगायतको बहुआयामिक महत्त्व बोकेको

फेवातालको आधिकारिक चार किल्ला तोकिएको भनी विपक्षीहरूको लिखित जवाफसमेत नभएको, फेवातालको क्षेत्रफल दिन प्रतिदिन घट्दै गइरहेको कुरा नेपाल सरकारका निकायहरूले समेत गरेको विभिन्न अध्ययनहरूबाट देखिएको, फेवातालको संरक्षणको हुन उपयुक्त आदेश जारी हुनुपर्ने भन्ने विपक्षीहरू मध्येकै सम्बद्ध निकायको लिखित जवाफबाट समेत देखिएको र फेवातालको संरक्षण गर्ने दायित्व मुख्यतः नेपाल सरकारको देखिएकोले फेवातालको संरक्षणको लागि र सो ठाउँको वातावरण एवं जैविक विविधता संरक्षणको लागि देहायबमोजिम गर्ने गराउने गरी विपक्षी निकायहरूको नाममा परमादेश जारी हुने ठहर्छः-

नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयबमोजिम विश्वप्रकाश लामिछानेको अध्यक्षतामा फेवातालको अतिक्रमण भएको जग्गा छानबिन गर्न गठित समितिले फेवातालको विभिन्न समयमा भएका नापी तथा फेवातालसम्बन्धी अध्ययनहरूलाई समेत आधार बनाई मिति २०६९।२।३ मा बुझाएको प्रतिवेदनमा उल्लेख भएअनुसार नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्ले आवश्यक निर्णयसमेत गरी यो आदेश प्राप्त भएको मितिले ६ महिनाभित्र फेवातालको चार किल्ला कायम गर्नु गराउनू।

मालपोत ऐन, २०३४ को दफा २(ख२) ले नेपाल सरकारको अधीनमा रहेको ताल, पोखरी तथा सोको डिल, नहर, कुलोसमेतलाई सरकारी जग्गाको रूपमा परिभाषित गरेको छ। फेवाताल नेपाल सरकारको अधीनमा रहेकोमा विवाद छैन। मालपोत ऐनको उपर्युक्त परिभाषाअनुसार फेवाताल पनि सरकारी जग्गा भएको

देखियो। मालपोत ऐन, २०३४ को दफा २४(१) ले सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता वा आवाद गर्न गराउन निषेध गरेको देखिन्छ। फेवाताल प्राकृतिक एवं मानवीय कारणले पुरिने क्रम (Siltation) जारी नै छ भन्ने कुरा माथि उल्लेख भएबमोजिम विभिन्न अध्ययनबाट देखिएको छ। तालको पुरिएको भाग जमिनमा परिणत भई विभिन्न व्यक्तिहरूको नाममा समेत दर्ता भएको फेवातालको अतिक्रमण भएको जग्गा छानबिन गर्न गठित समितिले पेस गरेको प्रतिवेदनबाट देखिएको छ। यसरी तालको भूभाग व्यक्ति विशेषको नाउँमा दर्ता भएको कार्य मालपोत ऐन, २०३४ को दफा २४(१) विपरीत हुने र सोही दफा २४ को उपदफा (२) ले सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गरी आवाद गरेकोमा त्यस्तो दर्ता स्वतः बदर हुने व्यवस्था गरेको र मालपोत कार्यालय वा नेपाल सरकारले तोकेको अधिकारीलाई व्यक्ति विशेषको नाउँमा दर्ता रहेको सरकारी जग्गाको दर्ता लगत कट्टा गर्ने

अधिकार दिएकोसमेत देखिँदा फेवा तालमा पुगेको र थप पुग्न सक्ने क्षतिबाट ताल संरक्षण गर्न आवश्यक निरोधात्मक उपाय (Preventive Measure) तत्काल अवलम्बनका निमित्त साबिकमा फेवाताल पुरिएर बनेको के कति जमिन व्यक्ति विशेषको नाममा दर्ता भएको छ? यो आदेशप्राप्त भएको मितिले एक वर्षभित्र छानबिन गरी गराई त्यस्तो दर्ता बदर गरी तालको नाममा दर्ता गर्ने गराउनेतर्फ भूमिसुधार तथा व्यवस्था मन्त्रालय सिंहदरबार काठमाडौं, मालपोत कार्यालय कास्की, नापी विभाग मिनभवन काठमाडौंसमेतले समन्वय गरी आवश्यक निर्णय गर्नु गराउनू।

फेवातालको संरक्षणमा हुन सक्ने थप जोखिमहरू न्यूनिकरण गर्न अपनाउनु पर्ने पूर्वसावधानी (Precautionary Measure) अन्तर्गत विश्वप्रकाश लामिछानेको प्रतिवेदनमा उल्लेख भएको चारकिल्लाबाट कायम भएको तालको किनारा (Bank of Lake) बाट ६५ मिटरसम्मको भू-भागमा भवनलगायत तालको संरक्षणमा असर पर्ने कुनै भौतिक संरचना निर्माण गर्न नपाउने गरी संरक्षण क्षेत्र कायम गर्ने भनी कास्की जिल्ला परिषद्को मिति २०६४।३।१५ को तथा पोखरा उपत्यका नगर समितिको बोर्ड बैठकको मिति २०६४।४।२८ को निर्णय भएकोमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र ५ नं. प्रदेशको कार्यपालिकाबीच समन्वय कायम गरी अनाधिकृत रूपबाट निर्माण भएका त्यस्ता घर, होटललगायतका स्थायी वा अस्थायी संरचनाहरू ६ महिनाभित्रै हटाउने व्यवस्था गर्नु गराउनू।

यसै गरी फेवाताल संरक्षणको लागि थप जग्गाको आवश्यकता परे जग्गा प्राप्ति ऐन, २०३४ तथा सम्बन्धित अन्य कानूनको रीत पुर्याई फेवातालको आसपासमा रहेको व्यक्तिगत जग्गासमेत आवश्यकताअनुसार अधिग्रहण गरी तालको दीर्घकालीन संरक्षण गर्न गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, राष्ट्रिय ताल विकास संरक्षण समिति, मालपोत कार्यालय कास्की, पोखरा उपत्यका नगर विकास समितिसमेतले समन्वय गरी आवश्यक निर्णय गर्नु गराउनू।

फेवातालमा भएको पानी र सो ठाउँको पर्यावरणीय स्तर बनाई राख्न एवं तालको गरिमा बचाई राख्न आवश्यक देखिएकोले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्ले भू तथा जलाधार संरक्षण ऐन, २०३९ को दफा ३(१) अनुसार फेवातालालाई संरक्षित जलाधार क्षेत्र घोषित गर्न गराउन आवश्यक निर्णय गर्नु गराउनू।

फेवातालको प्राकृतिक सुन्दरता, दुर्लभ वन्यजन्तु र जैविक विविधताको संरक्षण गर्न र यसको ऐतिहासिक तथा सांस्कृतिक महत्त्व जोगाई राख्न यसको वातावरणीयस्तरसमेत कायम गर्नुपर्ने देखिएकोले यस विषयमा विस्तृत अध्ययन गराई यस क्षेत्रलाई वातावरण संरक्षण ऐन, २०५३ को दफा १०(१) बमोजिम वातावरण संरक्षण क्षेत्र कायम गर्न गराउन भनी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक निर्णय गर्नु गराउनू।

फेवातालको जलको स्रोतका रूपमा रहेका हर्पन खोलालगायतका तालमा मिसिने अन्य खोलाहरूले वर्षायाममा पानी सँगसँगै बगाएर ल्याएको माटो, बालुवा, ढुङ्गा र पोखरा सहरबाट बगेर आउने ढललगायत सेती नहर, बुलौदी, फिर्के खोला र सतह ढलको आउटफलबाट आउने फोहरसमेतले ताल पुरिने क्रम जारी रहेको भन्ने देखिएको हुँदा राष्ट्रिय ताल विकास संरक्षण समिति, पोखरा उपत्यका नगर विकास समिति, पोखरा महानगरपालिकाको कार्यालयसमेतले आपसमा समन्वय गरी यो आदेशप्राप्त भएको ३ वर्षभित्र फेवातालको जलको स्रोत रहेको हर्पनलगायतका खोलाहरूले पानी सँगसँगै बगाएर ल्याउने माटो, बालुवा, ढुङ्गा, झारपातहरू नियन्त्रण गर्न Check Dam निर्माण गरी पानी मात्र तालभित्र पस्ने व्यवस्था गर्नू। साथै पोखरा सहरबाट विसर्जित फोहर र ढल फेवातालभित्र प्रवेश गर्न नदिई ढल तथा फोहर प्रशोधन गरी प्रशोधित पानीसमेत तालको निकासविन्दूसम्म पुर्याई तालको स्वच्छता कायम गर्ने व्यवस्था मिलाउनू।

फेवाताल वरिपरि भएका जग्गाहरूमा कृषि कार्य गर्दा त्यसमा प्रयोग गरिने रासायनिक मल, विषादि इत्यादि फेवातालको पानीमा समेत मिसिन जाँदा पानी दूषित हुन गई जलचर, माछा एवं जीवजन्तुसमेतको जीवन संकटमा पर्ने हुनाले ताल वरिपरिका जमिनमा कृषि कार्य गर्दा रसायनिक मल एवं विषादिको प्रयोगमा अविलम्ब प्रतिबन्ध लगाई प्राकृतिक मलसम्म प्रयोग गर्न सचेतना फैलाउनेलगायतका कार्य गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मातहतका निकायलाई यथाशीघ्र निर्देशन दिई त्यसको यथोचित तरिकाबाट (With due deliquence) अनुगमन गर्नु गराउनू।

फेवातालको जैविक विविधता, त्यसमा आश्रित जलचरको जीवनलाई संकटमा पार्ने गरी तालको पानीलाई प्रदूषण गर्ने, तालको प्राकृतिक क्षेत्रफल अतिक्रमण हुनेगरी आसपासमा घर तथा होटल निर्माण गर्न तथा तालको वातावरणलाई नकारात्मक रूपमा असर गर्ने कुनै पनि कार्य गर्न नपाउने गरी राष्ट्रिय ताल विकास संरक्षण समिति, पोखरा उपत्यका नगर विकास समिति, पोखरा

महानगरपालिकाको कार्यालयले आपसमा समन्वय गरी आवश्यक निर्णय गरी मापदण्ड बनाई सोको कार्यान्वयन गर्नु गराउनू।

फेवातालको पानीमा फैलिएको जलकुम्भीले पानीको गुणमा हानि पुर्याउने, पानीमा अक्सिजनको कमी गराउने, यसबाट जलीय झारमा वृद्धि हुने र पानीको सतहमा परिवर्तन भई जलीय जैविक विविधतामा नकारात्क प्रभाव पार्ने हुनाले फेवातालको जलकुम्भी नियन्त्रण गर्न राष्ट्रिय ताल विकास संरक्षण समिति, पोखरा उपत्यका नगर विकास समिति, पोखरा महानगरपालिकाको कार्यालयले आपसमा समन्वय गरी आवश्यक कार्य गर्नु गराउनू।

उल्लिखित कार्यहरूका अतिरिक्त फेवाताल संरक्षणको लागि विभिन्न समयमा भएका अध्ययन प्रतिवेदनमा दिइएका सुझावहरूको कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक निर्णय गरी तालको संरक्षणका लागि अन्य कार्यहरूसमेत गर्नु गराउनू।

२६. प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार यस अदालतको अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।

न्या. सपना प्रधान मल्ल

इति संवत् २०७५ साल वैशाख १६ गते रोज १ शुभम्।

२०. मुद्दाः परमादेश।

भाग ६१	निर्णय नं. १०२१०	ने.का.प. २०७६	अंक ३
सर्वोच्च अदालत, संयुक्त इजलास			
सम्माननीय प्रधान न्यायाधीश श्री ओमप्रकाश मिश्र माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.			
०७४-WO-०२८३			
फैसला मितिः २०७५।९।१०			

निवेदकः काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० बस्ने अधिवक्ता पदमबहादुर श्रेष्ठ

विरूद्ध

विपक्षीः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

निवेदकका तर्फबाटः विद्वान् वरिष्ठ अधिवक्ता डा. श्री अम्बरप्रसाद पन्त र विद्वान् अधिवक्ताहरू श्री पदमबहादुर श्रेष्ठ, श्री षटकोण श्रेष्ठ, श्री सुलोचना धिताल, श्री विष्णुकुमार थोकर, श्री हरिश्चन्द्र सुवेदी, श्री अभिषेक अधिकारी, श्री भुवनप्रसाद वाग्ले, श्री राजु फुयाल र श्री शान्ता पन्त

विपक्षीका तर्फबाटः

अवलम्बित नजिरः

सम्बद्ध कानूनः

नेपालको संविधान
जलवायु परिवर्तन नीति, २०६७
जैविक विविधतासम्बन्धी महासन्धि, १९९२
संयुक्त राष्ट्र संघीय मौसम परिवर्तन महासन्धि, १९९२
संकटापन्न वन्यजन्तु एवं वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धि, १९९३
हानिकारक पदार्थको अन्तरदेशीय ओसारपसार एवं विसर्जन नियन्त्रण महासन्धि, १९८९

❖ *वातावरण संरक्षणको कार्य गरी जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण गर्नुपर्ने दायित्व Parens patriae को सिद्धान्तअनुसार राज्यको हुने।*

(प्रकरण नं.५)

आदेश

प्र.न्या.ओमप्रकाश मिश्रः नेपालको संविधान २०७२ को धारा १३३(२)(३) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

निवेदकलगायत समग्र मानवलाई जलवायु परिवर्तनको कारणले प्रत्यक्ष असर पारेकोले छुट्टै जलवायु परिवर्तनको कानून बनाई लागू गरिपाउन मिति २०७४।७।६ गते सम्बन्धित कार्यालयमा लिखित निवेदन दर्ता गरेकोमा कुनै वास्ता नगरेको नेपालको संविधानको धारा १६, ३०, ३५, ३६ र वातावरण संरक्षण ऐन, २०५३ र नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय महासन्धि, सन्धि र वातावरण कानूनका अन्तर्राष्ट्रिय मान्य सिद्धान्तहरूसमेतको आधारमा यस सम्मानित अदालतबाट विपक्षीहरूको नाउँमा परमादेशको आदेशलगायत उपयुक्त अन्य आदेशहरूसमेत जारी गरी समग्र मानव जाति र अन्य जीवजन्तु, वनस्पति एवं पर्यावरणको संरक्षण गरिपाऊँ।

विश्वका धेरै देशहरू जलवायु परिवर्तन भएको कारण प्रत्यक्ष असर परी ठुलो धनजनको क्षतिसमेत भइसकेको छ। नेपाल पनि जलवायु परिवर्तनको चपेटामा परी प्रत्येक जनता प्रभावित भएको, हिमतालमा पानीको परिमाण बढ्दै जानाले हिमताल फुट्ने खतरा छ। जलवायु परिवर्तन हुने मुख्य कारणहरू बढ्दो अव्यवस्थित औद्योगिक कारण, इन्धनको अत्यधिक खपत, पर्यावरण मैत्री प्रविधि सिप र ज्ञानको कमी, वन विनास, वनको दिगो विकास नहुनु र अव्यवस्थित सहरीकरणको कारण हरितगृह ग्याँसको उत्सर्जन भई वायुमण्डल तापक्रम वृद्धि हुने गरेकोमा त्यसको सही व्यवस्थापन तथा पूर्व व्यवस्थापन विपक्षीहरूले गर्न सकेको छैन। जलवायु परिवर्तनको कारण हिउँ बढी पग्लने, हिम पहिरो जाने र त्यसले गर्दा त्यस क्षेत्रमा बस्ने आदिवादीहरू बढी पीडित हुन गइरहेका छन्। जलवायु परिवर्तनको कारण विश्वको तापक्रम सरदर प्रतिदसक ०.०१ देखि ०.३ डिग्री सेल्सियससम्म बढी रहेको विभिन्न लेख तथा समय समयमा निस्कने प्रतिवेदनहरूमा भेटिन्छ। जलवायु परिवर्तनको प्रत्यक्ष असर मानव तथा अन्य प्रणालीमा पर्दासमेत विपक्षीहरूले प्रभावकारी कार्य गरेको वा ठोस कदम नचालेको कारणले बढ्दो जलवायु परिवर्तनको असरको पीडा सहन गर्न नसकी बसाईसराई गर्नुपर्ने अवस्था सिर्जना भएको छ। मूलतः बढीभन्दा बढी कार्बनजन्य इन्धन प्रयोग गरेको कारण वायु मण्डलमा कार्बन उत्सर्जनको मात्रा बढ्दै जाँदा तापमान वृद्धि हुँदै जाँदा जलवायु तथा पर्यावरणमा नराम्रो असर पार्ने गर्दछ। कृषि उत्पादन घट्दै जाने, हिमपात कम हुँदा जैविक विविधतामा ह्रास आउनुको अतिरिक्त अनावृष्टि, खडेरी, बाढी पहिरोको प्रकोप बढ्न गइरहेको छ। नेपालका उच्च पहाडी र हिमाली भेगमा पर्यावरण संरक्षण र परम्परागत कृषि प्रणालीसमेत जोखिममा परिरहेकोले यसको रोकथामको लागि भनी विपक्षीहरूले नेपाल जलवायु परिवर्तन नीति, २०६७ लागू गरिएको छ। जसमा राष्ट्रिय अनुकूलन

कार्यक्रमलाई विकास एजेण्डाको रूपमा कार्यान्वयनमा ल्याउने, सामाजिक तथा आर्थिक विकासका लागि प्राकृतिक स्रोतको व्यवस्थापनलाई जलवायु मैत्री बनाउने, स्वच्छ विकास संयन्त्र तयार गरी स्वच्छ उर्जा विकासमा टेवा पुर्याउने र २०६८ भित्र कार्बन व्यापारसम्बन्धी राष्ट्रिय रणनीति तयार गर्ने भन्ने जस्तो जलवायु परिवर्तनको सवालमा तयारी थियो तर आजसम्म सो लक्ष्य पूरा पनि भएको छैन। विपक्षीहरूले National Adaptation programmed of Action (NAPA) 2010, National Framework for local adaptation plan for Action (LAPA) 2011, Climate Change Policy, 2011 तयार गरी वन तथा जैविक विविधता, कृषि तथा खाद्य सुरक्षा, जलवायुजन्य विपत्, सहरी बसोबास तथा पूर्वाधार जलस्रोत र उर्जा तथा जनस्वास्थ्यका क्षेत्रमा जोड दिने गरी बनाइएकोमा त्यसको पूर्ण रूपमा कार्यान्वयन नहुँदा जलवायु परिवर्तनबाट हुने असर प्रत्येक नेपाली जनतालाई परिरहेको छ। यसरी जलवायु परिवर्तनबाट उत्पन्न जोखिम न्यूनीकरण गरी अनुकूलन तथा न्यूनीकरण गर्नका लागि केही कार्यक्रम विपक्षी निकायहरूले तर्जुमा गरे तापनि जलवायु परिवर्तनबाट परेको असरलाई सम्बोधन गर्ने गरी आजसम्म लागू गरी कार्यान्वयनको रूपमा ल्याएको अवस्था छैन। यसले गर्दा नेपालको दिगो आर्थिक विकास, दिगो विकास लक्ष्य पूरा हुन नसकेकोले मानव जनजीविकालगायत अन्य प्रणालीहरूमा ठूलो असर भोग्नु परेको छ। जलस्रोत, खानेपानी आपूर्ति प्रणाली र संरचनामा परिवर्तन हुन्छ, खेतीपाती र वनजंगलको स्वरूप, मानिसको आयु, औषधी उपचार, रोगको प्रकृति एवं जीवनचक्रमा नै परिवर्तन आई नयाँ खालको समस्या देखापर्छ, त्यस्तो उपचार असम्भव हुनाले मानव जीवनमै एउटा महामारी आउन सक्ने मानव जीवनमा संकट आउने आँकडालाई ध्यानमा राखी विपक्षीहरूले सम्पूर्ण पूर्वाधार तयार गर्नुपर्ने साथै तयारी अवस्थामा विपक्षी निकायहरू हुन पर्नेमा केवल नेपाल जलवायु परिवर्तन कार्यक्रम (Nepal Climate change support programmed) अन्तर्गत डोल्पा, जुम्ला, मुगु, कालिकोट, हुम्ला, दाङ, जाजरकोट, रूकुम, रोल्पा, बर्दिया, कैलाली, अछाम, बाजुरा र दैलेखसमेत १४ जिल्लाको करिब १०० वटा स्थानीय निकायमा मात्र जलवायु परिवर्तनसम्बन्धी कार्यक्रम लागू गरिएको र अन्य जिल्लाहरूको हकमा कुनै ध्यान नदिई केवल जलवायु परिवर्तन नीति बनाई केही कार्ययोजना तयार गरी बसेको मात्र अवस्थाले मानवको अस्तित्व सुरक्षित हुन नसक्ने भएकोले बेलैमा विपक्षी निकायहरू सक्रिय नहुँदा भविष्यमा ठूलो असर तथा जलवायु परिवर्तनबाट वातावरणीय दुर्घटना हुने सम्भावनातर्फ क्षति न्यूनीकरण गर्न ठोस रूपमा कार्ययोजना बनाई विपक्षीहरूले समग्र देशभरि कार्ययोजनासहित कार्यक्रम लागू गरेको अवस्था देखिएको छैन।

नेपालको औषत तापक्रम प्रतिवर्ष ०.०६ डिग्री सेल्सियसका दरले बढिरहेकोमा हिमाल क्षेत्रमा ०.०८ डिग्री सेल्सियससम्म वृद्धि हुन पुगेको विज्ञहरूको भनाइ छ। यसका आधारमा नेपालको हिमाली क्षेत्र भविष्यमा नाङ्गा पहाडमा परिणत हुन सक्ने अवस्था हुँदाहुँदै संरक्षणको लागि तत्काल कार्य थालनी

गरिएको छैन। विपक्षी मन्त्रालयअन्तर्गत जलवायु परिवर्तनसम्बन्धी केही शाखाहरू गठन गरी दायित्व निर्वाह गर्न खोजे जस्तो गरे तापनि जलवायु परिवर्तनको छुट्टै कानून नभएकोले यसको सञ्चालन, दायित्व वहन गर्न र गराउन कठिन परिरहेको अवस्था प्रस्ट देखिएको छ। जलवायु परिवर्तन नीति, NAPA र LAPA को कार्य योजना समग्र देशव्यापी रूपमा कार्यान्वयन हुनुपर्ने तर्फसमेत विपक्षीहरूको ध्यानसमेत गएको देखिँदैन। यसले गर्दा नेपालको संविधानको धारा १६ ले प्रदान गरेको सम्मानपूर्वक बाँच्न पाउने हकमाथि कुण्ठित भएको छ भने धारा ३० ले प्रदान गरेको प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने संवैधानिक तथा मौलिक हकलाई संरक्षण र उपभोग्य भएको मान्न सकिने अवस्था छैन। यसरी नै संयुक्त राष्ट्र संघीय जलवायु परिवर्तनसम्बन्धी महासन्धि (UNFCCC) १९९२, क्योटो प्रोटोकल १९९७ र सो प्रोटोकललाई प्रतिस्थापन गर्दै ल्याइएको Paris Agreement on climate change, 2015 को नेपाल पक्ष भएकोले सोलाई आत्मसात् गर्दै ठोस उपलब्धि हासिल गर्न जलवायु परिवर्तनसम्बन्धी ऐन छुट्टै बन्नुपर्ने हुन्छ तर विपक्षीहरूले त्यसतर्फ कुनै कार्य गरिएको छैन।

यसरी जलवायु परिवर्तनबाट सुरक्षित हुनका लागि सरकारको प्रत्यक्ष नीति तथा कार्यक्रम भएर मात्र हुँदैन त्यसलाई कार्यान्वयन गर्ने प्रभावकारी संयन्त्र हुनुपर्नेमा उक्त संयन्त्र तयार गरिएको छैन। जहाँसम्म वातावरण संरक्षणको क्षेत्रमा वातावरण संरक्षण ऐन, २०५३ मा जलवायु परिवर्तनको क्षति अनुकूलन तथा न्यूनीकरण गर्ने, यसबाट हुने असरको दायित्व वा जिम्मेवारी वहन गर्ने गराउने विषयमा कुनै पनि कानूनी व्यवस्था नभएकोले उक्त ऐनले जलवायु परिवर्तनबाट हुने वातावरणीय ह्रास, मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृतिका तथा भौतिक वस्तुमाथि हुने प्रतिकूल प्रभावलाई कम गरी स्वच्छ र स्वस्थ वातावरण कायम राख्न नसक्ने अवस्था प्रस्ट छ। उक्त ऐनले जलवायु परिवर्तनको क्षति अनुकूलन तथा न्यूनीकरण गर्ने, यसबाट हुने असरको दायित्व वा जिम्मेवारी वहन गर्ने व्यवस्था छैन। अतः जलवायु परिवर्तनको कारणले समग्र मानव र अन्य प्रणालीसमेत प्रत्यक्ष मारमा परिरहेकोले तत्काल रोकथाम गर्न विपक्षीहरूको नाउँमा निम्न लिखित परमादेशलगायत अन्य उपयुक्त आज्ञा आदेश वा पुर्जी जारी गरी पाउन निवेदन गर्दछु।

१. नेपालमा वातावरण संरक्षणसम्बन्धी बनेको वातावरण संरक्षण ऐन, २०५३ मा जलवायु परिवर्तनलाई अनुकूलन तथा न्यूनीकरण गर्ने कुनै कानूनी व्यवस्था नहुँदा त्यसको व्यवस्थापन गर्नको लागि एउटा छुट्टै जलवायु परिवर्तनसम्बन्धी कानूनको जरूरी भएकोले जलवायु परिवर्तनसम्बन्धी ऐनको निर्माण गरी जारी गर्नु र सो ऐन लागू गर्नु गराउनू।

२. उक्त ऐन बनी लागू नभएसम्म विपक्षी निकायहरूले जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण गर्नको लागि तयार गरेको जलवायु परिवर्तन नीति, २०६७ मा भएको व्यवस्थाहरूलाई तत्काल

प्रभावकारी तथा ठोस रूपले कार्यान्वयन गर्नु गराउनू।

३. National Adaptation Programmed of Action (NAPA) 2010, Climate Change policy, 2011, National Framework for local Adaptation Plan for Action (LAPA) 2011 लाई कार्यान्वयन गर्ने कार्य अत्यन्त सुस्त भएकाले ७ प्रदेशको सबै जिल्लाभित्रको प्रत्येक नगरपालिका र प्रत्येक गाउँपालिकामा जलवायु परिवर्तन न्यूनीकरणको एकाई खडा गरी जलवायु परिवर्तनबाट हुने असरको रोकथामको कार्य योजना तयार गरी तत्कालै लागू गरी कार्यान्वयन गर्नु गराउनू।

४. उच्च हिमाली भेगदेखि तराईको तल्लो भागसम्म प्रत्यक्ष रूपमा जलवायु परिवर्तनबाट प्रभाव परेकोले त्यसको अनुकूलन तथा न्यूनीकरणको लागि प्रभावकारी कार्यान्वयन गर्ने कार्ययोजना हालसम्म लागू नगरेकोले तत्काल लागू गरी जनजीविकामा प्रत्यक्ष र अप्रत्यक्ष असरबाट सुरक्षा गर्ने उपयुक्त योजना तयार गरी तत्काल लागू गर्नु गराउनू।

५. जलवायु परिवर्तन नीति, २०६७, नापा (NAPA) २०१०, लापा (LAPA) २०११, प्रचलित ऐन, कानून, नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय महासन्धिहरूको प्रभावकारी कार्यान्वयन गरी जलवायु परिवर्तन ऐन एवं कार्ययोजना तत्काल बनाई सबै जिल्लामा लागू गर्नु भनी विपक्षीहरूको नाउँमा रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्मको लागि अन्तरिम आदेश जारी गरिपाउँ भन्ने अधिवक्ता पदमबहादुर श्रेष्ठको निवेदन दाबी।

यसमा के कसो हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी गर्नु नपर्ने हो ? आदेश जारी गर्नुपर्ने आधार र कारण भए सोसमेत साथै राखी यो आदेशप्राप्त भएका मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि अग्राधिकार दिई पेस गर्नू। साथै निवेदकलाई अपूरणीय क्षति हुने नदेखिएकोले हाल अन्तरिम आदेश जारी गरिरहनु परेन भन्ने यस अदालतको मिति २०७४।७।१५ को आदेश।

जलवायु परिवर्तन र यसबाट सृजित प्रभावहरूप्रति विभाग निकै संवेदनशील रहेको र यस समस्याको निराकरणको लागि आफ्नो स्रोत र साधनले भ्याएसम्म अनुकूलन र न्यूनीकरण प्रयासहरू विभागबाट भइरहेको जानकारी गराउँछु। जलवायु परिवर्तनका मुद्दाहरूलाई सम्बोधन गर्न नेपालको सन्दर्भमा जलवायु परिवर्तन नीति, २०६७ लागू गरिएको, राष्ट्रिय अनुकूलन कार्यक्रम (National Adaptation Program of Action-NAPA) लागू गरिएको छ। जलवायु परिवर्तनका प्रभावहरू घटाउने र समुदायलाई समयानुकूल बनाउने मूलतः दुईवटा उपायहरू अनुकूलन र न्यूनीकरणलाई प्रभावकारी रूपमा लागू गर्नको लागि विद्यमान नीति तथा कार्यक्रमहरू नै पर्याप्त छन्। जलवायु परिवर्तनको प्रभाव र यसले

निम्त्याउन सक्ने असरहरूलाई मध्यनजर राखी यसको न्यूनीकरण गर्न ठोस रूपमा कार्ययोजना बनाई समग्र देशभरी कार्यक्रम लागू गर्नुपर्ने आसय त्रुटिपूर्ण छ। राष्ट्रिय अनुकूलन कार्यक्रमले विभिन्न सूचकहरूको आधारमा नेपालका सम्पूर्ण जिल्लाहरूलाई विभिन्न ५ वटा संकटासन्न सूचीमा वर्गीकरण गरेको छ। जसअनुरूप नेपालका ९ वटा जिल्लाहरू जलवायु प्रभावको अति उच्च संकटासन्न अवस्थामा छन् भने १७ वटा जिल्लाहरू उच्च संकटासन्न अवस्थामा छन्। बाँकी ४९ वटा जिल्लाहरू मध्यम, न्यून तथा अति न्यून संकटासन्न अवस्थामा छन्। राष्ट्रिय अनुकूलन कार्यक्रमले तय गरेबमोजिम नै वातावरण विभागले जलवायु परिवर्तनको असरसँग जुध्ने सामुदायिक पहल स्वरूप अनुकूलन र न्यूनीकरणको विभिन्न औजारहरू समेटिएको जलवायु अनुकूलित गाउँ कार्यक्रम (Climate smart Village) अति उच्च/उच्च संकटासन्न १५ वटा जिल्लाहरूमा लागू गरिरहेको छ। कार्यक्रम लागू गरिएका जिल्लाहरू ओखलढुंगा, सोलुखुम्बु, रामेछाप, भक्तपुर, सिराहा, सप्तरी, लमजुङ, गोर्खा, रूकुम, रोल्पा, कास्की, सुर्खेत, कञ्चनपुर, दार्चुला र बझाङ रहेका छन्। अतः जलवायु परिवर्तनको प्रभावको हिसाबले संकटासन्न अवस्थामा रहेका, प्रकोपसँग सम्मुख रहेका स्थानहरूमा न्यूनीकरण पर्याप्त उपायहरू कार्यान्वयन भइरहेको हुँदा हाललाई मागअनुसार रिट जारी हुनुपर्ने होइन भन्ने वातावरण विभागको लिखित जवाफ।

यस मन्त्रालयको के कस्तो काम कारबाही र निर्णयबाट रिट निवेदकको के कस्तो मौलिक हक अधिकारको हनन् भएको हो स्पष्ट नभएकोले यस मन्त्रालयलाई विपक्षी बनाउनु पर्ने कारण नखोली दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने नेपाल सरकार विज्ञान तथा प्रविधि मन्त्रालयको लिखित जवाफ।

प्रदूषण नियन्त्रण वातावरण संरक्षण र सन्तुलनलगायत जलवायु परिवर्तन र अनुकूलनसम्बन्धी कार्य जनसंख्या तथा वातावरण मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने र कार्बन सम्बन्धित व्यापारको साथै व्यवस्थापनको लागि वन क्षेत्रको क्षयीकरण तथा विनासलाई कम गरेर कार्बन उत्सर्जनलाई (Reducing Emission From Deforestation and degradation-REDD) कसरी घटाउनेसम्बन्धी रणनीति मस्यौदा तयार भइसकेको छ। यसको अलावा यस मन्त्रालयअन्तर्गत सञ्चालनमा रहेका जडिबुटी विकास कार्यक्रम, राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम, वृक्ष सुधार, वृक्षरोपण तथा निजी वन कार्यक्रम, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास कार्यक्रम, जिल्ला भू-संरक्षण कार्यक्रम सामुदायिक विकास तथा वन/जलाधार संरक्षण आयोजना वनस्पति संरक्षण तथा उद्यान विकास आयोजना सामुदायिक वन तथा कबुलियती वन विकास कार्यक्रमहरू जलवायु परिवर्तनको जोखिम कम गर्नको लागि नै सहयोग गरिरहेको छन्। जलवायु परिवर्तन नीति, २०६७ कार्यान्वयन नभएको भनी

उठान भएको विषय छ, सो सम्बन्धमा उक्त नीतिगत व्यवस्था कार्यान्वयन गर्न यस मन्त्रालयसमेत प्रतिबद्ध एवं क्रियाशील रहेको छ। वातावरणको संरक्षण र सन्तुलन र जैविक विविधताको संरक्षण गर्ने जस्ता विषयवस्तुहरूमा यस मन्त्रालयबाट विभिन्न निकायहरूसँग सहकार्य गर्दै आएको र भविष्यमा पनि सोहीअनुरूप समन्वय, सहकार्य गर्दै वातावरण संरक्षणको कार्य गर्दै निरन्तर रूपमा स्रोत साधनले भ्याएसम्म अगाडि बढी रहने नै हुँदा यस मन्त्रालयसमेतलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयको लिखित जवाफ।

छुट्टै जलवायु परिवर्तनसम्बन्धी ऐन निर्माण गर्ने सम्बन्धमा नेपाल सरकार वा नेपाल सरकारको सम्बन्धित मन्त्रालय वा निकायबाट मस्यौदा प्राप्त भएमा नेपालको संविधान, प्रचलित नेपाल कानून तथा जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्ने सम्बन्धमा नेपालले अन्तर्राष्ट्रिय जगतमा व्यक्त गरेका प्रतिबद्धतासमेतलाई दृष्टिगत गरी आवश्यक कानूनी राय परामर्श दिने नै हुँदा सो विषयलाई लिएर यस मन्त्रालयलाई विपक्षी बनाई रिट दायर गर्नु कुनै औचित्य नहुँदा खारेज गरिपाउँ भन्ने कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको लिखित जवाफ।

भौतिक पूर्वाधारको विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्दा साधन स्रोतले भ्याएसम्म वातावरणमा असर पर्न नदिनेतर्फ मन्त्रालय सजग रहेको एवं जलवायु परिवर्तनका कारण समग्र मानव र अन्य प्रणालीमा समेत प्रत्यक्ष असर पर्ने भएकोले यसलाई न्यूनीकरण गर्न जलवायु परिवर्तनसम्बन्धी कानून बनाई लागू गर्ने विषय यस मन्त्रालयको कार्यक्षेत्रभित्र नपर्ने हुँदा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन औचित्यपूर्ण (Reasonableness) नभएकोले खारेज गरिपाउँ भन्ने नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको लिखित जवाफ।

नेपालको संविधानको धारा ३० ले स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा संवैधानिक प्रत्याभूति गरेको र वातावरणीय ह्रासबाट मानव जाति, जीवजन्तु, वनस्पति, प्रकृति तथा भौतिक वस्तुमाथि हुनसक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षण गर्नेसमेतको उद्देश्यले वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ समेत जारी भई कार्यान्वयनमा रहेका छन्। साथै उक्त कानूनी व्यवस्था कार्यान्वयन गर्ने तथा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन हुने किसिमको गतिविधिहरू सञ्चालन गर्ने सम्बन्धमा नेपाल सरकार र सम्बन्धित निकायहरूले नीतिगत, कानूनी तथा संस्थागत प्रबन्ध गर्दै आएका छन्। जलवायु परिवर्तन

नीति, २०६७ कार्यान्वयन नभएको भनी उठान भएको विषय छ, सो सम्बन्धमा उक्त नीतिगत व्यवस्था कार्यान्वयन नेपाल सरकार प्रतिबद्ध एवं क्रियाशील रहेको छ। जहाँसम्म जलवायु परिवर्तनसम्बन्धी ऐनको निर्माण तत्कालै गर्नुपर्ने भन्ने निवेदन जिकिर छ, त्यस सम्बन्धमा मुलुकमा के कस्तो कानून निर्माण गर्ने तथा भइरहेको कानूनमा के कस्तो संशोधन गर्ने भन्ने विषय विधायिकाको एकलौटी क्षेत्राधिकार (exclusive legislative competence) भित्रको विषय भएकोले सो सम्बन्धमा सम्मानित अदालतबाट आदेश जारी हुनुपर्ने होइन भन्ने नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लिखित जवाफ।

कृषिको विकासको लागि मन्त्रालयले कृषि विकास रणनीति, २०७२ जारी गरी सोहीअनुरूप निर्दिष्ट कार्यक्रमहरू गर्दै आइरहेको छ। जलवायु परिवर्तनले कृषि क्षेत्रमा पार्ने असरलाई कम गर्नमा सहयोग र कृषकलाई राहत दिन कृषि बीमाको रकममा ७५% प्रिमियम अनुदान उपलब्ध गराउँदै आएको छ। जलवायु परिवर्तनले कृषि क्षेत्रमा पार्ने असरलाई कम गर्नमा सहयोग पुर्याउन साना सिचाइँ, थोपा सिचाइँ, वर्षाको पानी सङ्कलन पोखरी, प्लाष्टिक पोखरी निर्माण, पानी तान्ने उपकरण, गोडमेल गर्ने र भण्डारण सामग्रीमा अनुदान दिने गरेको। जलवायु परिवर्तनले कृषि क्षेत्रमा पार्ने असरलाई कम गर्नमा सहयोग पुर्याउन राष्ट्रिय अनुकूलन कार्यक्रमअनुरूप कृषक समुदायमा सञ्चालनमा गरिने कार्यक्रम एफ.ए.ओ.को आर्थिक सहयोग र यस मन्त्रालयको समन्वयमा पाइलट स्केलमा ४ जिल्ला (अर्घाखाँची, कपिलवस्तु, सिराहा र उदयपुर) मा सञ्चालन गरेको र त्यसको सिकाई अन्य जिल्लामा लैजाने गरी ४ वर्षे कार्यक्रम (सन् २०१५-२०१८) सञ्चालन भइरहेको छ। त्यसरी नै जलवायु परिवर्तनको सल्लाह र सूचनामा कृषकहरूलाई समयमा नै उपलब्ध गराई बालीनालीमा पार्न सक्ने असरलाई कम गर्न सहयोग पुर्याउन विश्व बैंकको आर्थिक सहयोग र यस मन्त्रालयको समन्वयमा पाइलट स्केलमा २५ जिल्लामा मोबाइलबाट जानकारी दिने कार्य भइरहेको छ। अतः उपर्युक्त कार्यहरूले कृषि क्षेत्रमा जलवायु परिवर्तनलाई कृषि क्षेत्रमा पार्ने असरलाई कम गर्नमा सहयोग पुर्याउन गरिएका कार्यहरू भएकोले कृषि विकास मन्त्रालयको कृषक र आम नागरिकको खाद्य सुरक्षामा टेवा पुर्याइरहेको छ भन्ने कृषि विकास मन्त्रालयको लिखित जवाफ।

जलवायु परिवर्तन तथा अनुकूलनको विषय नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार यस मन्त्रालयको अधिकारक्षेत्रभित्र नपर्ने विषय भएकोले सो सम्बन्धमा नीति वा कानून निर्माण यस मन्त्रालयको अधिकारको विषय नरहेकोले अनावश्यक विषयमा यस मन्त्रालयलाई विपक्षी बनाएको हुनाले प्रस्तुत रिट खारेज गरिपाऊँ। वातावरण, वन, भू-संरक्षण, स्वास्थ्य आदिसँग सम्बन्धित धेरै कानूनी तथा नीतिगत व्यवस्था रहेका छन्। तिनले कुन विषय सम्बोधन हुन सकेन र नयाँ कानूनको

खाँचो परेको हो त्यसको स्पष्ट विश्लेषण नगरी जलवायु परिवर्तन नाम भएको ऐन छैन भन्ने सतही विश्लेषणको आधारमा रिट दर्ता गरिएको अवस्था रिट निवेदनबाट देखिएको हुनाले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको लिखित जवाफ।

रिट निवेदकले मागदाबी लिएको विषयका सम्बन्धमा यस मन्त्रालयको के कस्तो निर्णय एवं काम कारबाहीबाट रिट निवेदकलाई असर परेको भन्ने कुरा रिट निवेदनमा खुलाउन सक्नु भएको छैन। जहाँसम्म छुट्टै जलवायु परिवर्तनसम्बन्धी कानून बनाई तत्काल लागू गर्ने भन्ने विषय यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने विषय नभएकोले यस मन्त्रालयसमेतलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने भूमिसुधार तथा व्यवस्था मन्त्रालयको लिखित जवाफ।

जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्ने हेतुले नेपाल सरकारले वातावरण संरक्षण ऐन, २०५३ तथा नियमावली, २०५४ फोहोर मैला व्यवस्था ऐन, २०६८ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३९ लगायतका विभिन्न ऐन तथा नियमावलीहरू जारी गरी कार्यान्वयनमा रहेका छन्। निवेदकले उठाएको विषयवस्तुका सम्बन्धमा गृह मन्त्रालयको के कस्तो कामकारबाहीबाट विपक्षीको मौलिक हक अधिकार कुण्ठित हुन पुगेको हो सो सम्बन्धमा वस्तुनिष्ठ आधार, कारण र प्रमाणसमेत उल्लेख गर्न नसकेको हुँदा यस मन्त्रालयसमेतलाई विपक्षी बनाई दायर भएको रिट निवेदन बदरभागी छ भन्ने नेपाल सरकार गृह मन्त्रालयको लिखित जवाफ।

रिट निवेदकले उल्लेख गर्नुभएका विषयहरूलाई पनि यस मन्त्रालयले गम्भीर रूपमा लिएको र सरोकारवाला अन्य निकायसँग समन्वय गरी वातावरण संरक्षण गर्य कार्यमा निरन्तर रूपमा लागिरहेको हुँदा यस निकायसँग समन्वय गरी वातावरण संरक्षण गर्ने कार्यमा निरन्तर रूपमा लागिरहेको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने सहरी विकास मन्त्रालयको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा निवेदनसहितको मिसिल कागजात अध्ययन गरियो।

निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता डा.श्री अम्बरप्रसाद पन्त र विद्वान् अधिवक्ताहरू श्री पदमबहादुर श्रेष्ठ, श्री षटकोण श्रेष्ठ, श्री सुलोचना धिताल, श्री विष्णुकुमार थोकर, श्री हरिश्चन्द्र सुवेदी, श्री अभिषेक अधिकारी, श्री भुवनप्रसाद वाग्ले, श्री राजु फुयाल र श्री शान्ता पन्तले जलवायु परिवर्तन समस्यालाई सम्बोधन गर्न विश्वव्यापी मान्यता प्राप्त दुइवटा तरिकाहरू प्रभाव न्यूनीकरण (Mitigation) र अनुकूलन के हो भन्ने बारे जलवायु परिवर्तन नीतिले सपष्ट गर्न सकेको छैन। औद्योगिकीकरण

तथा यातायात क्षेत्रमा खनिज इन्धनको व्यापक प्रयोगलाई कटौती गर्नुपर्ने, अनियमित वन विनासलाई रोक्नुपर्ने, स्वच्छ ऊर्जा जलविद्युत् पुनर्नवीकरणीय तथा वैकल्पिक उर्जाको प्रयोग बढाउने, हरितगृह ग्याँसको उत्सर्गन न्यून गर्ने, जलवायु परिवर्तनबाट पर्ने प्रभावलाई सहज रूपमा अनुकूलन गर्न सक्ने क्षमता अभिवृद्धि गर्न तथा हरितगृह ग्याँस उत्सर्गन न्यूनीकरण गर्ने संयन्त्र विकास गर्नुपर्ने, स्थानीय समुदायको जलवायु अनुकूलन एवं न्यूनीकरण क्षमता अभिवृद्धिसमेत कार्यका लागि एकीकृत जलवायु परिवर्तन ऐन आवश्यक रहेकोले जलवायु परिवर्तनसम्बन्धी ऐन निर्माण गरी जारी गर्नु भनी निवेदन मागबमोजिम परमादेश जारी गरिपाऊँ। सो ऐन नबनेसम्म जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण गर्नका लागि जलवायु परिवर्तन नीति २०६७ मा भएको व्यवस्थाहरूलाई तत्काल प्रभावकारी कार्यान्वयन गर्नु गराउनु, उच्च हिमाली भेगदेखि तराईको तल्लो भागसम्म प्रत्यक्ष रूपमा जलवायु परिवर्तनबाट प्रभाव परेकोले त्यसको अनुकूलन र न्यूनीकरणको लागि प्रभावकारी कार्यान्वयन गर्ने कार्य योजना तयार गरी तत्काल लागू गर्नु गराउनु, प्रत्येक गाउँपालिका, नगरपालिकामा जलवायु परिवर्तन इकाई खडा गरी जलवायु परिवर्तन असर रोकथाम गर्नु गराउनु भनी परमादेश जारी गरिपाउँ भनी गर्नुभएको बहस सुनियो।

अब निवेदकको मागबमोजिम परमादेश जारी हुने हो, होइन ? भनी निर्णय दिनुपर्ने देखियो।

२. यसमा नेपालमा वातावरण संरक्षणसम्बन्धी बनेको वातावरण संरक्षण ऐन, २०५३ मा जलवायु परिवर्तनलाई अनुकूलन तथा न्यूनीकरण गर्ने कुनै कानूनी व्यवस्था नहुँदा त्यसको व्यवस्थापन गर्नको लागि एउटा छुट्टै जलवायु परिवर्तनसम्बन्धी कानूनको जरूरी भएकोले जलवायु परिवर्तनसम्बन्धी ऐनको निर्माण गरी जारी गरी लागू गर्नु गराउनू। उक्त ऐन बनी लागू नभएसम्म विपक्षी निकायहरूले जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण गर्नको लागि तयार गरेको जलवायु परिवर्तन नीति, २०६७ मा भएको व्यवस्थाहरूलाई तत्काल प्रभावकारी तथा ठोस रूपले कार्यान्वयन गर्नु गराउनु भन्नेसमेतको निवेदन दाबी देखियो। जलवायु परिवर्तनको कारणले प्राणी मात्रको नभई वनस्पतिलगायत अन्य पर्यावरणीय असन्तुलन बढ्दै गएकोले जलवायु परिवर्तनको विषय मानवको लागि साझा चासोको विषय बन्न पुगेको छ। यसैले जलवायु परिवर्तनको विषय सम्बोधन गर्न गरिने जुनसुकै कार्यहरूमा जलवायु न्याय (Climate Justice) को अवधारणालाई आत्मसात गर्न सक्नु पर्दछ। जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्दै जलवायु परिवर्तनको प्रकोप जोखिमलाई घटाउँदै लैजानु पर्ने आजको आवश्यकता भएकोमा विवाद छैन। दिगो विकास (Sustainable development) को सैद्धान्तिक अवधारणा एवं समवंशीय र अन्तरवंशीय (Intra-generation and Inter-generation Justice) को सैद्धान्तिक अवधारणा आत्मसात् गरी जैविक

विविधता (Biodiversity) सहितको परिस्थिति प्रणाली (Eco system) को संरक्षण वातावरण कानून, जलवायु परिवर्तन कानूनसमेतले उचित तवरले समेट्न सकेमा नै वर्तमान तथा भावी पुस्ताले वातावरणीय न्याय प्राप्ति हुने आधारस्तम्भ खडा हुनेगर्दछ।

३. जलवायु परिवर्तन र प्रदूषित वातावरणको कारणले गर्दा मानव जीवनसहित जीव एवं वनस्पतिको प्राण एवं अस्तित्व खतरामा हुन्छ। जलवायु परिवर्तन वा प्रदूषित वातावरणको सिर्जनाबाट कुनै पनि व्यक्तिको जिउज्यानमा खतरा उत्पन्न हुने हुँदा त्यस्तो जलवायु परिवर्तन वा प्रदूषित वातावरणबाट सुरक्षित हुन पाउने व्यक्तिको हक अधिकार भएकोले पर्यावरणको संरक्षणको सम्बन्ध प्रत्यक्ष एवं परोक्ष रूपमा मानिसको जिउ ज्यानसँग सम्बन्धित देखिन्छ। यसप्रकार मानवीय अस्तित्व र भावी पुस्ताको अधिकारसमेतसँग प्रत्यक्ष एवं परोक्ष रूपमा सम्बन्धित देखिँदा पर्यावरण वा जलवायु परिवर्तनको विषयमा जुनसुकै नागरिक पीडित हुन सक्ने अवस्था रहने भई स्वाभाविक रूपमै सार्वजनिक चासो र सरोकारको रहन्छ। रिट निवेदनमा उठाइएको यसप्रकारको सार्वजनिक हक एवं सरोकारको विषय देखिँदा निवेदकको सार्थक सम्बन्धसमेत देखिन आयो।

४. मानवीय कारणबाट पर्यावरणीय विनास हुन नदिइ सुरक्षित मानवीय जीवनसहितको स्वच्छ वातावरणको अधिकारसमेतले वातावरणीय न्याय प्राप्ति हुन सक्छ। मानव तथा अन्य प्राणीको अस्तित्वसहित दिगोपनामा आधारित भूमि तथा अन्य प्राकृतिक स्रोतको नैतिक, सन्तुलित तथा जिम्मेवारपूर्ण उपयोग गर्दै हावापानी, जमिन र खाद्य पदार्थ स्वच्छ हुनुपर्ने हुँदा स्वच्छ वातावरण प्रतिकूलका कार्यहरू नियन्त्रण नियमन गर्नुपर्ने देखिएको छ। यसैले आणविक परीक्षण, विषालु तथा हानिकारक पदार्थको उत्पादन तथा विसर्जनबाट मानव अस्तित्व एवं पर्यावरणमा असर पर्न दिनु हुँदैन। वातावरण स्वच्छ राख्न हानिकारक उत्पादनलाई उत्पादनस्थलमै नियन्त्रण गरी उत्तरदायी बनाउनसमेत उचित कानूनी व्यवस्था एवं सोअनुरूपको संस्थागत संरचनाको व्यवस्था हुन जरूरी पर्दछ। साथै स्वच्छ वातावरण विरूद्धको कार्यबाट पीडितलाई क्षतिपूर्तिको अधिकार, कम्पनीका विध्वंशकारी तथा पर्यावरणमा असर पार्ने कार्यलाई रोक्ने तथा दण्डनीय बनाउने कार्य, पर्यावरणीय जोखिमका क्षेत्रमा फोहोरमैला व्यवस्थापनसम्बन्धी विषय, विषादी उपयोग र फैलावट निषेध र हानिकारक पदार्थको आयात निर्यात नियन्त्रण, सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन, बसाई सर्ने पंक्षी र तिनको बसोबास संरक्षण, साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षणको प्रभावकारी कार्यान्वयन, वायुमण्डलमा हरितगृह ग्याँसको स्थिरीकरण र मौसम प्रणाली संरक्षण, मौसम परिवर्तनलाई न्यूनीकरण गर्न सुरक्षात्मक उपायको अवलम्बन, मौसम परिवर्तन र यसको प्रभावमा अनुसन्धान तथा जनचेतना प्रवर्द्धनसमेत गरी जलवायु न्याय तथा वातावरणीय

न्यायको प्रत्याभूति गर्न जरूरी छ। जलवायु परिवर्तनलाई अनुकूलन तथा न्यूनीकरण गर्नका लागि नेपालसमेत पक्ष राष्ट्र भएको र जैविक विविधतासम्बन्धी महासन्धि, १९९२, संयुक्त राष्ट्र संघीय मौसम परिवर्तन महासन्धि, १९९२, संकटापन्न वन्यजन्तु एवं वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण महासन्धि, १९९३, हानिकारक पदार्थको अन्तरदेशीय ओसारपसार एवं विसर्जन नियन्त्रण महासन्धि, १९८९, सिमसारसम्बन्धी महासन्धि, जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौता (Paris Agreement on climate change) जस्ता अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धिहरूका कानूनी प्रावधानसमेतलाई समेटी वातावरण संरक्षण र जलवायु परिवर्तनसम्बन्धी राष्ट्रियस्तरबाट कानूनी व्यवस्था गरी कानून उल्लङ्घन गरेमा दण्डनीय एवं क्षतिपूर्तिको व्यवस्थासहितको नियन्त्रणात्मक/नियमात्मक व्यवस्थाका अतिरिक्त जनचेतनामूलक/प्रबर्द्धनात्मक व्यवस्थासमेत हुन जरूरी देखिएको छ।

५. जलवायु परिवर्तनका दुष्प्रभाव न्यूनीकरण गर्न तथा न्यून कार्बन उत्सर्जनको लागि राष्ट्रिय कानूनमा व्यवस्था गरी खासगरी जोखिममुक्त क्षेत्रमा स्वच्छ तथा नवीकरणीय उर्जाको प्रयोग तथा प्राथमिकता, जलवायु मैत्री भौतिक, सामाजिक एवं आर्थिक विकास एवं सोअनुरूपको जीविकोपार्जनसम्बन्धी कानूनी व्यवस्था, जलवायु परिवर्तनबाट जोखिममा रहेका हिमाल, पहाड, चुरे र तराईका क्षेत्र, प्राकृतिक सम्पदा तथा जीविकोपार्जनमा परेको प्रतिकूल प्रभाव कम गराउने प्रणालीको विकासको लागि कानूनी व्यवस्था, जलवायु परिवर्तन, मरूभूमिकरण र जैविक विविधता सम्बन्धमा समेत कानूनी रूपमा उपयुक्त तवरले समेटी तत्सम्बन्धी राष्ट्रिय कानूनमा आवश्यक संशोधन वा नयाँ एकीकृत कानून कानूनको तर्जुमा हुन जरूरी देखिएको छ। जलवायु परिवर्तनलाई अनुकूलन तथा न्यूनीकरण गर्न तथा वातावरण संरक्षण गरी स्वच्छ वातावरणसहितको पर्यावरणीय न्याय प्रदान गर्न र जलवायु परिवर्तनका कारण खाद्यान्न, प्रजाति, पर्यावरणीय प्रणाली तथा स्वास्थ्यमा असर पार्ने उत्पादन, बिक्री वितरण, प्रयोगमा नियन्त्रण नियमनसम्बन्धी व्यवस्था आवश्यक देखिन्छ। जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय कानून निर्माण भई लागू भएमा Paris Agreement on Climate Change, 2015 समेतका अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धता पूरा गर्न सहज हुने देखिएको छ। त्यस्तै नेपालको संविधानको धारा ५१ (छ) मा प्राकृतिक स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोगसम्बन्धी नीतिः प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्द्धन र वातावरणअनुकूल दिगो रूपमा उपयोग गर्ने, नवीकरणीय उर्जाको उत्पादन तथा विकास, जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढारइ औद्योगिक एवं भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधता संरक्षण, सम्बर्द्धन र दिगो उपयोग, प्रकृति,

वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकरात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू, वातावरण प्रदूषण गर्नेले दायित्व बेहोर्नु पर्ने, प्रकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्नेसमेतका नीतिहरू राज्यले अवलम्बन गर्नेछ भन्ने देखिएको छ। साथै जलवायु परिवर्तनको जोखिमलाई न्यूनीकरण तथा अनुकूलन गर्ने विषय प्रत्यक्ष रूपमा जीवन रक्षाको अधिकार, पोषणयुक्त खाना पाउने अधिकार, स्वच्छ वातावरणमा बाँच्न पाउनेसमेतका अधिकारहरूसँग समेत प्रत्यक्ष र परोक्ष रूपमा अन्तरसम्बन्धित रहेको छ। वातावरण संरक्षणसमेतका कार्य गरी जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण गर्नुपर्ने दायित्व Parens patriae को सिद्धान्तअनुसार राज्यको नै हुने हुँदा जलवायु परिवर्तनबाट पर्न जाने नकारात्मक प्रभाव र जोखिमलाई समयमै सचेत बन्न जरूरी छ।

६. सुरक्षित पर्यावरण प्रक्षेपण गर्न र महत्त्वाकांक्षी योजनासहित दिशानिर्देश गर्न, पर्यावरण कानूनको पालना गर्न गराउन, पर्यावरण कोषको परिचालन सञ्चालन, पर्यावरणीय अनुकूलन तथा न्यूनीकरणसमेतका कार्यलाई प्रबर्द्धन गर्न आवश्यकताअनुसार सहजीकरण गर्न, कानून लागू गर्न र अनुपालन गर्न प्रोत्साहित गर्न कानूनद्वारा नै व्यवस्थित स्थायी संयन्त्र आवश्यक पर्दछ। त्यस्तै जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण गर्ने र नेपालको हिमाली क्षेत्रसमेतमा देखिएको उच्च जोखिमयुक्त पर्यावरणको असर कम गरी पर्यावरणको पूर्ववत् स्थिति कायम गर्नसमेतका लागि देहायका विषय समेट्ने गरी एकीकृत रूपमा जलवायु परिवर्तनसम्बन्धी कानून निर्माण हुन अत्यावश्यक देखिएको छ।

जलवायु परिवर्तनको कारण जोखिममा परेका क्षेत्रमा प्रतिकूल असर कम गर्न र पूर्ववत् सामान्य अवस्थामा ल्याउनको लागि सहरीकरण वा वस्ती विकाससमेतमा गर्नुपर्ने नीतिगत एवं कानूनी व्यवस्था, त्यस्तो जोखिममा परेको क्षेत्रमा जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण गर्न र दिगो विकास प्रबर्द्धन गर्नको लागि कानूनी व्यवस्था तथा बाँझो, पर्ती, बाढी पहिरोग्रस्त, भिरालो जमिनमा पर्यावरण अनुकूलनका लागि बहु-लाभदायक रूख प्रजातिको वृक्षरोपण वा भूमि उपयोगसम्बन्धी कानूनी व्यवस्था, जलवायु परिवर्तनको कारक तत्त्व हरितगृह ग्याँसको उत्सर्जनलाई घटाउनु रहेकोले न्यून कार्बन उत्सर्जन गर्ने प्रविधि, प्रभावकारिता वृद्धि गर्न जलवायु परिवर्तनको निष्प्रभावीकरण (Mitigation) का लागि खनिज इन्धनको खपतलाई कम गर्नुपर्ने, स्वच्छ एवं नवीकरण उर्जा प्रयोग हुने प्रविधिलाई प्रबर्द्धन र विकास र गर्नुपर्ने, वन जंगल संरक्षण र विस्तार हुन जरूरी भएकोले मूलतः जलवायु परिवर्तनको दृष्टिले खतरा क्षेत्रमा उर्जाको प्रयोग र वन क्षेत्र उपयोगसम्बन्धी विशेष कानूनी व्यवस्था, जलवायु परिवर्तनबाट हुने मानवीय स्वास्थ्य

तथा बहुपक्षीय वातावरणीय क्षति न्यूनीकरणका लागि कानूनी तथा प्राविधिक संयन्त्रको व्यवस्था, जलवायु परिवर्तन न्यूनीकरण गरी भावी सन्ततिसमेतको पर्यावरणीय न्याय, वातावरणीय न्यायका लागि प्राकृतिक स्रोत, सम्पदा तथा वातावरणको संरक्षण र सम्बर्धन गर्न आवश्यक कानूनी व्यवस्था, वातावरण विनास वा प्रदूषणका कारण हुन गएको व्यक्तिगत, सामुदायिक र अन्य क्षतिको निर्धारण र क्षतिपूर्तिसमेतको व्यवस्था गर्न वैज्ञानिक एवं कानूनी संयन्त्र, पर्यावरणमा असर पार्ने कार्यलाई नियन्त्रण गर्न तथा वातावरण स्वच्छ र सफा राख्न सार्वजनिक एवं निजी संस्थासमेतको जलवायु परिवर्तनसम्बन्धी कर्तव्य (Climate Change Duties) को लागि कानूनी एवं नीतिगत व्यवस्था।

७. वातावरण संरक्षण ऐन, २०५३ ले वातावरण संरक्षणसहित जलवायु परिवर्तनसम्बन्धी केही व्यवस्था गरे पनि माथि विवेचित जलवायु परिवर्तनको अनुकूलन तथा न्यूनीकरणको लागि पर्याप्त कानूनी व्यवस्था हुन नसकेकोले जलवायु परिवर्तनलाई अनुकूलन तथा न्यूनीकरण गर्ने सन्दर्भमा एउटा छुट्टै कानून निर्माण गरी समस्याको सम्बोधन हुन जरूरी भएकोले जलवायु परिवर्तनसम्बन्धी एकीकृत कानून यथासिघ्र निर्माण गरी लागू गर्नु गराउनु र सो ऐन बनी लागू नभएसम्म जलवायु परिवर्तन नीति, २०६७ र National Adaptation Program of Action 2010 तथा National Framework for Local Adaptation Plan for Action 2011 समेतले जलवायु परिवर्तनबाट परेका र पर्न जाने प्रभावलाई न्यूनीकरण गर्न केही कार्ययोजनाको व्यवस्था गरेको देखिँदा जलवायु परिवर्तनसम्बन्धी एकीकृत कानून निर्माण नभएसम्म उक्त योजना र नीतिअनुरूपका कार्ययोजनाहरूले गरेका प्रावधानहरूको अवलम्बन र कार्यान्वयन गर्नु गराउनु भनी परमादेशको आदेश जारी हुने ठहर्छ। प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिने र प्रस्तुत निवेदनको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू।

उक्त रायमा सहमत छु।

न्या. तेजबहादुर के.सी.

इति संवत् २०७५ साल पौष १० गते रोज ३ शुभम्।

२१. मुद्दाः उत्प्रेषण।

भाग ६१	निर्णय नं. १०२०४	ने.का.प. २०७६	अङ्क २
सर्वोच्च अदालत, संयुक्त इजलास			
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.			
०६८-WO-०५९७			
फैसला मितिः २०७५।११।१			

निवेदकः काठमाडौं जिल्ला, काठमाडौं म.न.पा.वडा नं. ३१ बागबजारमा केन्द्रीय कार्यालय रहेको उपभोक्ता हित संरक्षण मञ्च-नेपालको तर्फबाट अख्तियार प्राप्त केन्द्रीय सचिव वर्ष ४० को अधिवक्ता रामचन्द्र सिम्खडासमेत

विरूद्ध

विपक्षीः नेपाल सरकार, प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत

निवेदकका तर्फबाटः निवेदक अधिवक्ताहरू श्री रामचन्द्र सिम्खडा, श्री धनञ्जय खनाल र श्री अच्युतराज बुढाथोकी, विद्वान् अधिवक्ता श्री ज्योति बानिया, विद्वान् अधिवक्ताहरू श्री रामकुमार आचार्य, श्री भुवनप्रसाद वाग्ले र श्री गणेश दाहाल

विपक्षीका तर्फबाटः उपन्यायाधिवक्ता श्री युवराज महत

अवलम्बित नजिरः

ने.का.प.२०४८, नि.नं.४४३०, पृ.८१०
ने.का.प.२०४९, नि.नं.७०८८, पृ.२७८
ने.का.प.२०५४, नि.नं.६३९६, पृ.३३५
ने.का.प.२०५९, नि.नं.७१३२, पृ.६०४
ने.का.प.२०६३, नि.नं.७६९५, पृ.५६१
ने.का.प.२०६६, नि.नं.८०८२, पृ.२६१
ने.का.प.२०६९, नि.नं.८५२१, पृ.२०५३

ने.का.प.२०६९, नि.नं.८९४२, पृ.४७
ने.का.प.२०७०, नि.नं.८९७०, पृ.३०३

सम्बद्ध कानूनः

नेपालको संविधान
नेपालको अन्तरिम संविधान, २०६३
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
वातावरण ऐन, २०५३

❖ *सरकार सार्वजनिक सम्पत्तिको मालिक होइन, न्यासी मात्र हो। प्राकृतिक स्रोत वा सम्पदाको न्यास नेपालका सम्पूर्ण जनता, वर्तमान एवम् भावी पुस्ताको हितको लागि राखिएको हुँदा स्रोतको परिचालनको विषयमा देशका समस्त जनताको हित नहेरी सीमित व्यक्ति वा समुदायको लाभको लागि उसले जे पनि गर्छु भन्न मिल्दैन। प्राकृतिक स्रोतहरू राष्ट्रका समस्त जनता, वर्तमान र भावी पुस्ता वा सन्ततिसमेतका सम्पत्ति हुन् भन्ने कुरालाई सरकारले बुझ्नु र मनन गर्नुपर्ने।*

(प्रकरण नं.२५)

❖ *सार्वजनिक सरोकारको निवेदन आवाज हराएका, आफैं आफ्नो कुरा भन्न नसक्ने व्यक्ति र समुदायको तर्फबाट पेस गरिएको निवेदन र अदालतलाई दिएको सूचना र वातावरणीय न्यायको सन्दर्भमा सम्पूर्ण प्राणी चराचरको तर्फबाट गरिएको याचना हुने।*

(प्रकरण नं.२७)

❖ *युनेस्कोलगायत सरोकारवाला निकायहरूको परामर्श र सहमतिमा गरिएको वातावरणीय प्रभाव अध्ययनले अनुमति नदिएसम्म राष्ट्रिय निकुञ्जभित्र पर्ने गरी सडक निर्माणसम्बन्धी कुनै कार्य गर्न नहुने।*

(प्रकरण नं.३२)

आदेश

न्या. डा. आनन्दमोहन भट्टराईः नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ तथा धारा १०७(२) बमोजिम यस अदालतमा दायर भएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् ठहर यसप्रकार छ :

हामी निवेदकहरू अधिवक्ताको प्रमाणपत्र प्राप्त गरी अविच्छिन्न रूपमा कानून व्यवसाय गरिरहेका कानून व्यवसायी र उपभोक्ता हक हितको संरक्षण, संवर्द्धन र अधिकारका लागि विगतदेखि कार्यरत छौं। हामी संलग्न रहेको उपभोक्ताको हित संरक्षण मञ्चले विगतदेखि नै उपभोक्तासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न विषयहरू तथा व्यापक, सार्वजनिक सरोकारको विषयलाई उठाउँदै समय-समयमा सम्मानित सर्वोच्च अदालतमा प्रवेश गरी विवादको निरूपण गर्दै गराउँदै आएको छ।

उपभोक्ता अधिकार मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ र आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को अन्तरनिहित मानव अधिकार रहेको र सोहीअनुरूप संयुक्त राष्ट्र संघले अन्तर्राष्ट्रिय नियामक संरचनाको रूपमा उपभोक्ता संरक्षणसम्बन्धी दिग्दर्शन ९ अप्रिल १९८५ मा जारी गरी उपभोक्ताका अधिकारहरूको रूपमा वातावरणसम्बन्धी अधिकारको प्रत्याभूत गरेको छ। सोहीबमोजिम प्रत्येक सदस्य राष्ट्रले आफ्नो नीति र कानूनमा उपभोक्ताको हितलाई सर्वोपरी मानी नीति तथा कानूनको निर्माण र प्रवर्द्धन गर्न अभिप्रेरित गरेको छ। सञ्चारका विभिन्न माध्यमहरूबाट निकुञ्ज मासेर सडक बनाउने तयारी भन्ने समाचार प्रकाशित र प्रसारित भएपछि हामी निवेदक संस्थाले मिति २०६८।०९।२४ गतेका दिनमा विपक्षी नं. ३ सँग सोसँग सम्बन्धित कागजातहरू माग गर्दा हालसम्म कुनै लिखित जवाफ प्राप्त हुन आएको छैन। पर्सा जिल्लाबाट चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रबाट ठोरी हुँदै नवलपरासीको त्रिवेणी जोड्ने झण्डै ३० कि.मि. बाटो बनाउनको लागि र यसभन्दा अगाडि २०६८।०६९ मा ठोरीदेखि चितवनको माडी, जगतपुर, मेघौली, कोलवा, बहुवन हुँदै त्रिवेणी जोड्ने हुलाकी बाटोको नक्सा स्वीकृत भएको भन्ने खुल्न आएको छ। सो योजना रातो किताबमा समेत प्रकाशित भएको भन्ने समाचार प्रकाशित भएको छ। उक्त योजनालाई परिवर्तन गरी नजिक रासी नदीको किनारै किनार चितवन राष्ट्रिय निकुञ्ज बीचबाट सिधै त्रिवेणी निकाल्ने गरी हुलाकी बाटो बनाउन लागेकोले उक्त विपक्षीहरूको काम कारबाही नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १६, १७(३), ३५(४) (५) ३२ र १०७ (२), वातावरण संरक्षण ऐन, २०५३ को दफा ३, ४, ५, ७ ९, १०, १७, सन्धि ऐन, २०४९ को दफा ९, प्राकृतिक साँस्कृतिक एवम् पुरातात्विक विषयको महत्त्व राख्ने क्षेत्र, जैविक विविधता महासन्धि, १९९२, संकटापन्न जङ्गली वासस्थान तथा जीवजन्तुका प्रजातिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि (साईटीस), १९७३, विश्व साँस्कृतिक प्राकृतिक सम्पदा संरक्षण महासन्धि १९७२, फोहोर पदार्थहरू पानी, समुन्द्र प्रदूषण गर्ने कार्य नियन्त्रणसम्बन्धी महासन्धि, १९७२, जलपन्छीको बसोबास जस्ता अन्तर्राष्ट्रिय महत्त्वका सिमसारसम्बन्धी महासन्धि, १९७१, जलचर संरक्षण ऐन, २०१७ तथा राष्ट्रिय सिमसार नीति, २०५९ र सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित भएका विभिन्न सिद्धान्तहरू तथा कानूनी हक प्रचलनको लागि सार्वजनिक विवाद समावेश भएको संवैधानिक तथा कानूनी एवम्

वातावरणीय न्यायसँग सम्बन्धित प्रश्न समावेश भएको विषयमा सो प्रश्न र व्याख्या गर्ने सम्मानित अदालतको क्षेत्राधिकार भएकोले यो सार्वजनिक सरोकारको निवेदन लिई उपस्थित भएका छौं।

नेपालको पहिलो राष्ट्रिय निकुञ्ज चितवन राष्ट्रिय निकुञ्ज हो, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन विशेष ऐन हो। यस निकुञ्ज क्षेत्रभित्र ५० प्रकारका स्तनधारी जनवार, ५४० प्रजातिका चराहरू, ४९ प्रजातिका उभयचर तथा सरिसृप, १२० प्रजातिका माछा, ४८९ प्रजातिका रैथाने र घुमन्ते चरा, ५० प्रकारका घाँस, १६ प्रकारका सुनगाभा, १५० प्रजातिका पुतली, ८ प्रजातिका ठूला वृक्ष, ७३ प्रजातिका उनिउ, ६०० भन्दा बढी प्रजातिका वनस्पति, विश्वमा पाइने ५ प्रजातिका गैंडाहरूमध्ये विशाल एकसिंगे गैडा, पाटेबाघ, घडियाल गोही, गौर-सुसुमाछा (Gangatic Dolphin) खरायो, चित्तल, लगुना, रतुवा, भालु, चितुवा, रटेल, ढडुवा, जंगली कुकुर, निर बिरालो, रातो बाँदर, गौरी गाई, जंगली हात्ती, चौसिंगे, हुँडार, नोनीटल, लिज़ार्ड तथा अजिङ्गरसमेतका दुर्लभ वन्यजन्तुहरू पाइने हुँदा एसियाकै दोस्रो ठूलो राष्ट्रिय निकुञ्जको रूपमा विश्व सम्पदास्थलमा सूचीकृत भएको अवस्था छ। चितवन राष्ट्रिय निकुञ्ज र यसभित्र पर्ने सिमसार क्षेत्र चराचुरूङ्गी, वन्यजन्तु र जलचर प्राणीका लागि उपयुक्त वासस्थान हुँदा नेपाल आउने वाह्य पर्यटकमध्ये ६० प्रतिशत पर्यटकहरू यस निकुञ्जमा हाइकिङ र वातावरणीय अध्ययन, वातावरणीय तथा वैज्ञानिक अनुसन्धानका लागि आउँछन्। यस दृष्टिबाट समेत चितवन राष्ट्रिय निकुञ्ज महत्त्वपूर्ण क्षेत्र मानिन्छ।

वातावरणीय सन्धि, महासन्धि, नेपालको अन्तरिम संविधान, २०६३, वातावरणसम्बन्धी ऐन, नीति, नियमबमोजिम संरक्षण गर्नुपर्ने दायित्व विपक्षीहरूको हो। यस निकुञ्जमा दुर्लभ वन्यजन्तु तथा वनस्पति सबैले आ-आफ्नै वासस्थानमा फल्ने-फुल्ने मानिस जस्तै स्वतन्त्र रूपले बाँच्न पाउने, गर्भवती हुँदा वा बच्चा जन्मँदा अप्राकृतिक रूपले मारिनु पर्ने त्रासबाट सुरक्षित हुन, आफ्नो आमाको न्यानो माया, ममता र निर्वाधरूपमा दुध चुस्न पाउने, प्रजनन गर्न पाउने हरेक वन्यजन्तुको प्राकृतिक हक हुन्छ। विपक्षीहरूको क्रियाकलापबाट यी अधिकारमाथि असर पर्ने हुन्छ। स्थानीय उपभोक्तासमेतसँगको बिना राय सुझाव निकुञ्जभित्रबाट बाटो खोल्ने कार्य मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ र आर्थिक सामाजिक र साँस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि, १९६६ को प्रतिकूल हुन्छ। यसलाई उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ६ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन, २०२९ को दफा ४ र ५, वातावरण संरक्षण ऐन, २०५३ समेतले रोक लगाएको अवस्था छ। विपक्षीहरूले जैविक विविधताले भरिपूर्ण अति संवेदनशील राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा नै अति विशिष्ट महत्त्व राख्ने संरक्षण तथा सामरिक महत्त्वको क्षेत्रमा प्रतिकूल प्रभाव पार्ने गरी सञ्चालन गर्न खोजेको बाटो निर्माण गर्ने कार्यले वातावरण तथा जैविक विविधताको क्षेत्रमा नकारात्मक असर पर्नजाने कुरामा विवाद छैन। त्यसैले वातावरण संरक्षण गरी दिगो विकासको लक्ष्य प्राप्त गर्नुमा सरोकारको विषय बनिसकेको अवस्था छ।

यस विषयमा उपभोक्ता हित संरक्षण मञ्चको तर्फबाट सूचना माग गर्दा विपक्षी नं ३ बाट सूचना पाउने संवैधानिक हकबाट निवेदकसमेतलाई वञ्चित गरेको र वातावरण संरक्षण ऐन, २०५३ ले तोकेका बाध्यात्मक प्रक्रिया EIA र IEE समेतको कार्य नगरी विपक्षीहरूले कार्य गर्न खोजेको अवस्था छ। कानूनी प्रक्रिया अवलम्बन नगरी गरिएको कार्यले हाम्रो प्राकृतिक सम्पदाभित्रको थुप्रै प्राकृतिक स्रोतहरूको चोरी, शिकारीको वृद्धि भई हाम्रो अनुपम सम्पदाहरू नष्ट हुने र त्यस क्षेत्रलगायत विश्व वातावरणमा जलवायु परिवर्तनबाट गम्भीर असर पर्ने र सोबाट प्राणी र वनस्पतीबीचको आदिकालदेखिको अन्योन्याश्रित सम्बन्ध बिग्रने, नष्ट हुने र प्रकृति प्रदत्त स्थापित अन्तरसम्बन्ध पारिस्थितिक प्रणालीमा नै असर पार्ने निश्चित छ। तसर्थ उल्लिखित तथ्य, संवैधानिक तथा कानूनी हकबमोजिम विपक्षीहरूका नाममा संरक्षित सम्पदा तथा राष्ट्रिय निकुञ्जभित्रबाट निकुञ्जको प्रयोजनका लागिबाहेक अन्य कुनै बाटो निर्माण गर्ने कार्य तत्काल नगर्नु नगराउनु सोसँग सम्बन्धित कुनै सन्धि, सम्झौता भएको भए बदर गर्नु गराउनु भन्नेसमेत विपक्षीहरूको नाममा उत्प्रेषण, प्रतिषेध, परमादेशलगायत जो चाहिने उपयुक्त आदेश जारी गरिपाऊँ।

प्रस्तुत निवेदनको अन्तिम किनारा नलागेसम्म चितवन राष्ट्रिय निकुञ्जभित्र हाल कुनै बाटो, संरचना एवम् योजना, हुलाकी मार्गलगायतका कुनै बाटो, संरचनासम्बन्धी योजना र सम्झौता कार्यान्वयन नगर्नु नगराउनु भन्ने सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ (१) बमोजिम अन्तरिम आदेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको उपभोक्ता हित संरक्षण मञ्च नेपालको तर्फबाट अख्तियारप्राप्त केन्द्रीय सचिव अधिवक्ता रामचन्द्र सिम्खडासमेतको यस अदालतमा परेको निवेदन।

"यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेशप्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरूलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियमबमोजिम पेस गर्नू। साथै चितवन राष्ट्रिय निकुञ्जभित्रबाट ठोरीदेखि त्रिवेणीसम्म सडक बनाउने तयारी भइरहेको सञ्चार माध्यममा आएको र अहिलेसम्म नेपाल सरकारका सम्बद्ध निकायबाट खण्डन नभएको र तत्सम्बन्धी कागजात माग गर्दा पनि नपाएको भनी निवेदकहरूले सो कार्य विरूद्ध अन्तरिम आदेश जारी गरी पाउन माग गरेको पाइन्छ। सो मागतर्फ विचार गर्दा राष्ट्रिय निकुञ्जभित्रबाट बाटो नबनाई नहुने अवस्था रहेको, अन्य विकल्प नै नभएको, यसरी बाटो निर्माण गर्दा वातावरण, वन, वन्यजन्तु, पशुपंक्षी, जैविक विविधतासमेतमा प्रतिकूल प्रभाव नपर्ने तथ्य स्थापित नभई बाटो निर्माण हुन जाँदा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि, महासन्धि तथा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ४ र ५ समेतका दृष्टिकोणबाट समस्त राष्ट्र र समाजलाई अपूरणीय क्षति हुन जाने भएबाट यो रिट निवेदनको टुङ्गो नलागेसम्म सो बाटो नबनाउनु,

सो बाटोसम्बन्धी सम्पूर्ण काम कारबाही यथास्थितिमा राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ। यो आदेशको जानकारी विपक्षीहरूलाई दिनू। साथै प्रस्तुत निवेदन विकास निर्माणसम्बन्धी विषयवस्तुसँग सम्बन्धित हुँदा यसको शीघ्र टुङ्गो लाग्न उपयुक्त भएबाट प्रस्तुत रिट निवेदनलाई अग्राधिकारसमेत प्रदान गरिदिइएको छ। नियमानुसार गर्नू" भन्नेसमेत बेहोराको यस अदालतको मिति २०६८।०९।२७ को आदेश।

विपक्षी रिट निवेदकले यस मन्त्रालयको के कस्तो काम कारबाहीबाट विपक्षीलाई असर पुगेको हो सो कुराको जिकिर आफ्नो रिट निवेदनमा कहींकतै पनि उल्लेख नै नगरी असम्बन्धित यस मन्त्रालयसमेतलाई विपक्षी बनाई दिएको रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार अर्थ मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।

देशको आर्थिक, सामाजिक एवम् पूर्वाधार विकासको लागि सडक यातायात एक महत्त्वपूर्ण अवयव हो। सडक विभागले नियम कानून र निर्धारित प्रक्रियाअनुसार सडक निर्माण, मर्मत र व्यवस्थापनको काम गर्दै आइरहेको छ। सोहीअनुसार कुनै सडक निर्माण गर्नुपूर्व कुन स्थानबाट सडक निर्माण गर्न उपयुक्त हुन्छ भनी अध्ययन र सर्वेक्षण गरी वातावरणीय, प्राविधिक र आर्थिक दृष्टिकोणबाट गुणस्तर र लागतसमेतलाई मध्यनजर गरी सडकको alignment निर्धारण गरिन्छ तर रिट निवेदकले निवेदनमा उल्लेख गरेअनुसार चितवन राष्ट्रिय निकुञ्जभित्र हाल कुनै बाटो, संरचना वा हुलाकी मार्ग निर्माण गर्ने निर्णय यस विभागबाट भएको छैन। तसर्थ निवेदकहरूले अजमायसि आधार र अनुमानको भरमा दिएको रिट निवेदनबाट कुनै संवैधानिक र कानूनी हक अधिकार स्थापित हुने पनि देखिँदैन। अतः उपर्युक्त आधारमा विपक्षीको आधारहीन रिट निवेदन खारेजभागी हुँदा खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार, भौतिक योजना तथा निर्माण मन्त्रालय, सडक विभागको तर्फबाट पेस भएको लिखित जवाफ।

नेपाल सरकारको कार्य विभाजन नियमावली बमोजिम वातावरण सम्बन्धी कार्य यस मन्त्रालयको भएकोले वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ को कानूनी व्यवस्थाको अधीनमा रही कुनै पनि आयोजनाको निर्माण सञ्चालन गर्नुअघि वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत गर्ने प्रमुख जिम्मेवारी यस मन्त्रालयको भएबमोजिम निवेदकले उल्लेख गरेको सडकको सम्बन्धमा पनि वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी प्रारम्भिक कार्य भइरहेको छ। यसको अन्तिम अवस्थामा आउँदा वातावरणीय दृष्टिकोणले गम्भीर प्रभाव पर्ने देखिएमा विभिन्न विकल्पसहित सडक निर्माण गर्न वा उल्लिखित स्थानको सट्टा अन्य स्थानबाट सडक निर्माण गर्न सक्ने गरी वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत हुन सक्ने नै हुँदा हाल सो कार्य भई नसकेको अवस्थामा काल्पनिक तर्कको आधारमा यस मन्त्रालयबाट हुँदै नभएको कार्यको हकमा जिम्मेवार बनाउन खोज्दै झुठ्ठा तर्कको

आधारमा लिएका सम्पूर्ण दाबी जिकिरबाट फुर्सद पाउँ भन्नेसमेत बेहोराको वातावरण मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।

वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूची- ३ को खण्ड (अ) को उपखण्ड ३ बमोजिम राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, सिमसार र संरक्षण क्षेत्रमा कुनै प्रस्ताव कार्यान्वयन गर्नुपर्ने भएमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्दछ। यसको अतिरिक्त राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रभित्र वैकल्पिक इन्धनको रूपमा जलविद्युत् उत्पादन गर्नेलगायतका अन्य भौतिक पूर्वाधारहरूको निर्माण तथा सञ्चालन गर्न "संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरूको निर्माण एवम् सञ्चालनसम्बन्धी कार्यनीति, २०६५" को अधीनमा रही यस मन्त्रालयले सहमति, स्वीकृति दिने गर्दछ। कुनै निकायले राष्ट्रिय निकुञ्ज क्षेत्रभित्र जलविद्युत्लगायतका अन्य भौतिक पूर्वाधारहरू निर्माण र सञ्चालन गर्ने क्रममा भौतिक पूर्वाधारहरूको सम्भाव्यता अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्न यस मन्त्रालयको सहमति माग्ने र उक्त कार्यनीतिको अधीनमा रही मन्त्रालयले सहमति प्रदान गर्ने गर्दछ। तर पर्सा जिल्लाको ठोरीदेखि चितवन राष्ट्रिय निकुञ्ज हुँदै नवलपरासी जिल्लाको त्रिवेणीसम्म बाटो निर्माणको लागि कुनै पनि निकायले सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न यस मन्त्रालयसँग माग गरेको छैन। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ४ र ५ को अधीनमा रही चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रबाट बाटो निर्माणको सम्भाव्यता अध्ययनलगायत कुनै पनि कार्य गर्न अधिकारप्राप्त अधिकारीबाट कुनै संस्था वा व्यक्तिलाई अनुमति दिइएको छैन। उक्त बाटो निर्माणसम्बन्धी मन्त्रालयलाई कुनै जानकारी नभएको र मन्त्रालयले कुनै सहमति, स्वीकृति नदिएको हुँदा रिट निवेदकको मागदाबी आधारहीन छ, यस आधारमा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार वन तथा भू-संरक्षण मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।

पर्सा जिल्लाको ठोरीदेखि नवलपरासी जिल्लाको त्रिवेणीसम्मको बाटो बनाउने सम्बन्धमा कुनै पनि निकायबाट यस विभागमा कुनै पनि प्रकारको जानकारी प्राप्त भएको छैन र कुनै निकायलाई सहमति स्वीकृति दिइएको पनि छैन। तसर्थ निकुञ्ज मासेर सडक बनाउने तयारी भन्ने समाचारकै आधारमा मात्र यस विभागलाई समेत विपक्षी बनाई प्रस्तुत गरिएको रिट निवेदनमा सत्यता छैन। यस विभागअन्तर्गत रहेको चितवन राष्ट्रिय निकुञ्ज विश्व सम्पदा सूचीमा सूचीकृत संरक्षित क्षेत्र भएकोले यसमा हुने विकास निर्माणसँग सम्बन्धित कामको लागि युनेस्कोसँग परामर्श हुनुपर्ने, संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरू निर्माण एवम् सञ्चालनसम्बन्धी कार्यनीति, २०६५ बमोजिम वन तथा भू-संरक्षण मन्त्रालयबाट सहमति लिनुपर्ने र वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन हुनुपर्नेमा सोसमेत नभएको अवस्था रहेको साथै दुर्लभ वन्यजन्तुको प्रमुख वासस्थान एवम् जैविक विविधताको लागि हट स्पटको रूपमा रहेको चितवन राष्ट्रिय निकुञ्जभित्र त्यसरी

बाटो निर्माण हुन नहुने पक्षमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको समेत स्पष्ट धारणा रहेकोले प्रत्यर्थीले पर्साको ठोरीदेखि नवलपरासीको त्रिवेणीसम्मको बाटो निर्माण गर्न दिएको भनी यस विभागलाई लगाइएको आरोप निराधार छ। प्रस्तुत निवेदनमा उल्लिखित निकुञ्ज मासेर सडक बनाउने तयारी भन्ने सञ्चार माध्यममा प्रसारित समाचारको सम्बन्धमा यस विभागको स्पष्ट राय प्रतिक्रिया यथासमयमा नै अख्तियार दुरूपयोग अनुसन्धान आयोग र वन तथा भू-संरक्षण मन्त्रालयमा समेत प्रस्तुत गरिसकिएको हुँदा उल्लिखित च.नं. १४२१ मिति २०६८।९।२६ को पत्रको छायाँप्रतिसमेत संलग्न गरिएको छ, सोलगायत आकर्षित ऐन। नियमसमेतलाई प्रमाण लगाई पाउँ भन्नेसमेत बेहोराको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका तर्फबाट पेस भएको लिखित जवाफ।

देशको सामाजिक, आर्थिक तथा पूर्वाधार विकासको लागि सडक यातायातले गहन भूमिका खेलिरहेको हुन्छ। नेपाल सरकारले निरन्तर रूपमा सर्वसाधारण जनतालाई यातायातको सुविधा पुर्याई उनीहरूको सुख सुविधा एवम् आर्थिक हित कायम राख्न नेपाल सरकारले प्रचलित कानूनको अधीनमा रही गर्नुपर्ने सडक निर्माण, मर्मत सम्भारलगायतका यथार्थ काम कारबाहीलाई अन्यथा भयो भन्न मिल्ने होइन। स्थानीय जनताको माग र सुविधालाई दृष्टिगत गरी कुनै पनि सडक निर्माण गर्नुपूर्व प्राविधिक दृष्टिकोणले सडक निर्माण गर्न उपयुक्त हुने वा नहुने भन्ने कुरामा सम्भाव्यता अध्ययन, सर्वेक्षण, वातावरणीय प्रभावको मूल्याङ्कन र आर्थिक दृष्टिकोणबाट गुणस्तरीयता एवम् लागत अनुमानसमेतलाई मध्यनजर राखी सडकको रेखाङ्कन गरिन्छ। रिट निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेअनुसार चितवन राष्ट्रिय निकुञ्जभित्र हाल कुनै सडक निर्माण अन्य संरचना वा हुलाकी मार्ग निर्माण गर्ने निर्णय नगरिएको परिप्रेक्ष्यमा निवेदकले Hypothetical Basis मा अनुमानको भरमा दिएको निवेदनबाट कुनै संवैधानिक र कानूनी हक अधिकार स्थापित हुन सक्ने अवस्था विद्यमान देखिँदैन। तसर्थ रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्री हृदयेश त्रिपाठीको तर्फबाट पेस भएको लिखित जवाफ।

देशको सामाजिक, आर्थिक तथा पूर्वाधार विकासको लागि सडक यातायातले गहन भूमिका खेलिरहेको हुन्छ। नेपाल सरकारले निरन्तररूपमा सर्वसाधारण जनतालाई यातायातको सुविधा पुर्याई उनीहरूको सुख सुविधा एवम् आर्थिक हित कायम राख्न नेपाल सरकारले प्रचलित कानूनको अधीनमा रही गर्नुपर्ने सडक निर्माण, मर्मत सम्भारलगायतका यथार्थ काम कारबाहीलाई अन्यथा भयो भन्न मिल्ने होइन। स्थानीय जनताको माग र सुविधालाई दृष्टिगत गरी कुनैपनि सडक निर्माण गर्नुपूर्व प्राविधिक दृष्टिकोणले सडक निर्माण गर्न उपयुक्त हुने वा नहुने भन्ने कुरामा सम्भाव्यता अध्ययन, सर्वेक्षण, वातावरणीय प्रभावको मूल्याङ्कन र आर्थिक दृष्टिकोणबाट गुणस्तरीयता एवम् लागत अनुमानसमेतलाई मध्यनजर राखी सडकको रेखाङ्कन गरिन्छ। रिट निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेअनुसार चितवन राष्ट्रिय निकुञ्जभित्र हाल कुनै सडक निर्माण अन्य संरचना वा हुलाकी मार्ग निर्माण गर्ने निर्णय

नगरिएको परिप्रेक्ष्यमा निवेदकले Hypothetical Basis मा अनुमानको भरमा दिएको निवेदनबाट कुनै संवैधानिक र कानूनी हक अधिकार स्थापित हुन सक्ने अवस्था विद्यमान देखिँदैन। तसर्थ रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।

मूलतः राष्ट्रिय योजना आयोगको काम राष्ट्रिय विकासको सम्भावना र अवसरलाई अध्ययन गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन राष्ट्रिय योजनाको तर्जुमा, अनुगमन र मूल्याङ्कन गर्नेलगायतका भएको, तदनुरूप यस आयोगले वार्षिक रूपमा देशभरी सञ्चालन गरिने विभिन्न विकास कार्यक्रमको विवरण उल्लेख गरी प्रकाशन गर्ने गरेको, वार्षिक विकास कार्यक्रम (आ.व. २०६८।६९) को पुस्तिकाको पेज नं. ११९ र १२० मा निवेदकले रिट निवेदनमा उल्लेख गर्नुभएको सडक सम्बन्धमा त्रिभुवन राजपथ वीरगन्ज - ठोरी हुलाकी सडकको स्थिति आ.व. २०६८।६९ मा निर्माण कार्य चालू रहने उल्लेख गरिएको, जगतपुर - मेघौली - कोलुवा - बहुवन - चितवन नवलपरासीको स्थिति विस्तृत सर्वेक्षण तथा डिजाइन गरिने उल्लेख गरिएको तथा त्रिवेणी - बरूवा - नारायणचोक, परासी, नवलपरासीको स्थिति विस्तृत सर्वेक्षण तथा डिजाइन गरिने उल्लेख भएको छ। उक्त योजनालाई परिवर्तन गर्ने गरी कुनै निर्णय नगरिएको सन्दर्भमा निवेदकले अनुमानको भरमा दिएको प्रस्तुत रिट निवेदन खारेजभागी छ, खारेज गरिपाउँ भन्नेसमेत बेहोराको राष्ट्रिय योजना आयोगको सचिवालयको तर्फबाट पेस भएको लिखित जवाफ।

प्रस्तुत विवादको विषय राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको क्षेत्राधिकारअन्तर्गत पर्ने हुँदा विवादित विषयको सम्बन्धमा केही बोलिरहनुपर्ने अवस्था रहेन। सम्मानित अदालतको इजलाससमक्ष मुद्दा पेस हुँदा सरकारी वकिलको तर्फबाट प्रस्तुत हुने बहस पैरवी तथा प्रमाण कागजात र वन तथा भू-संरक्षण मन्त्रालयद्वारा पेस हुने लिखित जवाफलाई यसै लिखित जवाफको अभिन्न अङ्ग मानी पाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार वन विभागको तर्फबाट पेस भएको लिखित जवाफ।

प्रस्तुत रिट निवेदनमा उल्लिखित सडकको सम्बन्धमा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयसँग नै राय परामर्श नभएको यस कार्यालयले मिति २०६८।०९।२९ गतेको कान्तिपुर दैनिक पढेपछि मात्र उक्त कुराको जानकारी पाएको थियो। उक्त सडक निर्माणको कार्य नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालयसँग सम्बन्धित रहेको र यस निकुञ्जलाई सो निर्णयको बारेमा कुनै पनि प्रकारको जानकारी नरहेको। उक्त सडक निर्माणको सम्बन्धमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौंको च.नं. १७२२ मिति २०६८।१०।०९ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका च.नं. ११६२ मिति २०६८।१०।०६ को पत्रानुसार राष्ट्रिय योजना आयोग उर्जा वन तथा भू-संरक्षण मन्त्रालय तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशकसहितका पदाधिकारीहरूसँग

छलफलसमेत गरी उल्लिखित विषयका सम्बन्धमा कार्यालयलाई सोही बेहोराको पत्र लेखी पठाई सकिएको छ। साथै यस राष्ट्रिय निकुञ्ज पनि उक्त निर्णयसँग सहमति नभई हालसम्म यस निकुञ्जमा कुनै पनि प्रकारको प्रारम्भिक रेखाङ्कन डिजाइन लागत इस्टिमेटलगायत कार्यहरू स्थलगत रूपमा कार्यान्वयन गर्न नदिएको अवस्थामा यस निकुञ्जसमेतलाई विपक्षी बनाइएकोले प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, कसरासमेतको तर्फबाट परेको लिखित जवाफ।

विकास निर्माणसम्बन्धी कार्य गर्दा वातावरणीय पक्षलाई पर्न जाने प्रतिकूल असरप्रति नेपाल सरकार सदैव सचेत छ। नेपालको अन्तरिम संविधान, २०६३ तथा वातावरणसँग सम्बन्धित सन्धि, महासन्धि एवम् ऐन नियमावली एवम् नीतिबमोजिम वातावरणीय पक्षको संरक्षण गर्ने गराउने दायित्वसमेतलाई केन्द्रबिन्दुमा राखी नेपाल सरकारले तदनुरूप विकास निर्माण र वातावरणीय पक्षसमेतलाई समन्वयात्मक रूपमा अगाडि बढाउँदै आएको छ। चितवन राष्ट्रिय निकुञ्जभित्रबाट ठोरीदेखि त्रिवेणीसम्म सडक बनाउने तयारी भइरहेको भन्ने विषयलाई लिएर विपक्षीले सम्मानित अदालतमा दायर गर्नुभएको रिट निवेदनप्रति यस मन्त्रालयको ध्यानाकर्षण भएको छ। उक्त क्षेत्रमा सडक निर्माण गर्ने गरी नेपाल सरकारले कुनै निर्णय गरी सकेको अवस्था छैन। जनतालाई सहज, सरल र सुलभ रूपमा यातायात सेवा उपलब्ध गराई लोक कल्याणकारी राज्यको भूमिकालाई विस्तार गर्न नेपाल सरकारले आवश्यक ठानी उक्त क्षेत्रमा सडक बनाउन आवश्यक पर्न गएको महसुस गरेको अवस्थामा वातावरण संरक्षण ऐन, २०५३ ले तोकेबमोजिम EIA, IEE सम्पन्न गरी सडक निर्माण कार्यबाट वातावरणीय पक्षलाई प्रतिकूल असर पर्न नजाने अवस्था भए मात्र सडक निर्माणको कार्य अघि बढ्ने हुन्छ। राष्ट्रिय निकुञ्जभित्रबाट बाटो नबनाई नहुने अवस्था रहेको, अन्य विकल्प नभएको, यसरी बाटो निर्माण गर्दा वातावरण, वन, वन्यजन्तु, पशुपन्छी, जैविक विविधतासमेतमा प्रतिकूल प्रभाव नपर्ने तथ्य स्थापित गरेर मात्र उक्त क्षेत्रमा बाटो निर्माण कार्य अगाडि बढाइने हुँदा विकास निर्माणको प्रारम्भिक कार्यसमेत सुरू नभएको अवस्थामा विपक्षी रिट निवेदकले काल्पनिक आधार लिई विकास निर्माणको सम्भाव्यताको अध्ययनसमेतलाई रोक्ने दूषित मनसाय राखी सम्मानित अदालतसमक्ष दायर गरेको रिट निवेदन सरासर आधारहीन, कपोकल्पित एवम् दुराशयपूर्ण छ। नेपाल सरकारले वातावरणीय पक्षमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै निर्णय गरेको अवस्था विद्यमान नरहेको, सडक निर्माणसम्बन्धी कार्य गर्नु परेको व्यवस्थामा प्रचलित कानूनबमोजिमको रीत पुर्याई EIA र IEE समेतको अध्ययन गर्नुपर्ने विषयमा नेपाल सरकार सचेत रहेको र वातावरणसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौता, महासन्धि, ऐन नियम तथा नीतिबाट निर्दिष्ट गरिएको मार्गदर्शनहरू प्रति नेपाल सरकार पूर्ण रूपमा कटिबद्ध रहेको हुँदा भविष्यमा विकास निर्माणको सम्भाव्यताको खोजीलाई समेत रोक्ने मनसायले विपक्षीले दायर गर्नु भएको रिट निवेदनको आधारमा मिति २०६८।०९।२७ मा सम्मानित अदालतको एक न्यायाधीशको इजलासबाट चितवन राष्ट्रिय

निकुञ्जभित्र ठोरीदेखि त्रिवेणीसम्मको सडक बाटो नबनाउनु सो बाटोसम्बन्धी सम्पूर्ण कामकारबाही यथास्थितिमा राख्नु भनी जारी भएको अन्तरिम आदेश खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालयको तर्फबाट पेस भएको मिति २०६८।११।३० को निवेदन-पत्र।

चितवन राष्ट्रिय निकुञ्जभित्रबाट ठोरीदेखि त्रिवेणीसम्म सडक बनाउने तयारी भइरहेको भन्ने विषयलाई लिएर विपक्षीले सम्मानित अदालतमा दायर गर्नुभएको रिट निवेदनप्रति यस मन्त्रालयको ध्यानाकर्षण भएको छ। उक्त क्षेत्रमा सडक निर्माण गर्ने गरी नेपाल सरकारले कुनै निर्णय गरी सकेको अवस्था छैन। जनतालाई सहज, सरल र सुलभ रूपमा यातायात सेवा उपलब्ध गराई लोक कल्याणकारी राज्यको भूमिकालाई विस्तार गर्न नेपाल सरकारले आवश्यक ठानी उक्त क्षेत्रमा सडक बनाउन आवश्यक पर्न गएको महसुस गरेको अवस्थामा वातावरण संरक्षण ऐन, २०५३ ले तोकेबमोजिम EIA, IEE सम्पन्न गरी सडक निर्माण कार्यबाट वातावरणीय पक्षलाई प्रतिकूल असर पर्न नजाने अवस्था भए मात्र सडक निर्माणको कार्य अघि बढ्ने हुन्छ। नेपाल सरकारले वातावरणीय पक्षमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै निर्णय गरेको अवस्था विद्यमान नरहेको, सडक निर्माणसम्बन्धी कार्य गर्नुपरेको व्यवस्थामा प्रचलित कानूनबमोजिमको रीत पुर्याई EIA र IEE समेतको अध्ययन गर्नु पर्ने विषयमा नेपाल सरकार सचेत रहेको र वातावरणसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौता, महासन्धि, ऐन नियम तथा नीतिबाट निर्दिष्ट गरिएको मार्गदर्शनहरू प्रति नेपाल सरकार पूर्ण रूपमा कटिबद्ध रहेको हुँदा भविष्यमा विकास निर्माणको सम्भाव्यताको खोजीलाई समेत रोक्ने मनसायले विपक्षीले दायर गर्नु भएको रिट निवेदनको आधारमा मिति २०६८।०९।२७ मा सम्मानित अदालतको एक न्यायाधीशको इजलासबाट चितवन राष्ट्रिय निकुञ्जभित्र ठोरीदेखि त्रिवेणीसम्मको सडक बाटो नबनाउनु सो बाटोसम्बन्धी सम्पूर्ण कामकारबाही यथास्थितिमा राख्नु भनी जारी भएको अन्तरिम आदेश खारेज गरिपाउँ भन्नेसमेत बेहोराको नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालयको मन्त्री हृदयेश त्रिपाठीले पेस गर्नुभएको मिति २०६८।११।३० को निवेदन-पत्र।

उल्लिखित अन्तरिम आदेश खारेज गरिपाउँ भन्ने बेहोराको २०६८-FN-०२६४ र FN-०२६५ को निवेदन इजलाससमक्ष पेस हुँदा "यसमा यस अदालतको एक न्यायाधीशको इजलासबाट जारी भएको अन्तरिम आदेश रद्द हुने नहुने सम्बन्धमा छलफल गर्न आजको तारेख तोकी पेस भएको प्रस्तुत रिट निवेदनसमेत अध्ययन गरी निवेदक लिखित जवाफकर्ताको तर्फबाट विद्वान् सहन्यायाधिवक्ता युवराज सुवेदी र विपक्षी रिट निवेदकको तर्फबाट विद्वान् अधिवक्ताहरू रामचन्द्र सिम्खडा एवम् धनन्जय खनालले गर्नुभएको बहससमेत सुनियो। यसमा निवेदन लेख तथा कानून व्यवसायीको बहससमेतबाट चितवन राष्ट्रिय निकुञ्जभित्रबाट बाटो बनाउने योजना, तयारी वा निर्णय भएको भन्ने नदेखिएको तर पत्रिकामा प्रकाशित समाचार मात्रको आधारमा प्रस्तुत रिट परेको देखिँदा त्यस्तो बाटो निर्माण गर्ने

निर्णय भएमा सोही बखत कानूनबमोजिम उपचार लिन सकिने अवस्था विद्यमान रहेकोले प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन भएमा सोही कुराले कसैलाई अपूरणीय क्षति पुग्ने वा सुविधा सन्तुलनको दृष्टिले मर्का पर्न सक्ने अवस्था नदेखिएकोले यस अदालतको एक न्यायाधीशको इजलासबाट मिति २०६८।०९।२७ मा जारी भएको अन्तरिम आदेशलाई रद्द गरिदिएको छ, नियमानुसार गरी पेस गर्नु" भन्नेसमेत बेहोराको यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।०१।१३ मा भएको आदेश।

यसमा पर्सा जिल्लाबाट चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रबाट ठोरी हुँदै नवलपरासी जिल्लाको त्रिवेणी जोड्नेसमेतका हुलाकी राजमार्गहरू निर्माण गर्दा EIA नगरी राजमार्ग निर्माण गर्न लागेको भन्ने निवेदन जिकिर रहेकोमा भौतिक योजना तथा निर्माण मन्त्रालयसमेतका विपक्षीहरूले पेस गरेका लिखित जवाफहरूमा निवेदनमा उल्लेख भएबमोजिम हुलाकी राजमार्गहरू निर्माण गर्नेसम्बन्धी कुनै निर्णय एवम् कार्य नभएको भनी उल्लेख भएको र निवेदकको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूले उक्त लिखित जवाफहरू पेस भएपश्चात् नेपाल सरकार (मन्त्रीस्तरीय) को मिति २०७०।०८।२० को निर्णयानुसार भैतिक पूर्वाधार तथा यातायात मन्त्रालय (गुणस्तर तथा वैदेशिक सहयोग महाशाखा) ले वन तथा भू-संरक्षण मन्त्रालयलाई निर्माण सामग्री उपलब्ध गराउने सम्बन्धमा मिति २०७०।०८।२४ (पत्र संख्या वै.स.६।०७०।७१, च.नं. (११५) मा लेखेको पत्रको छायाँकपी बहसको क्रममा इजलाससमक्ष पेस गरेकोले उक्त निर्णय एवम् पत्राचार के कुन प्रयोजनको लागि भएको हो, सम्बन्धित विपक्षीहरूलाई सोसम्बन्धी भएका सम्पूर्ण निर्णय फाइल, पत्र एवम् लिखित जवाफ पेस गर्नु भनी लेखी पठाई प्राप्त भएपछि नियमानुसार गरी पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतबाट मिति २०७१।०७।२० मा भएको आदेश।

नियमबमोजिम आजको दैनिक पेसीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा स्वयं निवेदक अधिवक्ताहरू श्री रामचन्द्र सिम्खडा, श्री धनञ्जय खनाल र श्री अच्युतराज बुढाथोकीले कान्तिपुरको समाचारबाट निकुञ्जको क्षेत्र मिचिएर हुलाकी सडक बनाउन लागेको भन्ने सूचना प्राप्त भएको, त्यसपछि सम्बन्धित मन्त्रालय र निकायमा गई सो सम्बन्धमा आवश्यक सूचना माग गर्दा कुनै सूचना प्राप्त नभएको, चितवन राष्ट्रिय निकुञ्ज राष्ट्रिय सम्पदाको विषय भएकाले हामी सचेत नागरिकका हैसियतले वातावरण संरक्षण ऐन, २०५३ को दफा २ (क), (ग), (छ), (ञ), (ट) तथा दफा ३ बमोजिम EIA नगरी सडक निर्माणको कार्य गर्न नपाइने भएको हुँदा उक्त कार्यलाई रोक्नको लागि प्रस्तुत रिट निवेदन दिनु परेको हो। EIA नगरिकन गरिएका धेरै कार्यलाई सम्मानित अदालतको आदेशबाट बदर भएका छन्। जैविक विविधतालाई जोगाउनको लागि हामीबाट यो कदम चालिएको हो। अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरूमा राष्ट्रले प्रतिबद्धता जनाएको विषयमा राज्य स्वयंले नै उल्लङ्घन गर्ने कार्य गरेको छ। निकुञ्जको महानिर्देशकले मिति २०७१।०४।२८ मा वन तथा भू-संरक्षण

मन्त्रालयमा लेखेको पत्र, निकुञ्जको महानिर्देशकले निकुञ्जलाई दिएको निर्देशन, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ४ र ५ ले निषेध गरेका कुरासमेतका आधारमा प्रस्तुत मुद्दामा रिट आदेश जारी हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

रिट निवेदककै तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ता श्री ज्योति बानिया, विद्वान् अधिवक्ताहरू श्री रामकुमार आचार्य, श्री भुवनप्रसाद वाग्ले र श्री गणेश दाहालले संसद् राज्य व्यवस्था समितिको मिति २०६८।०९।२४ को निर्णयबमोजिम EIA को अनुमति पाई नसकेकै अवस्थामा वीरगन्ज - ठोरी, ठोरी - माडी, जगतपुर, मेगौली हुँदै कोलुवा, बहुवन र त्रिवेणीलाई हुलाकी सडक बनाउने गरी रातो किताबमा पारी आ.व. ०६८।०६९ को बजेटमा रकमसमेत छुट्याउने काम भएको छ। संरक्षित सम्पदा र राष्ट्रिय निकुञ्जबाट बाटो बनाउन रोकिनुपर्छ। अगस्ट २०१७ मा नेपाल सरकारले सडक निर्माण सम्बन्धमा अनुमति माग गरेकोमा अक्टोबर २४, २०१८ को World Heritage Committee ले नेपाल सरकारलाई लेखेको पत्र र राष्ट्रिय निकुञ्ज विभागले चितवन राष्ट्रिय निकुञ्जलाई च.नं.१३३५ मिति २०७०।०९।२४ मा लेखेको पत्रसमेतको आधारमा निकुञ्जको सम्पदा नोक्सान वा प्रभावित हुने गरी कुनै कार्य गरिनु हुँदैन। नेपाल सरकारको मिति २०७५।१०।१७ को निर्णयले प्रस्तुत रिट निवेदनमा सम्मानित अदालतलाई समेत भ्रममा पार्न खोजिएको छ। साथै ठोरी-माडी-भरतपुर सडकको EIA पारित गरेको जानकारी राष्ट्रिय निकुञ्ज विभाग र चितवन राष्ट्रिय निकुञ्जलाई समेत दिएको देखिँदैन। निकुञ्जको संरक्षण प्रकृतिको अधिकार संरक्षणको विषयसमेत भएकाले निकुञ्जभित्रबाट प्रस्तावित मार्ग हुँदै हुलाकी सडक लैजान उचित हुँदैन। तसर्थ निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको तर्फबाट उपस्थित हुनुभएका महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता श्री युवराज महतले नेपाल सरकारले वीरगन्जको ठोरी - माडी हुँदै भरतपुरसम्मको सहज हुलाकी सडक आयोजनाले निर्माण गर्ने सम्बन्धमा गरिएको EIA लाई मिति २०७५।१०।१७ को निर्णयबाट पारित गरेको अवस्था छ। वातावरणीय प्रभाव मूल्याङ्कन नगरी सरकारले उक्त स्थानमा सडक निर्माण गर्ने कार्य गरेको होइन। निकुञ्जको वातावरणमा असर नपार्ने कुरामा सरकार कटिबद्ध छ। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी बहस गर्नुभयो।

मिसिल कागज अध्ययन गरी निवेदक स्वयं, रिट निवेदककै तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरू तथा विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताले प्रस्तुत गर्नुभएको बहससमेत सुनी निर्णयतर्फ विचार गर्दा प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नहरूको निरूपण हुनुपर्ने देखियो।

१. प्रस्तुत विवादमा सार्वजनिक हक र सरोकारको संविधानद्वारा प्रदत्त क्षेत्राधिकार आकर्षित हुने अवस्था छ वा छैन।
२. चितवन राष्ट्रिय निकुञ्जको प्राकृतिक एवम् जैविक सम्पदा तथा वातावरण संरक्षणको दृष्टिबाट के महत्त्व रहेको छ ?
३. चितवन राष्ट्रिय निकुञ्जको जैविक सम्पदा र वातावरण संरक्षणमा उठेका चुनौतीहरू के के हुन् ? यी चुनौतीहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय चुनौतीको सन्दर्भमा कसरी हेरिनुपर्छ ?
४. सडक निर्माणको कारण चितवन राष्ट्रिय निकुञ्जले विगतमा के कस्तो चुनौती बेहोर्नु परेको थियो, अहिलेको चुनौती के हो ?
५. प्रस्तावित ठोरी - माडी - भरतपुर सडक निर्माण सम्बन्धमा गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले संरक्षणका चुनौतीहरूलाई सम्बोधन गर्न सकेको छ वा छैन। यो प्रतिवेदन स्वीकारयोग्य छ वा छैन।
६. निवेदकको माग बमोजिमको रिट जारी हुनुपर्ने हो वा होइन।

२. सर्वप्रथम पहिलो प्रश्नतर्फ हेर्दा प्रस्तुत रिट निवेदन नेपालको अन्तरिम संविधानको धारा १०७ को उपधारा (२) अन्तर्गत सार्वजनिक हक र सरोकारको विवाद भन्दै यस अदालतमा दर्ता गरिएको देखिन्छ। यो क्षेत्राधिकार सर्वप्रथम नेपाल अधिराज्यको संविधान, २०४७ अन्तर्गत यस अदालतलाई प्रदान गरिएको र त्यसपछि जारी भएको नेपालको अन्तरिम संविधान, २०६३ र वर्तमान संविधानमा समेत कायम रहेको क्षेत्राधिकार हो। यो क्षेत्राधिकारको बारेमा यस अदालतले पटक-पटक आफ्नो धारणा व्यक्त गरी सिद्धान्तहरू कायम गरेको छ। ती सिद्धान्तहरूको पुनः उल्लेखन यहाँ जरूरी देखिँदैन। तर सार्वजनिक हक वा सरोकारको विवादमा राधेश्याम अधिकारीको रिट निवेदनमा व्यक्त "खास व्यक्ति वा व्यक्तिहरूको हक वा सरोकारमा मात्र सीमित विवाद नभएर सर्वसाधारण जनता वा अर्थपूर्ण सम्बन्ध वा तात्विक सरोकार रहेको हुनुपर्ने" भन्ने धारणा विशेष रूपले महत्त्वपूर्ण छन्। राधेश्याम अधिकारीको रिट निवेदनमा भएको फैसला पछि गरिएका कैयौं फैसलाहरूमा यी कुराहरूको पुनः उल्लेखन गर्दै यस अदालतले सार्वजनिक सरोकारको विवादमा यो क्षेत्राधिकारको उदारतापूर्वक प्रयोग गरेको छ। तर सो गर्दा "सार्वजनिक सरोकार" र "अर्थपूर्ण सम्बन्ध" सम्बन्धी अवधारणागत मूल मान्यताहरू भने यथावत कायम नै रहेको देखिन्छ।

३. रिट निवेदनमा चितवन राष्ट्रिय निकुञ्जको संरक्षणसँग सम्बन्धित प्रश्न उठाइएको छ। मुख्यरूपमा चितवन राष्ट्रिय निकुञ्ज नेपालको सबभन्दा जेठो मात्र नभई विश्व सम्पदा सूचीमा परेको राष्ट्रिय निकुञ्ज हो। रिट निवेदनमा यो निकुञ्जको जैविक विविधताको संरक्षण र यसले पर्यापर्यटनमा पारेको सकारात्मक प्रभावसमेतको एउटा तस्वीर प्रस्तुत गर्दै यो निकुञ्जको क्षेत्रभित्रबाट पर्ने गरी निकुञ्जलाई

खण्डीकरण हुने गरी सडकसमेत निर्माण गर्न लागिएको कुरा प्रकाशित भएपछि आफूहरू यसबारे सूचना माग्न सम्बन्धित निकायमा गएको र पाउन नसकेपछि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन, २०२९, वातावरण ऐन, २०५३ र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धिहरूसमेतको विपरीत हुने गरी कुनै सडक बन्नु हुँदैन र निकुञ्जको सम्पदा नोक्सान हुने गरी गरिन लागेका कार्यहरू रोकिनुपर्छ भन्नेसमेत माग लिई सार्वजनिक महत्त्वको प्रश्न समावेश भएको भनी यस अदालतमा प्रवेश गरेको देखियो।

४. निवेदकहरू उपभोक्ता हक हितको संरक्षणमा लागेका र जनहित संरक्षणमञ्चसँग सम्बन्धित व्यक्तिहरू देखिनुहुन्छ। वातावरण संरक्षणको विषयलाई लिएर निवेदक तथा बहसमा संलग्न अधिवक्ताहरूमध्ये धनन्जय खनालले बीसहजारी तालको संरक्षण त्यसैगरी बहसमा संलग्न अधिवक्ताहरूमध्ये रामकुमार आचार्यले बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रबाट पर्ने गरी वातावरणीय प्रभाव मूल्याङ्कन नगरी बाटो निर्माण गर्न लागिएको विषयलाई लिएर यसअघि पनि यस अदालतमा निवेदनहरू दर्ता र पैरवी गर्नुभएको छ। चितवन राष्ट्रिय निकुञ्जको संरक्षणको विषयवस्तु आम नेपालीहरूको जीवनसँग जोडिएको अत्यन्त महत्त्वपूर्ण सम्पदा संरक्षणको विषय हुँदा सार्वजनिक हक र सरोकारको विषय देखियो। साथै निवेदकहरू पेसा, लगाव र अनुभवसमेतबाट प्रस्तुत विषयको संवेदनशीलताबारे चिन्तित भई निजहरूले यस विषयमा के भएको छ भन्नेबारे सम्बन्धित निकायमा सूचना माग्न गएको र सो नपाएपछि अदालतलाई सुसूचित गर्ने कर्तव्य निर्वाह गरेको देखिँदा निवेदकहरूको यस विषयमा सार्थक सम्बन्ध रहेकोसमेत देखियो। तसर्थ प्रस्तुत विषयमा नेपालको अन्तरिम संविधानको धारा १०७ (२) र वर्तमान संविधानको धारा १३३ (२) र (३) यस अदालतको क्षेत्राधिकार आकर्षित हुने नै देखियो।

५. अब चितवन राष्ट्रिय निकुञ्जको प्राकृतिक एवम् जैविक सम्पदा तथा वातावरण संरक्षणको दृष्टिबाट महत्त्व के रहेको छ भन्ने दोस्रो प्रश्नबारे विचार गरौं। निवेदकहरूले निकुञ्ज क्षेत्रभित्र पाइने स्तनधारी जनावर, रैथाने तथा घुमन्ते चराहरू, उभयचर, माछा तथा वनस्पति, विश्वमा पाइने ५ प्रजातिका गैंडाहरूमध्ये विशाल एकसिंगे गैडा, पाटेबाघ, घडियाल गोही, अजिङ्गर, सरिसृप, गौर, सुसुमाछा डल्फिन, खरायो, चित्तल, लगुना, रतुवा, भालु, चितुवा, रटेल, ढडुवा, जंगली कुकुर, निर बिरालो, रातो बाँदर, गौरी गाई, जंगली हात्ती, चौसिंगे, हुँडार, नोनीटल, लिजार्ड तथा अजिङ्गरसमेतका दुर्लभ वन्यजन्तुहरू पाइने कुरा उल्लेख गर्नुभएको छ। चितवन राष्ट्रिय निकुञ्ज र यसभित्र पर्ने सिमसार क्षेत्र चराचुरुङ्गी, वन्यजन्तु र जलचर प्राणीका लागि उपयुक्त वासस्थान हुँदा नेपाल आउने वाह्य पर्यटकमध्ये ६० प्रतिशत पर्यटकहरू यस निकुञ्जमा हाङकिङ र वातावरणीय अध्ययन तथा वैज्ञानिक अनुसन्धानका लागि आउँछन् भन्ने पनि निवेदनमा उल्लेख छ। यी कुराहरू

सही छन्। सरकारी तथा अन्य दस्ताबेजहरूले पनि यी कुराहरूलाई पुष्टि गर्दै जैविक विविधताको दृष्टिबाट चितवन राष्ट्रिय निकुञ्ज महत्त्वपूर्ण रहेको कुरा उल्लेख गरेका छन्। उदाहरणको लागि चितवन राष्ट्रिय निकुञ्जको वार्षिक प्रतिवेदन २०७४।७५ हेर्दा जैविक विविधता संरक्षणको दृष्टिकोणले चितबन राष्ट्रिय निकुञ्ज विश्वमा नेपालको गौरवको रूपमा रहेको कुरा उल्लेख गर्दै यो निकुञ्ज नेपालमा पाइने वन्यजन्तुको विविधतालाई यसरी प्रस्तुत गरिएको छः-

चितवन राष्ट्रिय निकुञ्जमा पाइने वन्यजन्तुको विविधता

प्रजाति	नेपालमा पाइने	निकुञ्जमा पाइने संख्या	प्रतिशत	कैफियत
स्तनधारी	२०८	७०	३४	
पंक्षी	८८६	५७६	६३	
घस्रने	१२३			
उभयचर	११७	५५	४७	
माछा	२३०	१२०	६५	

स्रोतः चितवन राष्ट्रिय निकुञ्ज वार्षिक प्रतिवेदन २०७४।७५

६. मध्य नेपालको तराई, चुरिया र भित्री मधेस क्षेत्रमा अवस्थित र रासी, नारायणी र रिउ जस्ता नदीहरूको प्रवाह र प्रशवण क्षेत्र एवम् पानी ढलोमा १७४५ वर्ग कि.मि. (अर्थात् ९५२.६३ वर्ग कि.मि. निकुञ्ज क्षेत्र र ७९२.३७ वर्ग कि.मि. मध्यवर्ती क्षेत्र) मा फैलिएको चितवन राष्ट्रिय निकुञ्जलाई "अनुपम भौगोलिक बनावट तथा अद्वितीय जैविक विविधताले भरिपूर्ण" निकुञ्ज भनी उक्त वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ। चितवन, पूर्वी नवलपरासी, मकवानपुर र पर्सा जिल्लामा फैलिएको यो निकुञ्जमा नदी तटीय वन, उष्ण र उपोष्ण प्रकृतिको वनहरू रहेका छन्। निकुञ्जको प्राकृतिक स्वरूप हेर्दा वन ८४.६%, घाँसे मैदान ४.७%, बुट्यान ०.५% र अन्य १०.३% र वनमध्ये पनि ७० प्रतिशत वन बहुमूल्य साल प्रजातिको रहेको भन्ने छ। निकुञ्जको अवस्थिति, प्राकृतिक सुन्दरता, पारिस्थितिक प्रणाली र संकटापन्न वन्यजन्तु र वनस्पतिको संरक्षणमा यसले खेलेको भूमिकासमेतको आधारमा यो निकुञ्ज २०४१ (सन १९८४) सालमा नै विश्व सम्पदा सूचीमा सर्वोकृष्ट विश्वव्यापी मूल्य (Outstanding Universal Value - OUV) भएको प्राकृतिक सम्पदाको रूपमा दर्ता भएको देखिन्छ। संकटापन्न तथा जोखिममा परेका वन्यजन्तु र वनस्पतिको वासस्थान रहेको एवम् स्पष्ट सीमा तोकिएका एवम् विज्ञान वा संरक्षणको दृष्टिबाट विश्वव्यापी महत्त्व रहेका भौगर्भिक र प्राकृतिक क्षेत्रहरू मात्र "प्राकृतिक सम्पदा" को रूपमा

युनेस्कोद्वारा सूचीकृत गरिने हुँदा निकुञ्जको वैशिष्ठता यहाँ विशेष स्मरणीय छ। निकुञ्ज मात्र होइन निकुञ्जको मध्यवर्ती क्षेत्रमा अवस्थित बीसहजारी ताल तथा वरपरका तालहरू रहेको ३२ वर्ग कि.मि. क्षेत्रलाई पनि वि.सं.२०६० (सन् २००३) मा अन्तर्राष्ट्रिय महत्त्वको सिमसार क्षेत्रमा सूचीकृत गरिएको, त्यसैगरी निकुञ्ज र मध्यवर्ती क्षेत्रमा पर्ने बरण्डभार क्षेत्रलाई महत्त्वपूर्ण चराहरूको क्षेत्र (Important Bird and Biodiversity Area - IBA) मा राखिएको छ। निकुञ्जले बाघको संरक्षणमा खेलेको भूमिकाको सन्दर्भमा सन् २०१५ को फ्रेब्रुअरी ६ देखि सन् २०१८ को फेब्रुअरी ५ सम्म यो क्षेत्रले (Conservation Assured Tiger Standard - CATS) को उपाधि प्राप्त गर्ने पहिलो क्षेत्रको रूपमा मान्यता पाएको कुरा पनि उक्त प्रतिवेदनमा उल्लेख छ। घडियाल गोहीको स्वस्थानीय (In-situ) र परस्थानीय (Ex-situ) प्रजनन, अनुगमन र संरक्षणमा निकुञ्जले महत्त्वपूर्ण उपलब्धि हासिल गरेको कुरा आम जानकारीमा रहेको छ। त्यसैगरी गिद्धको संरक्षण र प्रजनन्, कछुवा ठोटरीको संरक्षण, हात्ती प्रजनन र संरक्षणमा पनि निकुञ्जले महत्त्वपूर्ण कार्य गरिरहेको छ। निकुञ्जबाट संरक्षित जंगली जनावरहरू अन्यत्र स्थानान्तरण गर्ने र अन्यत्रबाट यसमा सार्ने कार्य पनि हाल भइरहेका छन्। निकुञ्ज क्षेत्रलाई अन्नपूर्ण क्षेत्रसँग जोड्ने वरन्डभार क्षेत्रलाई बाघ संरक्षणमा केन्द्रित महत्त्वपूर्ण जैविक मार्गको रूपमा विकसित गर्न खोजिएकोसमेत पाइएको छ। यो निकुञ्जको दक्षिणी साँध भारत रहेको छ भने निकुञ्जको दक्षिणमा सीमापारि भारततर्फ बाल्मिकी राष्ट्रिय निकुञ्ज रहेको छ भने पूर्वमा नेपालभित्र यससँग पर्सा वन्यजन्तु निकुञ्ज जोडिन्छ। चितवन राष्ट्रिय निकुञ्ज नेपाल र भारतको सीमावर्ती जैविक विविधताको संरक्षणसँग जोडिएको Terai Arc Landscape (TAL) को पनि एउटा अङ्ग रहेको कुराले पनि यो निकुञ्जको क्षेत्रीय महत्त्वलाई उजागर गर्दछ। पर्यापर्यटनको दृष्टिले पनि चितवन राष्ट्रिय निकुञ्ज महत्त्वपूर्ण रहेको छ। मध्यवर्ती क्षेत्रको अवधारणा विकास गरी स्थानीय जनतालाई पर्यापर्यटनमा संलग्न गराई निकुञ्ज र जनताबीचको द्वन्द्व कम गराउने तथा स्थानीय जनतामा आय आर्जनका अवसरहरू सिर्जना गराउनेमा चितवन राष्ट्रिय निकुञ्ज अग्रणी मानिन्छ। निकुञ्जलाई नेपालको तेस्रो ठूलो पर्यटकीय गन्तव्य हो भनी निकुञ्जको प्रतिवेदनमा चित्रण गरिएको छ भने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागद्वारा प्रकाशित तथ्याङ्कअनुसार निकुञ्जभित्रको क्षेत्रमा घुम्ने पर्यटकको संख्या आर्थिक वर्ष २०७३।७४ मा १,५२,६७१ रहेकोमा २०७४।७५ मा यो संख्या अझ वृद्धि भएको उल्लेख छ। मध्यवर्ती क्षेत्र घुमेर र सौराहाका होटलहरूमा वा रासी तीरमा घुमेर फर्कने पर्यटकहरू त्यसैगरी नारायणी पश्चिम घुम्ने पर्यटकहरू जोड्यो भने यो संख्या कैयौं गुणा बढ्छ। यसरी हेर्दा संक्षेपमा चितवन राष्ट्रिय निकुञ्जको जैविक सम्पदा र प्राकृतिक वातावरण संरक्षण, पर्यापर्यटन र राष्ट्रिय आय वृद्धिमा समेत अतुलनीय योगदान रहेको छ। निकुञ्जको स्थापनाको समय अर्थात् वि.सं. २०३० सालमा जे कुरालाई महत्त्व दिएर स्थापना गरिएको

थियो सो कुराहरूको महत्त्व त छँदैछ, वर्तमान अवस्थामा प्राकृतिक सम्पदा, जैविक विविधता र वातावरण संरक्षणको सन्दर्भमा थपिएका चुनौतीको सन्दर्भमा यसको महत्त्व अरू बढेको छ।

७. चितवन राष्ट्रिय निकुञ्जको महत्त्वबारे यतिकुरा उल्लेख गरेपछि अब जैविक सम्पदा र वातावरण संरक्षणका चुनौतीहरू के के हुन्; यी चुनौतीहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय चुनौतीको सन्दर्भमा कसरी हेरिनुपर्छ भन्नेबारे चर्चा गरौः यी चुनौतीहरूलाई प्रत्यक्ष र परोक्ष गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ। प्रत्यक्ष चुनौतीभित्र चोरी सिकार, डढेलो, वनजङ्गलको विनास तथा निकुञ्ज क्षेत्रको अतिक्रमण, बाढीको कारण जंगली जनावर बगाउनु, निकुञ्ज भारतीय सीमासँग जोडिएको कारण वन्यजन्तुको सीमापार विचरण, निकुञ्जका जनावरले किसान र उनीहरूका पशु तथा बालीउपर गर्ने आक्रमणको कारण जनता र निकुञ्ज बीचमा पर्ने द्वन्द्व आदिलाई लिन सकिन्छ। निकुञ्जको सुरक्षामा नेपाली सेनाको संलग्नता रहेको छ तापनि मुलुकले बेहोरेको द्वन्द्वको कारण सो अवधि (सन् १९९६-२००६) मा गैंडा, बाघ जस्ता जनावरको चोरी सिकार बढेको, हाल पनि अघोषित कारण ठूलो संख्यामा गैंडा तथा अन्य जनावर मर्ने गरेको, निकुञ्जको बादरझुला, वाल्मीकी आश्रम र गजेन्द्र मोक्ष धाम क्षेत्रमा र नारायणी पश्चिमका केही क्षेत्रमा सीमा विवाद वा पहरेदारी कमजोर भएका कारण जंगल विनास र अतिक्रमण गरिएको पनि पाइएको छ। पछिल्लो समयमा माइक्रोनेसिया, पार्थेनियम, वनमारा झार जस्ता मिचाहा प्रजातिको कारण घाँसे मैदान खुम्चिने एवम् विभिन्न कोण र क्षेत्रबाट बाटो निर्माण गर्ने प्रयास र पर्यटकहरूको चापले गर्दा पनि निकुञ्जले प्रत्यक्ष चुनौतीहरू बेहोर्नु परेको पाइन्छ।

८. परोक्ष चुनौतीको कुरा गर्दा राजनीतिक उथलपुथल र सङ्क्रमण, गरिबी, जनसंख्या वृद्धि र बसाई सराई र सहरीकरणका कारण परेको चाप, पर्वतीय मुलुक भएको कारण नेपालले बेहोर्नु परेका चुनौतीहरू, संसारभर वनजङ्गल र जैविक विविधताको ह्रास, प्रदूषण र जलवायु परिवर्तनले सिर्जना गरेका चुनौतीहरू कुनै न कुनै रूपमा निकुञ्ज क्षेत्रमा प्रतिबिम्बित हुने कुरा निश्चित छ। देशको १९.७ प्रतिशत भूभाग विभिन्न निकुञ्ज क्षेत्रहरूले ओगटेको कारण यी क्षेत्रहरूका आ-आफ्नै चुनौतीहरू छन् तापनि राष्ट्रिय रूपमा जनसंख्या वृद्धि, गरिवी, बेरोजगारीको चाप पनि कुनै न कुनै रूपमा चितवन राष्ट्रिय निकुञ्जमा परेको देखिन्छ।

९. चुनौतीको अर्को पाटो संवैधानिक र कानूनी संरचनामार्फत नेपाली जनतासमक्ष गरेको प्रतिबद्धता र नेपालले अन्तर्राष्ट्रिय सन्धि र सम्झौताको पालना गर्न विश्व समुदायसमक्ष गरेको वचनबद्धतासँग सम्बन्धित छ। प्रस्तुत रिट निवेदनमा निवेदकले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२, १३, १६, १७ (३), ३५ (५), १०७ (२), वातावरण संरक्षण ऐन, २०५३ को दफा ३, ४, ५, ७, ९, १० र १७, सन्धि ऐन, २०४९ को दफा ९, सम्बद्ध विभिन्न अन्तर्राष्ट्रिय

महासन्धिको विषय उल्लेख गरेको देखिन्छ। यस अदालतमा रिट निवेदन दर्ता भइसकेपछि अन्तरिम संविधानलाई नेपालको संविधानले प्रतिस्थापन गरेको छ भने सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ जारी भएको र वन, वातावरण र निकुञ्जसम्बन्धी ऐनहरूमा समसामयिक संशोधन भएको अवस्था पनि छ। नेपालको अन्तरिम संविधानमा उल्लिखित हकहरूलाई वर्तमान संविधानले अझ मजबुत बनाएर राखेको छ। वर्तमान संविधानको धारा ३० मा स्वच्छ वातावरणको हक, वातावरणीय प्रदूषण र ह्रासबाट क्षतिपूर्ति पाउने हक र वातावरण र विकासबीच सन्तुलन कायम गर्ने जिम्मेवारीको कुरा राखिएको छ जुन प्रस्तुत विवादको सन्दर्भमा समेत अत्यन्त महत्त्वपूर्ण छ, जुन देहायबमोजिम छः-

धारा ३०. स्वच्छ वातावरणको हकः (१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ।

(२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदुषकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

(३) राष्ट्रको विकाससम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुर्याएको मानिने छैन।

१०.उपर्युक्त व्यवस्थाहरूमध्ये उपधारा (१) ले राज्यउपर स्वच्छ र स्वस्थ वातावरण कायम राख्ने दायित्व सिर्जना गर्छ, उपधारा (२) ले उपचारको हक प्रदान गर्छ। उपधारा (३) ले सकारात्मक दायित्वको एउटा नयाँ आयाम खोल्छ, प्रस्तुत विवादको सन्दर्भमा यो व्यवस्थालाई विशेषरूपले हेर्न र बुझ्न जरूरी छ। यसमा प्रयुक्त "विकास" भन्ने शब्दले भौतिक संरचनाहरूको विकास मात्र नभई विकासको व्यापक दायरा अर्थात् "पर्यावरणीय दिगो विकास" को अवधारणालाई समेत समेट्छ। यसभित्र विकास र वातावरणबीचको सन्तुलन कायम गर्ने सन्दर्भमा संविधानको धारा ५१ को देहाय खण्ड (छ) मा प्रयुक्त अन्तरपुस्ता समन्यायको मान्यता, प्राकृतिक स्रोत साधनको संरक्षण, संवर्द्धन र वातावरणअनुकूल दिगो रूपमा उपयोग, त्यसैगरी औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्नसक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग, वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमति जस्ता पर्यावरणीय दिगो विकासका सिद्धान्तहरूको अवलम्बन आदि कुराहरू पनि पर्दछन्। धारा ३० को उपधारा (३) को व्याख्या गर्दा यी कुराहरूलाई पनि एकैसाथ हेरिनु वाञ्छनीय देखिन्छ।

११. संविधानको परिपालना राज्यको प्रमुख दायित्व हुने कुरा त छँदैछ, विश्व समुदायको एउटा जिम्मेदार सदस्यको नाताले नेपालले आफू पक्ष रहेका अन्तर्राष्ट्रिय सन्धिहरूको परिपालना पनि गर्नुपर्ने हुन्छ। जुन समयमा चितवन राष्ट्रिय निकुञ्जको स्थापना भयो, सोही समयको हाराहारीमा तथा

प्राकृतिक र सांस्कृतिक विश्व सम्पदा संरक्षणसम्बन्धी महासन्धि, त्यसैगरी संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार विरूद्धको महासन्धि र रामसार महासन्धि जारी भएको पाइन्छ। त्यसपछि जारी भएका कैयौं महासन्धिहरूमध्ये जैविक विविधता महासन्धि, जलवायु परिवर्तनसम्बन्धी महासन्धिहरू सम्पदा संरक्षण वा वातावरण संरक्षणको दृष्टिबाट महत्त्वपूर्ण छन्। त्यसो त नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय महासन्धिहरूको संख्या ठूलो छ तर सोमध्ये यहाँ उल्लिखित महासन्धिहरू प्रस्तुत विवादको सन्दर्भमा विशेषरूपले विचारणीय छन्। विश्व समुदायसमक्ष महासन्धिका व्यवस्थाहरूको परिपालना गर्छु भनी प्रतिबद्धता जाहेर गर्ने तर देशभित्र भने मनपरी गर्ने छुट कुनै पनि सभ्य राष्ट्रलाई हुँदैन। हाम्रो जस्तो सभ्य, सु-संस्कृत र लोकतान्त्रिक मुलुकलाई त यस्तो छुट हुने कुरै भएन।

१२. उल्लिखित महासन्धिहरूमध्ये प्राकृतिक र साँस्कृतिक विश्व सम्पदा संरक्षणसम्बन्धी महासन्धि, १९७२ अन्तर्गत संरक्षण सूचीमा रहेका विश्व सम्पदाहरूमध्ये चितवन राष्ट्रिय निकुञ्ज पनि एक हो। यो निकुञ्ज नेपालकै अनुरोधमा सन १९८४ मा विश्व सम्पदा सूचीमा राखिएको हो। सूचीमा राख्दा यसको प्राकृतिक सुन्दरता, पारिस्थितिक प्रक्रिया र संकटापन्न वन्यजन्तु तथा वनस्पतिको वासस्थान रहेको भन्ने तीन आधारमा यो सूचीकृत भएको देखिन्छ। त्यसरी आफैंले सम्पदा सूचीमा राख्नुको सोझो अर्थ ती सम्पदाहरू हामीलाई पूर्वजहरूले नासोको रूपमा हस्तान्तरण गरेका हुन् र तिनलाई हामीले जुन रूपमा प्राप्त गरेका छौं। भावी पुस्तालाई पनि सोहीरूपमा हस्तान्तरण गर्छौं, ती सम्पदालाई प्रत्यक्ष वा परोक्षरूपमा क्षति पुर्याउने कार्य गर्दैनौं भनी विश्व समुदायसमक्ष वचनबद्धता व्यक्त गर्नु भन्ने हुन्छ। त्यसैगरी संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार विरूद्धको महासन्धि, १९७३ ले सो महासन्धिको अनुसूची १ मा रहेका दुर्लभ वन्यजन्तु र वनस्पतिको जुनसुकै हालतमा पनि संरक्षण गरिनुपर्ने कुरालाई औंल्याउँछ। महासन्धिले लोपोन्मुख वन्यजन्तु र वनस्पतिलाई अनुसूची २ मा र संरक्षण र नियमनको दरकार भएका अन्य वन्यजन्तु र वनस्पतिलाई अनसूची ३ मा राखेको छ। सो महासन्धिको कार्यान्वयन गर्न हाम्रो संसद्ले सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ जारी गरेको छ र सो ऐनले महासन्धिको अनुसूचीमा उल्लिखित वन्यजन्तु र वनस्पतिलाई "संकटापन्न वन्यजन्तु वा वनस्पति" को वर्गमा राखी ती वन्यजन्तु र वनस्पतिको चोरी शिकार र विनासलाई अपराधजन्य कार्य मानेको कुरा यहाँ विशेष स्मरणीय छ।

१३. माथि उल्लेख गरिएका महत्त्वपूर्ण महासन्धिमध्ये अर्को महासन्धि अन्तर्राष्ट्रिय महत्त्वका सीमसार र विशेषतः जलचरहरूको वासस्थान संरक्षणसम्बन्धी रामसार महासन्धि, १९७१ हो। यो महासन्धिअन्तर्गतको दायित्व निभाउने क्रममा नेपालले चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा

रहेको बीसहजारी ताललाई पनि संरक्षित क्षेत्र भनी सूचीकृत गरेको छ। रामसार महासन्धिको पक्ष राष्ट्रको नाताले सो ताल र यसको पारिस्थितिक प्रणालीको संरक्षण गर्नु अब हाम्रो राष्ट्रिय कर्तव्य बनेको छ। पारिस्थितिक प्रणालीभित्र तालको प्राकृतिक वा भौगोलिक सीमाभित्र मात्र सीमित नरही यसको पारिस्थितिक सम्बद्धताले जोडिने समस्त क्षेत्रसमेत पर्छ।

१४. माथि उल्लेख गरिएको चौथो महासन्धि जैविक विविधता महासन्धि, १९९२ हो। मानवका कार्यहरूबाट विश्वव्यापी रूपमा जैविक विविधतामा आएको ह्रासको सन्दर्भमा जैविक विविधताको अन्तरनिहित महत्त्व (Intrinsic value) र यसको पारिस्थितिक, आनुवंशिक, सामाजिक, आर्थिक, शैक्षिक, वैज्ञानिक, साँस्कृतिक र मनोरञ्जनात्मक महत्त्वसमेतलाई दृष्टिगत गरी महासन्धिले जैविक विविधताको रक्षा गर्ने कार्यलाई मानव मात्रको साझा चासो (common concern of humankind) को विषय मानेको छ। यो महासन्धि अमूक प्रजातिसँग मात्र नभई सम्पूर्ण पारिस्थितिक प्रणालीसँग सम्बन्धित छ। जैविक विविधताअन्तर्गत आनुवंशीय, प्रजातिजन्य र पारिस्थितिक प्रणालीको विविधता (genetic, species and ecosystem diversity) पर्छ र यो विविधता सकेसम्म स्वस्थानीय (In-situ) रूपमा संरक्षित क्षेत्रहरूको स्थापना र विकास गरेर जोगाउनु पर्छ भन्ने कुरालाई जैविक विविधता महासन्धिको धारा ८ ले जोड दिन्छ। त्यसैगरी सोही महासन्धिको धारा १४ ले जैविक विविधतामा उल्लेखनीय प्रतिकूल असर पर्ने कुनै कार्य गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने कुरा औंल्याएको छ। जैविक विविधता महासन्धिको उल्लेख गर्नुपरेको कारण किन पनि छ भने चितवन राष्ट्रिय निकुञ्जलाई जैविक विविधताको दृष्टिले अत्यन्त महत्त्वपूर्ण हटस्पट (hotspot) क्षेत्र मानिन्छ। जैविक विविधता जोगाउन हटस्पट जोगाउनु र यिनै क्षेत्रबाट संरक्षणसम्बन्धी कार्यहरू सुरू गरिनुपर्छ। यस मानेमा चितवन राष्ट्रिय निकुञ्जको जैविक विविधतामा गम्भीर असर पर्ने कुनै कुरा गर्नुपूर्व वातावरणीय प्रभाव मूल्याङ्कन गरिनुपर्छ। जैविक विविधता महासन्धिको राष्ट्रिय रूपमा कार्यान्वयन गर्न हामी प्रतिबद्ध छौं र यो महासन्धिले तय गरेका कार्यक्रम र रणनीतिहरूको राष्ट्रियरूपमा अनुशरण गरेर नै हामीले विश्वव्यापी रूपमा भइरहेको पारिस्थितिक प्रणालीको स्वास्थ्यमा परिरहेको भयावहपूर्ण प्रभाव विशेषतः भूमि र जलस्रोतको प्रयोगमा आएको परिवर्तन, जीवजन्तुको प्रत्यक्ष दोहन, जलवायु परिवर्तन, प्रदूषण, गैररैथाने मिचाहा प्रजातिको प्रकोप नियन्त्रणमार्फत र प्रजातिहरूको विनासलाई रोक्न नेपालको तर्फबाट सानै भएपनि योगदान दिन सक्छौं।

१५. माथि चर्चा गरिएका मध्ये पछिल्लो अन्तर्राष्ट्रिय दस्ताबेज जलवायु परिवर्तन सम्बन्धमा गरिएको पेरिस सन्धि, २०१५ हो। यो सन्धि पारिस्थितिक प्रणाली मात्र नभई पृथ्वीकै स्वास्थ्यसँग जोडिएको अत्यन्त महत्त्वपूर्ण महासन्धि हो। यो महासन्धिले पृथ्वीमा बढिरहेको तापक्रमको कारण सम्पूर्ण

जीव र चराचरकै महाविनास हुनसक्ने सम्भावनालाई हेरेर प्रत्येक राष्ट्रले के गर्न सक्छ भन्ने सम्बन्धमा स्वेच्छिक प्रतिबद्धता माग गर्दछ। हामीले स्वेच्छिक रूपमा अन्तर्राष्ट्रिय समुदायसमक्ष प्राकृतिक सम्पदाको व्यवस्थापन, कम कार्बन उत्सर्जन गर्ने विकास नीतिको अवलम्बनमार्फत जलवायु परिवर्तनको सामना गर्न सक्ने आर्थिक सामाजिक विकासलाई अनुशरण गर्ने वचनबद्धता व्यक्त गरेका छौं। प्राकृतिक सम्पदामध्ये वनक्षेत्रको नीतिमा कार्बन स्टक बढाउने, उत्सर्जन घटाउने, चुरिया र तराई क्षेत्रमा वन विनास रोक्ने, संरक्षित क्षेत्रमा सहकार्य बढाउने र सम्पदा संरक्षण र व्यवस्थापनमा भू-तह दृष्टिकोण (landscape approach on resource conservation and management) अपनाउने कुराहरू परेका छन् जस निम्ति पनि निकुञ्ज र अन्य संरक्षित क्षेत्रको उचित व्यवस्थापन, तथा जैविक विविधताको संरक्षणको कार्ययोजना महत्त्वपूर्ण हुन्छ।

१६. यी विभिन्न महासन्धिको पक्षराष्ट्र भएको कारण तिनका व्यवस्थाहरू पालन गर्नुपर्ने दायित्व त छँदैछ, सन्धि ऐन, २०४९ को दफा ९ को व्यवस्थाको कारण महासन्धिका प्रावधानहरूले नेपाल कानूनको हैसियत प्राप्त गरिसकेको कुरा पनि यहाँ मननीय छ। चितवन राष्ट्रिय निकुञ्जको संरक्षण सम्बन्धमा महासन्धिका व्यवस्थाहरूको पालन गर्नुपर्ने कानूनी दायित्वबाट नेपाल विमुख हुनसक्ने अवस्था छैन।

१७. संक्षेपमा, चितवन राष्ट्रिय निकुञ्जको संरक्षणसम्बन्धी चुनौतीहरू अनेक छन्, ती प्रत्यक्ष र परोक्ष दुवै छन्; प्रत्यक्ष चुनौतीहरू दृष्टिगोचर छन्, तर परोक्ष चुनौतीहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा सृजित छन्, ती हामीले अङ्गीकार गरेको कानूनी पद्दति र विश्व समुदायसमक्ष गरेको प्रतिबद्धताको कारण ती चुनौतीहरू सिर्जित छन् जसलाई बहन गर्नबाट नेपाल राष्ट्र अब पछि हट्न सक्ने अवस्था देखिँदैन।

१८. चुनौतीहरूकै श्रृङ्खलाको रूपमा पछिल्लो समयमा निकुञ्ज क्षेत्रभित्रबाट सडक निर्माण पनि निकुञ्जले बेहोर्नु परेको अवस्था देखिन्छ। प्रस्तुत रिट निवेदन पनि चितवन राष्ट्रिय निकुञ्ज क्षेत्रभित्रबाट सडक निर्माण गरी निकुञ्जलाई खण्डीकृत गर्न लागियो र यसबाट सार्वजनिक हक र सरोकारमा असर पर्न लाग्यो भनी परेको छ। निवेदनमा ठोरी हुँदै नवलपरासीको त्रिवेणी जोड्ने झण्डै ३० कि.मि. बाटो बनाउनको लागि र यसभन्दा अगाडि २०६८।०६९ मा ठोरीदेखि चितवनको माडी, जगतपुर, मेघौली, कोलवा, बहुवन हुँदै त्रिवेणी जोड्ने हुलाकी बाटोको नक्सा स्वीकृत भएको भन्ने खुल्न आएको, उक्त योजनालाई परिवर्तन गरी राप्ती नदीको किनारै किनार चितवन राष्ट्रिय निकुञ्ज बीचबाट सिधै त्रिवेणी निकाल्ने गरी हुलाकी बाटो बनाउन लागेको भन्ने आदि कुराहरू उठाइएको छ। प्रस्तुत रिट निवेदन यस अदालतमा विचाराधीन रहँदारहँदै हाल हुलाकी राजमार्गअन्तर्गत ठोरी-माडी भरतपुर सडक खण्डको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन नेपाल सरकार

मन्त्रीस्तरबाट २०७५।१०।१७ मा स्वीकृत भएको भन्ने पत्र इजलासलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत प्राप्त हुन आएको छ। यसबाट निकुञ्जभित्रबाट सडक निर्माणको मुद्दा अरू पेचिलो बनेको छ। त्यसैले सो विषयमा चर्चा गर्ने सन्दर्भमा सडक निर्माणको कारण चितवन राष्ट्रिय निकुञ्जले विगतमा के कस्तो चुनौती बेहोर्नुपरेको रहेछ, अहिलेको चुनौती के हो भन्ने चौथो प्रश्नबारे विवेचना गर्नु यहाँ आवश्यक देखिन्छ।

१९. चितवन राष्ट्रिय निकुञ्ज कायम गरिएको क्षेत्रभित्र विगतमा बस्ती रहेको र हाल पनि निकुञ्जभित्र माडीमा मानव बस्ती रहेको वा निकुञ्जभित्र धार्मिकस्थल रहेको कारण वा राष्ट्रिय रूपमा नै सडक सञ्जाल विस्तार, रेलमार्ग निर्माण वा विद्युतीय प्रसारण लाइन निर्माण आदिका कुराहरू विगतमा उठेको र ती विषयहरूमा युनेस्कोअन्तर्गतको विश्व सम्पदा समितिको ध्यान आकृष्ट भएको देखिन्छ। उदाहरणका लागि कसरामा राप्ती नदीमाथि पुल र प्रसारण लाइन निर्माण गर्न लागिएको विषयलाई लिएर प्रकृति संरक्षणको लागि अन्तर्राष्ट्रिय संघ (IUCN) ले सन् २००२ को डिसेम्बर महिनामा नेपालको भ्रमण गरी प्रतिवेदन दिएको, सो प्रतिवेदनमा नै नेपाल सरकारलाई माडी उपत्यकाका जनताले आवागमनको लागि प्रयोग गर्ने सडकलाई माडीभन्दा बाहिरका जनताले प्रयोग गर्ने चलन चल्तीको बाटोको रूपमा प्रयोग नगर्ने प्रत्याभूति दिन अनुरोध गरिएको पाइन्छ। IUCN ले सन् २००४ सम्म सो कार्य गरिए नगरिएको अनुगमन गर्दै रहेको कुरा पनि उल्लेख छ। त्यसैगरी सन् २०१४ मा निकुञ्ज क्षेत्रबाट पर्ने गरी नयाँ सडक र रेलमार्ग निर्माण गर्ने कुरा पुनः उठेपछि सन् २०१५ को जुन महिनामा UNESCO काठमाडौं र IUCN नेपालले निकुञ्ज क्षेत्रको स्थलगत भ्रमण गरेको, सो क्रममा पूर्वाधार निर्माणका अन्य कैयौं योजनाहरू नीति निर्माणको तहमा विचाराधीन रहेको जानकारीमा आएको उल्लेख गर्दै ती सबै आयोजनाहरू कार्यान्वयन हुने हो भने निकुञ्ज आठदेखि दश भागमा खण्डीकृत हुन्छ भन्ने प्रतिवेदन IUCN ले दिएको पाइन्छ। IUCN ले सो प्रतिवेदन दिएपछि जर्मनीको वोनमा २०१५ मा बसेको विश्व सम्पदा समितिको ३९ औं बैठक ले IUCN ले उठाएका माथि उल्लेख गरेका कुराहरूबारे बिमर्श गर्दै र पूर्व-पश्चिम विद्युतीय रेलमार्ग र हुलाकी सडक, अप्टिकल फाइबर आयोजना र वाल्मीकि आश्रम र त्रिवेणीधाम जोडने झोलुङ्गे पुलसमेतको निर्माण गरिएमा निकुञ्ज खण्डीकृत भई गैंडा, बाघ, हात्ती, गौरीगाई जस्ता दुर्लभ वन्यजन्तुको वासस्थानमा असर पर्ने र चोरी सिकार बढ्नेबारे गम्भीर सरोकार राख्दै ती कुराहरूको निर्माण गरिनुअघि वातावरणीय प्रभाव मूल्याङ्कन गराई प्रस्तावित निर्माणले सम्पदामा पार्ने असर र उपलब्ध विकल्पको बारेमा समेत सो प्रतिवेदन IUCN बाट पुनरावलोकन गराउन नेपाल सरकारलाई अनुरोध गरेको पाइन्छ। तत्पश्चात् विश्व सम्पदा समितिले पछिल्लो स्थिति बुझ्न IUCN लाई अनुरोध गरेबमोजिम IUCN ले २०१६ जनवरी

१४ देखि २१ मार्चसम्म पुनः चितवन राष्ट्रिय निकुञ्जको भ्रमण गरी बुझाएको प्रतिवेदनमा माडी सडकबारे आफ्नो २००२ को प्रतिवेदनमा उल्लिखित माथिको अंशबारे पुनः स्मरण गर्दै विश्व सम्पदा सूचीमा रहेका चितवन राष्ट्रिय निकुञ्जलगायत नेपालका सम्पदाहरूको हैसियत र विकासका प्रस्तावहरूले ती सम्पदा (OUV) को हैसियतमा पार्ने प्रभावबारेमा सचेतना बढाउन सरकारका विभिन्न निकाय र मन्त्रालयहरू बीच सञ्चार र समन्वय बढाउनु पर्ने सुझाव दियो। भरतपुर-ठोरी सडकको हकमा माडी उपत्यकाका जनताको शिक्षा, स्वास्थ्य र अन्य सुविधामा पहुँच बढाउन चितवन राष्ट्रिय निकुञ्जको सम्पदा क्षेत्रबाहिर स्तरीयकरण गर्न अनुमति दिँदै निकुञ्जको क्षेत्रभित्र सडक फराकिलो पार्ने, स्तरीयकरण गर्ने आदि कार्य नगर्न नेपाललाई सिफारिस गर्यो। सो प्रतिवेदनको सम्बन्धित अंश देहायबमोजिम छः-

The Mission recommends that the State Party:

"Upgrade parts of the Bharatpur-Thori road that are located outside the property in order to improve access to educational, health, and other facilities to the communities in the Madi Valley, while ensuring that any upgrading or widening of those parts of the road that are located inside the property shall not be permitted, maintaining current restrictions on the use of the road between 22.00 o'clock and 6.00 o'clock, and that the road will not be used as a thoroughfare, especially for transportation of commercial goods to destinations beyond Thori."

२०. साथै प्रतिवेदनले निकुञ्जको सम्पत्तिलाई कुनै तरहले चिर्ने, खण्डीकरण गर्ने सम्भावना भएका, तत्कालमा चर्चामा चलेका वा भविष्यमा प्रस्तावित हुन सक्ने क) तराई हुलाकी सडक, ख) प्रदेश ३ र प्रदेश ४ द्वारा प्रस्ताव गरिएका चीन-भारत व्यापारिक मार्ग, ग) दुम्किवास - त्रिवेणी सडक, घ) माडी-वाल्मीकि आश्रम सडक र ङ) ठोरी - मलेखु सडकहरूको बारेमा तिनीहरूले सम्पदाको उत्कृष्ट विश्वव्यापी महत्त्व (OUV) मा पार्ने प्रभाव, विकल्पहरूको उपलब्धतासमेतलाई दृष्टिगत गरेर ती सडकहरू निर्माण गरिने छैनन् भन्ने प्रत्याभूति नेपालले दिनुपर्ने सुझाव दियो। साथै प्रतिवदेनमा पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निकुञ्ज क्षेत्रबाट पर्ने गरी विस्तार गर्न हाल प्रस्ताव गरिएको मार्गबाट बनाउने अनुमति दिइने छैन बरू निकुञ्ज बाहिरबाट पर्ने गरी लगिने छ भन्ने दृढ प्रत्याभूति दिइनु पर्ने, त्यसैगरी त्रिवेणीधाम - वाल्मीकि आश्रम जोडने झोलुङ्गे पुल र पदमार्गसम्बन्धी कुनै निर्माण नेपालको विद्यमान कानून र IUCN विश्व सम्पदाको वातावरणीय अध्ययनबारे तयार गरेको सुझाव (IUCN's World Heritage Advice Note on Environmental Assessment) समेतलाई मध्यनजर गर्दै तयार गरिएको वातावरणीय प्रभाव अध्ययन (EIA) बेगर

गरिने छैनन भनी सुनिश्चितता गरिनुपर्ने भन्नेसमेत सुझाव र प्रस्तावित वीरगन्ज-ठोरी सडकको हकमा पनि सो सडकले माडी उपत्यका हुँदै व्यापारिक सामानहरूको परिवहनको माग बढ्न सक्ने र त्यसले निकुञ्जको सम्पदामा पार्न सक्ने प्रत्यक्ष, परोक्ष र समयक्रममा बढ्ने प्रभाव (direct, indirect and cumulative impacts on OUV of the property) समेतलाई दृष्टिगत गर्दै IUCN को World Heritage Advice Note on Environmental Assessment समेत हेरी गरिएको विस्तृत वातावरणीय प्रभाव मूल्याङ्कन (Thorough EIA) पश्चात् मात्र गरिनुपर्ने भन्नेसमेत सुझाव दिएको पाइयो।

२१. पछिल्लो समयमा चितवन उपत्यकामा भएको जनसंख्या वृद्धि, निकुञ्जभित्र र बाहिरका राजनीतिक स्वार्थ, भोटको राजनीतिसमेतका सतहमा देखिने र नदेखिने अनेकौं गतिविधिद्वारा संरक्षण पक्षीय शक्ति कमजोर भई विश्व सम्पदा सूचीमा रहेको चितवन राष्ट्रिय निकुञ्जको सम्पदा संरक्षण कार्यको उपेक्षा हुने, निकुञ्ज क्षेत्रमा प्राकृतिक स्रोतको दोहन, अतिक्रमण र चापका कारण प्रत्यक्ष, परोक्ष र कालक्रममा थपिने प्रतिकूल वातावरणीय प्रभाव बढ्न गै खण्डीकृत हुने, जैविक विविधता एवम् दुर्लभ वन्यजन्तु र वनस्पतिको संरक्षण तथा पर्यापर्यटनमार्फत राष्ट्रिय अर्थतन्त्रमा पारेको सकारात्मक प्रभावसमेत बेवास्ता हुने स्थिति बन्न गएको संकेतहरू देखिएको परिप्रेक्ष्यमा प्रस्तावित र छलफलका विभिन्न चरणमा रहेका निर्माणसम्बन्धी प्रस्तावहरूलाई रोक्न IUCN ले दिएको उक्त प्रतिवेदन महत्त्वपूर्ण हुने देखिन्छ।

२२. उक्त प्रतिवेदन पेस भएपश्चात् विश्व सम्पदा समितिको ४१ औं बैठकले गरेको निर्णयमा IUCN ले दिएको सो प्रतिवेदनका कुराहरू कुनै विलम्ब नगरी पूर्णरूपमा कार्यान्वयन गर्न र २०१८ को डिसेम्बर १ भित्र प्रतिवेदनमा उल्लिखित प्रत्येक सुझावको कार्यान्वयन सम्बन्धमा हासिल गरिएको प्रगतिसहित सम्पदाको संरक्षणमा गरिएका सबै कार्यहरूको खुलासासहितको अद्यावधिक प्रतिवेदन (Updated Report on the state of conservation) माग गर्ने निर्णय गरेको भन्ने सरकारको तर्फबाट यस अदालतलाई जानकारी दिइएको छ। उक्त निर्णयको अनुच्छेद ४, ५, ६ र ७ निकुञ्ज क्षेत्रबाट गर्न लागिएका निर्माण र प्रस्तुत विवादसँग समेत सम्बन्धित देखिँदा जस्ताको तस्तै उल्लेख गरिएको छः-

4. Welcomes the State Party's decision to undertake an Environmental Impact Assessment (EIA) for the alternative alignment of the East-West Electric Railway that avoids the property, and the initiation of an EIA for the Tribenidham-Balmikiashram suspension bridge, and requests the State Party to submit copies of these EIA to the World Heritage

Centre, for review by IUCN, as soon as they are available;

5. Also requests the State Party to make an unequivocal commitment not to allow the development of East-West Electric Railway and the Terai Hulaki Highway to proceed along their proposed alignments through the property, and not to approve any other new roads or reopening/upgrading of old roads through the property, including the proposed Dumkibas - Tribeni road, the Madi - Balmikiashram road, the State 3 and State 4 proposed China-India Trade Links, and the Thori - Malekhu road;

6. Considers that if any of the aforementioned road and railway developments were to proceed according to their proposed alignments through the property, they would represent a clear potential danger to the Outstanding Universal Value (OUV) of the property, in accordance with Paragraph 180 of the Operational Guidelines, and a clear basis for inscription of the property on the List of World Heritage in Danger.

7. Notes with concern that the Chitwan District Road Office has called a tender for the tracking the Bharatpur - Thori road through the property, and further requests the State Party to ensure that any upgrading of the parts of the Bharatpur - Thori road that are located inside the property, including black-topping and widening not be permitted.

२३. चितवन राष्ट्रिय निकुञ्ज र यसको सम्पदा संरक्षणको चुनौतीको सन्दर्भमा IUCN ले पटक-पटक गरेको अध्ययन र विश्व सम्पदा समितिको उपर्युक्त निर्णयले नेपालभित्र भइरहेका र हुन खोजेका कार्यहरूबारे स्पष्टतः जे कुरा भनेको छ, सोभन्दा धेरै कुराहरू संकेत गरेको छ। समग्रमा ती संकेतहरू शुभ छैनन्। निकुञ्जको सम्पदा संरक्षण प्रत्यक्ष, परोक्ष वा प्रकारान्तरले प्रभाव पार्ने गरी तिनले जे कुराको प्रस्ताव गरेका छन् ती प्रस्तावहरू कि त क्षणिक स्वार्थद्वारा वसिभूत छन् कि लोकरिझाईतर्फ केन्द्रित छन् भन्ने देखिएको छ। निकुञ्ज क्षेत्रमा निर्माणबारे नीतिगत तहमा गरिएका कुराहरूले न त संविधानद्वारा आह्वान गरिएको अन्तरपुस्ता समन्याय को अर्थ बुझ्दछन्, न त पर्यावरणीय दिगो विकास को अवधारणा र मर्म पछ्याउन सक्छन, न त वातावरण संरक्षणमा पूर्वसावधानी र पूर्वसूचित सहमतिको सिद्धान्तको अनुशरण गर्छन, न त तिनले नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष गरेको वचनबद्धताको के महत्त्व छ र एउटा सु-संस्कृत, सभ्य र लोकतान्त्रिक मुलुकले ती वचनबद्धताहरू कसरी पालना गर्नुपर्छ भन्नेतर्फ सरोकार राख्छन्। राज्यद्वारा संस्थापित निकायहरू संरक्षण गर्ने भन्ने कर्तव्यप्रति उदासीन त छँदैछन् यस अदालतलाई पनि ढाँट्न

र छल्नमा उद्यत देखिन्छन्। उदाहरणको लागि प्रस्तुत रिट निवेदनमा पनि निकुञ्जमा सडक निर्माण गर्न लागियो भनी मिति २०६८।०९।२५ मा यस अदालतमा रिट दर्ता भएपछि एक न्यायाधीशको इजलासबाट मिति २०६८।०९।२७ मा चितवन राष्ट्रिय निकुञ्जभित्र ठोरीदेखि त्रिवेणीसम्म बाटो बनाउन लागिएको भन्ने सञ्चार माध्यममा आएको र अहिलेसम्म सरकारका सम्बद्ध निकायबाट खण्डन नभएको भन्दै रिट निवेदनको टुङ्गो नलागेसम्म सो बाटो नबनाउनु, सो बाटोसम्बन्धी सम्पूर्ण कुराहरू यथास्थितिमा राख्नु भनी अन्तरिम आदेश जारी भएको रहेछ। तत्पश्चात् "पर्सा जिल्लाको ठोरीदेखि चितवन राष्ट्रिय निकुञ्ज हुँदै नवलपरासी जिल्लाको त्रिवेणीसम्म बाटो निर्माणको लागि कुनै पनि निकायले सम्भाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न यस मन्त्रालयसँग माग गरेको छैन... कुनै पनि कार्य गर्न अधिकारप्राप्त अधिकारीबाट कुनै संस्था वा व्यक्तिलाई अनुमति दिइएको छैन। उक्त बाटो निर्माण सम्बन्धमा मन्त्रालयलाई कुनै जानकारी छैन र मन्त्रालयले कुनै सहमति, स्वीकृति दिएको छैन भन्ने वन तथा भू-संरक्षण मन्त्रालयको लिखित जवाफ प्राप्त भएको, त्यसैगरी रिट निवेदकले निवेदनमा उल्लेख गरेअनुसार चितवन राष्ट्रिय निकुञ्जभित्र हाल कुनै बाटो, संरचना वा हुलाकी मार्ग निर्माण गर्ने निर्णय यस विभागबाट भएको छैन भन्ने सडक विभागको लिखित जवाफ र रिट निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेअनुसार चितवन राष्ट्रिय निकुञ्जभित्र हाल कुनै सडक निर्माण, अन्य संरचना वा हुलाकी मार्ग निर्माण गर्ने निर्णय नगरिएको परिप्रेक्ष्यमा निवेदकले Hypothetical Basis मा अनुमानको भरमा दिएको रिट निवेदन खारेज गरिपाउँ" भन्नेसमेत बेहोराको नेपाल सरकारका तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्रीले लिखित जवाफ पेस गरेको देखिन्छ। उक्त लिखित जवाफ पेस भएपछि तत्कालीन भौतिक योजना तथा निर्माण मन्त्री स्वयंले नै अन्तरिम आदेश खारेज गरिपाउँ भनी मिति २०६८।११।३० मा निवेदन दिएको र तत्पश्चात् यस अदालतको संयुक्त इजलासबाट मिति २०६९।०१।१३ मा अन्तरिम आदेश खारेज भएको देखिन्छ। तर जब अन्तरिम आदेश खारेज भयो, निकुञ्जभित्र मन लागेको कुरा गर्न बाटो खुल्यो भनेजस्तो परिस्थिति निर्माण भएको देखिन्छ। IUCN को माथि उल्लिखित प्रतिवेदन र यस अदालतलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत प्राप्त हुलाकी राजमार्ग निर्देशनालयको मिति २०७५।०८।०९ को पत्र, सडक विभागको टिप्पणी र पत्राचार हेर्दा वीरगन्ज - ठोरी खण्डमा सडक निर्माण कार्य यन्त्रवत् चालु रहेको र ठोरी-माडी-भरतपुर खण्डमा सडक निर्माणको लागि वातावरणीय प्रभाव मूल्याङ्कनको कार्य भई वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रीस्तर) बाट उक्त प्रतिवेदन मिति २०७५।१०।१७ मा स्वीकृतसमेत भएको पाइएबाट यस अदालतसमेतलाई गुमराहमा राख्न वा छल्न खोजिएको

भन्ने अनुभूति हुन आयो। कुनै रिट निवेदन अदालतमा विचाराधीन छ र आफूले नै दिएको निवेदन वा गरिएको आग्रहलाई विश्वास गरी अन्तरिम आदेश खारेज गरिएको छ भने सार्वजनिक हक र सरोकारको विषयमा यस अदालतमा परेको रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म कुर्ने धैर्यता सरकारमा रहनुपर्छ। यस्तो धैर्यता रहन्छ भन्ने स्वभाविक अपेक्षा अदालतको हुन्छ। तर यहाँ त्यसो गरिएको नदेखिँदा विपक्षीहरूबाट संविधान, कानून र अन्तर्राष्ट्रिय कानूनको अपेक्षा पूरा गर्न खोजिएको रहेछ भन्न सकिएन।

२४. सरकारको जवाफबाट सिर्जित रिट निवेदन विचाराधीन हुँदाहुँदै विकसित परिस्थितिबारे यति भनेर अब प्रस्तावित ठोरी -माडी - भरतपुर सडक निर्माण सम्बन्धमा गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनले संरक्षणका चुनौतीहरूलाई सम्बोधन गर्न सकेको छ वा छैन र यो प्रतिवेदन स्वीकारयोग्य छ वा छैन भन्ने अर्को सान्दर्भिक प्रश्नबारे चर्चा गरौं। यस अदालतलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत ठोरी-माडी-भरतपुर सडक खण्डको वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी हुलाकी सडक आयोजनाले तयार पार्न लगाएको प्रतिवेदनको एक प्रति प्राप्त भएको छ। सो सडक हुलाकी सडक आयोजनाले नै निर्माण गर्न लागेको र त्यसले पर्साको ठोरीबाट निकुञ्जभित्रको माडी क्षेत्र हुँदै भरतपुरको हाकिम चोकसम्म ७१ कि.मि. लामो र १५ मिटर Right of way कायम गरिएको भन्ने देझिन्छ। सो सडकबारे प्रतिवेदनको निष्कर्ष र सुझावमा "यो आयोजना कार्यान्वयन गर्न उपयुक्त देखिएकोले कार्यान्वयनका लागि सुझाव गरिएको छ" भन्ने उल्लेख भएको पाइन्छ। तर प्रतिवेदन हेर्दा चितवन राष्ट्रिय निकुञ्ज विश्व सम्पदा सूचीमा परेको निकुञ्ज भन्नुबाहेक यसमा युनेस्को र IUCN ले गरेका अध्ययनहरू, विश्व सम्पदा समितिमा गरिएका छलफल र निर्णयबारे कुनै कुरा उल्लेख भएको वा विश्व सम्पदा सूचीमा रहेका सम्पदाहरूको वातावरणीय अध्ययनसम्बन्धी सुझाव वा मार्गदर्शन आदि हेरी तिनको अनुशरण वा विश्लेषण आदि केही गरिएको पाइँदैन। प्रतिवेदन तयार गर्नुपूर्व निकुञ्ज प्रशासन, निकुञ्ज प्रशासनसँग हातेमालो गरी संरक्षणको कार्यमा जुटेका राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, वातावरणविद्, निकुञ्जको सुरक्षा गरिरहेको नेपाली सेना आदि कसैसँग परामर्श गरिएको, उनीहरू प्रस्तावित सडकलाई कसरी हेर्छन् वा यसले पार्ने प्रभावबारे उनीहरू के सोच्छन्, विकल्पहरूको बारेमा उनीहरूको के धारणा छ भन्ने आदि बुझिएको वा लिखित सुझाव लिइएको देखिँदैन।

२५. सरकार सार्वजनिक सम्पत्तिको मालिक होइन, न्यासी मात्र हो। प्राकृतिक स्रोत वा सम्पदाको न्यास नेपालका सम्पूर्ण जनता, वर्तमान एवम् भावी पुस्ताको हितको लागि राखिएको हुँदा स्रोतको परिचालनको विषयमा देशका समस्त जनताको हित नहेरी सीमित व्यक्ति वा समुदायको लाभको

लागि उसले जे पनि गर्छु भन्न मिल्दैन। प्राकृतिक स्रोतहरू राष्ट्रका समस्त जनता, वर्तमान र भावी पुस्ता वा सन्ततिसमेतका सम्पत्ति हुन् भन्ने कुरालाई सरकारले बुझ्नु र मनन गर्नुपर्छ। सार्वजनिक न्यासको सिद्धान्त (Public Trust Doctrine) ले यही मान्यतालाई आत्मसात् गर्छ। सर्वोच्च अदालतले यो सिद्धान्तलाई हाम्रो न्यायिक पद्दतिको एक अङ्ग बनाइसकेको छ। सार्वजनिक न्यासको कुरा वातावरणीय प्रभाव मूल्याङ्कनको विषयमा पनि लागू हुन्छ। वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी अध्ययन प्राकृतिक सम्पदाको विखण्डन वा स्रोतको अनियन्त्रित दोहनलाई सघाउने विचारले प्रक्रियासम्म पुर्याउनको लागि गरिने विषय होइन। यो एउटा वैज्ञानिक अध्ययन हो, विशेषज्ञहरूले विज्ञान वा वैज्ञानिक पद्धतिको दुरूपयोग वा उपहास गर्न मिल्दैन। त्यसो गरिएमा उनीहरूले आर्जन गरेको विद्या, ज्ञान र सीपको उपहास गरेको हुन्छ। निकुञ्ज क्षेत्रबाट सडक निर्माणकै विषयमा वातावरणीय मूल्याङ्कन गर्दा यस अदालतले यसपूर्व पनि "प्रस्तावित आयोजनाको सट्टा अन्य कुनै विकल्प छ र यस विकल्पको अनुशरण गर्दा वातावरणीय नोक्सानीलाई बचाउन सकिने स्थिति छ भने विकल्पले नै सर्वाधिक प्राथमिकता पाउनु पर्छ... वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा हरसम्भव विकल्पको अध्ययन गरिने प्रावधान रहेकाले विकल्पको छनौट गर्दा वातावरण संरक्षणलाई मूल उद्देश्य मानिनु पर्दछ" भनेको छ। यसबाट वातावरणीय प्रभाव मूल्याङ्कन कुनै कार्य गर्नको लागि पूरा गरिनुपर्ने औपचारिकता मात्र होइन भन्ने कुरालाई यस अदालतले गम्भीरतापूर्वक लिएको पाइन्छ जुन कुरा यहाँ विशेषरूपमा स्मरणीय छ।

२६. उपर्युक्त सन्दर्भमा अदालतले प्राप्त गरेको ठोरी - माडी - भरतपुर सडकको वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी अध्ययन प्रतिवेदन हेर्दा सो प्रतिवेदनले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २ (क)(ञ)(ञ१), दफा ३,दफा ३ख, दफा ५ दफा १५घ, दफा २२, दफा २६ समेतका व्यवस्थाहरूको त्यसै गरी वातावरण संरक्षण ऐन, २०५३ को दफा २ (छ) (ञ) (ट), दफा ६, दफा ७(१), दफा ९ का व्यवस्थाहरूबारे हेक्का राखेको वा तिनको मर्मबारे विश्लेषण गरेको पाइएन। प्रतिवेदन यस अदालतमा चलिरहेको विवादमा उठेका प्रश्नहरू वा यसअघि यस अदालतबाट प्रतिपादित सिद्धान्तहरू वा विश्व सम्पदा समितिका निर्णय र IUCN ले पटक-पटक दिएका सुझावहरूबारे पूर्णतः बेखबर रहेको पाइयो। प्रतिवेदनको अनुहारबाट नै यो प्रतिवेदन सडक निर्माणलाई औपचारिक अनुमति दिन तयार गरिएको एउटा नितान्त एकपक्षीय, अपूर्ण, अधुरो र स्तरहीन प्रतिवेदन देखिँदा यसलाई स्वीकार गर्न सकिने अवस्था देखिएन। त्यसैले सो प्रतिवेदन स्वीकार गर्ने वन तथा वातावरण मन्त्रालय (माननीय मन्त्री स्तर) को मिति २०७५।१०।१७ को निर्णयसमेत त्रुटिपूर्ण देखिन आयो।

२७. माथि विभिन्न खण्डमा चितवन राष्ट्रिय निकुञ्जको महत्त्व र यसको संरक्षणमा देखिएका चुनौतीहरू,

विश्व सम्पदा समितिले देखाएको सरोकार, हाल प्रस्तावित ठोरी - माडी - भरतपुर सडक निर्माण विषयले थपेको चुनौती र सो क्रममा गरिएको वातावरणीय प्रभाव मूल्याङ्कनमा भएका प्रयाससमेतको विषयमा चर्चा र विश्लेषण गरेपछि अब निवेदकको मागबमोजिमको रिट जारी हुनुपर्ने हो वा होइन भन्ने अन्तिम प्रश्नबारे विचार गरौं। प्रस्तुत रिट निवेदन नेपालको अन्तरिम संविधानको धारा १०७(२) अन्तर्गत दर्ता भएको र निवेदन विचाराधीन रहेकै अवस्थामा नेपालको संविधान जारी भएको अवस्था छ। नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) अन्तर्गत सार्वजनिक हक र सरोकारको विषयमा "उचित उपचार प्रदान गर्ने" र "विवादको टुङ्गो लगाउने" असाधारण अधिकार यस अदालतलाई रहेको छ। विवादको टुङ्गो लगाउने क्रममा रिट निवेदनमा उल्लिखित कुरामा मात्र सीमित नरही रिट निवेदन यस अदालतमा विचाराधीन हुँदाको अवस्थामा विकसित परिस्थितिको समेत विश्लेषण गरी उपयुक्त समाधान पत्ता लगाउन सक्ने नै हुन्छ। यसो गर्नु यस अदालतको अधिकार मात्र होइन समाजमा न्याय सुनिश्चित गर्ने संवैधानिक दायित्वसमेत हो। व्यक्तिहरू रहरले अदालत आउँदैनन्, तर जब न्यायका सबै ढोकाहरू बन्द वा अवरूद्ध हुन्छन्, उनीहरू अदालत प्रवेश गर्छन्। सार्वजनिक सरोकारको निवेदन त आवाज हराएका, आफैं आफ्नो कुरा भन्न नसक्ने व्यक्ति र समुदायको तर्फबाट पेस गरिएको निवेदन र अदालतलाई दिएको सूचना र वातावरणीय न्यायको सन्दर्भमा यो त सम्पूर्ण प्राणी चराचरको तर्फबाट गरिएको याचना हो। वातावरणीय न्यायको सन्दर्भमा अदालतहरूबाट हिमाल, नदीनाला, वनजङ्गल र प्रकृतिको पनि बाँच्न पाउने अधिकार हुन्छ, उनीहरूको अखण्डतामा नोक्सान पारिने कार्यहरू गरिनु हुँदैन भनी आदेशहरू जारी भइरहेको अवस्थासमेत छ। प्रकृतिको अस्तित्व र यसको स्वास्थ्यमा मानव मात्रको अस्तित्व र स्वास्थ्यको अन्योन्याश्रित सम्बन्ध रहेको सन्दर्भमा प्राप्त सूचनासमेतको माध्यमबाट अदालतले विषयवस्तुको गहिराईसम्म पुग्ने र उपयुक्त समाधान पहिल्याई सार्वजनिक हक हितको रक्षा गर्नुपर्ने हुन्छ।

२८. नेपालमा भइरहेको जनसंख्या वृद्धि र गरिबी, अव्यवस्थित बसोबाससमेतको कारण प्राकृतिक स्रोत र सम्पदाउपर जुन रूपमा चाप बढेको छ, मानव र वन्यजन्तुबीच वासस्थान वा खाद्यान्नको संरक्षण र जगेर्ना निम्ति जुन प्रतिस्पर्धाको सिर्जना भएको छ र परिणाम स्वरूप प्राकृतिक स्रोतको अनियन्त्रित दोहन र जैविक विविधताको विनास जुन रफ्तारमा भइरहेको छ, त्यसलाई रोक्न जरूरी छ। पर्वतीय मुलुक भएको कारण जैविक विविधता र वातावरणको संरक्षणमा यसैपनि हामीहरूले अनेकौं चुनौती तथा विपद्हरूको सामना गरिरहेकै छौं। पछिल्लो समयमा सिर्जित जलवायु परिवर्तनको चापले वातावरणीय परिस्थितिलाई अरू जटिल बनाएको छ। यी सबै कुराहरूलाई दृष्टिगत गरी योजनाबद्ध संरक्षणका प्रयासहरूमार्फत हामीले संविधानद्वारा

प्रत्याभूत "स्वच्छ तथा स्वस्थ वातावरण" को अधिकारलाई संरक्षण गर्दै संविधानद्वारा आकांक्षित "पर्यावरणीय दिगो विकास" को अवधारणालाई व्यवहारमा परिणत गर्नु अत्यावश्यक भइसकेको छ।

२९. प्रस्तुत विवादको सन्दर्भमा निकुञ्जभित्रको बस्ती र दक्षिणी सीमामा रहेको ठोरीका जनताका शिक्षा, स्वास्थ्य, रोजगारीसमेतका सुविधामा पहुँचका कुराहरू उठेका छन्। ती मागहरू अवश्य पनि जायज छन्। तर तिनको समाधान गर्दा सडक निर्माण र विस्तार मात्र एउटै विकल्प मात्र हुन सक्दैन। निकुञ्जभित्र बस्ती भएको कारण संरक्षणमा चुनौती उत्पन्न भएको हो भने ती बस्तीहरूको स्थानान्तरण गरेर पनि ती सम्पदाको संरक्षणतर्फ सोच्न सकिन्छ। विगतमा पनि चितवनमा पदमपुरको मानव बस्ती स्थानान्तरण भएको दृष्टान्त छँदैछ भने अब पनि सो हुन सक्दैन भन्ने छैन। स्थानान्तरण गर्दा अन्यत्र पनि घरबास भएका वा कृषिमा आधारित नरही अर्को पेसा अँगालेका जनताहरूलाई कानूनबमोजिम नगद क्षतिपूर्ति र कृषिमा आधारित किसान, आदिवासी र विपन्न जनताहरूलाई जग्गाको सट्टा जग्गा नै क्षतिपूर्ति दिने विकल्प अपनाई स्थानान्तरणको चाप घटाएर पनि गर्न सकिने हुन्छ।

३०. विश्व सम्पदा समितिले निकुञ्जभित्रको बाटो चौडा बनाउने कार्य र माडी वा ठोरीका जनताको आवागमनबाहेक हुलाकी सडकको अङ्गको आम रूपमा यातायातका साधन चल्ने राजमार्गको रूपमा सडकलाई प्रयोग गर्न नहुने कुरालाई आफ्नो निर्णयमा स्पष्टसँग उल्लेख गरेको छ। राष्ट्रिय निकुञ्ज कार्यालय र वन्यजन्तु विभागको लिखित जवाफ हेर्दा दुवै निकायहरू सडक निर्माणको विपक्षमा रहेको स्पष्ट देखिन्छ। वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा ती दुई निकायहरूसँग परामर्श गरिएको वा उनीहरूको सहमति लिइएको देखिँदैन। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ५ ले निकुञ्जको सहमतिबेगर निकुञ्जभित्र सडक निर्माण गर्न, रूख काट्न, वन्यजन्तु वा वनस्पतिलाई नोक्सान पुर्याउने अन्य कार्य गर्न वर्जित गरेको छ। कानूनद्वारा जसबाट अनुमति लिनुपर्ने भनिएको छ उसैबाट लिइनुपर्छ, तालुक निकाय वा अन्य कुनै सरकारी निकाय वा मन्त्रालयबाट सहमति लिइएको छ भन्ने कुराले कानूनी आवश्यकता पूर्ण हुँदैन र त्यसले कुनै अर्थ पनि राख्दैन। यस परिप्रेक्ष्यमा समेत निकुञ्ज क्षेत्रभित्रबाट पर्ने गरी हुलाकी सडक आयोजनाको अगुवाइमा जुन सडक निर्माणको कार्य हुन गइरहेको छ, सो संविधान, कानून र नेपाल पक्ष रहेका अन्तर्राष्ट्रिय महासन्धिका व्यवस्थासमेतको विपरीत रहेछ भन्ने देखिँदा सो रोक्नु न्यायको रोहमा जरूरी देखियो।

३१. तसर्थ उपर्युक्त आधार र कारणहरूसमेतको सन्दर्भमा हेर्दा संक्षेपमा चितवन राष्ट्रिय निकुञ्जभित्रबाट निकुञ्जलाई खण्डित हुने गरी हुलाकी सडक निर्माण गर्न लागिएको विषयलाई लिएर सार्वजनिक सरोकारको विषय भन्दै प्रस्तुत रिट निवेदन दर्ता भएको पाइएको र लिखित जवाफ हेर्दा चितवन राष्ट्रिय निकुञ्ज कार्यालय र वन्यजन्तु विभागको लिखित जवाफमा निकुञ्जको जैविक विविधता र वातावरणमा प्रतिकूल प्रभाव पर्ने, दुर्लभ वन्यजन्तुको वासस्थान एवम् जैविक विविधतासमेतको प्रतिकूल हुनेगरी बाटो निर्माण गर्न नहुने कुरामा स्पष्ट जिकिर रहेको देखियो। साथै अन्य विपक्षीहरूले समेत सडक निर्माण विषयमा कुनै कार्य नै भएको छैन भन्ने किसिमको जिकिर लिएको पनि मिसिलबाट देखियो। प्रस्तुत रिट निवेदन मिति २०६८।०९।२५ मा यस अदालतमा दर्ता हुँदा सडक निर्माण विषयमा खासै काम नभएको भनिए पनि त्यसपछि हालसम्मको अवस्था हेर्दा हुलाकी राजमार्गअन्तर्गत वीरगन्ज-ठोरी खण्ड, ठोरी-भरतपुर खण्ड, निकुञ्जभित्रै पर्ने गरी पूर्वपश्चिम विद्युतीय रेल मार्ग, दुम्कीबास-त्रिवेणी सडक, माडी-वाल्मीकि आश्रम सडक, ठोरी-मलेखु सडक आदि सडकहरू निर्माण गर्ने सन्दर्भमा छलफलदेखि सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन र निर्माणको प्रारम्भ गर्नेलगायतका कार्यहरू भइरहेको कुरासमेतको जानकारी प्राप्त हुन आयो। यी सडकहरू निर्माण भएमा विश्व सम्पदा सूचीमा रहेको चितवन राष्ट्रिय निकुञ्ज खतरामा पर्ने हुन्छ। सडक निर्माणकै सन्दर्भमा भरतपुर - ठोरी सडक खण्डको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन प्रतिवेदनलाई वन तथा वातावरण मन्त्रालय (मन्त्रीस्तर) को मिति २०७५।१०।१७ को निर्णयबाट अनुमोदन गरिएको भनी सो मन्त्रालयले मिति २०७५।०२।२२ मा (च.नं. ७९२-२३७-०७५।७६) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई लेखेको पत्र पनि महान्यायाधिवक्ताको कार्यालयमार्फत इजलाससमक्ष पेस हुन आयो।

३२. चितवन राष्ट्रिय निकुञ्ज नेपालको सबैभन्दा जेठो राष्ट्रिय निकुञ्ज मात्र नभई जैविक विविधता, पर्यापर्यटनसमेतको दृष्टिबाट अत्यन्त महत्त्वपूर्ण एवम् युनेस्कोद्वारा विश्व सम्पदामा सूचीकृत महत्त्वपूर्ण सम्पदा हुँदा वर्तमान र भावी पुस्तासमेतको हितका लागि सो निकुञ्जको संरक्षण र संवर्द्धन हुनु अपरिहार्य देखिन्छ। यसमा हुने जैविक एवम् वातावरणीय विनास र अतिक्रमणलाई हरतरहबाट रोकिनुपर्ने हुन्छ। मिसिल संलग्न युनेस्कोअन्तर्गतको World Heritage Committee ले पोल्याण्डको कार्को शहरमा सन् २०१७ को जुलाई २ देखि १२ मा भएको सम्मेलनमा लिएको निर्णयले सरकारद्वारा युनेस्कोमा पेस गरिएको वातावरणीय अध्ययन प्रतिवेदनमा प्रस्तावित वीरगन्ज-ठोरी सडकलगायतका निर्माणसम्बन्धी कार्यले चितवन राष्ट्रिय निकुञ्जजस्तो विश्वव्यापी महत्त्वका सम्पदा (Property of Outstanding Universal Value - OUV) मा पार्ने प्रभावबारेमा नेपालको ध्यानाकर्षण

गराएको पाइयो। साथै ठोरी-भरतपुर सडकको सुदृढीकरण, विस्तार, कालोपत्रेलगायतका कार्यहरू गरिनु हुँदैन भन्ने युनेस्कोको स्पष्ट मत रहेको पनि देखियो। त्यस्तैगरी World Heritage Committee ले नै २४ अक्टोबर २०१८ मा लेखेको पत्रमा वातवरणीय प्रभाव अध्ययनमा समावेश गर्नुपर्ने विषयबारे नेपाल सरकारको ध्यानआकृष्ट गराएको पनि देखियो। चितवन राष्ट्रिय निकुञ्जकै संरक्षणको सन्दर्भमा IUCN ले पनि प्रतिक्रिया दिएको देखियो। तर यस अदालतसमक्ष पेस हुन आएको ठोरी-भरतपुर खण्ड सडक निर्माण सम्बन्धमा गरिएको वातावरणीय अध्ययन प्रतिवेदनमा यस विषयमा स्पष्ट रूपमा समीक्षा भएको देखिएन। तसर्थ यी समस्त सन्दर्भमा प्रस्तावित ठोरी-माडी-भरतपुर सडकले चितवन राष्ट्रिय निकुञ्जको जैविक एवम् वातावरणीय क्षेत्रमा उल्लेखनीय रूपमा पार्ने प्रतिकूल प्रभावलाई दृष्टिगत गरी सम्भावित अतिक्रमणबाट निकुञ्जको सम्पदालाई जोगाउनु समस्त नेपाली एवम् अभिभावकीय भूमिकाअन्तर्गत यस अदालतको संवैधानिक एवम् कानूनी दायित्व हुने देखिन्छ। यसो गरिनु नेपालले विश्व समुदायसमक्ष गरेको वचनबद्धताअनुरूप समेत हुने हुँदा हाल गरिएको वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी प्रतिवेदन र सो प्रतिवेदन स्वीकार गर्ने वन तथा वातावरण मन्त्रालयको २०७५।१०।१७ को मन्त्रीस्तरीय निर्णय त्रुटिपूर्ण देखिँदा सोलाई उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब कानूनद्वारा स्थापित चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, युनेस्कोलगायत सरोकारवाला निकायहरूको परामर्श र सहमतिमा गरिएको वातावरणीय प्रभाव अध्ययनले अनुमति नदिएसम्म चितवन राष्ट्रिय निकुञ्जभित्र पर्ने गरी सडक निर्माणसम्बन्धी कुनै कार्य नगर्नु नगराउनु भनी यो परमादेशको आदेश जारी गरिदिएको छ। आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षीहरूलाई दिई रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल यस अदालतको अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा मेरो सहमति छ।

न्या. तेजबहादुर के.सी.

इजलास अधिकृतः महेन्द्रबहादुर कार्की

इति संवत् २०७५ साल फागुन १ गते रोज ४ शुभम्।

खण्ड ४
अन्य सम्बन्धित मुद्दाहरु

२२. विषयः उत्प्रेषणयुक्त परमादेश समेत।

भाग ५३	निर्णय नं. ८५९२	ने.का.प. २०६८	अङ्क ४
सर्वोच्च अदालत, संयुक्त इजलास			
माननीय न्यायाधीश श्री खिलराज रेग्मी माननीय न्यायाधीश श्री कृष्णप्रसाद उपाध्याय			
संवत् २०६६ सालको रिटनं. WO-०३३८			
फैसला मितिः २०६७।१२।२३।४			

निवेदकः कास्की जिल्ला, हेम्जा गा.वि.स. वडा नं. ९ घर भै हाल वन तथा भू-संरक्षण मन्त्रालयमा सहायक वातावरण अधिकृत पदमा कार्यरत कमलजंङ्ग कुँवर

विरुद्ध

विपक्षीः वन तथा भू-संरक्षण मन्त्रालय, समेत

निवेदकको तर्फबाटः विद्वान अधिवक्ता श्री हरिप्रसाद उप्रेती

विपक्षी तर्फबाटः विद्वान उपन्यायाधिवक्ता श्री रमेश शर्मा पौडेल

अवलम्बित नजीरः नेकाप२०६४, नि.नं.७८०२, पृ.१

सम्बद्ध कानूनः

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० (१), (३), (४)
अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११(१), (२),१२(१)
निजामती सेवा ऐन, २०४९को दफा ५९(क)(३), ६०क(ग)

- *अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सजाय किटान नगरी कारवाहीको निर्देशनसम्म गर्न पाउने र अख्तियारवालाले व्यक्तिलाई उसको क्रियाको आधारमा कुन सजाय प्रस्ताव गर्न उपयुक्त हुन्छ सो सजाय प्रस्ताव गरी स्पष्टीकरण सोध्ने र सजाय गर्न पाउने गरी अधिकारको विभाजन गरेको हो भनी अर्थ गर्नु कानूनी र न्यायिक हुन आउने।*

(प्रकरण नं. ६)

- *अख्तियार दुरुपयोग अनुसन्धान आयोगले, आफू समक्ष आएको उजूरीमा छानबीन अनुसन्धान तहकीकात गरी सार्वजनिक पदमा आसिन व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको देखेमा विभागीय सजाय गर्न निर्देशन दिने र भ्रष्टाचार भएको देखिएमा भ्रष्टाचारमा मुद्दा चलाउने निर्णय गरी मुद्दा दर्ता गर्नुपर्दछ। आयोग वस्तुतः यिनै प्रयोजनका लागि स्थापित संवैधानिक निकाय हो। नेपालले प्रतिद्वन्दात्मक कानूनी पद्धति (Adversarial Legal System) अवलम्बन गरेको छ। यो पद्धति अवलम्बन गरेको मुलुकमा अभियोजन र अनुसन्धान गर्ने निकाय वा पक्षले मुद्दाको निर्णय गर्न नसक्ने।*
- *आयोगले सजाय किटान गरी निर्देशन दिने र अख्तियारवाला त्यसको प्रक्रिया पुर्याई कार्यान्वयन गर्ने सम्मको काम गर्ने निकाय मान्ने हो भने अनुसन्धानकर्ता नै निर्णयकर्ताको रुपमा उभिने र वास्तविक रुपमा विभागीय कारवाही गर्ने पदाधिकारी निर्णय कार्यान्वयनकर्ताको रुपमा सीमित रहन पुग्ने।*

(प्रकरण नं. ७)

- *अनुसन्धान तहकीकात र अभियोजन गर्ने निकाय नै निर्णयकर्ता हुन सिद्धान्ततः नमिल्ने भएको कारण कुनै व्यक्ति उपर उजूर परेमा सो व्यक्तिले के कस्तो काम गरी अख्तियारको दुरुपयोग गरेको हो, छानबीन अनुसन्धान गरी, अख्तियारको दुरुपयोग गरेको देखिएमा त्यसलाई पुष्टि गर्ने आधार र कारण खोली विभागीय कारवाही गर्न निर्देशन दिनसम्म पाउने हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नै सजायसम्बन्धी कानूनको दफा र सजाय किटान गरी सजाय गर्न निर्देशन गर्न पाउँछ भन्न मिल्ने।*

(प्रकरण नं. ८)

आदेश

न्या. खिलराज रेग्मीः नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२ र १०७(२) बमोजिम दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

म निवेदक २०४८।४।१२ मा नेपाल वन सेवा जनरल फरेष्ट्री समूहको रा.प.अनं.प्रथम (प्रा.)

श्रेणीको रेञ्जर पदमा सेवा प्रवेश गरी कामकाज गर्दै आएकोमा मिति २०५६।७।१२ देखि खुला प्रतियोगिताबाट सोही सेवा, नेशनल पार्क्स एण्ड वाइल्ड लाईफ समूहको रा.प.तृ.(प्रा) श्रेणीको सहायक संरक्षण अधिकृतमा नियुक्ति पाई विभिन्न कार्यालयहरू हुँदै हाल वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत कार्यरत रहेको छु। यही क्रममा म तत्काल चितवन राष्ट्रिय निकुञ्जको कार्यालयको कायम मुकायम प्रमुख संरक्षण अधिकृतको रुपमा कार्यरत रहेका वखत सो कार्यालयमा रहेको गैडाको खाग हराएको विषयलाई लिएर सो खाग म समेतका कर्मचारीले मिलेमतो गरी विक्री गरेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान गर्न बयानको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०६४।११।५ मा पत्र पठाई सम्पर्क राख्नको लागि जानकारी गराएकोले म अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उपस्थित भई आफ्नो जो भएको सही सत्य व्यहोराको बयान गरेको थिएँ। मेरो बयान लिईसकेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिति २०६५।८।१० को पत्रबाट स्पष्टीकरण माग गरेकोमा सो स्पष्टीकरणको युक्ति युक्त जवाफ मिति २०६५।८।१६ मा आयोग समक्ष पेश गरेको थिएँ। त्यसपछि सो आयोगले मिति २०६५।१२।२८ को पत्रबाट वन तथा भू-संरक्षण मन्त्रालयलाई जानकारी एवं आवश्यक कार्यार्थ भनी मलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(ख) र (छ) अनुसार कुनै निर्णय वा आदेश गर्दा अपनाउनु पर्ने कार्यविधिको पालना नगरेको तथा आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने कुनै पदीय कर्तव्य पालना नगरी अनुचित कार्य गरेको देखिदा निजलाई तत्काल निजामती सेवा (दोस्रो संशोधन) सहितको ऐन, २०४९ को दफा ६० क को देहाय (ग) को कसूरमा ऐ. ऐनको दफा ५९ को खण्ड (क) को (४) अनुसार विभागीय कारवाही गर्नको लागि लेखी पठाएको रहेछ। सो पत्र बमोजिम कारवाही नहुँदैको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पुनः मिति २०६६।४।२५ मा अर्को पत्र पठाई पहिले पठाएको पत्रमा उल्लेख भएका कानूनको दफाहरूलाई सच्चाउँदै निजामती सेवा ऐनको दफा ५९ को खण्ड (क) को (३) अनुसार विभागीय कारवाही गर्न निर्देशन दिएको रहेछ।

आयोगको निर्देशन बमोजिम मन्त्रालयले निजामती सेवा ऐनको दफा ५९ को खण्ड (क) को (३) अनुसार विभागीय कारवाही किन नगर्ने भनी स्पष्टीकरण सोधी मलाई विभागीय कारवाही र सजाय गर्न लागेको छ। सजाय किटान गरेर विभागीय कारवाहीको लागि लेखी पठाउने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अन्तरिम संविधान एवं प्रचलित अन्य कुनै कानूनले पनि प्रदान गरेको छैन। आफूलाई अधिकार नै नभएको विषयमा जवर्जस्ती अधिकार क्षेत्र कायम गरी विभागीय कारवाही र सजाय गर्न सक्ने अधिकारीको अधिकार क्षेत्र माथि नै अतिक्रमण हुने गरी पत्र लेखिएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वन तथा भू-संरक्षण मन्त्रालयलाई पठाउँदा मलाई जुन

कानून बमोजिम जे जस्तो सजाय गर्न निर्देशन दिएको हो, सो मन्त्रालयले पनि त्यही कानून बमोजिम त्यस्तै सजाय गर्ने गरी उक्त स्पष्टीकरण सोधिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा १२ को उपदफा (२) मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट लेखी आएमा अख्तियारवालाले उपयुक्त सजाय प्रस्ताव गरी तीन महिनाभित्र प्रचलित कानून बमोजिम विभागीय कारवाही गरी सोको जानकारी आयोगलाई दिनुपर्नेछ भन्ने व्यवस्था रहेको र उपदफा (३) मा मनासिब कारण परेमा बाहेक अख्तियारवालाले विभागीय कारवाही नगरेमा विभागीय कारवाही नगर्ने अधिकारीलाई नै अनुचित कार्य गरेको भनी आयोगले कारवाही गर्न सक्ने छ भन्ने व्यवस्था रहेको हुँदा वन मन्त्रालयका सचिवले आफै उपर कारवाही हुनसक्ने ठानी उक्त स्पष्टीकरण सोधी कारवाही अगाडि बढाएको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले म निवेदक उपर एकातिर अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा ३ को खण्ड (ख) र (छ) को अनुचित कार्य गरेको भन्ने आरोप लगाएको छ भने अर्कोतिर निजामती सेवा ऐनको दफा ६०क को देहाय (क) को कसूर गरेको भन्ने आरोप लगाएको छ। वस्तुतः अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको दफा ३ को खण्ड (ख) मा कुनै निर्णय वा आदेश गर्दा बाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधिको पालना नगरेको भन्ने व्यवस्था रहेको छ। तर मलाई उक्त आरोप लगाइएको भए पनि मैले के कुन आदेश वा निर्णय गर्दा बाध्यात्मक रुपले अपनाउनुपर्ने के कुन कार्यविधिको पालना गरेन भन्ने विवरण खुलाउन सकेको अवस्था छैन। त्यसरी नै खण्ड (छ) मा आफ्नो पदको प्रकृति अनुसार पदीय कर्तव्य पालना नगरेको भन्ने अवस्था रहेको छ, सो आरोप स्थापित हुने वस्तुनिष्ठ र पारदर्शी आधार विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले देखाउन सकेको छैन। अनुचित कार्य गरेको भनी लिएका उक्त दुई आधारहरू र निजामती सेवा ऐनको दफा ६० क को देहाय (क) को आधार एक अर्कामा मिल्ने प्रकृतिका नहुँदा जवर्जस्ती आरोपहरू लगाई उक्त विभागीय कारवाहीको प्रक्रिया अगाडि वढाउनु निश्चित पनि कानून सम्मत हुन सक्दैन।

मैले पेश गरेको स्पष्टीकरणको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मलाई कुनै प्रतिक्रिया नै नदिई वन मन्त्रालयलाई विभागीय कारवाहीका लागि लेखी पठाउने निर्णय गर्दा यति ठूलो अपरेशनमा खटिए पश्चात् भए गरेको काम कारवाहीको विवरण चाँडो भन्दा चाँडो माथिल्लो निकायमा जाहेर गर्न नसक्नुको कारण खुलाउन नसकेको, चोरीशिकारी नियन्त्रणको काममा प्रयोग भएको एकसिँगे गैडाको सक्कली खाग कार्यालयको कर्मचारीलाई भरपाई गरी पठाएको भनी पन्छिन खोजेको, बरामद भएका सरसामानहरू मध्ये नगद रु. ६ लाख कार्यालयमा बुझाए तापनि वरामद

भएको यार्चागुम्बा ८ के.जी., ४ प्रकारको धुलो पदार्थ १८ के.जी., शंकास्पद खागको धुलो ३ के.जी. समेत परीक्षणको लागि समय मा नै विधि विज्ञान प्रयोगशालामा नपठाउनुको कारण स्पष्ट हुन नसकेको, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३० बमोजिम ऐन अन्तर्गतका अनुसन्धान तहकीकातको जानकारी कुनै निकायलाई दिनुपर्ने छ भनी उल्लेख नभएको भनी कर्तव्यबाट पन्छिन खोजेको भन्ने व्यहोरा उल्लेख गरी सोही व्यहोरा राखी वन मन्त्रालयमा पठाएको छ। तर उक्त विषयमा मलाई आफ्नो सफाइ पेश गर्ने मौका नै दिइएको छैन।

माथि प्रकरणहरूमा उल्लिखित तथ्य र कानूनको आधारमा विपक्षीहरूको उक्त काम कारवाही र निर्णयबाट मलाई अन्तरिम संविधानको धारा १२(३)(च), १३(१) र १९(१) द्वारा प्रदत्त मौलिक हक एवं माथि उल्लिखित निजामती सेवा ऐन र निजामती सेवा नियमावली द्वारा प्रदत्त कानूनी हकहरूको समेत हनन् हुन नगएकोले विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६५।१२।२५ को निर्णय र आयोगको मिति २०६५।१२।२८ र मिति २०६६।४।२५ को पत्र बमोजिम वन मन्त्रालयले मिति २०६६।६।१ को पत्रबाट सोधिएको स्पष्टीकरण लगायत म उपर विभागीय कारवाही गर्न लागिएको सम्पूर्ण काम कारवाही एवं निर्णय समेतलाई उत्प्रेषणको आदेशद्वारा बदर गरी म निवेदकलाई गर्न लागिएको विभागीय कारवाही नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा प्रतिषेधको आदेश लगायत अन्य जो चाहिने उपयुक्त आज्ञा आदेश जारी गरी पूर्ण न्याय पाऊँ। प्रस्तुत मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म विपक्षीहरूबाट मलाई गर्न लागिएको विभागीय सजाय सम्बन्धी कारवाही अगाडि नबढाउनु यथास्थितिमा रहन दिनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश समेत जारी गरि पाऊँ भन्ने कमलजंङ्ग कुँवरको मिति २०६६।७।९ को निवेदन।

यसमा के कसो भएको हो ? निवदेकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? यो आदेश प्राप्त भएका मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरूलाई सूचना पठाई लिखित जवाफ परे पछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु। अन्तरिम आदेशमा छलफल गर्ने प्रयोजनका लागि विपक्षीहरूलाई सूचना दिई मिति २०६६।७।१८ मा पेश गर्नु भन्ने यस अदालतको मिति २०६६।७।१० को आदेश।

अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०६५।१२।२५ को निर्णयबाट यी निवेदकलाई निजामती सेवा ऐन, २०४९ को दफा ५९ को खण्ड (क) को (३) बमोजिमको विभागीय सजाय गर्नु भनी किटान गरी लेखी पठाएको देखिएको अवस्था हुँदा तत्काल अन्तरिम आदेश जारी नभएमा रिट निवेदकले उठाएको विवादको विषय

निष्प्रयोजन हुने अवस्था देखिएकोले प्रस्तुत रिट निवदेनको अन्तिम टुङ्गो नलागेसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोगको उक्त मिति २०६५।१२।२५ को निर्णय बमोजिम गर्न लागिएको विभागीय सजायको कारवाही समेत हाल नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरी दिएको छ भन्ने यस अदालतको मिति २०६६।७।१८ को आदेश।

निवेदक समेतले अख्तियारको दुरुपयोग गरी संरक्षित बन्यजन्तु एकसिँगे गैडाको खाग गैरकानूनी तवरले विक्री वितरण गरी भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा आवश्यक अनुसन्धान गरी आयोगको मिति २०६५।१२।२५ को बैठकबाट निजले यति ठूलो अपरेशनमा खटिए पश्चात् भए गरेको काम कारवाहीको विवरण चाँडो भन्दा चाँडो माथिल्लो निकायमा जाहेर गर्न नसक्नुको कारण खुलाउन नसकेको, चोरीशिकारी नियन्त्रणको क्रममा प्रयोग भएको एकसिँगे गैंडाको सक्कली खाग कार्यालयको कर्मचारीलाई भरपाई गरी पठाएको भनी पन्छिन खोजेको, बरामद सरसामानहरू मध्ये नगद रु. ६ लाख कार्यालयमा बुझाए पनि वरामद भएको यार्चागुम्बा ८ के.जी., ४ प्रकारका धुलो पदार्थ १८ के.जी. र शंकास्पद खागको धुलो ३ के.जी. परीक्षणका लागि समयमा नै विधि विज्ञान प्रयोगशाला नपठाउनुको कारणको सम्बन्धमा स्पष्ट हुन नसकेको, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०४९ को दफा ३० बमोजिम ऐन अन्तर्गतको अनुसन्धान तहकीकातको जानकारी कुनै निकायलाई दिनु पर्नेछ भनी उल्लेख नभएको भनी पन्छिन खोजेको देखिदा निजले पेश गरेको स्पष्टीकरणको जवाफ सन्तोषजनक रहेको देखिएन। तसर्थ निजले गरेको सो कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३(ख) र ३(छ) अनुसार कुनै निर्णय वा आदेश गर्दा अपनाउनुपर्ने कार्यविधिको पालना नगरेको तथा आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने कुनै पदीय कर्तव्य पालन नगरी अनुचित कार्य गरेको देखिदा निजलाई विभागीय कारवाही गर्नका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(१) बमोजिम अख्तियारवालालाई लेखी पठाउने....” भन्ने समेतको निर्णय भै आवश्यक कारवाहीको लागि वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाएको हो।

निवेदकको काम कारवाहीबाट अख्तियार दुरुपयोग गरेको देखिन आई स्पष्टीकरण पेश गर्ने मौका प्रदान गरी स्पष्टीकरण सन्तोषजनक नलागेमा आयोगले सचेत गराउन वा कसूरको मात्रा अनुसार कारण र आधार खुलाई विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउन सक्ने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(१) ले आयोगलाई प्रदान गरेको छ। विभागीय कारवाहीको लागि वन मन्त्रालयमा लेखी पठाउँदा निजामती सेवा ऐन, २०४९ को दफा

५९(क) को (३) बमोजिम सजाय किन नगर्ने भनी स्पष्टीकरण मागिएकोमा टाइपको त्रुटिले ५९(क) (४) हुन गएकोमा २०६६।४।२५ मा सच्चाउने पत्र लेखेको हो। सो कार्यबाट निवेदकको हकमा आघात नपुग्ने हुँदा २ पटक विभागीय कारवाही गर्न लेखी पठाएको भन्न मिल्दैन। निवेदकले आफ्नो कार्य निजामती सेवा ऐन, २०४९ को दफा ६० को (क) र (घ) बमोजिम नसिहत दिने सम्मको भनी स्वीकार गरेको अवस्थामा आयोगले ६० क को देहाय (क) को आधार एक अर्कोमा मिल्ने प्रकृतिका हुँदा सो कारवाही अन्यथा हो भन्न मिल्दैन। पक्षले पेश गरेको स्पष्टीकरणमा प्रतिक्रिया दिनुपर्ने कानूनी व्यवस्था समेत नभएको हुँदा प्रतिक्रिया नदिएको भन्ने आधार कानून विपरीत छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ (ग) अनुसार आयोगको निर्णयमा पुनरावेदन लाग्ने व्यवस्था भएकोमा रिट क्षेत्रमा प्रवेश गर्न समेत मिल्दैन। तसर्थ निवेदन खारेज गरि पाऊँ भन्ने अख्तियार दुरुपयोग अनुसन्धान आयोग र आफ्नो तर्फबाट आयोगका सचिव भगवती कुमार काफ्लेले पेश गरेको मिति २०६६।८।४ को लिखित जवाफ।

निवेदक राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गतको राष्ट्रिय निकुञ्जको कायम मुकायम प्रमुख संरक्षण अधिकृतको पदमा कार्यरत रहँदा चोरीशिकारी नियन्त्रणको कार्यमा प्रयोग भएको गैडाको सक्कली खाग हराएको सम्बन्धमा उजूर पर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सो सम्बन्धमा छानबीन गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ बमोजिम कमलजंङ्ग कुँवरलाई विभागीय सजाय गर्न लेखी आए मुताविक यस मन्त्रालयबाट निवेदकलाई सफाइ पेश गर्न लगाउन मिति २०६६।५।१४ मा निर्णय भै स्पष्टीकरण सोधिएको हो। आयोगलाई विभागीय कारवाही गर्न लेखी पठाउने अख्तियार भएको र सो अनुसार कावाहीको प्रक्रिया शुरु गरेको कार्य कानून सम्मत छ। यसबाट निवेदकको हकमा आघात नपुग्ने हुँदा रिट निवेदन खारेज गरि पाऊँ भन्ने वन तथा भू-संरक्षण मन्त्रालय र आफ्नो तर्फबाट ऐ. का सचिव युवराज भुसालले मिति २०६६।९।२ मा पेश गर्नुभएको लिखित जवाफ।

नियम बमोजिम पेश भएको प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान अधिवक्ता श्री हरिप्रसाद उप्रेतीले मेरो पक्षले अपराधी पत्ता लगाउने प्रयोजनका लागि गैडाको सक्कली खाग प्रयोग गरेका थिए। खाग अर्को कर्मचारीले बुझेको भै खागका सम्बन्धमा सतर्क हुँदाहुँदै पनि सो खाग हराउन पुगेको थियो। त्यस्तो स्थितिमा उजूर परेकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मेरो पक्षलाई कारवाही गर्न निर्देशन दिएको छ। विभागीय कारवाही गर्नु पर्ने देखेको अवस्थामा पनि निर्देशन दिने अधिकार अन्तर्गत विभागीय कारवाही गर्न निर्देशन दिदा आयोगले सजाय किटान गरी निर्देशन गर्न

पाउदैन। सजाय किटान गरी निर्देशन दिएमा अख्तियारवालाले आफ्नो अधिकार र विवेक प्रयोग गरी सजाय प्रस्ताव गर्न र सजाय गर्न पाउँदैन। यसबाट सम्बन्धित विभागको अधिकार अतिक्रमण हुन्छ भने कर्मचारीलाई अन्याय पर्न जान्छ। आयोगले सजाय किटान गरी निर्देशन दिन नपाउने भएकाले सजाय किटान गरी कारवाही गर्न गरेको अख्तियारको निर्णय, निर्देशन र सो अनुसार सजाय गर्न वन तथा भू-संरक्षण मन्त्रालयले मागेको स्पष्टीकरण लगायतको काम कारवाही त्रुटिपूर्ण हुँदा सो निर्णय र सो बमोजिमका पत्राचार उत्प्रेषणको आदेशद्वारा बदर हुनुपर्छ भन्ने र विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री रमेश शर्मा पौडेलले निवेदक उपर परेको उजूरीमा छानबीन गर्दा विभागीय कारवाही गर्नुपर्ने देखी आयोगले आफूलाई प्राप्त अधिकार प्रयोग गरी विभागीय कारवाही गर्न सम्बन्धित मन्त्रालयमा लेखी पठाएको हो। कानून बमोजिमको कारवाही गरेको हो कुनै त्रुटि भएको छैन। आयोगको निर्णयमा चित्त नबुझे निवेदकले विशेष अदालतमा पुनरावेदन गर्नुपर्नेमा रिट क्षेत्र प्रवेश गरेको मिलेको छैन, रिट खारेज हुनुपर्छ भनी गर्नु भएको बहस सुनियो।

२. निर्णय तर्फ विचार गर्दा म निवेदक चितवन राष्ट्रिय निकुञ्ज कार्यालयको का. मु. संरक्षण अधिकृतको रुपमा कार्यरत रहेको समयमा अपराधी पत्ता लगाउने प्रयोजनको लागि कार्यालयबाट गैडाको खाग निकालेको मा सो खाग हराएको विषयलाई लिएर म समेतका कर्मचारीले मिलेमतो गरी विक्री गरेको भन्ने उजूरीको सम्बन्धमा आयोगले छानबीन गरी मैले निर्णय वा आदेश गर्दा अपनाउनु पर्ने कार्यविधि पालना नगरेको वा पदीय कर्तव्य पालना नगरी अनुचित कार्य गरेको देखिदा भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(१) को अधिकार प्रयोग गरी निजामती सेवा ऐन, २०४९ को दफा ६० क को देहाय (ग) को अभियोगमा ऐ ऐनको दफा ५९(क) को (३) अनुसार अख्तियारवाला वन तथा भू-संरक्षण मन्त्रालयलाई विभागीय कारवाही गर्न निर्देशन दिएको रहेछ। मलाई निजामती सेवा ऐन, २०४९ को दफा ६०क को देहाय (ग) को कसूर गरेको भनी दोष लगाइएको छ। मैले वन्यजन्तुको चोरीशिकारी, डकैती गर्नेलाई कारवाही गरी आएको, त्यसै विषयमा अपराधीलाई फसाई अपराधिलाई पक्राउ गर्ने अपरेशन अन्तर्गत गैडाको खाग लिई गएकोमा, खाग चोरी भएको वा छुटेको कारण हराएको भनी विवरण पेश गर्दा गर्दै पनि सो कुरालाई नसुनी म उपर अनुचित कार्य गरेको भनी विभागीय सजाय गर्न आयोगले निर्देशन गरेको छ। म उपर कारवाही गर्ने अवस्था नै छैन भनी मैले भनेको तथ्यलाई स्वीकार नगरी आयोगले कारवाही गर्न निर्देशन दिनुपर्ने देखेमा पनि विभागीय कारवाही गर्न अख्तियारवालालाई सामान्य निर्देशन गर्नसम्म सक्ने हो। दफा र सजाय किटान गरी निर्देशन गर्न पाउने होइन। दफा नै किटान गरी निर्देशन दिएको आधारमा वन तथा भू-संरक्षण मन्त्रालयले

कानूनतः आफूलाई प्राप्त अधिकार प्रयोग गर्न नसकी आयोगको निर्देशनको आधारमा कारवाही प्रारम्भ गरेको छ। आयोगको त्रुटिपूर्ण निर्णय, निर्देशन र सोको आधारमा गर्न लागेको कारवाही त्रुटिपुर्ण हुँदा, ती सवै काम कारवाही समेत उत्प्रेषणको आदेशले बदर गरी म उपर गर्न लागेको कारवाही नगर्नु नगराउनु भनी विपक्षीहरूका नाममा प्रतिषेधको आदेश जारी गरि पाऊँ भन्ने निवेदन र निवेदकले अपराधी पत्ता लगाई पक्राउ गर्ने उद्देश्यले कार्यालयमा भएको गैडाको खाग कार्यालयबाट निकाली लगेकोमा सो खाग समेत हराई वा चोरी गराई नोक्सान गरेकोमा निवेदक उपर भ्रष्टाचारको उजूर परेको कारण छानबीन गर्दा निवेदकले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको देखिदा निजलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(१) अनुसार अख्तियार प्राप्त अधिकारीलाई विभागीय कारवाही गर्न लेखी पठाएको र सो अनुसार वन मन्त्रालयले कारवाही प्रारम्भ गरेको हो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निवेदकलाई विभागीय कारवाही गर्न गरेको निर्णय एवं निर्देशन र सो अनुसार वन मन्त्रालयले माग गरेको स्पष्टीकरण कानून सम्मत हुँदा रिट निवेदन खारेज हुनुपर्छ भन्ने लिखित जवाफ भएको प्रस्तुत निवेदनमा निवेदकलाई विभागीय कारवाही गर्न सजाय किटान गरी लेखी पठाउने निर्णय गर्न र सो अनुसार वन तथा भू-संरक्षण मन्त्रालयले कारवाही गर्न मिल्ने हो कि होइन ? भन्ने विषयमा विवेचना गरी निवेदकको माग अनुसारको आदेश जारी गर्नुपर्ने हो कि होइन ? भनी निर्णय दिनुपर्ने हुन आएको छ।

३. प्रस्तुत निवेदनमा निवेदक उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विभागीय कारवाही गर्न निजामती सेवा ऐन, २०४९ ले व्यवस्था गरेको विभागीय सजायको दफा किटान गरी कारवाही गर्नु भनी वन तथा भू-संरक्षण मन्त्रालयलाई निर्देशन दिएको देखिन्छ। सो निर्णय र निर्देशनको आधारमा सोही दफा अनुसारको कारवाही किन नगर्ने भनी वन तथा भू-संरक्षण मन्त्रालयले निवेदकलाई स्पष्टीकरण सोधेको देखिन्छ। निवेदकले आयोगले यदि मलाई कारवाही गर्ने देखेको हो भने पनि सामान्य रुपमा अर्थात् सम्बन्धित अख्तियारवालाले स्वतन्त्ररुपमा अधिकार प्रयोग गरी कारवाही गर्न पाउने गरी विभागीय सजाय गर्न निर्देशन सम्म दिन पाउने हो, अख्तियारवालाले आफ्नो अधिकार प्रयोग गर्न नपाउने गरी सजाय किटान गरी कारवाही गर्न निर्देशन गर्न पाउने होइन र त्यसरी दिएको निर्देशनको आधारमा कारवाही गर्नु न्यायोचित समेत हुँदैन भनी आयोगको निर्णय र कारवाहीलाई चुनौती दिएको देखिन्छ। आयोगलाई विभागीय कारवाही गर्न निर्देशन दिने अधिकार अन्तर्गत अख्तियारवालालाई कस्तो प्रकृतिको आदेश दिन पाउने हो ? र त्यसकै आधारमा विभाग वा मन्त्रालयले निर्देशनको हु-बहु आधारमा कारवाही गर्नु पर्ने हो वा होइन ?

भन्ने विषयमा उठेको विवादको सन्दर्भमा आयोगलाई के कस्तो निर्देशन दिन पाउने अधिकार रहेछ भनी विवेचना गर्नुपर्ने देखिन आयो।

४. नेपालको अन्तरिम संविधान, २०६३ को भाग ११ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था गरेको देखिन्छ। संविधानको धारा १२०(१) मा " कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान र तहकीकात गर्न गराउन सक्ने" र धारा १२०(४) मा " भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न गराउन सक्ने" व्यवस्था गरेको देखिन्छ। त्यसैगरी धारा १२०(३) मा " .... सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दुरुपयोग गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले निजलाई सचेत गराउन वा विभागीय कारवाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारवाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्ने" र धारा १२०(५) मा "..... सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारवाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारवाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ" भन्ने व्यवस्था गरेको देखिन्छ। उपरोक्त व्यवस्थाबाट आयोगले भ्रष्टाचार गरेकोमा अनुसन्धान तहकीकात गरी मुद्दा चलाउने र अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको देखिएमा सचेत गराउन, विभागीय कारवाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य कारवाही गर्न अख्तियारवालालाई लेखी पठाउन सक्ने गरी मुलतः २ वटा अधिकार प्रदान गरेको देखिन आयो।

५. आयोगले कारवाही गर्न लेखी पठाउने विषयको सन्दर्भमा आयोगले सजाय किटान गरी लेख्न पाउने हो कि होइन ? कारवाही गर्न पत्र पठाउदा कति हदसम्म लेख्न पाउने हो ? भन्ने विषय नै प्रस्तुत मुद्दाको प्रमुख विषय देखिदा सो सम्बन्धमा भएको कानूनी व्यवस्थालाई समेत अध्ययन गर्नुपर्ने देखियो। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११(१) मा "आयोगले गरेको अनुसन्धानबाट सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरेको देखिएमा वा विश्वास गर्नुपर्ने मनासिब कारण भएमा आयोगले त्यस्तो व्यक्तिलाई निज उपर परेको उजूरीको अनुसन्धानबाट प्राप्त विवरण उल्लेख गरी सो सम्बन्धमा स्पष्टीकरण पेश गर्न मनासिब म्याद तोकी

सूचना दिनुपर्ने र दफा ११ (२) मा उपदफा (१) बमोजिम सूचना दिदा सार्वजनिक पद धारण गरेको व्यक्ति उपर परेको उजूरी र सो सम्बन्धमा भएको अनुसन्धानबाट प्राप्त विवरण र निज उपरको आरोप कुन कुन कुरा र कारणमा आधारित छ र सो आरोप ठहरिएमा के कस्तो विभागीय कारवाही वा सजाय हुने हो, सो समेत खुलाउनुपर्नेछ" भन्ने व्यवस्था गरेको देखिन्छ त्यसैगरी, दफा १२(१) मा " .....स्पष्टीकरण पेश नगरेमा वा निजले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउन वा कसूरको मात्रा अनुसार कारण र आधार खुलाई विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउनसक्नेछ" भन्ने प्रावधान राखेको देखिन्छ। उल्लेख गरिएको प्रावधान मात्र हेर्ने हो भने, आयोगले उजूर परेको व्यक्तिलाई विभागीय कारवाही वा सजाय गर्न निर्देशन दिदा सजाय किटान गरी विभागीय कारवाही वा सजाय गर्न लेखि पठाउनुपर्ने देखिन्छ। तर उपरोक्त ऐनको दफा १२(२) समेतलाई हेर्दा त्यस्तो व्यवस्था गरेको हो भन्ने देखिन आउदैन। संविधान वा ऐनको कुनै धारा वा दफा मा गरिएको व्यवस्थाको अर्थ गर्दा कुनै एक दफा वा धाराको मात्र अर्थ नगरी त्यससँग सम्बन्धित सबै धारा वा दफालाई समग्रमा हेर्नुपर्दछ। त्यसकारण ऐ ऐनको दफा ११(१), ११(२) र १२(१) को व्यवस्थालाई दफा १२(२) सँग मिलाएर हेर्नुपर्ने हुनआउछ। ऐ ऐनको दफा १२(२) मा "उपदफा १ बमोजिम लेखी आएमा सम्बन्धित अख्तियारवालाले उपयुक्त सजाय प्रस्ताव गरी तीन महिनाभित्र प्रचलित कानून बमोजिम विभागीय कारवाही गरी सोको जानकारी आयोगलाई दिनुपर्नेछ" भन्ने व्यवस्था गरेको देखिँदा कुन सजाय गर्ने भन्ने छनौट गर्ने अधिकार अख्तियारवालालाई दिएको देखिन्छ। उपयुक्त सजाय प्रस्ताव गरी विभागीय कारवाही गर्ने अख्तियारी अख्तियारवालालाई प्रदान गरेको अवस्थामा यदि आयोगले नै सजायको दफा र सजाय नै किटान गरी निर्देशन दिने हो भने उपयुक्त सजाय प्रस्ताव गर्न पाउने अख्तियारवालाको अधिकार समाप्त भै दफा १२(२) को व्यवस्था निष्क्रिय हुनपुग्दछ।

६. नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२०(३) ले आयोगले .....सचेत गराउन, विभागीय कारवाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारवाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ भन्ने मात्र व्यवस्था गरेको र त्यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२(२) मा "आयोगले अख्तियारवालालाई विभागीय कारवाही वा सजाय गर्न लेखी आएमा सम्बन्धित अख्तियारवालाले उपयुक्त सजाय प्रस्ताव गरी ..... विभागीय सजाय गरी सोको जानकारी आयोगलाई दिनुपर्नेछ" भन्ने व्यवस्थालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ११(२), १२(१) सँग मिलाई

हेर्दा आयोगले सजाय किटान नगरी कारवाहीको निर्देशनसम्म गर्न पाउने र अख्तियारवालाले व्यक्तिलाई उसको क्रियाको आधारमा कुन सजाय प्रस्ताव गर्न उपयुक्त हुन्छ सो सजाय प्रस्ताव गरी स्पष्टीकरण सोध्ने र सजाय गर्न पाउने गरी अधिकारको विभाजन गरेको हो भनी अर्थ गर्नु कानूनी र न्यायिक हुन आउँछ। उपरोक्त विवेचनाबाट सजाय चयन गर्न पाउने अधिकार अख्तियारवालालाई मात्र भएको देखिँदा सजायको निर्धारणकर्ता अख्यिारवाला नै हो भन्ने देखिन आउछ।

७. सार्वजनिक पदमा रहेका व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको सम्बन्धमा उजूर परेको अवस्थामा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले, आफू समक्ष आएको उजूरीमा छानबीन अनुसन्धान तहकीकात गरी सार्वजनिक पदमा आसिन व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको देखेमा विभागीय सजाय गर्न निर्देशन दिने र भ्रष्टाचार भएको देखिएमा भ्रष्टाचारमा मुद्दा चलाउने निर्णय गरी मुद्दा दर्ता गर्नुपर्दछ। आयोग वस्तुतः यिनै प्रयोजनका लागि स्थापित संवैधानिक निकाय हो। नेपालले प्रति द्धन्दात्मक कानूनीप द्धति (Adversarial Legal System) अवलम्बन गरेको छ। यो पद्धति अवलम्बन गरेको मुलुकमा अभियोजन र अनुसन्धान गर्ने निकाय वा पक्षले मुद्दाको निर्णय गर्न सक्दैन। आयोग मुद्दाको निर्णयकर्ता नभै अनुसन्धान, तहकीकात र अभियोजनकर्तासम्म हो। त्यसकारण आयोगले कसै उपर विभागीय सजाय गर्न निर्देशन दिदा सजायको निर्णयकर्ताको रुपमा नरही विभागीय सजाय गर्नु भन्ने सम्मको निर्देशन दिनुपर्ने हुन्छ। त्यसरी निर्देशन आएमा अख्तियारवालले नै आफूलाई प्राप्त विभागीय सजाय गर्न पाउने अधिकार प्रयोग गरी गल्तिको आधारमा उपयुक्त सजाय प्रस्ताव गरी कारवाही गर्नुपर्ने हुन्छ। यदि त्यसो नगरी आयोगले सजाय किटान गरी निर्देशन दिने र अख्तियारवाला त्यसको प्रक्रिया पुर्याई कार्यान्वयन गर्ने सम्मको काम गर्ने निकाय मान्ने हो भने अनुसन्धानकर्ता नै निर्णयकर्ताको रुपमा उभिने र वास्तविक रुपमा विभागीय कारवाही गर्ने पदाधिकारी निर्णय कार्यान्वयनकर्ताको रुपमा सीमित रहन पुग्दछ। संविधान र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको धारणा र मर्म यस्तो होइन। न त मान्य कानूनको सिद्धान्तले नै त्यसो गर्न मिल्दछ। अतः नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२०(३), (४) र (५), अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ११(२), दफा१२(१) र १२(२) समेतलाई समग्रमा हेर्दा अख्तियारवालाको अधिकार नै समाप्त हुने र अनुसन्धान तहकीकात र अभियोजन गर्ने निकाय नै निर्णयकर्ता हुन सिद्धान्ततः नमिल्ने भएको कारण कुनै व्यक्ति उपर उजूर परेमा सो व्यक्तिले के कस्तो काम गरी अख्तियारको दुरुपयोग गरेको हो, छानबीन

अनुसन्धान गरी, अख्तियारको दुरुपयोग गरेको देखिएमा त्यसलाई पुष्टि गर्ने आधार र कारण खोलि विभागीय कारवाही गर्न निर्देशन दिन सम्म पाउने देखिदा, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नै सजाय सम्बन्धी कानूनको दफा र सजाय किटान गरी सजाय गर्न निर्देशन गर्न पाउछ भन्न मिल्ने देखिएन।

८. तसर्थ उपरोक्त विवेचित आधार कारण र नेकाप २०६४, नि.नं. ७८०२, पृ. १, रुद्र कुमार श्रेष्ठ वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग काठमाडौं समेत भएको उत्प्रेषणको निवेदनमा प्रतिपादित सिद्धान्त समेतको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेको देखेमा निज उपर सो तथ्यको आधार कारण खोली सम्बन्धित अख्तियारवालालाई विभागीय कारवाही गर्न लेखी पठाउन सक्ने भएपनि अख्तियारवालाले आफ्नो विवेक प्रयोग गरी उपयुक्त सजाय छनोट गरी सजाय र निर्णय गर्न पाउने अधिकार अतिक्रमण गरी दण्ड सजायको दफा समेत किटान गरी निर्देशन दिन सक्ने नदेखिँदा सामान्य रुपबाट विभागीय सजाय गर्न लेखि पठाउनुपर्नेमा आयोगले निवेदकलाई गर्ने सजाय (दफा) किटान गरी कारवाही गर्न दिएको मिति २०६५।१२।२५ को निर्णय, सो निर्णय अनुसार लेखेको जानकारी एवं आवश्यक कार्यार्थ पत्र र सो अनुसार मन्त्रालयले मिति २०६६।६।१ मा सोधेको स्पष्टीकरण समेत कानून सम्मत देखिएन। अतः अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सजाय किटान गरी निवेदकलाई निजामती सेवा ऐन, २०४९ को दफा ६०क को देहाय (ग) को कसूरमा ऐ. ऐनको दफा ५९को (क)(३) अनुसार विभागीय सजाय गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाउने भनी गरेको मिति २०६५।१२।२५ को निर्णय, सो निर्णय अनुसार गर्न भनी आयोगले वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखेको मिति २०६५।१२।२८ को जानकारी एवं आवश्यक कार्यार्थ पत्र, आयोगले सजायको दफा संशोधन गर्न लेखेको पत्र र सो निर्णय र पत्र अनुसार वन तथा भू-संरक्षण मन्त्रालयले निवेदकसँग कारवाही गर्ने क्रममा सफाइ पेश गर्नुभनी मिति २०६६।६।१ मा लेखेको स्पष्टीकरण पत्र समेतका काम कारवाही उत्प्रेषणको आदेशले बदर गरीदिएको छ। दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार वुझाईदिनू।

उक्त रायमा म सहमत छु।

न्या. कृष्ण प्रसाद उपाध्याय

इति संवत् २०६७ चैत २३ गते रोज ४ शुभम्।

२३. मुद्दाः परमादेश।

भाग ६१	निर्णय नं. १०२२४	ने.का.प. २०७६	अङ्क ३
सर्वोच्च अदालत, संयुक्त इजलास			
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल			
०७३-WO-००२२			
फैसला मितिः २०७४।९।१२			

निवेदकः ललितपुर जिल्ला कार्यविनायक न.पा. वडा नं.६ स्थित स्नेहाज केयरकी अध्यक्ष ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं.३० बस्ने यमुनाकुमारी श्रेष्ठ

विरूद्ध

विपक्षीः नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

निवेदकका तर्फबाटः विद्वान् अधिवक्ता श्री हरि फुँयाल र श्री प्रविण सुवेदी

विपक्षीका तर्फबाटः विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई

अवलम्बित नजिरः

ने.का.प.२०७३, अंक ९, नि.नं.९६८६

सम्बद्ध कानूनः

पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५
पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६
पशु वधशाला र मासु जाँच नियमावली, २०५७

- *पशुपंक्षीलाई अन्य निर्जीव सम्पत्तिजस्तो अमानवीय व्यवहार गर्न नमिल्ने।*

(प्रकरण नं.५)

- *पशुपंक्षी वध गर्दा उपयुक्त प्रविधिको प्रयोग गरी कम पीडा दिई गरिनुपर्ने।*
- *पशुपंक्षी एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गर्दा क्रूर तरिकाबाट नगरी व्यवस्थित तरिकाबाट गर्न कानूनले सुनिश्चित गरेको हुनुपर्ने।*
- *पशुलाई वैज्ञानिक प्रयोगको लागि उपयोग (Scientific Experiment), पशुको प्रजनन तथा Genetic Engineering र Genetic Modification, मनोरञ्जन तथा अन्य क्रियाकलापलगायतका विषयहरूलाई कानूनले सम्बोधन गर्नुपर्ने।*

(प्रकरण नं.१५)

आदेश

न्या.सपना प्रधान मल्लः नेपालको संविधानको धारा ४६, १३३(२)(३) बमोजिम यसै अदालतको अधिकारक्षेत्रभित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

रिट निवेदनको बेहोरा

म निवेदिकाले स्नेहाज केयर नामको सामाजिक संस्थामार्फत हाल करिब ७० वटा छाडा छोडिएका रोगी, घाइते कुकुरहरूको संरक्षण गरी पशु संरक्षण र पशु अधिकारका सम्बन्धमा काम गरी आएकी छु। मानव समुदाय र जीव जनावर एक अर्काका दुस्मन नभई एक अर्काका पूरक हुन्। नेपाली समाजले साँस्कृतिक, धार्मिक र पर्यावरणीय रूपले जीव जनावरको सहअस्तित्वलाई स्वीकार गरेको छ। हामी हरेक जीवभित्र परमात्माको अंश रहेको स्वीकार गरी विभिन्न साँस्कृतिक चाड, पर्व तथा उत्सवमा जीवजन्तुको पूजा गर्दछौं तथापि हामीले आमासरह सम्मान गरेको गाईले अनेकौं पीडा र अन्याय सहनु परेको छ। खेतीपातीको पर्याय बनेका गोरू राँगाले त्यस्तै अन्याय र यातना सहनु परेको छ। सुरक्षा र बफादारिताको पर्याय बनेको कुकुरले अनेकौं प्रकारले चरम अन्याय सहनु परेको छ। सम्पूर्ण घरपालुवा जनावर अन्याय र क्रूर यातनाको सिकार बनेका छन्। केही जनावरलाई एसिडले आक्रमण गर्ने, इनारमा फाली दिने, आगो र तातो पानीले पोली दिने, मट्टीतेल छर्केर आगो लगाई दिने, विष खुवाउने, खुट्टा, पुच्छर वा अन्य अङ्ग काटेर चरम यातना दिने जस्ता असभ्य र क्रूर तवरले आक्रमण गर्ने गरेको पाइन्छ। जङ्गली जनावरसमेत चरम यातना अन्याय र शोषण बेहोर्न बाध्य पारिएका छन्। मानव

समुदायको सुरक्षा समुन्नति र सम्बृद्धिका लागि हामीले विभिन्न कानून निर्माण गरेका छौं तर केही अपवादका व्यवस्थाबाहेक जीव जनावर र पशुधनको न्याय, सुरक्षा, मर्यादा र सदुपयोगका लागि कुनै कानून बनाइएको छैन। हाम्रै आँखाअगाडि जीव जनावर पशुधनलाई चरम यातना, पीडा र अन्याय हुँदा पनि उजुर गर्ने, कारबाही गराउने, न्याय दिलाउने ठाउँ छैन।

कतिपय जीवजन्तु असहायको सहारा बनेका छन् तापनि त्यस्तो जनावरप्रति समाजमा क्रूर हिंसा गर्ने संस्कार बढेको छ, पशु तथा जनावरप्रति पीडा, हिंसा र क्रूरता रोक्नेतर्फ नेपाल सरकारबाट कुनै कदम चालिएको छैन। गढिमाईजस्तो पशुवध पर्वले नेपाली समाजलाई क्रूर हत्याराको रूपमा विश्वभर प्रचारित गरेको छ। कृषि प्रधान देश नेपालमा कृषिका लागि अति आवश्यक र अपरिहार्य, विभिन्न जनावर दूध तथा दूधजन्य पदार्थका स्रोत तथा मासुका लागि पालिएका जनावर, घरेलु तथा राष्ट्रिय सुरक्षाका लागि पालिएका जनावर, घरेलु साजसज्जा तथा सौखका लागि पालिने जनावर तथा वन्यजन्तुसमेतले यथोचित न्याय, अपनत्व र मानवीय समवेदनाका अभावमा चरम हिंसा, दुर्व्यवहार र कष्ट पाइरहेका छन्। अमूल्य घरेलु र जङ्गली जनावरले समेत ज्यादै कष्ट र पीडा पाएका छन्। तिनीहरूप्रतिको न्यायोचित व्यवहार सदाचार र मर्यादा कायम गराउनेतर्फ कुनै प्रस्ट नीति तथा कानून बनाउन राज्यले ध्यान दिएको छैन जसबाट नागरिकलाई गुणस्तरीय वस्तु र सेवाको प्राप्तिमा अवरोध सिर्जना भएको छ र अमूल्य पशुधन असुरक्षित बनेको छ, मानव समुदायको खाद्यसम्बन्धी हक र स्वच्छ वातावरणमा बाँच्न पाउने हकमा समेत आघात परेको छ। जङ्गली जनावरको सुरक्षाका लागि बनेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐनमा भएको सामान्य व्यवस्थाले वन्यजन्तुको न्यायको प्रवर्धनमा कुनै खास योगदान दिन सकेको छैन भने घरेलु जनावरका हकमा कुनै कानून नै बनाइएको र लागू गरिएको छैन। छिमेकी मुलुक भारतमा जनावरका विरूद्ध अत्याचार रोक्न सन् १९६० देखि नै The Prevention of Cruelty to Animal Act, 1960 को व्यवस्था गरी त्यसअन्तर्गत पशु कल्याण बोर्डको व्यवस्था गरी पशु अधिकारको रक्षा गरिएको छ। भारतको सर्वोच्च अदालतले नेपालको गढिमाई मेलामा हुने पशुवधको कहालीलाग्दो अवस्थालाई निरूत्साहित पार्न Gauri Maulekhi Vs State of Uttarakhand and others, Writ Petition (PIL) No.73 of 2010, को मुद्दामा आदेश जारी गरेको छ र यस्तै विभिन्न मुद्दामा महत्त्वपूर्ण निर्णयहरू भएको छ। त्यसैगरी अर्को छिमेकी चीनमा सन् १९९९ मा पशु कल्याण ऐनको व्यवस्था गरी पशुका विरूद्ध हुने अत्याचारलाई दण्डनीय बनाइएको पाइन्छ।

नेपाल सरकारले छुट्टै पशुपन्छी मन्त्रालय गठन गरेको छ तर उचित संरक्षणात्मक व्यवस्थासहित छुट्टै नीति र कानून बनाउन सकेको छैन। स्वच्छ वातावरण प्रत्येक नागरिकको मौलिक हक हो। प्राकृतिक

असन्तुलन र इको सिस्टमको असन्तुलनमा भयानक प्राकृतिक विपत्ति आई लाग्दछन्। त्यसैले Ecology र Environment मा सन्तुलन कायम गरी सभ्य, समुन्नत र दिगो मानव समाजको विकासका लागि पशु अधिकारको सन्तुलित व्यवस्थापन अपरिहार्य छ तर हाल कायम रहेको हाम्रो व्यवहारबाट खाद्य सम्प्रभुता, स्वच्छ वातावरणको हकमा गम्भीर क्षति पुग्ने र क्षति निरन्तर बढ्दै जाने हुँदा त्यसबाट नेपाली नागरिकलाई प्राप्त समुन्नत जीवन जिउने हक (Right to Life with prosperity), खाद्य अधिकार (Right to Food), स्वच्छ वातावरणको हक (Right to Healthy Environment) मा समेत आघात पारेको छ। यसरी पशु व्यवस्थापन र पशु अधिकारप्रति गैरजिम्मेवार विपक्षीहरूका कारण मानव समाजमा गम्भीर भयावह असर पर्न जाने अवस्था सिर्जना भएको, नेपालको संविधानको धारा १७, २५, ३०, ३५, ३६, ४३ समेतद्वारा नागरिकलाई प्रदत्त मौलिक हकमा आघात परी मानिसको बाँच्न पाउने अधिकार हनन् हुन जाने, Ecology नै ध्वस्त हुने अवस्था सिर्जना भई मानव समाजले अनेकौं विपत्ति बेहोर्नुपर्ने भएको हुँदा पशु अधिकारको उचित व्यवस्था गर्न पशु तथा जनावरउपर क्रूर हिंसा, यातना र अनुचित कार्य हुन नदिनु र पशु व्यवस्थापनप्रति उचित प्रबन्धसहित पशु कल्याणसम्बन्धी उचित कानूनी व्यवस्था गर्नु, गराउनु भनी विपक्षीहरूका नाममा संविधानको धारा १३३(२) बमोजिम परमादेशको आदेश जारी गरिपाऊँ। साथै सम्मानित अदालतका आदेशले कानून नबन्दासम्म सबै पशु तथा जीवजन्तुलाई यातना र पीडा हुने कुनै काम व्यवहार नगर्नु, नगराउनु, यथोचित सुरक्षामा ध्यान दिनु, अनुचित, क्रूर र मर्यादाविपरीतको कुनै काम नगर्नु, नगराउनु र हुन नदिनु भन्नेसमेत बेहोराको आदेश जारी गरी तिनीहरूको न्यायोचित अधिकार सुनिश्चित गरिपाउँ भन्नेसमेत बेहोराको निवेदक यमुनाकुमारी श्रेष्ठको तर्फबाट यस अदालतमा दायर हुन आएको रिट निवेदन।

यस अदालतबाट जारी भएको कारण देखाउ आदेश

यसमा के कसो भएको हो ? निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए आधार कारणसहित यो आदेशप्राप्त भएका मितिले बाटाको म्यादबाहेक १५दिनभित्र विपक्षीहरूका नाममा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू।

विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ

पर्यावरण (Ecology) र वातावरण (Environment) मा सन्तुलन राख्न मानव समाजको दिगो विकासको लागि पशु अधिकारको संरक्षण तथा विकास गर्न र सोसम्बन्धी कानूनी व्यवस्था गर्न नेपाल सरकारले पशुपंक्षी विकास मन्त्रालयको स्थापना गरेको छ। त्यसैगरी, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण

क्षेत्रसमेत स्थापना भई पशुपंक्षी एवं जनावरहरूको संरक्षणको लागि काम गर्दै आइरहेको छ र सोको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०४९, वन ऐन, २०४९, वातावरण संरक्षण ऐन, २०५३ लगायतका ऐनहरू र सोसम्बन्धी विभिन्न नियमावलीहरूसमेत जारी भई कार्यान्वयन भइरहेका छन्। पशु अधिकारको संरक्षणका सम्बन्धमा रिट निवेदकले उठाउनु भएको विषयमा फरक धारणा राख्नुपर्ने अवस्था पनि छैन। जहाँसम्म पशुहरूलाई कसैले पनि यातना दिने र पीडा हुने कुनै कार्य गर्नबाट रोक्ने गरी छुट्टै कानून निर्माण हुनुपर्ने भन्ने विषय छ, समाजको आवश्यकता र प्राथमिकताअनुसार राज्यले कानून बनाउँदै जाने हुँदा यस विषयमा समेत सरकारले अध्ययन गरी उपयुक्त समयमा आवश्यक प्रबन्ध गर्ने नै हुँदा रिट निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था छैन। रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ।

विपक्षी व्यवस्थापिका संसद् सचिवालयको लिखित जवाफ

रिट निवेदकले आफ्नो रिट निवेदनको विरूद्ध खण्डमा यस व्यवस्थापिका संसद्लाई विपक्षी बनाउनुबाहेक रिट निवेदनको कुनै पनि प्रकरणमा यस व्यवस्थापिका संसद्को के, कुन काम कारबाहीबाट नागरिकको समुन्नत जीवन जिउने हक, खाद्य अधिकार वा स्वच्छ वातावरणको हकलगायतका हकहरू हनन् भएको हो भन्ने कुराको स्पष्ट आधार र कारण खुलाउन सक्नुभएको छैन। व्यवस्थापिका संसद् नियमावली, २०७३ ले स्पष्ट गरेको विधि र प्रक्रियाबमोजिम आफ्नो कार्य सम्पादन गर्ने यस व्यवस्थापिका संसद्लाई निवेदकले अनावश्यक रूपमा प्रत्यर्थी बनाएकोले प्रस्तुत रिट निवेदन प्रथमदृष्टिमै खारेज भागी छ। निवेदकले रिट निवेदनमा उल्लेख गरेबमोजिम आफ्नो परम्परा, चलन, धर्म, संस्कृतिको नाममा वा अन्य विभिन्न बहानामा पशु बली चढाउने वा हिंसा गर्ने वा अन्य कुनै प्रकारको दुःख दिने कार्यलाई रोक्ने जिम्मेवारी निर्विवाद रूपमा कार्यपालिकाको हो। यस्तो विषयलाई व्यवस्थित गर्न वा आवश्यक नियन्त्रण गर्न उपयुक्त कानूनको आवश्यकता महसुस गरी सरकारले व्यवस्थापिका संसद्मा विधेयक प्रस्तुत गरेको अवस्थामा त्यस्तो विधेयकलाई व्यवस्थापिका संसद् नियमावली, २०७३ ले निर्दिष्ट गरेको विधि र प्रक्रियाबमोजिम व्यवस्थापिका संसद्मा छलफल भई उपयुक्त निर्णय हुने नै हुँदा यस्तो विषयमा यस व्यवस्थापिका संसद्लाई विपक्षी बनाउनुको कुनै औचित्य छैन। अनावश्यक रूपमा विपक्षी बनाइएको यस व्यवस्थापिका संसद्को हकमा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ।

विपक्षी नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबारको लिखित जवाफ

गढिमाईलगायतका धार्मिक स्थलमा दिने गरिएको बलीको सन्दर्भमा जनावरहरूउपर हुने गरेको क्रूर र यातनापूर्ण व्यवहार नहुने व्यवस्था गर्न, बली दिइएका जनावरको मासुलगायतका चिजवस्तुको

स्वास्थ्यका दृष्टिले उचित व्यवस्थापन गर्न, वातावरण प्रदूषण नियन्त्रण गर्न, बली दिइने जनावरको क्वारेन्टाइन परीक्षणलगायतका स्वास्थ्य परीक्षण प्रभावकारी रूपमा हुने व्यवस्था मिलाउन र पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २७ बमोजिम पशुप्रति हुने निर्दयी व्यवहार रोक्नका लागि समिति गठन गरी त्यस्तो निर्दयी व्यवहार रोक्ने व्यवस्था मिलाउनु भनी रिट निवेदक अधिवक्ता अर्जुनकुमार अर्यालसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत भएको रिट नं.०७१-WO-०३७१ मा मिति २०७३।४।२० मा यस अदालतबाट परमादेशको आदेश जारी भइसकेको सन्दर्भमा प्रस्तुत रिट निवेदन दायर गर्नुको कुनै औचित्य देखिँदैन। पशुउपर हुने क्रूर यातना विरूद्धको कार्यलाई व्यवस्थित गर्ने गरी पशु तथा जनावरको कल्याणसँग सम्बन्धित कानूनमा संशोधन तथा नयाँ कानून तर्जुमाका लागि सम्बन्धित मन्त्रालयबाट मस्यौदा तयार भई सहमतिका लागि यस मन्त्रालयमा आएका बखत यस मन्त्रालयबाट आवश्यक प्रक्रिया अगाडि बढाइने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ।

विपक्षी नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको लिखित जवाफ

रिट निवेदकले आफ्नो निवेदनमा यस मन्त्रालयको के कस्तो काम, कारबाही वा निर्णयबाट के कस्तो संवैधानिक तथा कानूनी हक अधिकार हनन् हुन गएको हो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख गर्न सक्नुभएको छैन। कसैका विरूद्ध कुनै कुराको दाबी लिँदा कसको के र कुन काम, कारबाही वा निर्णयका कारण निवेदकको कुन कानूनद्वारा प्रदत्त कुन हक अधिकारमा के, कसरी हनन् हुन गएको हो भन्ने सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गरी सो कुरामा अदालतसमेत सन्तुष्ट हुने प्रमाण पेस गर्नुपर्दछ। यस मन्त्रालयलाई प्रत्यर्थी बनाउनु पर्ने कुनै कारण र आधार खुलाउन सकेको नपाइएकोले मन्त्रालयको हकमा विपक्षीको रिट निवेदन प्रथमदृष्टिमै खारेज गरिपाउँ भन्ने लिखित जवाफ।

विपक्षी नेपाल सरकार, पशुपंक्षी विकास मन्त्रालयको लिखित जवाफ

निवेदकको निवेदन जिकिरबमोजिम नेपालको संविधानको भाग ३ को मौलिक हकसम्बन्धी व्यवस्थालगायत अन्य कुनै धारामा पशु अधिकारसम्बन्धी स्पष्ट व्यवस्था गरेको पाइँदैन। तथापि, पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम १७ बमोजिम पशु ढुवानीसम्बन्धी मापदण्ड, २०६४ कार्यान्वयनमा रही सोही मापदण्डबमोजिम पशु ढुवानी हुने गरेको, पशु वधशाला र मासु जाँच ऐन, २०५५ को दफा ८ बमोजिम पशु वध गर्नुअघि जँचाउनु पर्ने, पशु रोगी देखिएमा वध गर्नबाट रोक्ने व्यवस्था रहेको पाइन्छ। पशु वधशाला र मासु जाँच नियमावली, २०५७ को नियम ४ मा पशुहरूको स्वास्थ्य परीक्षण गर्ने, पशुलाई अस्वस्थ पशुभन्दा भिन्न स्थानमा राख्ने, पशु वध

गर्नुअघि बेहोस बनाउने, नियम ९ मा वध गर्नुअघि पशु जाँच गर्ने कार्यविधिसम्बन्धी व्यवस्था गरी विभिन्न रोग भएका पशुलाई वध गर्नबाट वञ्चित गरेको पाइन्छ भने सोही नियमावलीको अनुसूची-५ मा पशु वध गर्नुपूर्व जाँच गर्ने कार्यविधिसम्बन्धी व्यवस्था गरेको पाइन्छ। साथै यस मन्त्रालयले मिति २०७२।१०।१३ मा जारी गरेको ४० बुँदे प्रतिबद्धताको बुँदा नम्बर १ मा राष्ट्रिय पशुपंक्षी पालन नीति तर्जुमा गरी ६ महिनाभित्र कार्यान्वयनमा ल्याउने प्रतिबद्धता उल्लेख भई राष्ट्रिय पशुपंक्षी नीति तयार भई जारी हुने क्रममा रहेको, बुँदा नम्बर २ मा मस्यौदा तयार भई संशोधन प्रक्रिया अगाडि बढिरहेको, पशु कल्याण ऐन, २०५५ मा संशोधनको प्रवर्द्धन तथा बजार ऐन, पशु औषधी ऐन र सरूवा रोग ऐनहरू १ वर्षभित्र तर्जुमा गरिने प्रतिबद्धतासहित ऐन नियम परिमार्जन तथा निर्माण समिति गठन भई उल्लिखित ऐनहरूको मस्यौदा तयार भइरहेको बेहोरा अनुरोध गर्दछु। अतः पशु अधिकारसम्बन्धी व्यवस्था नेपालको संविधानको मौलिक हकसम्बन्धी व्यवस्थामा नभएको तथा पशु अधिकारको संरक्षणले मात्र मानिसको बाँच्न पाउने अधिकारको प्रवर्द्धन हुन सक्छ र नागरिकको स्वच्छ वातावरणको हक प्राप्त हुन सक्छ भनी निवेदकले लिएको जिकिर नागरिकको मौलिक हकसँग अन्योन्याश्रित र परिपूरक नभएको तथा संविधानको धारा १३३(२) संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि मात्र प्रयोग हुने स्पष्ट व्यवस्था भएकोले निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन, रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ।

विपक्षी नेपाल सरकार, कृषि विकास मन्त्रालय, सिंहदरबारको लिखित जवाफ

यस मन्त्रालयको कुनै पनि काम कारबाही निवेदकले उठान गरेका विषयवस्तुसँग सम्बन्धित छैनन्। पशु अधिकारसँग सम्बन्धी नीति निर्माण एवं कानून तर्जुमाका विषयसमेत पशुपंक्षी विकास मन्त्रालयको क्षेत्राधिकारभित्र पर्दछ। यस मन्त्रालयको काम कारबाहीबाट निवेदिकाको मौलिक हकमा आघात पुगेको अवस्था नहुँदा असम्बद्ध एवं बेसरोकार निकायलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ।

विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर

नियमबमोजिम पेसी सूचीमा चढी निर्णयको लागि यस इजलासमा पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री हरि फुँयाल र श्री प्रविण सुवेदीले मानव समुदाय र पशु जगत्बिच अन्योन्याश्रित सम्बन्ध रहेको छ। धार्मिक, सामाजिक, आर्थिक तथा मानवीय कारणले समेत पशुहरूको अधिकार संरक्षण गर्नु मानव समुदायको कर्तव्य हो। पशु अधिकार र कल्याणको लागि विभिन्न देसहरूले कानूनी व्यवस्था गरेको भए तापनि नेपालको सन्दर्भमा पर्याप्त कानूनी व्यवस्था हुन

सकेको छैन। जसले गर्दा पशुहरूको अवस्था अत्यन्त दयनीय र कारूणिक रहेको छ र राज्यले यसतर्फ पर्याप्तध्यान दिन सकेको छैन। पशुसम्बन्धी केही ऐन कानूनहरू हाल विद्यमान रहेको भए तापनि ती व्यवस्थाहरू पर्याप्त छैनन्। पशुहरूको हक अधिकारको समुचित संरक्षण हुन नसक्दा खाद्य सम्प्रभुता र स्वच्छ वातावरणको हकमा प्रतिकूल प्रभाव परी नागरिकको जीवन जिउने हक, स्वच्छ वातावरणको हकलगायतका मौलिक हक अधिकारमा प्रतिकूल असर पर्ने भएकोले निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्छ भनी बहस गर्नुभयो।

त्यसैगरी विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले पशु हक अधिकारको सम्बन्धमा व्यवस्था गर्नको लागि कुनै कानूनी प्रावधान नभएको अवस्था होइन। पशुहरूको हक अधिकारको संरक्षणको लागि नेपाल सरकार गम्भीर र जिम्मेवार छ। पशुहरूको हक अधिकारको संरक्षण गर्नको लागि नै पशु सेवा ऐन,२०५५, वातावरण संरक्षण ऐन, २०५३, वन ऐन, २०४९ लगायतका ऐन तथा नियमावलीहरू तर्जुमा गरिएको छ। यसैगरी अधिवक्ता अर्जुनकुमार अर्यालसमेत विरूद्ध नेपाल सरकारको रिट नं. ०७१-WO-३७१ रिट निवेदनमा मिति २०७२।४।२० मा यसै अदालतबाट प्रस्तुत रिट निवेदनसँग समान प्रकृतिको विषयमा परमादेशको आदेश जारी भइसकेको अवस्थामा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन भनी बहस गर्नुभयो।

यस अदालतको निर्णयाधार/आदेश

उपर्युक्त तथ्य र बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नहरूको सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

(१) मानव समुदायको र पशुबिचको अन्तर सम्बन्ध कस्तो रहेको छ र सन्तुलित सम्बन्ध नहुँदा मानव समुदायमा कस्तो असर पर्न सक्दछ ?

(२) पशु अधिकार कस्तो अधिकार हो ?

(३) पशु अधिकारको संरक्षणको सन्दर्भमा अन्तर्राष्ट्रिय स्तरमा के कस्तो सिद्धान्त, मापदण्ड र कानूनहरू रहेका छन् ?

(४) नेपालमा पशु अधिकारका सम्बन्धमा विद्यमान कानूनी व्यवस्थाहरू पर्याप्त छन् वा छैनन् ?

(५) रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन ?

२. निर्णयतर्फ विचार गर्दा प्रस्तुत रिट निवेदनमा निवेदकले मुख्यतः पशु अधिकारको संरक्षणको लागि पर्याप्त कानूनी व्यवस्था नभएको, पशुधनको न्याय, सुरक्षा, मर्यादा र सदुपयोगका लागि

कुनै कानून नबनाइएको कारण जीव जनावर पशुधनलाई चरम यातना, पीडा र अन्याय हुँदा पनि उजुरी गर्ने, कारबाही गराउने र न्याय दिलाउने ठाउँ नभएकोलगायतका आधारमा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने भन्ने जिकिर लिएको देखिन्छ भने विपक्षीहरूले पेस गरेको लिखित जवाफको अध्ययन गरी हेर्दा यस सम्बन्धमा कानूनी व्यवस्था रहेको, पशु अधिकारको संरक्षण गर्नुपर्छ भन्ने कुरामा कुनै विवाद नरहेको तथा समाजको आवश्यकता र प्राथमिकताको आधारमा राज्यले कानून बनाउँदै जाने नै हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नु नपर्ने भन्ने जिकिर लिएको देखिन्छ।

३. अब मानव समुदाय र पशुबिचको अन्तर सम्बन्ध कस्तो रहेको छ र सन्तुलित सम्बन्ध नहुँदा मानव समुदायमा कस्तो असर पर्न सक्दछ भन्ने पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा, हामी बाँचिरहेको पृथ्वी सबै जीव जनावरहरूको साझा घर हो। चेतना र विवेकको हिसाबबाट मानव जाति अन्य जीव जनावरभन्दा श्रेष्ठ भए तापनि यस पृथ्वीमा सम्मानपूर्वक बाँच्न पाउने हक हरेक जीवजन्तुमा रहेको हुन्छ। धार्मिक, साँस्कृतिक तथा पर्यावरणीय रूपमा मानव जाति र अन्य प्राणीको बिचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ भने मानिसलगायतका प्रकृतिमा रहेका अन्य पशुपंक्षी तथा जीवहरूको जीवन्त उपस्थितिले नै पर्यावरणीय चक्र (eco-system cycle) सञ्चालित भइराखेको हुन्छ र यीमध्ये कुनै जीवजन्तु लोप हुँदा त्यसले पर्यावरणीय सन्तुलन नै खलबलिन सक्छ। साथै पशुहरूको समुचित संरक्षण हुन नसक्दा संविधानको धारा ३६ र धारा ३० मा सुनिश्चित गरिएको खाद्य सम्प्रभुता र स्वच्छ वातावरणको हकमा प्रतिकूल प्रभाव परी संविधानको धारा १६ र ३० मा सुनिश्चित गरिएको नागरिकको जीवन जिउने हक र स्वच्छ वातावरणको हकलगायतका मौलिक हक अधिकारमा प्रतिकूल असर पर्ने देखिन्छ।

४. पशु अधिकारको कस्तो अधिकार हो भन्ने दोस्रो प्रश्नमा विचार गर्दा, समयसँगै अन्तर्राष्ट्रिय वातावरण कानूनले पनि Anthropocentric Approach बाट Nature's right centric approach को गति लिँदै गर्दा सबै प्राणीको बाँच्न पाउने अधिकार जन्मसिद्ध अधिकार भएको र मानवीय आवश्यकताले अपरिहार्य भएमा बाहेक सो अधिकारको संरक्षण कानूनले गर्नुपर्ने देखिन्छ। The World Charter for Nature को प्रस्तावनाले "सबै प्राणीको आफ्नो छुट्टै अस्तित्व हुने हुँदा मानव जातिको उपयोगमा आए नआए तापनि उसको संरक्षणको सुनिश्चितता गर्नुपर्दछ" भन्ने व्यवस्था गरेको छ। मानिससँगको सम्बन्धको अलावा पशुपंक्षीहरूको आफ्नो स्वतन्त्रता पनि रहेको हुन्छ। पशुपंक्षीहरूको पनि मानिसको जस्तै स्वतन्त्र रूपमा बाँच्न पाउने हक हुन्छ। उसको स्वतन्त्रताको सम्मान र संरक्षण गर्नु मानिसको कर्तव्य हो। यसै सम्बन्धमा पशु स्वास्थ्यसम्बन्धी

विश्व संगठन (World Organization of Animal Health) को निर्देशिकाको परिच्छेद ७.१.२ मा पशु कल्याणसम्बन्धी आधारभूत सिद्धान्त (Fundamental Principles of Animal Welfare) ले निम्न आधारभूत पक्षको सुनिश्चितता हुने गरी पशु कल्याणको सुनिश्चितता गरेको छः

(१) भोक, प्यास र कुपोषण हुन नदिने (freedom from hunger, thirst and malnutrition)

(२) डर, त्रास र तनाव हुन नदिने (freedom from fear and distress)

(३) भौतिक तथा शित, तापजन्य असुविधाबाट सुरक्षित गर्ने (freedom from physical and thermal discomfort)

(४) पीडा, घाउचोट र रोगव्याधीबाट सुरक्षित राख्ने (freedom from pain, injury and disease and)

(५) सामान्य व्यवहार अभिव्यक्त गरी बाँच्न पाउने अवस्था सुनिश्चित गर्ने (freedom to express normal patterns of behavior)

५. परम्परागत रूपमा पशुलाई मानिसको निजी सम्पत्ति मानिन्थ्यो र जुनसुकै प्रकारको व्यवहार गर्न पाउने छुट मानिसमा हुन्छ भन्ने मान्यता राखिन्थ्यो। तर अहिले यो मान्यतामा परिवर्तन हुँदै आएको छ। मानिसले पाल्ने पशुपंक्षी जसले पालेको छ उसको निजी सम्पत्ति भए तापनि मानिसले स्वेच्छाचारी र अमानवीय तवरबाट पशुपंक्षीहरूको पालन पोषण र प्रयोग गर्न सक्दैन। निजी सम्पत्ति भए तापनि पशुपंक्षीमा जीवन (being) रहेको हुन्छ र त्यस जीवनको सम्मान गर्नु मानिसको कर्तव्य हो। त्यसकारण मानिसको व्यक्तिगत सम्पत्ति हो भन्दैमा अन्य निर्जीव (thing) सम्पत्तिजस्तो पशुपंक्षीलाई अमानवीय व्यवहार गर्न मिल्दैन। प्राण हुने भएकोले पशुपंक्षीमा पनि मानिसमा जस्तै भावना हुन्छ। मानिसमा जस्तै पीडा, आनन्द, डर, निराशा वा हतासालगायतका मनोविज्ञानहरू जनावरहरूमा पनि रहेका हुन्छन्। त्यसकारण दया, माया, करूणालगायतका मूल्य मान्यताहरूको आधारमा मानिसले पशुपंक्षीसँग व्यवहार गर्नुपर्छ। यसै सम्बन्धमा भारतको सर्वोच्च अदालतले A. Nagaraja & Others. vs. Animal Welfare Board of India मा पशुको सम्मानपूर्वक बाँच्न पाउने अधिकारसहितको पाँच आधारभूत अधिकारलाई आत्मसात् गर्दै पशुमाथिको क्रूरतालाई रोक्न निर्देशन दिएको देखिन्छ। स्वस्थ तथा स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार (Right to live in a healthy and clean atmosphere), अनावश्यक पीडा विरूद्ध मानव जातिबाट संरक्षण पाउने अधिकार (Right to get protection from human beings against inflicting unnecessary pain or suffering), खाना र बासस्थानको अधिकार (Right to get food and shelter), सम्मानपूर्वक

बाँच्न तथा उचित व्यवहार पाउने अधिकार (Right to dignity and fair treatment) र पशुमाथि मानवजातिले गर्ने यातना र अनावश्यक पीडा विरूद्धको अधिकार (Right against the human beings not to be tortured and against infliction on unnecessary pain or suffering) लाई उक्त मुद्दामा उल्लेख गरेको पाइन्छ।

६. नेपालको सन्दर्भमा यसै अदालतको संयुक्त इजलासबाट अर्जुनकुमार अर्याल वि. नेपाल सरकार भएको रिट निवेदनमा पशुको अधिकारको सम्बन्धमा बृहत् व्याख्या गर्दै पशु अधिकारसम्बन्धी आधुनिक अवधारणाअनुसार मानिसबाहेकका अन्य प्राणीहरूको पनि यातना वा पीडाबाट मुक्त रही जिउन पाउने हक रहन्छ भन्ने मानिन्छ। जैविक भिन्नताको आधारमा नैतिक मूल्य र जीवनको आधारभूत संरक्षणको कुरामा विभेद गरिनु हुँदैन भनी उल्लेख भएको पाइन्छ। भारतको सर्वोच्च अदालतले State of Gujarat vs. Mirzapur Moti Kureshi Kassab Jamat and Others भएको मुद्दामा त्यहाँको संविधानको धारा ४८, ४८ क तथा धारा ५१ क को व्याख्या गर्दै प्रत्येक नागरिकमा प्राणीहरूप्रति दया वा करूणा राख्ने कर्तव्य रहेको भनी व्याख्या गरेको पाइन्छ। यसरी नेपालको सर्वोच्च अदालतले तथा अन्य विदेशी अदालतहरू र संयुक्त राष्ट्र संघका केही दस्तावेजहरूले समेत पशुको अधिकारभित्र विभिन्न स्वतन्त्रताको सुनिश्चितता गरी कल्याणकारी व्यवस्था गर्नेमा राज्यलाई दायित्व दिइएको छ र नागरिकको कर्तव्यको रूपमा समेत घोषणा गरेको देखिन्छ।

७. अब पशु अधिकारको संरक्षणको सन्दर्भमा अन्तर्राष्ट्रिय रूपमा के कस्तो सिद्धान्त, मापदण्ड र कानूनहरू रहेका छन् भन्ने तेस्रो प्रश्नको सम्बन्धमा हेर्दा पशु अधिकारको विषयमा अन्तर्राष्ट्रिय स्तरमा कुनै अलग सन्धि सम्झौता भएको देखिँदैन। यद्यपि यस सम्बन्धमा केही अन्तर्राष्ट्रिय दस्तावेजहरूले केही व्यवस्था गरेका छन्। पशु स्वास्थ्यसम्बन्धी विश्व संगठन (The World Organization for Animal Health) ले निर्धारण गरेको मापदण्डमा सम्पूर्ण पशु जगतलाई पाँच प्रकारको स्वतन्त्रता रहने जसमा भोक, तिर्खा र कुपोषणबाट स्वतन्त्रता, शारीरिक तथा उष्णीय वा तापीय असहजताबाट स्वतन्त्रता, पीडा, चोटपटक र रोगबाट स्वतन्त्रता र आफ्नो प्राकृतिक स्वभाव अभिव्यक्त गर्ने स्वतन्त्रता हुने भनी उल्लेख गरेको पाइन्छ। त्यसैगरी फिलिपिन्समा सन् २००३ मा आयोजना गरेको सम्मेलनले पशु कल्याणसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र (Universal Declaration on Animal Welfare) को लागि आधारहरू तय गरेको थियो। मनिला सम्मेलनको नामले चिनिने उक्त सम्मेलनले देहायका चारवटा सिद्धान्तहरूमा सहमति कायम गरेको थियो। जसअनुसार पशु कल्याण सबै राष्ट्रहरूको साझा उद्देश्य हुने, पशु कल्याणसम्बन्धी

मापदण्डलाई पहिचान, प्रवर्द्धन र पालना गर्नुपर्ने, पशुहरू विरूद्धको क्रूरतालाई निरोध गर्न तथा पशुहरूको पीडालाई न्यूनीकरण गर्नको लागि सम्पूर्ण राष्ट्रहरूले आवश्यक कदम चाल्नुपर्ने, कृषि कार्यमा प्रयोग हुने, घर पालुवा, वैज्ञानिक परीक्षणमा प्रयोग हुने, मनोरञ्जनको लागि प्रयोग हुने पशुहरूको सम्बन्धमा त्यसप्रकारका कार्यका लागि प्रयोग गर्दा पालना गर्नुपर्ने उपयुक्त मापदण्डहरूको विकास गरिनुपर्ने भन्ने रहेको छ। पशु अधिकारको सम्बन्धमा व्यवस्था गर्ने अन्तर्राष्ट्रिय दस्तावेजहरूको सम्बन्धमा उल्लेख गर्नुपर्दा जैविक विविधता महासन्धि Convention on Biological Diversity, 1992 ले विश्वको बढ्दो जनसंख्याको लागि आवश्यक खाना, स्वास्थ्य र अन्य आवश्यकता परिपूर्ति गर्नको लागि जैविक विविधताको संरक्षण र दिगो प्रयोगको महत्त्वप्रति सचेत रहनुपर्ने कुरालाई प्रस्तावनाले नै जोड दिएको देखिन्छ। उल्लिखित अन्तर्राष्ट्रिय दस्तावेजहरू केही प्रतिनिधिमूलक उदाहरणहरू मात्र हुन्। यसरी पशु अधिकारको सम्बन्धमा अलग अन्तर्राष्ट्रिय सन्धि वा सम्झौता नभएको भए तापनि पशु अधिकारको संरक्षणको लागि भएको घोषणा पत्र तथा जैविक विविधतासम्बन्धी केही अन्तर्राष्ट्रिय दस्ताबेजहरूले पशु अधिकारको सम्बन्धमा गरेको व्यवस्थाहरूलाई निर्देशिका (Guidelines) को रूपमा लिन सकिन्छ। जसले नेपालको सन्दर्भमा पनि उत्प्रेरित गर्ने मान्यता राख्दछ। नेपाल सरकारले पनि यिनै घोषणापत्रहरू र सन्धि सम्झौताको आधारमा पशुपंक्षी विकास मन्त्रालयले पशु कल्याण निर्देशिका, २०७३ लागू गरिसकेको अवस्था छ।

८. पशु अधिकारको संरक्षणको लागि विभिन्न देशहरूले आफ्नो राष्ट्रिय कानूनमा पनि व्यवस्था गरेको पाइन्छ। सन् २००२ मा जर्मनीले आफ्नो संविधान संशोधन गरी पशुको अधिकार सुनिश्चितता गरी सो गर्ने पहिलो युरोपियन राष्ट्र बनेको छ। Switzerland, Austria, Slovenia जस्ता देशले पनि कानून लागू गरी पशु कल्याणलाई देशको संविधानमा समावेश गरी पशुधनीको सम्पत्तिको हक र पशुको अनावश्यक पीडा, डर र त्रासबाट स्वतन्त्र हुने अधिकारलाई सन्तुलन गरेको छ। त्यसैगरी पशु कल्याण ऐन (Animal Welfare Act, UK) ले पनि पशुलाई पीडा र तनावबाट सुरक्षित राख्ने व्यवस्था गरेको छ। Austrian Federal Animal Protection Act ले पनि मानिसको अन्य प्राणीमाथिको दायित्वलाई आत्मसात् गरेको छ र संघीय कानूनले पनि पशुको जीवन रक्षाको सुनिश्चितता गरेको छ। उदाहरणको लागि अष्ट्रियाको Austrian Animal Welfare Act, 2004 ले पशु अधिकार र कल्याणको सम्बन्धमा विस्तृत रूपमा कानूनी व्यवस्था गर्दै जनावरहरूको व्यवस्थापन र उपचार, पशुवध (slaughter), Surgical Procedure, खेलकुदलगायतका क्रियाकलापहरूमा गरिने प्रयोगलगायतका विषयहरूमा कानूनी व्यवस्था गरेको छ भने ऐनमा उल्लिखित व्यवस्थाहरूको

कार्यान्वयनको लागि अलग निकायको समेत व्यवस्था गरेको छ। त्यसैगरी स्वीजरल्यान्डले सन् २००५ मा पशु कल्याण र मर्यादा (Welfare and Dignity) को संरक्षण गर्ने उद्देश्यले Animal Welfare Act, 2005 जारी गरेको छ। उक्त ऐनमा पशुपालन, पशुको प्रजनन र Genetic Modification, पशुको व्यापार र प्रयोग, पशुहत्यालगायतका विषयहरूमा विस्तृत रूपमा कानूनी व्यवस्था गरिएको छ भने ऐनमा उल्लिखित व्यवस्थाहरूको कार्यान्वयन गर्नको लागि आवश्यक निकायको समेत व्यवस्था गरिएको छ। संयुक्त अधिराज्य बेलायतले पशु अधिकारको संरक्षण गर्ने उद्देश्यले Animal Welfare Act, 2006 जारी गरेको छ। यस ऐनले पशुहरूप्रति क्रूर व्यवहार वा लापरवाही गर्ने व्यक्तिलाई सजायको समेत व्यवस्था गरेको छ। जसअनुसार आजीवन घर पालुवा जनावर राख्न नपाउने, ५१ हप्तासम्म कैद वा रू.२०,०००/- सम्म जरिवाना हुन सक्ने जस्ता सजायहरूको व्यवस्था गरिएको छ। पशुहरू विरूद्ध हुने क्रूर व्यवहारलाई रोकथाम गर्नको लागि छिमेकी मुलुक भारतले सन् १९६० मा नै The Prevention of Cruelty to Animals Act, 1960 जारी गरेको देखिन्छ। यस ऐनमा पशुहरू विरूद्ध गरिने कस्ता कस्ता कार्यहरू क्रूर व्यवहार हुन् भनी विस्तृत रूपमा परिभाषित गरेको पाइन्छ भने त्यसप्रकारको क्रूर व्यवहार गर्ने व्यक्तिलाई सजायको समेत व्यवस्था गरिएको छ। त्यसैगरी यस ऐनले पशुहरूमा वैज्ञानिक परीक्षण गर्ने तथा विभिन्न प्रस्तुतिको लागि प्रयोग गर्नेलगायतका विषयहरूको सम्बन्धमा पनि स्पष्टसँग व्यवस्था गरेको पाइन्छ भने यस ऐनमा उल्लिखित व्यवस्थाको उल्लङ्घन गरी पशुहरूको विरूद्ध क्रूर व्यवहार गरेको अवस्थामा खोजतलास गर्ने, वारेन्ट जारी गर्ने, जफत गर्ने, उपचार गर्नेलगायतका विभिन्न विषयहरूमा समेत यस ऐनले व्यवस्था गरेको पाइन्छ। यसैगरी अफ्रिकी मुलुक केन्याले पशुहरूको विरूद्ध हुने क्रूर व्यवहारलाई निरोध गर्नको लागि सन् १९६२ मा नै Prevention of Cruelty to Animals Act, 1962 जारी गरेको छ। यस ऐनले पशुसँग सम्बन्धित अपराधहरू के के हुने भनी विस्तृतमा उल्लेख गरेको छ भने पशुहरूलाई अनुसन्धानको लागि प्रयोग (Experiment) गर्ने सम्बन्धमा पनि आवश्यक व्यवस्था गरेको छ। त्यसैगरी यस ऐनले पशुधनीको कर्तव्य, अदालतको अधिकार, क्षतिपूर्तिलगायतका व्यवस्थाहरूसमेत गरेको छ। यसैगरी संयुक्त राज्य अमेरिकाले सन् १९६६ मा नै जारी गरेको Animal Welfare Act, 1966 मा पशु उपरको व्यवहार, शोध वा अनुसन्धान कार्यमा यसको प्रयोग तथा पशुको कल्याणकारी व्यवस्थापन सम्बन्धमा व्यवस्था गरिएको छ भने जापानले सन् १९७३ मा जारी गरेको Welfare and Management of Animals Act, 1973 ले गाई, घोडा, बाख्रा, भेडा, कुकुरलगायतका सबै प्रकारका घर पालुवा जनावर तथा चरा चुरूङ्गीहरूको उपर पीडा पुर्याउन नहुने, क्रूर व्यवहार गर्न नपाइने

र उचित कारणविना त्यस्तो कार्य गर्नेलाई अवस्थाअनुसार एक वर्षसम्म कैद हुन सक्ने व्यवस्था गरेको छ। Animal Welfare Act, 2010 (Norway) ले "पशु मानिसका लागि उपयोग भए नभए तापनि उसको आफ्नै आधारभूत मूल्य हुन्छ भनी उल्लेख गरेको छ"। माथि उल्लिखित यी व्यवस्थाहरू केबल केही प्रतिनिधिमूलक दृष्टान्तमात्र हुन् जसबाट विश्वका कैंयौ देशहरूमा पशु अधिकारको संरक्षण गर्नको लागि घरेलु कानूनमा व्यवस्था भएको देखिन्छ।

९. अन्तर्राष्ट्रिय रूपमा Eco-centric principle को अवधारणाको विकास भइरहेको सन्दर्भमा सन् १९९२ मा Switzerland ले आफ्नो संविधान संशोधन गरी पशुलाई वस्तु (things) होइन प्राणी (being) हो भनी केही देशको कानूनले र फैसलाले जलचर (Aquatic) र उभयचर (Aviatic) सहितको सारा प्राणी जगतलाई अलग व्यक्तित्व भएको कानूनी व्यक्ति घोषित गरी प्राकृतिक व्यक्ति स्वरूप अधिकार, कर्तव्यको रूपमा मान्यता दिइएको छ। सबै नागरिकलाई स्थानीय अभिभावकत्व (Loco parentis) घोषित गरी नागरिकले पशु कल्याण र सुरक्षा गर्ने अवधारणाको विकास गरेको छ। माथिल्ला प्रकरणमा उल्लेख भएजस्तै अन्तर्राष्ट्रिय दस्तावेज, विदेशी अदालतको निर्णयहरूले पशु स्वतन्त्रता र कल्याणसम्बन्धी सैद्धान्तिक पक्षमा स्पष्टता ल्याउनुको साथै विभिन्न देशहरूले आफ्नो घरेलु कानूनमा पशु अधिकार र कल्याणको लागि विशेष कानूनको व्यवस्था गरेको देखिन्छ।

१०. नेपालको सन्दर्भमा पशु अधिकार र कल्याणका सम्बन्धमा विद्यमान कानूनी व्यवस्थाहरू पर्याप्त छन् वा छैनन् भन्ने चौथो प्रश्नको सम्बन्धमा हेर्दा संविधानको प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोगसम्बन्धी नीतिअन्तर्गत जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाउन, वन, वन्यजन्तु, पंक्षीको जैविक विविधताको संरक्षण, सम्बर्द्धन र दिगो उपयोग गर्ने तथा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मुल गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने नीति संविधानको धारा ५२(छ)(५) र ७ मा रहेको छ। राज्यको निर्देशक सिद्धान्तहरूको अनुशरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्नेसमेत राज्यको दायित्वको व्यवस्था संविधानको धारा ५२ ले गरेको छ। हरेक प्राणीको बाँच्न पाउने अधिकारको सम्मान र संरक्षण गर्नु मानिसको कर्तव्य हो। संविधानले व्यक्तिको मौलिक अधिकारको मात्र व्यवस्था नगरी नागरिकको कर्तव्यको पनि व्यवस्था गरेको छ। प्रत्येक नागरिकले संविधान र कानूनको पालना गर्नुपर्ने तथा सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नुपर्ने कर्तव्य संविधानको धारा ४८ ले गरेको छ।

११. नेपालमा पशुसम्बन्धी विद्यमान कानूनहरू हेर्दा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६, पशु वधशाला र मासु जाँच ऐन, २०५५ र पशु वधशाला र मासु जाँच नियमावली, २०५७ विद्यमान रहेका देखिन्छन् भने यसको अतिरिक्त माछा भुराबारे मापदण्ड, २०६१, पशु ढुवानी मापदण्ड, २०६४, पशु क्वारेन्टाइन (पहिलो संशोधन) कार्यविधि, २०७१ र पशु कल्याण निर्देशिका, २०७३ पनि विद्यमान रहेको देखिन्छ। त्यसैगरी मुलुकी (अपराध संहिता) ऐन, २०७४ को परिच्छेद २७ मा पनि पशुपंक्षीसम्बन्धी कसुरसम्बन्धी व्यवस्था गरेको पाइन्छ। यसरी विभिन्न ऐन, नियमावली, निर्देशिका र मापदण्ड विद्यमान रहेकोमा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ ले जुनसुकै प्रकारको पाल्तु वा जंगली जनावरलाई पशुको रूपमा परिभाषित गर्दै पशु क्वारेन्टाइन, पशु नश्ल सुधार, पशुसम्बन्धी उद्योग स्थापना र निकासी पैठारीलगायतका विषयमा व्यवस्था गरेको देखिन्छ भने नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी पशुप्रति हुने निर्दयी व्यवहार रोक्नको लागि एउटा समितिको गठन गर्न सक्ने र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार सोही सूचनामा तोकिएबमोजिम हुने भन्ने व्यवस्था गरेको देखिन्छ। यद्यपि ऐन जारी भएको लामो समयसम्म पनि त्यस प्रकारको समिति गठन भई कार्य गरेको देखिँदैन। त्यसैगरी पशु वधशाला र मासु जाँच ऐन,२०५५ ले पशु भन्नाले के बुझिन्छ भनी सूची उल्लेख गरेको देखिन्छ भने इजाजत पत्र नलिई पशु वधशालाको स्थापना गर्न र मासु बिक्री गर्न नपाइने, पशु वधशालामा मात्र पशु वध गर्न पाइने, वध गरिएका पशुको मासु जाँच गर्नुपर्नेलगायतका व्यवस्था गरेको देखिन्छ।

१२. त्यसैगरी मुलुकी अपराध (संहिता), २०७४ को परिच्छेद २७ ले पशुपंक्षीसम्बन्धी कसुरलाई अलग परिच्छेदमा उल्लेख गरी गाई, गोरूलाई मार्न वा काट्न निषेध गरेको देखिन्छ भने पशुपंक्षीप्रति निर्दयी व्यवहार गर्न नहुने भनीसमेत व्यवस्था गरेको छ। जसअनुसार कसैले कुनै पशुपंक्षीलाई कुटी, हिर्काई वा बोक्न सक्ने क्षमताभन्दा बढी भारी बोकाई वा सामर्थ्यभन्दा बढी दौडाई वा रोग, घाउ, खटिरा वा अन्य कुनै कारणबाट काम गर्न असमर्थ भएकोलाई काममा लगाई वा हानिकारक वस्तु सेवन गराई वा अन्य कुनै प्रकारले यातना दिन वा आफूले पालेको पशुपंक्षी रोगी वा वृद्ध भएको कारणले सार्वजनिक रूपमा छाड्न वा अन्य कुनै किसिमबाट निर्दयी वा क्रूर व्यवहार गर्न नपाइने व्यवस्था गरेको पाइन्छ र त्यसप्रकारको कार्य गरेको अवस्थामा कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको देखिन्छ। त्यसैगरी उक्त संहिताले सार्वजनिक स्थलमा पशु वा पंक्षी मार्नसमेत निषेध गरेको छ। यसरी पशुसँग सम्बन्धित दुईवटा ऐनहरू पशु सेवा तथा पशु

स्वास्थ्य ऐन, २०५५ र पशु वधशाला र मासु जाँच ऐन, २०५५ तथा मुलुकी अपराध (संहिता), २०७४ मा पशुको कल्याणको सम्बन्धमा केही व्यवस्था रहेकोमा यी ऐनहरू पशु अधिकार र कल्याणकै लागि नै भनी जारी भएका विशेष कानून होइनन्। पशु सेवा तथा पशु स्वास्थ्य ऐन, २०५५ को प्रस्तावनामा पशु पालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको पौष्टिक भोजन तथा स्वास्थ्यका दृष्टिकोणबाट समेत सामग्रीको स्वस्थ रूपमा उत्पादन, बिक्री वितरण, निकासी तथा पैठारी सम्बन्धमा व्यवस्था गर्नको लागि भनी तथा पशु वधशाला र मासु जाँच ऐन, २०५५ को प्रस्तावनामा सर्वसाधारण जनताको स्वास्थ्य र हित कायम राख्न मासु तथा मासुबाट बन्ने खाद्य पदार्थमा मिसावट रोक्न र मासुमा हुने स्वस्थता तथा मासुको स्वभाविक गुण बिग्रन नदिई उपयुक्त स्तर कायम राख्न भन्ने उल्लेख भएबाट यी दुई ऐनहरू पशु अधिकार र कल्याणको लागि जारी भएका विशेष कानून नभई पर्यावरण (ecology) को सन्तुलनमा पशुलाई खानामा प्रयोग गर्दा खानाको लागि वध र सोको व्यवस्थापनसँग जोडिएको देखिन्छ। यद्यपि यी ऐनहरूमा पशु अधिकारसँग सम्बन्धित केही विषयहरू भने समावेश भएका छन्।

१३. पशुसँग सम्बन्धित उपर्युक्त ऐनहरूको बाबजुद पशु कल्याण निर्देशिका, २०७३ पनि विद्यमान रहेको देखिन्छ। यस निर्देशिकाले अन्तर्राष्ट्रिय घोषणा पत्रले व्यवस्था गरेझैं पशु कल्याणको आधारभूत स्वतन्त्रताको सम्मान गर्दै पशुलाई काममा लगाउँदा अपनाउनु पर्ने सावधानीहरू, पशुमा भारवहन सामग्रीको प्रयोग गर्दा अपनाउनुपर्ने सावधानीहरू, काम गराउने उपयुक्त मौसम र समयसम्बन्धी, कार्यबोझसम्बन्धी, आश्रयसम्बन्धी, दानापानीसम्बन्धी, बाँध्ने वा थुन्नेसम्बन्धी, स्वास्थ्योपचारसम्बन्धी, संक्रामक रोग व्यवस्थापनसम्बन्धी, निवृत्त पशु व्यवस्थापनसम्बन्धी, पशुप्रति हुने निर्दयी व्यवहारसम्बन्धी, पशु कल्याणसम्बन्धी जिम्मेवारी र उत्तरदायित्वसम्बन्धी, पशु कल्याण मापन सूचकसम्बन्धी लगायतका सम्बन्धमा पनि व्यवस्था गरेको पाइन्छ।

१४. त्यसैगरी अव्यवस्थित ढुवानीको कारणले पशुको स्वास्थ्य, कार्यक्षमता, उत्पादन क्षमता र गुणस्तरीयतामा प्रतिकूल असर पर्ने भएकोले ढुवानी सम्बन्धमा व्यवस्थित गर्न भनी पशु ढुवानी मापदण्ड, २०६४ पनि विद्यमान रहेको देखिन्छ। नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, पशु सेवा विभागले जारी गरेको उक्त मापदण्डले ढुवानी गर्ने तरिका, ढुवानी गर्दा अपनाउनुपर्ने सावधानी, असावधानी व्यवहार भएको ठहरिने अवस्थाहरूको सम्बन्धमा व्यवस्था गरेको देखिन्छ भने पशु पैदल ढुवानीको मापदण्ड जसअन्तर्गत पैदल ढुवानी गर्ने पशुको साथमा हुनुपर्ने सामग्रीहरू, पैदल ढुवानी गर्दा प्रतिबन्धित कार्यहरू, पैदल ढुवानी गर्दा पशुले पार गर्ने दुरीलगायतका विषयहरू समावेश भएका छन् भने उक्त मापदण्डले सडकमा चल्ने साधनमा पशु ढुवानी गर्ने मापदण्डको

पनि व्यवस्था गरेको छ। जसअनुसार ढुवानी गर्दा गाडीमा हुनुपर्ने सामाग्रीहरू, ढुवानी गर्दा बाँध्न नहुने, दाना पानीको व्यवस्था गरिनुपर्ने, स्याहार सुसार गर्नुपर्नेलगायतका व्यवस्थाहरू गरेको देखिन्छ।

१५. यसरी पशुसँग सम्बन्धित केही नीति, कानून तथा निर्देशिका नेपालमा विद्यमान रहेकोमा यी विद्यमान कानूनहरू पशु अधिकार र कल्याणको लागि पर्याप्त र प्रभावकारी छन् वा छैनन् भन्ने सम्बन्धमा विवेचना गरी हेर्दा कानूनमा के कुरा व्यवस्था हुँदा पर्याप्त हुने र के नहुँदा पर्याप्त नहुने भन्ने सम्बन्धमाकुनै स्पष्ट र निश्चित मापदण्ड छैन। यद्यपि विभिन्न देशहरूले पशु अधिकार र कल्याणको सम्बन्धमा गरेका व्यवस्थाहरूसँग तुलना गरी केही निष्कर्ष निकाल्न सकिन्छ भने United Nations Food and Agricultural Organization (FAO) ले सन् २०१० मा प्रकाशन गरेको Legislative and Regulatory Options for Animal Welfare नामक प्रतिवेदनमा समेत Essential Elements of Animal Welfare Legislation भन्ने शीर्षकमा पशु अधिकार र कल्याणको सम्बन्धमा बनाइने कानूनमा गरिनुपर्ने व्यवस्थाहरूको सम्बन्धमा उल्लेख गरिएको छ, जसलाई पशु अधिकारसम्बन्धी कानूनमा के कस्तो व्यवस्था रहनुपर्छ भन्ने सम्बन्धमा विवेचना गर्नको लागि सन्दर्भ सामग्रीको रूपमा प्रयोग गर्न सकिन्छ। UN FAO ले प्रकाशन गरेको उक्त प्रतिवेदन तथा माथि उल्लिखित विभिन्न देशहरूको कानूनी अभ्यासलाई दृष्टिगत गरी हेर्दा पशु अधिकार र कल्याणको लागि बनेको कानूनमा पशुहरूउपर कस्तो व्यवहार गर्नुपर्ने, पशुहरूप्रति गरिने कस्ता प्रकृतिका कार्यहरू क्रूर र अमानवीय व्यवहार हुने, पशुहरूउपर क्रूर र अमानवीय व्यवहार भएमा कुन निकायमा कसरी उजुरी गर्ने, सजाय र क्षतिपूर्ति के हुने, पशुधनीको कर्तव्य के हुनेलगायतका विषयहरूको सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्ने देखिन्छ। त्यसैगरी पशुलाई मानवको खानाको रूपमा मासुको लागि वध गर्ने कार्य मानव मात्रको अपरिहार्य आवश्यकतालाई दृष्टिगत गरी मान्यता दिँदा पनि उपयुक्त प्रविधिको प्रयोग गरी कम पीडा दिई गरिनुपर्ने, पशु वध गर्नुभन्दा अगाडि राख्ने ठाउँको उपयुक्त व्यवस्था गरी त्रासमुक्त अवस्थामा राख्नुपर्ने, पशु वध गर्नको लागि उपयुक्त प्रविधिको प्रयोग गर्नुपर्ने, पशुहरूलाई एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण गर्दा अनावश्यक दुःख र क्रूर तरिकाबाट नगरी व्यवस्थित तरिकाबाट गर्नुपर्नेलगायतका विषयहरूलाई समेत कानूनले सुनिश्चित गरेको हुनुपर्ने देखिन्छ। त्यसैगरी पशुलाई वैज्ञानिक प्रयोगको लागि उपयोग (Scientific Experiment), पशुको प्रजनन तथा Genetic Engineering र Genetic Modification, मनोरञ्जन तथा अन्य क्रियाकलापहरूमा प्रयोगलगायतका विषयहरूलाई पनि कानूनले सम्बोधन गर्नुपर्ने देखिन्छ। जसबाट पशुहरूले पनि मर्यादित रूपमा उचित वातावरणमा बाँच्न पाउन

सकुन्। यसरी पशु स्वतन्त्रता र कल्याणको लागि कानूनले उपर्युक्तबमोजिमको व्यवस्था गर्नुपर्नेमा हाल विद्यमान ऐन, कानूनले सो प्रकारको व्यवस्था गरेको देखिँदैन। अर्को शब्दमा भन्नुपर्दा पशु स्वतन्त्रता र कल्याणको लागि नै भनी कुनै विशेष कानून नभएको र भएका कानूनले पनि पशु स्वतन्त्रता र कल्याणको लागि पर्याप्त व्यवस्था गर्न नसकेको अवस्थामा विद्यमान कानूनहरू पशु स्वतन्त्रता र कल्याणको लागि पर्याप्त छन् भनी मान्न मिल्ने देखिँदैन।

१६. अब निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने पाँचौं प्रश्नको सम्बन्धमा विचार गर्दा पशु स्वतन्त्रताको लागि केही व्यवस्थाहरू गरेको नै देखिन्छ भने मिति २०७३।१२।२४ मा नेपाल सरकारले समेत पशु कल्याण निर्देशिका, २०७३ जारी गरेको र हाल उक्त निर्देशिका कार्यान्वयनमा रहेको देखिन्छ। विपक्षीहरूले दायर गरेको लिखित जवाफको अध्ययन गरी हेर्दा पनि निवेदकले उठाएको विषयवस्तुको सम्बन्धमा नेपाल सरकारले कुनै फरक धारणा राखेको देखिँदैन र समाजको आवश्यकता र प्राथमिकताअनुसार राज्यले कानून बनाउने हुँदा उपयुक्त समयमा आवश्यक प्रबन्ध गरिने भनी प्रतिबद्धता व्यक्त भएको पाइन्छ। यसैगरी निवेदकले उठाएको विषयसँग समान प्रकृतिको विषय समावेश रहेको अर्जुनकुमार अर्याल वि. नेपाल सरकारसमेत (ने.का.प.२०७३, अंक ९, नि.नं.९६८६) भएको मुद्दामा बारा जिल्ला स्थित गढिमाईलगायतका मेला, धार्मिकस्थलमा दिने गरिएको बलीको सन्दर्भमा जनावरहरूउपर हुने गरेको क्रूर र यातनापूर्ण व्यवहार नहुने व्यवस्था गर्न, बली दिइएका जनावरको मासुलगायतका चिजवस्तुको स्वास्थ्यका दृष्टिले उचित व्यवस्थापन गर्न, वातावरण प्रदूषण नियन्त्रण गर्न, बली दिइने जनावरको क्वारेन्टाइन परीक्षणलगायतका स्वास्थ्य परीक्षण प्रभावकारी रूपमा हुने व्यवस्था मिलाउन र पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २७ बमोजिम पशुप्रति हुने निर्दयी व्यवहार रोक्नका लागि समिति गठन गरी त्यस्तो निर्दयी व्यवहार रोक्ने व्यवस्था मिलाउनु भनी यस अदालतबाट परमादेशको आदेश जारी भइसकेको देखिन्छ। निवेदकले उठाएको विषयको सम्बन्धमा केही कानूनी व्यवस्थाहरू विद्यमान नै रहेको, समयअनुसार कानूनमा संशोधन र परिवर्तन गरी पशु अधिकारलाई सुरक्षित गरिने भनी विपक्षीहरूले लिखित जवाफ र बहसको क्रममा समेत स्वीकारेको, यसै विषयसँग समान प्रकृतिको विषयमा यसै अदालतबाट यस अगाडि नै विभिन्न आदेशहरू जारी भइसकेको देखिँदा रिट निवेदकको मागबमोजिमको पुनः आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

१७. तर भर्खरै आएको मुलुकी अपराध संहिता, २०७४ को दफा २८९ मा गाई, गोरू मार्न वा काट्न नहुने, दफा २९० मा पशुपंक्षीप्रति निर्दयी व्यवहार गर्न नहुने र दफा २९१ मा सार्वजनिकस्थलमा

पशु वा पंक्षी मार्न नहुने व्यवस्था गरी सजाय र जरिवानाको व्यवस्था गरिए तापनि पशु कल्याण निर्देशिका, २०७३ ले समेटिएका पशुप्रति गरिनु पर्ने वा गर्न नहुने व्यवहारहरूलाई समेत कानूनले समेट्नु पर्ने देखिन्छ। साथै पशुप्रति गरिनुपर्ने व्यवहार नगरेमा सजायसँगै क्षतिपूर्तिको व्यवस्था, राज्यले गर्नुपर्ने जिम्मेवारी र दायित्वको स्पष्ट व्यवस्था तथा संघीय राज्य संरचनाको सन्दर्भमा स्थानीय तह, जिल्ला र प्रदेशमा समेत के कस्तो दायित्व र व्यवस्था गर्नुपर्ने हो भन्ने विषयसमेत विचारणीय रहेको छ। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ठहरे तापनि निवेदकले उठाएको विषयवस्तुलाई यस इजलासले गम्भीरताको साथ लिएको छ। पशु स्वतन्त्रता र कल्याणको लागि पर्याप्त कानूनी व्यवस्था गरिनुपर्छ भन्ने यस इजलासको धारणा रहेको छ। पशु पनि कानूनी व्यक्ति (Legal person) सरह भई उसको आफ्नै अधिकार हुन्छ भन्ने सिद्धान्त तथा सोमा नागरिकको अभिभावकत्व (Loco Parentis) र कर्तव्य रहेको हुन्छ भन्ने मान्यतासँगै Anthropocentric Approach बाट Eco-centric Approach को धारणा अन्तर्राष्ट्रिय रूपमा विकास भइसकेको सन्दर्भमा, त्यसलाई समेत विचार गर्दा पर्यावरण (Ecology) र वातावरण (Environment) मा सन्तुलन कायम गरी सभ्य, समुन्नत र दिगो मानव समाजको विकासका लागि पशु स्वतन्त्रताको सन्तुलित व्यवस्थापन अपरिहार्य हुने र समयमा नै सोको व्यवस्थापन हुन नसक्दा सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६), स्वच्छ वातावरणको हक (धारा ३०), खाद्यसम्बन्धी हक (धारा ३६) मा समेत आघात परी मानव समाजले अनेकौं विपत्ति बेहोर्नु पर्ने हुँदा पशुहरूको भोक, प्यास र कुपोषण हुन नदिने, डर, त्रास र तनाव हुन नदिने, भौतिक तथा शीत, तापजन्य असुविधाबाट सुरक्षित गर्ने, पीडा, घाउचोट र रोगव्याधिबाट सुरक्षित राख्ने, सामान्य व्यवहार अभिव्यक्त गरी बाँच्न पाउने अवस्था सुनिश्चित गर्ने भन्ने पशुको स्वतन्त्रताको सम्मान गर्दै पशु कल्याणको उचित व्यवस्थापन, विकास र गुणस्तर कायम गर्न निम्न निर्देशन कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको नाउँमा देहायबमोजिमको निर्देशनात्मक आदेश जारी गरिएको छः

पशुहरूउपर गरिने कस्तो प्रकारको कार्यहरू क्रूर र अमानवीय हुने, क्रूर र अमानवीय व्यवहार रोक्न जनचेताना फैलाउने, क्रूर र अमानवीय कार्यको अनुगमन कसले कसरी गर्ने, पशुहरूउपर क्रूर र अमानवीय व्यवहार भएमा कुन निकायमा कसरी उजुरी गर्ने, सजाय र क्षतिपूर्ति के हुने, पशुधनीको कर्तव्य के हुने, पशु वध तथा स्थानान्तरण गर्दा कम पीडा दिई उपयुक्त प्रविधिको प्रयोग कसरी गर्नेलगायतका कुराहरूलाई स्पष्टसँग उल्लेख गरी तथा वैज्ञानिक परीक्षणको लागि पशुहरूको प्रयोग, Genetic Engineering, Genetic Modification लगायतका विषयहरूको सम्बन्धमा समेत आवश्यक व्यवस्था गरी पशु अधिकार र कल्याणको लागि पशु कल्याण

निर्देशिका, २०७३ को सापेक्षतामा निर्देशिकाद्वारा संरक्षित गरिएका व्यवस्थाहरूलाई समेत मध्यनजर राखी आवश्यक कानून तर्जुमाको लागि व्यवस्था मिलाउने।

पशु कल्याणसम्बन्धी विशेष कानून नआएसम्मको अवधिका लागि पशु कल्याण निर्देशिका, २०७३ लाई पशु स्वतन्त्रताको सम्मान र संरक्षण गर्ने सन्दर्भमा प्रभावकारी कार्यान्वयन गर्ने, गराउने तथा सो निर्देशिकाको कार्यान्वयनमा उजुरी व्यवस्थापन, अनुगमन र समन्वयको लागि आवश्यक व्यवस्था मिलाउने।

पशु स्वतन्त्रताको सम्मान र संरक्षण गर्न भएका कानून, निर्देशिका र फैसलाको व्यापक प्रचार प्रसार गरी राज्यको सम्बन्धित निकाय र नागरिकको दायित्व बोध गराउने।

यस आदेशको जानकारी विपक्षीहरूलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइ दिनू।

उक्त रायमा सहमत छु।

न्या.डा.आनन्दमोहन भट्टराई

इति संवत् २०७४ साल पौष १२ गते रोज ४ शुभम्।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
केन्द्रीयस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सचिवालय
बबरमहल, काठमाडौं